## विश्वासीहरूका निम्ति लेखिएको
## पवित्र बाइबलको टिप्पणी

# रोमीहरूलाई लेखिएको
# प्रेरित पावलको पत्रको
# टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
**Believer’s Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:
**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2017 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

*जीवन मार्ग प्रकाशन*
*पी.ओ. बोक्स नं. २३*
*पी.ओ. कालिम्पोङ्ग - ७३४३०१*
*दार्जीलिङ्ग, पश्चिम बंगाल*
*भारत*

*अनुवादक: श्री थोमस काउफ्मन*

*Printed at:*

# रोमीहरूलाई प्रेरित पावलको पत्रको भूमिका

*'ख्रीष्टीय विश्वासको पीठ'*

*फ्रेडरिक गोडे*

## १) नयाँ नियमको कानुनमा यस पत्रको अद्वितीय स्थान

(टिकाः 'कानुन' भन्नाले मण्डलीको मान्यता पाएका पवित्र बाइबलका पुस्तकहरूको सूचि बुझिन्छ)

रोमीको पुस्तकले चाहिँ प्रेरित पावलका सबै पत्रहरूमा सधैं प्रमुख स्थान पाएको छ। यस पत्रलाई यो ठाउँ दिन पूरा रूपले सुहाउँछ। प्रेरितको पुस्तकले रोममा प्रेरित पावल त्यस शहरमा आइपुग्दा आफ्नो बयान गर्न छोड्छ; तब नयाँ नियमभित्र पत्रीहरूको खण्डको शुरुमा रोमीहरूलाई लेखिएको उनको पत्रको समुचित ठाउँ हो; किनभने प्रेरित पावलले रोमका विश्वासीहरूलाई भेट्नुभन्दा अगाड़ि यो पत्र लेखे। झन् बढ़ता गरी धर्म-विज्ञानको दृष्टिमा सारा नयाँ नियमभरि रोमीको पुस्तक सबैभन्दा महत्त्वपूर्ण मानिन्छ; किनभने यस पत्रमा ख्रीष्टीय विश्वासको धर्मशिक्षा क्रमिक रूपले प्रस्तुत गरिएको छ; नत्र यो शिक्षाचाहिँ हामीले अरू कुनै सिङ्गै पुस्तकमा होइन, तर परमेश्वरको वचनभरि छरिएको पाउँछौं।

मण्डली-इतिहासमा हेर्नु हो भने पवित्र बाइबलका पुस्तकहरूमा रोमीको पुस्तकको प्रभाव सबभन्दा ठूलो भएको हो। रोमी १३:१३-१४ पदको खण्ड पढ़ेपछि सन्त अगुस्टिन प्रभुकहाँ फर्के (इस्वी संवत्

३८०)। जब श्री मार्टिन लुत्थरले परमेश्वरको धार्मिकता भनेको के हो, सो जान्न सके र 'धर्मी जन विश्वासद्वारा जिउनेछ' भन्ने वाक्यको अर्थ बुझ्न सके, तब उनीद्वारा प्रोटेस्टैन्टको धर्मसुधार शुरु भएको हो (इस्वी संवत् १५१७)।

जब लन्डनको अल्डर्सगेट नामक सड़कमा एकात्रित भएको स्थानीय मण्डलीमा कसैले श्री जोह्न वेस्लेलाई मार्टिन लुत्थरले लेखेको रोमीको टिप्पणीको भूमिका पढ़ेर सुने, तब उनले मुक्तिको निश्चयता पाए (इस्वी संवत् १७३८)। अनि श्री जोह्न केल्वीनले यसो लेखेः 'कुनै मानिसले रोमीको पुस्तकमा पेस गरिएको शिक्षा बुझ्छ भने उसले सम्पूर्ण पवित्र शास्त्र बाइबलको शिक्षा बुझ्ने चाबी पाएको छ।'

## २) यस पत्रको लेखकको विषयमा के-के जानिन्छ ?

रोमीहरूलाई लेखिएको प्रेरित पावलको पत्रको विषयमा एक मत छः सबैले, अँ, अपधर्मीहरू र नकार्ने खण्डनकर्ताहरूले समेत यो पत्र पावलको हो भन्ने कुरा स्वीकार गर्छन्। मार्कियोन जो अपधर्मी मानिएका छन्, रोमीको पुस्तक पावलको हो भन्नेहरूमध्ये प्रथम हुन्। तर रोमको क्लेमेण्ट, इग्नाटियस (इस्वी संवत् -१०७), जुस्टिन मार्टर (इस्वी संवत् १५०-१५५), पोलिकार्प (इस्वी संवत् ६९-१५५), हिप्पोलिटस र इरिन्याउस (इस्वी संवत् १३०-२०२) - यी मण्डलीका पूर्वकहरूले आफ्ना लेखहरूमा रोमीको पुस्तकबाट केही खण्ड उद्धृत गरेका छन्। अनि मुराटोरी कानुनले पनि यो पत्र पावलको भनेर उनका पत्रहरूको साथमा राखेको छ।

यस पत्रभित्रबाट उठेको प्रमाणस्वरूप उनले प्रस्तुत गरेको शिक्षा, उनले प्रयोग गरेको भाषा, उनले लेखेको मुद्रा - यी सबै कुराहरू पावलका हुन्। भित्री प्रमाणहरू पनि मजबुत छन्। अनि 'येशू ख्रीष्टको दास पावलबाट' भनेर रोमी १:१ पदमा यो पत्र आफूले यसो भन्छ। अनि थप प्रमाणहरू खोज्नेहरूले रोमी १५:१५-२० पदको खण्ड पढ़िदिऊन्। तर सबभन्दा बढ़ी विश्वास दिलाउने प्रमाणचाहिँ शायद प्रेरितको पुस्तकका

घटनाहरूसित संयोगवश मिलेका घटनाहरू गन्नुपर्छ। उदाहरणका निम्ति, धेरै वर्षदेखि उनको रोम जाने यात्राको चाहना (रोमी १५:२२-२३), पवित्र जनहरूका निम्ति उठाइएको चन्दा (रोमी १५:२५-२६), टेर्टियस उनको पत्र लेख्ने श्रुतिलेखक (रोमी १६:२२), अनि गायस र एरास्टस (रोमी १६:२३)।

## ३) यस पत्रको लेख्ने मितिको विषयमा के जानिन्छ ?

रोमीको पत्र पहिलो र दोस्रो कोरिन्थीका पत्रहरू लेखेपछि लेखिएको हुनुपर्छ; किनकि कोरिन्थीहरूलाई लेखिएका यी पत्रहरूमा जुन चन्दाको विषयमा उनले लेखे, यो चन्दा अब यरूशलेममा गरिब पवित्र जनहरूकहाँ लान तयार भयो। यस पत्रमा उनले केन्ख्रेयाको कुरा गर्छन्, जो कोरिन्थको बन्दरगाह थियो (रोमी १६:१)। अनि अरू कतिपय कुराहरूले उनले यो पत्र कोरिन्थबाट लेखे भन्ने कुरा पुस्टि गर्छन्, जुन ठाउँ प्रायः सबै बाइबल-विद्वान्हरूले यो पत्र लेखिने स्थान मान्दछन्। तेस्रो प्रचार-यात्राको अन्ततिरको कुरा हो, प्रेरित पावलले कोरिन्थमा तीन महिना मात्र बस्न पाए; त्यसपछि उनको विरुद्ध विभिन्न षड्यन्त्र रचिए, र उनी त्यहाँबाट हिँडे। यसकारण यी तीन महिनाभित्र उनले यस पत्र लेखेको हुनुपर्छ। यसर्थ यस पत्रको लेख्ने मिति इस्वी संवत् ५६ साल थियो होला।

## ४) यस पत्र लेख्ने सन्दर्भ के थियो, र यसको विषयवस्तु के हो ?

इसाई विश्वास पहिलो पल्ट कहिले र कसरी रोममा पुग्यो ? यसको विषयमा हामी कुनै निश्चित कुरा भन्न सक्दैनौं। तर हामीलाई के लाग्छ भने, पेन्टेकोष्टको दिनमा रोमबाट आएका कति यहूदीहरूले त्यही दिन यरूशलेममा प्रभु येशूमाथि विश्वास गरे होलान् (प्रेरित २:१०)। अनि उनीहरू ख्रीष्टको सुसमाचार आफ्नो साथमा लिएर रोम फर्के। यो इस्वी संवत् ३० सालको कुरा हो।

अब लगभग छब्बीस वर्ष बिते; अनि कोरिन्थबाट प्रेरित पावल रोममा भएका विश्‍वासीहरूलाई एउटा पत्र लेखे; उनी त्यस बेलासम्म रोममा पुगेका थिएनन् । तर रोमका विश्‍वासीहरूमध्ये उनले निक्कै धेरैजनालाई व्यक्तिगत रूपले चिने; रोमी सोह्र अध्यायबाट हामी यो जान्दछौं । चाहे सतावटको कारणले होस्, चाहे प्रचारको काममा होस्, अथवा आफ्नो कामको सिलसिलामा होस्, ख्रीष्ट-विश्‍वासीहरू प्रायः एकै ठाउँमा बसेनन्, तर घरिघरि आफ्नो बसाइ सार्दैथिए । रोममा भएका विश्‍वासीहरूचाहिँ यहूदी र अन्यजातिका मानिसहरू थिए ।

अन्तमा इस्वी संवत् ६० सालमा प्रेरित पावल रोममा पुगे । तर उनले सोचेको जस्तो भएन; किनभने ख्रीष्ट येशूको खातिर उनी कैदीको रूपमा रोममा आइपुगे ।

रोमीको पुस्तक चिरसम्मत हुन्छ अर्थात् यसको शिक्षा कहिल्यै पुरानो हुँदैन र सबैले मान्ने हुन्छ । मुक्ति नपाएका मानिसहरूले यस पत्रबाट आफ्नो पापी, लाचारी अवस्थाको विषयमा साथै तिनीहरूको मुक्तिको निम्ति परमेश्‍वरले अप्नाउनुभएको उपायको विषयमा विस्तृत जानकारी र ज्ञान पाउँछन् । नयाँ विश्‍वासीहरूले ख्रीष्ट येशूसित आफ्नो एकता भएको र पवित्र आत्माको शक्तिमा विजय प्राप्त गर्ने आदि विषयमा शिक्षा पाउँछन् । परिपक्व विश्‍वासीहरूले पनि यस पत्रबाट ख्रीष्टीय सत्यता-सम्बन्धित शिक्षा, भविष्यवाणी र व्यवारिक अर्तीउपदेशहरू पाउँछन् ।

रोमीहरूलाई लेखिएको पावलको पत्रचाहिँ प्रेरित पावल र उनीसित बहस गर्ने कुनै अपरिचित व्यक्तिको बीचमा चलिरहेको छलफलको रूपमा हेर्नु नै हामीलाई यसको अर्थ सबभन्दा सजिलोसँग बुझ्ने तरिका लागेको छ; किनकि यस पत्रमा प्रेरित पावलले ख्रीष्टको सुसमाचार यस प्रकारले पेस गर्दछन्, कि मानौं विरोधी पक्षले सुसमाचारको विरोधमा उठाएका नाना किसिमका तर्कहरूको एक-एक उत्तर उनले यस पत्रमार्फत दिएका छन् । यताका पनि र उताका पनि उत्तरहरू लेख्दा-लेख्दै परमेश्‍वरको अनुग्रहको सुसमाचारको सम्बन्धमा मानिसले कुनचाहिँ दृष्टिकोण र विचार लिन सक्छ, जसको विषयमा प्रेरित पावलले लेखेर यस पत्रमार्फत यसको उत्तर दिएका छैनन् ?

कहिलेकाहीं सुसमाचारको विरुद्ध मानिसहरूका आपत्तिहरू खुला रूपले व्यक्त गरिएका छन्, र कहिलेकाहीं ती आपत्तिहरू अपेक्षित छन्। जे भए पनि, चाहे ती तर्कहरू खुला रूपले गरिएका होऊन्, चाहे अपेक्षा रूपले गरिएका होऊन्, ती सबै खण्डनका बुँदाहरू ख्रीष्टको सुसामाचारमा केन्द्रित रहेका रहेछन्, जो पापबाट मुक्ति कसरी पाइन्छ, सो कुरा जनाउने परमेश्वरको शुभ सन्देश हो; किनकि मुक्तिचाहिँ व्यवस्थका कामहरूबाट अलग्गै, प्रभु येशूमाथि राखिएको विश्वासद्वारा सित्तैंमा पाइन्छ।

हाम्रो बुझाइअनुसार हामीले रोमीहरूलाई लेखिएको प्रेरित पावलको पत्रलाई यहाँ, यस टिप्पणीअन्तर्गत एघार प्रमुख प्रश्नहरूको जवाफको रूपमा हेर्नेछौं, जस्तै

**१)** यस पत्रको विषयवस्तु के हो? (रोमी १:१, ९ र १५-१६)

**२)** ख्रीष्टको सुसमाचार भनेको के हो? (रोमी १:१-१७)

**३)** मानिसहरूलाई यो सुसमाचार किन खाँचो पर्दछ? (रोमी १:१८-३:२०)

**४)** यस सुसमाचारको शिक्षाअनुसार पवित्र परमेश्वरले पापी मानिसहरूलाई कुन आधारमा, कसरी धर्मी ठहराउनुहुन्छ? (रोमी ३:२१-३१)

**५)** के सुसमाचारको शिक्षाले पुरानो नियमका पवित्र लेखोटहरूमा प्रकट गरिएको शिक्षासित मेल खान्छ त? (रोमी ४:१-२५)

**६)** परमेश्वरबाट विश्वासले सित्तैंमा धर्मी ठहरिएको शिक्षाले ख्रीष्ट-विश्वासीको जीवनमा कुन-कुन आशिष ल्याउँदछ? (रोमी ५:१-२१)

**७)** मुक्ति अनुग्रहको वरदान हो, जो ख्रीष्ट येशूमाथि राखिएको विश्वासले सित्तैंमा पाइन्छ; तब यस प्रकारको शिक्षाले पापमा जिउने हौसला वा उत्साह दिँदैन र? अथवा के यस्तो शिक्षाले पापमा जिउने अनुमति दिएको जस्तै देखा पर्दैन त? (रोमी ६:१-२३)

८) मोशाको व्यवस्थासित ख्रीष्ट-विश्वासीको सम्बन्ध के हो? (रोमी ७ः१-२५)

९) ख्रीष्ट-विश्वासीले कहाँबाट पवित्र जीवन जिउने शक्ति पाउँदछ? (रोमी ८ः१-३९)

१०) ख्रीष्टको सुसमाचारद्वारा मुक्तिको प्रबन्ध यहूदी र अन्यजातिका मानिसहरूलाई उपलब्ध गरिएको छ; तब हाम्रो मनमा प्रश्न उठ्छः यसो गर्दाखेरि के परमेश्वरले आफूले छान्नुभएको यहूदी जातिसित गर्नुभएका आफ्ना प्रतिज्ञाहरू तोड्नुभएको छैन र? (रोमी ९ः१-११ः३६)

११) जतिजना परमेश्वरको अनुग्रहमा सित्तैंमा धर्मी ठहरिएका हुन्छन्, यस कुराले तिनीहरूको दैनिक जीवन कुन-कुन क्षेत्रमा र कुन प्रकारले प्रभाव पार्नुपर्छ? (रोमी १२ः१-१६ः२७)

यी एघार प्रश्नहरूसित आफूलाई सुपरिचित गर्नुहोस्, र तिनका उत्तरहरू राम्ररी सिक्नुहोस्! यसो गर्नाले तपाईले 'रोमीहरूलाई लेखिएको प्रेरित पावलको पत्र' नामक पवित्र बाइबलको यस महत्त्वपूर्ण पुस्तकको व्यवहारिक ज्ञान हासिल गर्नुहुनेछ।

रोमीहरूलाई लेखिएको प्रेरित पावलको पत्रको विषयवस्तु के हो? यस प्रश्नको उत्तर पावलले आफ्नो पत्रको शुरुमै दिएका छन्। अनि यस प्रश्नको उत्तर एउटै हुन्छ, र छर्लङ्ङै छः ख्रीष्टको सुसमाचारचाहिँ उनको पत्रको विषयवस्तु हो। प्रेरित पावलले कुनै समय खेर जान दिँदैनन्, तर तत्कालै आफ्नो बुँदा पेस गर्दछन्। रोमी १ः१, ९ र १५-१६ पदमा हेर्नुहोस्, जहाँ उनले सोह्र पदहरूभित्र चार पल्ट सुसमाचार भन्ने शब्द प्रयोग गरेका छन्।

तर पहिलो प्रश्नको उत्तर पाउनसाथ दोस्रो प्रश्न पनि उठ्छः ख्रीष्टको सुसमाचार भनेको के हो? सुसमाचारको शाब्तिक अर्थचाहिँ 'शुभ सन्देश' हो। सुसमाचारको सम्बन्धमा प्रेरित पावलले रोमी १ः१-१७ पदको खण्डमा हामीले जान्नुपर्ने अनिवार्य, छवटा आधारभूत जानकारीहरू दिएका छन्, जस्तैः

**अ)** ख्रीष्टको सुसमाचारचाहिँ कहाँबाट आयो ? पद १ ले भन्दछः यो परमेश्वरको सुसमाचार हो; यसर्थ मुक्तिको सुसमाचार परमेश्वरबाट आएको हो ।

**आ)** सुसमाचारले पुरानो नियमसित के सम्बन्ध राख्छ ? पद २ ले भन्दछः परमेश्वरले पुरानो नियमका पवित्र लेखोटहरूमा यसको प्रतिज्ञा गर्नुभयो ।

**इ)** सुसमाचारको गुदी, यसको सार-तत्त्व के हो ? तीन पदअनुसार सुसमाचारको केन्द्रबिन्दु परमेश्वरका पुत्र, हाम्रा प्रभु येशू ख्रीष्ट नै हुनुहुन्छ ।

**ई)** यस सुसामाचारको प्रभाव के हो त ? सोह्र पदमा हेर्नुहोस् ! त्यहाँ यस प्रश्नको उत्तर छः ख्रीष्टको सुसमाचारचाहिँ परमेश्वरको शक्ति हो, जसले विश्वास गर्ने सबैहरूमा मुक्ति पैदा गर्छ ।

**उ)** सुसमाचार कस-कसलाई उपलब्ध गरिन्छ ? ख्रीष्टको सुसमाचार सबै मानिसहरूका निम्ति हो । परमेश्वरको तर्फबाट यहूदी मानिसहरूका साथमा अन्यजातिका सबै मानिसहरूका निम्ति सुसमाचार उपलब्ध गरिन्छ ।

**ऊ)** सुसमाचारका सर्तहरू के-के हुन् ? रोमी १:१७ पदअनुसार यसको एकमात्र सर्तचाहिँ विश्वास हो ।

छोटकारीमा यति पृष्ठभूमिको रूपमा दिएपछि हामीले अब एक-एक पदमा ध्यान दिनेछौं ।

## यस पत्रको रूपरेखाः

**१) शैक्षिक खण्ड १ः** परमेश्वरको सुसमाचार (रोमी १-८ अध्याय)

**क)** रोमी १ः१-१५ः सुसमाचारको परिचय

**ख)** रोमी १ः१६-१७ः सुसमाचारको परिभाषा

**ग)** रोमी १ः१८-३ः२०ः संसारभरि मानिसहरूलाई सुसमाचारको खाँचो छ।

**घ)** रोमी ३ः२१-३१ः सुसमाचारको आधार र त्यसका सर्तहरू के-के हुन् ?

**ङ)** रोमी ४ः१-२५ः सुसमाचार पुरानो नियमसित पूरा मिल्छ।

**च)** रोमी ५ः१-११ः सुसमाचारका अनुभव गरिने केही आशिषहरू

**छ)** रोमी ५ः१२-२१ः आदमको पाप र त्यसमाथि ख्रीष्ट येशूको विजय।

**ज)** रोमी ६ः१-२३ः सुसमाचारअन्तर्गत पवित्र जीवन जिउने बाटो केकस्तो छ ?

**झ)** रोमी ७ः१-२५ः ख्रीष्ट-विश्वासीको जीवनमा मोशाको व्यवस्थाको भूमिका के हो ?

**ञ)** रोमी ८ः१-३९ः पवित्र आत्माको शक्तिमा पवित्र जीवन

**२) शैक्षिक खण्ड २ः** युगयुगमा मानिसहरूसित परमेश्वरको व्यवहारः सुसमाचार र इस्राएल (रोमी ९-११ अध्याय)

**क)** रोमी ९ः बितेको समयमा इस्राएल

**ख)** रोमी १०ः वर्तमान् इस्राएल

**ग)** रोमी ११ः इस्राएल भविष्यमा

**३) व्यवहारिक खण्डः** परमेश्वरको सुसमाचारको योग्य व्यवहार (रोमी १२-१६ अध्याय)

**क)** रोमी १२:१-२: व्यक्तिगत समर्पण

**ख)** रोमी १२:३-८: आत्मिक वरदानहरू लिएर गरिने सेवा कस्तो छ ?

**ग)** रोमी १२:९-२१: समाजमा हाम्रो स्थान के हो ?

**घ)** रोमी १३:१-७: सरकारसित हाम्रो सम्बन्ध के हो ?

**ङ)** रोमी १३:८-१४: हाम्रो भविष्य के हो ?

**च)** रोमी १४:१-१५:१३: अरू विश्वासीहरूसित हाम्रो व्यवहार केकस्तो हुनुपर्छ ?

**छ)** रोमी १५:१४-३३: प्रेरित पावलको योजना के हो ?

**ज)** रोमी १६:१-२७: अरूहरूमा सद्‌गुणहरू भेट्टाउने कृतज्ञता

# रोमीहरूलाई लेखिएको प्रेरित पावलको पत्रको टिप्पणी

## १) शैक्षिक खण्ड १ः परमेश्वरको सुसमाचार (रोमी १-८ अध्याय)

### क) रोमी १ः१-१५ः सुसमाचारको परिचय

**रोमी १ः१ः** यस शुरुको पदमा 'येशू ख्रीष्टको दास' भनेर प्रेरित पावलले आफ्नो परिचय दिएका छन्। यस भनाइको अर्थ होः उनीचाहिँ ख्रीष्ट येशूबाट दाम तिरेर दासको रूपमा किनिएका व्यक्ति थिए। दोस्रो कुराः उनले प्रेरितको काम गर्ने बोलावट पाएका थिए। दमस्कसतर्फ गरेको यात्रामा प्रभु येशूले उनलाई उहाँको प्रेरित हुने बोलावट दिनुभयो। यसरी नै उनी संसारका मुक्तिदाताको विशेष सन्देशवाहक बने। तेस्रो कुराः उनी परमेश्वरको सुसमाचारका निम्ति अलग पारिएका थिए। परमेश्वरले पावललाई अन्यजातिका मानिसहरूकहाँ मुक्तिको सन्देश पुर्‍याउने कामका निम्ति अलग पार्नुभयो (प्रेरित ९ः१५ र १३ः२)।

अनि हाम्रो विषयमा केकसो ? हामी पनि प्रभु येशूको रगतले किनिएका हौं। उहाँले हामीलाई बचाउनुभएको हो; 'प्रभु येशूको नाममा मुक्ति छ' भनेर हाम्रो जीवनमा उहाँको बचाउने शक्ति अनुभव गरेको कुरा साक्षी दिने गवाही हामी नै हौं। यो हाम्रो बोलावट हो। जहाँ गए पनि अरू मानिसहरूलाई ख्रीष्टको सुसमाचार सुनाउने कामका निम्ति हामी पनि अगल पारिएका हौं।

**रोमी १:२:** रोमीहरूलाई लेखिएको पावलको पत्र पढ्नेहरूमध्ये कुनै यहूदी मानिसहरू हुनु सम्भव थियो; अनि तिनीहरूको विचारमा, तिनीहरूलाई ख्रीष्टको सुसमाचार एउटा बिलकुल नौलो, कहिल्यै नसुनेको र आफ्नो यहूदी धर्मरूपी आत्मिक हकसँग कतै नमिलेको अपूर्व कुरा हो कि भन्ने लाग्न सक्नेथियो । यसकारण प्रेरित पावलले रोमी १:२ पदमा सफासँग बताउँछन्: पुरानो नियममा परमप्रभु परमेश्वरका भविष्यवक्ताहरूले अघिदेखि नै यो सुसमाचारको प्रतिज्ञा गरेका थिए। उदाहरणका निम्ति, त्यस कुराका सुस्पष्ट बयानहरू व्यवस्था १८:१५, यशैया ७:१४ र हबक्कूक २:४ हुन्। तर पुरानो नियमभित्र उहाँको विषयमा पूर्वजानकारी दिने नमुना, प्रतीक र सङ्केतहरू प्रशस्त छन्, जस्तै नूहको जहाज, पित्तलको साँप र लेवीहरूले चढ़ाउनुपर्ने बलिदानहरू आदि ।

**रोमी १:३:** सुसमाचारचाहिँ परमेश्वरका पुत्र हाम्रा प्रभु येशू ख्रीष्टमा केन्द्रित रहेको परमेश्वरको शुभ सन्देश हो । तीन पदअनुसार प्रभु येशूको शारीरिक अवस्था विचार गर्‍यौं भने उहाँ निष्सन्देह दाऊदको वंशबाट जन्मनुभयो । प्रेरितले 'शरीरअनुसार' भनेर यहाँ प्रयोग गरेका शब्दमा एकक्षण ध्यान दिऔं। पावलको विचारमा प्रभु येशू मानिस मात्र हुनुहुन्नथियो; होइन, उहाँ मानिसभन्दा महान् व्यक्ति हुनुहुन्थ्यो; अनि ठीक त्यही कुरा प्रेरित पावलले अब आफ्नो पत्रमा पेस गर्दछन् । उहाँ केवल मानिस मात्र हुनुभएको भए उनले उहाँको विषयमा यहाँ 'शरीरअनुसार' भन्नुपर्नेथिएन; किनभने उहाँमा अरू मानिसमा हुने गुणहरूबाहेक अरू कुनै विशेषता नहुँदो हो ता यसो भन्न कुनै ठावै रहनेथिएन । रोमी १:४ पदले उहाँको विशेषता केमा थियो, सो प्रकट गर्छ ।

**रोमी १:४:** प्रभु येशू सामर्थ्यसहित परमेश्वरका पुत्र ठहरिनुभएको हो । पवित्र आत्मा जसले यहाँ, यस खण्डमा 'पवित्रताको आत्मा'[1] भन्ने नाम पाउनुभएको छ, उहाँले परमेश्वरका पुत्रको विषयमा येशूले यूहन्नाको हातबाट बप्तिस्मा लिनुभएको समयदेखि लिएर उहाँको सम्पूर्ण सेवाकाईभरि नै येशूलाई अचम्मका कामहरू गर्ने शक्ति दिएर उहाँको विषयमा बड़ो प्रभावको साथ गवाही दिनुभएको हो । मुक्तिदाता प्रभुले

गर्नुभएका शक्तिका कामहरू र आश्चर्यकर्महरूचाहिँ पवित्र आत्माको शक्तिले गरिएका अचम्मका कामहरू हुन्; तिनैले उहाँको विषयमा 'उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ' भन्ने पक्का साक्षी दिन्छन्। 'पवित्रताको आत्माअनुसार उहाँ *मरेकाहरूबाट बौरेर उठ्नुभएको कारणले* सामर्थ्य-सहित परमेश्वरका पुत्र ठहरिनुभएको' कुरा पढ्दाखेरि हाम्रो विचार तुरुन्तै प्रभु येशूको शारीरिक बौरिउठाइमा पर्न जान्छ, अनि यो ठीक्कै पनि हो; किनभने निष्सन्देह, यसो लेख्दाखेरि प्रेरित पावलले यसको प्रमुख अर्थमा प्रभुको पुनरुत्थान सम्झेका हुन्। तर यहाँ, यस वाक्यांशमा ग्रीक मूलभाषामा खास गरी यसो लेखिएको पाइँदछः *'मरेकाहरूको पुनरुत्थानद्वारा'*। अनि यसैबाट यो थपअर्थ पनि सम्भव छः हुन सक्छ, प्रेरित पावलको ध्यान खीष्ट येशूले अरू मानिसहरूलाई बौराएर उठाउनुभएको र फेरि जीवित पार्नुभएको कुरामा पनि रहेको थियो; किनभने उहाँले याइरसकी छोरीलाई, नाइन शहरकी विधवाको छोरालाई र लाजरसलाई बौराएर उठाउनुभयो।

जब हामी प्रभु येशूलाई परमेश्वरका पुत्र हुनुहुन्छ भनेर स्वीकार गर्छौं, तब यसको मतलब यही होः उहाँचाहिँ परमेश्वरका अद्वितीय, एकमात्र पुत्र हुनुहुन्छ; उहाँजस्तै अरू कोही पनि परमेश्वरका पुत्र हुन सक्दैन, र हुँदैन पनि। किनभने पवित्र बाइबलअनुसार परमेश्वरका सन्तानहरू धेरै छन्। सबै ख्रीष्ट-विश्वासीहरू परमेश्वरका सन्तान हुन् (गलाती ४:५-७)। पुरानो नियममा स्वर्गदूतहरूलाई समेत 'परमेश्वरका छोराहरू' भन्ने नाम दिइएको छ (अय्यूब १:६ र २:१)। तर प्रभु येशूचाहिँ परमेश्वरका खास पुत्र हुनुहुन्छ; उहाँको पुत्रत्वको दर्जा अद्वितीय छ; यहूदीहरूले यो कुरा राम्ररी बुझे; किनभने जब प्रभु येशूले परमेश्वरलाई आफ्ना बुवा भन्नुभयो, तब तिनीहरूले यसको अर्थ उहाँले आफूलाई परमेश्वरसित बराबर तुल्याउनुभएको बुझे (यूहन्ना ५:१८)।

**रोमी १:५ः** हाम्रा प्रभु येशू ख्रीष्टबाट पावलले अनुग्रह र प्रेरितको सेवाकाई पाए। उनले पहिले परमेश्वरको अनुग्रहबाट मुक्ति पाएका थिए; अनि अब उनको जिम्मामा प्रेरितको सेवाकाई सुम्पियो; यो पनि परमेश्वरको यही अनुग्रहको वरदान थियो। जब प्रेरित पावलले *'हामीले*

... *पायौं'* भन्छन्, तब हामी निश्चित छौं, उनले सम्पादकीय भाषा प्रयोग गरेर आफ्नो विषयमा यसो भनेका हुन्; किनकि *'सबै जातिहरूको बीचमा* उहाँको नामका निम्ति विश्वासप्रति आज्ञापालन पैदा गरौं' भन्दाखेरि उनले निश्चय नै आफ्नै सेवाकाईको बारेमा कुरा गर्छन्, अरू प्रेरितहरूको विषयमा होइन। किनकि विशेष गरी प्रेरित पावलले सबै जातिका मानिसहरूलाई सुसमाचारद्वारा ईश्वरीय बोलावट दिने जिम्मेवारी र तिनीहरूलाई विश्वासप्रति आज्ञाकारी तुल्याउने अधिकार पाएका थिए। यस दिव्य बोलावटप्रति मानिसहरूको आज्ञाकारिता यसैमा प्रमाणित हुन्छः तिनीहरूले पश्चात्तापी भई एकमात्र सत्य परमेश्वरकहाँ आफ्नो मन फर्काउनुपर्छ र प्रभु येशूमाथि विश्वास गर्नुपर्छ (प्रेरित २०:२१)। येशूको नाममा मुक्तिको यो सन्देश सारा संसारमा प्रचारियोस्! यस विश्वव्यापी सुसमाचार-दावाको उद्देश्य के हो त? सबै जातिका मानिसहरूले येशूको नाममाथि विश्वास गरून्; यस कुराले उहाँलाई प्रसन्न तुल्याउनेछ; यस कुराले उहाँलाई महिमा दिनेछ।

**रोमी १:६:** रोमका विश्वासीहरूचाहिँ ती मानिसहरूमध्येका थिए, जसले सुसमाचारद्वारा परमेश्वरको बोलावट सुने, र त्यस दिव्य बोलावटप्रति आज्ञाकारी भए। यसैले उनले तिनीहरूलाई सम्बोधन गर्दा 'येशू ख्रीष्टका बोलाइएकाहरू' भन्ने उपाधि दिन्छन्। यसो गर्दा उनले मुक्तिको काममा परमेश्वरले गर्ने भागमा जोड़ दिएका छन्; किनभने परमेश्वरबाट यो काम शुरु भएको हो, र उहाँले नै तिनीहरूलाई बोलाउनुभयो।

**रोमी १:७:** पावलको यो पत्र रोममा बस्ने सबै विश्वासीहरूका निम्ति लेखियो। प्रेरितका अरू कति पत्रहरू उनले एकै ठाउँमा भएको एउटै मण्डलीका विश्वासीहरूका निम्ति लेखे। तर यहाँ उनले यसो गरेनन्। यस पत्रको अन्तिम अध्यायबाट हामीलाई के थाहा लाग्छ भने, रोममा सबै विश्वासीहरू एकै ठाउँमा भेला भएनन्, तर विभन्न ठाउँहरूमा भेला हुन्थे। अनि जुन अभिवादन उनले यस पत्रमार्फत पठाउँछन्, त्यस अभिवादनले तिनीहरू सबैलाई अँगालेको छ।

रोमी १:७ पदमा हामी रोमका विश्वासीहरूका दुईवटा प्रेमले पूर्ण नामहरू पढ्छौं, जो प्रभु येशूको बहुमूल्य रगतले किनिएकाहरू सबैका निम्ति पनि साँचो र वास्तविक हुन्; तिनीहरू *'परमेश्वरका प्रिय जनहरू'* हुन्; किनभने ख्रीष्ट येशूमा तिनीहरू परमेश्वरको कृपाका पात्रहरू भएका नाताले अब तिनीहरू विशेष प्रकारले उहाँका ईश्वरीय प्रेमका स्नेहपात्र बनेका हुन्। तिनीहरू यस दिव्य बोलावटअनुसार *'पवित्र जनहरू'* हुन्; संसारबाट अलग रहेर तिनीहरू परमेश्वरका निम्ति जिउनु थियो; पवित्र जनहरूको अर्थ यही हो।

'तिमीहरूलाई अनुग्रह र शान्ति !' प्रेरित पावललाई चिनाउने, उनले प्रायः सधैं प्रयोग गर्ने उनको विशेष शुभेच्छाको अभिवादन अनुग्रह र शान्ति हुन्। अनुग्रह अर्थात् ग्रीक भाषामा 'खरिस' ग्रीक संस्कृतिको अभिवादन हो; अनि शान्ति अर्थात् हिब्रूमा 'शलोम'चाहिँ यहूदीहरूको अभिवादन हो। पावलले यी दुईवटा अभिवादनका शब्दहरू एकसाथ प्रयोग गर्छन्; किनभने उनले आफ्नो शिक्षामा प्रभु येशूमाथि विश्वास गर्ने यहूदीहरू र प्रभु येशूमाथि विश्वास गर्ने अन्यजातिका मानिसहरू लिएर परमेश्वरले अब ख्रीष्टमा एउटा नयाँ समाज बनाउनुहुन्छ, सो कुरा बताउँछन्।

यहाँ, यस ठाउँमा अभिवादनको आशीर्वादको रूपमा प्रयोग गरिएको अनुग्रहको शब्दले मुक्ति दिने अनुग्रह भन्न चाहेको होइन, तर यो ता ख्रीष्टीय जीवन जिउन शक्ति दिने र प्रभुको सेवाकाईका निम्ति सक्षम तुल्याउने अनुग्रह हो; किनकि रोमीका विश्वासीहरूले परमेश्वरको अनुग्रहले मुक्ति पाइसकेका थिए। अनि त्यो शान्ति परमेश्वरसित मेलमिलाप राख्न खोजेको कुरा देखाउने शब्द होइन; किनकि तिनीहरूले अघिबाटै ख्रीष्ट येशूमाथि विश्वास राखेका हुनाले तिनीहरू धर्मी ठहरिए र परमेश्वरसित तिनीहरूको सम्बन्ध सठीक भइसकेको, उहाँसित तिनीहरूको मेलमिलाप भइसकेको थियो। तर तिनीहरूले दैनिक जीवनको आत्मिक संघर्ष गर्दा र चुनौतीपूर्ण विषयहरू सामना गर्दा तिनीहरूलाई परमेश्वरको शान्तिले सान्त्वना दिलाउनेछ, सहायता दिनेछ र तिनीहरूका हृदय, मन र विचारलाई रक्षा गर्नेछ।

त्यो अनुग्रह र त्यो शान्तिचाहिँ परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट अर्थात् यी दुवै व्यक्तिहरूबाट आउँछन् । यहाँ, यस कुराबाट परमेश्वर पिता र परमेश्वरका पुत्रको बीचमा पूरा समानता भएको सङ्केत हामीले पाएका छौं । प्रभु येशू केवल एउटा मानिस हुनुभएको भए अनुग्रह र शान्ति प्रदान गर्ने काममा उहाँलाई परमेश्वर पितासँग एकै ठाउँमा र एकै स्तरमा राख्न कति असुहाउँदो हुनेथियो । तर अब परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट बराबर त्यो अनुग्रह र त्यो शान्ति आउँछन् ।

**रोमी १:८ः** जहाँ सम्भव, प्रेरित पावलले आफ्ना पत्रहरूमा सधैं उनको चिट्ठी पाउने प्रापकहरूको विषयमा केही न केही प्रशंस्नीय कुरा लेख्न खोज्थे । अनि यहाँ यस पत्रको शुरुमा रोमी १:८ पदमा उनले यसो गर्दछन् । यो हामी सबैका निम्ति कति असल नमुना हो ! ! यस पदमा उनले पहिले परमेश्वरलाई धन्यवाद चढ़ाउँछन्; किनभने रोमका विश्वासीहरूको ख्रीष्ट येशूमाथि राखिएको विश्वासको चर्चा सारा संसारमा फैलिएको छ । 'सारा संसार' भन्नाले यहाँ भूमध्यसागरको वरिपरिमा बस्ने वासिन्दाहरूको दृष्टिकोण लिएको अर्थमा हामीले यसको मतलब 'सम्पूर्ण रोमी साम्राज्यभरि नै' बुझ्नुपरेको छ ।

**रोमी १:९ः** रोमका विश्वासीहरूले आफ्नो ज्योति मानिसहरूको सामु चम्काएका थिए; यसबाट प्रेरित पावलले तिनीहरूका निम्ति अटुटसँग प्रार्थना गर्ने प्रेरणा पाए । परमेश्वर यस सम्बन्धमा उनको एकमात्र साक्षी हुनुहुन्थ्यो, जसलाई उनले यहाँ आफ्नो साक्षी राखेका छन्; किनकि रोमीका विश्वासीहरूका निम्ति पावलले गरेका निरन्तर प्रार्थनाहरूको विषयमा अरू कसैले केही जान्दैनथियो, तर परमेश्वरले मात्र जान्नुहुन्थ्यो । परमेश्वरका पुत्रको सुसमाचारमा प्रेरित पावलले *आत्माले* उहाँकै सेवा गर्दैथिए । यसर्थ पावलले पूरा मन लगाएर सेवा गर्दथिए । परमेश्वरको सेवा एउटा दिक्दार र उराठलाग्ने कुरा सम्झेर उनले त्यसलाई कहिल्यै एउटा नीच काम वा आफ्नो जिम्मा निभाउने धार्मिक ड्यूटि मात्र सम्झेका थिएनन् । यन्त्रले झैं मनतातो पाराले कहिल्यै टुङ्गो नहुने मानिसहरूका धर्मका रीति र विधिविधानहरूअनुसार कण्ठ भइसकेका, एकै किसिमका प्रार्थनाहरू गरिरहने पूजाआजाको प्रणाली र पावलको सेवाकाईको बीचमा

आकाश र पातालको भिन्नता थियो। परमेश्वरका निम्ति उनको सेवा आत्मिक बोझ र जोशले पूर्ण थियो अनि विश्वासका प्रार्थनाहरूले पूरा भिजेको थियो। उनको सेवा दिलोज्यान, श्रद्धाभक्ति र अथक परिश्रमले पूर्ण थियो। उनले प्रभु येशूलाई अगाध प्रेमले प्रेम गर्दथे; अनि यस प्रेमको प्रेरणाले उत्तेजित भई उनले तन, मन, धनले ख्रीष्टको जोसिलो सेवा गर्दथे। परमेश्वरका पुत्रको सुसमाचार कहाँ-कहाँ प्रचार गरूँ र अझ अरू कस-कसलाई सुनाइदिऊँ भन्ने आत्मिक जलनले उनलाई आफ्नो सेवामा सधैं उत्तेजित तुल्याइरहन्थ्यो।

**रोमी १:१०:** रोममा भएका विश्वासीहरूका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउनको साथसाथै उनले 'तिनीहरूलाई निकट भविष्यमा भेट्न पाऊँ' भन्ने विन्ती पनि गर्दथिए। रोमतर्फको यात्रा र रोमका विश्वासीहरूसितको भेटघाट उनले परमेश्वरको इच्छामा सुम्पे; किनभने पावलले आफ्नो जीवनमा जति योजना बनाउँदथिए र जे काम गर्दथिए, उनले सबै कामकुरामा सधैं परमेश्वरको इच्छा खोज्दैथिए।

**रोमी १:११:** ती पवित्र जनहरूलाई तिनीहरूको विश्वासमा अझ स्थिर पार्न तिनीहरूलाई केही आत्मिक सहायता दिन सकूँ भनेर प्रेरित पावलको उत्कट इच्छा थियो। उनले रोमका विश्वासीहरूलाई 'द्वित्व दिव्य स्पर्श' को नाममा कुनै अनौठो आशिष दिन चाहेको कुरै छैन यहाँ; यस्तो विचार परै जाओस्! तिनीहरूमाथि आफ्ना हातहरू राखेर उनले तिनीहरूलाई आत्माका वरदानहरू दिन खोजेको पनि होइन। (यद्यपि २ तिमोथी १:६ पदअनुसार उनले तिमोथीलाई यसो गरेका देखिन्छ)। होइन, वचनको सेवाकाईद्वारा नै र यस प्रकारले मात्र तिनीहरूको आत्मिक जीवनमा तिनीहरूलाई सहायता पुर्‍याउने र वृद्धि ल्याउने पावलको एकमात्र इच्छा र सम्पूर्ण चाहना थियो।

**रोमी १:१२:** यस पदमा उनले यस भेटघाटबाट आशिषचाहिँ पारस्परिक हुनेछ भन्ने आशा प्रकट गर्दछन्। उनले तिनीहरूको विश्वासबाट सान्त्वना पाउनु थियो, र पावलको विश्वासबाट तिनीहरूले हौसला पाउनु थियो। यस्तो आत्मिक आशिषको आदानप्रदानबाट सधैं दुवै पक्षले आशिष पाउँछन्, अँ, दिने र लिने व्यक्तिले उन्नति र सम्वृद्धि

गर्दछन्, हितोपदेश २७:१७ पदले भने जस्तै, जहाँ यसरी लेखिएको छः *'फलामले फलामलाई धारिलो पार्छ, त्यसरी नै मानिसले आफ्नो साथीको चेहरा धारिलो पार्छ।'* प्रेरित पावलको नम्रता र शिष्टतामा ध्यान दिनुहोस्! अरू विश्वासीहरूको सहायता मलाई केको खाँचो छ र भनेर कहिल्यै उनको सोच भएन, र उनले आफूलाई अरूको मद्दत नचाहिने गरी तिनीहरूभन्दा अति उच्च आत्मिक स्तरमा पुगिसकेका ठानेनन्।

**रोमी १:१३:** पावलले धेरै चोटि रोममा भएका विश्वासी जनहरूलाई भेट्न इच्छा र योजना गरे, तर उनले आफ्नो यो आकाङ्क्षा पूरा गर्न सकेनन्; किनकि सधैं विभिन्न बाधाहरू आइरहेका थिए। हुन सक्छ, अरू जग्गाहरूमा उनको सेवाकाईको बढ़ी आवश्यकता परेको थियो होला; अथवा पवित्र आत्माले उनलाई जाने अनुमति नदिनुभएको हो कि? अथवा शैतानले उनलाई रोक्यो कि? रोमको यात्राको सम्बन्धमा पावलको इच्छा र आशा के थियो भने, अरू जातिका मानिसहरूको बीचमा फलहरू बटुलेझैं उनले रोममा बस्ने विभिन्न जातिका मानिसहरूको बीचमा पनि केही फल पाउन चाहे। यहाँ रोमी १:१३ पदमा उनले सुसमाचारको कामबाट हुने फलहरूको कुरा गर्दछन्; यसर्थ उनले रोमी साम्राज्यको राजधानीमा ख्रीष्ट येशूका निम्ति आत्माहरू जित्न खूबै रहर गरे। रोमी १:११-१२ पदमा उनले रोमका विश्वासीहरूलाई तिनीहरूको विश्वासमा सुदृढ़ पार्न खोजे भने रोमी १:१४-१५ पदअनुसार उनले सुसमाचार प्रचार गरेर अमूल्य आत्माहरू परमेश्वरको राज्यभित्र बटुल्न चाहे।

**रोमी १:१४:** के हामीसँग ख्रीष्ट येशू हुनुहुन्छ? तब यस संसारको सबैभन्दा ठूलो खाँचो पूरा गर्ने माध्यम हाम्रो साथमा हुनुहुन्छ; किनभने प्रभु येशू पापको घातक रोगलाई निको पार्ने एकमात्र औषधि हुनुहुन्छ। उहाँचाहिँ नरकको कहिल्यै ननिभ्ने आगोको भयभीत अनन्त असह्य पीड़ाहरूमा तड्पिनुबाट उम्कने एकमात्र बाटो हुनुहुन्छ। परमेश्वरको सँगतिमा अनन्त सुख उपभोग गर्न पाउने जमानी उहाँ नै हुनुहुन्छ। तब हामी अरू मानिसहरूलाई ख्रीष्टको सुसमाचार किन नसुनाऔं त? तब मानिसहरूको देश, धर्म, जात, वर्ग र रूप किन हेर्ने? तब शिक्षित-अशिक्षित, पढ़ेको-नपढ़ेको कुरामा ध्यान किन लगाउने? होइन, हामी

सबै किसिमका मानिसहरूसित ऋणमा परेका हौं। यस परमकर्तव्यले पावललाई घरिघरि घोचिरहन्थ्यो; उनले यो आफ्नै ऋण सम्झे।

**रोमी १:१५**: अनि रोममा आएर परमेश्वरले दिनुभएको शक्तिमा त्यहाँ भएका ठूला-साना सबै मानिसहरूलाई सुसमाचार प्रचार गरीकन उनले त्यो ऋण छिटोभन्दा छिटो तिर्न चाहे। यस पदबाट सङ्केत भएझैं पक्का पनि पावलले रोमका विश्वासीहरूलाई सुसमाचार प्रचार गर्न गएनन्; किनभने तिनीहरूले सुसमाचार सुनिसकेका र त्यसलाई ग्रहण गरिसकेका थिए। तर त्यस महानगरमा प्रभुलाई नपाएका अन्यजातिका मानिसहरूलाई उनले ख्रीष्टको सुसमाचार प्रचार गर्न तयार थिए।

## ख) रोमी १:१६-१७: सुसमाचारको परिभाषा

**रोमी १:१६**: ख्रीष्टको सुसमाचारसँग पावल कहिल्यै लजाएनन्। परमेश्वरको शुभ सन्देश लिएर उनी रोमजस्तै दुनियाँदार शहरमा आउन राजी भए। यस शुभ सन्देशमा यहूदीहरूले ठेस खाएका थिए; अनि यो सुसमाचार ग्रीकहरूका निम्ति मूर्खता थियो। यसो भए पनि उनले ख्रीष्टको सुसमाचार प्रचार गरिरहे; किनभने उनले जान्दथिएः मुक्ति पाउनलाई सुसमाचारचाहिँ परमेश्वरको शक्ति हो; परमेश्वरले आफ्नो ठूलो शक्तिद्वारा तिनीहरू सबैलाई बचाउनुहुन्छ, जसले उहाँका पुत्र प्रभु येशूमाथि विश्वास गर्छन्। 'पहिले यहूदीका लागि, त्यसपछि ग्रीकका लागि पनि' भन्ने वाक्य इतिहास भइसक्यो; प्रेरितहरूका कामहरू नामक पुस्तकले बयान गरेको अवधिभित्र यो वचन यही क्रमअनुसार पूरा भयो। आजको दिनसम्म यहूदी मानिसहरूलाई सुसमाचार प्रचार गर्ने जिम्मेवारी रहेको छ; तर यस सम्बन्धमा कुरा कति मानिसहरूको भनाइअनुसारको होइन, जसले भन्दछन्ः 'जबसम्म हामीले पहिले यहूदीहरूलाई पूर्ण रूपले सुसमाचार सुनाएनौं, तबसम्म हामी अन्यजातिहरूकहाँ जानुहुँदैन'; होइन, आज परमेश्वर यहूदी र अन्यजातिका मानिसहरूको बीचमा कुनै भिन्नता राख्नुहुन्न। यसकारण यहूदी जाति र अन्यजातिहरूका निम्ति सन्देश एउटै छ, र चाहे यहूदी, चाहे अन्यजातिको मानिस होस्, सबै जातिका

मानिसहरूलाई अनुग्रहको समय छँदै मुक्तिको सुसमाचार सुनाउने बेला अहिले नै हो।

**रोमी १:१७:** ख्रीष्टको सुसमाचार वास्तवमा के हो, यस सिलसिलामा त्यसमा व्याख्या लाउँदै गर्दा प्रेरित पावलले आफ्नो पत्रको यस पदमा पहिलो पल्ट *धार्मिकता* भन्ने शब्द प्रयोग गर्छन्। यसैले हामी रोमी १:१७ पदमा आफ्नो अध्ययनक्रम एकक्षण रोकौं र यस महत्त्वपूर्ण शब्दको अर्थ बुझ्ने कोशिश गरौं! वास्तवमा नयाँ नियमको पुस्तकभित्र धार्मिकता भन्ने शब्द विभिन्न प्रकारले प्रयोग गरिएको छ; यसो भए ता पनि हामी यहाँ, यस ठाउँमा त्यस शब्दका तीनवटा अर्थहरू मात्र विचार गर्नेछौं।

सर्वप्रथम, परमेश्वरका सद्‌गुणहरूमध्ये धार्मिकता पनि एक हो। उहाँमा भएको धार्मिकताको अर्थ यही होः परमेश्वर जहिले पनि सठीक काम गर्नुहुन्छ; उहाँ सधैं न्यायोचित काम गर्नुहुन्छ; उहाँको काम सधैं सही हुन्छ; मानिसहरूसित उहाँका कार्यहरू जहिले पनि पाप, अधर्म र पक्षपातरहित हुन्छन्। परमेश्वरको धार्मिकताचाहिँ उहाँका अरू सबै सद्‌गुणहरूसँग सधैं मेल खान्छ। परमेश्वर जहिले पनि धर्मी हुनुहुन्छ; यसैले उहाँ कुनै प्रकारको त्रुटि वा गल्ती गर्न सक्नुहुन्न; उहाँ कुनै अन्याय गर्न सक्नुहुन्न; उहाँ आफ्नो व्यवहारमा सदा इमानदार रहनुहुन्छ र कहिल्यै कसैको पक्ष लिनुहुन्न।

परमेश्वरको धार्मिकताको दोस्रो अर्थले उहाँको यो तरिका बुझाउँदछ, जसद्वारा उहाँले भक्तिहीन, पापी मानिसहरूलाई धर्मी ठहराउनुहुन्छ। यसो गर्न उहाँ पूरा सक्षम हुनुहुन्छ; यस काममा उहाँ सम्पूर्ण तवरले धर्मी रहनुहुन्छ; किनभने ईश्वरीय न्यायले हामीबाट जे दाबी गर्दछ, अथवा हामीप्रति उहाँको धर्मी माग जेजति भए, पापरहित प्रभु येशूले हाम्रो सट्टामा त्यो सब पूरा गर्नुभयो।

तेस्रो अर्थमा धार्मिकताचाहिँ त्यो सिद्ध ठहर हो, जसको बन्दोबस्त परमेश्वर स्वयम्‌ले तिनीहरूका निम्ति तयार गर्नुभएको छ, जसले उहाँका पुत्र हाम्रा प्रभु येशूमाथि विश्वास गर्दछन् (२ कोरिन्थी ५:२१)। यसो हुँदा ती मानिसहरू, जसमा धर्मी हुने कुनै गुणै छैन, तिनीहरूचाहिँ ख्रीष्ट येशूमा

पूरा हिसाबले धर्मी गनिएका हुन्छन्; किनकि परमेश्‍वरले तिनीहरूलाई प्रभु येशूको धार्मिकता दिनुहुन्छ। उहाँले तिनीहरूलाई धार्मिकताको वस्त्रले ढाक्नुहुन्छ र यसरी नै तिनीहरूमा कुनै गल्ती, कलङ्क वा खोट देख्नुहुन्न, तर तिनीहरूमा प्रभु येशूको सम्पूर्ण सिद्धता मात्र देख्नुहुन्छ। यसरी येशूको धार्मिकतारूपी धन तिनीहरूको खातामा लगाइन्छ।

रोमी १:१७ पदमा परमेश्‍वरको धार्मिकताचाहिँ हामीले कुन अर्थमा बुझ्नुपर्छ, जब यहाँ तीनै अर्थहरू सम्भव देखिन्छन्। हामीलाई के लाग्छ भने, परमेश्‍वरले अधर्मी मानिसहरूलाई प्रभु येशूमाथि राखिएको तिनीहरूको विश्‍वासको आधारमा धर्मी ठहराउनुहुन्छ भन्ने अर्थ यस पदमा धार्मिकताको सठीक अर्थ हो।

यस प्रकारको धार्मिकता ख्रीष्टको सुसमाचारभित्र मात्र प्रकट भएको छ। शुरुमा परमेश्‍वरले हामीलाई सुसमाचारद्वारा के भन्नुहुन्छ भने, उहाँको कहिल्यै अदलबदल नहुने धार्मिकताले सबै पापहरूका निम्ति उचित दण्डको माग गर्दछ, र त्यो दण्डचाहिँ अनन्त मृत्यु हो। तर त्यसपछि हामी परमेश्‍वरको प्रेमको विषयमा सुन्छौं; किनकि उहाँको धार्मिकताले हामीबाट माग गरेका र माग गर्न सक्ने सबै कुराहरू उहाँको प्रेमले ख्रीष्ट येशूमा हाम्रा निम्ति प्रबन्ध गरिदियो। परमेश्‍वरले आफ्ना एकमात्र पुत्रलाई यस संसारमा पठाउनुभयो; अनि उहाँ पापी मानिसहरूको सट्टामा मर्नुभयो, र आफ्नो क्रूसको मृत्युद्वारा उहाँले हाम्रा पापहरूको सम्पूर्ण दण्ड भोग्नुभयो र हाम्रो छुटकाराको दाम पूरा रूपले तिरिदिनुभयो। परमेश्‍वरका धार्मिक मागहरू अब पूरा भए; यसैले उहाँ आफू धर्मी रहेर तिनीहरू सबैलाई बचाउन सक्नुहुन्छ, जसले विश्‍वासद्वारा प्रभु येशूले पूरा गर्नुभएको त्राणको काम आफ्ना निम्ति ग्रहण गर्दछन्।

ख्रीष्ट येशूको सुसमाचारमा परमेश्‍वरको धार्मिकता *'विश्‍वासदेखि विश्‍वाससम्म'* प्रकट भएको छ। 'विश्‍वासदेखि विश्‍वाससम्म' भन्ने तात्पर्य हामीलाई के लाग्छ भने, **क)** परमेश्‍वरले हाम्रो विश्‍वास कदर गर्नुहुन्छ, र उहाँ हाम्रो विश्‍वासप्रति विश्‍वासयोग्य रहनुहुन्छ। **ख)** हाम्रो विश्‍वास एक विश्‍वासदेखि अर्को विश्‍वासमा बढ्दै जानुपर्छ। **ग)** शुरुदेखि अन्तसम्म सबै कुरा विश्‍वास हो। ग) हामीलाई सठीक अर्थ लाग्छः परमेश्‍वरले

ख्रीष्ट येशूमा हामीलाई जे पनि दिन चाहनुहुन्छ, त्यो सबका सब शुरुदेखि अन्तसम्म विश्वासको आधारमा हामीलाई दिइन्छ। हामीले धर्मका कामहरू गरेका हुनाले परमेश्वरको धार्मिकता हाम्रो हिसाबमा राखिँदैन, न हामीले त्यसलाई कमाउन खोजेका वा त्यसको योग्य हुने खूबै प्रयत्न गरेका हुनाले त्यो हाम्रो हिसाबमा राखिन्छ। परमेश्वरको धार्मिकता विश्वासको आधारमा मात्र दिइन्छ। यो कुरा ख्रीष्टको सुसमाचारबाट प्रकट भएको हो, र यस कुराले हबक्कूक २:४ पदको दिव्य वचनसँग पूरा मेल खान्छ, जहाँ लेखिएको छः *'धर्मी जन विश्वासले जिउँदछ।'* 'धर्मी जन विश्वासबाट जिउँछ' भन्ने वाक्यको अर्थ यसो पनि बुझ्न सकिन्छः 'विश्वासले धर्मी ठहरिएको व्यक्तिचाहिँ सदैव जिउनेछ।'

रोमी १:१-१७ पदसम्म ख्रीष्टको सुसमाचारको परिचय गरेर उनले छोटकारीमा त्यसका मुख्य बुँदाहरू पेस गरेका छन्। अबदेखि आफ्नो पत्रमा अघि बढ्दै जाँदा प्रेरित पावलले विस्तृत रूपले सुसमाचारको परिभाषा दिँदैछन्। अब हामी यहाँ हाम्रो तेस्रो मुख्य प्रश्नमा आइपुग्यौंः 'मानिसहरूलाई यो सुसमाचार किन खाँचो पर्दछ?' यस प्रश्नबाट निम्न चारवटा उप-प्रश्नहरू उठेका छन्ः

**अ)** के ख्रीष्टको सुसमाचार कहिल्यै नसुनेका अन्यजातिका मानिसहरू हराएका छन्? (रोमी १:१८-३२)।

**आ)** चाहे यहूदीहरू होऊन्, चाहे अन्यजातिका मानिसहरू किन नहोऊन्, के आफूलाई धर्मी सम्झिने नीतिवादीहरू हराएका छन्? (रोमी २:१-१६)

**इ)** यहूदीहरू, जसलाई परमेश्वरले उहिले नै आफ्नो निज प्रजाको रूपमा छान्नुभएको थियो, के तिनीहरू पनि हराएका छन्? (रोमी २:१७-३:८)

**ई)** के सबै मानिसहरू हराएका छन्? (रोमी ३:९-२०)

## ग) रोमी १ः१८-३ः२०ः संसारभरि मानिसहरूलाई सुसमाचारको खाँचो छ।

**रोमी १ः१८ः** यस पदमा हामी 'मानिसहरूलाई यो सुसमाचार किन खाँचो पर्दछ?' भन्ने प्रश्नको उत्तर पाउँछौं। यसको उत्तर यही होः ख्रीष्ट येशूविना, मुक्तिविना सबै मानिसहरू अनन्त-अनन्तसम्म हराएका हुन्छन्, तिनीहरू विनाश्य अवस्थामा छन्। तिनीहरू दोषी छन् र परमेश्वरको क्रोध पाउन योग्यका छन्; किनभने सबैले पाप गरेका छन्। मानिसहरूले आफ्नो दुष्टताले गर्दा परमेश्वरको सत्यतालाई आफ्ना अधर्म र कुकर्म-हरूद्वारा दबाइराखेका छन्। तब तिनीहरूको विरोधमा परमेश्वरले आफ्नो क्रोध कसरी प्रकट गर्नुहुन्छ? यस खण्डमा हामीले यसको उत्तर पाउँछौं। उहाँले मानिसहरूलाई तिनीहरूको अशुद्धतामा छोड़िदिनुहुन्छ (रोमी १ः२४)। उहाँले तिनीहरूलाई तिनीहरूकै नीच अभिलाषाहरूमा छोड़ि-दिनुहुन्छ (रोमी १ः२६)। उहाँले तिनीहरूलाई तिनीहरूकै भ्रष्ट मनको वशमा राखिछोड्नुहुन्छ (रोमी १ः२८)। तर यो पनि सत्य छः कहिलेकाहीं परमेश्वरले मानिसहरूका पापको विरोधमा जाइलाग्नुहुन्छ र आफ्नो जल्दो रिस प्रकट गर्नुहुन्छ। मानव-इतिहास यसको साक्षी हो। बाइबलबाट केही उदारहण दिऔंः उत्पत्ति ७ अध्यायमा जलप्रलयको बयान छ, र उत्पत्ति १९ अध्यायमा सदोम र गमोराको विनाशको वर्णन छ। गन्ती १६ः३१-३४ पदको खण्डमा कोरह, दातान र अबिराम कसरी नष्ट भए, यसको वृत्तान्त छ।

**रोमी १ः१९ः** यहाँ हामी पहिलो उप-प्रश्न अ) को उत्तर पाउँछौं। हाम्रो प्रश्न थियोः के ख्रीष्टको सुसमाचार कहिल्यै नसुनेका अन्यजातिका मानिसहरू हराएका छन्? प्रेरित पावलले तिनीहरूको हराएको अवस्था देखाउँदै के बताउँछन् भने, अन्यजातिका मानिसहरू बिलकुल हराएको कारणचाहिँ तिनीहरूको अज्ञानता होइन; तर तिनीहरू आफूले पाएको ज्ञानको प्रकाशको विरोधमा पाप गरेका छन् र त्यसलाई इन्कार गरेका छन्। परमेश्वरको विषयमा मानिसले जान्न सक्ने कुराहरू सृष्टिका

थोकहरूबाट मानिसहरूकहाँ प्रकट भएकै छन्। परमेश्वरले मानिसहरूलाई आफ्नो विषयमा प्रकाश दिनुभएकै हो।

**रोमी १ः२०ः** संसारको उत्पत्तिदेखि नै अर्थात् सृष्टिको शुरुका दिनहरूदेखि नै परमेश्वरका नदेखिने दुईवटा गुणहरूको प्रदर्शनचाहिँ सबैले देख्ने गरी सधैं भइरहेको छः उहाँको अनन्त शक्ति र उहाँको ईश्वरत्व प्रकट भएकै हुन्। ईश्वरत्व भन्नाले परमेश्वरमा हुने गुण बुभिन्छ। ईश्वरत्व भन्नाले उहाँका महिमाले युक्त सद्‌गुणहरूमा नजर लगाइन्छ, तर ईश्वर हुनुहुन्छ भन्ने सामान्य अड़कल छोड़िन्छ यहाँ।

यसैले पावलको तर्क यस प्रकारको छः सृष्टिकर्ताचाहिँ सृष्टिको माग हो। कुनै रचनाकार हुनुहुन्छ भन्ने जुनै पनि रचनाको माग हो। तब सूर्य, चन्द्रमा र अनगिन्ती ताराहरू हेर्नुहोस्! तब जुनै पनि मानिसले निष्कर्षमा आएर तिनलाई रच्ने ईश्वर हुनुहुन्छ भनेर स्वीकार गर्नुपर्छ।

अन्यजातिका मानिसहरूको विषयमा केकसो भनेर सोधिएको प्रश्नको जवाफ यस प्रकारको छः तिनीहरू हराएका छन्; यसका निम्ति तिनीहरूसँग कुनै बहाना छैन। किनकि परमेश्वरले सृष्टिद्वारा आफूलाई तिनीहरूकहाँ प्रकट गर्नुभयो, तर तिनीहरूले यस प्रकाशअनुसार एकमात्र सत्य, जीवित सृष्टिकर्ता परमेश्वरमा आफ्नो विश्वास र भरोसा राखेनन्; तिनीहरूले उहाँको पूजा गरेनन्। यसैले तिनीहरूले संसारका मुक्तिदातालाई इन्कार गरेको दोष तिनीहरूलाई कहिल्यै लाग्दैन; किनभने तिनीहरूले उहाँको विषयमा सुनेकै छैनन्। तर मानिसहरूमा दोष के छ? तिनीहरूले परमेश्वरको विषयमा पाएको ज्ञानअनुसार कामै गरेनन्; तिनीहरूको प्रतिक्रिया यस प्रकाशअनुसार भएन।

**रोमी १ः२१ः** यस पदअनुसार परमेश्वरलाई उहाँका कामहरूबाट चिनेर पनि मानिसहरूले उहाँलाई दिनुपर्ने महिमा दिएनन्; तर परमेश्वर उहाँ नै हुनुहुन्छ। तिनीहरूले उहाँलाई धन्यवाद चढ़ाएनन्; तर सबै उपकार र आशिषको स्रोत उहाँ नै हुनुहुन्छ। होइन, तिनीहरू आफ्नो विचारमा बेकम्मा भए; तिनीहरूको मूर्ख हृदय अँध्यारो भयो। तिनीहरूले मूर्ख र व्यर्थका कुराहरूमा मन लगाएर तिनीहरू विभिन्न दर्शन, ज्ञान, चिन्तन र कल्पनाहरूको सिकार बनेका छन्। अनेक प्रकारका देवीदेवताहरूचाहिँ

तिनीहरूले गरेका यस अड्कलको फल हुन्। फलस्वरूप तिनीहरूले सफासँग देख्न छोड़ेका छन् र तिनीहरूको ठीक प्रकारले सोच्ने शक्ति हराउँदै गएको छ। यहाँ कुरा सत्य ठहरियोः जसले देख्नै चाहँदैन, त्यसले देख्न छोड्छ नै। पाएको प्रकाश इन्कार गरेमा नयाँ प्रकाश पाइँदैन र पाएको प्रकाश पनि हराइजान्छ।

**रोमी १:२२:** आफ्नो ज्ञानमा फुलिबस्ने मानिसहरूको के हालत हुन्छः तिनीहरू अज्ञानता र मूर्खताभित्र-भित्रै झन्-झन् डुबेर जान्छन्। परमेश्वरको ज्ञानलाई रद्द गर्ने मानिसहरूलाई यी दुईवटा कुराले चिनिन्छः तिनीहरू आफ्नो विषयमा व्यर्थको घमण्डले फुल्छन्, र पनि अनजान हुन्छन्, यसको साध्य छैन।

**रोमी १:२३:** प्रथम मानिसचाहिँ बाँदरबाट विकसित भई आएका होइन, तर हाम्रा आदिपुरुषमा ठूलो सभ्यता र नैतिकता थियो। तर एकमात्र सत्य, अनन्त, अविनाशी परमेश्वरलाई स्वीकार गर्न नचाहने मानिसको निश्चित पतन हुन्छ; मानिस तल खस्यो; मानिस मूर्ख भयो; मानिस भ्रष्ट भयो; मानिसले मूर्तिहरूलाई पुज्न थाल्यो। यस खण्डले विकासवादको सिद्धान्तलाई खण्डन गर्दछ र झूटो साबित गरिदिँदछ।

मानिसचाहिँ स्वभावैले कुनै न कुनै ईश्वरलाई मान्नुपर्ने प्राणी हो; उसले कुनै न कुनै वस्तुलाई पुज्नुपर्दछ। तर जब उसले एकमात्र सत्य परमेश्वरलाई पुग्न छोड्छ, तब उसले आफूले बनाएका देवीदेवताहरूलाई पुज्नैपर्छ; उसले आफूले खोपेर बनाएका काठ र ढुङ्गाका मूर्तिहरूलाई पुज्दछ, जस्तै विनाशी मानिस, चराचुरुङ्गी र चारखुट्टे जनावर, घस्रने जन्तुका विभिन्न रूपहरू आदि।

के तपाईंले यसको क्रम याद गर्नुभयो? पहिले मानिस, त्यसपछि चराचुरुङ्गी र अन्य जनावरहरू र अन्तमा सर्पजस्तै सरीसृपहरू पुजिन्छन्। यसको क्रमचाहिँ तल, झन् तल गिर्दै जान्छ। अनि यो पनि याद गर्नुहोस्ः मानिसले जेलाई अथवा जसलाई पुज्दछ, ऊ त्यहीजस्तै हुन जान्छ। मानिसको धारणामा ईश्वरको रूप जति बिग्रिन्छ, उसको नैतिकता पनि त्यस्तै बिग्रेर जान्छ। जुन मानिसले परमेश्वरलाई नागको रूप लिन्छ, ऊ आफूखुशी जिउने मान्छे हुन्छ-हुन्छ। अनि यस सम्बन्धमा याद गर्नुपर्ने

अर्को कुरा के हो भने, मानिसले प्रायः आफूलाई आफूले पुजेको वस्तुभन्दा सानो ठान्दछ। यसर्थ यहाँ परमेश्वरको प्रतिरूप र समानतामा सृष्टि भएको मानिसले आफूलाई सर्पको दर्जाभन्दा तल्लो स्थानमा राख्दो रहेछ।

अनि कहिल्यै नभुल्नुहोस्ः जुन मानिसले मूर्तिहरूलाई पुज्दछ, उसैले दुष्ट आत्माहरूको पूजा गर्दछ। १ कोरिन्थी १०ः२० पदमा प्रेरित पावलले सफासँग यसो भन्दछन्ः *'जुन चीजहरू अन्यजातिका मानिसहरूले बलि चढ़ाउँछन्, ती चीजहरू तिनीहरूले परमेश्वरलाई होइन, तर दुष्ट आत्माहरूलाई नै चढ़ाउँछन्।'*

**रोमी १ः२४ः** तीनै पल्ट हामी यस खण्डमा पढ्छौंः परमेश्वरले मानिसहरूलाई छोड़िदिनुभयो। रोमी १ः२४ पदमा उहाँले तिनीहरूलाई तिनीहरूको अशुद्धतामा छोड्नुहुन्छ भने रोमी १ः२६ पदमा उहाँले तिनीहरूलाई तिनीहरूकै नीच अभिलाषाहरूमा छोड्नुहुन्छ। अनि रोमी १ः२८ पदअनुसार उहाँले तिनीहरूलाई तिनीहरूकै भ्रष्ट मनको वशमा छोड्नुहुन्छ। यसको मतलब यो हो, कि परमेश्वरको क्रोधचाहिँ मानिसको सम्पूर्ण व्यक्तित्वको विरुद्ध जान्छ।

मानिसहरूका हृदयभित्रका कामवासनाहरू देखेर परमेश्वरले तिनीहरूलाई व्यभिचार, कामुकता, बलात्कार र वेश्यावृत्ति, पुरुषगमन, परस्त्रीगमनजस्तै हर प्रकारका पापले पूर्ण यौनका सम्बन्धहरूमा छोड्नुहुन्छ। तिनीहरूले आफ्ना शरीरहरू आपसमा अनादर र अपमान गर्ने हेतुले तिनीहरूको जीवन अनुचित लमपट्य यौनले ग्रस्त जीवन भएको रहेछ।

**रोमी १ः२५ः** परमेश्वरले तिनीहरूलाई छोड्नुहुन्छ; किनभने तिनीहरूले उहाँलाई पहिले नै छोड़िसके, र उहाँको विषयमा प्राप्त गरेको सत्य ज्ञानको प्रकाश मूर्तिहरूरूपी झूटसँग साटे। अनि जुनै पनि मूर्ति झूट हो; त्यो उहाँको अपमान गर्ने कुरूप हो; त्यो उहाँको नकल गर्ने तुच्छ, घृणित वस्तु हो। मूर्तिपूजा गर्ने मानिसहरूले सृष्टिको कुनै थोकको पूजा गर्दछन्; तिनीहरूले परमेश्वरलाई मानिसको, चराको, पशुको वा सर्पको रूप दिन्छन्, र यसरी नै तिनीहरूले आफ्ना सृष्टिकर्ता परमेश्वरको

अपमान र अनादर गर्छन्। तर आदर र महिमाका योग्य परमेश्वरको विषयमा केकसो ? अनन्त-अनन्तसम्म हामीले अरू कसैलाई होइन, तर सदा-सर्वदा उहाँलाई र उहाँलाई मात्र आदर र महिमा दिनुपर्छ।

**रोमी १ः२६ः** यही उक्त कारणले परमेश्वरले मानिसहरूलाई तिनीहरूकै नीच अभिलासाहरूमा छोड्नुभयो। तब मानिसहरू परमेश्वरले तिनीहरूका निम्ति ठहराउनुभएको विवाहको बन्धनभित्र नरहीकन समलिङ्गी सम्भोगजस्तै लज्जस्पद सम्बन्धमा फसे। स्त्रीहरूले पुरुष-सितको स्वाभावकि सम्बन्ध छोडेर स्त्रीहरूसँग अस्वाभाविक सम्बन्ध राखे।

**रोमी १ः२७ः** अनि पुरुषहरूचाहिँ ? तिनीहरू पुरुषगामी भए। पुरुषहरूले अरू पुरुषहरूसित शर्मलाग्दो काम गर्दै तिनीहरू एक-अर्काप्रति आफ्नो कामुकताले जले। तिनीहरूले अप्नाएको त्यस समलिङ्गी सम्भोगरूपी पापले स्वाभाविक यौन-कार्यको समष्ट भ्रष्टाचारको फलस्वरूप तिनीहरूका शरीर र मनलाई क्षति पुऱ्याउन थाल्यो। यौन-सम्बन्धी थरी-थरीका रोगहरू र यस्ता घिनलाग्दा पापबाट लाग्ने दोषले बिच्छीले घोचेझैं मानिसहरूलाई घोचिरहेका छन्, र तिनीहरूको व्यक्तित्वमा विभिन्न विकृतिहरू देखा परेका छन्। यस कुराले यस्तो पाप गरेमा केही हानि हुँदैन भन्ने धारणालाई गलत साबित गरिदिएको छ।

अचेल कति मानिसकहरूको विचारमा समलिङ्गी सम्भोग पाप होइन तर एउटा बिमारी मात्र हो; अरू मानिसहरूका निम्ति यो एउटा आपरिवर्तनीय जीवन-शैली हो भने यस सम्बन्धमा संसारको नैतिक दृष्टिकोण र राय जेसुकै होस्, हामी ख्रीष्ट-विश्वासीहरू यस सम्बन्धमा पनि परमेश्वरको वचनअनुसार चल्नुपर्छ। हामीले परमेश्वरको वचनलाई शिरोपर गर्नुपर्छ। हामीले परमेश्वरको वचनको प्रकाशअनुसार जीवनको हर कुरामा उहाँको इच्छा र अगुवाइ खोज्नुपर्छ।

पुरानो नियमको समयमा समलिङ्गी सम्भोगको पापका निम्ति मानिसलाई मृत्युदण्ड दिइन्थ्यो (लेवी १८ः२९ र २०ः१३)। अनि नयाँ नियममा पनि रोमी १ः३२ पदअनुसार *'यस्तो काम गर्नेहरू मृत्युदण्ड पाउन योग्यका हुन्छन्।'* समलिङ्गी सम्भोग परमेश्वरको दृष्टिमा अति नै गम्भीर

पाप हो, जसले गर्दा उहाँले सदोम र गमोरामाथि आगो बर्साएर ती शहरहरूको सत्यानाश गर्नुभयो (उत्पत्ति १९:४-२५); किनकि तिनी-हरूले आफूलाई पूर्णतया पुरुषगामीको पापमा सुम्पिदिए र छाड़ा भएर तिनीहरू समलिङ्गी सम्भोगका निम्ति सधैं लड्न तयार भइरहने क्रान्तकारी मानिस बने।

तर हामीले यहाँ यो पनि भन्नुपर्छः आफ्नो पापको सम्बन्धमा अफसोस मान्ने र पश्चात्ताप गरेर प्रभु येशूमाथि विश्वास गर्ने अरू सबै पापी र अधर्मी मानिसहरूका निम्ति झैं समलिङ्गी सम्भोगजस्तै पाप गर्नेहरूका निम्ति पनि ख्रीष्टको सुसमाचारअन्तर्गत माफ छ; प्रभु येशूमा तिनीहरूलाई पनि पापको क्षमा छ। यस्ता जघन्य पापमा फसेको कुनै विश्वासीले आफ्नो पाप मानिलिएको र त्यसलाई छोड़िदिकोमा पापको क्षमा पाउनको साथसाथै मण्डलीमा पुनःस्थापना पनि प्राप्त गर्न सक्छ। परमेश्वरका आज्ञाहरू पालन गर्न चाहनेहरू सबैका निम्ति ख्रीष्ट येशूमा जुनै पापको बन्धनबाट पनि निश्चय पूरा छुटकारा छ। यस्ता पापबाट छुटकारा पाउन चाहने हरेक व्यक्तिका निम्ति लगातार आत्मिक सहायता, सरसल्लाह र पाष्टरीय वास्ता अति महत्त्वपूर्ण हुन्छ।

अनि यस सम्बन्धमा हामीलाई यो पनि बुझ्नु खाँचो छः कति मानिसहरूमा समलिङ्गी सम्भोगप्रति स्वभावैले आकर्षण हुन्छ। यसमा हामी अचम्म मान्नुपर्दैन; किनभने मानिसचाहिँ पतित प्राणी हो, जसमा पापी स्वभावले वास गर्दछ, जुन स्वभावले गर्दा मानिस जुनै पनि अधर्म र जुनै पनि भ्रष्टाचार गर्न सक्षम हुन्छ। कुनै खराब कुरापट्टिको झुकाउ र आकर्षणचाहिँ पाप होइन, तर यस झुकाउसित हारेर आफ्नो पापी अभिलाषा पूरा गर्नु नै पाप हो। पवित्र आत्माले पापको परीक्षामा परेकाहरूलाई त्यसको सामना गर्ने शक्ति दिनुहुन्छ; परमेश्वरको अनुग्रहमा, प्रभु येशूमा जुनै पनि पापमाथि दीर्घ विजय छ (१ कोरिन्थी १०:१३)। कोरिन्थका विश्वासीहरूमध्ये कति जनाचाहिँ ख्रीष्ट येशूकहाँ आउनुभन्दा अघि व्यभिचारी, मूर्तिपूजक, परस्त्रीगामी, पुरुषगामी, चोर, लोभी, मतवाला, गाली बक्ने र धुताहाहरू थिए; तर अब ख्रीष्टमा आएर तिनीहरू

यी पापहरूमाथि पूरा रूपले विजयी भए, र यसरी नै उहाँबाट प्राप्त हुने विजयका जीवित साक्षी बने (१ कोरिन्थी ६:९-११)।

**रोमी १:२८ः** मानिसहरूले परमेश्‍वरलाई न सृष्टिकर्ता, न पालनकर्ता, न त्राणकर्ताको रूपमा चिन्न मन गरे, तर तिनीहरूले उहाँको चिन्ने ज्ञान आफ्नो दिमागबाट निकाले; यसैले परमेश्‍वरले पनि तिनीहरूले हर प्रकारका अधर्म गरेर पापमाथि पाप थपिदिऊन् भनेर तिनीहरूलाई तिनीहरूकै भ्रष्ट मनको वशमा सुम्पिदिनुभयो (रोमी १:२९-३१ पदले यी पापहरूको पूरा सूचि दिन्छ)।

विकासवादको सिद्धान्तले स्वाभाविक मानिसहरूलाई किन यति साह्रै प्रभाव पारिराखेको कुराभित्र यस पदले गहिरो अन्तर्दृष्टि दिन्छ। यसो हुने कारण हामीले मानिसहरूको मस्तिष्कमा खोज्नुपर्दैन। होइन, यसको मूलकारण तिनीहरूको मनसामा, तिनीहरूको इच्छा-शक्तिमा छ। तिनीहरूले परमेश्‍वरलाई चिन्न मनै गर्दैनन्; तिनीहरूले उहाँको चिन्ने ज्ञान रद्द गर्छन्। तब हामी यस सम्बन्धमा यति बुझौंः विकासवादले आफ्नो सिद्धान्तलाई सिद्ध गर्ने प्रमाण दिन सकेको हुनाले मानिसहरूलाई त्यो स्वीकार गर्ने वाध्यतामा पारेको होइन, तर मानिसहरूले सत्य परमेश्‍वरलाई बिलकुलै नामनिशानरहित पार्न चाहेर विश्वको उत्पत्तिको विषयमा अरू कुनै स्पष्टीकरण खोजेका मात्र हुन्, बस ! किनभने तिनीहरूलाई निश्‍चय थाहा भएकै होः सृष्टिकर्ता परमेश्‍वर हुनुभयो भने तिनीहरूले उहाँको सामु आफ्नो जीवनको लेखा दिनुपर्छ।

**रोमी १:२९ः** के मानिसचाहिँ परमेश्‍वरबाट अगल भएका अरू केही थप प्रमाणहरू हामीलाई चाहिएको छ? तब रोमी १:२९-३१ पदमा दिइएको पापहरूको सूचि पढ्नुहोस् ! यहाँ प्रेरित पावलले अधर्महरूको अशुभ सूचि दिन्छन्, जुन अधर्महरूले मानिस परमेश्‍वरबाट कति टाढ़ा भएको रहेछ, सो पक्का प्रमाण दिन्छन्। यसमा हामीले अरू के-के थपौं? यो सूचि सम्पूर्ण भएको नसम्झिनुहोला। मानिस झुक्किएर कहिलेकाहीं यी पापहरूमा पर्न जाने होइन, तर मानिस पापले पूर्ण, पापले भरपूर, पापले भरिएको हुन्छ। मानिस पाप गर्नुमा पूरा तालिम प्राप्त भएको हुन्छ। यसरी नै मानिसले मानवका निम्ति नसुहाउने, उसका निम्ति

अयोग्य हुने किसिम-किसिमका पापहरू गर्छ। अधर्म अन्याय पनि हुन सक्छ। व्यभिचारअन्तर्गत[2] विवाहको बन्धनदेखि बाहिरको जुनै पनि यौनको सम्बन्ध बुझिन्छ, जस्तै परस्त्रीगमन, परपुरुषगमन आदि। दुष्टता भन्नाले हर प्रकारको खराबी गर्ने कुइच्छा र त्यसको सक्रियता हो। लोभ त्यो प्रबल लालच हो, जुन अभिलाषाले कहिल्यै 'पुग्यो' भन्दैन, तर जहिले पनि बढ़ी, अझ बढ़ी चाहन्छ। शत्रुभाव भएको मानिसले अरूलाई हानि गर्न खोज्छ; त्यसले अरूको हानि गरेँकोमा आनन्दित हुन्छ। दुष्टता एक घृणारूपी विष हो। डाहाचाहिँ अरूलाई ईर्ष्या र इबी गर्ने जलन हो। हत्या भन्नाले अघिबाट अरू कुनै मानिसको प्राण लिने तयारीको साथमा गरिने अनुचित ज्यान मार्ने काम हो, जो तातो रिसमा वा अरू कुनै अपराध गर्दै-गर्दा गरिन्छ। झगड़ाअन्तर्गत बहस, अमेल, कलह, भनावैरी, बाझाबाझ र झैझगड़ाहरू पर्छन्। छल भनेको कपट, धोखा, विश्वास-घात र षड्यन्त्र आदि हो। कुविचारचाहिँ द्वेष, दुर्भाव, मनमुटाउ, शत्रुता, हेला, तीतो कटुता हो। कान फुक्नेहरू कुरौटे हुन्छन्, जसले चुक्ली लाउँछन्, गुप्त रूपले अरूको निन्दा गर्छन् र नचाहिँदो गफ गर्छन्।

**रोमी १:३०:** निन्दा गर्नेहरूचाहिँ खुला रूपले अरूको बदनाम र निन्दा गर्छन्। तिनीहरूको मुखका शब्दहरू दूषित छन् र अरूको हानि गर्छन्। परमेश्वरलाई घृणा गर्नेहरू परमेश्वरका निम्ति घृणित छन्। अनादर गर्नेहरू ढिँढ्याहा हुन्छन्, जसले अरूको टेर्दैनन्, तर हठी भएर जिद्दी र ढिपी गर्छन् अनि अरू सबैलाई तुच्छ ठान्छन्। घमण्डी तिनीहरू हुन्, जो अभिमानी भई अहङ्कार र अहमले फुलेका हुन्छन्। सेखीबाज तिनीहरू हुन्, जो आडम्बरी भई आफ्नो डीङ हाँक्दै आफ्नो बढ़िबढ़ाइ गर्छन् र खोक्रो रबाफ देखाउँदै हिँड्छन्। खराब कुरा जन्माउनेहरू खराबी रच्नुमा र दुष्ट्याइँलाई घरिघरि एउटा नयाँ रूप र फेरि पनि अर्को रूप दिनुमा अति सिपालु छन्। बुवाआमाको आज्ञा नमान्नेहरू तिनीहरू हुन्, जसले पैतृक अधिकार मान्दैनन्, र बुवाआमाको अधीनतामा बस्नै चाहँदैनन्।

**रोमी १:३१:** समझ नभएका भन्नाले हामीले तिनीहरूलाई बुझ्नुपर्छ, जो नैतिक र आत्मिक कुराहरूको सम्बन्धमा पूरा अबुझ मूर्ख

हुन्, जसको विवेकले कामै गर्दैन। करार भङ्ग गर्नेहरू यस्ता व्यक्ति हुन्, जसले आफूले दिएको आफ्नो वचनको विषयमा मनपरी गर्छन्; तिनीहरूका आँखाको सामु कबुल, प्रण, प्रतिज्ञा, सन्धि, वाचा वा करार केही पनि गनिँदैन। स्वाभाविक माया नभएकाहरूचाहिँ तिनीहरू हुन्, जसले स्वाभाविक नाताहरूको कुनै वास्ता गर्दैनन्, न ता आफ्ना नातेदारहरूप्रति आफ्ना जिम्मेवारीहरू उठाउँछन्। मेल गर्न नचाहनेहरूचाहिँ[3] असाम्य व्यक्तिहरू हुन्, जसलाई कुनै हालतमा पनि मनाउन सकिँदैन, जससित कुनै सम्झौता गर्न असम्भव छ। दया नभएकाहरू साटो फेर्ने प्रतिशोधी मानिस हुन्, जो क्रूर र निर्दयी हुन्छन्।

**रोमी १ः३२ः** तिनीहरू, जसले रोमी १ः२४ पदअनुसार यौनसम्बन्धी पापहरू गर्छन् र रोमी १ः२६-२७ पदअनुसार समलिङ्गी सम्भोगरूपी पापहरू गर्छन्, अनि तिनीहरू जसले रोमी १ः२९-३१ पदको यस सूचिमा दिइएका अन्य पापहरू गर्दछन्, तिनीहरू आफूले गरेका कामहरू कुकर्महरू हुन् र यस्ता काम गर्नेहरू सबै मृत्युदण्डका योग्य हुन्छन् भन्ने बोध आफ्नो विवेकबाट पाएका छन्। मानिसहरूले आफ्नो तर्कमा यी पापहरूलाई जति ठीक पार्न खोजे पनि र न्यायसँगत कामहरू हुन् भनेर प्रमाणित गर्न खोजे पनि यिनको सम्बन्धमा परमेश्वरले जे फैसला गर्नुभयो, त्यो फैसला उहाँले गर्नुभयो। यो कुरा जान्दा-जान्दै पनि भक्तिहीन भई किसिम-किसिमका अधर्महरूबाट आनन्द उपभोग गर्न तिनीहरूले कहिल्यै छोड्दैनन्। वास्तवमा, अरू मानिसहरूसँग मिलेर तिनीहरू यी पापहरूका प्रवर्तक हुन्। तिनीहरूले आफूसँग लागेका यी पापहरूमा सहभागी हुनेहरूसित गहिरो आत्मीयता महसुस गर्दछन्।

## सुसमाचार कहिल्यै नसुनेका अन्यजातिहरूको विषयमा केकसो ?

यस खण्डको शुरुमा हाम्रो प्रश्न थियोः 'के ख्रीष्टको सुसमाचार कहिल्यै नसुनेका अन्यजातिका मानिसहरू हराएका छन् ?' यस प्रश्नको

जवाफको सार यस प्रकारको छः अन्यजातिका मानिसहरूको आरोप के हो ? तिनीहरूले सृष्टिका थोकहरूबाट परमेश्वरको विषयमा प्राप्त गरेको ज्ञानको प्रकाशअनुसार चलेनन्। तब तिनीहरू पतित भए र मूर्तिपूजक बने। यसो हुनाले तिनीहरू अझ गिरे; परमेश्वरले तिनीहरूलाई तिनी-हरूका अभिलाषाहरू र तिनीहरूको भ्रष्ट मनको वशमा सुम्पनुभयो। यसकारण तिनीहरू हर प्रकारका अधर्महरू गर्ने चरित्रहीन दुष्ट मानिस बने।

तर उदाहरणका निम्ति हामी मानिलिऔं, कुनै अन्यजातिको मानिस आफूले परमेश्वरको विषयमा प्राप्त गरेको प्रकाशअनुसार जिउने भयो। हामी उसको विषयमा उसले पूजेका मूर्तिहरू त्यागेर सत्य परमेश्वरको खोजी गरेको अनुमान गरौं। उसको विषयमा केकसो ? यस सम्बन्धमा अचेलका इवान्जेलिकल इसाईहरूको बीचमा निम्न दुईवटा धारणा कायम राखिएका छन्।

कतिजनाको विश्वास यस प्रकारको छः कुनै अन्यजातिको मानिस आफूले परमेश्वरको विषयमा प्राप्त गरेको प्रकाशअनुसार जियो भने परमेश्वरले उसकहाँ सुसमाचाररूपी ज्योति पठाइदिनुहुन्छ। कर्नेलियस-चाहिँ यसको उदाहरण हो (प्रेरित १० अध्याय)। तिनले परमेश्वरको खोजी गरे। परमेश्वरको सामु तिनका प्रार्थना र दानहरूको सम्झना भयो; त्यसपछि परमेश्वरले प्रेरित पत्रुसलाई तिनीकहाँ पठाउनुभयो, जसले तिनलाई मुक्तिको सुसमाचार प्रचार गरे (प्रेरित ११ः१४)।

अरूले के विश्वास गर्छन् भने, सृष्टिका थोकहरूबाट पाएको प्रकाशअनुसार कसैले एकमात्र सत्य, जीवित परमेश्वरमाथि विश्वास गर्‍यो, तर सुसमाचार नसुनेरै ऊ मर्‍यो भने, क्रूसमा प्रभु येशूले हाम्रो मुक्तिका निम्ति पूरा गर्नुभएको त्राणको कामको आधारमा परमेश्वरले उसलाई बचाउनुहुन्छ अरे। यस मानिसले ख्रीष्ट येशूमा भएको मुक्तिको विषयमा केही नजाने ता पनि परमेश्वरले त्यस त्राणको कामको आशिष उसको हिसाबमा राख्नुहुन्छ; उसले आफूले पाएको प्रकाशअनुसार जीवित परमेश्वरमाथि विश्वास गर्नुपर्छ; बस, यति उसका निम्ति काफी भयो अरे। जतिजनाले यो धारणा अप्नाएका छन्, तिनीहरूको तर्क यस

प्रकारको छः प्रभु येशू क्रूसमा मर्नुभन्दा अघिको समयमा परमेश्वरले मानिसहरूलाई यही आधारमा बचाउनुभयो, र हालैमा अझ पनि मानसिक दुर्बलताले ग्रस्त भएका मानिसहरूलाई, साथै ती नवबालबालिकाहरूलाई पनि बचाउनुहुन्छ, जो असल र खराब छुट्ट्याउन सक्ने उमेर नपुगी मर्छन् अरे।

कर्नेलियसको उदाहरणले पहिलो धारणा पुष्ट गर्दछ भने दोस्रो धारणा पुष्टि गर्नलाई धर्मशास्त्र बाइबलको कुनै उदाहरण दिन सकिँदैन, जो प्रभु येशूको मृत्यु र पुनरुत्थान भइसकेपछिको समय अर्थात् वर्तमान समयका निम्ति लागू हुनेथियो। अनि दोस्रो धारणा हामीले खारिज गर्छौं; किनभने त्यसले चाहिँ हरेक प्राणीलाई ख्रीष्टको सुसमाचार प्रचार गर्ने काम त्यति आवश्यक छैन भन्ने भान दिलाउँदो रहेछ।

अन्यजातिका मानिसहरू ख्रीष्टविना हराएका छन्; तिनीहरूलाई सुसमाचारको आवश्यकता छ भन्ने कुरा प्रेरित पावलले आफ्नो पत्रमा यहाँसम्म आइपुग्दा प्रमाणित गरिसकेका छन्। अब उनले दोस्रो किसिमका मानिसहरूतिर आफ्नो ध्यान लगाउँछन्। तिनीहरू को हुन् भन्ने सम्बन्धमा टिप्पणीकारहरूको बीचमा एकता छैन। तर हामी के विश्वास गर्छौं भने, प्रेरित पावलले यहाँ आफूलाई बढ़ी धर्मी सम्झेका नीति-वादीहरूको कुरा गरेका रहेछन्। तिनीहरू यहूदी मानिसहरू र अन्यजातिका मानिसहरू हुन सक्छन्; किनभने रोमी २ः९, १०, १२, १४ र १५ पदमा पावलले यहूदीहरू र अन्यजातिका मानिसहरूसँग कुरा गर्दा रहेछन्। रोमी २ः१ पदमा तिनीहरू आफूलाई अति धर्मी सम्झिने र अरूलाई दोषी ठहराउने मानिसहरूजस्तै देखा पर्छन्; किनभने तिनीहरूले अरू मानिसहरूको व्यवहारमा केही दोष भेट्टाउँछन्, तर आफू पनि ती पापहरू पूरा गरेका हुन्छन्। यसैले हामीले कल्पना गरेको अदालतमा उठेको प्रश्नको उप-प्रश्न आ) के थियो ? 'चाहे यहूदीहरू होऊन्, चाहे अन्यजातिका मानिसहरू किन नहोऊन्, के आफूलाई धर्मी सम्झिने नीतिवादीहरू पनि हराएका छन् ?' यस प्रश्नमा पावलको जवाफ के हो, सो हामी अहिले ध्यानसित हेर्नेछौं; किनभने यसको उत्तर यही हुन्छः हो, तिनीहरू पनि हराएका छन्।

**रोमी २:१:** ती नीतिवादीहरूले अरू मानिसहरूमा ठूलो गल्ती भेट्टाउँछन्, तैपनि तिनीहरूको दोष केही कम होइन; किनभने तिनीहरू बढ़ी सभ्य, बढ़ी शिक्षित र शिष्टाचारी हुन्छन्, र यसैले तिनीहरूको पाप गर्ने तरिका अति परिष्कृत देखिन्छ। अरू मानिसहरूको व्यवहारमा घोर अपराध भेट्टाउनेहरूचाहिँ आफू उत्तिकै दोषी हुन्छन्, यद्यपि तिनीहरूका पापहरू शायद छरलङ्ग नदेखिने किसिमका हुन्छन्। पापमा गिरेको पतित मानिसले आफूमा केही दोष भेट्टाउँदैन, तर अरू मानिसहरूको दोष छिटो देख्छ। तर अरू मानिसहरूको दोष भेट्टाएर तिनीहरूका पाप देखाउन सक्ने उसको यस क्षमताले उसमा असल र खराब छुट्ट्याउने शक्ति छ भन्ने प्रमाण दिन्छ। कसैले उसको पत्नीलाई जारी गर्‍यो भने उसलाई यो कुरा साह्है बेठीक लाग्यो भने उसले अरू कसैको पत्नीलाई जारी गर्ने विषयमा केकसो? के उसलाई उत्तिकै बेठीक लाग्नुपर्दैन र? यसकारण अरू मानिसहरूले पाप गरेमा तिनीहरूमा दोष भेट्टाइहाल्ने, तर आफूले पनि त्यही पाप गर्ने मानिसका निम्ति कुनै बहानै छैन।

वास्तवमा सभ्य मानिसहरूका पापहरू र असभ्य मानिसहरूका पापहरूको बीचमा कुनै भिन्नता छैन। नीतिवादी मानिसको तर्क यस्तो छः 'मैले धर्मशास्त्रमा उल्लेख गरिएका पापहरू गरेकै छैनँ', जब उसमा स्वभावैले पवित्र शास्त्रमा उल्लेख गरिएका जम्मै पापहरू पूरा गर्ने क्षमता हुन्छ। याकूब २:१० पदअनुसार जसले सम्पूर्ण व्यवस्था पालन गर्दछ, तर एउटै कुरामा चुक्यो भने ऊ सबै कुरामा दोषी ठहरिएको हुन्छ। अनि उसको मनमा सोचविचार गरेका पापहरूको विषयमा केकसो? मनमनैमा गरिने पापहरू, यी कार्यको रूप नलिएका पापहरू परमेश्वरले पनि मनाही गर्नुभएको छ। उदाहरणका निम्ति, प्रभु येशूको दृष्टिमा कुनै स्त्रीलाई कुइच्छाले हेर्नु व्यभिचारको पाप हो (मत्ती ५:२८)।

**रोमी २:२:** नीतिवादी मानिसले परमेश्वरको न्यायको सम्बन्धमा एउटा पाठ सिक्नुपर्छ; अनि ठीक यही कुरा प्रेरित पावलले रोमी २:२-१६ पदको खण्डमा हामीलाई दिन्छन्।

पहिलो कुराः *परमेश्वरको न्याय वास्तविकताअनुसार हुन्छ नै*। परमेश्वरको न्यायको फैसला अपुग प्रमाणहरू लिएर गरिने होइन; उहाँको

निर्णयचाहिँ यथार्थ केरकार नगरेको फल पनि होइन। उहाँले पारिस्थितिक प्रमाण लिएर कसैको जाँच गर्नुहुन्न। न्याय गर्नुहुँदा परमेश्वरले सत्यताको आधारमा फैसला गर्नुहुन्छ; उहाँले यसो गर्नुहुँदा पूरा सत्यता जानेर फैसला गर्नुहुन्छ। सत्यता र वास्तविकता उहाँको न्यायको आधार हुन्।

**रोमी २:३:** दोस्रो कुरा, *अरू मानिसहरूलाई पापको दोष लगाउने र आफूले पनि त्यही पाप गरिदिने मानिसहरूचाहिँ कुनै हालतमा पनि परमेश्वरको न्यायबाट उम्कन सक्दैनन्*। अरू मानिसहरूमा दोष भेट्टाउन सक्ने र तिनीहरूको न्याय गर्ने तिनीहरूमा भएको क्षमताले तिनीहरूलाई निर्दोष ठहराउन सक्दैन; होइन, बरु त्यसले तिनीहरूलाई झन् दोषी तुल्याउँछ। तिनीहरू कुनै हालतमा पनि परमेश्वरको न्यायबाट उम्कनै सक्दैनन् भन्दाखेरि हामीले भन्न चाहेको तात्पर्य यो होः तिनीहरूले पश्चात्ताप गर्दैनन् र आफ्ना पापहरू मानिलिएर आफ्ना पापको क्षमा पाएनन् भने तिनीहरू परमेश्वरको न्यायबाट उम्कनेछैनन्।

**रोमी २:४:** यस पदमा हामी परमेश्वरको न्यायको विषयमा के सिक्छौं भने, *कहिलेकाहीं परमेश्वरको न्याय ढिलो पूरा हुन्छ*। मानिसप्रति परमेश्वरको शुभेच्छा यसैमा प्रमाणित हुन्छः उहाँ हामीप्रति दयावान् हुनुहुन्छ; उहाँको सहनशीलता र धैर्य ठूलो छ। परमेश्वरको कोमलताले पापी मानिसहरूसित दयाको व्यवहार गर्छ, तिनीहरूका पापहरूसित होइन। परमेश्वरको सहनशीलताले गर्दा उहाँले दुष्ट मानिसहरूलाई उहाँको विरोधमा गरेका तिनीहरूको विद्रोहमा सहन सक्नुहुन्छ र यसैले उहाँले तिनीहरूलाई तत्कालै दण्ड दिनुहुन्न। मानिसहरूले उहाँलाई बारम्बार रिस उठाइरहेका हुन्छन्, ता पनि परमेश्वरको धैर्य छँदैछ, र उहाँले आफ्नो क्रोध रोकिराख्नुभएकै छ। हामी मानिसप्रति परमेश्वरको परोपकार र भलाइको विषयमा हामी विचार गरौं, जो यावत् थोक जुटाइदिने उहाँको पूर्वप्रबन्धमा, उहाँको सुरक्षा र उहाँको प्रतिरक्षामा देख्छौं; त्यसले हामीलाई पश्चात्तापकहाँ डोऱ्याइरहेको छ। *'कोही पनि नष्ट नहोस्, तर सबैले पश्चात्ताप गरून् भन्ने इच्छा राखेर उहाँ हामीप्रति धीरज देखाउनुहुन्छ'* (२ पत्रुस ३:९)।

पश्चात्तापको अर्थ मोड्नु वा मन फिराउनु हो; यसर्थ पश्चात्तापचाहिँ पापदेखि फनक्क फर्केर विपरीत दिशातिर लाग्ने मोड़ हो। मनबाट परिवर्तन शुरु गरेर पश्चात्तापले मनका भावनाहरू बदल्छ र अन्त्यमा त्यसले हाम्रो व्यवहारमा बदलाउ ल्याउँछ [4)]। मानिसले पश्चात्ताप गरेको केमा देखिन्छ त? पश्चात्ताप गर्ने मानिसले आफ्नो विषयमा र आफ्ना पापहरूको सम्बन्धमा परमेश्वरको दृष्टिकोण र आफ्नो विरोधमा उहाँको पक्ष लिन्छ। दिमागले मात्र 'हो, मैले फलानो र फलानो पाप गरें' भन्ने स्वीकारको भन्दा यो ता विवेकको मामिला हो। श्री जोह्न न्यूटनले भनेजस्तो, जसले आफूले रचेको भजनमा यसो भनेका छन्ः 'मेरो विवेक दुख्न थाल्यो, र मैले आफ्नै दोष देख्न सकें।'

**रोमी २:५ः** परमेश्वरको न्यायको विषयमा हामीले सिक्नुपर्ने चौथो कुरा यस प्रकारको छः *परमेश्वरको न्याय हाम्रा कामहरूअनुसार धेर कि थोरै हुँदो रहेछ।* पापहरू बढ़ेमा परमेश्वरको न्यायको दण्ड उत्तिकै बढ़छ। प्रेरित पावलले आफ्ना शब्दमा यहाँ, यस खण्डमा यस्तो एउटा पापी मानिसको कल्पना गर्छन्, जसले आफ्नो हृदय कठोर पार्दछ र पटक्कै पश्चात्ताप गर्न चाहँदैन; यसो गर्दा त्यसले सुन र चाँदीको धनरास थुपारेझैं आफ्ना निम्ति दण्डमाथि दण्ड थुपारिरहेको हुन्छ। अन्तमा ठूलो, सेतो सिंहासनको अगाड़ि उभिँदा परमेश्वरको सामु आफ्नो जीवनको लेखा दिनुपर्ने दिन आउनेछ; त्यस दिनमा परमेश्वरको क्रोध थुपारिरहने मानिसको यो दण्डरूपी धन कत्रो होला? त्यस दिन त्यसले आफ्नै कामहरूले कमाइरहेको दण्डअनुसार त्यसमाथि परमेश्वरको क्रोध प्रकट हुने नै छ (प्रकाश २०:११-१५)। त्यस दिन सबैलाई थाहा लाग्ने नै छः परमेश्वरको न्याय बिलकुल धर्ममय हुनेछ; त्यसमा अन्याय केही पनि हुनेछैन, त्यसमा पक्षपातको छाया पनि हुनेछैन।

**रोमी २:६ः** रोमी २:६-११ पदको खण्डमा प्रेरित पावलले *परमेश्वरको न्याय हरेक मानिसका कामहरूअनुसार हुनेछ* भन्ने कुरा हामीलाई याद दिलाउँछन्। कसैले आफ्नो उच्च बढ़ियापन र योग्यताको विषयमा घमण्ड गर्ला; उसले वंश र उच्च वर्गमा, शैक्षिक, नैतिक र आत्मिक स्तरमा वा धार्मिक परम्परामा गर्व गर्ला। आफ्ना बुवाबाजेहरूमा

परमेश्वरका दास, पाद्री, पाष्टर, रेभरेन्ड वा मिसनरीहरू आदि भएको सम्झनाले उसको छाती फुलाउला। तर उसको न्यायचाहिँ उसको व्यवहारको आधारमा गरिनेछ; अरू कुनै कुरा न्यायमा ख्याल गरिँदैन; न्यायको फैसला सम्पूर्ण रूपले उसका कामहरूमा निर्धारित हुनेछ।

पवित्र बाइबलका अरू भागहरू छोड़ेर रोमी २ः६-११ पदको खण्डमा मात्र ध्यान लगाउँदाखेरि 'अरे, यस खण्डले मुक्ति कामहरूबाट प्राप्त हुने शिक्षा पो दिँदो रहेछ, कि के हो' भनेर कसैलाई सजिलोसँग लाग्न सक्छ। सोझो हेर्दाखेरि यस खण्डले जस-जसले असल कामहरू गर्दछन्, तिनीहरूले नै यी सुकर्महरूद्वारा अनन्त जीवन प्राप्त गर्नेछन् भन्ने कुरा सिकाउन खोजेको लाग्दैछ। तर वास्तवमा, यस खण्डले भन्न चाहेको अर्थ यो होइन, यसको अर्थ यो हुनै सक्दैन; किनकि पवित्र बाइबलका अरू पुस्तकहरूभरि पाइने प्रशस्त शिक्षा र एक-अर्कासित मिल्ने साक्षीहरूले मुक्तिचाहिँ कामहरूविना विश्वासद्वारा परमेश्वरको अनुग्रहले पाइन्छ भन्ने कुरा पुस्टि गर्छन्, र यसो हो भने यो खण्डचाहिँ पवित्र शास्त्रका यी धेरै साक्षीहरूको कोरा-जवाफ हुनेथियो। नयाँ नियमभित्र लगभग एक सय पचास खण्डहरू छन्, जो सबैले मुक्तिको एकमात्र सर्तचाहिँ प्रभु येशूमाथि राखिएको विश्वास नै हो भन्ने कुरा सफासँग बताउँछन्।[5] तब पवित्र बाइबलको एउटै खण्ड लिएर यस पक्का अत्याधिक साक्षीको खण्डन गर्न मिल्दैन; अनि यस खण्डले भन्न चाहेको कुरा राम्ररी बुझियो भने यसले बाइबलका अरू पुस्तक र पत्रहरूमा दिइएको एकरूपी शिक्षालाई खण्डन गर्दैन पनि।

यसो भए यस खण्डको अर्थ हामीले कुन प्रकारले बुझ्नुपर्छ त? पहिले हामीले याद गर्नुपर्छः नयाँ जन्म नपाएसम्म मानिसले कुनै असल काम गर्न सक्दैन। यूहन्ना ६ः२८-२९ पदमा मानिसहरूले प्रभु येशूलाई सोधेः 'परमेश्वरका कामहरू गर्न हामीले के गर्नुपर्छ?' उहाँले तिनी-हरूलाई जवाफ दिएर भन्नुभयोः 'जसलाई उहाँले पठाउनुभएको छ, उनैमाथि विश्वास गर; यही हो परमेश्वरको काम।' यसैले मानिसले गर्नुपर्ने पहिलो कर्तव्यचाहिँ प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नु हो। अनि विश्वास गर्नुचाहिँ मुक्ति कमाउने कामै होइन भन्ने कुरा हामीले सदैव याद

गर्नुपर्छ। यसकारण निचोरमा हामी यहाँ यति भनौंः मुक्ति नपाएका सबै मानिसहरूको न्याय तिनीहरूका कामहरूअनुसार हुनेछ, तर सबुतको रूपमा पेस गर्न सक्ने तिनीहरूसँग केही पनि हुँदैन। किनकि *'हाम्रा सबै धार्मिक कामहरू मैला थाङ्‌नाहरूसरह छन्'* (यशैया ६४:६)। यूहन्ना ३:१८ पदअनुसार तिनीहरूले परमेश्वरका एकमात्र पुत्रमाथि विश्वास नगरेको तिनीहरूको मूलपाप हो, र त्यसैले तिनीहरूलाई परमेश्वरको सामु पूरा दोषी ठहराउनेछ; अनि तिनीहरूको धेर-थोरै दण्डको फैसला निर्धारित गर्ने आधारचाहिँ तिनीहरूका कामहरू हुनेछन् (लूका १२:४७-४८)।

अनि ख्रीष्ट-विश्वासीहरूको विषयमा केकसो, यदि तिनीहरूको न्याय तिनीहरूका कामहरूअनुसार हुनु हो भने? तिनीहरूसँग आफूले मुक्ति कमाउन सक्ने अथवा तिनीहरूलाई मुक्तिका योग्य ठहराउने कामहरू अवश्य हुँदैनन्, जुन कामहरू तिनीहरूले आफ्नो न्याय हुने बेलामा प्रस्तुत गर्न सक्नेछन्। मुक्ति पाउनुअघि तिनीहरूले गरेका सबै कामहरू पापमय, पापले पूर्ण थिए। तर अब ख्रीष्ट येशूमा आएर उहाँको बहुमूल्य रगतले तिनीहरूले बितेको समयमा गरेका सबै पाप र अधर्म-हरूको दोष मेटाइदियो र तिनीहरूलाई शुद्ध पाऱ्यो। अब ख्रीष्टमा भएको कारणले परमेश्वरले तिनीहरूमा तिनीहरूको विरोधमा लगाउन सक्ने कुनै आरोप पाउनुहुन्न; किनकि तिनीहरूलाई नरकको दण्ड दिने सबै कारणहरू हटाइएका छन्।

तर अब तिनीहरूले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाएपछि तिनीहरूले सुकर्महरू गर्न थाल्छन्। ती सुकर्महरूचाहिँ संसारका मानिसहरूको दृष्टिमा असल कामहरू नठहरिएलान्, तर परमेश्वरका निम्ति ती कार्यहरू ग्रहणयोग्य र मनपर्दा हुन्छन्। तिनीहरूको जीवनमा जेजति असल कामकुराहरू देखा पर्छन्, ती सबै कामकुराहरू तिनीहरूले मुक्ति पाएको फल र नतिजा हुन्। ती कामहरूद्वारा तिनीहरूले मुक्ति कहिल्यै कमाउन खोज्दैनन्, तर तिनीहरूले गरेका सबै कामहरू आफूले प्रभु येशूमा मुक्ति दिने अनुग्रह पाएकोमा तिनीहरूबाट परमेश्वर पितालाई खुशीसाथ चढ़ाइएका धन्यवादरूपी दान र कोसेली हुन्। अनि ख्रीष्टको

न्यायआसनमा जब तिनीहरूको जीवन जाँचिनेछ, तब तिनीहरूका कामहरूमध्ये जेजति कामहरू परमेश्वरको दृष्टिमा असल र ग्रहणयोग्य हुन्छन्, ती कामहरूका निम्ति तिनीहरूले स्वर्गीय इनाम पाउनेछन्। प्रभु येशूका निम्ति तिनीहरूले गरेका तिनीहरूको विश्वासयोग्य सेवाको प्रतिफल यही हुनेछ।

तर रोमी दुई अध्यायको यस खण्डको विषयमा हामीले याद गर्नुपर्छः यस खण्डमा ख्रीष्ट-विश्वासीहरू होइन, तर भक्तिहीन मानिस-हरूमाथि प्रभु येशूका प्रेरितले आफ्नो नजर लगाएका छन्।

**रोमी २:७ः** यहाँको सन्दर्भचाहिँ परमश्वरको न्याय हो, जो कामहरूअनुसार हुन्छ। तब *'धीरजसँग असल काममा लागिरहँदा महिमा, आदर र अमरताको खोज गर्नेहरूलाई अनन्त जीवन'* भनिएको अर्थ के हो त ? यसो लेखेर ती मानिसहरूले असल काम गरेर मुक्ति पाउँछन् भन्ने कुरा प्रेरित पावलले भनेनन्। यो ता ख्रीष्टको होइन, तर अर्को सुसमाचार हुनेथियो। कुनै पनि मानिस स्वभावैले यस प्रकारको जीवन जिउँदैन। अनि यस प्रकारको जीवन जिउने मानिसले आफ्नै शक्तिले यसो गर्दैन, तर ईश्वरीय शक्तिद्वारा मात्र यसरी जिउन सकिन्छ। वास्तवमा जब कुनै व्यक्तिले महिमा, आदर र अमरताको खोजी गर्दछ, तब यस कुराले उसैमा परमेश्वरको अनुग्रहको काम भएको र उसले ख्रीष्टमा नयाँ जन्म पाइ-सक्यो भन्ने देखाउँछ। उक्त व्यक्तिको जीवनको प्रवाहले ऊ प्रभुकहाँ फर्केको प्रमाण दिन्छ।

उसले खोजेको महिमा स्वर्गको महिमा हो। उसले खोजेको आदर परमेश्वरबाट आउने आदर हो (यूहन्ना ५:४४)। बौरिउठाइमा पाइने शरीर मात्र अमर हुन्छ (१ कोरिन्थी १५:५३-५४), अनि १ पत्रुस १:४ पदअनुसार त्योचाहिँ हामी ख्रीष्ट-विश्वासीहरूलाई स्वर्गमा दिइने अविनाशी, निष्कलङ्क र कहिल्यै ओइलिएर नजाने पैतृक सम्पत्ति हो।

परमेश्वरले तिनीहरू सबैलाई अनन्त जीवन दिनुहुन्छ, जसको जीवनले तिनीहरू प्रभुकहाँ फर्केको पक्का प्रमाण दिन्छ। नयाँ नियममा 'अनन्त जीवन' भन्ने कुरा विभिन्न प्रकारले प्रयोग गरिएको छ। यूहन्ना ५:२४ पदअनुसार जसले विश्वास गर्छन्, उनीहरूसँग अनन्त जीवन छ।

प्रभु येशूकहाँ फर्कने बित्तिकै हामीसँग अनन्त जीवन हुन्छ, अधिकारको भागको रूपमा। भविष्यमा हामीलाई त्यस बेलामा अनन्त जीवन दिइनेछ, जब हामी सबले एउटा महिमित शरीर प्राप्त गर्नेछौं (रोमी २:७ र ६:२२)। अनन्त जीवन विश्वासद्वारा प्राप्त हुने वरदान हो; तर मर्कूस १०:३० पदमा विश्वासयोग्य सेवाको प्रतिफललाई अनन्त जीवन भनिएको छ। यसर्थ सबै ख्रीष्ट-विश्वासीहरूसँग अनन्त जीवन हुनेछ, तर अरू सबले भन्दा कतिले बढ़ी मात्रामा अनन्त जीवनबाट आनन्द उपभोग गर्नेछन्। अनन्त जीवनको अर्थ अन्त नभएको अस्तित्व होइन, यस शब्दको जोड़ यसको गुणाढ्य जीवनमा छ। मुक्तिदाता प्रभुले हामीलाई प्रशस्त जीवन दिने प्रतिज्ञा गर्नुभयो (यूहन्ना १०:१०)। अनि कलस्सी १:२७ पदअनुसार ख्रीष्ट हाम्रो जीवन हुनुहुन्छ।

**रोमी २:८:** तर झगड़ालु मानिसहरू, जसले सत्यताको पालन गर्दैनन्, तर अधर्म पालन गर्छन्, तिनीहरूमाथि परमेश्वरको रिस र क्रोध पर्ने नै छ। तिनीहरूले सत्यताको पालन नगरेको कुरा केले देखाउँछन्? तिनीहरू ख्रीष्टको सुसमाचारको दिव्य बोलावट टेर्दैनन्। तिनीहरूले अधर्मलाई आफ्नो मालिक तुल्याएका छन्। तिनीहरूको जीवन केले चिनिन्छ? तिनीहरूका रगड़ाझगड़ाहरू, तिनीहरूका बहसहरू, तिनी-हरूका अनाज्ञाकारिताले तिनीहरूलाई तिनीहरू कसका हुन्, सो चिनाइदिन्छन्। तिनीहरूले मक्ति पाएकै छैनन्। पक्का प्रमाण यही हो।

**रोमी २:९:** प्रेरित पावलले आठ पदको पछाड़िको कुरा अहिले अगाड़ि ल्याएर हामीलाई एउटै कुरा भन्न खोज्छन्, र यहाँ यस पदमा परमेश्वरको न्यायको धर्ममय फैसला दोहोऱ्याउँछन्। काम गर्ने मानिसहरू दुई किसिमका छन्, र तिनीहरूका कामहरू पनि दुई किसिमका हुन्छन्। पहिलो फैसला सुन्नुहोस्: 'दुष्ट काम गर्ने हरेक मानिसमाथि सङ्कष्ट र वेदना।' त्यस मानिसका दुष्ट कामहरूले त्यसको दुष्ट हृदयभित्र भएको त्यसको अविश्वास प्रकट गर्छन्। प्रभु येशूप्रति यस्तो मानिसको मनोभावना केकस्तो छ? ती दुष्ट कामहरूले यो कुरा स्पष्ट पार्दछन्।

रोमी २:९ पदमा 'पहिले यहूदीमाथि, त्यसपछि ग्रीकमाथि पनि' भन्ने वाक्यको मतलब हामी यस प्रकारले बुझ्नुपर्छः *परमेश्वरको न्याय*

*मानिसले पाएका सुअवसरहरू र त्यसलाई दिइएको प्रकाशअनुसार हुनेछ।* अरू मानिसहरूको भन्दा यहूदीहरूको ठूलो सौभाग्य केमा थियो त? उहिलेदेखि नै परमेश्वरले तिनीहरूलाई आफ्नो निज प्रजा हुनलाई छान्नुभयो। यसैले तिनीहरूले पहिले उहाँलाई आफ्नो जीवनको लेखा दिनुपर्छ। रोमी २:१२-१६ पदसम्म परमेश्वरको न्याय अझ यस दृष्टिकोणले प्रस्तुत गरिन्छ, र स्पष्ट पारिन्छ।

**रोमी २:१०ः** चाहे यहूदी, चाहे अरू कुनै जातिको मानिस किन नहोस्, हरेक मानिस जसले परमेश्वरको दृष्टिमा असल र ग्रहणयोग्य काम गर्दछ, उसैले महिमा, आदर र शान्ति पाउनेछ। योचाहिँ उसप्रति परमेश्वरको सठीक फैसला हो। तर यस सम्बन्धमा यो कुरा पनि हामी सधैं याद गरौं र कहिल्यै नबिर्सौंः कुनै पनि मानिसले यस्तो काम गर्नै सक्दैन, जो परमेश्वरको दृष्टिमा असल र ग्रहणयोग्य हुन्छ; किनभने परमेश्वरको सामु ग्रहणयोग्य हुनलाई हरेक मानिसले पहिले प्रभु येशूमाथि विश्वास गर्नुपर्छ; त्यसपछि मात्र उसले परमेश्वरको इच्छाअनुसारको काम, उहाँको दृष्टिमा असल र ग्रहणयोग्य काम गर्न सक्छ।

'पहिले यहूदीलाई, त्यसपछि ग्रीकलाई पनि' भनेर रोमी २:१० पदमा लेखिएको वाक्यमा हामीले कुनै पनि पक्षपात देख्नुहुँदैन; किनकि एघार पदमा 'परमेश्वर पक्षपात गर्नुहुन्न' भनेर लेखिएको छ। यसकारण यस वाक्यको माने हामीले इतिहासको क्रममा खोज्नुपर्छ। रोमी १:१६ पदमा पनि कुरा उस्तै छ। ख्रीष्टको सुसमाचार पहिले यहूदीहरूलाई प्रचार गरियो; यहूदीहरूले पहिले विश्वास गर्ने अवसर पाए, र तिनीहरू नै प्रभु येशूमाथि विश्वास गर्नुमा प्रथम थिए। यसैले तिनीहरूको न्याय पनि पहिले हुनेछ, चाहे त्यो इनाम होस्, चाहे त्यो दण्ड होस्।

**रोमी २:११ः** परमेश्वरको न्यायको विषयमा प्रेरित पावलले हाम्रो ध्यान अर्को बुँदामा लगाउन खोज्छन्ः *परमेश्वरको न्याय बिलकुलै पक्षपातरहित हुनेछ।* परमेश्वरको न्यायमा न रूपवान्, न धनवान्, न शक्तिमान् मानिसको सुनाइ हुनेछ, जसरी संसारको अदालतहरूमा प्रायः हुन्छ। परमेश्वरको न्यायमा न जात, न स्थान, न धर्म, न मुख हेरिन्छ। परमेश्वर बिलकुलै निष्पक्ष हुनुहुन्छ।

**रोमी २:१२:** हामीले अघि भनिसक्यौं: यस खण्डमा परमेश्वरको न्याय यस दृष्टिकोणले प्रस्तुत गरिन्छ: *मानिसले पाएको प्रकाशअनुसार उसको न्याय हुनेछ।* १ कोरिन्थी १०:३२ पदअनुसार यस संसारका मानिसहरू तीन भागमा लगाइएका छन्: यहूदीहरू, अन्यजातिहरू (ग्रीकहरू) र परमेश्वरको मण्डली। रोमीको पुस्तकको यस खण्डमा यीमध्ये दुई प्रकारका मानिसहरूको चर्चा गरिन्छ: व्यवस्थाविनाका मानिसहरू अर्थात् अन्यजातिहरू र व्यवस्थाको अधीनतामा भएका मानिसहरू अर्थात् यहूदीहरू।

*'जतिले व्यवस्थाविना पाप गरेका छन्, तिनीहरू व्यवस्थाविना नाश हुनेछन्।'* यी व्यवस्थाविनाका मानिसहरू किन नाश हुनेछन्? किनभने तिनीहरूले परमेश्वरको विषयमा पाएका ज्ञानको प्रकाशअनुसार जिउन सकेनन्; तिनीहरूको न्याय तिनीहरूले पाएको प्रकाशअनुसार हुनेछ: के तिनीहरूले यस प्रकाशअनुसार जिए कि जिएनन्? तिनीहरूले त्यस प्रकाशअनुसार जिएनन् भने तिनीहरू नाश हुनेछन्।

अनि व्यवस्थाको अधीनतामा रहेर पाप गर्ने यहूदीहरूको विषयमा केकसो? तिनीहरूको न्याय व्यवस्थाले गर्नेछ। अनि तिनीहरूमध्ये जस-जसले व्यवस्था पालन गर्दैनन्, तिनीहरू पनि नाश हुनेछन्; किनभने व्यवस्थाको माग पूरा आज्ञाकारिता हो।

**रोमी २:१३:** व्यवस्था आफ्नो हातमा परेको पुग्दैन। व्यवस्था हुनेहरूले त्यसलाई निरन्तर र पूरा रूपले पालन गर्नुपर्छ। व्यवस्थामा लेखिएको कुरा जानेकोमा कोही मानिस पनि धर्मी गनिँदैन। व्यवस्थाबाट हुने धार्मिकता प्राप्त गर्ने एकमात्र तरिकाचाहिँ त्यसलाई सय प्रतिशत पालन गर्नु हो। तर सबै मानिसहरू पापी छन्; यसैले तिनीहरूले कहिल्यै परमेश्वरको व्यवस्था पूरा गर्न सक्दैनन्। तिनीहरूका निम्ति यो कुरा असम्भव छ। यसैले वास्तवमा रोमी २:१३ पदले 'व्यवस्था पालन गर्नेहरूचाहिँ धर्मी ठहरिनेछन्' भनेर यहाँ मानिसले पालन गर्न सक्ने सर्त पेस गरेको होइन, तर हाम्रो सामु मानिसका निम्ति पालन गर्न सम्भव नहुने एउटा 'सैद्धान्तिक' आदर्श मात्र राख्न खोजेको हो।

यस सम्बन्धमा नयाँ नियमको शिक्षा स्पष्ट छः व्यवस्थाका कामहरू पूरा गरेर मानिस धर्मी ठहरिनु असम्भव नै छ (प्रेरित १३:३९, रोमी ३:२०, गलाती २:१६, २:२१ र ३:११)। अनि यहूदीहरूलाई व्यवस्था दिनुभएकोमा परमेश्वरको उद्देश्य अर्को थियो। व्यवस्थाद्वारा मानिस धर्मी हुनु उहाँको इच्छा कहिल्यै थिएन। ठीक छ, आजदेखि तपाईंले मोशाको व्यवस्था पूरा रूपले पालन गर्नुभएको अनुमान गरौं; तब पनि तपाईं धर्मी ठहरिनुहुन्न; किनकि परमेश्वरले हाम्रो बितेको जीवनको लेखा पनि लिनुहुन्छ। तब तेह्र पदको अर्थ हामीले कसरी लिनुपर्छ त? व्यवस्थाले मानिसहरूबाट आज्ञापालनको माग गर्दछ; 'व्यवस्था सुन्नेहरू होइन, तर व्यवस्था पालन गर्नेहरू परमेश्वरको सामु धर्मी ठहरिनेछन्' भन्ने कुरा यसको मतलब हो। जन्मेको दिनदेखि आफ्नो जीवनको अन्तिम दिनसम्म कसैले व्यवस्थाका जम्मै आज्ञाहरू पालन गर्‍यो भने ऊ धर्मी ठहरिने-थियो। तर यस सम्बन्धमा हामीलाई स्वीकार्न गाह्रो लाग्ने र निराश पार्ने वास्तविकता यस्तो छः आजको दिनसम्म कुनै मानिसले पनि मोशाको व्यवस्था पालन गरेकै छैन।

**रोमी २:१४:** जुन तर्क पावल प्रेरितले रोमी २:१२क मा शुरु गरे, त्यस तर्कमा केही थपेर उनले रोमी २:१४-१५ पदमा आफ्नो कुरा अघि बढ़ाउँदै लान्छन्। किनकि रोमी २:१२ पदमा हामीले सिकिसक्यौंः व्यवस्थाविना पाप गर्ने अन्यजातिका मानिसहरू व्यवस्थाविना नाश हुनेछन्। अब प्रेरित पावलले भन्छन्ः अन्यजातिका मानिसहरूलाई मोशाको व्यवस्था नदिइए ता पनि तिनीहरूसँग स्वभावैले असल र खराब छुट्ट्याउने ज्ञान ता रहेछ। झूट बोल्नु, चोरी गर्नु, व्यभिचार गर्नु, हत्या गर्नु आदि अधर्मचाहिँ कुकर्महरू हुन् भन्ने कुरा सहजज्ञानले तिनीहरूलाई सिकाएको छ र यस्ता कामहरू बिलकुलै गलत हुन् भन्ने तिनीहरूले जान्दछन्। तिनीहरूको अन्तर्ज्ञानले तिनीहरूलाई मोशाका दस आज्ञाहरूमध्ये 'विश्रामदिन पवित्र मान्नू' भन्ने चौथो आज्ञा सिकाएन र तिनीहरूलाई बोध दिलाएन। अनि यो चौथो आज्ञाचाहिँ नैतिक होइन, तर बढ़ी विधिवत् नियम हो।

निचोरमा आएर प्रेरित पावलले चौध पदमा भन्दछन्ः अन्यजातिका मानिसहरूसँग मोशाको व्यवस्था छैन; तैपनि तिनीहरू आफ्ना निम्ति आफै

व्यवस्था हुँदा रहेछन्; किनकि तिनीहरूको अन्तर्ज्ञानले तिनीहरूलाई सिकाएअनुसार तिनीहरूले कुनचाहिँ कुरा ठीक हो, कुनचाहिँ कुरा बेठीक हो, सो सम्बन्धमा आफ्नो नैतिक नियमावली बनाउँछन् ।

**रोमी २ः१५ः** यसरी नै तिनीहरूले आफ्ना हृदयमा व्यवस्थाको काम लेखिएको प्रमाण दिन्छन् । यसमा याद गरौंः तिनीहरूका हृदयमा व्यवस्था स्वयम् त लेखिएन, तर व्यवस्थाको काम लिखियो । मोशाको व्यवस्थाले इस्राएली मानिसहरूका जीवनमा जुन काम गर्नु थियो, त्यही काम अन्यजातिका मानिसहरूको जीवनमा केही हदसम्म भएको देखिन्छ। उदाहरणका निम्ति, 'आफ्ना बुवाआमालाई आदर गर्नू' भन्ने आज्ञा मोशाको व्यवस्थाको पाँचौं आज्ञा हो । अन्यजातिका मानिसहरूको दृष्टिमा आफ्ना बुवाआमाको आदर गर्नु सठीक छ । यसैबाट परमेश्वरको व्यवस्थाले पूरा गर्न खोजेको काम तिनीहरूको हृदयमा लेखिएको स्पष्ट हुन्छ। तिनीहरूका आँखाहरूमा चोरी गर्नु र हत्या गर्नु पनि बिलकुल बेठीक हो । व्यवस्थाका अरू यस्ता कति कुराहरू पनि छन्, जो तिनीहरूले सठीक वा बेठीक मान्दछन्; किनकि यस कुरामा तिनीहरूको विवेकले तिनीहरूलाई साथ दिन्छ र सहजज्ञानले तिनीहरूलाई सिकाएको कुरा पुष्टि गर्छ। तिनीहरूको विवेकले प्रबोधकको काम गर्छ। अनि तिनीहरूका विचारहरूमा पनि सदैव विवेचना र छानबिन भइरहेको छ। यो काम ठीक छ, त्यो काम बेठीक छ भन्दै तिनीहरूका विचारहरूले तिनीहरूका कामहरू गल्ती कि उचित भएका भन्छन्, तिनीहरूलाई कुनै काम गर्न अनुमति दिन्छन् कि ता तिनीहरूलाई यसो गर्न मनाही गर्छन् ।

**रोमी २ः१६ः** यस पदले रोमी २ः१२ पदमा पावलले उठाएको तर्क अघि बढ़ाउँछ; किनभने त्यसले व्यवस्थाविनाका मानिसहरू र व्यवस्थाको अधीनतामा रहेका मानिसहरूको न्याय हुने दिनचाहिँ कहिल्यै हुने हो, सो बताउँछ । यहाँ हामी परमेश्वरको न्यायको सम्बन्धमा यसको अन्तिम बुँदा सिक्नेछौंः *न्यायको दिनमा मानिसहरूले प्रत्यक्ष रूपले गरेका आफ्ना अधर्महरूको लेखा मात्र दिने होइन, तर तिनीहरूका गुप्त कुराहरूको पनि न्याय हुँदो रहेछ*। वर्तमान समयमा गुप्तमा गरिएका र गुप्त रहेका पापहरूचाहिँ त्यस ठूलो, सेतो सिंहासनको न्यायासनको सामु

खुल्लमखुल्ला प्रकट हुनेछन् र ठूलो लाज र निन्दारूपी पर्दाफासका कारण हुनेछन्। त्यस गम्भीर काम गर्ने दिनको न्यायकर्ताचाहिँ प्रभु येशू हुनुहुनेछ; किनभने परमेश्‍वर पिताले उहाँलाई सम्पूर्ण न्यायको काम सुम्पिदिनुभएको छ (यूहन्ना ५:२२)। 'मेरो सुसमाचारअनुसार' भनेको प्रेरित पावलले प्रचार गरेको सुसमाचारअनुसार परमेश्‍वरको न्याय हुने नै छ। अनि उनले प्रचार गरेको सुसमाचारचाहिँ अरू प्रेरितहरूले प्रचार गरेकै सुसमाचार थियो; किनभने सुसमाचार एउटै मात्र हुन्छ।

**रोमी २:१७:** अब यस पदमा आएर प्रेरित पावलले आफ्नो पत्रमा तेस्रो प्रकारका मानिसहरूसित व्यवहार गर्छन्। यस सम्बन्धमा अघि हाम्रो तेस्रो उप-प्रश्‍न थियोः इ) 'यहूदीहरू, जसलाई परमेश्‍वरको व्यवस्था दिइयो, के तिनीहरू पनि हराएका छन्?' अनि यस प्रश्‍नको उत्तर पनि 'हो, तिनीहरू पनि हराएका छन्' नै हुन्छ।

धेरै यहूदीहरूको विचारमा 'निश्‍चय हामी परमेश्‍वरको न्यायमा पर्नदेखि बाहिर छौं र उहाँको न्यायमा पर्दै-पर्दैनौं' भन्‍ने धारणा थियो; यस कुरामा कुनै शङ्का छैन। तिनीहरूको विचारमा, परमेश्‍वरले यहूदी मानिसलाई नरकमा फाल्नु - असमभव!! होइन, नरकमा पर्नेहरू यी अन्यजातिका मानिसहरू हुन्। प्रेरित पावलले अब तिनीहरूको यो मिथ्याभिमान तोड्छन् र चक्नाचूर पार्छन्; किनभने उनले कतिपय कुराहरूमा यहूदीहरूभन्दा बरु अन्यजातिका मानिसहरू परमेश्‍वरको नजिक पुगेका देखाउँछन्।

पहिले उनले यी कुराहरूको सर्वेक्षण गर्छन्, जो हरेक यहूदीको गर्वका कारण थिए; किनभने यी कुराहरूले उसलाई परमप्रभु परमेश्‍वरसित एउटा विशेष र नजिकको सम्बन्धमा राख्छन् भन्ठानेर यी कुराहरू उसका निम्ति अति मूल्यवान् थिए।

**अ)** ऊचाहिँ नाम र जातअनुसार एक 'यहूदी' मानिस थियो; यसर्थ ऊ परमेश्‍वरले निज प्रजाको रूपमा चुन्‍नुभएको जातिको सदस्य थियो।

**आ)** मोशाको व्यवस्थाको भरमा ऊ ढुक्कै र निर्धक्क थियो; जब यस व्यवस्थाको काम उसलाई बिसाउने ठाउँ दिने होइन, तर उसको विवेक जगाउनु र उसलाई उसको पापी अवस्था जान्‍ने तुल्याउनु थियो। तर

उसले परमप्रभु परमेश्‍वरमा, एकमात्र सत्य परमेश्‍वरमा गर्व गर्दथियो, जसले इस्राएलीहरूसँग एउटा अद्वितीय वाचा बाँधेर आफूलाई तिनीहरू-सित एउटा विशेष र घनिष्ठ सम्बन्धमा सुम्पिदिनुभयो ।

**रोमी २ः१८ः इ)** यहूदी मानिसले परमेश्‍वरको इच्छा जान्दथियो; किनकि परमेश्‍वरको इच्छाको विषयमा जान्नुपर्ने सर्वसाधारण रूपरेखा उसले पवित्र धर्मशास्त्रमा पाइसकेको थियो ।

**ई)** उसले उत्तम-उत्तम कुराहरू मन्जुर गर्दथियो; किनभने व्यवस्थाबाट शिक्षा पाएको हुनाले उसले सर्वोच्च कुराहरूको नैतिक मूल्य जान्दथियो ।

**रोमी २ः१९ः उ)** नैतिक र आत्मिक हिसाबले अन्धा भएका मानिसहरूको मार्गदर्शक हुँ भनेर उसले आफ्नो विषयमा खूब घमण्ड गर्दथियो ।

**रोमी २ः२०ः ऊ)** मूर्खहरू वा अशिक्षित मानिसहरूलाई, यी आत्मिक 'बालकहरूलाई' सुधार्न उसले आफूलाई सक्षम र योग्य सम्झन्थ्यो; किनकि उसले मोशाको व्यवस्थामा मोटामोटी परमेश्‍वरको इच्छाको ज्ञान र सत्यताको रूपरेखा पाएको थियो ।

**रोमी २ः२१ः** तर दुःखलाग्दो कुरा के हो भने, जुन कुराहरूमा यहूदी मानिसले गर्व गर्दथियो, ती कुराहरूले कहिल्यै उसको जीवन परिवर्तन गर्न सकेनन् । ती कुराहरूचाहिँ उसका निम्ति केवल आफ्नो जातिमा, आफ्नो धर्ममा र आफ्नो ज्ञानमा घमण्डी हुने कारणहरू बने; किनकि तीद्वारा उसको जीवनमा कैन नैतिक वा आत्मिक सुधार भएन । उसले अरू मानिसहरूलाई शिक्षा दिने गर्थ्यो, तर उसले अरूलाई सिकाएका कुराहरूमा आफ्नो मन लगाएन । उसले 'चोरी नगर्नू' भनेर प्रचार गर्दथियो, तर आफूले प्रचारेको शिक्षा उसले कहिल्यै शिरोपर गरेन ।

**रोमी २ः२२ः** उसले आफ्नो मुखले 'व्यभिचार नगर्नू' भन्दथियो, तर त्यस शिक्षाअनुसार उसको व्यवहार खोइ, कहाँ गयो ? 'मलाई नहेर्नू, परमेश्‍वरको वचन मात्र ध्यान दिनू' भनेजस्तो भयो । ठीक छ, उसले मूर्तिहरूलाई घिन त गर्दथियो र घृणा गर्दथियो, तर ऊ मन्दिरहरू

लुट्नदेखि किन डराउँदैनथियो ? कसले जान्दछ, हुन सक्छ, शायद उसले अन्यजातिहरूका मन्दिरबाट मूर्तिहरूसमेत चोरेर बेचेको होला ।

**रोमी २:२३:** यस प्रकारले 'मसँग परमेश्वरको व्यवस्था छ' भनेर उसले त्यसमा खूबै घमण्ड गर्दथियो, तर परमेश्वरका पवित्र आज्ञाहरू उल्लङ्घन गरेर उसले ती परमप्रभु परमेश्वरको अनादर गर्दथियो, जसले उसलाई त्यो पवित्र धर्मनियम दिनुभएको थियो ।

**रोमी २:२४:** उसको मुखले ठूला-ठूला कुरा गर्दथियो, तर उसको मुखले बोलेका कुराहरूसित नमिलेको उसको तुच्छ व्यवहारले गर्दा उसको खातिर अन्यजातिहरूको बीचमा परमेश्वरको नामको निन्दा भइरहेको थियो, र अहिले पनि यस्ताहरूको खातिर भइरहेको छ । यहूदी-हरूले अर्थात् परमप्रभु परमेश्वरका अनुयायीहरूले उहाँलाई आफ्नो जीवनले जस्तै प्रस्तुत गर्दथिए, ठीक त्यस्तै अन्यजातिका मानिसहरूले उहाँलाई सम्झन्थे; अनि मानिसहरूले जहिले पनि उहाँलाई तीजस्तै हुनुभएको सम्झन्छन् । यशैयाको समयमा कुरा यस्तो थियो (यशैया ५२:५), र हाम्रा दिनहरूमा पनि कुरा उस्तै छ ।

हामीमध्ये हरेकले आफूलाई निम्न प्रश्न सोध्नुपर्छः 'मानिसहरूले प्रभु येशूको विषयमा जति कुराहरू जान्न र देख्न सक्छन्, ती जम्मै कुराहरू मबाट मात्र देख्न सक्छन् भने त तिनीहरूले ममा के र कति देख्छन् होलान् ?'

**रोमी २:२५:** व्यवस्थाको साथसाथै यहूदी मानिसले आफ्नो खतना भएको विषयमा पनि गर्व गर्दथियो । खतना भन्नाले त्यो विधि बुझिन्छ, जो यहूदीको हरेक पुरुषको लिङ्गमा गरिन्छ, जब जन्मेको आठौं दिनमा नवबालकको लिङ्गको टुप्पाको छाला काटेर फ्याकिन्छ । परमेश्वरले त्यो खतनाचाहिँ उहाँ र अब्राहामको बीचमा बाँधिएको वाचाको चिन्हको रूपमा दिनुभयो (उत्पत्ति १७:९-१४) । 'यस संसारबाट परमेश्वरका निम्ति अलग पारिएको जाति' यस चिन्हको अर्थ हो । पछिबाट यहूदीहरूले आफ्नो खतना भएको अवस्थामा यति घमण्ड गर्दथे, यहाँसम्म कि तिनीहरूले अन्यजातिका मानिसहरूलाई तुच्छ ठानेर तिनीहरूलाई 'बेखतना' भन्ने उपनाम दिए ।

यहाँ प्रेरित पावलले खतना र मोशाको व्यवस्थाको बीचमा सम्बन्ध जोड्छन्। खतनाले त्यस बेलामा त्यस पवित्र वाचाको चिन्हको रूपमा काम गर्दछ, जब खतना भएको मानिसले व्यवस्था पालन गर्दछ। यसरी नै खतनाचाहिँ आज्ञाकारितासित जोड्नु थियो। परमेश्वर रीतिविधिमा प्रसन्न हुनुहुने परमेश्वर हुनुहुन्न। भित्री पवित्रता नभए बाहिरी रीतिविधिहरूको के काम? के तिनैले परमेश्वरलाई खुशी तुल्याउन सक्छन्? होइन, कदापि होइन। यसैकारण जब खतना भएको यहूदी मानिसले परमेश्वरको व्यवस्था भङ्ग गर्दछ, तब उसको खतना बेखतना ठहरिन्छ।

यस खण्डमा प्रेरित पावलले व्यवस्था पालन गर्ने वा व्यवस्था पूरा गर्ने मानिसको कुरा गरेका छन्। उनले भन्न चाहेको कुरा बुझ्न खोज्दा हामीले यी शब्दहरूलाई बढ़ी अक्षरशः अर्थमा लिनुहुँदैन।

**रोमी २:२६:** अन्यजातिको कुनै मानिस, जो व्यवस्थाको अधीनतामा हुँदैन, व्यवस्थाले माग गरेको धार्मिकताको स्तरमा जिउँछ, उसको शारीरको खतना नभएको अवस्थाचाहिँ व्यवस्था भङ्ग गर्ने यहूदी मानिसको खतना भएको अवस्थाभन्दा ग्रहणयोग्य हुन्छ भन्ने कुरा पावलले भन्न चाहेको हो। यस्तो परिस्थितिमा अन्यजातिको मानिसको हृदयको खतना भएको बुझिन्छ; अनि यो कुरा परमेश्वरको सामु गनिन्छ।

**रोमी २:२७:** यहूदी मानिससँग व्यवस्था ता छ र उसको खतना भएकै हो, तर उसले न व्यवस्था पालन गर्दछ, न खतनाको अर्थअनुसार जिउँछ; उसको जीवन संसारबाट अलग छैन, उसको जीवनमा पवित्रताको झलक पनि छैन। तब के अन्य जातिको मानिसको जीवनले यस्तो यहूदीलाई दोषी ठहराउँदैन र, जब त्यस अन्यजातिको मानिसको जीवनको चरित्र दोषरहित र यस यहूदीको भन्दा उत्तम हुन्छ?

**रोमी २:२८:** परमेश्वरको दृष्टिमा अब्राहामको वंशमा जन्मेका सबै मानिसहरूचाहिँ रगतको नाताले खास यहूदीहरू होइनन्; अनि अब्राहामसँग जसको रगतको नाता छ र जसको शरीरमा खतनाको बाहिरी चिन्ह पनि छ, त्यो मानिस नैतिक हिसाबले 'कचर' हुन सक्छ, यहूदी होइन। जाति र धर्मका बाहिरी चिन्हारीहरूले परमेश्वरलाई कुनै हालतमा

पनि प्रभावित पार्न सक्दैनन् । उहाँले मानिसबाट भित्री इमानदारी र शुद्धता खोज्नुहुन्छ ।

**रोमी २ः२९ः** खास यहूदी त्यो मानिस हो, जो केवल अब्राहामको वंशअन्तर्गत जन्मेको होइन, तर जसले परमेश्वरको भक्ति गरेको कुरा आफ्नो जीवनबाट प्रकट गर्दछ ।

सबै ख्रीष्ट-विश्वासीहरू यहूदीहरू हुन् भन्ने कुरा यस खण्डले सिकाउन खोजेको होइन; न ता प्रभुको मण्डलीचाहिँ 'परमेश्वरको इस्राएल' हो । प्रेरित पावलको चर्चाको भूमिकाचाहिँ ती यहूदी मानिसहरू हुन्, जो यहूदी भएर जन्मेका छन्; अनि उनको तर्क तिनीहरूमा केन्द्रित रहन्छ, जसले परमेश्वरको विषयमा अब्राहामको वंशजस्तै जन्मगत र खतनाजस्तै विधिगत सम्बन्ध पर्याप्त हुन्छ भन्ने दाबी गर्छन् । किनकि खास खतना केवल शरीरमा गरिँदैन, तर हृदयमा गरिएको हुनुपर्छ ।

साँचो खतना हृदयमा गरिन्छ । हाम्रो पुरानो पापी स्वभावमा परमेश्वरले छुरी लगाउनैपर्छ; यस प्रकारको आत्मिक उपचार वा चिकित्साको कार्यलाई वास्तविक र साँचो खतना भन्न मिल्छ ।

यसरी नै बाहिरी चिन्हमा भित्री वास्तविकता जोड्नेहरूले परमेश्वरबाट प्रशंसा पाउँछन्, मानिसहरूको प्रशंसा होइन । यस खण्डको अन्तिम पदमा शब्दहरूको श्लेष छ, जो नेपालीमा देखा पर्दैन । यहूदी शब्द यहूदाबाट आउँछ, जसको अर्थ प्रशंसा हो । यसैले खास यहूदी हामीले त्यही मानिसलाई मान्नुपर्छ, जसले यो कुरा आफ्नो चरित्रबाट देखाउन सक्छ; अनि यस्तो चरित्रवान् व्यक्तिको प्रशंसा परमेश्वरबाट हुन्छ ।

**रोमी ३ः१ः** रोमी तीन अध्यायका पहिला आठ पदहरूमा यहूदीहरूको भूलचूक आफ्नो विषय बनाएर प्रेरित पावल आफ्नो तर्कमा अघि बढ़ेका छन् । अनि यहाँ प्रेरित पावल र उनको वादीले अदालतमा मुखले एक-अर्कासित तर्कवितर्क गरेको कुरा कल्पना गर्न हामीलाई सजिलो लागेको छ ।

*वादीको पहिलो प्रश्नः* 'तपाईंले रोमी २ः१७-२९ पदको खण्डमा भन्नुभएको सबै कुरा सत्य हो भने यहूदी हुनुमा र आफ्नो खतना भएकोमा हामीलाई के फाइदा भयो त ?'

**रोमी ३ः२ः** *प्रेरितको उत्तरः* 'परमेश्‍वरले यहूदीहरूका निम्ति धेरै विशेष र उत्तम प्रबन्धहरू गर्नुभयो। तिनीहरूको सर्वोच्च र प्रमुख सौभाग्यचाहिँ पवित्र बाइबलको पुरानो नियम पाउनु हो, अर्थात् ती परमेश्‍वरका जीवित वचनहरू, जो तिनीहरूको जिम्मामा सुम्पिए। यहूदीहरूले पुरानो नियमका पवित्र लेखोटहरू लेख्‍न पाए र यी पवित्र लेखहरूको संरक्षण गर्ने जिम्मा पाए। तर इस्राएली जातिका मानिसहरूले परमेश्‍वरको यस महान् प्रबन्धप्रति केकस्तो व्यवहार देखाए? सबै मिलाएर एकै वाक्यमा भन्नु हो भने तिनीहरूले आफ्नो पवित्र शास्त्रप्रति ठूलो अविश्‍वास देखाए। तिनीहरू आफूले लेखेको आफ्नै धर्मशास्त्रमा खुशीलाग्दो चाख राखेनन्।'

**रोमी ३ः३ः** *वादीको दोस्रो प्रश्‍नः* 'ठीक छ; म मान्दछुः हो, सबै यहूदीहरूले विश्‍वास गरेनन्। तर परमेश्‍वरको विश्‍वासयोग्यताको विषयमा केकसो? के उहाँले आफ्ना प्रतिज्ञाहरू रद्द गर्नुभएको हो? के उहाँ आफ्नो वचनदेखि पछि हट्नुभयो? उहाँले यहूदीहरूलाई आफ्नो निज प्रजाको रूपमा छान्‍नुभयो, होइन र? अनि उहाँले तिनीहरूसँग विभिन्न वाचाहरू स्थापित गर्नुभएको हो। तब तिनीहरूमध्ये कसै-कसैले विश्‍वास नगरेको खण्डमा के परमेश्‍वरको वचन भङ्ग हुन्छ त?'

**रोमी ३ः४ः** *प्रेरितको उत्तरः* 'यस्तो नहोस्! जुनै कुराको सम्बन्धमा के परमेश्‍वर ठीक हुनुहुन्छ कि के मानिस ठीक हो भन्‍ने प्रश्‍न उठ्यो भने यसको उत्तर सधैं एउटै हुन्छः परमेश्‍वर सदैव सत्य ठहरिनुहुनेछ, र मानिस झूट ठहरिनेछ। भजन ५१ः४ पदमा राजा दाऊदले भन्‍न चाहेको परिभाषा हामी यसो गरौंः "हे परमेश्‍वर, तपाईंले जे भन्‍नुहुन्छ, त्यसमा तपाईं पूरा रूपले विश्‍वासयोग्य र धर्मी हुनुहुन्छ; यसमा तपाईंको सच्चाइको समर्थन हुनुपर्छ। पापी मानिसले जति बेला विभिन्न प्रश्‍नहरूले तपाईंको जाँच गर्न खोज्छ, त्यति बेला पनि तपाईं बिलकुलै सच्चा ठहरिनुहुनेछ। तपाईंमा कुनै गल्ती वा दोष रहनु? असम्भव, असम्भव!!" यस अवस्थामा मानिसहरूका पापहरूले परमेश्‍वरका वचनहरूको विश्‍वासयोग्यतालाई झन् पुष्टि गर्दछन्।'

**रोमी ३:५:** *वादीको अर्को प्रश्नः* 'त्यसो भए, परमेश्वरले हामीलाई अझ किन दोषी ठहराउनुहुन्छ त? हाम्रो अधार्मिकताले परमेश्वरको धार्मिकतालाई अझ तेजिलो, अझ चहकिलो पार्‍यो भने त परमेश्वरले आफ्नो क्रोध हामीमाथि कसरी खन्याउन सक्नुहुन्छ?'

प्रेरितको टिप्पणीः यहाँ पावलले हामीलाई के भन्छन् भने यस प्रकारको तर्क-वितर्क गर्दा उनले मानिसहरूको बीचमा चल्ती भएको बहस गर्ने तरिका अप्नाएका छन्।

**रोमी ३:६:** *प्रेरितको उत्तरः* 'यस किसिमको तर्कमा हामीले गहन विचार पुर्‍याउनुहुँदैन। यो प्रश्न विचार गर्नु लायकको हुँदैन। परमेश्वर अधर्मी हुनु? असम्भव! नत्र उहाँले संसारका मानिसहरूको न्याय कसरी गर्नुहुन्छ? किनकि एक अधर्मी परमेश्वर यस कामको योग्य हुनुहुनेथिएन नै। तर कुरा स्पष्ट छ र सबैले यो कुरा मान्दछन्ः धर्मी परमेश्वरले एक दिन संसारको न्याय गर्नुहुनेछ।'

**रोमी ३:७:** *वादीको अर्को प्रश्नः* 'तर मेरो पापले परमेश्वरको महिमा बढ़ाउँदछ भने, मेरो झूटले उहाँको सच्चाइको बढ़ाइ गर्दछ र सिद्ध पार्दछ भने, अनि मानिसको रिस परमेश्वरको प्रशंसा बढ़ाउने कारण हुन्छ भने त उहाँ मजस्तै पापी मानिसमा अझ के दोष भेट्टाउनुहुन्छ त? मेरा निम्ति यो ता नमिल्ने कुरा देखिन्छ। परिस्थिति यसो हो भने, मैले भन्न खोजेको ...'

**रोमी ३:८:** *प्रेरितको उत्तरः* 'तपाईंको कुरा बीचमा काटेर मलाई यहाँ तपाईंलाई सफासँग भन्न दिनुहोस्! वास्तवमा कति मानिसहरूले हामी इसाईहरूलाई यस तर्कअनुसार दोष लगाएका छन्, र हाम्रो निन्दा गर्दछन्।'

*वादीको अर्को प्रश्नः* 'मैले भन्न खोजेको यही होः "लौ, हामी खराब काम गरौं, र असल कुरा निस्कोस्!" भन्ने भनाइअनुसार हामी किन नगरौं त? यस्तो परिस्थितिमा मेरो यस प्रकारको प्रतिक्रिया न्यायसँगत ठहरिनेथियो, होइन र?'

*प्रेरितको उत्तरः* 'यसमा मेरो एउटै जवाफ छः निश्चय नै यस प्रकारको खराबी व्यवहार गर्ने मानिसहरूले आफ्नो दण्ड पाइहाल्नेछन्; तिनीहरू दण्ड पाउनु पूरा योग्यका हुन्छन्।'

लेखकको टिप्पणीः वास्तवमा परमेश्वरको मुक्ति ल्याउने अनुग्रहको सुसमाचारको विरोधमा यो तर्क निरन्तर सुनिएको छ। मानिसहरूले यस प्रकारले तर्क गरेर हामीलाई भन्दछन्ः 'तपाईंहरू भन्नुहुन्छः "ख्रीष्ट येशूमाथि विश्वास गर्नुपर्छ र सित्तैंमा मुक्ति पाइन्छ; बस् यति पर्याप्त हुन्छ।" यसो हो भने यस प्रकारको शिक्षा सुनेर निश्चय मानिसले "जाऊ र फेरि पनि पाप गर" भन्ने बुझ्छ, र पापमा जिउने हौसला पाउँछ। मानिसहरूले जति पनि पाप गरे परमेश्वरको अपार अनुग्रह तिनीहरूका पापहरू नाघेर जान्छ, र उहाँको प्रशस्त अनुग्रहले मानिसका जम्मै पापहरूलाई ढाक्छ; फलस्वरूप हाम्रा पाप बढ्ेमा परमेश्वरको अनुग्रह पनि प्रशस्त हुँदै जान्छ नि, कि कसो ?' प्रेरित पावलले छ अध्यायमा यो तर्कको जवाफ दिन्छन्।

**रोमी ३ः९ः** पदमा *वादीको अर्को प्रश्न यस प्रकारको छः* 'तब हामी यहूदीहरूचाहिँ ती पापी अन्यजातिका मानिसहरूभन्दा उत्तम हुँदैनौं - के तपाईंले भन्न खोज्नुभएको तात्पर्य यही हो ? अथवा के तपाईंले हामी यहूदीहरूलाई तिनीहरूभन्दा खराब तुल्याउन खोज्नुभएको हो ?'

*प्रेरितको उत्तरः* 'तपाईंका उक्त दुई प्रश्नको उत्तर एउटै होः यहूदीहरू अन्यजातिका मानिसहरूभन्दा उत्तम हुँदैनन्, र तिनीहरूभन्दा खराब पनि हुँदैनन्; किनभने सबै मानिसहरू पापी छन्।'

पावल ख्रीष्टको सुसमाचार पेस गर्दै आएका छन्। यहाँ हामी 'सुसमाचारको परिभाषा' नामक खण्ड ख)मा सोधिएको चौथो उप-प्रश्नमा आइपुगेका छौंः 'के सबै मानिसहरू हराएका छन् ?' यहाँसम्म उनले अन्यजातिका मानिसहरूको हराएको अवस्था, नीतिवादीहरूको हराएको अवस्था र यहूदीहरूको हराएको अवस्था देखाइसके। अब उनको प्रश्न होः 'के सबै मानिसहरू हराएका छन् ?'

यसको उत्तर हुन्छः हो; सबै मानिसहरू पापको वशमा छन्; तिनीहरू सबै पापका दासदासी हुन्। यस सम्बन्धमा यहूदीहरू र अन्यजातिका मानिसहरूको बीचमा कुनै भिन्नता छैन।

**रोमी ३ः१०ः** थप प्रमाणहरू-स्वरूपमा प्रेरित पावलले पवित्र धर्मशास्त्रको पुरानो नियमबाट केही पदहरू उद्धृत गर्दछन्। रोमी ३ः१०-

१२ः सर्वप्रथम, पापले सारा मानव-जातिलाई ग्रस्त पारेको हो। रोमी ३ः१३-१८ः दोस्रो, पापले एक-एक व्यक्तिलाई र उसका सबै अङ्ग-प्रत्यङ्गलाई नराम्रो असर पारेको हो, अर्थात् *'धर्मी कोही छैन, एउटै पनि छैन'* (भजन १४ः१)।

**रोमी ३ः११ः** *'बुझ्ने कोही छ कि, परमेश्वरलाई खोज्ने कोही छ कि, सो हेर्न परमप्रभुले स्वर्गबाट मानिसका सन्तानहरूलाई हेर्नुभयो।'* भजन १४ः२ पद यहाँ उद्धृत गरिएको छ। पापमा पतित भएको मानिस त्यत्तिकै छोड़ियो भने, त्यसले परमेश्वरको खोजी गर्दैन। मानिसको जीवनमा पवित्र आत्माले काम गर्नुभए, तब मात्र मानिसले परमेश्वरको खोजी गर्न सक्छ।

**रोमी ३ः१२ः** *'तिनीहरू सबै एकातिर लागेका छन्; तिनीहरू सबै एकसाथ फोहोरी भएका छन्; असल गर्ने कोही छैन; अहँ, एउटै पनि छैन।'* (भजन १४ः३)

**रोमी ३ः१३ः** पदमा पदको खण्ड ख) र १४०ः३ पदको खण्ड ख) उद्धृत गरिएका छन्, जहाँ यसो लेखिएको छः *'तिनीहरू घोक्रो खुला चिहान हो; तिनीहरू आफ्ना जिब्राले चिप्लो घस्छन्।'* (भजन ५ः९[ख]) *'तिनीहरूका आठमनि साँभे-साँपको विष छ।'* (भजन १४०ः३[ख])

**रोमी ३ः१४ः** *'त्यसको मुख श्राप, धोका र छलले भरिएको छ; त्यसको जिब्रोमनि उपद्रव र अधर्म छन्।'* (भजन १०ः७)

**रोमी ३ः१५ः** *'तिनीहरूका पाउहरू खराबीतिर दगुर्छन्, र तिनीहरू निर्दोष रगत बगाउन हतार गर्छन्।'* (यशैया ५९ः७[क])

**रोमी ३ः१६ः** *'तिनीहरूका विचारहरू अधर्मका विचारहरू हुन्; तिनीहरूका बाटोहरूमा बरबादी र विनाश हुन्छ।'* (यशैया ५९ः७[ख])

**रोमी ३ः१७ः** *'तिनीहरूले शान्तिको बाटो जान्दैनन्।'* (यशैया ५९ः८[क])

**रोमी ३ः१८ः** *'त्यसका आँखाको सामु परमेश्वरको डर छैन।'* (भजन ३६ः१[क])

डाक्टरले एक्स-किरणले मानिसको शरीरको भित्री भागमा रोग छ कि छैन जाँचेर हेरेझैं परमेश्वरले मानव-जातिको अवस्थाको विषयमा

यस प्रकारको भित्रीय नक्सा खिच्नुभएको छ। विश्वभरि नै अधार्मिकता फैलिएको छ (रोमी ३:१०)। मानिसहरूको बीचमा पूरा आत्मिक अज्ञानता छ; मानिसमा परमेश्वरको खोजी नगर्ने, तर आफूमा निर्भर रहने स्वभाव छ (रोमी ३:११)। मानिसहरूले बाटो बिराएका छन्; तिनीहरू भ्रष्ट भएका छन्; तिनीहरूमा असल भन्न सकिने कुनै पनि गुण छैन (रोमी ३:१२)। मानिसको बोली अशुद्ध छ, र त्यसले अशुद्ध पार्छ; त्यसको अति नराम्रो विष सबैलाई लागेको छ (रोमी ३:१३-१४)। मानिसहरू हत्यारा हुन् (रोमी ३:१५)। मानिसलाई आफ्नो काम गर्न दिनुभयो भने, बरबादी र विनाश मात्र त्यसले छोड़िराख्दो रहेछ (रोमी ३:१६)। शान्तिको बाटो नचिनेको हुनाले मानिसमा मेलमिलाप राख्ने मन पनि छैन (रोमी ३:१७)। मानिसमा परमेश्वरको डर छैन; तब उसमा परमेश्वरलाई आदर दिने मन पर जाओस्! (रोमी ३:१८)। के तपाईंले मानिसको चरित्र देख्नुभयो? यो ता अति भ्रष्ट भएको छ; किनभने सारा मानव-जातिचाहिँ पापले ग्रस्त हुन्छ; मानिसको व्यक्तित्व र स्वभाव पापले पूर्ण छ। तब यो भनाइ हामी बुझ्न कोशिश गरौं! यहाँ प्रेरितले भनेका मतलबचाहिँ यो होः हरेक मानिसले हर प्रकारको पाप पूरा गरेको ता होइन, तर सबै मानिसहरूमा हर प्रकारको पाप पूरा गर्ने स्वभाव छँदैछ।

प्रेरित पावलले चाहेका भए उनले पापहरूको विस्तृत सूचिपत्र बनाउन सक्नेथिए। उनले निम्त पापहरू यसमा थप्न सक्नेथिए, जस्तैः

*अशुद्ध यौनसम्बन्धी पाप र कुकर्महरूः* व्यभिचार, परस्त्रीगमन, पुरुषगामी, स्त्रीसमलिङ्गको कामुकता, कामविकृति, पशुगमन, वेश्यावृत्ति, बलात्कार, लम्पटता, अश्लील तस्बिर र फोटोहरू साथै अश्लील साहित्य र फोहोर बोलीहरू आदि।

*लड़ाइँहरूसम्बन्धी पापहरूः* इमानदार जनताको ध्वंसन, अत्याचार, ग्यास-कक्षहरू, आगोका भट्टीहरू, नजरबन्दी-शिविरहरू, विभिन्न यातनाका साधनहरू र परपीड़नहरू आदि।

*घर-परिवारसम्बन्धी गृहस्थ पापहरूः* लोग्ने-स्वास्नीको बीचको अविश्वस्तता, सम्बन्ध-विच्छेद, मारपिट, मानसिक आघातहरू र बाल-

बच्चाहरूको दुर्व्यवहार आदि। साथै हत्या, अङ्गच्छेद, चोरी, लुटपाट, अपहरण, विध्वंस, घूसखोरी र भ्रष्टाचार आदि।

*बोलीवचनरूपी पापहरूः* निन्दा, गाली, अपमान, ठट्टादिल्लगी, फोहोर बोली, कामुक बातचित, सरापाइ, ईश्वर-निन्दा, फूट, छल, चुक्ली, छुस्केर, नचाहिँदो गफ, चरित्रहत्या, गनगनाइ, घोचपेचहरू आदि।

*अरू व्यक्तिगत पापहरूः* मतवालीपन, नशा र लागू पदार्थको लत, घमण्ड, डाहा, लोभलालच, अकृतज्ञ भावना, फोहोर विचारहरू, घृणा र मनको तितोपना आदि। यो सूचिको टुङ्गा नहोला जस्तो छ।

*परमेश्वरको सृष्टिको विरोधमा गरिने पापहरूः* प्रदूषण, मैलाफोहोर-गराइ, जातीयता, हेपाइ, हेला, थिचोमिचो, बलमिचाइ, जमिनमिचाइ, शोषण, छलकपट, विश्वासघात र प्रतिज्ञा-भङ्गहरू इत्यादि। तब मानव-जातिको चरित्रहीनताका निम्ति अरू प्रमाणहरू अझ किन चाहियो त?

**रोमी ३ः१९ः** जब परमप्रभु परमेश्वरले इस्राएलीहरूलाई मोशाको हातद्वारा व्यवस्था दिनुभयो, तब उहाँले यिनीहरूलाई मानव-जातिको नमुनाको रूपमा प्रयोग गर्नुभयो। इस्राएलीहरू चुके र नमुना भएनन्; तब परमेश्वरका आँखामा यिनीहरूको असफलताचाहिँ संसारका सबै मानिसहरूको असफलता ठहरियो। स्वास्थ्य-निरीक्षकले कुनै इनारको पानी जाँच्न त्यस इनारको अलिकति पानी नमुनाको रूपमा परीक्षण गर्छन्; अनि तिनले त्यसको नमुना दूषित भएको भेट्टाए भने सारा इनारको पानी दूषित हो भनेर घोषणा गर्दछन्। ठीक त्यस्तै इस्राएलीहरू परमेश्वरको जाँचमा असफल भएपछि सारा मानव-जातिमा त्यही असफलता हुन्छ भन्ने अनुमान गर्न सकिन्छ। परमेश्वरको यो राय बिलकुल ठीक हो।

प्रेरित पावलले के भन्छन् भने, व्यवस्थाले जे भन्दछ, त्योचाहिँ तिनीहरूलाई भन्दछ, जो व्यवस्थाको अधीनतामा छन्, अर्थात् त्यसले सबै कुरा इस्राएलीहरूलाई भन्दछ। 'हरेक मुख चुप रहोस्, र सारा संसार - यहूदीहरू र अन्यजातिका सबै मानिसहरू परमेश्वरको सामु दोषी ठहरिऊन्' भन्ने हेतुले व्यवस्थाले यसो गर्दछ। व्यवस्थाद्वारा यहूदीहरूको मुख बन्द भएकै छ। व्यवस्थाद्वारा संसारका सबै जातिका मानिसहरू दोषी भएका छन्।

**रोमी ३ः२०ः** यसर्थ कोही मानिस पनि व्यवस्थाका कामहरू पूरा गरेर धर्मी ठहरिन सक्दै-सक्दैन। व्यवस्थाचाहिँ मानिसलाई धर्मी तुल्याउने माध्यम होइन, तर मानिसलाई दोषी ठहराउन दिइएको थियो; किनकि व्यवस्थाले पापको ज्ञान दिन्छ, मुक्तिको ज्ञान होइन।

सीधा धर्को नदेखेसम्म हामीले अर्को धर्को बाङ्गो छ भन्ने कुरा जान्नेथिएनौं। व्यवस्था त्यो सीधा धर्को हो; त्यससित आफ्नो जीवन दाँज्दै गर्दा हरेक मानिसले आफ्नो टेढ़ापना देख्न सक्छ। ऐनामा हामीले हेर्ने गर्छौं र यसरी हाम्रो अनुहार मैला छ कि छैन, सो हामी जान्दछौं। तर हाम्रो अनुहार मैला छ भने यसलाई सफा गर्न ऐनाको के काम ? थर्मामिटरजस्तै तापमापक-यन्त्रले ज्वर नाप्न सक्छ, तर त्यो मानिस जसले थर्मामिटरलाई निल्छ, ज्वरबाट निको हुँदैन।

व्यवस्थासित कुरा पनि त्यस्तै हुन्छ; हाम्रो पापको दोष देखाउन व्यवस्था अति सिपालो छ, तर हाम्रा पापहरू हटाउन वा पापबाट छुटकारा दिन त्यो बेकम्मा हुन्छ। श्री मार्टिन लुत्थरले भनेझैं व्यवस्थाको कामचाहिँ पापी मानिसहरूलाई धर्मी ठहराउने होइन, तर अधर्मी मानिसमा डरत्रास पैदा गर्नु हो।

## घ) रोमी ३ः२१-३१ः सुसमाचारको आधार र त्यसका सर्तहरू के-के हुन् ?

**रोमी ३ः२१ः** अब हामी रोमीहरूलाई लेखिएको पावलको पत्रको मुटुमा आइपुग्यौं। अब प्रेरित पावलले निम्न प्रश्नको उत्तर दिन्छन्ः 'यस सुसमाचारको शिक्षाअनुसार पवित्र परमेश्वरले पापी मानिसहरूलाई कुन आधारमा, कसरी धर्मी ठहराउनुहुन्छ ?'

शुरुमा उनले भन्न थाल्छन्, कि अब ता व्यवस्थाविना नै अर्थात् व्यवस्थाबाट अलग्गै परमेश्वरको धार्मिकता प्रकट भएको छ। यस भनाइको अर्थ यस प्रकारको छः परमेश्वरले अब एउटा तरिका अप्नाउनुभएको छ र त्यो तरिका वा योजना प्रकट गर्नुभएको छः उहाँ जो बिलकुल धर्मी हुनुहुन्छ, उहाँले अब अधम पापीहरूलाई मुक्ति दिनुहुनेछ र

धर्मी ठहराउनुहुनेछ, र आफै निर्दोष रहनुहुनेछ; अनि यसो गर्नलाई मानिसले व्यवस्था पालन गर्नुपर्दैन । परमेश्वर अति पवित्र हुनुहुन्छ; यसैले उहाँले पापलाई सहन सक्नुहुन्न, न ता पापलाई बेवास्ता गर्न सक्नुहुन्छ । पापलाई ख्याल नगर्नु परमेश्वरलाई असम्भव नै छ । उहाँले त्यसका निम्ति दण्ड दिनुपर्छ । अनि पापका निम्ति दण्डचाहिँ मृत्यु हो । तर परमेश्वरले मानिसहरूलाई प्रेम गर्नुहुन्छ र तिनीहरूलाई बचाउन चाहनुहुन्छ । यो ता एउटा जटिल समस्या हो; किनकि पापी मानिसको मृत्यु परमश्वरको धार्मिकताको माग हो, तर परमेश्वरको प्रेमले पापी मानिसहरूलाई बचाईकन तिनीहरूलाई अनन्त-अनन्तसम्म सुखी तुल्याउन चाहन्छ । अनि ख्रीष्टको सुसमाचारमा यो समस्या समाधान गरिएको छ । अब परमेश्वरले आफ्नो धार्मिकता नहराईकन र जोखिममा नपारीकन पापी मानिसहरूलाई बचाउन सक्नुहुन्छ । कसरी ? यो कुरा सुसमाचारद्वारा प्रकट भएको छ ।

व्यवस्थाले साथै पुरानो नियमका भविष्यवक्ताहरूले उहाँको मुक्तिको धार्मिक योजनाको विषयमा आफ्नो गवाही दिएका छन् । पुरानो नियमभरि परमेश्वरको यस मुक्तिको योजनाका प्रतीक र सङ्केतहरू प्रशस्त छन् । लेवी र पूजाहारीहरूले विधिपूर्वक र नियमपूर्वक चढ़ाउनुपर्ने बलिदान-हरूचाहिँ त्यसका छायाचित्र हुन्; किनकि व्यवस्थाका नियमअनुसार पापको प्रायश्चित गर्नका निम्ति तिनीहरूले सधैं कुनै निर्धारित गरिएको शुद्ध पशुको रगत बहाउनुपर्थ्यो । पुरानो नियममा परमेश्वरको मुक्तिको योजनाको विषयमा सफासँग कहिएका भविष्यवाणीहरू पनि छन्, जस्तै यशैया ५१:५-६ र ८, यशैया ५६:१ र दानियल ९:१६ र २४ ।

**रोमी ३:२२:** पापी मानिसले कसरी परमेश्वरको धार्मिकता प्राप्त गर्दछ त ? रोमी ३:२१ पदले व्यवस्थाका कामहरू गरेर परमेश्वरको धार्मिकता प्राप्त हुँदैन भन्ने कुरा बतायो । अब यस बाइस पदले परमेश्वरको धार्मिकता प्राप्त गर्ने तरिका बताउँछः ख्रीष्ट येशूमाथि विश्वास गरेर नै । विश्वास भन्नाले त्यो पूरा भरोसा बुझिन्छ, जो कुनै मानिसले प्रभु येशू ख्रीष्टमाथि राख्दछ, जब उसले आफ्ना पापहरूबाट बाँच्न उहाँलाई नै आफ्ना प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्दछ र उहाँलाई नै स्वर्ग पुऱ्याइदिने एकमात्र आशा ठान्दछ । विश्वास पक्का हुनु हो भने त्यसको

बलियो आधार हुनुपर्छ। प्रभु येशूमाथि विश्वास गर्नलाई हामीले उहाँको विषयमा ज्ञानको प्रकाश पाउनुपर्छ, र उहाँको मुक्तिको कामको विषयमा जानकारी पाउनुपर्छ, जसरी त्यो पवित्र बाइबलमा पाइन्छ।

विश्वास भनेको अन्धकारभित्र हाम फाल्नु होइन। विश्वासका निम्ति पक्का, अकाट्य, अचूक प्रमाणहरू चाहिन्छ, अनि यी प्रमाणहरू हामी परमेश्वरको विश्वासयोग्य, नित्य रहिरहने वचनमा पाउँछौं। विश्वासचाहिँ तर्क-विरुद्ध होइन, कारणविना पनि होइन। परमेश्वरद्वारा सृष्टि गरिएको मानिसले आफ्नो सृष्टिकर्तामाथि भरोसा राख्नुभन्दा बढ़ी तर्कसङ्गत कुरा कुनचाहिँ होला ?

विश्वासद्वारा मानिसले मुक्ति 'कमाउन' खोज्दैन। विश्वास त्यो पुण्यफल होइन, जसद्वारा मानिसले मुक्ति कमाउँछ र जसद्वारा ऊ मुक्तिको योग्य बन्दछ। कुनै मानिसले प्रभु येशूमाथि विश्वास गरेको कुरामा घमण्ड गर्न सक्दैन। अनि आफ्नो सृष्टिकर्ता परमेश्वरमाथि विश्वास नगर्नु मूर्खता हो। विश्वास मुक्ति कमाउन खोज्ने मानिसको कोशिश पनि होइन; किनकि विश्वासद्वारा मानिसले मुक्ति साधारण तवरले एउटा उपहारस्वरूप ग्रहण गर्दछ र आफ्नो तुल्याउँदछ; किनभने परमेश्वरले प्रभु येशूमाथि विश्वास गर्ने सबैलाई दिनुहुने मुक्तिचाहिँ सित्तैंमा पाइने वरदानको रूपमा उपलब्ध गर्नुहुन्छ।

त्यो मुक्ति *'विश्वास गर्ने सबैका निम्ति हो र सबैमाथि*[6] *आउँछ'*। 'सबैका निम्ति' भनेको प्रभु येशूमा मुक्ति सबै मानिसहरूका निम्ति उपलब्ध गरिएको छ, सबैलाई सित्तैंमा दिइन्छ र सबैका निम्ति पर्याप्त छ। तर यहाँ '... र सबैमाथि आउँछ' भनेको अर्थचाहिँ मुक्ति तिनीहरूमाथि मात्र लागू हुन्छ, जसले त्यसलाई विश्वासद्वारा ग्रहण गर्छन्। जतिले स्थायी निर्णयरूपी विश्वासद्वारा ख्रीष्ट येशूलाई ग्रहण गर्छन्, तिनीहरूको जीवनमा मात्र मुक्ति कार्यकारी हुन्छ। पापको क्षमा सबैका निम्ति उपलब्ध त छ, तर प्रभु येशूलाई ग्रहण गर्नेहरूका निम्ति मात्र मुक्ति यथार्थ र साँचो छ। यसैले प्रभु येशूलाई विश्वासले ग्रहण गर्नुहोस्, र मुक्ति तपाईंको हुनेछ।

जब पावलले 'मुक्ति सबैका निम्ति हो' भनेर भन्छन्, तब उनले यहूदीहरू र अन्यजातिका मानिसहरूको बीचमा कुनै भिन्नता राख्दैनन्, तर सबै मानिसहरूलाई समावेश गर्छन्। मुक्तिमा यहूदीहरूको विशेष भाग्य हुँदैन, न अन्यजातिका मानिसहरूको भाग्यमा केही कम छ; किनभने त्यहाँ कुनै भिन्नता छैन।

**रोमी ३ः२३ः** सबै मानिसहरूका निम्ति सुसमाचारको उपलब्धि र सुसमाचारको खाँचो बराबर छन्; किनभने विश्वभरि नै सुसमाचारको आवश्यकता व्यापक छ; किनकि सबैले पाप गरेका छन्[7] र परमेश्वरको महिमारहित हुन गएका छन्। जब आदम, ती पहिले मानिसले पाप गरे, तब तिनले तिनको वंशअन्तर्गत सबै सन्तानहरूको प्रतिनिधि गरेर पाप गरे। तर मानिस केवल स्वभावैले पापी होइन, तर कर्मले पनि पापी हो। परमेश्वरको महिमारहित हुन गएको अर्थ हामी यसरी बुझ्नुपर्छः मानिसहरू आफ्ना स्वभाव र कर्मले परमेश्वरको सिद्ध महिमित स्तरमा कहल्यै पुग्दै-पुग्दैनन्।

## पाप भनेको के हो ?

पापको परिभाषा हामी कसरी गरौं ? हामीले जुनै पनि विचार, जुनै पनि शब्द र जुनै पनि काम पाप सम्झनुपर्छ, जो परमेश्वरको पवित्र र सिद्ध स्तरमा आइपुग्दैन। पाप भनेको ईश्वरीय निसानामा चुक्नु र दिव्य लक्ष्यमा आइनपुग्नु हो। अमेरिकामा बस्ने आदिवासी मानिसले काँड़ हान्दा निसानादेखि चुक्थ्यो भने, उसले आफ्नो भाषामा[8] खास 'मैले पाप गरें' भन्थ्यो अरे। उसका निम्ति निसानादेखि चुक्नुचाहिँ पाप गर्नु थियो। अनि बाइबलीय भाषामा पापको अर्थ पनि यही हो।

१ यूहन्ना ३ः४ पदअनुसार व्यवस्था भङ्ग गर्नु पाप हो। पापमा परमेश्वरको इच्छाको विरुद्ध मानिसको इच्छाले विद्रोह गर्दछ। भूलचूकमा मात्र पाप गरिँदैन, खराबी गरेर मात्र पाप गरिँदैन, तर भलाइ नगर्दा पनि पाप गरिन्छ; भलाइ गर्न जानेर त्यो नगर्नु पनि पाप हो (याकूब ४ः१७)। हरेक कुरा पाप हो, जो विश्वासबाट होइन (रोमी १४ः२३)। यसर्थ

जसको विषयमा हामीलाई शङ्का लागेको छ, त्यही कुरा हामीले गर्नुहुँदैन । जुन कुराको बारेमा हाम्रो विवेक सफा रहँदैन, त्यसको विषयमा अघि बढ़ेर हामीले गरिपठाउनुहुँदैन । त्यो पाप हो ।

*'सबै अधर्म पाप हो'* (१ यूहन्ना ५ :१७ ) । अनि *'मूर्खताको विचार पाप हो'* (हितोपदेश २४ :९ ) । मनबाट पाप पैदा हुन्छ । मनमा पापलाई ठाउँ दिनुहोस्, र त्यसको विषयमा विचार गर्दै बस्नुहोस्, तब एकैक्षणमा त्यो पाप गर्ने विचार एउटा पाप-कर्ममा परिणत हुन्छ । पाप गर्दा-गर्दै पापले हामीलाई मृत्युमा पुऱ्याउँछ । शुरुमा हाम्रा निम्ति पापमा आकर्षण छ, तर हामीले पाप गरिपठाएपछि फर्केर हेर्दा त्यो घिनलाग्दो देखिन्छ ।

ठाउँठाउँमा प्रेरित पावलले 'पाप' र 'पापहरू'को बीचमा छुट्ट्याउँछन् । 'पापहरू' भनेको ती पापकर्महरू बुझिन्छन्, जो हामीले पूरा गर्छौं । अनि 'पाप' भन्नाले हाम्रो पापी स्वभाव बुझिन्छ, जससित हामी जन्मेका छौं । हाम्रा पापकर्महरूभन्दा खराब हाम्रो पापी स्वभाव नै हुन्छ । तर खुशीको कुरा के हो भने, प्रभु येशू हाम्रो पापी स्वभावका निम्ति र हाम्रा पापकर्महरूका निम्ति मर्नुभएको हो । परमेश्वरले हाम्रा पापहरू क्षमा गर्नुहुन्छ; तर पवित्र बाइबलभरि कहिल्यै उहाँले हाम्रो पापी स्वभाव क्षमा गर्नुहुन्छ भन्ने कुरा भनिएको छैन । रोमी ८ :३ पदअनुसार परमेश्वरले पापलाई केवल दण्डको आज्ञा दिन सक्नुहुन्छ अर्थात् त्यसलाई दोषी ठहराउनुहुन्छ र त्यसको न्याय गर्नुहुन्छ ।

पाप र अपराधको बीचमा पनि भिन्नता छ । त्यो काम अपराध गनिन्छ, जुन काम जानीकन कुनै नियमकानुनको विरुद्ध गरिन्छ । चोर्नु पाप हो; चोर्नु कुकर्म पनि हो; चोर्नु अपराध पनि हो; किनभने चोरी नगर्ने नियम प्रायः सबै मानिसहरूको कानुन हो; किनभने यसो लेखिएको छः *'जहाँ नियमकानुन छैन, त्यहाँ अपराध पनि छैन'* (रोमी ४ :१५ ) ।

यहाँसम्म प्रेरित पावलले हामीलाई के देखाएका छन् भने, सबै मानिसहरूले पाप गरेका छन् र तिनीहरू परमेश्वरको महिमारहित हुन गएका छन् । अब उनले मानिसहरूको यस दुर्दशाको उपचार, त्यसका निम्ति दवाईरूपी उपाय के हो, सो कुरा पेस गर्दछन् । ख्रीष्टको सुसमाचारमा परमेश्वरले हामीलाई आफ्नो उपाय बताउनुहुन्छ ।

**रोमी ३:२४:** *'उहाँको अनुग्रहद्वारा ... तिनीहरू सित्तैंमा धर्मी ठहरिन्छन् ।'* ख्रीष्ट येशूमा उहाँले पापी मानिसहरूलाई धर्मी ठहराउनुहुन्छ। यो सित्तैंमा पाइने उहाँको उपहार हो; यो उहाँको अपार निगाहको काम हो, जसको योग्य हामी कहिल्यै हुन सक्दैनौं। तर हामीलाई धर्मी तुल्याउने उहाँको यस धर्मीकरणको अर्थ वास्तवमा के हो त ?

'धर्मी ठहराउनु' यस कामको क्रियापद हो, जसको अर्थ 'कसैलाई जाँचेर कानुनपूर्वक धर्मी गन्नुमान्नु', 'कसैलाई धर्मीको मान्याता दिनु', 'कसैको विषयमा "यो मानिस धर्मी हो" भनेर घोषणा गर्नु' हो । जब कुनै पापी मानिसले प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्दछ, तब परमेश्वरले उसलाई धर्मी ठहराएर 'त्यो व्यक्ति धर्मी हो' भनेर घोषणा गर्नुहुन्छ। नयाँ नियमभरि नै धर्मी ठहराउनु भन्ने शब्द प्रायः जसो यस प्रकारको प्रयोग गरिएको छ।

धर्मी ठहराउने शाब्दिक अर्थ अर्को पनि हुन सक्छ, जस्तै लूका ७:२९ पदमा मानिसले परमेश्वरलाई धर्मी ठहराए भनिएको छ। मानिसले परमेश्वरलाई कसरी धर्मी ठहराउन सक्छ त ? यसको उत्तर यस प्रकारको छः जब उसले परमेश्वरको वचनमाथि विश्वास राख्छ र उहाँको वचन पालन गर्छ, तब मानिसले परमेश्वरलाई धर्मी ठहराउँछ। अर्को शब्दमा भन्नु हो भने, परमेश्वरले जेजस्तो वचन बोल्दा र जेजस्तो काम गर्दा बिलकुल धर्मी हुनुहुन्छ भन्ने कुरा उहाँलाई धर्मी ठहराउने मानिस स्वीकार गर्छ।

अनि मानिसले आफूलाई धर्मी ठहराउनु पनि सम्भव छ (लूका १०:२९) । उसले धर्मी हुँ भन्ने दाबी गर्छ; तर यो त आफूलाई ठग्नुबाहेक अरू केही पनि होइन ।

धर्मी ठहराउनुको अर्थ धर्मी तुल्याउनु होइन । किनभने कुनै मानिसले परमेश्वरलाई धर्मी तुल्याउँदैन; किनकि उहाँ अघिबाट नै धर्मी हुनुहुन्छ। तर हामी उहाँको विषयमा उहाँ धर्मी हुनुहुन्छ भन्ने कुरा घोषणा गर्न वा स्वीकार गर्न सक्छौं । जब परमेश्वरले कुनै मानिसलाई धर्मी ठहराउनुहुन्छ, तब उहाँले खास गरी उसलाई धर्मी तुल्याउनुहुन्न; किनभने कुनै ख्रीष्ट-

विश्वासीचाहिँ आफूमा पापरहित वा धर्मी हुँदैन, न ता परमेश्वरले उसलाई पापरहित र धर्मी बनाउनुहुन्छ; तर परमेश्वरले ख्रीष्टको धार्मिकता उसको हिसाबमा लाउनुहुन्छ र उसकै हो भनेर गन्नुहुन्छ। यस सम्बन्धमा श्री ए. टी. पिर्सोनले यसो भनेका छन्ः 'जब परमेश्वरले पापी मानिसहरूलाई धर्मी ठहराउनुहुन्छ, तब उहाँले तिनीहरूलाई तिनीहरूको पापी अवस्थाअनुसार तिनीहरूको पापको लेखा लिनुहुन्न, तर तिनीहरूको अधर्मी अवस्थामा तिनीहरूलाई धर्मी भएको घोषणा गर्नुहुन्छ। यसो हुँदा जुन मानिसमा धार्मिकता छैन, उसैलाई उहाँले ख्रीष्ट येशूमा र उहाँको खातिर धर्मी गन्नुहुन्छ।'[9]

धर्मी ठहराउने कामको लोकोक्तिमा यसो भनिएको छः 'म धर्मी ठहरिएको हुँ अर्थात् म आफूले कहिल्यै पाप नगरेको अवस्थामा फर्केको छु।' तर यस कथनले मुख्य बुँदारूपी निसानादेखि चुकेको छ; किनभने जब परमेश्वरले प्रभु येशूमाथि विश्वास गर्ने पापी मानिसलाई धर्मी ठहराउनुहुन्छ, तब उहाँले उसको सबै दोष माफ गरेर उसलाई दोषमुक्त गर्नुको साथै उहाँले उसलाई आफ्नो धार्मिकताको वस्त्रले पनि पहिराउनुहुन्छ; अनि यसरी नै उहाँले उसलाई स्वर्गको योग्य र सदा परमेश्वरको उपस्थितिमा जिउन लायकको तुल्याउनुहुन्छ। श्री पावल वन्-गोर्दरका शब्दहरूअनुसार 'धर्मीकरणमा मानिस निर्दोष ठहरिन्छ, साथै उसलाई स्वीकार पनि गरिन्छ; उसका पापहरू क्षमा हुनुको साथमा ऊ पापीको स्तरदेखि धर्मीको स्तरमा उठाइन्छ।'[10] दोषमुक्त गर्नु भनेको कुनै व्यक्तिलाई उसलाई लागेको दोषबाट मुक्त गर्नु अर्थात् उसलाई निर्दोष ठहराउनु हो। तर कुनै व्यक्तिलाई धर्मी ठहराउँदा उसलाई सकारात्मक हिसाबले परमेश्वरको धार्मिकता दिइन्छ र त्योचाहिँ उसकै धार्मिकता गनिन्छ।

परमेश्वरले भक्तिहीन, अधर्मी मानिसहरूलाई धर्मी ठहराउन सक्ने एकमात्र कारण ख्रीष्ट येशूमा छ; किनभने उहाँले आफ्नो क्रूसको मृत्यु र आफ्नो शारीरिक पुनरुत्थानद्वारा नै सबै मानिसहरूका पापको ऋण तिरिदिनुभयो र पूरा रूपले चुक्ता गर्नुभयो। अनि जुन बेला पापी

मानिसहरूले सम्पूर्ण हृदयले विश्वासद्वारा प्रभु येशूलाई ग्रहण गर्दछन्, त्यस बेलादेखि तिनीहरू परमेश्वरको दृष्टिमा धर्मी ठहरिएका हुन्छन्।

आउनुहोस्, हामी याकूब २:२४ पदको कुरा पनि गरौं! यस पदमा याकूबले 'कामहरूद्वारा मानिस धर्मी ठहरिन्छ' भन्ने कुरा सिकाएका छन्। तर मानिसले सुकर्महरू गरेर मुक्ति पाउँछ भन्ने कुरा याकूबले भन्न खोजेनन्, न ता तिनले 'मानिसले विश्वास र सुकर्महरू गरेरै मुक्ति पाउँछ' भनेका छन्। तर 'यस प्रकारको विश्वासले मानिस धर्मी ठहरिन्छ, जुन विश्वास कर्महरूबाट देखिन्छ' भन्ने कुरा याकूबले भनेका हुन्।

धर्मीकरणको शिक्षा सफासँग बुझ्नु अति जरुरी हो; किनभने यो धर्मी ठहराउने धर्मीकरणचाहिँ एक कानुनी काम हो, जसद्वारा एउटा पापी व्यक्तिले परमेश्वरको दृष्टिमा, उहाँकै मनको विचारमा धर्मी भएको मान्यता पाउँछ; यो परमेश्वरको मनभित्र पूरा हुने, यस पापी मानिसप्रति उहाँको मनको परिवर्तन हो। ख्रीष्ट-विश्वासीले खास यसको विषयमा केही कुरा चालै पाउँदैन; ता पनि उसको सम्बन्धमा यो धर्मी गन्ने काम परमेश्वरको मनमा पूरा भएको हो भन्ने कुरा उसलाई थाहै हुन्छ; किनकि परमेश्वरको पवित्र वचन बाइबलले ख्रीष्टमा उसलाई धर्मी गनिने त्यो मान्यता भइसकेको हो भनेर उसलाई हौसला दिन्छ। श्री सी. आइ. स्कोफिल्डले यो कुरा यसरी व्यक्त गरेका छन्: 'धर्मीकरण परमेश्वरको काम हो; यसो गर्दा उहाँले प्रभु येशूमाथि विश्वास गर्ने सबैलाई धर्मी भएको घोषणा गर्नुहुन्छ। त्यो धर्मी ठहराउने काम परमेश्वरको मनभित्र पूरा हुनेछ; यो ख्रीष्ट-विश्वासीले आफ्नो ज्ञानेन्द्रियबाट थाह हुने वा आफूमा अनुभव गरिने कुरा होइन।'

यहाँ, रोमी ३:२४ पदमा प्रेरित पावलले विश्वास गर्नेहरूचाहिँ 'सित्तैंमा' धर्मी ठहरिएका छन् भन्ने कुरा सिकाउँछन्; यसर्थ धर्मी ठहरिने कुरा हामीले ख्रीष्ट येशूमा पाएको सित्तैंको आशिष, परमेश्वरको उपहार र वरदानस्वरूप ग्रहण गर्नुपर्छ र स्वीकार गर्नुपर्छ।

यही पदबाट हामी अझ अर्को कुरा सिक्छौं: हामी विश्वास गर्नेहरू परमेश्वरको अनुग्रहद्वारा धर्मी ठहरिएका हुन्छौं। हामी पुण्यवान् भएकाले वा हामीमा कुनै योग्यता भएको हुनाले हामी धर्मी ठहरिएका होइनौं; यो

मानिसको पुण्यफल होइन, तर यो ता सम्पूर्ण रूपले परमेश्वरको निगाहको फल हो, जुन फल हामीले कहिल्यै खोजेनौं, जसका निम्ति हामीले केही तिरेनौं, र कुनै कामै गरेनौं ।

पछि कुनै समयमा यस सम्बन्धमा दोधारमा पर्नुभन्दा अघि हाम्रो अध्ययनक्रम हामी एकक्षणका निम्ति यहाँ राख्छौं र यस विषयमा नयाँ नियमभरि पाइने शिक्षाअनुसार धर्मी ठहराउने कामका छवटा बुँदाहरू तपाईंको सामु पेस गर्दछौं; किनभने हामी अनुग्रहद्वारा, विश्वासद्वारा, येशूको रगतद्वारा, पुनरुत्थानको शक्तिद्वारा, परमेश्वरद्वारा र कामद्वारा धर्मी ठहरिन्छौं । यसो भए पनि यी छवटा कुराहरूले आपसमा पूरा मेल खान्छन् ।

**अ)** रोमी ३ः२४ पदअनुसार हामी परमेश्वरको अनुग्रहद्वारा धर्मी ठहरिन्छौं, र आफ्नो योग्यताले होइन । हामीमध्ये कोही पनि आफैमा धर्मी ठहरिन योग्यको हुँदैन ।

**आ)** रोमी ५ः१ पदअनुसार हामी विश्वासद्वारा धर्मी ठहरिन्छौं, अर्थात् प्रभु येशूमाथि विश्वास गरेको हुनाले हामी परमेश्वरको सामु धर्मी गनिएका हुन्छौं; किनभने विश्वासद्वारा हामीले प्रभु येशूको धार्मिकता प्राप्त गरेका छौं ।

**इ)** रोमी ५ः९ पदअनुसार हामी प्रभु येशूको रगतद्वारा धर्मी ठहरिन्छौं; किनभने हामी धर्मी ठहरिऔं भन्ने हेतुले मुक्तिदाता प्रभुले आफ्नो क्रूसको मृत्युद्वारा यसका निम्ति चाहिने सम्पूर्ण मूल्य चुकाउनुभयो, सम्पूर्ण दाम तिरिदिनुभयो ।

**ई)** रोमी ४ः२५ पदअनुसार प्रभु येशूलाई बौराएर उठाउने परमेश्वरको महान् शक्तिद्वारा हामी धर्मी ठहरिएका हुन्छौं ।

**उ)** रोमी ८ः३३ पदअनुसार धर्मी ठहराउनेचाहिँ अरू कुनै व्यक्ति होइन, तर परमेश्वर स्वयम् हुनुहुन्छ, जसले हामीलाई ख्रीष्ट येशूमा धर्मी गन्नुहुन्छ र ठान्नुहुन्छ ।

**ऊ)** याकूब २ः२४ पदअनुसार कामहरूद्वारा मानिस धर्मी ठहरिन्छ, अर्थात् जो धर्मी ठहरिएको छ, उसले त्यो कुरा असल

कामहरूद्वारा प्रमाणित गर्दछ। यो काम गरेर कमाउने कुरा होइन।

रोमी ३:२४ पदमा पापी मानिसहरूलाई धर्मी ठहराउने सम्बन्धमा अझै याद गर्ने अर्को वाक्यांश छ, जस्तै '*ख्रीष्ट येशूमा भएको छुटकाराको कारणले*' विश्वास गर्नेहरू सित्तैंमा धर्मी ठहरिएका छन्; यस छुटकाराको शब्दको खास अर्थ 'फिर्ता लिने हेतुले दाम तिरेर छुटाउनु' हो। मानौं पापी मानिसहरूलाई पापका दासदासीको रूपमा पशुधनसरह किनबेच गर्ने हाटबजारबाट प्रभु येशूले हामीलाई दाम तिरेर छुटाउनुभयो। उहाँको बहुमूल्य रगतचाहिँ हाम्रो छुटकाराको दाम थियो; येशूको बहुमूल्य रगतले पवित्र परमेश्वरले हामीबाट दाबी गर्नुभएका सबै धर्मी मागहरू पूरा गऱ्यो। 'यो छुटकाराको दाम कसलाई तिरियो' भन्ने प्रश्न कसैले सोध्ला; उसले यसको मुख्य बुँदा पक्रेको छैन। पवित्र बाइबलको भनाइअनुसार यो दाम न परमेश्वरलाई न शैतानलाई न अरू कसैलाई तिरियो। येशूको रगतचाहिँ हाम्रा पापको ऋण चुक्ता गर्ने दाम थियो, जसले परमेश्वरसित हाम्रो लेनदेनको हरहिसाब छिनाफाना गऱ्यो। यस छुटकाराको दाममा परमेश्वरले भक्तिहीन मानिसहरूलाई धर्मी ठहराउने सत्आधार पाउनुभयो।

**रोमी ३:२५:** यस पदअनुसार परमेश्वरले प्रभु येशू ख्रीष्टलाई *प्रायश्चित्त* ठहराउनुभयो। साधारण शब्दमा भन्नु हो भने 'प्रायश्चित्त'को शाब्दिक अर्थचाहिँ 'सम्पूर्ण रूपले चित्त बुझाउने गरी प्रसन्न तुल्याउने काम' हो। यस प्रायश्चित्तको कामद्वारा न्यायको माग पूरा भयो, परमश्वरको क्रोध हटाइयो र परमश्वरको निम्ति ग्रहणयोग्य भएको यस बलिदानको आधारमा कृपाको द्वार खोलियो।

नयाँ नियममा तीनपल्ट प्रभु येशू हाम्रो प्रायश्चित्त हुनुहुन्छ भन्ने कुरा उल्लेख गरिएको छ। यहाँ रोमी ३:२५ पदमा हामी यस सम्बन्धमा के सिक्छौं भने, जतिजनाले प्रभु येशूमाथि विश्वास गर्छन्, ती सबैले प्रभु येशूले बहाउनुभएको रगतको खातिर परमेश्वरबाट कृपा पाउँछन्। अनि १ यूहन्ना २:२ पदमा प्रभु येशू त्यो प्रायश्चित्त हुनुहुन्छ, जो हाम्रा पापहरूका निम्ति पर्याप्त हुन्छ र जो सारा संसारका मानिसहरूका पापहरूका निम्ति

पनि पर्याप्त हुन्छ। उहाँको त्राणको काम सारा संसारका निम्ति पर्याप्त त छ, तर उहाँमाथि विश्वास गर्नेहरूमा मात्र यो लागू हुन्छ। अन्तमा, १ यूहन्ना ४:१० पदमा हामी यसो पढ्छौं: परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ; यसैले उहाँले आफ्ना पुत्र हाम्रा पापहरूको प्रायश्चित्त हुनलाई पठाउनुभयो।

हिब्रू २:१७ पदमा पनि प्रायश्चित्तको शब्द पाइन्छ, जहाँ लेखिएको छः *'यसकारण मानिसहरूका पापहरूको प्रायश्चित्त गर्नलाई परमेश्वरसँग सम्बन्ध राख्ने कुराहरूको विषयमा दयालु र विश्वासयोग्य महापूजाहारी हुनका निम्ति उहाँ सबै कुराहरूमा आफ्ना भाइहरूसमान हुनुपरेको थियो।'* यस पदमा प्रायश्चित्त गर्नुको मतलब पापका निम्ति दण्डरूपी दाम तिरेर पापहरू हटाउनु हो।

प्रायश्चित्त नयाँ नियमको शब्द हो; यससित मिल्ने पुरानो नियमको शब्दचाहिँ 'कृपा-आसन' हो। त्यो कृपा-आसन सन्दुकको ढकनी थियो। प्रायश्चित्तको दिनमा महापूजाहारीले यस कृपा-आसनमाथि पापबलिको रगत छर्के। यसरी नै तिनले आफ्ना पापहरूका निम्ति र जनताका पापहरूका निम्ति प्रायश्चित्त गरे, अर्थात् आफ्ना र मानिसहरूका पापको दोष ढाकिदिए। जब प्रभु येशूले हाम्रा पापहरूका निम्ति प्रायश्चित्त गर्नुभयो, तब उहाँले हाम्रा पापहरूको दोष मात्र ढाक्नुभएन, तर उहाँले हाम्रा पापहरू पूरा रूपले हटाइदिनुभयो।

रोमी ३:२५ पदमा अझ यसो लेखिएको छः *'जो उहाँको रगतमा गरिएको विश्वासद्वारा कार्यकारी हुन्छ।'* यसमा म यति मात्र भन्न चाहन्छुः हाम्रो विश्वासको आधार र विश्वास गर्ने वस्तु प्रभु येशू स्वयम् हुनुहुन्छ, र उहाँको रगत मात्र होइन। मरेकाहरूबाट बौरिउठ्नुभएको र सदासर्वदा जीवित रहिरहनुहुने प्रभु येशूले मात्र हामीलाई बचाउन सक्नुहुन्छ। उहाँचाहिँ हाम्रो प्रायश्चित्त हुनुहुन्छ। यसैले प्रभु येशूमाथि आफ्नो विश्वास राख्नुहोस्, र निश्चय नै तपाईंले उहाँको यस प्रायश्चित्तको महान् कामबाट अनन्त लाभ उठाउनुहुनेछ। अनि उहाँको रगतको विषयमा के हो त? उहाँको रगतचाहिँ प्रायश्चित्त गर्ने दाम हो, जुन दाम उहाँले आफ्नो अनमोल रगत बगाएर हाम्रा पापहरूका निम्ति तिरिदिनुभयो।

ख्रीष्ट येशूले गरिसिद्ध्याउनुभएको यस प्रायश्चित्तको कामबाट परमेश्वरको धार्मिकता अर्कै सम्बन्धमा, खास गरी ख्रीष्टपूर्व, प्रभु येशूको क्रूसको मृत्यु हुनुभन्दा अघिको समयमा मानिसहरूले गरेका पापहरूको विषयमा परमेश्वरले ठूलो सहनशीलता देखाउनुभएकोमा उहाँको धार्मिकता प्रकट भएको छ। यसको अर्थ यस प्रकारको छः आदमको समयदेखि लिएर ख्रीष्ट येशूको समयसम्म सृष्टिकर्ता परमेश्वरको विषयमा आफूले पाएको प्रकाशअनुसार जति मानिसहरूले सत्य परमेश्वरमाथि विश्वास गरे, तिनीहरूलाई नै परमेश्वरले बचाउनुभयो। उदाहरणका निम्ति, अब्राहाम यस्ता व्यक्ति थिए; उनले परमेश्वरमाथि विश्वास गरे; अनि यो कुरा उहाँले उनका निम्ति धार्मिकता गन्नुभयो (उत्पत्ति १५:६)। तर परमेश्वरले कुन हिसाबले यसो गर्न सक्नुभयो र आफै धर्मी रहनुभयो ? किनकि प्रभु येशूचाहिँ अझ मर्नुभएकै थिएन, र उहाँको सिद्ध बलिदानको रगत अझ बहाइएको थिएन। अँ, पापी मानिसहरूका पापको ऋण चुक्ता गर्ने प्रायश्चित्तको कार्य पूरा भएकै थिएन। तब पुरानो नियमको समयमा परमेश्वरले मानिसहरूलाई कसरी, कुन आधारमा बचाउन सक्नुभयो त ?

यसको उत्तर हामी यस प्रकारले दिन्छौंः त्यस बेला ख्रीष्ट येशू अझ मर्नुभएको थिएन; तैपनि परमेश्वरले येशूको त्राणात्मक मृत्यु हुने नै छ भन्ने कुरा निश्चित रूपले जान्नुभएको थियो। अनि भविष्यमा हुन आउने यही ख्रीष्ट येशूको प्रायश्चित्तको कामको आधारमा परमेश्वरले ख्रीष्टपूर्वमा जिउने मानिसहरूलाई बचाउनुभयो। पुरानो नियमका सन्तहरूलाई गलगथाको विषयमा केही पनि जानकारी वा ज्ञान थिएन होला, तर परमेश्वरले प्रभु येशूको मृत्युको सम्बन्धमा सबै कुरा अघिदेखि नै जान्नुभएको थियो, अनि जब मानिसहरूले सत्य परमेश्वरमाथि आफ्नो विश्वास राखे, तब परमेश्वरले ख्रीष्ट येशूले पछिबाट उनीहरूका निम्ति पूरा गर्नुभएको त्राण-कार्यको सारा मूल्य तिनीहरूको हिसाबमा लगाइदिनुभयो। यसकारण यसो भन्न मिल्छः वास्तवमा, पुरानो नियमको समयमा जिउने सबै विश्वासीहरूले उधारो रूपले मुक्ति पाएका थिए; किनकि उनीहरूलाई बचाउने दाम अझ तिर्न बाँकी नै थियो। इतिहासमा

उनीहरूले उनीहरूको अगाड़ि भविष्यमा हुने ख्रीष्टको मृत्युतिर हेर्दथिए, जब हामीचाहिँ पछाड़ि फर्केर इतिहासमा भइसकेको त्राणको काम हेर्दछौं ।

प्रेरित पावलले भन्न चाहेको यही हो, जब उनले भन्दछन्, कि ख्रीष्ट येशूको प्रायश्चित्तको कामले परमेश्वरको धार्मिकता निम्न कुरामा प्रमाणित गरेको छः आफ्नो सहनशीलतामा परमेश्वरले बितेको समयमा गरिएका पापहरू सहनुभयो, तिनलाई बेवास्ता गर्नुभयो। कति मानिसहरूले आफ्नो गलत विचारमा ठानेजस्तो उनले यहाँ यस्तो व्यक्तिका पापहरूको विषयमा कुरा गर्दैनन्, जुन पापहरू उसले प्रभुकहाँ फर्केर आउनुभन्दा अघाड़ि गरेको थियो । किनभने यस प्रकारको भूलधारणाले ख्रीष्टको त्राणको कामले नयाँ जन्म पाउनुभन्दा अघि गरेका पापहरू हटाउँछ, तर प्रभुकहाँ फर्केपछिका पापहरूको विषयमा केकसो ? के यसको जिम्मा हाम्रो हो ? होइन नि ! प्रभु येशू क्रूसमा मर्नुभन्दा अघिको समयमा परमेश्वरले जति मानिसहरूलाई बचाउनुभयो, उहाँले उनीहरूकै पापहरू सहनुभएको र एक प्रकारले तिनको बेवास्ता गर्नुभएको कुरा यस पदमा पावलको विषयवस्तु हो । कसैको विचारमा 'अरे, परमेश्वरले यी मानिसहरूका पापहरू कसरी क्षमा गर्न सक्नुभयो, अथवा कसरी उहाँले ती पापहरूको बेवास्ता गर्नुभयो होला' भनेझैं लाग्न सक्थ्यो । यस सम्बन्धमा पावलले यसो भन्छन्ः 'होइन, उहाँले खास गरी यसो गर्नुभएन; उहाँले ख्रीष्ट येशूको त्राणको कामले ती पापहरूका निम्ति पूरा दाम तिर्नेछ भन्ने कुरा जान्नुहुन्थ्यो, र यस आधारमा उहाँले यी पुरानो नियमका मानिस-हरूका पापहरू क्षमा गरेर उनीहरूलाई मुक्ति दिनुभयो ।

यसकारण पुरानो नियमको समय परमेश्वरको सहनशीलता देखाउने थियो। त्यस समयभरि नै कम्तीमा चार हजार वर्षसम्म उहाँले यी पापहरूमाथि गर्नुपर्ने आफ्नो न्याय थामिराख्नुभयो। त्यसपछि जब परमेश्वरको समय पूरा भयो, तब उहाँले आफ्नो एकमात्र पुत्रलाई संसारको पाप उठाइलैजाने थुमाको रूपमा पठाउनुभयो । जुन बेला प्रभु येशूले हाम्रा पापहरू उठाएर आफ्नो शरीरमा बोक्नुभयो, त्यस बेलामा परमेश्वरले आफ्नो धार्मिक क्रोध आफ्ना प्रिय पुत्रमाथि खन्याउनुभयो, अँ, त्यसको पूरा जलन र प्रचण्डतामा आफ्ना स्नेहपात्रमाथि छोड़िदिनुभयो ।

**रोमी ३ः२६ः** अब यस वर्तमान समयमा ख्रीष्ट येशूको प्रायश्चित्तरूपी मृत्युले परमेश्वरको धार्मिकता यसैमा प्रमाणित गर्दछः परमेश्वर पूर्णतया धर्मी हुनुहुन्छ; किनकि उहाँले पापहरूको दण्डका निम्ति ठहराइएको पूरा दाम पाउनुभयो। अनि अब उहाँ भक्तिहीन मानिसहरूलाई धर्मी ठहराउन सक्नुहुन्छ, किनभने यसो गर्नका निम्ति पापीहरूको स्थान लिनुहुने येशू, ती पवित्र र सिद्ध व्यक्ति तिनीहरूको सट्टामा मर्नुभयो र मरेको तेस्रो दिनमा फेरि जीवित भई मरेकाहरूबाट बौरिउठ्नुभयो। यसरी नै पापी मानिसहरूलाई धर्मी ठहराउनुहुँदा परमेश्वरले तिनीहरूका पापहरूको बेवास्ता गर्नुपरेन, तिनीहरूका पापहरू नदेख्नुभएको जस्तै पनि गर्नुपरेन, न उहाँले आफ्नो धार्मिकता कुनै खतरामा हाल्नुपर्‍यो।

यो कुरा श्री अल्बर्ट मिड्लेनले निम्न काव्यमा प्रस्तुत गरेका छन्ः

परमश्वरको धार्मिकताको सिद्ध रूप देखाउनलाई
हाम्रा मुक्तिदाता प्रभुको रगत यसको साक्षी बसेको छ।
किनकि ख्रीष्टको क्रूसमा हामी उहाँको धार्मिकताले
एउटा अद्‌भुत अनुग्रहको रूप धारण गरेको देख्छौं।

परमेश्वरले पापी मानिसलाई दण्ड नदिई छोड्न सक्नुहुन्न;
उसका पाप र अपराधहरूले आफ्नो उचित सजाय निम्तो गरे;
पापी मानिस मर्नुपर्छ।
तर ख्रीष्टको क्रूसबाट हामी छरलङ्ग बुझ्न सक्छौंः
अँ, यसरी नै परमेश्वर पापी मानिसलाई बचाउन सक्नुहुन्छ,
र पनि धर्मी रहनुहुन्छ।

मुक्तिदाता प्रभुले हाम्रा पापहरू बोक्नुभयो,
तिनलाई उठाएर लैजानुभयो;
हाम्रा पापहरूको ऋण उहाँको रगतको दाममा चुक्ता भएको छ।
न्यायको कड़ा माग पूरा भएको छ; अब कृपाको भण्डार खुला छ।

अब पापी मानिसले विश्वास गर्न र पूरा छुट पाउन सक्छ।
उसले 'मुक्तिदाता प्रभु मेरा निम्ति मर्नुभएको हो' भन्ने कुरा मानिलिन्छ;
उसले प्रायश्चित्तको रगतलाई औंलाएर यसो भन्छः
'यही रगतले परमेश्वरसित मेरो मेलमिलाप गराएको छ।'

**रोमी ३ः२७ः** परमेश्वरको यस मुक्तिको अद्‌भुत योजनाको विषयमा कुनचाहिँ मानिसले घमण्ड गर्न सक्छ त ? यसो गर्ने कुनै ठावै रहेन। मानिसले घमण्ड गर्न नसक्ने कारण के होला ? मुक्तिचाहिँ कामहरूद्वारा पाइने कुरा भएको भए मानिसका कामहरू उसका निम्ति घमण्ड गर्ने मूलकारण हुनेथिए। वाह-वाह गर्दै आफूलाई स्याबासी दिने त्यसलाई थुप्रै मौकाहरू मिल्नेथिए; तर अबचाहिँ ख्रीष्ट येशूमा कामहरू गरेर मुक्ति कमाउन खोज्नेहरूका निम्ति तिनीहरूको मूलकारण हटिगयो; किनकि मुक्तिचाहिँ कामविना नै, विश्वासद्वारा पाइन्छ। यसैले अब घमण्ड गर्ने ठावै रहेन। अब ख्रीष्ट येशूमा धर्मी ठहरिएको मानिसले यसो भन्दै स्वीकार गर्दछः 'सबै पापहरू मैले नै गरें; तर मलाई बचाउनुभएकोमा सम्पूर्ण श्रेय प्रभु येशूले पाउनुपर्छ; किनभने मुक्तिको सम्पूर्ण कार्य उहाँको दयाको काम हो।' स्वयम्‌सिद्ध हुने जुनै पनि भावना, आफूले आफूलाई सुधार गर्न सक्ने, आफूले आफूलाई बचाउन सक्ने जुनै पनि विचार मुक्ति दिलाउने साँचो विश्वासले अस्वीकार गरेर पूरा रद्दी गर्दछ। साँचो विश्वासले आफूमा केही पनि देख्दैन, तर सम्पूर्ण आशा र भरोसा प्रभु येशूमाथि राख्दछ र उहाँलाई नै आफ्नो व्यक्तिगत मुक्तिदाता बनाउँदछ।

अब सच्चा विश्वासको भाषाका शब्दहरू सुन्नुहोस्‌ !
मेरो हातमा कुनै दाम छैन, जो म ल्याउन सक्नेथिएँ।
हे प्रभु येशू, अरू कुनै थोकलाई होइन,
केवल तपाईंको क्रूसलाई म अङ्गाल्छु।
म नाङ्गै छु; मलाई आफ्नो वस्त्रले ढाकिदिनुहोस्‌ !
म सहाराहीन छु; म अभागीमाथि निगाह देखाउनुहोस्‌ !
म मैलो छु; मलाई धुनुहोस्‌ !
हे प्रभु मुक्तिदाता, मलाई धुनुहोस्‌, नत्रता म मर्नेछु।

अगुस्टस एम. टोप्लेडी

**रोमी ३ः२८ः** आफ्नो तर्कको निष्कर्षमा आएर प्रेरित पावलले यसो भन्दछन्‌ः 'व्यवस्थाका कामहरूविना, विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ।' घमण्ड गर्ने ठाउँ नरहने मूलकारण यस्तो हुँदो रहेछ।

**रोमी ३ः२९ः** ख्रीष्टको सुसमाचारले कुन प्रकारले परमेश्वरको परिचय दिँदैछ ? के उहाँ यहूदीहरूका मात्र परमेश्वर हुनुहुन्छ ? होइन,

उहाँ अन्यजातिका मानिसहरूका पनि परमेश्वर हुनुहुन्छ। प्रभु येशू ख्रीष्ट मानिसहरूको एउटै जातिका निम्ति मात्र मर्नुभएन; उहाँ सारा संसारका मानिसहरूका निम्ति मर्नुभयो। सुसमाचारद्वारा पूरा मुक्ति पाइने र अनुग्रहको वरदानरूपी मुक्ति सित्तैंमा पाइने परमेश्वरको प्रस्तुति सबै मानिसहरूकहाँ पेस गरिँदैछ, चाहे तिनीहरू यहूदी कि अन्यजातिका मानिसहरू किन नहोऊन्। जो इच्छुक छ, मुक्ति उसका निम्ति हो।

**रोमी ३:३०:** यहूदीहरूका निम्ति एक परमेश्वर र अन्यजातिहरूका निम्ति अर्को परमेश्वर अर्थात् दुईवटा परमेश्वर - त्यो हुनै सक्दैन। सबै मानिसहरूका निम्ति परमेश्वर एउटै हुनुहुन्छ, र मुक्तिको बाटो पनि एउटै मात्र हुन्छ। उहाँले खतना भएका यहूदी मानिसहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ; अनि उहाँले खतना नभएका अन्यजातिका मानिसहरूलाई पनि विश्वासद्वारै धर्मी ठहराउनुहुन्छ। मूलभाषामा यहाँ, यस ठाउँमा दुई किसिमका पूर्वसर्ग प्रयोग गरिएका छन्। पहिलो पूर्वसर्गको अर्थ '-बाट'[11] हो, र अर्को पूर्वसर्गको अर्थ '-द्वारा'[11] हो। यसो किन गरिएको हो, सो हामीलाई थाहा छैन, तर कुरा व्यवहारमा ल्याउँदा यहाँ यी दुईवटा पूर्वसर्गमा केही भिन्नता दिखिँदैन; किनकि दुईपल्ट धर्मी ठहरिने आशिष पाउने एकमात्र माध्यमचाहिँ विश्वास हो।

**रोमी ३:३१:** अब एउटा महत्त्वपूर्ण प्रश्न रहेको छ, जसको छलफल गर्नु जरुरी छः मोशाको व्यवस्था पालन गरेर होइन, तर प्रभु येशूमाथि राखिएको विश्वासद्वारा मुक्ति पाइन्छ भन्ने कुरा जब हामी गर्दछौं, तब कसैले व्यवस्था निकम्मा पो भएछ भन्ने कुरा बुझ्न सक्दछ। अब यस 'काम नलाग्ने' व्यवस्थाका निम्ति ठावै नरहेझैं के हामीले त्यसलाई हेला गरौं त? होइन, बिलकुलै होइन। कुरा उल्टो छ; ख्रीष्टको मुक्तिको सुसमाचारले बरु व्यवस्थालाई पुष्टि गर्दो रहेछ! अनि यो यस्तो हुन्छः

मोशाको व्यवस्थाले त्यसको अधीनतामा रहेका, त्यसलाई मान्ने मानिसहरूबाट सय प्रतिशत, अँ, पूरा आज्ञाकारिताको माग गर्दछ। जसले व्यवस्थाको कुनै आज्ञा उल्लङ्घन गर्दछ, त्यसले यसको दण्ड भोग्नुपर्छ। अनि व्यवस्थाअन्तर्गत यसको सजायचाहिँ मृत्यु हो। व्यवस्थाको नियम भङ्ग गर्ने मानिस आफैले यसको सजाय भोग्न चाह्यो भने त्यो मानिस

अनन्तसम्म विनाशमा पर्नेछ। तर सुसमाचारको सत्य वचनले हामीलाई के भन्दछ भने, ख्रीष्ट येशूले आफ्नो क्रूसको मृत्युद्वारा व्यवस्थाका नियमहरू भङ्ग गर्ने मानिसहरूका निम्ति यो सजाय भोग्नुभयो। उहाँले व्यवस्थालाई बेवास्ता गर्नुभएन, त्यसलाई मतलबहीन ठान्नुभएन; तर व्यवस्थाअन्तर्गत रहेको अपराधीलाई लागेको ऋण चुक्ता गर्नलाई उहाँले व्यवस्थाले त्यस अपराधीबाट खोजेको माग पूरा गरिदिनुभयो र त्यसको सम्पूर्ण ऋण तिरिदिनुभयो। यसकारण अहिले हरेक मानिस, जसले व्यवस्थाको कुनै नियम भङ्ग गरेको छ, उसैले ख्रीष्ट येशूले उसका निम्ति दण्डरूपी ऋण तिरिदिनुभएको कुराबाट लाभ उठाउन सक्दछ। यस प्रकारले मुक्ति विश्वासद्वारा सित्तैंमा पाइने सुसमाचारको वचनले व्यवस्थालाई पुष्टि गर्दछ; किनकि त्यसले यसो भन्दछः व्यवस्थाका सबै मागहरू वा सर्तहरू पूरा हुनैपर्छ; अनि ख्रीष्ट येशूमा व्यवस्थाका ती मागहरू सधैंका निम्ति सम्पूर्ण तवरले पूरा भएका छन्।

## ङ) रोमी ४ः१-२५ः सुसमाचार पुरानो नियमसित पूरा मिल्छ।

हाम्रा एघार प्रमुख प्रश्नहरूमध्ये पाँचौंचाहिँ यस प्रकारको थियोः 'के सुसमाचारको शिक्षाले पुरानो नियमका पवित्र लेखोटहरूमा प्रकट गरिएको शिक्षासित मेल खान्छ त?' उनको पत्रको पाठकगणमध्ये यहूदी पृष्ठभूमिबाट आएकाहरूका निम्ति यस प्रश्नको उत्तर बढ़ी महत्त्वपूर्ण हुन्छ। यहाँ, यस खण्डमा प्रेरित पावलले विश्वासद्वारा धर्मी ठहरिने सम्बन्धमा नयाँ नियम र पुरानो नियमको बीचमा पूरा तालमेल रहेको देखाउँछन्; किनकि धर्मी ठहरिने कारण सधैं विश्वासै थियो।

**रोमी ४ः१ः** रोमी चार अध्यायमा पावलले इस्राएलीहरूको इतिहासका दुईजना महान् व्यक्तिहरूका नाम लिन्छन्ः अब्राहाम र दाऊद। यी दुईजनासँग परमेश्वरले विशेष वाचाहरू बाँध्नुभयो। अब्राहामचाहिँ मोशाको व्यवस्था दिइएको समयभन्दा सयौं वर्ष अघि जिएका थिए, अनि दाऊदचाहिँ व्यवस्था दिइएको समयभन्दा धेरै वर्षहरूपछि जिएका थिए।

अब्राहामको खतना हुनुभन्दा अघि तिनी विश्वासद्वारा धर्मी ठहरिए, अनि दाऊदचाहिँ उनको खतना भएपछि धर्मी ठहरिए।

आउनुहोस्, हामी पहिले अब्राहाममा आफ्नो ध्यान लगाऔं! किनकि सबै यहूदीहरूले तिनलाई 'शरीरअनुसार हाम्रा पिता'[12] भनेर स्वीकार गर्दथे। अब्राहामको जीवनको अनुभव के थियो?

**रोमी ४:२:** कामहरूद्वारा अब्राहाम धर्मी ठहरिएका भएदेखि तिनको घमण्ड गर्ने कारण हुनेथियो। परमेश्वरको सामु धर्मी गनिएकोमा तिनले आफूलाई स्याबासी दिन सक्नेथिए। तर यसो गर्न असम्भव नै छ। कहिल्यै कुनै मानिसले पनि परमेश्वरको सामु घमण्ड गर्न सक्दैन (एफेसी २:९)। हामीले पवित्र शास्त्रभित्र खोजिहेर्‍यौं भने अब्राहाममा परमेश्वरको सामु घमण्ड गर्ने कुनै कारण थियो, र यसैले तिनी काम-हरूद्वारा धर्मी ठहरिए भन्ठान्नका निम्ति हामी कुनै प्रकाशको झलक, अँ, यस प्रकारको तर्कका निम्ति कुनै आधार पाउँदैनौं।

तर याकूब २:२१ पदको विषयमा केकसो? किनकि त्यस पदमा यसो लेखिएको छः 'हाम्रा पिता अब्राहामले जब आफ्ना छोरा इसहाकलाई वेदीमाथि चढ़ाए, तब के उनी कामहरूद्वारा धर्मी ठहरिएका थिएनन् र?' त्यस पदको अर्थ निक्कै फरक छ। जब परमेश्वरले *'अब आकाशतिर हेर, र तिमीले ती ताराहरू गन्न सक्छौ भने तिनलाई गन्ती गर! ... तिम्रो वंश यस्तै हुनेछ'* भनेर अब्राहामलाई प्रतिज्ञा गर्नुभयो, तब परमेश्वरले उनलाई दिनुभएको कबुल उनले विश्वास गरे। यसैले उत्पत्ति १५:६ पदमा लेखिएको छः *'उनले परमप्रभुमाथि विश्वास गरे; अनि उहाँले यो कुरा उनका निम्ति धार्मिकता ठहराउनुभयो।'* अनि त्यस समयदेखि लगभग तीस वर्षपछि उत्पत्ति २२ अध्यायमा आएर अब्राहाम परमेश्वरका निम्ति आफ्ना छोरा इसहाकलाई होमबलि गर्न तयार भए। त्यस काममा नजर राखेर याकूबले कामहरूद्वारा धर्मी ठहरिए भनेछन्; तर यसको खास अर्थ 'अब्राहामले आफ्नो विश्वासको प्रमाण दिए' हुनुपर्छ; किनभने त्यस बेला त्यस काममा परमेश्वरको आज्ञाप्रति देखाइएको उनको आज्ञाकारिताले उनको विश्वासको वास्तविकताको पक्का प्रमाण दिएको थियो। यो ता उनको विश्वासको बाहरी प्रदर्शन मात्र थियो; किनभने निश्चय नै उनी अघिबाटै विश्वासद्वारा धर्मी ठहरिसकेका थिए।

**रोमी ४ः३ः** अब अब्राहाम धर्मी ठहराइएको विषयमा हामी धर्मशास्त्रका पवित्र लेखोटहरूले के भन्दा रहेछन्, सो हेरौं ! उत्पत्ति १५ः६ पदले भन्दछः *'उनले परमप्रभुमाथि विश्‍वास गरे; अनि उहाँले यो कुरा उनका निम्ति धार्मिकता ठहराउनुभयो ।'* त्यस बेलाको कुरा होः परमेश्‍वर अब्राहामकहाँ देखा पर्नुभयो, र उहाँले उनलाई उनका सन्तानहरूचाहिँ आकाशका ताराहरूझैं अनगिन्ती हुनेछन् भन्ने प्रतिज्ञा गर्नुभयो। तब अब्राहामले परमप्रभुको यस प्रतिज्ञाको वचन विश्‍वास गरे, र उहाँले यो कुरा अर्थात् उनको विश्‍वास धार्मिकता सम्झेर उनको हिसाबमा राख्नुभयो, अर्थात् विश्‍वासद्वारा अब्राहाम धर्मी ठहरिए। कुरा बुझ्न एकदम सरल छः कामहरू छोड़िदिऔं ! विश्‍वासद्वारा अब्राहाम धर्मी ठहरिए। कामहरूको विषयमा कुनै कुरा बताइएको छैन, तब कामहरू यहाँ बीचमा किन आउन दिने ? अब्राहामको धर्मी ठहराइमा कामहरूको कुनै पनि सरोकार छैन नै ।

**रोमी ४ः४ः** पावलको तर्कले हामीलाई यस पदमा ल्याएको छ, जहाँ हामी पवित्र बाइबलभित्र परमेश्‍वरको मुक्तिको योजनामा विश्‍वास र कामको बीचमा रहेको भिन्नता केमा छ, सो सम्बन्धमा सबैभन्दा राम्रो व्याख्या पाउँदछौं। मानिलिनुहोस्ः आफ्नो जीविका चलाउन कुनै मानिसले काम गर्दछ, मानौं उसले एक हप्तासम्म काम गऱ्यो, र हप्ताको अन्तमा उसले आफ्नो ज्याला पायो। उसले आफ्नो कामको ज्याला पाउनैपर्छ, किनभने उसले त्यो आफ्नो कामले कमाएको हो; त्यो ज्याला उसको अधिकार हो । उसले काम गर्ने मालिकलाई ढोग्दैन, तिनको पाउ मल्दैन, तिनलाई चिप्लो घस्दैन पनि । उसले 'मलाई काम दिएकोमा यस ठूलो मौकाका निम्ति मुरी-मुरी धन्यवाद' भनेर तिनलाई धन्यवाद पनि दिँदैन, न उसले 'म ता यस ज्यालाको योग्य छैनँ' भनेर भन्छ। होइन, होइन । उसले त्यो पैसा आफ्नो खल्तीमा हालेर 'यस काममा मैले आफ्नो बल र समय खर्च गरें; मैले अरू केही होइन, मैले पाउनुपर्ने मेरै पारिश्रमिक मात्र पाएँ' भन्दै आफ्नो घरतिर हिँड़िहाल्छ । तर धर्मी ठहराउने सम्बन्धमा कुरा कदापि यस्तो हुँदैन ।

**रोमी ४:५:** हामीलाई अचम्म लाग्ने र शुरुमा कसैलाई धक्का दिने कुरा के हो? धर्मी ठहरिन खोज्ने मानिसले कामै गर्दैन, कामहरू गर्नुपर्दैन। 'मुक्ति म आफैले कुनै न कुनै तरिकाले कमाउन सक्छु' भन्ने विचार खारिज गरेर उसले त्यो भूलधारणा आफूबाट एकदम टाढ़ा राख्छ। उसले आफूमा मुक्ति पाउने कुनै योग्यता देख्दैन, र 'मलाई मेरो पुण्यफल दिनैपर्छ' भन्ने विचार पूरै इन्कार गर्दछ। उसले यसो भन्दै मानिलिन्छः 'कुनै हालतमा पनि, जेजस्तो गरे ता पनि कहिल्यै म आफ्नै कोशिश र परिश्रमले परमेश्वरका धार्मिक मागहरू पूरा गर्न सक्दिनँ।'

आफ्ना धर्मकर्महरूमाथि भरोसा राख्नुको सट्टामा उसले बरु उहाँमाथि आफ्नो विश्वास राख्दछ, जसले भक्तिहीनहरूलाई धर्मी ठहराउनुहुन्छ। उसले आफ्नो विश्वास र भरोसा प्रभु येशूमाथि राख्दछ। उसले परमेश्वरको वचन सत्य ठान्दछ, र उहाँको वचन विश्वासद्वारा ग्रहण गर्दछ। यस प्रकारको विश्वासचाहिँ पुण्यफल कमाउने कार्य नै होइन। उसले विश्वास गरेकोमा उसको कुनै योग्यता हुँदैन; सम्पूर्ण योग्यता प्रभु येशूमा छ; अनि उहाँमा र उहाँको धार्मिकतामा उसको विश्वास बिसाउँदछ।

याद गर्नुहोस्! उसले भक्तिहीनहरूलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास राख्दछ। 'मैले ता सकेसम्म कोशिश गरें', 'मैले मत्ती ७:१२ अनुसार त्यो स्वर्ण नियम पालन गरें', 'म अरू मानिसहरूजस्तै खराब हुँदिनँ' भनेर उसले केही बहाना निकाल्दैन। आफूलाई भक्तिहीन, अपराधी, अधम पापी सम्झेर ऊ केवल परमेश्वरको कृपा पाउन उहाँको शरण पर्दछ।

अनि यसको नतिजा के हुन्छ? उसको विश्वास उसका निम्ति धार्मिकता गनिन्छ। उसले कुनै काम गरेन, तर हृदयभरिको विश्वास लिएर ऊ परमेश्वरकहाँ आयो; यसैले परमेश्वरले उसको विश्वास धार्मिकता सम्झेर उसको हिसाबमा लगाइदिनुभयो। मरेकाहरूबाट बौरिउठ्नुभएको मुक्तिदाता प्रभुका पुण्यकर्म र योग्यताद्वारा परमेश्वरले उसलाई त्यस धार्मिकताको वस्त्रले पहिराउनुहुन्छ। यसरी नै ऊ स्वर्गको

योग्य भएको हुन्छ। अबदेखि उसो परमेश्वरले सदैव उसलाई ख्रीष्ट येशूमा भएको देख्नुहुन्छ, र यस आधारमा उसलाई स्वीकार गर्नुहुन्छ।

निचोड़मा हामी यहाँ भनौं: धर्मी ठहराउने कुरा असल मानिसहरूका निम्ति होइन रहेछ, तर भक्तिहीन मानिसहरूका निम्ति हुँदो रहेछ। कोही मानिस धर्मी ठहरिनु हो भने यो परमेश्वरको अनुग्रहको दान हो, र कहिल्यै कुनै मानिसको कामरूपी कमाइको फल हुँदैन। मानिस कहिल्यै काम-हरूद्वारा धर्मी ठहरिँदैन, ऊ जहिले पनि विश्वासद्वारा नै धर्मी ठहरिन्छ।

**रोमी ४:६:** आफ्नो तर्क अझ पुष्टि गर्नलाई प्रेरित पावलले यस खण्डमा दाऊदको उदाहरण लिएका छन्। 'यसरी ...' भन्ने शब्दमा हामीले ध्यान दिनुपर्छ; किनभने अब्राहामले अनुभव गरेजस्तै दाऊदको अनुभव पनि त्यस्तै थियो। भजनको लेखक र गीतकार दाऊदका शब्दको अर्थ बुझ्ने कोशिश गरौं! उनले 'त्यो मानिस धन्यको हो' भने, जसका अधर्महरू क्षमा भए र जसका पापहरू ढाकिए। यस्तो व्यक्तिलाई परमप्रभु परमेश्वरले उसको कुनै कामविना धर्मी ठहराउनुभयो। दाऊदका यी शब्दहरू प्रेरित पावलले भजन ३२:१-२ पदबाट उद्धृत गरेका छन् (रोमी ४:७-८)।

**रोमी ४:७:** *'तिनीहरू जसका अधर्महरू क्षमा भएका छन् र जसका पापहरू ढाकिएका छन्, तिनीहरू नै धन्य हुन्!*

**रोमी ४:८:** *जुन मानिसलाई परमप्रभुले पापी ठहराउनुहुनेछैन, त्यो मानिस धन्य हो!'*

भजन ३२:१-२ पदबाट प्रेरित पावलले के देख्न सके? पहिलो कुरा, दाऊदले कामहरूको विषयमा केही पनि भनेनन्। यसर्थ पापको क्षमाचाहिँ कहिल्यै मानिसको प्रयत्नको फल होइन, तर जहिले पनि परमेश्वरको निगाहको फल हो। दोस्रो कुरा, उनले के बुझे भने, जब परमेश्वरले कुनै मानिसलाई उसको पापको खातिर पापी ठहराउनुहुन्न, तब ऊचाहिँ परमेश्वरका आँखामा धर्मी ठहरिएको हुनुपर्छ। अन्तमा उनले स्पष्ट देखे: परमेश्वरले भक्तिहीन मानिसहरूलाई धर्मी ठहराउनुहुँदो रहेछ; किनकि दाऊदचाहिँ व्यभिचारी मानिस थिए, र हत्याको दोष उनलाई पनि लागेको थियो। उनको अवस्था यसो भए ता पनि उनले परमेश्वरको

निगाहमा आफ्ना जम्मा पापहरू पूरा रूपले क्षमा भएको मीठो अनुभव गरे ।

**रोमी ४:९:** प्रेरित पावलको श्रोतागणमा यहूदी मानिसहरू पनि थिए, जसको मनभित्र केवल खतना भएका मानिसहरूले धर्मी ठहरिन सक्छन् भन्ने विचार ढुकेर बसेको छ भन्ने कुरा उनलाई थाहा थियो । यसैले उनले फेरि पनि अब्राहामको जीवनको अनुभव लिएर यो कुरा होइन पार्दछन् । हुन पनि हो, प्रेरित पावलले अब्राहामलाई उदाहरणका निम्ति लिएको कारणले कसैलाई 'धर्मी ठहरिने कुरा यहूदीहरूको मात्र पेवा हो रहेछ' जस्तै लाग्न सक्दथियो । यसैले उनले निम्न प्रश्न सोध्छन्ः 'धार्मिकता गनिएको यो धन्य अवस्था खतना भएका यहूदी विश्वासीहरूका निम्ति मात्र हो, कि के यो आशिष खतना नभएका अन्यजातिका विश्वासीहरूका निम्ति पनि हो ?'

**रोमी ४:१०:** तर प्रेरित पावलले अब्राहामको जीवनको इतिहास पल्टाएर एउटा कुरा पक्रेका छन्, जुन कुरा हामीमध्ये धेरैजनाका आँखाको सामु छिपेर रहनेथियो । हामीमध्ये कसको ध्यान यस कुरामा परेको थियो, कि अब्राहामको खतना हुनुभन्दा अगाड़ि नै उनको विश्वास उनका निम्ति धार्मिकता ठहरियो ? (उत्पत्ति १५:६ र १७:२४) । अब्राहाम, इस्राएली जातिका मूलपुरुष र पूर्वज, उनको खतना नभएको बेलामा धर्मी ठहरिए भने खतना नभएका अरू मानिसहरू किन धर्मी ठहरिन सक्दैनन् त ? किनकि वास्तवमा त्यति बेलाका अब्राहामचाहिँ खतना नभएका अवस्थामा अर्थात् अन्यजातिको मानिसको अवस्थामा धर्मी ठहरिएका थिए । यस कुराले अरू अन्यजातिका मानिसहरूका निम्ति पनि धर्मी ठहरिने ढोका पूरा रूपले खुला रहेको देखाउँदछ; किनकि खतनासित यस कुराले कुनै पनि सम्बन्ध राख्दैन रहेछ ।

**रोमी ४:११:** खतनाचाहिँ अब्राहामलाई धर्मी ठहराउने माध्यम वा कारक नै थिएन । खतना उनको शरीरमा एउटा बाहिरी चिन्ह मात्र थियो, जुन चिन्ह उनले छापको रूपमा पाए, जसले विश्वासद्वारा परमेश्वरसित उनको सम्बन्ध सठीक भएको कुरा पुष्टि गर्‍यो । खास गरी खतनाचाहिँ परमेश्वर र इस्राएलीहरूको बीचमा बाँधिएको करारको बाहिरी चिन्ह

थियो। तर यहाँ प्रेरितले आफ्नो तर्कमा खतनाको अर्थ बढ़ाउँदै लगेका छन्, र खतनाले एउटा चिन्हको रूप लिएको छ, जसले त्यही धार्मिकतालाई सङ्केत गर्दछ, जो परमेश्वरले अब्राहामलाई विश्वासद्वारा दिनुभएको थियो।

यसमा थप कुरा हामी बुझौंः खतना एउटा चिन्ह हुनुको साथै एउटा छाप पनि थियो, जसरी लेखिएको छः *'खतना नभएको अवस्थामा उनले विश्वासद्वारा जुन धार्मिकता पाएका थिए, त्यही धार्मिकताको छापको रूपमा उनले खतनाको चिन्ह पाए।'* जुनै पनि चिन्हले भएकै कुरालाई सङ्केत गर्दछ; अनि जुन कुरा चिन्हद्वारा केवल सङ्केत गरिएको थियो, छापले त्यसको वास्तविक कुरा यही हो भनेर चिनाउँछ र सही हो भनेर प्रमाणित गर्दछ। परमेश्वरले अब्राहामलाई उनको विश्वासको आधारमा धर्मी गन्नुभएको र मान्नुभएको हो, अनि उनीसितको उहाँको व्यवहारचाहिँ एउटा धर्मी मानिससित गरिने सत्व्यवहार थियो भन्ने कुरा खतनाद्वारा पुष्टि गरेर अब्राहामलाई अझ स्पष्ट भयो।

यसरी खतनाचाहिँ अब्राहामको विश्वासरूपी धार्मिकतामाथि छापको रूपमा आएको थियो। यस कुराले दुईवटा अर्थ दिन्छः एक, अब्राहामको विश्वास धर्मी विश्वास थियो; अथवा दुई, अब्राहामले विश्वासद्वारा धार्मिकता प्राप्त गरे। दोस्रो अर्थ सठीक अर्थ हो। यसैले खतनाचाहिँ अब्राहामको धार्मिकताको छाप थियो, जुन धार्मिकता उनको विश्वाससित सम्बन्धित थियो वा जुन धार्मिकता उनले विश्वासद्वारा प्राप्त गरे।

अब्राहामको खतना हुनुभन्दा पहिल्यै उनी धर्मी ठहरिएका हुनाले उनी अरू खतना नभएका मानिसहरूका पिता, अर्थात् अन्यजातिका मानिसहरूमध्ये प्रभु येशूमाथि विश्वास गर्नेहरूका पिता हुन सक्छन्। यसको मतलब यही होः उनी जस्तै धर्मी ठहरिए, तिनीहरू पनि ठीक त्यही तरिकाले धर्मी ठहरिनेछन् - विश्वासद्वारा नै धर्मी ठहरिनेछन्।

अन्यजातिका मानिसहरूबाट जस-जसले प्रभु येशूमाथि विश्वास गर्छन्, तिनीहरूका पिता अब्राहाम हुन् भनेकोमा उनी र तिनीहरूको बीचमा कुनै शारीरिक नाताको सम्बन्ध छ भनेर सोच्नुहुँदैन। यो कुरा बुझ्न सरल छ। ती विश्वासीहरू कसरी अब्राहामका सन्तान भए? यो

कुरा हामीले कुन हिसाबले लिनुपर्छ ? तिनीहरूले अब्राहामको विश्वासको अनुसरण गरेकोमा तिनीहरू उनका सन्तान गनिएका छन् । अब्राहामसित तिनीहरूको सन्तान भएको सम्बन्ध जन्मसिद्धि सम्बन्ध थिएन; तर अब्राहामचाहिँ तिनीहरूको आदर्श, तिनीहरूको नमुना, तिनीहरूको प्रतीक थिए, जसको विश्वास तिनीहरूले अनुसरण गर्दछन् । यस हिसाबमा तिनीहरू उनका सन्तान भए । तर यस खण्डले अन्यजातिहरूबाट जतिजनाले विश्वास गर्छन्, तिनीहरू परमेश्वरको इस्राएल भए भनेर भन्न खोजेको होइन । तर परमेश्वरको इस्राएलचाहिँ तिनीहरू हुन्, जो यहूदी भएर प्रभु येशूलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा अप्नाउँछन् र उहाँलाई तिनीहरूका मसीह राजा तुल्याउँछन् ।

**रोमी ४ः१२ः** यहाँ, यस पदमा प्रेरित पावलले अब्राहामले खतनाको चिन्ह पाएको अर्को कारण बताउँछन् । उनी ती यहूदीहरूका पनि पिता गनिनु थियो, जसको खतना मात्र भएको थिएन, तर जसले त्यस विश्वासको मार्गमा उनका पहिलाहरूमा आफ्ना खुट्टा टेक्दछन् । तिनीहरूको विश्वास अब्राहामको विश्वाससित मिल्ने उस्तै-उस्तै विश्वास थियो, जुन विश्वास उनी खतना नभएको बेला र खतना नभएकै अवस्थामा उनीसँग थियो ।

अब्राहामको वंश र अब्राहामका सन्तानको भिन्नता छ । प्रभु येशूले फरिसीहरूलाई यसो भन्नुभयोः *'म जान्दछु, तिमीहरू अब्राहामका **सन्तान (अक्षरशः 'वंश')** हौ'* (यूहन्ना ८ः३७) । त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयोः *'तिमीहरू अब्राहामका **सन्तान (अक्षरशः 'छोराछोरीहरू')** हुँदा हौ ता तिमीहरूले अब्राहामकै कामहरू गर्नेथियौ'* (यूहन्ना ८ः३९) । यहाँ रोमी ४ः१२ पदमा प्रेरित पावलले यही भिन्नता राखेर भन्दछन्ः शरीरमा गरिएको खतनामा महत्त्व हुँदैन । जीवित परमेश्वरमाथिको विश्वास आवश्यक छ । यसैले यहूदीहरूबाट जतिजनाले प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्दछन्, तिनीहरूचाहिँ खास गरी परमेश्वरको इस्राएल हुन् ।

उक्त कुरा छोटकारीमा फेरि एकपल्ट भन्नु हो भने, अब्राहामको जीवनमा एउटा यस्तो समय थियो, जब उनीसँग विश्वास त थियो, तर उनको खतनाचाहिँ भएको थिएन । पछि उनको जीवनमा अर्को समय

आयो, जुन समयमा उनीसँग उनको विश्वास र उनको खतना पनि थियो। प्रेरित पावलको चीलको जस्तो तीखो आँखाले के देख्न सक्यो भने, प्रभु येशूमाथि विश्वास गर्ने अन्यजातिका मानिसहरूले र प्रभु येशूमाथि विश्वास गर्ने यहूदीहरूले - यी दुवैले अब्राहामलाई आफ्नो पिता भनेर दाबी गर्न सक्छन्। यी दुवै अब्राहामका छोराछोरीहरू हुन्।

**रोमी ४:१३:** स्क्रिप्चर यूनियनको टिप्पणीः 'प्रेरित पावलले आफ्नो तर्कमा निरन्तर अघि बढ्दै जान्छन्, र हुन सके वादीहरूबाट सम्भवतः उठ्न सक्ने सबै तर्क-वितर्कहरू आफ्नो मस्तिष्कको शक्तिले र पवित्र धर्मशास्त्र बाइबलबाट खण्डन गर्छन्।'[13] किनकि अब प्रेरित पावलले 'होइन, होइन; परमेश्वरको आशिष व्यवस्थामार्फत आएको हो' भन्ने वादीहरूले उठाएको उजुर खण्डन गर्दछन्। यसकारण तिनीहरूको दृष्टिमा व्यवस्था नजान्ने अन्य-जातिका मानिसहरू श्रापित थिए (यूहन्ना ७:४९)।

जब परमेश्वरले 'तिमी संसारका हकवाला हुनेछौ' भन्ने प्रतिज्ञा अब्राहाम र उनको वंशसित गर्नुभयो, तब उहाँले यस कबुलको आशिष, लीन भई कुनै धर्मनियममा लागिपर्ने सर्तमा निर्धारित गर्नुभएन। अनि गलाती ३:१७ पदअनुसार मोशाको व्यवस्था ४३० वर्षपछि मात्र दिइएको थियो। परमेश्वरद्वारा अब्राहामलाई दिइएको त्यस प्रतिज्ञामा कुनै सर्त राखिएको थिएन; उहाँको यो प्रतिज्ञा अनुग्रहको प्रतिज्ञा थियो, जो अब्राहामले विश्वासद्वारा ग्रहण गरे। अनि आज कुरा पनि यस्तै छः त्यस प्रकारको विश्वास गरेर हामीले यस अनुग्रहको समयमा परमेश्वरको धार्मिकता प्राप्त गर्नेछौं।

'संसारका हकवाला' भन्नुको तात्पर्य अब्राहाम यहूदीहरूका निम्ति मात्र नभएर धेरै जातिहरूका पिता (रोमी ४:१७-१८) अर्थात् अन्यजातिहरू र यहूदीहरूबाट जोजति विश्वास गर्ने भए, तिनीहरू सबैका पिता हुनेछन् (रोमी ४:११-१२)। अनि संसारका हकवाला हुने प्रतिज्ञा त्यस बेलामा पूर्णतया पूरा हुनेछ, जब प्रभु येशू ख्रीष्टले, जो अब्राहामको खास वंश हुनुहुन्छ, यस संसारमा आफ्नो राज्य स्थापित गर्नुहुनेछ अनि सारा संसारमाथि राजाहरूका महाराज र प्रभुहरूका परमप्रभुको रूपमा आफ्नो शासन चलाउनुहुनेछ।

**रोमी ४:१४ः** परमेश्वरको आशिष, अनि विशेष गरी त्यो धर्मी ठहरिने आशिष प्राप्त गर्न खोज्ने मानिसहरूले व्यवस्था पालन गरेर त्यो आशिष पाउन सक्छन् भने त हाम्रो विश्वासचाहिँ व्यर्थैको भयो, र परमेश्वरको प्रतिज्ञा बेकम्मा भयो। विश्वास किन व्यर्थै भयो ? किनभने विश्वासको सिद्धान्तचाहिँ व्यवस्थामा पाइने सिद्धान्तको ठीक विपरीत सिद्धान्त हो। विश्वासको सिद्धान्तअनुसार आशिष विश्वास गरेर पाइन्छ भने व्यवस्थाको सिद्धान्तअनुसार त्यसका सबै आशिषहरू कर्म गरेर र आज्ञापालन गरेर पाइने भयो। तब परमेश्वरको प्रतिज्ञा किन चाहिन्छ ? परमेश्वरको आशिष कर्महरूमा वा आज्ञापालनमा आधारित छ भने यस प्रकारका सर्तहरू कसैले पूरा गर्न सक्नेछैन नै; यसैले उहाँको आशिष कसैले नपाउने भयो।

**रोमी ४:१५ः** व्यवस्थाले परमेश्वरको आशिष कहाँ दिन्छ र ? त्यसले ता परमेश्वरको क्रोध पो उत्पन्न गर्दछ; किनभने जस-जसले व्यवस्थाका सबै आज्ञा र नियमहरू पूरा गर्न सक्दैनन् र लगातार पूरा गर्दैनन्, तिनीहरूलाई व्यवस्थाले दोषी ठहराउँछ-ठहराउँछ। अनि सफासँग भन्नुहोस्ः यस किसिमले व्यवस्था पालन गर्ने मानिस को होला ? कसैले व्यवस्था पूरा गर्न सक्दैन; तब व्यवस्थाको दृष्टिले हामी सबै दोषी छौं, र हामी मृत्युदण्ड पाउनुका योग्य हुन्छौं। तब यस्तो व्यवस्थाको अधीनतामा हामी आफूलाई किन पार्ने, जब व्यवस्थाको अधीनतामा आएकाहरू अनिवार्य रूपले श्रापमनि भएका हुन्छन् ?

*'तर जहाँ व्यवस्था छैन, त्यहाँ अपराध पनि छैन।'* यस सम्बन्धमा हामीले ३:२१-२३ पदको खण्डमा अघि भनिसक्यौंः जुन काम कसैले जानी-जानी कुनै नियमकानुनको विरुद्ध गर्दछ, यस्तो काम अपराध गनिन्छ। अनि याद गर्नुहोस्! यहाँ पावलले 'जहाँ व्यवस्था छैन, त्यहाँ पाप पनि छैन' भन्दैनन्; किनभने व्यवस्थाको नियम नभएको अवस्थामा पनि त्यो कुकर्म पाप गनिन्छ, जो परमेश्वरको दृष्टिमा सधैं गलत र बिलकुल खराब हुन्छ। तर त्यो कुकर्म त्यस बेला मात्र अपराध हुन जान्छ, जब कुनै नियमले त्यो काम मनाही गर्दछ। उदाहरणका निम्ति, स्कूलमा पढ्ने छात्रछात्राहरूको छुट्टी हुने बेलामा जुनै मानिसका निम्ति आफ्नो

मोटरकार लिएर ठूलो गतिमा ती विद्यार्थीहरू भएको ठाउँको बाटो भएर हाँक्नु पक्का पनि गलत हो । तर जबसम्म साइनबोर्डले 'गतिसीमा २० के.एम.' भन्दैन, तबसम्म त्यो दुर्व्यवहार अपराध गनिँदैन ।

यहूदीहरूको विचारमा, तिनीहरूसँग त्यो व्यवस्था भएको कारणले तिनीहरूले आफूलाई परमेश्वरको आशिषका हकवाला हौं भनेर सम्झन्थे । तर वास्तवमा व्यवस्थाले तिनीहरूलाई दिएको हकको सम्पत्तिचाहिँ अपराधहरूमाथि अपराधहरू थियो । परमेश्वरले तिनीहरूलाई व्यवस्था किन दिनुभयो ? तिनीहरूले पापलाई अपराध ठानून् भनेर नै । अथवा अरू शब्दहरूमा भन्नु हो भने, तिनीहरूले पापचाहिँ ज्यादा पापमय कुरा रहेछ, सो देखून् भन्ने हेतुले परमेश्वरले यहूदीहरूलाई व्यवस्था दिनुभयो । व्यवस्था दिनुभएकोमा पापी र अपराधी मानिसहरूले मुक्ति पाऊन् भन्ने परमेश्वरको उद्देश्य कहिल्यै थिएन ।

**रोमी ४:१६:** व्यवस्थाले परमेश्वरको क्रोध पैदा गर्दछ, र कसैलाई धर्मी ठहराउँदैन; यसैले परमेश्वरको मुक्तिको योजना अर्को भयोः मुक्ति विश्वासद्वारा पाइन्छ, यो परमेश्वरको अनुग्रहको फल हो । जब भक्तिहीन र पापी मानिसहरूले प्रभु येशूलाई साधारण विश्वासले ग्रहण गर्दछन्, तब परमेश्वरले तिनीहरूलाई सित्तैंमा अनुग्रहको वरदानस्वरूप अनन्त जीवन दिनुहुन्छ ।

यस प्रकारले जीवनको प्रतिज्ञा *'सबै सन्तानका निम्ति निश्चित गरियो ।'* यहाँ यस वाक्यका दुईवटा शब्द महत्त्वपूर्ण छन्ः *सबै* र *निश्चित* । पहिले, परमेश्वरले सबै विश्वासीहरूका निम्ति आफ्नो प्रतिज्ञा *पक्का र सुनिश्चित* पार्न चाहनुभयो । किनभने धर्मी ठहराउने कुरा व्यवस्था र मानिसमा भर परेको भए अर्थात् मानिसको आज्ञाकारिता र मानिसले गरेका धर्मका कामहरूमा निर्भर रहेदेखि कुनै मानिसले यसको विषयमा कहिल्यै निश्चित हुन सक्नेथिएन । किनकि त्यसले आफूले गरेका धर्मकर्महरू पर्याप्त भएका हुन्छन् कि हुँदैनन्, सो कहिल्यै जान्नेथिएन । कुनचाहिँ कामहरू गर्नुपर्ने हो, र ती कामहरू कतिपल्ट पूरा गर्नुपर्ने हो, सो सम्बन्धमा मानिस जहिले पनि दोधारमा पर्नेथियो । यसैले बुझ्नुहोस्ः जुन मानिसले मुक्ति धर्मकर्म र सुकर्महरूद्वारा कमाउन

चाहन्छ, त्यसमा मुक्तिको निश्चयता कहिल्यै हुँदैन। तर जब मुक्ति एउटा वरदानस्वरूप पेस गरिएको हुन्छ, जुन वरदानचाहिँ मानिसले विश्वासद्वारा ग्रहण गर्नुपर्छ, तब विश्वास गर्ने मानिस मुक्ति पाएको कुरामा निश्चित हुन सक्छ; किनभने परमेश्वरको प्रतिज्ञाको वचनचाहिँ यस निश्चयताको सत्‌आधार हो, जसरी परमेश्वरको वचनमा लेखिएको छ।

दोस्रो कुरा, परमेश्वरको प्रतिज्ञा *सबै* सन्तानका निम्ति निश्चित गरिएको छ। 'सबै' भन्नाले व्यवस्था पाएका यहूदीहरूलाई मात्र बुझिँदैन, तर ती अन्यजातिका मानिसहरूलाई पनि बुझिन्छ, जसले अब्राहामले गरेझैं परमेश्वरमाथि विश्वास राख्दछन्। अब्राहाम हामी सबैका पिता हुन्; यहूदीहरू र अन्यजातिहरूबाट जतिले विश्वास गर्दछन्, तिनीहरू सबैका पिता अब्राहाम हुन्।

**रोमी ४:१७:** यस पदमा आएर प्रेरित पावलले उत्पत्ति १७:५ पदमा 'मैले तिमीलाई धेरै जातिहरूका पिता बनाएको छु' भनेर लेखिएको कुरा बीचमा हाल्दछन्। अब्राहामचाहिँ साँच्चिकै सबै वास्तविक विश्वासी-हरूका पिता हुन् भन्ने कुरा पुष्टि गराउन उनले यसो गरेका छन्। परमेश्वरले इस्राएलीहरूलाई आफ्नो निज प्रजाको रूपमा छान्नुभयो; यो ता ठिक्कै हो। तर यसो गर्नुभएकोमा परमेश्वरको अनुग्रह र दया उनीहरूमा मात्र सीमित रहेको ठान्नु यसको अर्थ कदापि होइन। प्रेरित पावलले कुनै छलकपट नगरीकन पुरानो नियमबाट उद्धृत गरेको एक पदमाथि अर्को पद थप्दै के कुरा स्पष्ट पार्न खोजेका छन् भने, परमेश्वरले विश्वासलाई जहाँ, जुन मानिसमा भेट्टाउनुहुन्छ, त्यहाँ, त्यस मानिसको विश्वास उहाँले सधैं कदर गर्नुहुँदो रहेछ; परमेश्वरको अभिप्राय यस्तै छ।

*'ती परमेश्वरको सामु, जसलाई उनले विश्वास गरे'* भन्ने वाक्य हामीले ४:१६ पदसँग जोड्नुपर्छ; जहाँ लेखिएको छः 'अब्राहाम, जो हामी सबैका पिता हुन्;' किनभने अघि सोह्र पदमा व्यक्त गरिएको कुरा अब यहाँबाट अघि बढ्दै जान्छ। यी दुईवटा वाक्यहरू जोड्दा यस प्रकारले शब्दको तरङ्ग जान्छः अब्राहामचाहिँ ती परमेश्वरको सामु हामी सबैका पिता हुन्, जसलाई उनले विश्वास गरे, जसले मरेकाहरूलाई जीवित पार्नुहुन्छ र हुँदै नभएका चीजहरूलाई मानौं भएझैं गरी

बोलाउनुहुन्छ। परमेश्वरको विषयमा गरेको यो बयान जसलाई बुझ्न कठिन र जटिल लाग्छ, उसले अबदेखिका पदहरूमा ध्यान दिनुपर्छ, तब कुरा स्पष्ट हुन जान्छ। अब्राहामको समयमा परमेश्वरले कुन हिसाबले मरेकाहरूलाई जीवित पार्नुभयो त ? उहाँले अब्राहाम र सारासित नै यस प्रकारको काम गर्नुभयो। हुन त अब्राहाम र साराका शरीरहरू मरेका थिएनन्; तर उनीहरू निस्सन्तान थिए; अनि अब्राहाम र साराको उमेर धेरै ढल्किसकेको थियो; यसैले साराले कुनै बालबालिका जन्माउने सम्भावना थिएन (रोमी ४:१९)। अनि उहाँ हुँदै नभएका कुराहरूलाई मानौं भएझैं गरी बोलाउनुहुन्छ भन्ने विषयमा केकसो ? परमेश्वरका निम्ति 'तिम्रा सन्तानहरू यस्तै हुनेछन्' भन्ने वचन धेरै जातिहरूरूपी अब्राहामका अनगिन्ती सन्तानहरूको सम्बन्धमा त्यत्ति बेला पूरा भइसकेको जस्तै थियो (रोमी ४:१८)।

**रोमी ४:१८ः** यहाँसम्म आइपुग्दा प्रेरित पावलले जोड़ लगाएको कुरा के हो, सो हामीले बुझ्न सक्यौंः परमेश्वरको प्रतिज्ञाचाहिँ अब्राहामलाई व्यवस्थाद्वारा होइन, तर विश्वासद्वारा दिइयो। यसो गर्दा उहाँको प्रतिज्ञा अनुग्रहको वचन रहेर सबै सन्तानहरूका निम्ति निश्चित ठहरियो। तर्कवितर्कको यो लहर कहाँ टुङ्गिएला ? रोमी ४:१८ पदबाट शुरु गरेर त्यसको तरङ्गले सजिलोसँग मरेकाहरूलाई बौराएर उठाउनुहुने परमेश्वरमाथि राखिएको अब्राहामको विश्वासमा टुङ्गा लगाउँछ। परमेश्वरले अब्राहामलाई आकाशका ताराहरू र समुद्रका किनारामा भएका बालुवासरह अनगिन्ती सन्तान दिने प्रतिज्ञा गर्नुभयो। मानिसको दृष्टिमा यसो हुन असम्भव थियो। तर आशा नभएको अवस्थामा पनि आशा गरेर अब्राहामले 'म धेरै जातिहरूको पिता हुनेछु' भनेर विश्वास गरे, र 'तिम्रा सन्तानहरू यस्तै हुनेछन्' भनेर परमेश्वरले उत्पत्ति १५:५ पदमा उनलाई जस्तै प्रतिज्ञा गर्नुभयो, ठीक त्यस्तै आफ्नो जीवनमा उहाँको प्रतिज्ञा पूरा हुनेछ भन्ने आशा गरे।

**रोमी ४:१९ः** अब्राहामको उमेर पचहत्तर वर्षको हुँदाखेरि परमेश्वरले उनलाई पहिलो पल्ट प्रशस्त सन्तानहरू दिने प्रतिज्ञा दिनुभयो (उत्पत्ति १२:१-४)। त्यस बेला उनको शरीर अझ बुवा हुन सक्ने सक्षम

थियो; किनकि उनले इश्माएललाई जन्माए (उत्पत्ति १६ः१-११)। तर रोमी ४ः१९ पदमा आउँदाखेरि अब्राहामको उमेर लगभग एक सय वर्षको थियो; यति बेला परमेश्वरको प्रतिज्ञा उनका निम्ति फेरि दोहोरियो (उत्पत्ति १७ः१५-२१)। तर अब ता परमेश्वरको अचम्मको काम गर्ने अद्‌भुत शक्तिले बाहेक अब्राहामबाट जैजन्म हुने सम्भावना थिएन। ता पनि परमेश्वरको प्रतिज्ञा स्थिर रहेको थियोः साराबाट उनका निम्ति एउटा छोरा जन्मनेछ। अब्राहामले परमेश्वर र उहाँको प्रतिज्ञामाथि विश्वास गरे।

अब्राहामले आफ्नो शरीरलाई विचारै गरेनन्[14)], न आफ्नी पत्नीको कोखको मरेको अवस्थामा ध्यान दिए; उनी विश्वासमा कमजोर भएनन्। मानिसको दृष्टिकोणले उनले अझ एउटा छोरा जन्माउनु? असम्भव!! तापनि उनले परमेश्वरको प्रतिज्ञामाथि विश्वास राखे।

**रोमी ४ः२०ः** यस प्रतिकूल परिस्थितिअनुसार उक्त प्रतिज्ञा कहिल्यै पूरा हुनै सक्दैन भन्ने कुरा स्पष्ट थियो; तर यस कुराले उनी अलिकति पनि लड़खड़ाएनन्। बस, परमेश्वरले यसो भन्नुभएको हो। परमेश्वरले भन्नुभएको कुरा अब्राहामले विश्वास गरे; सिर्फ यति नै काफी थियो। अरू सबै कुरा छोड़ेर परमेश्वर उनीसँग झूट बोल्नुभएको कुरा अब्राहामका निम्ति असम्भव थियो। अब्राहामको विश्वास बलियो थियो; उनको विश्वास दृढ़ थियो। उनले परमेश्वरलाई महिमा र आदर दिए; किनभने परमेश्वर पूरा भरोसा गर्नुको योग्य हुनुहुन्छ; सम्भावना र संयोगका सबै नियमहरूलाई चुनौती दिएर उहाँले जुनै परिस्थितिमा पनि आफ्नो प्रतिज्ञा पूरा गर्नुहुने नै छ।

**रोमी ४ः२१ः** परमेश्वरले आफ्नो वचन कसरी पूरा गर्नुहुनेछ, सो कुरा अब्राहामले जान्दैनथिए; तर यो मुख्य कुरा थिएन। उनले परमेश्वरलाई चिन्दथिए; अनि परमेश्वरले जे प्रतिज्ञा गर्नुभएको छ, सो कुरा पूरा गर्न उहाँ सक्षम हुनुहुन्छ भन्ने दृढ़ भरोसा उनमा थियो। एक प्रकारले अब्राहामको यो विश्वास अद्‌भुत थियो। तर अर्को दृष्टिले हेर्नु हो भने सबैभन्दा न्यायसँगत कुरा यही नै थियो। किनभने परमेश्वरले बोल्नुभएको वचन सारा विश्वभरि नै सबैभन्दा सुनिश्चित र भरपर्दो कुरा

हो; यस दृष्टिकोणले अब्राहामलाई परमेश्वरको वचनमा विश्वास गरेकोमा कुनै हानि-नोक्सानी भोग्नुपर्ने अलिकति पनि जोखिम थिएन ।

**रोमी ४:२२:** परमेश्वर खुशी हुनुभयो; किनकि अब्राहाममा उहाँले एउटा मानिसलाई पाउनुभयो, जसले उहाँको वचन जस्तैको त्यस्तै विश्वास गरे। (यस्ता व्यक्तिलाई भेट्टाउँदा परमेश्वर सधैं खुशी हुनुहुन्छ।) अनि यसैकारण परमेश्वरले त्यो धार्मिकता अब्राहामको हिसाबमा लगाइदिनुभयो । जहाँ एक समयमा अब्राहामको खातामा उनको पाप र दोषरूपी 'बाँकी' थियो, त्यहाँ अब उनको ऋण पूरा चुक्ता भएको, परमेश्वरको अगाड़ि उनको हिसाब सम्पूर्ण रूपले सफा भएको र उनी बिलकुलै धर्मी ठहरिएको पाइयो । अब्राहाम दोषमुक्त भए; किनभने पवित्र परमेश्वरले उनलाई उनको विश्वासको खातिर धर्मी ठहराउनुभयो ।

**रोमी ४:२३:** अब्राहाम कसरी विश्वासद्वारा धर्मी ठहरिए, सो ऐतिहासिक वृत्तान्त उनको खातिर मात्र उल्लेख गरिएन । तर यो वृत्तान्त उनको खातिर लेखिएको कारण हामी यसैमा पाउँछौंः यो विवरणचाहिँ परमेश्वरको दृष्टिमा अब्राहाम कसरी दोषमुक्त भए र धर्मी ठहरिए, र उनले परमेश्वरको सामु त्यो सिद्ध दर्जा कसरी प्राप्त गरे, सो कहिल्यै नमेटिने लिखित प्रमाण हो ।

**रोमी ४:२४:** तर यो वृत्तान्त हाम्रो खातिर, हाम्रै लाभका निम्ति पनि लेखियो; किनकि अब्राहामको विश्वास उनको धार्मिकता ठहरियो भने हाम्रो विश्वास पनि हाम्रो धार्मिकता गनिन्छ; किनभने हामी पनि त्यही एकमात्र सत्य परमेश्वरमाथि विश्वास गर्दछौं, जसले हाम्रा प्रभु येशू ख्रीष्टलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो । अब्राहाम र हाम्रो बीचमा भिन्नता यति नै होः अब्राहाममा उनको क्षीण शरीर र साराको बाँझो कोखको सम्बन्धमा निकट भविष्यमा परमेश्वरले मरेकाहरूलाई जीवन *दिनुहुनेछ* भन्ने विश्वास थियो; तर हामीचाहिँ भूतकालमा परमेश्वरले हाम्रा प्रभु येशू ख्रीष्टलाई मरेकाहरूबाट *बौराएर उठाउनुभयो* र फेरि जीवित *पार्नुभयो* भनेर विश्वास गर्छौं ।

यस सम्बन्धमा श्री सी. एच. म्याकिन्तोशले यसो भन्दै कुरा अझ स्पष्ट पारेका छन्ः

‘अब्राहामले परमेश्वरको प्रतिज्ञामाथि विश्वास गर्नुपरेको थियो भने हाम्रो सौभाग्य परमेश्वरले पूरा गरिसक्नुभएको त्राणको काममाथि विश्वास गर्नु हो। उनले भविष्यमा पूरा हुने कुराको बाटो हेरेका थिए, जब हामीचाहिँ इतिहासमा पूरा भइसकेको काममाथि फर्केर हेर्छौं; किनभने पापबाटको छुटकारा पूरा भएकै हो, र हाम्रा बौरिउठ्नुभएको महिमित मुक्तिदाता प्रभु यसको जमानी बस्नुभएको छ; उहाँ स्वर्गमा महामहिमको दाहिने हातमा विराजमान् हुनुहुन्छ।’[15)]

**रोमी ४:२५:** यहाँ यस्तो लेखिएको छः ‘प्रभु येशू हाम्रा अपराधहरूका निम्ति सुम्पाइनुभयो, र हाम्रो धर्मीकरणका निम्ति बौराइनुभयो।’ यहाँ ‘अपराधहरू’ र ‘धर्मीकरण’मा, यी दुवै शब्दहरूको पछाडि ‘-का निम्ति’ भन्ने परसर्ग लगाइएको छ। तर सन्दर्भले हामीलाई यी परसर्गमा बेग्लै सङ्केतात्मक अर्थ लगाउने बाध्यता गराउँछ। उहाँ हाम्रा अपराधहरूका निम्ति सुम्पाइनुभएको अर्थचाहिँ ‘अपराधहरूको हेतुले’ पनि हो। हाम्रा अपराधहरूका निम्ति सजाय भोग्नुको साथसाथै उहाँले आफ्नो क्रूसको मृत्युद्वारा ती अपराधहरूको हरण पनि गर्नुभयो। अनि उहाँको पुनरुत्थान हाम्रो धर्मीकरणका निम्ति थियो भन्ने वाक्यको अर्थ हामी कसरी बुझौं? प्रभु येशूको पुनरुत्थानद्वारा परमेश्वरले ख्रीष्टको त्यस त्राणको काममा आफ्नो सम्पूर्ण सन्तुष्टि प्रकट गर्नुभयो, जुन त्राणको कामद्वारा हामी धर्मी ठहरिन्छौं। हामीलाई धर्मी ठहराउँदाखेरि प्रभु येशूले पहिले हाम्रा अपराधहरू हटाउनुपर्‍यो; किनभने हामी धर्मी ठहरिन नसकिने हाम्रो मुख्य समस्या हाम्रा अपराधहरू थिए। त्यसपछि प्रभु येशूको क्रूसको मृत्युले हाम्रा निम्ति कमाएको धर्मीकरण प्रभु येशूको पुनरुत्थानद्वारा सुनिश्चित गरियो।

प्रभु येशू चिहानभित्र रहनुभएको भए हाम्रो धर्मीकरण कहिल्यै हुन सक्नेथिएन; तर उहाँ मरेको तेस्रो दिनमा मरेकाहरूबाट बौरिउठ्नुभयो। उहाँको पुनरुत्थानले निश्चय नै त्राणको काम पूरा भएको र छुटकाराको दाम तिरिसकिएको, साथै परमेश्वर मुक्तिदाता प्रभुको यस त्राणको काममा पूरा सन्तुष्ट हुनुभएको र सदासर्वदाका निम्ति सन्तुष्ट रहनुहुनेछ भन्ने कुरा हामीलाई सूचित गराउँछ।

## च) रोमी ५ः१-११ः सुसमाचारका अनुभव गरिने केही आशिषहरू

प्रेरित पावलले धर्मी ठहरिने कुराको विषयमा गरेको आफ्नो तर्क अझ एक कदम अगाड़ि बढ़ाउँदै उनले अब यस खण्डमा हाम्रो छैटौं मुख्य प्रश्नको उत्तर दिँदैछन् । हाम्रो प्रश्न यस प्रकारको थियोः 'विश्वासले सित्तैंमा धर्मी ठहरिने शिक्षाले ख्रीष्ट-विश्वासीको जीवनमा कुन-कुन आशिष ल्याउँदछ ?' यस प्रश्नको उत्तर दिँदा उनले सातवटा प्रमुख आशिषहरूको एक-एक नाम लिएका छन्, जुन आशिषहरू हरेक विश्वासीको आत्मिक धनसम्पत्ति र अधिकारको भाग हुन् । प्रभु येशू ख्रीष्टमार्फत यी आशिषहरू सबै ख्रीष्ट-विश्वासीहरूलाई दिइएका छन्; किनभने उहाँ परमेश्वर र मानिसहरूको बीचमा एकमात्र मध्यस्थ हुनुहुन्छ, र सबै आशिषहरू उहाँद्वारा हामीकहाँ आउँछन् ।

**रोमी ५ः१ः** विश्वासद्वारा धर्मी ठहरिएपछि हाम्रा प्रभु येशू ख्रीष्टद्वारा हामीले पाएको पहिलो ठूलो आशिषचाहिँ परमेश्वरसँग हाम्रो शान्ति हो । लड़ाइँको पूर्णविराम भएको छ; शत्रुताको अन्त भएको छ । ख्रीष्ट येशूको त्राणको कामद्वारा हाम्रो आत्मा र परमेश्वरको बीचमा भइरहेको शत्रुता पैदा गर्ने सबै कारणहरू हटाइएका छन् । हामी जो एक समयमा परमेश्वरका शत्रु थियौं, हामी अब परमेश्वरका मित्र भयौं; योचाहिँ अनुग्रहको अद्‌भुत काम हो ।

**रोमी ५ः२ः** दोस्रो आशिषः हामीले उहाँद्वारा परमेश्वरको अनुग्रहभित्र प्रवेश पाएका छौं । ख्रीष्टमा हामी परमेश्वरका कृपापात्र बनेका छौं; यो कत्रो उच्च, अवर्णनीय स्तर हो ! ! परमेश्वरका निम्ति हामी उहाँका प्रिय पुत्रमा ग्रहणयोग्य भयौं (एफेसी १ः६) । यसर्थ हामी उहाँका निम्ति उहाँका प्रिय पुत्रसमान नजिक र प्यारा भएका छौं । परमेश्वर पिताले हामीलाई बिराना सम्झनुहुन्न, तर हामीलाई आफ्ना छोराछोरीहरू ठान्नुहुन्छ र हामीलाई आफ्ना सन्तानको रूपमा ग्रहण गर्नुहुन्छ । परमेश्वरको यस अनुग्रहले हामीलाई यस प्रकारको उच्च

दर्जामा उठाएको छ। कसैले परमेश्वरको सामु हाम्रो स्तर के हो, सो विषयमा सोध्यो भने हाम्रो जवाफ यस प्रकारको छः हाम्रो उच्च स्तरको हरेक बिन्दु परमेश्वरको अनुग्रहको फल हो; हामी ख्रीष्टमा छौं; यसैले परमेश्वरको सामु हाम्रो ठहर उहाँको जस्तो सिद्ध भएको हो र हाम्रो यो स्तर उहाँको जस्तो नित्य रहन्छ।

त्यत्तिले मात्र भएन; हामी परमेश्वरको महिमा प्राप्त गर्ने आशामा खूबै आनन्द मनाउँदछौं, अर्थात् हामी उत्सुकतापूर्वक यस्तो समयको बाटो हेर्दछौं, जब हामीले परमेश्वरको महिमाको प्रताप आफ्नै आँखाले देख्नेछौं; यति मात्र होइन, तर त्यो दिन आउँछ, जब हामी आफै पनि उहाँसँगै महिमामा प्रकट हुनेछौं (यूहन्ना १७:२२, कलस्सी ३:४)। जबसम्म हामी यस संसारमा रहन्छौं, तबसम्म यस महिमित आशाको पूरा महत्त्व हामी बुझ्न सक्दैनौं; अनि यस प्रतापी आशाको विषयमा ताजुप मान्न हामीले कहिल्यै, अँ, अनन्त-अनन्तसम्म छोड्नेछैनौं।

**रोमी ५:३:** धर्मी ठहरिएको हुनाले हाम्रो चौथो आशिष के हो, सो हामी अब हेर्दछौं। सङ्कष्टहरूमा पनि हामी आनन्द मनाउँछौं। हामी खास गरी सङ्कष्टमा परेकोले रमाउँदैनौं, किनकि यसको अनुभव नमीठो हुन्छ; तर सङ्कष्टहरूले पछिबाट हामीमा उत्पन्न गराउने मीठा-मीठा फलहरूमा पूरा आनन्द लिन्छौं (हिब्रू १२:११)। इसाई जीवनमा कति कुरा नमिल्दा देखिन्छन्, जो वास्तवमा खूबै मिल्छन्, जस्तै सङ्कष्टमा परेर पनि आनन्दित हुनु। आनन्दको विपरीत कुरा दुःख होइन, तर पाप हो। सङ्कष्टहरूबाट हामीले उठाउन सक्ने लाभहरू धेरै छन्; तीमध्ये एक ठूलो लाभचाहिँ धीरज वा स्थिरता हो। समस्याविनाको जीवनमा धैर्य कहाँबाट आउँछ? समस्याविनाको जीवनमा त्यो धैर्य कहिल्यै देखा पर्नेछैन।

**रोमी ५:४:** धीरजबाट खारिएको गुण आउँछ अर्थात् धीरज धर्ने मानिसमा एउटा असल स्वभाव बन्दो रहेछ। जब हाम्रो जीवनमाथि दुःखकष्टहरू आइपर्छन्, तब तीद्वारा परमेश्वरले हाम्रो जीवनमा आफ्ना दिव्य उद्देश्यहरू पूरा गरिदिऊन् भन्ने मनसा लिएर हामीले उहाँको बाटो हेर्दै ती जम्मै कष्टहरू सह्यौं भने उहाँले हामीलाई यसो गरेकोमा एउटा अचम्मको इनाम दिनुहुन्छ, मानौं उहाँले हामीलाई स्याबासी दिएर

हामीमाथि आफ्नो अनुमोदनको छाप लगाएर हामीलाई सहिष्णुता नामक पुरस्कार दिनुहुन्छ। सङ्कष्टहरूद्वारा हाम्रो जाँच भयो; अनि ती दुःख-कष्टहरू सहेकोमा हाम्रो अनुमोदन पनि भयो। अब परमेश्वरको यस समर्थनद्वारा हाम्रो हृदय आशाले भरिएको हुन्छ। यसो हो भने हामी पक्का गरी जान्दछौंः अहो, परमेश्वरले साँच्चिकै हाम्रो जीवनमा काम गर्नुहुँदो रहेछ र हाम्रो गुण विकास गर्दै आउनुभएको हो रहेछ! यसमा कुनै शङ्का छैन। उहाँले हामीमा एउटा असल काम शुरु गर्नुभएको छ; उहाँले त्यो काम पूरा गर्नुहुने नै छ (फिलिप्पी १:६)।

**रोमी ५:५:** कुनै कुराको आशा गरेर आशा गरेको कुरा कहिल्यै नपाउनु - यो कस्तो निराश पार्ने कुरा हो, अर्थात् यो शर्ममा पर्ने किसिमको आशा हो। तर हाम्रो मुक्तिको आशा कहिल्यै निराशा बन्दैन, कहिल्यै निराशा हुनै सक्दैन। यस विषयमा हामी कसरी सुनिश्चित हुन्छौं त? *'किनभने पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयहरूमा खन्याइएको छ।'* रोमी ५:६-२० पदको खण्डमा हामीप्रति परमेश्वरको महान् प्रेमका कतिपय प्रमाणहरू उल्लेख गरिएका छन्। प्रभु येशूमाथि हामीले पहिलो पल्ट आफ्नो विश्वास राखेको घड़ीमै पवित्र आत्मा हामीलाई दिइनुभएको हो। त्यही पवित्र आत्माले हाम्रो हृदयमा परमेश्वरको अनन्त प्रेमका विभिन्न झलकहरू र अनुभवहरू दिनुहुन्छ। यसैले पक्का पनि परमेश्वरले हामीलाई सुरक्षासाथ स्वर्गीय घरमा ल्याइपुऱ्याउनुहुनेछ भन्ने विषयमा हामी निश्चित हुन्छौं। पवित्र आत्मा पाएको मानिसले परमेश्वरको प्रेमको स्वाद पाउँछ। यो कुनै धमिलो, अस्पष्ट अनुभव होइन, यो कुनै रहस्यात्मक अनुभव पनि होइन, जसद्वारा हामी मानवको वास्ता गर्नुहुने अलौकिक परमात्मा हुनुहुन्छ भन्ने भान गर्छौं। होइन, हाम्रा परमेश्वर हामीसँग व्यक्तिगत सम्बन्ध राख्नुहुने परमेश्वर हुनुहुन्छ; उहाँ हामीलाई व्यक्तिगत रूपले प्रेम गर्नुहुन्छ, निश्चय प्रेम गर्नुहुन्छ। यसको विषयमा हाम्रो प्रगाढ़ निश्चयता छ।

**रोमी ५:६:** रोमी ५:६-२० पदको खण्डभित्र प्रेरित पावलले पाँच पल्ट *'झन् बढ़ता गरी'* भन्ने शब्दहरू प्रयोग गरेका छन् (रोमी ५: ९, १०, १५, १७ र २०)। उनले किन यसो गरेका छन्? किनकि उनले पाँच पल्ट

पहिलो आफ्नो तर्कको एक प्रमाण दिएर त्यसपछि त्यसलाई त्यसभन्दा अझ उत्तम कुरासित तुलना गर्दछन्। यसो गर्दा उनको तर्कको प्रसङ्ग यस प्रकारको छः यदि हाम्रो भक्तिहीन, पापी अवस्थामा, हामी परमेश्वरका शत्रु हुँदा, उहाँले हामीलाई प्रेम गर्नुभयो भने अबचाहिँ, जब हामी उहाँका भयौं, उहाँले हामीलाई झन् बढ़ता गरी सुरक्षित राख्नुहुन्छ नै। धर्मी ठहरिएपछि हामीले पाएको पाँचौ आशिष यही होः ख्रीष्ट येशूमा हामी अनन्त-अनन्तसम्म सुरक्षित रहनेछौं।

'झन् बढ़ता गरी'का पाँच सन्दर्भका पदहरू यस प्रकारका छन्ः

*रोमी ५ः९ः* उहाँद्वारा हामी झन् बढ़ता गरी क्रोधबाट उम्कनेछौं।

*रोमी ५ः१०ः* उहाँको बौरिउठाइको जीवनद्वारा हामी झन् बढ़ता गरी सुरक्षित रहनेछौं।

*रोमी ५ः१५ः* ख्रीष्टद्वारा पाइने अनुग्रहको दान झन् बढ़ता गरी प्रशस्त हुन्छ।

*रोमी ५ः१७ः* येशू ख्रीष्टद्वारा ख्रीष्ट-विश्वासीले यस जीवनमा झन् बढ़ता गरी राज्य गर्नेछ।

*रोमी ५ः२०ः* पाप प्रशस्त भएको ठाउँमा अनुग्रह झन् बढ़ता गरी प्रशस्त भएको छ।

रोमी ५ः६-८ पदको खण्डमा प्रेरित पावलले कुन कुरामा जोड़ दिएका छन् भने, जुन बेला ख्रीष्ट येशू हाम्रा निम्ति मर्नुभयो, त्यस बेला हामी शक्तिहीन, भक्तिहीन, पापी अवस्थामा थियौं। रोमी ५ः९-१० पदमा उनले अहिले ख्रीष्ट येशूमा आएर उहाँमा हामीले पाएको स्तरमा जोड़ दिएका छन्; किनभने अब ख्रीष्टको रगतद्वारा हामी धर्मी ठहरिएका छौं र उहाँको मृत्युद्वारा परमेश्वरसित हाम्रो मिलाप भएको छ। यस कुराले भविष्यमा उहाँले हामीलाई परमेश्वरको क्रोधबाट बचाउनुहुनेछ र हामीलाई आफ्नो जीवनद्वारा अनन्तसम्म सुरक्षित राख्नुहुनेछ भन्ने निश्चयता दिन्छ।

हाम्रो स्मरणमा रहोस्ः हामी कमजोर छौं, हामी शक्तिहीन छौं; हामीले आफूलाई कहिल्यै कुनै हालतमा पनि बचाउन सक्दै-सक्दैनौं। तर

प्रभु येशू ख्रीष्ट ठीक समयमा, अर्थात् परमेश्वरले निर्धारित गर्नुभएको समयमा यस धरतीमा आउनुभयो, र हाम्रा निम्ति मर्नुभयो। कतिले सम्झेझैं उहाँ केवल असल मानिसहरूका निम्ति मर्नुभएन; होइन, उहाँ भक्तिहीन मानिसहरूका निम्ति मर्नुभयो। हामीमा परमेश्वरको सामु आफूलाई योग्य तुल्याउने कुनै सद्गुण, कुनै पुण्यफल वा अन्य कुनै योग्यता थिएन, र छैन पनि। भक्तिहीनको अर्थ यही हो। अघि एक समयमा हामी पूरा अयोग्य थियौं र अहिले पनि हामी पूरा अयोग्य छौं; रपनि ख्रीष्ट येशू हाम्रा निम्ति मर्नुभयो।

**रोमी ५ः७ः** परमेश्वरको यो प्रेमको काम अनुपम र अद्वितीय छ, मानिसको समझदेखि बाहिरको छ; ख्रीष्टपूर्व मानिसहरूले यस्तो दिव्य प्रेम कहिल्यै अनुभव गरेनन्, कहिल्यै देखेनन्। प्रायः सबै मानिसहरूलाई आफ्नो ज्यान प्रिय लाग्दैछ। कसैले आफ्नो ज्यान फाल्न चाहँदैन; हत्यारा, चोर, व्यभिचारी आदि जस्तै अन्य अयोग्य व्यक्तिका निम्ति झन् बढ़ी कसैले आफ्नो ज्यान दिन चाहँदैन; किनभने इमानदार र विश्वासी मानिसका निम्ति पनि कोही पनि मर्न चाहँदैन। दुर्लभ कोही कुनै असल मानिसका निम्ति मर्न तयार हुन्छ होला। यहाँ असल मानिस भन्दाखेरि हाम्रो दृष्टिमा सायद कुनै मानिस भलो, मिलनसार, प्रेममय वा चरित्रवान् देखा पर्ला।

तर परमेश्वरको प्रेमचाहिँ मानवीय प्रेम होइन, तर पूरा रूपले दिव्य र अलौकिक हुन्छ। आकाश र पाताल जति फरक छन्, परमेश्वरको प्रेम र मानिसको प्रेमको बीचमा पनि यति भिन्नता हुन्छ। हामी पापीहरू छँदै परमेश्वरले हामीप्रति आफ्नो अद्भुत प्रेम प्रमाणित गर्नुभयो; उहाँले आफ्ना प्रिय पुत्रलाई यस संसारमा पठाउनुभयो, र उहाँ हाम्रा निम्ति मर्नुभयो। परमेश्वरले किन यसो गर्नुभयो? यो हामीले उहाँको स्वतन्त्र इच्छा र दिव्य अभिप्रायभित्र खोज्नुपर्छ; किनभने हामी मानिसहरूमा हामीलाई प्रेम गर्नुपर्ने लायकको कुनै गुणै छैन नै।

**रोमी ५ः९ः** तर अब ख्रीष्ट येशूमा हाम्रो अवस्था बिलकुल नयाँ छ; किनभने ख्रीष्टमा धर्मी ठहरिएको हुनाले हामी अब परमेश्वरको दृष्टिमा अपराधी र पापी गनिँदैनौं। हाम्रा मुक्तिदाता प्रभुले आफ्नो क्रूसको

बलिदानको बहुमूल्य मृत्युले बृहत् र बेहदरूपी दाम तिरेर कमाउनुभएको धर्मीकरणले परमेश्वरले हामीलाई धर्मी ठहराउनुभएको छ। हामी पापी छँदै हामीलाई धर्मी ठहराउन उहाँले यति ठूलो मूल्य चुकाउनुभयो भने कति बढ्ता गरी उहाँले हामीलाई ख्रीष्ट येशूद्वारा आफ्नो क्रोधबाट बचाउनुहुनेछ, होइन र? विचार गर्नुहोस्! परमेश्वर जसले सबैभन्दा ज्यादा दाम तिरेर हामीलाई आफ्नो अनुग्रहको सम्बन्धभित्र ल्याउनुभयो, के उहाँले हामीलाई अन्त्यमा नष्ट हुन दिनुहुनेछ र हामीलाई नरकको अनन्त आगोमा पर्न दिनुहुनेछ? असम्भव!!

'क्रोधबाट बचाइनेछौं' भन्ने शाब्दिक अर्थ दुई प्रकारको हुन सक्छ। 'क्रोधभित्र परिसकेकोलाई बाहिर निकालेर बचाउनु' एक अर्थ हो भने 'क्रोधमा नपर्ने गरी बचाउनु' अर्को अर्थ हो। ग्रीकको 'अपो-' नामक पूर्वसर्गबाट यहाँ हामीले यस वाक्यको मतलब दोस्रो शाब्दिक अर्थमा बुझ्नुपर्छः न वर्तमान युगमा न परलोकमा हामी परमेश्वरको क्रोधमा एकैक्षणका निम्ति पनि पर्नेछैनौं; हामी परमेश्वरको क्रोधमा नपर्ने गरी बचाइनेछौं; हल्लेलूयाह!!

**रोमी ५:१०ः** हाम्रो अघिको र अहिलेको अवस्थाको कुरा छ यहाँः जुन समयमा परमेश्वरले आफ्ना पुत्र हाम्रा प्रभु येशूको मृत्युद्वारा हामीलाई आफूसँग मेलमिलाप गराउनुभयो, त्यस बेलामा हामी उहाँका शत्रु थियौं। हाम्रो वैरभव कत्रो थियो, र पनि त्यस हालतमा हामीलाई सबै कुरा ठीक लागेको थियो, कति अचम्म!! अनि परमेश्वरले हामीलाई यस अभागी अवस्थामा छोड्नुभएको भए हामीमा परमेश्वरसित मिलाप राख्ने विचारधरि आउनेथिएन। परमेश्वरका शत्रु हुनु कति डरलाग्दो हाम्रो अवस्था!! यसमा आफ्नो विचार लगाउनुहोस्!

तर परमेश्वरको मन यस कुरामा कति फरक छ!! दुश्मनको बदलीमा दुश्मन अलिकति पनि भएन। उहाँले मिलापको काम आफ्नै-तर्कबाट शुरु गर्नुभयो। यसैले बुझ्नुहोस्ः मिलाप गराउने काम बिलकुलै अनुग्रहको काम हो। प्रभु येशू हाम्रो सट्टामा, हाम्रो स्थानमा मर्नुभयो; उहाँको यस प्रतिहस्त मृत्युले परमेश्वरसित हाम्रो शत्रुता भएका सबै

कारणहरू, हाम्रा पापहरू हटाइदियो । ख्रीष्ट येशूमाथि राखेको विश्‍वासको खातिर परमेश्‍वरसित हाम्रो मेलमिलाप भएको हो ।

उहाँसितको हाम्रो मिलाप हुन सक्नका निम्ति परमेश्‍वरले यति ज्यादा दाम तिरेर खरिद गर्नुभयो भने के उहाँले कतै बीचमा हामीलाई छोड्न र हामीलाई लक्ष्यमा नपुर्‍याउन सक्नुहुन्छ ? परमेश्‍वरका एकमात्र पुत्रको मृत्यु, प्रभु येशूको यस सबैभन्दा कमजोर अवस्थाद्वारा परमेश्‍वरसित हाम्रो मिलाप भएकै हो; तब परमेश्‍वरको दाहिने हातमा हुनुहुने हाम्रा प्रभु येशू ख्रीष्टले अनन्त शक्तिले युक्त भएको आफ्नो अविनाशी जीवनद्वारा हामीलाई कति बढ़ता गरी अन्त्यसम्म सुरक्षा दिनुहुनेछ, होइन र ? ख्रीष्ट येशूको मृत्युमा हामीलाई बचाउने यत्रो शक्ति छ भने उहाँको अनन्त जीवनमा हामीलाई सुरक्षा दिने झन् बढ़ता शक्ति किन नहोला ?

**रोमी ५:११:** अब आउनुहोस्, हामी धर्मी ठहरिएपछि हाम्रो छैटौं लाभको कुरा गरौं ! किनकि हाम्रा प्रभु येशू ख्रीष्टद्वारा हामी परमेश्‍वरमा आनन्द मनाउँछौं । हामी परमेश्‍वरको अनुग्रहका दान-वरदानहरूबाट मात्र आनन्द उठाउँदैनौं, तर हामीलाई वरदान दिनुहुने हाम्रा दातामा पनि रमाउँछौं । मुक्ति पाउनुभन्दा अघि हामीलाई आनन्द दिने कारणहरू के-केमा थिए, के-केमा ? ! तर अब जब-जब हामीमा परमेश्‍वरको सम्झना आउँछ, तब-तब यस सम्झनाले हामीलाई ठूलो आनन्द दिन्छ; उहाँलाई बिर्संदाखेरि मात्र हामी उदास हुन्छौं । परमेश्‍वरमा आनन्द लिन सक्ने यो अचम्मको परिवर्तन हाम्रो जीवनमा केले ल्याइदियो ? यो परिवर्तन हाम्रा प्रभु येशू ख्रीष्टको अद्‌भुत काम हो । जसरी हाम्रा अरू सबै आशिषहरू उहाँद्वारा आए र आउँछन्, त्यसरी नै परमेश्‍वरमा आनन्द मनाउन सक्ने यो आशिष पनि उहाँद्वारा आउँछ ।

धर्मी ठहरिएकाहरूको सातौं आशिष हामी यी शब्दहरूमा पाउँछौं: *'अब उहाँद्वारा हामीले मिलाप पाएका छौं'* (रोमी ५:११)[16) ] । यस मेल-मिलापको शब्दले मुक्तिदाता प्रभुको त्राणको कामले पवित्र परमेश्‍वर र पापी मानिसहरूको बीचमा कसरी शान्तिको सम्बन्ध स्थापना गर्‍यो, सो कुरा सङ्केत गर्दछ । जब मानिसको जीवनमा पापले प्रवेश गर्न पाएको थियो, तब त्यसले परमेश्‍वर र मानिसको बीचको सम्बन्ध टुटायो; उहाँको

मुख हामीबाट फर्क्यो र उहाँका निम्ति हामी बिराना भयौं। परमेश्वरसित हाम्रो सम्बन्ध-विच्छेद गराउने पापलाई हरण गर्नुभएपछि प्रभु येशूले ती मानिसहरूलाई परमेश्वरसित मेलमिलापको सन्धिमा ल्याउनुहुन्छ, जसले उहाँमाथि विश्वास गर्दछन्। अन्तमा हामीले याद गर्नुपर्छः परमेश्वरले चाहिँ हामी मानिसहरूसित मेल राख्नुपर्ने केही कारण थिएन; तर मानिसले परमेश्वरसित मेलमिलाप राख्नु अति नै जरुरी थियो; किनभने हामी नै परमश्वरका शत्रु थियौं।

## छ) रोमी ५ः१२-२१ः आदमको पाप र त्यसमाथि ख्रीष्ट येशूको विजय।

**रोमी ५ः१२ः** रोमी पाँच अध्यायको बाँकी भाग अर्थात् रोमी ५ः१२-२१ पदको खण्डले यहाँसम्म पढ़िआएको रोमीको पत्रको पहिलो भाग र अब पढ़िने रोमी ६-८ अध्यायरूपी दोस्रो भागको बीचमा सम्बन्ध जोड्ने काम गर्दछ। रोमीको पत्रको पहिलो भागसित सम्बन्ध यसरी जोड़िएको पाइन्छः प्रेरित पावलले आदममा सबै मानिसहरू पापी र दोषी भएको विषयबाट कुरा उठाएर ख्रीष्ट येशूद्वारा मानिसलाई धर्मी ठहरिने अनुग्रह मिलेको कुरातिर अगाड़ि लैजान्छन्। यसो गर्दा आदमको पापले कुनचाहिँ बिगार गरेको, मानिसहरूमाथि कुनचाहिँ दुःखकष्टहरू ल्याएको र त्यस पापबाट मानिसले कुनचाहिँ हानि उठाउनुपरेको छ, सो कुरा एकतिर पारेर उनले ख्रीष्ट येशूको महान् कामद्वारा पाइने भारी आशिष हामीले आदममा उठाउनुपरेको त्यस हानिसित तुलना गर्छन् र ख्रीष्टमा पाइने आशिष त्यस हानिभन्दा कता हो कता, अत्यन्त महान् भएको देखाउँछन्। अनि रोमी ६-८ अध्यायरूपी दोस्रो भागसित यहाँको खण्डले सम्बन्ध यस प्रकारले जोड्छः धर्मीकरणबाट कुरा अगाड़ि बढ़ाएर उनले पवित्रीकरणमा, साथै पापकर्महरूबाट कुरा लिएर मानिसको पापी स्वभावमा पुर्‍याउँदछन्।

यी पदहरूमा आदमलाई पुरानो सृष्टिका हुनेहरू सबैका सामूहिक शिर र प्रतिनिधिको रूप दिइएको छ भने ख्रीष्ट येशूलाई चाहिँ नयाँ सृष्टिका हुनेहरू सबैका संयुक्त शिरको रूपमा प्रस्तुत गरिएको छ। अनि

सामूहिक शिरको रूपमा मानिएको व्यक्तिले आफूमनि आफ्नो अधिकारभित्र रहेका सबैको प्रतिनिधि गर्दछ। उदाहरणका निम्ति, जब कुनै देशका राष्ट्रपतिले आफ्नो हस्ताक्षरले कुनै नियम पारित गरे भने तिनले आफ्ना देशका सबै नागरिकहरूका निम्ति यसो गरेका हुन्छन्। अनि आदमको कुरा पनि ठीक यस्तै छ। आदमको पापको नमीठो फलस्वरूप मृत्युले संसारमा प्रवेश गर्न पायो। आदमका सबै सन्तानहरू त्यस मृत्युमा सहभागी बने; किनभने आदममा तिनीहरू सबैले पाप गरे। हुन त, आदमका सन्तान पर्नेहरू सबैले आ-आफ्ना कर्महरूले पनि पाप गरे, तर हाम्रो ध्यान त्यतातिर भड्किएर जानुहुँदैन। पावलको तर्क यस प्रकारको छः आदमले गरेको पापचाहिँ हामी सबैको पाप भएको हो; किनभने तिनको पापले हामी सबैको प्रतिनिधि गर्दछ अर्थात् आदमका सबै साख सन्तानहरू आदममै पाप गरेका गनिन्छन्।

कसैले हाम्रो कुरा काटेर 'यस संसारमा सबैभन्दा पहिलो पाप गर्ने व्यक्तिचाहिँ आदम होइन, तर हव्वा हुन्' भनेर भन्ला। कुरा ठिक्कै हो। तर आदमचाहिँ पहिले सृष्टि गरिएका हुन्; यसैले तिनी मानव-जातिका शिर बने। अनि मानव-जातिका शिर भईकन तिनले जे काम गरे, तिनले त्यस काममा आफ्ना सारा सन्तानहरूको प्रतिनिधि गरे। रोमी ५:१२ पदमा जब प्रेरित पावलले यसो भन्छन्: *'मृत्यु सबै मानिसहरूमा फैलियो'*, तब उनले शारीरिक मृत्युको कुरा गर्दछन्; यद्यपि आदमको पापले आत्मिक मृत्यु पनि ल्याएको थियो। तर रोमी ५:१४ पदअनुसार यस खण्डमा शरीरको मृत्युको कुरा गरिएको स्पष्ट बुझिन्छ।

पवित्र शास्त्रको यस खण्डबाट विभिन्न प्रश्नहरू उठ्छन्। के आदमले पाप गरेकोमा तिनको जम्मै वंश पनि पापी गनिनु उचित हो? अनि के परमेश्वरले मानिसहरूलाई तिनीहरू जन्मका पापी भएका हुनाले दोषी ठहराउनुहुन्छ, कि के उहाँले तिनीहरूलाई तिनीहरूले वास्तवमा पूरा गरेका पापकर्महरूको खातिर मात्र दोषी ठहराउनुहुन्छ? मानिसहरू पापी स्वभावसँग जन्मिन्छन्, र जन्मका पापी भएका हुनाले पापकर्महरू गर्छन् भने परमेश्वरले तिनीहरूबाट ती पापहरूको लेखा कसरी लिन सक्नुहुन्छ त? बाइबलका विद्वान्‌हरूले यी प्रश्नहरूको सामना गरे र तीजस्तै जटिल

समस्याहरूसँग सङ्घर्ष गरे अनि विभिन्न निष्कर्षहरूमा आइपुगे। यो हामीलाई अचम्म लाग्दैछ; किनभने हामी निम्न लिखित कुराहरूको सम्बन्धमा पूरा निश्चित छौं।

प्रथम कुरा, पवित्र बाइबलको शिक्षाअनुसार सबै मानिसहरू पापी छन्; मानिसहरू जन्मका पापी र कर्मले पापी हुन्। हरेक मानिस, जो मानवीय बुवाआमाबाट जन्मिएको हुन्छ, उसले आदमको पापी स्वभाव मात्र पाएको हुँदैन, तर उसले आफ्नै स्वतन्त्र इच्छाले पापकर्म गर्दछ।

निश्चित रूपले जान्न सक्ने दोस्रो कुरा यही होः पापको दण्ड मृत्यु हो। पापको प्रतिफल दुई प्रकारको मृत्यु हुन्छः शारीरिक मृत्यु र आत्मिक मृत्यु। आत्मिक मृत्यु भन्नाले परमेश्वरबाट सदासर्वदा अलग रहेर बस्नुपर्ने अनन्त अवस्था बुझिन्छ।

तर कसैले पनि आफ्ना पापहरूको दण्ड आफैले भोग्नुपर्दैन। पापको ऋण तिर्न चाहनेहरूले मात्र यसो गर्दछन्। महत्त्व यसैमा छ। परमेश्वरले पापी मानिसहरूका निम्ति असाध्यै धेरै मूल्य चुकाउनुभयो। उहाँले आफ्ना एकमात्र पुत्रलाई पठाउनुभयो; अनि उहाँचाहिँ पापी मानिसहरूको सट्टामा तिनीहरूका सबै पापहरू मेटाउन क्रूसमा मर्नुभयो। यसैले अबदेखि उसो कुनै पनि मानिसले आफ्ना पापहरूका निम्ति केही दाम चुकाउनुपर्दैन। प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नेहरू सबैका निम्ति मुक्तिचाहिँ दानको रूपमा सित्तैंमा दिइन्छ। पाप र त्यसको दण्डबाट उम्कने परमेश्वरको उपाय यही हो।

परमेश्वरको दृष्टिमा मानिस दोषी भएको तीनवटा कारण छन्। एक, मानिसमा पापी स्वभाव छ। दुई, आदमको पापको दोष उसमाथि लगाइन्छ। अनि तीन, मानिस कर्मले पापी हो। तर यी तीनवटा कारणहरूभन्दा ज्यादा दोष, सबैभन्दा ठूलो आरोपचाहिँ परमेश्वरले त्यही मानिसमा पाउनुहुन्छ, जसले मुक्तिका निम्ति परमेश्वरले गर्नुभएको उहाँको प्रबन्ध इन्कार गर्छ (यूहन्ना ३:१८-१९ र ३:३६)।

कसैले हामीलाई यसो गरेर प्रश्न गर्लाः 'अनि ख्रीष्टको सुसमाचारको सन्देश कहिल्यै नसुनेका मानिसहरूको विषयमा केकसो ?' यस प्रश्नको उत्तर हामीले एक अध्यायमा दिइसकेका छौं; हुन सक्छ, त्यहाँ यसको

जवाफ अधूरो रह्यो होला। यसैले यस सम्बन्धमा हामी यहाँ थपेर यसो भन्छौंः सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्छ नै भन्ने कुरामा हामी ढुक्कै हुन्छौं (उत्पत्ति १८ः२५)। उहाँ कहिल्यै अन्याय गर्नुहुन्न नै। उहाँले जेजति न्यायका फैसलाहरू गर्नुहुन्छ, तिनमा कुनै पक्षपात हुँदैन, तर उहाँको न्यायमा सधैं निष्पक्षता र धार्मिकता हुन्छ। हाम्रो छोटो विचारले जुन कुरा बुझ्न कठिन छ र जुन कुरा हाम्रा आँखामा अन्याय देखिन्छ, त्यो कुरा उहाँको दृष्टिमा कठिन हुँदैन, अन्याय पनि हुँदैन। जब अन्तिम मुद्दा चलेर सक्नेछ, र पक्ष-विपक्षको सबै कुरा सुनिसकेको हुनेछ, अनि अदालतका दैलाहरू बन्द हुनेछन्, तब परमेश्वरले गर्नुभएका न्यायका फैसलाहरूको विरोधमा कसैले पनि उजुर चढ़ाउने कुनै उचित आधार पाउनेछैन।

**रोमी ५ः१३ः** प्रेरित पावलले आदमको पापको प्रभावले सम्पूर्ण मानव-जातिलाई असर गरेको कुरा प्रकट गर्न थाल्दछन्। यसमा उनको तर्क यस प्रकारको छः आदमको समयदेखि नै सिनाई पर्वतमा परमेश्वरले इस्राएलीहरूलाई व्यवस्था दिनुभएको समयसम्म पाप संसारमा छँदैथियो। तर यस बीचको अवधिमा परमेश्वरको व्यवस्था सफासँग प्रकट भएको थिएन। आदमले परमेश्वरको मुखबाट एउटा सुस्पष्ट आज्ञा सुनेका थिए, अनि धेरै शताब्दीहरू बितिसकेपछि इस्राएलीहरूलाई ती दस आज्ञाहरू दिइएका थिए, जोचाहिँ परमेश्वरको दिव्य कानुनको छरलङ्गै बुझिने लिखित प्रकाश हो। तर आदमपछि र व्यवस्था दिइएको समयअघि त्यस बीचको युगमा मानिसहरूले परमेश्वरबाट कुनै कानुनी नियमावली पाएनन्। त्यस अवधिभरि मानिसहरूमा पाप त थियो, तर मानिसको पाप अपराध गनिएन; किनभने अपराधचाहिँ कुनै ज्ञात कानुनको नियम उल्लङ्घन गर्नु हो। 'जहाँ व्यवस्था छैन, यहाँ पापको हिसाब लाग्दैन' भनेको अर्थ यो हो।

**रोमी ५ः१४ः** तर त्यस दिव्य कानुन नभएको बीचको युगमा पनि मानिसहरूमा मृत्यु भइरह्यो। हनोकलाई छोड़ेर मृत्युले सबै मानिसहरूमाथि राज्य गर्‍यो। ती मानिसहरू सबै मरे; तर तिनीहरूले आदमले गरेझैं परमेश्वरको कुनै स्पष्ट आज्ञा उल्लङ्घन गरेकाले तिनीहरू

मरे भन्न मिल्दैन। तब तिनीहरू किन मरे ? यस प्रश्नको उत्तर यसैमा पाइन्छः तिनीहरूले आदममा पाप गरे; यसैले तिनीहरू मरे। के यो तपाईंलाई बेठीक लाग्दैछ ? तब सम्झनुहोस्, यहाँ शरीरको मृत्युको कुरा गरिएको छ, आत्मिक मृत्युको होइन, मुक्तिको कुरा पनि होइन। यहाँ मुक्तिको सवाल उठ्दैन; किनभने जतिजनाले परमेश्वरमाथि आफ्नो विश्वास राखे, उनीहरूले चाहिँ अनन्त मुक्ति पाए। तर यसो भए पनि उनीहरू शरीरमा मरे। अनि उनीहरूको मृत्यु हुने कारण हामीले आदमको पापमा खोज्नुपर्छ, जो सबै जातिका मानिसहरूका सामूहिक शिर हुन्।

यहाँ, यस खण्डमा आदमचाहिँ सबै मानिसहरूका आदिपुरुष भएर तिनीहरूका सामूहिक शिरको भूमिका खेल्दछन्; अनि सबै मानिसहरूका सामूहिक शिर भएको नाताले तिनी आउनेवाला व्यक्तिको अर्थात् प्रभु येशू ख्रीष्टको प्रतिबिम्ब हुन्। अबका पदहरूमा पावलले मानव-जातिका दुईवटा सामूहिक शिरहरूको विषयमा आफ्नो तर्क विकास गर्दै अगाड़ि बढ़ाउँदै लान्छन्। ती दुवै सामूहिक शिरहरूको बीचमा मिल्ने कुराहरूभन्दा त भिन्नताहरू ज्यादा छन्। आदमका सन्तानहरूले ख्रीष्टमा गर्व गर्ने ठूलो कारण पाएका छन्; किनकि तिनीहरूले आफ्ना पुर्खा आदममा परमेश्वरका जति आशिष गुमाउनुपर्‍यो, तीभन्दा ज्यादा आशिषहरू तिनीहरूले ख्रीष्टमा पाए।

**रोमी ५ः१५ः** पहिले, आदमको अपराध र ख्रीष्ट येशूमा भएको अनुग्रहको वरदानको बीचमा तुलना गरिएको छ र ती दुई कुराको बीचको भिन्नता देखाइएको छ। आदमको अपराधले गर्दा धेरै मानिसहरू मरे। अनि यहाँ 'धेरै मरे' भन्नाले आदमका सन्तानहरू बुझिन्छ। तिनीहरूको शारीरिक मृत्यु, साथै तिनीहरूको आत्मिक मृत्यु पनि भयो। तर अनुग्रहको वरदानचाहिँ धेरैका निम्ति झन् बढ़ता गरी प्रशस्त भएको छ। परमेश्वरको निगाह, जो पापी मानव-जातिका निम्ति प्रशस्त-प्रशस्त हुँदछ, यस निगाहले त्यस अनुग्रहको वरदानमा एउटा अचम्मको रूप लिएको छ र यसरी नै प्रकट भएको छ; अनि योचाहिँ प्रभु येशू ख्रीष्ट अर्थात् ती एकजना मानिसको अनुग्रहद्वारा सम्भव भएको हो; किनभने ख्रीष्ट येशूमा परमेश्वर आफूले सृष्टि गर्नुभएका विद्रोही मानिसहरूका निम्ति मर्नुचाहिँ

अचम्मको अनुग्रह हो। यसरी क्रूसमा उहाँको पापबलिरूपी मृत्युद्वारा नै अनन्त जीवनको वरदान धेरै मानिसहरूका निम्ति उपलब्ध गरिएको छ।

यस पदमा दुईपल्ट 'धेरै' भन्ने शब्द प्रयोग गरिएको छ; तर त्यो शब्द यहाँ एकै किसिमका मानिसका निम्ति होइन, तर अलग-अलग मानिसका निम्ति प्रयोग गरिएको छ। धेरै मरे भनेर पहिलो 'धेरै' भन्ने शब्दले आदमको अपराधको खातिर मृत्युको वशमा परेकाहरूलाई बुझाउँछ भने धेरैका निम्ति भनेर दोस्रो 'धेरै' भन्ने शब्दले चाहिँ ती मानिसहरूलाई सङ्केत गर्दछ, जो ख्रीष्टमा छन्; उहाँ तिनीहरूका संयुक्त शिर हुनुहुन्छ, र तिनीहरूचाहिँ उहाँमा नयाँ सृष्टिका सदस्य-सदस्या भएका छन्। सबै होइन, तर तिनीहरू मात्र अर्थात् सच्चा विश्वासीहरू मात्र ती 'धेरैजना'मा समावेश हुन्छन्, जसमाथि परमेश्वरले आफ्नो अनुग्रह प्रशस्त मात्रामा देखाउनुभएको छ। परमेश्वरको कृपा सबै मानिसहरूका निम्ति हो; तर उहाँको अनुग्रह तिनीहरूले मात्र उपभोग गर्न पाउँछन्, जसले मुक्तिदाता प्रभुमाथि विश्वास गर्दछन्।

**रोमी ५:१६:** आदमको पाप र ख्रीष्टको दानको बीचमा अर्को महत्त्वपूर्ण भिन्नतामाथि यहाँ हाम्रो ध्यान खिचिन्छ। आदमको एउटै पापले न्याय ल्याइहाल्यो; सबैका निम्ति न्याय अनिवार्य भयो; सबै दोषी भए; सबैलाई दण्डको आज्ञा भएको हो। तर ख्रीष्ट येशूमा परमेश्वरको अनुग्रहको वरदानले एउटा अपराधसित होइन, तर अनेकौं अपराधहरूसित सार्थक कारवाही गरेको छ, र हामीलाई धर्मी ठहराएको छ। 'निर्दोष !' यसको फैसला हो। यहाँ आदमको पाप र ख्रीष्टको अनुग्रहको वरदानको बीचमा भएका विशाल भिन्नताहरूमा प्रेरित पावलको विशेष जोड़ हो। यता एकजनाको पापले ल्याएको भयानक विनाश र बरबाद अनि उता ख्रीष्टमा धेरै पापहरूबाट हुने अद्‌भुत छुटकाराको प्रबन्ध। यता आदममा हामीलाई दोषी ठहराउने दण्डको आज्ञा र उता ख्रीष्टमा निर्दोष ठहराउने न्यायको फैसला।

**रोमी ५:१७:** एकैजना मानिसको एउटै अपराधले गर्दा मृत्युले निरङ्‌कुश शासक भएर सबै मानिसहरूमाथि राज्य गर्न पायो। तर अनुग्रहको वरदानरूपी धार्मिकता, अँ, अपार, परिवाही अनुग्रहको वरदान

पाएर सबै ख्रीष्ट-विश्वासीहरूले प्रभु येशू ख्रीष्टद्वारा यस जीवनमा राज्य गर्दछन्।

अहो, कत्रो अनुग्रह!! हामीले मृत्युको क्रूर शासनबाट छुटकारा पायौं; हल्लेलूयाह! यति मात्र होइन, तर अहिले वर्तमान जीवन उपभोग गर्न र परलोकमा अनन्तसम्म जीवन उपभोग गर्न हामी राजाहरू भएर राज्य गर्ने नै छौं। के हामीले यसको मतलब साँच्चै बुझेका छौं? के यसको महत्त्व बुझेर हामी कृतज्ञ छौं? के अन्धा भएर हामी यस संसारका गन्दगीहरूमा आफूलाई भ्रष्ट पारौं, जब हामी राजा भएर स्वर्गको राजत्वमा जिउनुपर्ने?

**रोमी ५:१८:** आदमको अपराधले सबै मानिसहरूमाथि दण्डको आज्ञा ल्यायो; तर ख्रीष्टको धार्मिकताले सबैका निम्ति जीवन दिने धर्मीकरण ल्यायो। ख्रीष्टको धार्मिकता भन्नाले प्रभु येशूले यस संसारमा रहँदाखेरि उहाँले बिताउनुभएको उहाँको धर्मी जीवन वा उहाँले मोशाको व्यवस्थाप्रति देखाउनुभएको उहाँको पूरा आज्ञाकारिता बुझिँदैन। 'एकजनाको धार्मिकताद्वारा' भनेर भनिएको अर्थ गलगथामा प्रभु येशू क्रूसमा हाम्रो सट्टामा मर्नुभएको उहाँको मृत्यु बुझ्नुपर्छ। उहाँको क्रूसको मृत्युले नै जीवनको धर्मीकरण ल्यायो। जीवनको धर्मीकरण भनेको यस प्रकारको धर्मी ठहराउने काम बुझिन्छ, जसको प्रतिफल जीवन हुन्छ। अनि यो कुरा अनुग्रहको वरदानको रूपमा सबै मानिसहरूकहाँ आयो र पेस गरियो।

यहाँ, यस पदमा दुईपल्ट 'सबै' भन्ने शब्द प्रयोग गरिएको छ; तर त्यस शब्दले एकै किसिमका मानिसका निम्ति प्रयोग गरिएको छैन। पहिलोपल्ट सबैको अर्थ आदममा भएका सबैजना बुझिन्छ भने दोस्रो पल्ट सबैको अर्थ ख्रीष्टमा भएका सबैजना बुझिन्छ। रोमी ५:१७ पदको यस वाक्यले यो कुरा स्पष्ट पार्दछ, जसमा यसो भनिएको छः *'प्रशस्त अनुग्रह र धार्मिकतारूपी दान पाउनेहरूले ... ।'* यो दान ता विश्वासद्वारा ग्रहण गर्नुपर्दो रहेछ। प्रभु येशूमाथि आफ्नो भरोसा राख्नेहरू धर्मी ठहरिनेछन् र तिनीहरूले मात्र जीवन पाउनेछन्।

**रोमी ५ः१९ः** आदमले परमेश्वरको आज्ञा उल्लङ्घन गरे; अनि तिनको यस अनाज्ञाकारिताले गर्दा धेरै मानिसहरू पापी बनिए; ठीक त्यस्तै प्रभु येशूले परमेश्वर पिताको इच्छा पूरा गर्नुभयो; अनि उहाँको यस आज्ञाकारिताले उहाँमाथि विश्वास गर्ने सबै मानिसहरू धर्मी ठहरिएका हुन्छन् । ख्रीष्टको आज्ञाकारिता यसैमा छः उहाँ क्रूसमा जानुभयो र यसरी नै हाम्रा पाप उठाइलैजाने परमेश्वरको पापबलि हुनुभयो ।

यी पदहरू लिएर अन्तमा सबै मानिसहरूले मुक्ति पाउनेछन् भन्ने कुरा प्रमाणित गर्न खोज्ने सर्वमुक्तिवादीहरूको प्रयास व्यर्थै हो । यस खण्डमा दुईजना सामूहिक शिरहरूको कुरा गरिएको हो; अनि कुरा स्पष्ट छ, आदमको पापले आदममा हुनेहरू सबैलाई नराम्रो असर पारेझैं ख्रीष्टको धार्मिक कामले ख्रीष्टमा हुनेहरूलाई मात्र लाभ गर्दछ ।

**रोमी ५ः२०ः** प्रेरित पावलले यहाँ भनेको कुराले अवश्य यहूदी-पक्ष लिने प्रतिवादीहरूलाई धक्का दिएकै थियो; किनकि तिनीहरूका निम्ति सबै सिद्धान्तहरूको मूलकेन्द्रचाहिँ मोशाको व्यवस्था थियो । तर अब यी आपत्ति जनाउनेहरूले के सिकेका छन् ? न पाप, न मुक्ति व्यवस्थामा केन्द्रित रहेका रहेछन्; तर पाप र मुक्तिचाहिँ ती सामूहिक शिरहरूमा केन्द्रीभूत रहन्छन् । यसो हो भने, कसैले निम्न प्रश्न सोध्लाः 'तब व्यवस्था किन दिइयो त ?' प्रेरित पावलको उत्तर यस प्रकारको छः 'पाप प्रशस्त होस् भनेर नै व्यवस्था आयो' । यसको मतलब व्यवस्थाले पाप पैदा गरेको त होइन, तर त्यसले पापलाई प्रकट गरेको हो, र त्यसले हरेक पाप परमेश्वरको विरोधमा गरिएको अपराध ठहराएको हो । आजको दिनसम्म व्यवस्थाले कसैलाई पापमुक्त गरेको छैन, तर त्यसले पापको घोर दुष्ट्याइँ प्रकट गरेको हो । तर परमेश्वरको अनुग्रहचाहिँ मानिसका सबै पाप-हरूभन्दा महान् छ; किनकि जहाँ पाप प्रशस्त भएको छ, त्यहाँ गलगथाको खातिर परमेश्वरको अनुग्रह झन् बढ़ी प्रशस्त हुँदछ ।

**रोमी ५ः२१ः** अब सबै मानिसहरूलाई मृत्युले जकड्याउने पापको शासन सकिएको छ; अब अनुग्रहले धार्मिकताको साथ राज्य गर्दछ र हाम्रा प्रभु येशू ख्रीष्टद्वारा हामीलाई अनन्त जीवन दिन्छ । याद गरौंः अनुग्रहले धार्मिकताद्वारा राज्य गर्दछ । यसर्थ परमेश्वरको पवित्रताले माग गरेका सबै

दाबीहरू ख्रीष्टमा पूरा भए, र व्यवस्थाले मागेको सजायको दाम उहाँले तिर्नुभयो; अब परमेश्वरले तिनीहरू सबैलाई अनन्त जीवन दिन सक्नुहुन्छ, जसले आफ्नै योग्यता होइन, तर ख्रीष्टको पुण्यकर्मको फल दाबी गर्दछन्; किनभने उहाँ तिनीहरूकै स्थान लिनुभएको व्यक्ति हुनुहुन्छ।

यी पदहरूमा हामी 'किन परमेश्वरले पापलाई यस संसारमा प्रवेश गर्न दिनुभयो' भन्ने प्रख्यात प्रश्नको आंशिक उत्तर पाउँछौं। अनि यस प्रश्नको उत्तर यस प्रकारको छः पापले यस संसारमा कहिल्यै प्रवेश गर्दै नगरेको भन्दा ख्रीष्ट येशूको बलिदानद्वारा नै परमेश्वरलाई बढ़ी महिमा भएको र मानिसहरूलाई अधिक आशिषहरू भएकै हो। पतित नभएका आदममा हाम्रो हालत जति राम्रो किन नहोस्, ख्रीष्टमा हाम्रो अवस्था झन् कति बढ़ता गरी बढ़िया र उत्तम भएकै हो। आदमले पापै नगरेका भए तिनले निरन्तर यस पृथ्वीमाथि अदनको बगैंचामा जिएर जीवन उपभोग गर्न पाउनेथिए। तर मुक्ति पाउने, परमेश्वरको सन्तान हुने, परमेश्वरको हकवाला हुने र ख्रीष्ट येशू उहाँका पुत्रसँग साझा-हकवाला हुने तिनको आशा थिएन। 'स्वर्गमा तिम्रो घर हुनेछ' भन्ने प्रतिज्ञा तिनलाई दिइएको थिएन; अनि तिनीसँग अनन्तसम्म ख्रीष्ट येशूसँग रहिरहन र सदा-सर्वदा उहाँजस्तै हुन पाउने वचन पनि थिएन। यी आशिषहरूचाहिँ प्रभु येशू ख्रीष्टको मुक्तिको कार्यद्वारा मात्र प्राप्त हुन्छन्।

## ज) रोमी ६:१-२३: सुसमाचारअन्तर्गत पवित्र जीवन जिउने बाटो केकस्तो छ?

प्रेरित पावलले पाँच अध्यायको अन्तमा जे भने, अर्थात् परमेश्वरको अनुग्रहचाहिँ मानिसका सबै पापहरूभन्दा प्रशस्त हुन्छ भन्ने कुराले अर्को प्रश्न निम्त्याउँछ, जो एक अति महत्त्वपूर्ण प्रश्न हो। 'मुक्ति अनुग्रहको वरदान हो, जो ख्रीष्ट येशूमाथि राखिएको विश्वासले सित्तैंमा पाइन्छ; तब यस प्रकारको शिक्षाले पापमा जिउने हौसला वा उत्साह दिँदैन र? अथवा के यस्तो शिक्षाले पापमा जिउने अनुमति दिएको जस्तै देखा पर्दैन त?'

यस प्रश्नको उत्तर छ अध्यायदेखि आठ अध्यायसम्म दिइन्छ; अनि यसको उत्तर 'पापमा लागिरहनु कदापि हुँदै-हुँदैन' हो । यहाँ छ अध्यायमा प्रेरित पावलले दिएको उत्तर निम्न तीनवटा क्रियापदहरूमा केन्द्रित रहेको छः जान्नु (रोमी ६ः३ र ६), ठान्नु (रोमी ६ः११) र वशमा सुम्पनु (रोमी ६ः१३) ।

जब हामी ख्रीष्ट-विश्वासीको ठहर र उसको व्यवहारको बीचमा भिन्नता छ भन्ने कुरा बुझ्छौं, तब यस कुराले हामीलाई प्रेरित पावलले यस छ अध्यायमा प्रस्तुत गरेको तर्कको मतलब जान्न मद्दत गर्दछ । ख्रीष्ट-विश्वासीले ख्रीष्टमा पाएको ठहर उसको स्तर हो; तर उसको दैनिक जीवनमा ऊ जेजस्तो छ, अथवा ऊ जेजस्तो हुनुपर्छ, त्योचाहिँ उसको व्यवहार हो ।

परमेश्वरको अनुग्रहले हामीलाई ख्रीष्टमा एउटा उच्च स्तरमा राख्छ, र त्यसपछि त्यसले हामीलाई यस उच्च स्तरको योग्य जीवन जिउने शिक्षा दिन्छ । हामी ख्रीष्टमा छौं; यसैले हाम्रो ठहरचाहिँ हर प्रकारले पूर्ण र सिद्ध हुन्छ । अनि हाम्रो व्यवहारचाहिँ - त्यो दिनदिनै यस हाम्रो उच्च स्तरसित मिल्दै र झन् मिल्दै जानुपर्छ । यस जीवनभरि हाम्रो व्यवहारचाहिँ हाम्रो यस उच्च स्तरसित कहिल्यै पूरा रूपले नमिल्ला । स्वर्गमा मात्र, जब हामीले हाम्रा मुक्तिदाता प्रभुलाई मुखामुख देख्नेछौं, तब हामी उहाँजस्तै हुनेछौं । तर वर्तमान समयमा हामी ख्रीष्टको रूपमा बदलिँदै जानुपर्छ र दिन-प्रतिदिन हामीले झन् बढ़ता गरी उहाँको रूप धारण गर्नुपर्छ ।

प्रेरित पावलले सबैभन्दा पहिले के सत्यता पेस गर्दछन् भने, ख्रीष्ट येशूसँग उहाँको मृत्यु र उहाँको पुनरुत्थानमा हाम्रो एकीकरण । त्यसपछि उनले यही महान् सत्यताको प्रकाशअनुसार जिउने हौसला दिन्छन् ।

**रोमी ६ः१ः** यहाँ, यस ठाउँमा यहूदी-पक्ष लिने प्रतिवादीको कल्पना गर्नुहोस् ! त्यो कसरी अघि बढ्छ र निम्न कसिलो तर्क प्रेरित पावलको सामु राख्दछः 'परमेश्वरको अनुग्रहको सुसमाचारले सिकाएअनुसार मानिसको पापचाहिँ परमेश्वरको प्रशस्त अनुग्रह दर्साउन सक्ने माध्यम मात्र हुँदो रहेछ; तब के पापमा लागिपर्दा उहाँको अनुग्रह बढ़ेर झन् प्रशस्त हुने सुझाउ यस प्रकारको शिक्षाको मतलब होइन र ?' । अरू शब्दहरूमा

भन्न हो भने, 'व्यवस्थाबाट अलग्गै, प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाइन्छ, र हामीले यसभन्दा बढ़ता केही पनि गर्नुपर्दैन रहेछ; तब गएर पापमा जिउनु पनि भयो, होइन र ?' त्यस प्रतिवादीको तर्कअनुसार पवित्र जीवन जिउने सम्बन्धमा परमेश्वरको अनुग्रहले हामीलाई पर्याप्त प्रेरणा दिँदैन रे; होइन, पवित्र जीवन जिउन मानिसहरूलाई व्यवस्थाको वशमा राख्नुपर्छ अरे ।

कसैले हाम्रो सहायताका निम्ति सुझाउ दिएअनुसार हामी यस छ अध्यायमा 'के हामी पापमा लागिरहौं' भनेर त्यसको शुरुमा सोधिएको प्रश्नका चारवटा जवाफ पाउँछौं ।

*उत्तर १)* ***हामी पापमा लागिपर्न सक्दैनौं;*** किनभने हामी ख्रीष्टसँग एक भएका छौं। रोमी ६:१-११ पदको खण्डमा योचाहिँ प्रेरितको तर्क हो ।

*उत्तर २)* ***हामीलाई पापमा जिउनु दरकार छैन;*** किनकि परमेश्वरको अनुग्रहले पापको प्रभुत्व तोड़ेको छ। रोमी ६:१२-१४ पदमा योचाहिँ प्रेरितको आग्रह हो ।

*उत्तर ३)* ***हामी पापमा जिउनुहुँदैन;*** नत्रता पाप फेरि पनि आएर हाम्रो शासक हुनेछ, र त्यसले हामीलाई आफ्नो वशमा पारिहाल्नेछ। रोमी ६:१५-१९ पदमा योचाहिँ प्रेरितको आज्ञा हो ।

*उत्तर ४)* ***हामी पापमा जिउनुहुँदैन, कदापि हुँदैन;*** पापमा जिउने मानिसको जीवनको अन्त डरलाग्दो हुनेछ। रोमी ६:२०-२३ पदमा योचाहिँ प्रेरितको चेताउनी हो ।[17]

**रोमी ६:२:** यसकारण प्रेरित पावलको प्रथम उत्तर यस प्रकारको छः हामी पापका निम्ति मरिसकेका छौं; यसैले हामी पापमा लागिरहन सक्दैनौं। यो हाम्रो स्तरको सम्बन्धमा प्रस्तुत गरिएको सत्यता हो । जब प्रभु येशू पापका निम्ति मर्नुभयो, तब उहाँ हाम्रा प्रतिनिधि भएर त्यसका निम्ति मर्नुभयो। उहाँ हाम्रो स्थानमा मात्र मर्नुभएन, तर उहाँ हाम्रा प्रतिनिधिको रूपमा पनि मर्नुभयो। हाम्रो स्थानमा मर्नुहुँदा उहाँ हाम्रा

निम्ति, हाम्रो सट्टामा मर्नुभयो; तर हाम्रा प्रतिनिधिको रूपमा उहाँ मर्नुहुँदा हामी नै मर्‍यौं। यसकराण जब उहाँ मर्नुभयो, तब हामी मर्‍यौं। पापको सवालले जति प्रश्नहरू उठाउन सक्छ, प्रभु येशूको मृत्युले यिनको जम्मै उत्तर दिँदछ; किनभने उहाँको मृत्युले पापको मामिला एकैपल्टमा सधैंका निम्ति खतम गरेको, अँ, समाप्त गरेको छ। जतिजना ख्रीष्टमा छन्, तिनीहरू सबैलाई परमेश्वरले पापको लेखि मरेका ठान्नुहुन्छ। यसको मतलब ख्रीष्ट-विश्वासी पापरहित भएको बुझिँदैन; होइन, तर हरेक ख्रीष्ट-विश्वासीचाहिँ ख्रीष्ट येशूको मृत्युमा र उहाँको मृत्युसँग सम्बन्धित सबै कुराहरूमा उहाँसँग एक भएको हो।

**रोमी ६:३:** प्रेरित पावलको प्रस्तुतीकरणमा *जान्नु*चाहिँ हामीले ध्यान दिनुपर्ने प्रथम क्रियापद हो, जसले यहाँ, यस खण्डमा अर्थ खोल्ने चाबीको काम गर्दछ। नैतिक दृष्टिकोणले हेर्‍यो भने ख्रीष्ट-विश्वासीहरू पापमा लागिपर्नु असम्भव छ। यो कुरा पुष्टि गर्न उनले आफ्नो तर्कमा बप्तिस्माको कुरा हाल्दछन्। तर बप्तिस्माको शब्द पढ्नसाथ प्रश्न उठ्छः उनले यहाँ कुनचाहिँ बप्तिस्माको कुरा गरेका छन्? यसकारण हामीलाई के लाग्छ भने, यहाँ, यस ठाउँमा हामीले यस सम्बन्धमा संक्षिप्त स्पष्टीकारण दिनुपर्छ।

जब कुनै व्यक्तिले मुक्ति पाउँछ, तब ख्रीष्ट येशूभित्र उसको बप्तिस्मा भएको हुन्छ, अर्थात् त्यो ख्रीष्ट-विश्वासी ख्रीष्ट येशूको मृत्यु र उहाँको पुनरुत्थानमा उहाँसित विश्वासद्वारा एक भएकै हुन्छ। यो कुरा र आत्माको बप्तिस्मा एउटै कुरा होइन, यद्यपि ती दुवै कुराहरू एकै समयमा घटेका हुन्छन्। आत्माको बप्तिस्माद्वारा ख्रीष्ट-विश्वासी ख्रीष्टको मण्डलीरूपी देहमा गाभिन्छ (१ कोरिन्थी १२:१३); तर त्योचाहिँ ख्रीष्टको मृत्युमा हुने बप्तिस्मा होइन। ख्रीष्ट येशूभित्र भएको बप्तिस्माको अर्थचाहिँ यो होः परमेश्वरको दृष्टिमा हरेक ख्रीष्ट-विश्वासी ख्रीष्ट येशूसँग मरेको र उहाँसित बौरिउठेको छ।

जब प्रेरित पावलले यहाँ, यस ठाउँमा बप्तिस्माको कुरा गरेका छन्, तब उनले दुवै कुरामा, ख्रीष्ट येशूसित हाम्रो आत्मिक एकतामा र पानीको बप्तिस्मामा यसको तस्बीरमा आफ्नो विचार पुर्‍याएका छन्। उनले

पानीको बप्तिस्माको कुरा किन गरेका छन्? किनभने उनको विचारमा पानीको बप्तिस्माले यहाँ ख्रीष्ट येशूसित हाम्रो आत्मिक एकीकरणको सुन्दर चित्रण गर्दछ। तर आफ्नो तर्कमा अघि बढ्दाखेरि उनले पानीको बप्तिस्मारूपी सचित्रबाट ख्रीष्ट-विश्वासीहरू ख्रीष्टसँग कसरी गाड़िए र उहाँको मृत्युको समानतामा कसरी एकैसाथ जोरिए, सो कुरामा विशेष जोड़ दिन्छन्।

नयाँ नियमभरि नै बप्तिस्मा नलिएको कुनै ख्रीष्ट-विश्वासी छैन। यस्तो व्यक्ति हुन्छ भन्ने अनियमित, असामान्य अवस्थाको बारेमा कुनै विचारै गरेको पाइँदैन। यसर्थ अनुमान गर्न सकिन्छ, कि प्रभु येशूकहाँ फर्कनेहरू सबैले आफूलाई प्रभुको आज्ञाको अधीनतामा सुम्पेर तत्कालै पानीको बप्तिस्मा लिइहाले। यसैले प्रभु येशूले यसो भन्दै एकै सासमा विश्वास र बप्तिस्माको कुरा गर्नुभयोः *'जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ, उसैले मुक्ति पाउनेछ'* (मर्कूस १६:१६)। पानीको बप्तिस्माचाहिँ मुक्ति पाउनलाई आवश्यक नहोला, तर मुक्ति पाएको लोकविदित साक्षीका निम्ति पानीको बप्तिस्मा अनिवार्य हो।

**रोमी ६:४ः** पानीको बप्तिस्माचाहिँ ख्रीष्ट येशूभित्र भएको बप्तिस्माको स्पष्ट रूपले देखिने बाहिरी प्रदर्शन हो। पानीको बप्तिस्माले दिएको नक्सा यस प्रकारको छः ख्रीष्ट-विश्वासी पानीमा डुब्दाखेरि उसले प्रभु येशूमा भईकन मृत्युमा गाड़िएको कुरा दर्साउँछ; अनि पानीबाट निस्कँदाखेरि उसले त्यस नयाँ मानिसलाई दर्साउँछ, जो जीवनको नयाँपनमा हिँड्नका निम्ति ख्रीष्ट येशूमा बौरिउठेको हुन्छ। एक प्रकारले हरेक नयाँ ख्रीष्ट-विश्वासी बप्तिस्मा लिँदाखेरि आफ्नै दफनमा उपस्थित हुन्छ, जसमा उसको 'पुरानो मान्छे'लाई गाड़िन्छ। पानीमा डुब्दाखेरि उसले यो स्वीकार गर्दछः 'शरीरमा म आदमको पापी सन्तान हुँ; अनि आदममा म जे थिएँ र म जे छु, त्यो सबै क्रूसमा टाँगिएर मृत्युमा सुम्पिएको छ; जब प्रभु येशू मर्नुभयो, तब म पनि मरें।' अनि पानीबाट निस्कँदै उसको विश्वासको अङ्गीकार यस्तो छः 'ख्रीष्टसित म क्रूसमा टाँगिएको छु, तरै पनि म जिउँछु; यसो भए पनि म ता होइन, तर ख्रीष्ट मभित्र जिउनुहुन्छ' (गलाती २:२०)।

यस सम्बन्धमा श्री कोनिबेर र श्री हव्सनले टिप्पणी गरेर यसो भन्छन्ः 'यस खण्डको सठीक अर्थ बुभ्नु हो भने, हामीले याद गर्नुपर्छः शुरुका इसाईहरूको बप्तिस्मा डुब्कीको बप्तिस्मा थियो ।'

यहाँबाट प्रेरित पावल अघि बढ्दै थपेर भन्छन्ः ख्रीष्ट येशूको पुनरुत्थानले गर्दा हाम्रा निम्ति नयाँ जीवनको चालमा हिँड्नु सम्भव भएको छ। हाम्रा प्रभु येशू ख्रीष्ट पिताको महिमाद्वारा मरेकाहरूबाट बौरिउठ्नुभयो। यसको मतलब यही हुन्छः परमेश्वरको धार्मिकता, उहाँको प्रेम, उहाँको न्यायपरायणता आदि जुनै दृष्टिकोणले हेरेर पनि परमेश्वर पिताले प्रभु येशूलाई बौराएर उठाउनुपरेको थियो। यता मुक्तिदाता प्रभुको जीवनको सर्वश्रेष्ठाता र उता परमेश्वरका सबै सद्‌गुणहरू विचार गर्दा प्रभु येशूलाई चिहानमा छोड़िराख्नु परमेश्वर पितालाई असम्भव नै थियो। यो ता परमेश्वरको सिद्ध स्वभावको विरोधमा गएको बराबर हुनेथियो । होइन, परमेश्वर पिताले प्रभु येशूलाई बौराउनुभयो र उहाँलाई फेरि जीवित पार्नुभयो। अनि ख्रीष्ट येशूको मृत्युमा जस्तै हामी उहाँको पुनरुत्थानमा पनि उहाँसँग एक भएका हुनाले हामी आत्मिक जीवनको नयाँपनाअनुसार चल्न सक्छौं, र हामीले जीवनको यस नयाँपनाअनुसार चल्नुपर्छ ।

**रोमी ६:५ः** जसरी हामी ख्रीष्ट येशूको मृत्युको समानतामा एकैसाथ जोरिएका हुन्छौं, त्यसरी नै हामी उहाँको पुनरुत्थानको समानतामा पनि जोरिएका हुनेछौं। 'उहाँको मृत्युको समानता'को अर्थ हामीले यसरी बुभ्नुपर्छः बप्तिस्मा लिने नयाँ ख्रीष्ट-विश्वासी पानीभित्र डुब्छ। वास्तवमा प्रभु येशूसित उहाँको मृत्युमा एक हुने काम बप्तिस्मा लिने बेलामा होइन, तर यो ता खास गरी लगभग दुई हजार वर्षअघि भइसकेको थियो । पानीको बप्तिस्माचाहिँ अघि भइसकेको वास्तविकताको 'समानता' हो ।

बप्तिस्माको पानीमा डुब्दाखेरि हामी प्रभु येशूसित उहाँको मृत्युको समानतामा एक हुन्छौं; ठीक त्यसरी नै बप्तिस्माको पानीबाट निस्कँदा हामी प्रभु येशूसँग उहाँको पुनरुत्थानको समानतामा एक हुन्छौं। कुरा साँचो हो, 'उहाँको पुनरुत्थानको समानतामा' भन्ने वाक्यमा मूल-

पाण्डुलिपि हेर्दा 'समानतामा' भन्ने शब्द छैन; तर यो शब्द अनुवादकहरूले थपेका भए पनि यस वाक्यको अर्थ यही हो। पूरा अर्थ खोल्नलाई अनुवादकले यो शब्द लगाउनैपर्‍यो।

ख्रीष्ट येशूसित उहाँको मृत्युको समानतामा जसरी हामी एक भयौं, बप्तिस्माको पानीमा डुबेर, ठीक त्यस्तै हामी उहाँको पुनरुत्थानको समानतामा पनि एक भएका छौं, बप्तिस्माको पानीबाट निस्केर। 'जोड़िएका हुनेछौं' भन्ने कुरा भविष्यकाल देखाउँदैन, तर निश्चयता जनाउँछ, जसरी श्री होड्‌जले यसो भन्छन्ः 'जोड़िएका हुनेछौं भन्दाखेरि प्रेरित पावलले भविष्यमा पछि कुनै समयमा सम्भव हुने कुरासँग सम्बन्ध जोड्दैनन्, तर यी शब्दमा पहिलो कुरा भइसकेपछि दोस्रो कुरा पनि निश्चित हुने नै छ भनेर भनेका हुन्। यी दुई कुराहरूको बीचमा कारण-सम्बन्ध छ। यसर्थ पहिलो कुरा भएको हो भने दोस्रो कुरा पनि हुने नै छ।'[18)]

**रोमी ६ः६ः** बप्तिस्मा लिँदा हाम्रो 'पुरानो मान्छे' ख्रीष्ट येशूसँग क्रूसमा टाँगिएको हाम्रो स्वीकार हो। हाम्रो 'पुरानो मान्छे' भन्नाले अदामका सन्तान भएर हामी जे थियौं, त्यो सबै बुझिन्छ, जस्तै हाम्रो पुरानो व्यक्तित्व, हाम्रो दुष्ट स्वभाव, हाम्रो नयाँ जन्म नपाएको आत्मा, साथै हाम्रा पुराना आदत र व्यवहारहरू, सबै कुइच्छा र अभिलाषाहरू। जुन बेला हामी प्रभुकहाँ फर्कन्छौं, त्यस बेला हामी त्यस पुरानो मान्छेलाई फुकाल्छौं र नयाँ मानिसलाई धारण गर्छौं, पुरानो, मैला, थोत्रो थाङ्‌ना फुकालेर नयाँ, निष्कलङ्क वस्त्र पहिराएझैं (कलस्सी ३ः९-१०)।

गलगथामा त्यस पुरानो मान्छेलाई क्रूसमा चढ़ाइएको मतलबचाहिँ पापको शरीरलाई शक्तिहीन पार्नु हो। यहाँ, यस पदमा भनिएको पापको शरीरचाहिँ हाम्रो मासुरूपी शरीर होइन, तर हाम्रो शरीरभित्र वास गर्ने पापी स्वभाव बुझिन्छ, जसलाई 'पुरानो मान्छे' भनेर यहाँ यस्तो एउटा तानाशाह, यस्तो एउटा निरङ्‌कुश शासकको रूपमा मनावीकरण गरिएको छ, जसले हामीलाई आफ्नो दासत्वमा राख्दछ। अनि त्यही पापको शरीर क्रूसमा बेकम्मा तुल्याइएको छ, अर्थात् त्यो रद्द तुल्याइएको छ, त्यो निष्क्रिय तुल्याइएको छ, त्यसको वशमा पार्ने शक्ति टुटेको छ, त्यो हामीलाई दासत्वमा राख्न नसक्ने गरी शक्तिहीन भएको छ। यस पदको

'अबदेखि उसो हामी पापका दास हुनुहुँदैन' भन्ने अन्तिम वाक्यले यो देखाउँछ, कि यस खण्डको अर्थ यही हुनुपर्छ। हामीलाई आफ्नो वशमा पार्न सक्ने पापको तानाशाही शासन तोड़िएको छ।

**रोमी ६:७:** जब एउटा मानिस मरेको छ, तब ऊ पापबाट मुक्त भएको छ। मानिलिऔं, एकजना अपराधीलाई दण्डको आज्ञा दिइएको छ, र त्यसलाई फाँसी दिएर मृत्युदण्ड दिने भएको छ; किनकि त्यसले कसैको हत्या गरेको छ। मर्नेबित्तिकै त्यो मानिस आफ्नो अपराधबाट मुक्त भएको छ, अर्थात् मूलभाषाअनुसार 'धर्मी ठहरिएको हुन्छ'; किनकि त्यस अपराधबाट चुक्ता हुने दण्ड त्यसले भोगेको छ, र त्यसको मुद्दा छिनाफाना भएकै छ।

आउनुहोस्, अब हामीले आफ्नो कुरा गरौं! गलगथामा प्रभु येशू क्रूसमा मर्नुहुँदा हामी उहाँसँग मऱ्यौं। हाम्रा पापहरूका निम्ति हामीले भोग्नुपर्ने दण्ड प्रभु येशूले भोगिदिनुभयो। यत्ति मात्र होइन, तर हाम्रो जीवन गला घोट्नेसम्म हामीलाई वशमा पार्ने पक्राउ पनि तोड़िएको छ। अबदेखि उसो हामी सधैं पापसित हार्ने शक्तिहीन मानिस होइनौं, हामी पापको बन्धनमा रहने पापका दास हुँदैनौं।

**रोमी ६:८:** यस सत्यताका दुईवटा पक्ष छन्। हामी ख्रीष्ट येशूसित मरेका छौं, यो त्यसको एक पक्ष हो। त्यसको अर्को पक्ष यही होः हामी ख्रीष्ट येशूसँग जिउँछौं। पापको सम्बन्धमा हामी मरेका भयौं भने धार्मिकताका निम्ति हामी जीवित छौं। हामीमाथि जुन पापको प्रभुत्व थियो, त्यो त तोड़ियो। अब वर्तमान समयमा ख्रीष्ट येशूको पुनरुत्थानको जीवनमा हामी सहभागी भएका हुन्छौं; अनि हामी अनन्त-अनन्तसम्म उहाँको जीवनमा सहभागी हुने नै छौं। उहाँको नामको स्तुति होस्!

**रोमी ६:९:** बौरिउठ्नुभएको ख्रीष्ट येशूचाहिँ फेरि कहिल्यै मर्नुहुन्न; हाम्रो दृढ़ भरोसा र हाम्रो विश्वासको निश्चयता यस सत्यतामाथि आधारित छ। अबदेखि उसो कुनै हालतमा पनि उहाँमाथि मृत्युको प्रभुत्व हुनेछैन। तीन दिन र तीन रात मृत्युले उहाँमाथि प्रभुत्व गरेको थियो, तर अब त्यो प्रभुत्व सदासर्वदा समाप्त भएको छ। अबचाहिँ ख्रीष्ट येशू कहिल्यै मर्न सक्नुहुन्न।

**रोमी ६:१०:** जब प्रभु येशू मर्नुभयो, तब उहाँ एकैपल्ट मर्नुभयो, तब पापसित सम्बन्ध राख्ने जुनसुकै हिसाबमा उहाँ मर्नुभयो, अर्थात् उहाँ मर्नुभयो र यसरी नै पापका दाबीहरू, पापका ज्यालाहरू, पापका मागहरू पूरा गरेर उहाँले पापको जम्मै दण्ड भोग्नुभयो। उहाँले पापको ऋण तिर्ने काम पूरा गरिदिनुभयो; उहाँले त्यो जम्मै ऋण यत्ति राम्रोसँग चुक्ता गर्नुभयो, यहाँसम्म कि यो भुक्तानी कार्य फेरि कहिल्यै दोहोरिनुपर्दैन। तर अब त येशू ख्रीष्ट जीवित हुनुहुन्छ; अब उहाँ परमेश्वरका निम्ति जिउनुहुन्छ। एक प्रकारले, उहाँ सधैं परमेश्वरका निम्ति जिइरहनुभएको थियो, तर अबचाहिँ बौरिउठ्नुभएको विजयी प्रभु येशू एउटा नयाँ सम्बन्धमा र यस्तो एउटा नयाँ आधारभूमिमा उभिएर परमेश्वरका निम्ति जिउँदै हुनुहुन्छ; यस नयाँ सम्बन्धभित्र पाप कहिल्यै पस्नै सक्नेछैन।

हाम्रो अध्ययनमा अघि बढ्नुभन्दा अघि आउनुहोस्, हामी यहाँसम्म रोमी ६:१-१० पदको खण्डमा सिकिसकेका कुराहरू एकपल्ट फेरि दोहोर्‍याऔं! क्रमिक पवित्रीकरणचाहिँ यस खण्डको विषयवस्तु हो; योचाहिँ हाम्रा निम्ति पवित्र जीवन जिउने परमेश्वरको तरिका हो। परमेश्वरको दृष्टिमा हामी ख्रीष्ट येशूसँग मरेका छौं र उहाँसित बौरिउठेका छौं; उहाँको सामु हाम्रो ठहर यस्तै हुन्छ। पानीको बप्तिस्माचाहिँ यसको चित्र हो। ख्रीष्ट येशूसँगसँगै हाम्रो मृत्यु भएको हो; यसैले चाहे पुरुष, चाहे स्त्री - हामी आदममा जे थियौं, त्यससित हाम्रो नाताको सम्बन्ध टुटेको छ; किनकि परमेश्वरले पुरानो मान्छेलाई कहिल्यै सुधार्नुहुन्न, तर उहाँले त्यसमाथि मृत्यु ल्याउनुभयो। त्यसमाथि उहाँको दण्डको आज्ञा मृत्यु थियो। अनि जुन बेला हामी ख्रीष्ट येशूसित मर्‍यौं, त्यस बेला परमेश्वरले त्यस न्यायको फैसलाअनुसार काम गर्नुभयो र ख्रीष्ट येशूमा हामीलाई प्राणदण्ड दिनुभयो। तर अब हामी ख्रीष्ट येशूसित बौरिउठेछौं, र नयाँ जीवनको चालमा हिँड्न तयार हुन्छौं। हामीमाथि पापको तानाशाही शासन तोड़िएको छ; किनभने मुर्दासित पापको केही सरोकार छैन। अबचाहिँ परमेश्वरका निम्ति जिउनलाई हामी स्वतन्त्र भएका हुन्छौं।

**रोमी ६:११:** प्रेरित पावलले यहाँसम्म जे बयान गर्दै आएका छन्, यो आत्मिक ठहर सबै ख्रीष्ट-विश्वासीहरूमा सत्य छ। अब हामीले यो

सत्यता हाम्रो जीवनमा उतार्नुपर्दछ, हामीले यो कुरा व्यवहारमा ल्याउनुपर्दछ। यसका निम्ति प्रेरितले हामीलाई यहाँ, यस पदमा व्यवहारिक शिक्षा दिन्छन्। हामीले ख्रीष्ट येशू हाम्रा प्रभुमा आफूलाई पापको सम्बन्धमा मरेका, तर परमेश्वरका निम्ति जीवित भएका ठान्नुपर्छ।

यस सिलसिलामा *ठान्नु* भनेको परमेश्वरले यहाँ हाम्रो विषयमा जे भन्नुभएको छ, सो कुरा स्वीकार गरेर र सम्पूर्ण रूपले सत्य मानेर त्यस शिक्षाअनुसार जिउनु हो। यस विषयमा श्रीमती रुथ पक्सनले लेख्छिन्ः 'यस भनाइको अर्थ यस प्रकारको छः परमेश्वरले रोमी ६ः६ पदमा जे भन्नुभएको छ, त्यो कुरा हामीले विश्वास गर्नुपर्छ, र मुक्ति पाएकाहरू सबैमा सत्य ठहरिएको यो वास्तविकता आफ्नै हालत सम्भनुपर्छ। यसो गर्न हामीले विश्वासको एक सुदृढ़ कदम उठाउनुपर्छ, र त्यस पुरानो मान्छेको विषयमा कहिल्यै ढलपल नहुने गरी एउटा स्थिर मनसा अप्नाउनुपर्छ। यसको मतलब यो होः परमेश्वरले हाम्रो पुरानो मान्छेको विषयमा जुन प्रकारले विचार गर्नुहुन्छ, अबदेखि उसो त्यही प्रकारले ठान्नु वा विचार गर्नु हो, अर्थात् त्यस पापमय स्वभावलाई ख्रीष्टसित क्रूसमा टाँगिएको र मारिएको देख्नु हो; किनभने परमेश्वरले त्यसलाई यस्तै देख्दै हुनुहुन्छ। परमेश्वरको अनुग्रहले हाम्रो पुरानो मान्छेलाई क्रूसमा टाँगेको छ; अनि हाम्रो विश्वासले त्यसलाई त्यही ठाउँमा निरन्तर राखिछोड्नुपर्छ। हाम्रो काम यही हो। यो कुरा हल्का लिनुहुँदैन; होइन, हामी यस समबन्धमा अति गम्भीर हुनुपर्छ; किनभने त्यो पुरानो 'स्व' हुने भावको विषयमा परमेश्वरको दण्डको आज्ञा र उहाँको न्याय हामीले आफ्नो सम्पूर्ण हृदयले सहर्षसाथ स्वीकार गर्नुपर्छ र यसमा आफ्नो सहमति जनाउनुपर्छ। हाम्रो पुरानो पापमय स्वभावचाहिँ जिउनुको योग्य कदापि हुँदैन; अनि परमेश्वरले त्यसलाई क्रूसमा टाँगेर शक्तिहीन पार्नुभएको हुनाले त्यसले अब उसो हामीमाथि कुनै अधिकार दाबी गर्न पाउँदैन। तब हामी यस सम्बन्धमा यति बुझौंः हाम्रो पुरानो मान्छे क्रूसमा टाँगिएको ठान्नु नै व्यवहारिक पवित्रताको पहिलो कदम हो।'[19)]

पापका निम्ति मरेका ठान्ने सम्बन्धमा हामी आफूलाई कहिले सफल भएका सम्भन सक्छौं त? त्यस बेला, जब पापको परीक्षामा पर्दा हाम्रो

प्रतिक्रिया मुर्दाको जस्तै हुन्छ। सन्त अगुस्टिनको विषयमा यस्तो कथा छः तिनी प्रभु येशूकहाँ फर्कनुभन्दा अघि तिनकी प्रेमिका थिई। पछि एक दिन त्यस स्त्रीले तिनलाई बोलाएर तिनलाई फेरि पापमा फसाउन खोजी। तर त्यसलाई देख्नेबित्तिकै अगुस्टिन फनक्क फर्के र छिटो-छिटो गरी त्यसदेखि भागिहाले। त्यस स्त्रीले भनीः 'हे अगुस्टिन, के तिमीले मलाई चिनेनौ? मै हुँ।' तब तिनले अझ छिटै आफ्ना पाइला सार्दै पछिल्तिर जवाफ दिएः 'हो, म जान्दछु, म जान्दछु, तिमी नै हौ; तर मचाहिँ तिमीले चिनेको अगुस्टिनै होइनँ।'[20] यसरी 'पापको सम्बन्धमा म मरेको, तर परमेश्वरका निम्ति म जीवित छु' भनेर तिनले भन्न खोजेका थिए। व्यभिचार, अशुद्धता, अश्लीलता, कामुकतासित मुर्दाको के सरोकार? झूट बोल्नु, ठग्नु, ढाँट्नु, कानेखुसी गर्नु, कुरा काट्नु आदि अधर्महरूसित लासको के सम्बन्ध? ख्रीष्ट येशूमा हामी आत्मिक हिसाबले जीवित छौं, परमेश्वरका निम्ति जीवित छौं। पवित्र जीवन जिउनु हाम्रो बोलावट हो। परमेश्वरको उपासना, प्रार्थना र प्रभुको सेवा गर्ने क्षेत्रहरूमा हाम्रो विकास हुनुपर्छ र हाम्रो जीवनले परमेश्वरका निम्ति फल फलाउनुपर्छ।

**रोमी ६:१२:** रोमी ६:६ पदबाट हामीले चाल पायौंः हाम्रो पुरानो मान्छेचाहिँ यस हेतुले क्रूसमा टाँगिएको थियो कि पापरूपी तानाशाही शासकले अबदेखि उसो हामीमाथि राज्य गर्न नपाओस्। त्यो पुरानो मान्छे मारियो; त्यो निकम्मा तुल्याइयो। यसैले हामी अब उसो शक्तिहीन होइनौं, हामी त्यसका दास होइनौं। जुन कुरा हाम्रो स्तर र ठहरको विषयमा सत्य छ, त्यसको सम्बन्धमा पावलले अब यी पदहरूमा हामीलाई व्यवहारिक आदेशहरू दिन्छन्। हाम्रो मरणशील शरीरका कुइच्छा र अभिलाषाहरू पूरा गर्दै हामीले पापलाई हाम्रो शरीरमाथि राज्य गर्न दिनुहुँदैन। गलगथामा ख्रीष्ट येशूको क्रूसको मृत्युद्वारा पापको शासन समाप्त भएको छ। अब हामीले यही कुरा व्यवहारमा ल्याउनुपर्छ। यसमा हाम्रो सहभागिता चाहिन्छ। परमेश्वरले हामीलाई पवित्र तुल्याउन सक्नुहुन्छ; तर उहाँले हाम्रो इच्छा र सहभागिताविना यसो गर्नुहुनेछैन।

**रोमी ६:१३:** यस अध्यायमा हाम्रा निम्ति अर्थ खोलिदिने चाबीरूपी तेस्रो क्रियापदचाहिँ *'वशमा सुम्पनु'* हो। हात, खुट्टा, आँखा र दिमागजस्तै हाम्रो शरीरका अङ्गहरू हामीले पापको वशमा सुम्पनुहुँदैन; हाम्रा शरीरका अङ्गहरू दुष्ट्याइँका औजार अथवा त्यसका हातहतियार हुनुहुँदैन। हामीले आफ्नो शरीरका अङ्गहरूको नियन्त्रण परमेश्‍वरलाई दिनुपर्छ; यो हाम्रो कर्तव्य हो; किनकि उहाँले नै ती अङ्गहरू धार्मिकताका हात-हतियारहरूको रूपमा चलाउन चाहनुहुन्छ। याद रहोस्, रोमी ६:४ पदअनुसार जीवनको नयाँपनाअनुसार चल्नका निम्ति हामी मरेको अवस्थाबाट बौरिएका र जीवित पारिएका हुन्छौं।

**रोमी ६:१४:** अनि यहाँ, यस ठाउँमा पापले हामी ख्रीष्ट-विश्‍वासीहरूमाथि राज्य गर्न नपाउने अर्को कारण दिइएको छ। हाम्रो पुरानो मान्छे ख्रीष्ट येशूसँग क्रूसमा टाँगिएको कुरा यसको पहिलो कारण हो भने, हामी व्यवस्थामनि नरहेका, तर अनुग्रहको अधीनतामा भएका कुरा यसको दोस्रो कारण हो। जुन व्यक्ति व्यवस्थाको अधीनतामा रहेको छ, त्यसमाथि पापले राज्य गर्दछ। के तपाईं यसको कारण जान्न खोज्नुहुन्छ? तब बुझिदिनुहोस्ः व्यवस्थाले त्यसको अधीनतामा रहेको मानिसलाई के-के गर्नुपर्छ र के-के गर्नुहुँदैन, सो बताउँछ, तर उसलाई परमेश्‍वरका यी आज्ञाहरू पालन गर्ने शक्ति दिँदैन; उल्टो व्यवस्थाले गर्नु नहुने कुकर्महरू पो पूरा गर्नलाई पतित मानिसको स्वभावभित्र लुकिइरहेका कतिपय 'सुतिरहेका' निष्क्रिय अभिलाषाहरू जगाउँदो रहेछ। उहिले शैतानले हव्वालाई के भनेको थियो? अझ पनि पापी मानिसलाई मनाही गरिएको फल मीठो लागिरहेको रहेछ।

अनुग्रहको अधीनतामा रहेको मानिसमाथि पापले प्रभुत्व गर्न सक्दैन। ख्रीष्ट-विश्‍वासी पापको सम्बन्धमा मरेको हुन्छ। पवित्र जीवन जिउने शक्तिको रूपमा उसले पवित्र आत्मालाई पाएको छ, जसले उसभित्र वास गर्नुहुन्छ। अब दण्ड पाउने डरले होइन, तर मुक्तिदाता प्रभुप्रतिको प्रेमले ऊ प्रेरित हुन्छ। वास्तवमा, हामीमा पवित्रता उत्पन्न गर्ने एकमात्र शक्ति परमेश्‍वरको अनुग्रह हो। यस सम्बन्धमा श्री जे. डेन्नीले यसो भनेका छन्ः 'पापबाट हुने छुटकारा दमनको फल होइन, तर

प्रकाशको फल हो, सिनाई पर्वतको प्रकाशको फल होइन, तर गलगथाको प्रकाशको फल हो; त्यसले नै हामीलाई पवित्र मानिसहरू तुल्याउँछ।'21)

**रोमी ६:१५:** कति मानिसहरू परमेश्‍वरको अनुग्रहको शिक्षादेखि डराइरहेका छन्; किनकि तिनीहरूको विचारमा अनुग्रहको शिक्षाले पाप गर्ने स्वतन्त्रता दिन्छ। तर प्रेरित पावलले यही गलत विचारको सामना गर्दै यस प्रकारको डर प्रश्‍नको रूपमा उठाउँछन्, र त्यसपछि 'कदापि होइन' भनेर यस प्रश्‍नको जवाफ दिएर यस प्रकारको गलत विचार नकार्छन्। हामी व्यवस्थाबाट मुक्त भएका हुन्छौं, ता पनि हामी छाड़ा छैनौं। अनुग्रहको खास अर्थ प्रभु येशूको सेवा गर्ने स्वतन्त्रता हो, उहाँको विरुद्ध पाप गर्ने स्वतन्त्रता होइन।

रोमी ६:१ पदमा प्रश्‍न यस प्रकारको थियोः 'के हामी पापमा लागिरहौं?' अनि यहाँको प्रश्‍नको परिभाषा यस्तो छः 'थोरै पाप गरे त हुन्छ नि, कि कसो?' दुवै प्रश्‍नहरूको एकै उत्तर होः 'हाय! कदापि हुँदैन!!' किनभने परमेश्‍वरले हाम्रो जीवनमा अलिकति पाप पनि सहन सक्नुहुन्न।

**रोमी ६:१६:** सामान्य जीवनको सम्बन्धमा हामी कुरा गरौं भने निम्न कुरा साँचो होः जुन मानिसको वशमा हामी आफूलाई सुम्पिदिन्छौं, तिनकै दास हामी हुन्छौं, र तिनीचाहिँ हाम्रा स्वामी र मालिक हुन्छन्। ठीक त्यस्तै, जसले आफूलाई पापको वशमा सुम्पन्छ, ऊचाहिँ पापको दास हुन्छ-हुन्छ; अनि जसले यस प्रकारको बाटो अप्नाउँछ, त्यसका निम्ति अन्तचाहिँ अनन्त मृत्यु हो। तर जसले परमेश्‍वरप्रति आज्ञाकारी हुने जीवन रोज्छ, उसको जीवन पवित्र हुँदै जान्छ। पापका दासहरूको जीवन दोष, डरत्रास र दुःखकष्टले पूर्ण हुन्छ, तर परमेश्‍वरका दासहरूचाहिँ नयाँ स्वभावले जे रुचाउँछ, त्यो नै पूरा गर्न स्वतन्त्र हुन्छन्। तब पापका दास किन भइबस्ने, जब हामी ख्रीष्टमा स्वतन्त्र हुन सक्दछौं?

**रोमी ६:१७:** प्रेरित पावलले परमेश्‍वरलाई धन्यवाद चढ़ाउँदछन्; किनभने रोममा भएका ख्रीष्ट-विश्‍वासीहरू बितेको समयमा पापका दासहरू थिए; तर जब उनीहरू ख्रीष्टको शिक्षाको प्रभावमा परे, तब उनीहरू आज्ञाकारी भए र उनीहरूले त्यसलाई स्वीकार गरे। यसरी रोममा

बस्ने विश्वासीहरू सम्पूर्ण हृदयले आज्ञाकारी भए र उनीहरूले आफूलाई परमेश्वरको अनुग्रहको सुसमाचारको त्यस शिक्षारूपी साँचोमा सुम्पे, जुन शिक्षाअन्तर्गत पावलले यस पत्रमा उनीहरूलाई दिएका जम्मै शिक्षाहरू पनि पर्दछन् ।

**रोमी ६ः१८ः** खाँटी शिक्षाले खाँटी विश्वास र खाँटी विश्वासले खाँटी व्यवहार पैदा गर्दछ । मानिस कसरी पापबाट मुक्त हुन्छ, सो साँचो शिक्षा ती रोमका विश्वासीहरूले अप्नाए; यसैले उनीहरू धार्मिकताका दासहरू बने । 'पापबाट छुटकारा पाएर' भन्ने वाक्यको अर्थ अबदेखि उसो उनीहरूको पापी स्वभाव नरहेको मतलब होइन; अनि उनीहरूले अबदेखि पापकर्महरू गर्दैनन् भन्ने यस भनाइको अर्थ पनि होइन । पापबाट मुक्त हुने जीवनचाहिँ पापको प्रभुत्वमनि नरहेको जीवन हो । सन्दर्भले यस प्रकारको अर्थको माग गर्दछ ।

**रोमी ६ः१९ः** रोमी ६ः१८ पदमा प्रेरित पावलले धार्मिकताका दासहरूको विषयमा कुरा गरेका छन्; तर रोमी ६ः१९ पदमा उनले स्पष्ट पार्दै के देखाउँछन् भने, धर्मी जीवन जिउने मानिस कुनै खास बन्धनमा रहेको हुँदैन । 'व्यवहारिक धार्मिकता दासत्व होइन; केवल मानिसको रीतिअनुसार बोल्दा यो कुरा स्पष्ट पार्ने अरू शब्द नभएको हुनाले यसलाई "दासत्व" भन्न मिल्छ होला ।'[22] किनकि सबैजना जसले पाप गर्दछन्, तिनीहरू पापका दासहरू हुन्; तर जतिजनालाई परमेश्वरका पुत्रले स्वतन्त्र तुल्याउनुहुन्छ, उनीहरू साँच्चै स्वतन्त्र हुनेछन् (यूहन्ना ८ः३४ र ३६) ।

पावलले यहाँ दास-मालिकको दृष्टान्तात्मक भाषा चलाएका छन्, किनभने उनका पत्र पढ्ने विश्वासीहरूको समाज त्यस्तै थियो; सामान्य जीवनसित सम्बन्ध राख्ने कुराबाट उनीहरूले यस प्रकारको सचित्र भाषा सजिलोसँग बुझ्न सके । उनीहरूको शरीरको दुर्बलताले गर्दा उनले मानिसको रीतिअनुसार लेखेका हुन्, किनकि पावलले यो सत्यता राख्ने अरू कुनै तरिका अप्नाएका भए उनीहरूलाई यो सत्यता बुझ्न गाह्रो पर्नेथियो; किनकि आत्मिक कुराहरू बुझ्न उनीहरूको समझशक्ति कमजोर भएको थियो । जुन सत्यता उदाहरणसहित बुझाइन्छ, यस्तो सत्यता प्रायः सबैजनाले छर्लङ्गै बुझ्छन् ।

प्रभुकहाँ फर्कनुभन्दा पहिले रोमका विश्वासीहरूले आ-आफ्ना शरीरहरू दासको रूपमा किसिम-किसिमका अशुद्धताको वशमा सुम्पेका थिए; उनीहरूले एक अधर्मपछि अर्को अधर्म गर्दै आफूलाई विभिन्न दुष्ट्याइँहरूको वशमा सुम्पेका थिए। तर अबचाहिँ उनीहरूले त्यही शरीरहरू लिएर दासको रूपमा धार्मिकताको वशमा सुम्पनुपर्छ; तब उनीहरूका जीवनहरू साँच्चै पवित्र हुनेछन्।

**रोमी ६:२०:** जुन समयमा उनीहरू पापको दासत्वमनि रहेका थिए, त्यस समयमा उनीहरूले जानेको एकमात्र स्वतन्त्रताचाहिँ धार्मिकतादेखि स्वतन्त्र हुने स्वतन्त्रता थियो। हर प्रकारको खराबीको बन्धनमा परेको, तर हर प्रकारको भलोपनाबाट मुक्त भएको - यो कस्तो अभागी दशा!!

**रोमी ६:२१:** प्रेरित पावलले उनीहरूलाई, र हामीलाई पनि, उनीहरूले मुक्ति पाउनुभन्दा अघिको जीवनका फलहरू के-के थिए, सो सूचि बनाऔं भन्ने चेताउनी दिएका छन्। यस्ता लाजमर्दा क्रियाकलापहरूबाट उनीहरूले आफ्ना निम्ति कस्ता-कस्ता खराब फलहरू बटुलेका थिए होला त? हरेक विश्वासी जनका निम्ति उसले मुक्ति नपाउँदाखेरि आफ्नो जीवनमा जेजति कामकुराहरू गऱ्यो, ती कामहरू उसका निम्ति अहिले शर्मका कुराहरू हुन्।

श्री मार्कूस रेन्फोर्डले हाम्रा निम्ति निम्न प्रकारको सूचि तयार गरेका छन्: 'एक, हामीले आफ्ना सुविधाहरू र क्षमताहरू दुरुपयोग गरेका; दुई, हामीले अरूका गुण र स्नेहहरू जमिनमा कुल्चेका, तीन, हामीले कति धेरै समय बरबाद गरेर खेर फालेका; चार, हामीले अरूलाई कुप्रभाव गरेका र कुप्रेरणा दिएका; पाँच, हामीले आत्मीय साथी र इष्टमित्रहरूलाई दुःख दिएका; छ, हामीले आफूलाई हित र लाभ हुने कुराहरू नाश गरेका; सात, हामीले प्रेमको विरोधमा, विशेष गरी परमेश्वरको प्रेमको विरुद्ध पाप गरेका; अथवा एकै शब्दमा भन्नु हो भने, सरम! हाम्रो लाजमर्दो जीवन!!'[23)]

यी कुराहरूको फल अर्थात् यिनको अन्त्यचाहिँ मृत्यु हो। श्री ए. टी पियर्सन्‌ले लेख्दा यस वाक्यको अर्थ यी शब्दहरू वक्त गर्छन्: 'हरेक पापले हामीलाई मृत्युतिर एक कदम अगाड़ि बढ़ाउँदै लान्छ; पापमा

लागिपर्ने मानिसको अन्त मृत्यु नै हो; किनभने पापको लक्ष्य र पापको फल मृत्यु नै हो ।'[24)]

**रोमी ६ः२२ः** जब कुनै व्यक्ति प्रभु येशूकहाँ फर्कन्छ, तब तत्कालै उसको आत्मिक ठहर पूरा बदलिएको हुन्छ। अब ऊ पापरूपी मालिकबाट मुक्त भएको छ, र स्वेच्छाले परमेश्वरको दास भएको छ। फलस्वरूप उसको वर्तमान जीवन पवित्र हुँदै जान्छ र यस संसारमा जिएको उसको तिर्थयात्रीरूपी पवित्र जीवनको अन्तचाहिँ अनन्त जीवन हो। हुन त ख्रीष्ट-विश्वासीसँग अहिले पनि अनन्त जीवन छ; तर यहाँको पदले अनन्त जीवन भन्दाखेरि यस अनन्त जीवनको पूर्णताको विषयमा कुरा गरेको हो, जब विश्वासीसँग पुनरुत्थानको महिमित शरीर हुनेछ।

**रोमी ६ः२३ः** प्रेरित पावलले यी दुई विपरीत कुराहरूका भिन्नताहरू प्रस्तुत गर्दै आफ्नो विषयको सारांश दिएका छन्, जस्तै

*दुई मालिकहरूः पाप र परमेश्वर*
*दुई तरिकाहरूः ज्याला र अनुग्रहको वरदान*
*दुई नतिजाहरूः मृत्यु र अनन्त जीवन*

याद गर्नुहोस्ः अनन्त जीवन अरू कहीं होइन, तर प्रभु येशू ख्रीष्टमा छ; अनि ख्रीष्टमा हुनेहरू सबैसँग अनन्त जीवन हुन्छ। कुरा यति सरल छ ! !

## झ) रोमी ७ः१-२५ः ख्रीष्ट-विश्वासीको जीवनमा मोशाको व्यवस्थाको भूमिका के हो ?

अब यस खण्डमा प्रेरित पावलले मोशाको व्यवस्थाको विषयमा अवश्य उठ्नुपर्ने प्रश्नको जवाफ दिँदैछन्। प्रश्न यस प्रकारको छः 'मोशाको व्यवस्थासित ख्रीष्ट-विश्वासीको सम्बन्ध के हो ?' हुन सक्छ, प्रेरित पावलले यहाँ आफ्नो विचार ती यहूदी धर्मबाट आएका ख्रीष्ट-विश्वासीहरूमा लगाएर उत्तर लेखेका होलान्; किनभने इस्राएली जातिलाई नै मोशाको व्यवस्था दिइएको थियो । तर यहाँ पावलद्वारा प्रस्तुत गरिएका आत्मिक बुँदाहरू अन्यजातिहरूबाट प्रभुकहाँ फर्केका ख्रीष्ट-

विश्‍वासीहरूका निम्ति उत्तिकै लागू हुन्छन्, जब ख्रीष्ट येशूद्वारा परमेश्‍वरसित उनीहरूको मेलमिलाप भइसकेपछि उनीहरूले मूर्ख प्रकारले आफूलाई व्यवस्थाको अधीनतामा राख्न र मोशाको व्यवस्था नै आफ्नो दैनिक जीवनको आत्मिक आदर्श-नियम तुल्याउन खोज्दछन्।

रोमी छ अध्यायबाट हामीलाई थाहा लागेको छः परमेश्‍वरका छोराछोरीहरूको जीवनमा मृत्युले पापी स्वभावको तानाशाही शासन समाप्त गरेको हो। अनि ठीक त्यस्तै हामीले अब सिक्नेछौंः मृत्युले व्यवस्थाको अधीनतामा हुनेहरूको जीवनमाथि त्यसको प्रभुत्व खतम गर्दछ।

**रोमी ७:१:** यस पदले रोमी ६:१४ पदसित सम्बन्ध जोड्दछ, जहाँ यसो लेखिएको छः *'तिमीहरू व्यवस्थाको अधीनतामा छैनौ, तर अनुग्रहको अधीनतामा छौ।'* सम्बन्ध यसरी नै जोड़िएको छः 'तिमीहरू व्यवस्थाको अधीनतामा छैनौ' भन्ने कुरा उनीहरूले जान्नुपर्नेथियो; अथवा के उनीहरू यस विषयमा अनजान थिए? व्यवस्थाको प्रभुत्वचाहिँ एउटा मानिसमाथि तबसम्म मात्र रहन्छ, जबसम्म ऊ जिउँदो हुन्छ। पावलले यहाँ यस्ता मानिसहरूसँग कुरा गरेका छन्, जसले व्यवस्थाका आधारभूत नियमहरूसित सुपरिचित भएका थिए, अनि यसैले व्यवस्थाको कुनै पनि भागले एउटा मरेको मानिसलाई जुनै हालतमा पनि कुनै आज्ञा गर्न सक्दैन भन्ने कुरा उनीहरूले जान्नुपर्नेथियो।

**रोमी ७:२:** पावलले आफ्नो तर्क पुस्टि गर्ने उदाहरण दिन्छन्ः मृत्युले विवाहको सम्बन्ध छुट्ट्याइदिन्छ। एउटी विवाहिता स्त्री उसका पति बाँचुन्जेल विवाहको नियमले आफ्ना पतिसँग बाँधिएकी हुन्छे। तर उसका पति मरे भने ऊ अबदेखि त्यस नियमबाट मुक्त हुन्छे।

**रोमी ७:३:** यो स्पष्ट छ। तर आफ्ना पति बाँचिरहेको बेलामा एउटी स्त्रीको विवाह अरू कुनै पुरुषसँग भयो भने, ऊ व्यभिचारिणी ठहरिन्छे। तर उसका पति मरे भने, उसले फेरि पनि विवाह गर्न सक्छे; किनकि ऊ स्वतन्त्र भएकी छे। फेरि विवाह गर्दा उसले कुनै प्रकारको गल्ती गर्दिन, उसलाई कुनै दोष पनि लाग्दैन।

**रोमी ७:४:** तर यसको उदाहरण व्यवहारमा ल्याउँदाखेरि हामीले यस खण्डको अर्थ हर कुरामा साह्रै अक्षरशः लिनुदेखि होशियार बस्नुपर्छ। प्रेरित पावलको शिक्षामा न त्यस स्त्रीले न उसका पतिले व्यवस्थालाई सङ्केत गर्छन्। तर प्रेरितले यहाँ दिएको उदाहरणले के देखाउन र के स्पष्ट पार्न खोज्यो भने, मृत्युले विवाहको सम्बन्ध विच्छेद गर्दछ; ठीक त्यस्तै ख्रीष्ट येशूसित ख्रीष्ट-विश्वासी मरेको हुन्छ; अनि ख्रीष्ट-विश्वासीको यस आत्मिक मृत्युले उसको जीवनमा व्यवस्थाको अधिकार बिलकुलै टुटाएको छ, तोड़िदिएको छ, विच्छेद गरेको छ।

याद गर्नुहोस्ः यस खण्डमा प्रेरित पावलले 'व्यवस्थाचाहिँ मरेको छ' भनेर भन्दैनन्। होइन, तर मानिसहरूलाई पापको विषयमा कायल पार्ने साधनको रूपमा परमेश्‍वरका पवित्र नियमहरूको निरन्तर भइरहेको लाभदायक सेवाकाई जारी रहन्छ। अनि अर्को कुरा हामीले यहाँ याद गर्नुपर्छः जब पावलले यस खण्डमा 'हामी' भन्ने शब्द प्रयोग गर्दछन्, तब उनले हामी भन्ने यस शब्दद्वारा ती मानिसहरूलाई सङ्केत गर्दछन्, जो उनीजस्तै प्रभु येशूकहाँ फर्कनुभन्दा अघिको समयमा यहूदी थिए।

*'तिमीहरू पनि ख्रीष्टको शरीरद्वारा व्यवस्थाका निम्ति मरेका भयौ'* भन्दाखेरि 'ख्रीष्टको शरीरद्वारा' भनेको प्रभु येशूले आफ्नो शरीर क्रूसको मृत्युमा सुम्पनुभयो। यसको फलस्वरूप हामी अबदेखि उसो व्यवस्थासित जोरिएका हुँदैनौं; अबचाहिँ हामीहरू बौरिउठ्नुभएका ख्रीष्टसँग जोरिएका हुन्छौं। मृत्युद्वारा व्यवस्थासितको सम्बन्ध विच्छेद भएको छ; जीवित ख्रीष्ट येशूसित एउटा नयाँ सम्बन्ध स्थापित भएको छ। व्यवस्थादेखि मुक्त भएका र स्वतन्त्र भएकाहरूले अबदेखि परमेश्‍वरका निम्ति फल फलाउन सक्छन्।

**रोमी ७:५:** फलको कुरा गर्नेबित्तिकै यसले हामीलाई 'शरीरमा' भएको अवस्थामा हामीले बितेको समयमा कस्तो किसिमको फल फलाइरहेका थियौं, सो कुराको याद दिलाउँदछ। 'शरीरमा' भनेको 'मासुको शरीर भएको अवस्थामा' भनेको होइन। यो ता हामीले मुक्ति पाउनुअघि परमेश्‍वरको सामु हाम्रो आत्मिक ठहरलाई बयान गर्ने सङ्केतात्मक भाषा हो। परमेश्‍वरको दृष्टिमा हामी 'शरीरमै' थियौं, अर्थात्

पापमा हराएको अवस्थामा थियौं। यस अवस्थामा हामी परमेश्वरको सामु ग्रहणयोग्य हुनलाई आफूमाथि, आफ्नो क्षमतामाथि, आफूले गर्न सक्ने कामहरूमाथि भर पर्थ्यौं। 'शरीरमा' हुनुको ठीक विपरीत 'ख्रीष्टमा' हुनु हो।

प्रभुलाई पाउनुभन्दा अघि यी पापी अभिलाषाहरूले हाम्रा शरीरका अङ्गहरूलाई खिचिरहेका थिए; यसमा व्यवस्थाले कसरी साथ दियो त? व्यवस्थाले पाप गर्ने कुइच्छा पैदा गर्दैन, तर कुन-कुन कुराहरू पाप हुन्, सो कुराहरूको नाम लिँदै तोकेर भन्दछ र यसो गर्न मनाही गर्दछ; यसो हुँदा हामीमा पाप गर्ने आवेग जलेर उठ्दछ र पाप गर्ने उत्कट इच्छा जाग्दछ।

हाम्रा शरीरका अङ्गहरूले यी अभिलाषाहरू पापकर्महरूद्वारा प्रकट गर्दछन्। अनि पापको परीक्षामा पर्दा जब हामी पापसित हार्थ्यौं, तब त्यसको विषालु फल अति तीतो हुन्थ्यो, जसको अन्त मृत्यु हो। यी फलरूपी पापकर्महरूलाई उनले अर्को ठाउँमा शरीरका कामहरू भन्छन्, जो यी नै हुन्ः परस्त्रीगमन, व्यभिचार, अशुद्धता, कामुकता, मूर्तिपूजा, टुनामुना, शत्रुता, झगड़ा, डाहा, क्रोध, विरोध, फूट, दलबन्दी, द्वेष, हत्या, मतवालापन, मोजमज्जा आदि (गलाती ५ः१९-२१)। त्यसको नतिजा मृत्यु हो, आत्मिक मृत्यु र अनन्त मृत्यु हो।

**रोमी ७ः६ः** तर प्रभुकहाँ फर्कंदाखेरि धेरै अचम्मका कामहरू पूरा भए; तीमध्ये एकचाहिँ ख्रीष्ट-विश्वासीहरू व्यवस्थाबाट मुक्त भएका हुन्छन्। हामी ख्रीष्टसँगसँगै मर्‍यौं; यसैले हामी व्यवस्थाबाट मुक्त भयौं। उहाँ हाम्रा प्रतिनिधि भएर मर्नुभयो; यसैले हामी उहाँसँग मर्‍यौं। प्रभु येशूले आफ्नो क्रूसको मृत्युद्वारा व्यवस्थाले दाबी गर्न सक्ने सबै मागहरू पूरा गर्नुभयो; किनभने यसरी नै उहाँले व्यवस्थाले माग गरेको क्रूसको मृत्युको भयानक दण्ड भोग्नुभयो र यसरी नै हाम्रो छुटकाराको दाम तिरिदिनुभयो। यसकाण ख्रीष्ट-विश्वासी व्यवस्थाबाट मुक्त भएको छ, साथै व्यवस्थाको श्रापदेखि पनि उसले छुटकारा पाएको छ, जसबाट अन्य कुनै तरिकाले उम्कन सकिँदैन; हाम्रो मुद्दा छिनियो। अब कसैले हामीलाई यही एउटा कुराको विषयमा दोस्रो पल्ट दोष लाग्न सक्नेछैन।

परमेश्वर एउटै कुराका निम्ति दुईपल्ट दाम लिनुहुन्न नै ।
उहाँले मेरो जमानी बस्ने मुक्तिदाता प्रभुको हातबाट पूरा दाम पाउनुभयो;
यसैले उहाँ त्यो दाम मबाट फेरि पनि लिन सक्नुहुन्न, र लिनुहुन्न पनि ।
अगुस्टस एम. टोपलेडी

अब हामीले छुटकारा पाएका हौं; अब हामी परमेश्वरको सेवा गर्दछौं, लेखिएको व्यवस्थाको पुरानोपनामा होइन, तर आत्माको नयाँपनामा । हाम्रो सेवा गर्ने प्रेरणा डर वा कर होइन, तर प्रेम नै हो । बन्धनमा परेर वा बाध्यतामा परेर हामी सेवा गर्ने होइनौं, तर आत्मिक स्वतन्त्रता पाएर हामी हर्षसाथ प्रभुको सेवा गर्दछौं । अब हामी नाना प्रकारका रीति र विधिहरूका सानाभन्दा साना कुराहरूमा ध्यान दिने व्यवस्थाका दास होइनौं, तर परमेश्वरको महिमाका निम्ति र अरू मानिसहरूको भलाइका निम्ति हामी खुशीसाथ आफूलाई अर्घबलिझैं पोखाएर चढ़ाउँछौं ।

**रोमी ७:७:** यो सबै पढ्दाखेरि कसैलाई व्यवस्थाप्रति पावल ता नकारात्मक विचारले पूर्ण र पूरा शङ्कालु मानिस हुँदा रहेछन् भनेर लाग्न सक्छ; किनभने उनले सफासँग भनेका छन्: ख्रीष्टमा विश्वासीहरू पापको सम्बन्धमा मरेका हुन्छन् र व्यवस्थाको सम्बन्धमा पनि मरेका हुन्छन् । यसैले कसैको मनमा 'यो व्यवस्थाचाहिँ कस्तो निकम्मा, खराब कुरा हुनुपर्छ, कि कसो' भन्ने विचार लाग्न सक्दछ; तर त्यसो हुँदै होइन; यस्तो विचार वास्तविकतादेखि साह्रै टाढ़ो पुगेको हुन्छ ।

तर रोमी ७:७-१३ पदको खण्डमा पावलले मुक्ति पाउनुभन्दा अघि आफ्नो जीवनमा मोशाको व्यवस्थाले कुनचाहिँ महत्त्वपूर्ण भूमिका खेलेको थियो, सो बयान गरेका छन् । शुरुमा उनको जोड़ यसैमा छः व्यवस्थाचाहिँ खराब होइन, पाप होइन; तर त्यसले त मानिसमा भएको पाप अर्थात् मानिसको पापी स्वभाव प्रकट गर्दछ । किनकि व्यवस्थाले पावललाई आफ्नो हृदयको डरलाग्दो पापले भ्रष्ट अवस्था देखाइदिएको र उनलाई साबित तुल्याएको हो । जबसम्म उनले आफूलाई अरू मानिसहरूसित तुलना गर्दथे, तबसम्म उनले आफूलाई निक्कै राम्रो र धर्मी

मानिस सम्झान्थे। तर जुन बेलादेखि उनले आफूलाई परमेश्वरका पवित्र आज्ञाहरूको प्रकाशमा देख्न थाले, र उनी व्यवस्थाको साबित पार्ने शक्तिशाली प्रभावमा परे, त्यस बेलादेखि उनी दोषी भए, निरुत्तर भए।

विशेष गरी एउटै आज्ञाले, अँ, 'लालच नगर्नू' भन्ने त्यस दसौं आज्ञाले चाहिँ उनलाई आफ्नो पाप प्रकट गरिदियो (प्रस्थान २०:१७)। लोभलालचचाहिँ मनमा गरिने पाप हो। शायद पावलले कहिल्यै कुनै ठूलो पाप, अथवा कुनै घिनलाग्दो अधर्म गरेनन् होला। तर अब व्यवस्थाद्वारा साबित हुँदा उनले आफ्ना विचारहरू अशुद्ध, भ्रष्ट भएका देख्न सके। खराब विचारहरू पनि पाप हुन्, अरू कुकर्महरूजतिकै पाप हुन् भन्ने कुरा उनले बुझे। यी कुविचारहरूद्वारा उनको जीवन दूषित भएको थियो। यसो हेर्दा उनको बाहिरी देखिने जीवन दोषरहित थियो होला, तर उनीभित्र उनको मन अशुद्ध थियो, कति घिनलाग्दो थियो।

**रोमी ७:८:** *'तर पापले यस आज्ञाद्वारा मौका छोपेर ममा सबै प्रकारको लोभलालच उत्पन्न गरिदियो।'* जब व्यवस्थाले हर किसिमको लोभलालच मनाही गर्दछ, तब मानिसभित्र उसको पापी, भ्रष्ट स्वभाव जलेर र सल्केर उठ्छ, र उसलाई झन् बढ्ता गरी लालच गरूँ, गरूँ झैं पार्दछ। पावलको जीवनमा व्यवस्थाद्वारा जगाइएको त्यो कुइच्छा लोभलालच थियो। उदाहरणका निम्ति, व्यवस्थाले दसौं आज्ञाद्वारा हामीलाई वास्तवमा भन्न खोजेको छः 'तैंले कामुकता र अन्य विषय-सुखहरूको सम्बन्धमा किसिम-किसिमका भोगविलासहरू आफ्नो मनमा उठ्न र खेल्न दिनुहुँदैन; तैंले कुइच्छाहरूरूपी आफ्नो मनोराज्यमा जिउन पाउँदैनस्!' यसरी व्यवस्थाले हामीलाई फोहोर, दुष्ट, अश्लील विचारले मग्न हुनुहुँदैन भन्छ। तर अभाग्यवश व्यवस्थाले हामीलाई यी मनाही गरिएका, तर मनमा उठिरहेका यी कुइच्छाहरू र अभिलाषाहरू जित्ने शक्ति दिँदैन। फलस्वरूप व्यवस्थाको अधीनस्थ मानिसचाहिँ यस प्रकारको अशुद्ध स्वप्न-संसारमा झन् बढ़ी संलग्न रहेको हुन्छ। अन्तमा उसले बुझ्छः पतित मानिसको पापी स्वभावले जुन कुरा मनाही गरिएको छ, त्यही कुरा गर्न खोज्छ, र केवल त्यही मात्र गर्न खोज्छ। *'चोरेको पानी मीठो हुन्छ, र गुप्तमा खाएको रोटी स्वादिलो हुन्छ'* (हितोपदेश ९:१७)।

पावलको जीवनमा 'व्यवस्थाविना पाप मरेको थियो'; यहाँ हामीले प्रेरित पावलको यो भनाइ अल्पार्थमा लिनुपर्छ, अक्षरशः होइन। हाम्रो पापी स्वभाव एउटा सुतिरहेको कुकुरजस्तो हो । तर जब व्यवस्था त्यसको सामु उभिन्छ, र 'नगर्' भन्छ, तब त्यो पापरूपी कुकुर एकैक्षणमा जाग्छ, र पागलसरह आवेगमा त्यही मनाही गरिएको कुरा गर्न खोज्छ र गरिछोड्छ ।

**रोमी ७ः९ः** व्यवस्थाले पावललाई उनको पापको विषयमा दोष देखाई-देखाईकन साबित तुल्याउनुभन्दा अघिको समयमा पावलले आफूलाई 'जिउँदा' भएको महसुस गरे; अर्थात् उनीभित्र उनको पापी स्वभाव गुप्त, अँ, प्रायः सुतिरहेको थियो, र आफ्नो हृदय कत्रो अधर्मको गुँड़ र कुण्ड हुँदो रहेछ, सो उनलाई पत्तै थिएन। यस्तै उनको आत्मिक 'आनन्दमय' अज्ञानता भएको रहेछ।

तर जब व्यवस्थाको आज्ञा आयो, अर्थात् त्यसले उनको जीवनमा काम गर्न थाल्यो र उनको व्यक्तिगत पाप प्रकट गर्दैथियो र त्यसको सबुतले उनलाई परास्त गर्दैथियो, तब उनको पापी स्वभाव उनमा जागिउठ्यो र पूरा आवेगमा जल्न थाल्यो। उनले व्यवस्थाको यो आज्ञा जति बढ़ी पालन गर्न कोशिश गर्दथिए, त्यत्ति नै बढ़ी उनी असफल भएका थिए। यसरी नै उनको स्वभावमा कुनै वंशागत भलोपना वा सद्गुण भएको विचार मर्‍यो; उनीभित्र 'व्यवस्थाका नियमहरू पालन गरेर म धर्मी ठहरिन सक्छु' भन्ने सपना चकनाचूर भयो; व्यवस्थाका कामहरू गरेर धर्मी हुने उनको आशा पूरा रूपले मर्‍यो ।

**रोमी ७ः१०ः** पावलले आफ्नो तिक्त अनुभवबाट के भेट्टाए भने, जुन आज्ञा जीवनका निम्ति दिइएको थियो, त्योचाहिँ मृत्युको कारण पो बन्न पुगेछ। तर त्यस आज्ञाले कसरी जीवन ल्याउन सक्थ्यो ? *'जुन आज्ञा जीवनका निम्ति दिइएको थियो'* भनेर उनले भन्न खोजेको मतलब के हो त ? हुन सक्छ, उनले लेवी १८ः५ पदको सम्झना गर्दै यसो भनेका होला, जहाँ यसो लेखिएको छः *'यसकारण तिमीहरूले मेरा विधिहरू र मेरा नियमहरू पालन गर्नू ! जुन मानिसले ती पालन गर्दछ, त्यो तीद्वारा नै जिउनेछ।'* यसर्थ सैद्धान्तिक हिसाबले हेर्दा मोशाको व्यवस्थाले यहाँ, यस

पदमा ती मानिसहरूलाई जीवन दिने प्रतिज्ञा गरेको छ, जसले व्यवस्था पालन गर्दछन्। तर वास्तविकताचाहिँ यस प्रकारको छः आदमका पापी सन्तानहरूमध्ये कसैले पनि व्यवस्था पूरा रूपले पालन गर्न सक्दैन - पालन गरेको छैन र कहिल्यै पालन गर्नेछैन। व्यवस्थाको सम्बन्धमा कुरा निम्न उदाहरणमा देखाएजस्तै छ। सिंहको खोरबाहिर एउटा सूचना टाँगिएको थियो, जसमा यसो लेखिएको थियोः 'सावधान! खोरदेखि टाढ़ा बस्नुहोस्!' त्यो आज्ञा जसले मान्दछ, ऊ बाँच्दछ; यसरी नै त्यस आज्ञाले यस मानिसलाई जीवन दिन्छ। तर मानौं एउटा केटाले त्यस सिंहलाई खेल्ने पुतली सम्झेर त्यस सिंहको खोरभित्र पस्यो भने ऊ अवश्य मर्छ। यसरी नै त्यस आज्ञाले मृत्यु ल्याउँछ।

**रोमी ७:११:** प्रेरित पावलले फेरि पनि व्यवस्थामा यसको दोष छैन भन्ने कुरामा जोड़ दिँदछन्। जे खराब कुरा उनको जीवनमा भइरहेको थियो, त्यो ता उनीभित्र वास गर्ने पापी स्वभावको दोष हो; किनभने त्यसैले उनलाई व्यवस्थाले मनाही गरेको कुरा पूरा गर्न उक्साएको थियो। पापले उनलाई छल गर्‍यो, र उनको मनमा 'शायद, त्यो मनाही गरिएको फलचाहिँ भनेको जत्तिकै नमीठो हुँदैन होला कि कसो' भन्ने विचार स्थापित गर्‍यो। यसैले उनी 'ओहो, त्यसले मलाई कति आनन्द दिनेथियो' र 'त्यो ता केही पनि होइन; कसैले मलाई देख्दैन; कसैले चाल पाउँदैन; यस्तो मामुली कुराले गर्दा मलाई कुनै सजाय नहुनुपर्ला' भन्नेसम्म पुगे। 'जे असल छ, त्यो कुरा परमेश्वरले मलाई दिन चाहनुहुन्न क्यार?! अहह, उहाँले यत्रो आनन्द र सुख मबाट वञ्चित गर्न खोज्नुभएको पो ता!' भनेर उनको पापी स्वभावका दुष्ट सुझाउहरू थिए। यसरी नै पापले यस आज्ञाद्वारा उनलाई मार्‍यो; अब उनीभित्र 'म मुक्तिको योग्य हुँ', वा 'मुक्ति म आफैले कमाउन सक्छु' भन्ने आशा चकनाचूर भयो; मृत्युको छायाले उनको आशाको एक-एक अक्षर पूरा मेटाइदियो।

**रोमी ७:१२:** मोशाको व्यवस्था पवित्र छ; त्यसको एक-एक आज्ञा पवित्र, धर्ममय र असल छ; त्यसमा कुनै दोष छैन। त्यो कसरी खराब हुने? त्यो ता परमेश्वरबाट दिइएको थियो; यसैले व्यवस्था सिद्ध छ; किनकि त्यसभित्र परमेश्वरका जनहरूका निम्ति उहाँको दिव्य इच्छा

प्रकट भएको छ। व्यवस्थाको कमजोरी केमा छ त? कच्चा माल ती मानिसहरू हुन्, जसलाई त्यो व्यवस्था दिइएको थियो; तिनीहरूचाहिँ अघिबाटै स्वभावैले पापी भएकै थिए। हुन त तिनीहरूलाई यस्तो व्यवस्थाको आवश्यक परेको थियो, जसले तिनीहरूलाई पापको ज्ञान दिन्छ; तर झन् बढ़ता गरी तिनीहरूलाई मुक्तिदाताको खाँचो परेको थियो, जसले तिनीहरूलाई तिनीहरूका पापको दण्डबाट बचाउनुहुन्छ, साथै तिनीहरूलाई पापको पक्राउ र प्रभुत्वबाट छुटकारा दिनुहुन्छ।

**रोमी ७:१३:** *'तब के, जे असल छ, त्यही मेरा निम्ति मृत्यु बन्यो त?'* 'जे असल छ, त्यही' भन्दाखेरि यहाँ त्यो व्यवस्था बुझिन्छ, जसको बयान बाह्र पदले गरेको छ। 'के व्यवस्था नै मेरो आत्मिक मृत्युको खास कारण हो र' भनेर पावलले प्रश्न उठाउँछन्। के पावललाई, र उनको साथसाथै हामी सबैलाई पनि, मृत्युको योग्य तुल्याउने आरोप साँच्चै व्यवस्थालाई लाग्दैछ? यस प्रश्नको जवाफ 'कदापि होइन' हो। हामीलाई आत्मिक रूपले मार्ने अपराधीचाहिँ पाप हो। व्यवस्थाले हामीमा पाप पैदा गर्दैन; होइन, तर त्यसले पापको पापी अवगुण, त्यो कति ज्यादा पापमय कुरा रहेछ, सो हामीलाई देखाउँछ। *'व्यवस्थाद्वारा पाप चिन्ने ज्ञान हुन्छ'* (रोमी ३:२०)। तर कुरा यतिमा सीमित छैन नि। आउनुहोस्, जब परमेश्वरको पवित्र व्यवस्थाले मानिसलाई केही कुरा गर्न मनाही गर्दछ, तब मानिसको पापीको स्वभावको प्रतिक्रिया के हो, सो हेरौं! अघि जुन कुरा गुप्तमा रहेको सुतिरहेको अभिलाषा मात्र थियो, त्यो त अब झन् जलिउठ्ने आवेगपूर्ण उत्कट अभिलाषा पो बन्दछ। यसरी नै आज्ञाद्वारा पापचाहिँ ज्यादा पापमय कुरा बन्दो रहेछ।

कसैलाई यहाँ यस पदमा बताइएको कुरा र अघि पावलले दस पदमा भनेको कुराको बीचमा कुरा नमिलेको लाग्न सक्छ; किनकि दस पदमा उनले व्यवस्थाचाहिँ उनका निम्ति मृत्युको कारण भएको भने, र यहाँ तेह्र पदमा आएर उनले व्यवस्था होइन, तर पाप नै यसको मूलकारण हो भनेर बताएका छन्। यहाँ देखा परेको यो समास्या यसरी समाधान हुन्छ होलाः व्यवस्थाले पुरानो पापी स्वभावमा कुनै सुधार ल्याउन सक्दैन, न ता त्यसलाई पाप गर्न लाउँछ। व्यवस्थाले पाप पक्रन सक्छ र प्रकट गर्दछ,

तापक्रम देखाउन थेर्मामिटरले जस्तो; तर त्यसले पापको नियन्त्रण गर्न सक्दैन, ताप मिलाउने र स्थायी तुल्याउने थेर्मास्टेट-यन्त्रले जस्तो।

तर के भइरहेको छ? जुन कुरा मनाही गरिएको छ, त्यही कुरा मानिसको पापी स्वभावले स्वभाविक रीतिले सधैं पूरा गर्न खोज्दैछ। त्यसले व्यवस्थाद्वारा पापी मानिसमा उसभित्र सुतिरहेका, निष्क्रिय भएका अभिलाषाहरू जगाउँदछ। मानिसले जति कोशिश गरे पनि उसको आत्मिक अवस्था झन्-झन् बिग्रिँदै जान्छ। अन्तमा मानिसले हरेस खान्छ, र उसको आशा पूरा मरेको, पूरा टुटेको हुन्छ। यसरी पापले व्यवस्था प्रयोग गर्दछ र मानिसभित्र कतैबाट कुनै सुधार सम्भव हुन्छ कि भन्ने क्षीण, छुद्र आशासमेत मारिहाल्छ। अनि अब मानिसले आफ्नो पुरानो पापी स्वभाव ज्यादा पापमय देख्दछ; त्यस्तो ता उसले आफूलाई अघि कहिल्यै देखेको थिएन।

**रोमी ७:१४:** यहाँसम्म प्रेरित पावलले यस खण्डमा विगत दिनहरूमा आफ्नो जीवनमा गरेको तिक्त अनुभव बयान गरेका छन्। व्यवस्थाको सेवाकाईद्वारा उनले मानसिक आघातपूर्ण अनुभव गरे र आफ्नो पापको दोषसिद्ध गम्भीर आत्मिक अवस्था देख्न सके।

अब रोमी ७:१४ पदबाट शुरु गरेर उनले भूतकालको कुरा होइन, तर वर्तमान् कालमा नयाँ जन्म पाएका ख्रीष्ट-विश्वासीको रूपमा अनुभव गर्दै गरेको कुरा अर्थात् दुईवटा स्वभावको बीचको संघर्ष, साथै आफ्नो शक्तिले उनमा वास गरिरहेको पापको प्रभुत्वदेखि छुटकारा पाउन पूरा असम्भव हुने अनुभव बयान गर्दछन्। पावलले मान्दछन्ः व्यवस्था आत्मिक कुरा हो; त्यो सम्पूर्ण रूपले पवित्र छ, र मानिसको आत्मिक भलाइका निम्ति अनुकूल हो। तर आफ्नो विषयमा उनले के महसुस गरेका छन् भने, उनी शारीरिक र सांसारिक हुँदा रहेछन्; किनकि उनले आफ्नो जीवनमा उनीभित्र वास गरिरहेको पापी स्वभावको शक्तिमाथि विजयी हुन सकेनन्। उनलाई 'अहो, म त पापको हातमा बेचिएको दास हुँ' जस्तै लाग्यो; पापचाहिँ उनको मालिक थियो।

**रोमी ७:१५:** प्रेरित पावलले यस्तो ख्रीष्ट-विश्वासीको संघर्ष बयान गर्दछन्, जसले ख्रीष्ट येशूसित उहाँको मृत्युमा र उहाँको पुनरुत्थानमा

आफू एक भएको सत्यताको विषयमा ज्ञान पाएको छैन वा यो सत्यता बुझेको हुँदैन। दुईवटा स्वभावको बीचमा हुने यो संघर्ष यस्तो व्यक्तिमा चलिरहन्छ, जो पवित्रताको पछि लाग्दै सिनाई पर्वत पो चढ्छ। यस सम्बन्धमा श्री ह्यारी फोस्टरले निम्न स्पष्टीकरण दिन्छन्: 'यस खण्डमा हामी यस्तो एउटा मानिसको विषयमा पढ्छौं, जसले सम्पूर्ण शक्तिले पवित्र जीवन जिउने प्रयत्न गर्दछ, तर यसका निम्ति सकभर कोशिश गरेर पनि ऊ परमेश्वरका पवित्र, धर्ममय र असल आज्ञाहरू पालन गर्नुमा सफल भएकै छैन। उसको अनुभव के थियो ? उसले जति बढ़ी कोशिश गस्र्यो, त्यत्ति नै उसको हालत खराब, झन् खराब हुँदै गएको थियो। यस संघर्षमा उसको जित हुनै सक्दैनथियो; ऊ हास्र्यो। यसमा अचम्म लाग्ने केही पनि छैन; किनभने पतित भएको मानिसको स्वभावमा पापलाई जित्ने र एउटा पवित्र जीवन जिउने शक्ति नै छैन।'[25]

रोमी ७:९-२५ पदको खण्डमा चालीस पल्ट भन्दा बढ़ी 'म, मैले, ममा, मलाई, मेरो' आदि उत्तम पुरुषको सर्वनाम प्रयोग गरिएको कुरामा तपाईंले ध्यान दिनुहोला। यसबाट स्पष्ट बुझिन्छ, कि रोमी सात अध्यायको अनुभव गरिरहेका मानिसहरू आफूमा मात्र केन्द्रित रहने आत्मविश्लेषी हुन्छन्, जसले आफूभित्र विजयी हुने शक्ति र क्षमता खोज्दछन्, जहाँबाट तिनीहरूले त्यो विजय कहिल्यै पाउँदैनन्, कहिल्यै पाउनै सक्दैनन्।

दुःखलाग्दो कुरा के हो भने, अचेल प्रायः सबै आधुनिक इसाई मनोवैज्ञानिक सल्लाहकारहरूले तिनीहरूबाट आत्मिक परामर्श खोज्ने-हरूको ध्यान आफूमाथि एकाग्र गर्ने पार्छन्, र यसो गरेर तिनीहरूले उनीहरूको समस्या समाधान गर्नुको सट्टामा उनीहरूको आत्मिक समस्या अझ बढ़ाउँछन्। नयाँ जीवन जिउनलाई मानिसले आफू ख्रीष्टसित मरेको र उहाँसित बौरेको कुरा जान्नुपर्छ। तब मानिसले आफ्नो 'शरीर'रूपी पापी स्वभावको सुधार गर्न छोड्छन् र त्यसलाई येशूको मृत्युमा सुम्पन्छन्।

दुईवटा स्वभावहरूको बीचमा भइरहेको संघर्षको बयान गर्दाखेरि पावलले 'म जे गर्दछु, त्यो म बुझ्दिनँ' भने; श्री आर. एल. स्टेफेन्सन्को 'डाक्टर जेकल र श्री हाइद' नामक कहानीमा बताइएको जस्तै पावलको

व्यक्तित्वमा दुईवटा खण्ड थिए। उनले गर्न नचाहेका कुराहरू पूरा गर्दछन्, र आफूले घृणा गरिरहेका कुराहरू गर्दछन्।

**रोमी ७ः१६ः** तर उनले गर्नु नहुने कामहरू गरिछाड्दाखेरि उनको विवेकले ती कामहरू दोषी ठहराउँछ; यसो हुँदा पावलले आफ्नो विरोधमा व्यवस्थाको पक्ष लिन्छन्, र उनका ती कामहरूमा दोष लगाउने व्यवस्थासँग सहमत हुन्छन्। यसरी नै उनले भित्री हृदयदेखि व्यवस्था सठीक छ भन्ने सहमति दिन्छन्।

**रोमी ७ः१७ः** यसो गर्दा-गर्दै उनले यस प्रकारको निष्कर्षमा पुग्छन्ः अरे, त्यो अपराधीचाहिँ त्यो नयाँ मानिस होइन रहेछ, जो उनले 'ख्रीष्टमा' पाए, तर त्यो त यो पापी, पापले भ्रष्ट भएको पुरानो स्वभाव पो रहेछ, जो उनीभित्र वास गर्दछ, जुन स्वभाव उनले 'आदममा' पाए। तर यहाँ, यस ठाउँमा हामी एकदम होशियार बस्नुपर्छ! हामीले पाप गऱ्यौं भने यो त केही पनि होइन, यो त हामीभित्र वास गरिरहेको पापको फल मात्र हो भनेर त्यसको विषयमा बहाना गर्नुहुँदैन; किनभने जे हामी गर्दछौं, त्यसको जिम्मेवारी सधैं हाम्रै हुन्छ। यो पद लिएर हामीले आफ्नो पापको दोष अरू कसैमाथि सार्नुहुँदैन; हामी आफ्नो जिम्मेवारीबाट कहीं लुक्नु वा कतै भाग्नुहुँदैन। पावलले यहाँ आफ्नो पापी चाल कहाँबाट शुरु भएको हो, सो पत्ता लगाएका छन्, तर आफ्नो पाप ढाकछोप गर्ने बहाना खोजेका छैनन्।

**रोमी ७ः१८ः** पवित्रतामा प्रगति गर्न चाहनेहरूले *'म जान्दछु, मभित्र अर्थात् मेरो शरीरभित्र कुनै असल कुराले वास गर्दैन'* भनेर पावलले सिकेको कुरा आफूले सिक्नुपर्दछ; नत्रता पवित्र जीवन जिउने क्रममा कुनै विकास गर्न सकिँदैन। यहाँ, यस वाक्यमा 'मेरो शरीरभित्र' भन्नाले हामीले त्यो पापी, पापले भ्रष्ट भएको स्वभाव बुझ्नुपर्छ, जो हरेक आदमको सन्तानभित्र वंशागत रूपले वास गर्दछ। मानिसले गर्ने र गर्न सक्ने हरेक दुष्ट कामको मूलस्रोत त्यो पुरानो स्वभाव नै हो। त्यसमा कुनै राम्रो गुणै हुँदैन।

जब हामीले यो आत्मिक पाठ सफलतापूर्वक सिकिसक्छौं, तब हामीले आफ्नो पुरानो स्वभावमा केही असल कुरा खोजिबस्ने बानीबाट पूरा छुटकारा पाउनेछौं; तब पुरानो स्वभावमा कुनै असल कुरा खोजेर

नपाउँदाखेरि हामी निराश हुनेछैनौं; तब आफूमा केन्द्रित रहने आदतबाट हामी मुक्त हुनेछौं। किनभने आत्मविश्लेषणमा विजय छैन। स्कोटल्याण्डका पवित्र निवासी श्री रोबर्ट म्याक चेनले भनेजस्तै आफूलाई एकपल्ट हेर्दा हामीले ख्रीष्टलाई दसपल्ट हेर्नुपर्छ।

हाम्रो 'शरीर' नामक पुरानो स्वभावमा कुनै सुधार होला भन्ने आशा छैन; यस कुराको पुष्टि गर्दै प्रेरित पावलले आफूमा भएको त्यो शक्तिहीन अवस्थाको विषयमा यसो विलौना गर्दछन्ः *'असल गर्ने इच्छा मसित हाजिर छ, तर कुनै असल कुरा पूरा गर्ने शक्ति म आफूमा पाउँदिनँ।'* उनको इच्छा इच्छा मात्र रहन्छ, तर त्यो इच्छा कहिल्यै असल काममा परिणत भएन। उनको समस्या के हो त? उनले आफ्नो लङ्गर आफ्नै जहाजभित्र हानिपठाएछन्, अर्थात् उनले आफूमाथि आशा राख्दा रहेछन्, आफैभित्र छुटकारा खोज्दा रहेछन्।

**रोमी ७ः१९ः** दुईवटा स्वभावहरूको बीच त्यो संघर्ष अझ चलिरहेकै छ; किनभने रोमी ७ः१९ पदमा उनले फेरि यसो भन्दछन्ः *'जुन असल कुरा म चाहन्छु, त्यो म गर्दिनँ, तर जुन खराब कुरा म चाहँदिनँ, त्यही म गर्दछु।'* उनको जीवनमा आपसमा नमिल्ने, तर एक-अर्काको विरोध गर्ने कति धेरै कुराहरू रहेछन्।

**रोमी ७ः२०ः** यस पदको भावार्थ यस प्रकारको छः 'अब जुन कुरा ममा भएको यस नयाँ स्वभावले गर्न चाहँदैन, त्यही कुरा मेरो पुरानो स्वभावले गर्दछ भने त्यो गर्नेचाहिँ खास गरी म आफै होइनँ, तर मभित्र वास गर्ने पाप पो रहेछ।' यहाँ हामी फेरि पनि याद गर्नुपर्छः पावलले आफ्नो पापका निम्ति कुनै बहाना खोजेका त होइनन्, तर यस पदमा उनले आफूभित्र वास गरिरहेको पापको प्रभुत्वमाथि उनलाई विजयको शक्ति दिने उपाय नभेट्टाएको कुरा मात्र बताउन चाहन्छन्। जब पावलले पाप गर्छन्, तब यस नयाँ मानिसको इच्छाबेगर उनले यसो गर्दछन्।

**रोमी ७ः२१ः** उनले अब असल गर्ने इच्छा हुँदाहुँदै खराब हाजिर हुने एउटा आत्मिक नियम पत्ता लगाउँदा रहेछन्। उनले जे उचित छ, त्यही गर्न चाहन्छन्; यसो भए पनि अन्तमा उनले पाप गर्न पुग्छन्।

**रोमी ७ः२२ः** उनको नयाँ स्वभावले परमेश्वरको व्यवस्थामा आनन्द लिन्छ; किनकि उनको दृष्टिमा परमेश्वरको व्यवस्था पवित्र छ; त्यसमा परमेश्वरको इच्छा प्रकट भएको छ। उनले परमेश्वरको इच्छा पालन गर्न चाहन्छन्।

**रोमी ७ः२३ः** पावलले परमेश्वरको इच्छा पालन गर्न चाहँदा-चाहँदै पनि आफ्नो जीवनमा अर्को विपरीत नियमले काम गरेको देख्दछन्, जुन नियमले त्यस नयाँ स्वभावको विरोधमा संघर्ष गर्दछ र उनलाई उनीभित्र वास गरिरहेको पापको वशमा ल्याउँदछ। यस विषयमा श्री जर्ज कटिङले यसो लेख्छन्ः 'मोशाको व्यवस्थाले पावललाई कुनै शक्ति दिएन, यद्यपि उनी भित्री मानिसअनुसार यस व्यवस्थासित पूरा प्रसन्न हुन्थे। अरू शब्दमा भन्नु हो भने, पावलले आफ्नो 'शरीर'रूपी स्वभाव परमेश्वरको पवित्र नियमको अधीनतामा ल्याउन खोजे; उनले एउटा यस्तो काम पूरा गर्न खोजे, जो परमेश्वरको दृष्टिमा असम्भव छ। यसबाट उनले पत्ता लागेः अँ, शरीरले केवल शरीरका कुराहरूमाथि मन लगाउँदो रहेछ; अँ, पापी स्वभावरूपी शरीरचाहिँ खास त्यो शत्रुता हो - परमेश्वरको व्यवस्थाप्रतिको शत्रुता र परमेश्वरप्रतिको शत्रुता।'[26)]

**रोमी ७ः२४ः** यस पदमा आएर *'हाय, म कति अभागी मानिस !'* भनेर पावलले सुस्केरी हालेर त्यो प्रख्यात अर्थपूर्ण उच्छ्वास गर्दछन्। उनलाई के लागेको छ भने, मानौं उनले आफ्नै काँधमा वा पिठ्यूँमा आफ्नो सड़िरहेको लाश बोकिरहेको अनुभव गर्दैछन्। त्यो मृत-शरीरचाहिँ सारा भ्रष्टतासहितको त्यो पुरानो पापी स्वभाव हो रहेछ। आफूलाई कति अभागी सम्झेर उनले आफूलाई प्रश्न गर्दछन्ः 'कसले मलाई यस मृत्युको शरीरबाट छुटकारा देला ?' किनकि अब उनलाई थाहा भयो, यस प्रकारको घिनलाग्दो दिक्दार बन्धनबाट उनले आफूलाई कुनै हालतमा पनि छुटाउन सक्नेछैनन्। उनलाई आफूदेखि बाहिरबाट सहायता पाउनु खाँचो थियो।

**रोमी ७ः२५ः** यस पदको शुरुमा अचानक उनको मन फुटेर उनको मुखबाट परमेश्वरका निम्ति धन्यवाद निस्कन्छ। यसका निम्ति दुईवटा कारण छन्। धन्यवाद चढ़ाउने प्रथम कारण यस्तो छः 'म परमेश्वरलाई

धन्यवाद चढ़ाउँछु; किनकि त्यो छुटकारा हाम्रा प्रभु येशू ख्रीष्टबाट आउँछ।' धन्यवाद चढ़ाउने दोस्रो कारण यस प्रकारको छः 'परमेश्वरलाई धन्यवाद होस्; किनभने हाम्रा प्रभु येशू ख्रीष्टद्वारा म अबदेखि उसो अभागी हुँदिनँ, कहिल्यै हुनेछैनँ।'

यस पदको दोस्रो भागमा उनले प्रभु येशूबाट छुटकारा पाउनुभन्दा अघि यी दुईवटा स्वभावहरूको बीचमा संघर्ष चलिरहेको अनुभवको सार यसो दिँदछन्ः नयाँ मन र नयाँ स्वभावद्वारा ख्रीष्ट-विश्वासीले परमेश्वरको व्यवस्थाको सेवा गर्दछ, तर उसको शरीरले, त्यस पुरानो पापी स्वभावले पापको नियम पूरा गर्दछ। आठ अध्यायमा आएर छुटकाराको बाटो स्पष्ट पारिनेछ। तब आउनुहोस्, हामी रोमी आठ अध्याय अध्ययन गरौं!

## ञ) रोमी ८ः१-३९ः पवित्र आत्माको शक्तिमा पवित्र जीवन

हाम्रो अध्ययनको विषयवस्तु पवित्र जीवन जिउनु हो, जो रोमी आठ अध्यायभित्र अघि बढ़िरहेको छ। रोमी छ अध्यायमा प्रेरित पावलले सुसमाचारको सम्बन्धमा 'के परमेश्वरको अनुग्रहको शिक्षाले पापमा लागिरहने जीवन जिउनलाई उत्साह दिँदैन र' भन्ने प्रश्नको उत्तर दिए। अनि रोमी सात अध्यायमा उनले व्यवस्था र इसाई जीवनको बीचको सम्बन्ध स्पष्ट पारेः पवित्र जीवन जिउन खोज्ने ख्रीष्ट-विश्वासीले व्यवस्था पालन गर्नुपर्दैन। अब हाम्रो नौवौं मुख्य प्रश्न यस प्रकारको छः 'ख्रीष्ट-विश्वासीले कहाँबाट पवित्र जीवन जिउने शक्ति पाउँदछ?'

शुरुमा हामीलाई के थाहा लाग्दैछ भने, रोमी सात अध्यायभरि प्रमुख ठाउँ ओगट्ने सर्वनामहरू यहाँदेखि छैनन्। तिनीहरू प्रायः सबै लुप्त भएका छन्; किनभने पवित्र आत्माचाहिँ यस खण्डको प्रमुख व्यक्ति हुनुहुन्छ। पवित्र आत्मा भन्ने शब्द नै यस खण्डको अर्थ खोल्ने चाबी हो; किनभने आत्मिक विजय हामीमा होइन, तर पवित्र आत्मामा हुन्छ, जो हामी ख्रीष्ट-विश्वासीहरूमा वास गर्नुहुन्छ। श्री ए. जे. गोर्डन्ले एउटा

सूचि बनाएर पवित्र आत्माबाट पाइने सात प्रकारका सहायताहरू यसरी बयान गर्छन्ः 'परमेश्वरको सेवा गर्नका निम्ति पाइने छुटकारा (८ः२), उहाँको सेवा गर्ने शक्ति (८ः११), पापमाथि विजय (८ः१३), जीवनको अगुवाइ (८ः१४), पुत्रको अधिकार प्राप्त गरिएको गवाही (८ः१६), हाम्रा कमजोरीहरूमा पाइने सहायता (८ः२६) र प्रार्थना गर्दा पाइने सहायता (८ः२६) पवित्र आत्माबाट आउँछ।'

**रोमी ८ः१ः** हार र निराशाको गहिरो घाटीको फेदबाट निस्केर प्रेरित पावल आत्मिक उचाइहरूतिर चढ्दै गर्दा उनले निम्न जयध्वनि निकाल्दछन्ः *'यसकारण ख्रीष्ट येशूमा हुनेहरूलाई अब कुनै दण्डको आज्ञा छैन।'* यस भनाइका दुईवटा अर्थ छन्। एक त, हाम्रो पापको सम्बन्धमा हामीलाई परमेश्वरको तर्फबाट कुनै न्यायको फैसला लाग्न सक्दैन; किनभने हामी ख्रीष्टमा छौं। जबसम्म हामी 'आदममा' थियौं, तबसम्म हामीलाई दोष लाग्ने थुप्रै कारणहरू थिए; किनभने त्यस बेला आदमचाहिँ हाम्रो प्रथम सामूहिक शिर थिए। तर अब हामी ख्रीष्टमा छौं, र यसैले उहाँ जस्तै दोषमुक्त हुनुहुन्छ, हामी पनि त्यस्तै दोषमुक्त हुन्छौं। यसकारण हामी हाम्रो दोष लगाउनेहरू सबैलाई निम्न चुनौती दिन सक्छौंः

> पहिले तिमी मेरा मुक्तिदाता प्रभुकहाँ जाऊ,
> र उहाँलाई परमेश्वरको सम्मान र महिमाले पूर्ण स्थानबाट हटाऊ !
> प्रभु येशूमा एउटै पापको कलङ्क हुने प्रमाण देऊ !
> त्यसपछि मात्र तिमीले मलाई अपवित्र भएको दोष लगाऊ !
>
> डब्ल्यू.एम. टोम्किन्स

यसकारण ख्रीष्ट येशूमा हुनेहरूलाई अब कुनै दण्डको आज्ञा छैन भन्ने दोस्रो अर्थ यस प्रकारको छः प्रेरित पावलले सात अध्यायमा वक्त गरेअनुसार हामीले आफूलाई दोष लगाउनुपर्दैन। रोमी सात अध्याय हाम्रो अनुभव हुन सक्छ, तर हामी आफ्नै शक्तिले व्यवस्थाका मागहरू पूरा गर्न नसक्ने त्यस हार खाएको जीवनरूपी भूमिमा उभिरहनुपर्दैन। हामीलाई दण्डको आज्ञा किन छैन? यसको कारण रोमी ८ः२ पदले हामीलाई बताउँदछ।[27]

**रोमी ८ः२ः** यसको खास कारण यस्तो छः ख्रीष्ट येशूमा जीवनको आत्माको नियमले हामीलाई पाप र मृत्युको नियमबाट छुटकारा दिएको छ। यहाँ प्रस्तुत गरिएका आत्मिक नियमहरू दुईवटा छन्, जो एक-अर्कासित मिल्दैनन्, तर जसले एक-अर्काको विपरीत काम गर्छन्। पवित्र आत्माको विशेषता यसैमा छः उहाँले ख्रीष्ट-विश्वासीहरूलाई पवित्र जीवन जिउने शक्ति दिनुहुन्छ। हामीभित्र वास गर्ने पापको विशेषता के हो ? त्यसले मानिसलाई पाप गर्न लाउँछ र हामीलाई मृत्युमा पुऱ्याउँछ। त्यो त गुरुत्वाकर्षणको शक्तिजस्तो हो; भकुन्डो आकाशतिर फ्याँक्दा त्यो सधैं तल जमिनतिर झर्छ; किनभने भकुन्डोको वजन त्यसमनि भएको वायुभन्दा ठूलो छ। चरा पनि त्यसमनि भएको वायुभन्दा गह्रौं छ, तर त्यो चरा आकाशतिर हुत्त्याइयो भने त्यो तल खस्दैन, तर आकाशमा उड़ेर जान्छ; किनकि त्यो चरा गुरुत्वाकर्षण गर्ने शक्तिमाथि प्रबल हुन्छ; किनभने त्यो चरा मरेको होइन, तर जीवित छ। त्यस चराको जीवनको नियमले गुरुत्वाकर्षणको शक्तिमाथि विजयी भएको छ। ठीक त्यस्तै पवित्र आत्माले हामीलाई प्रभु येशूको पुनरुत्थानरूपी जीवनको शक्ति प्रदान गर्नुहुन्छ, अनि यस शक्तिले ख्रीष्ट-विश्वासीलाई पाप र मृत्युको नियमबाट मुक्त गर्दछ।

**रोमी ८ः३ः** मोशाको व्यवस्थाले मानिसहरूलाई तिनीहरूले त्यसका सबै पवित्र मागहरू पूरा गरून् भनेर लाउन सकेन, गराउन सकेन। तर परमेश्वरको अनुग्रहको काम हेर्नुहोस्! व्यवस्था जुन ठाउँमा हारेको छ, त्यस ठाउँमा परमेश्वरको अनुग्रह प्रबल भएको छ, सफल भएको छ। कसरी ? आउनुहोस्, अब हामी यो कुरा हेर्दै जाऔं!

व्यवस्थाले हामीमा पवित्र जीवन पैदा गर्न सकेन; किनभने हाम्रो पापी स्वभावद्वारा त्यो कमजोर थियो। यसको खास समस्या व्यवस्थासित होइन, तर हामी पतित मानिसमा भएको हाम्रो पुरानो स्वभावसित थियो। व्यवस्थाले जे भन्दछ, योचाहिँ त्यसले पापी मानिसहरूलाई भन्दछ, जसले व्यवस्थाले आज्ञा गरेका आदेशहरू पालन गर्न सक्दैनन्; किनभने मानिसहरू नै कमजोर छन्। तर यस कुरामा परमेश्वर आफै अघि सर्नुभयो; '*उहाँले आफ्ना पुत्रलाई* ***पापमय शरीरको समानतामा र पापको***

***खातिर** पठाउनुभयो ।'* यसमा ध्यान दिने कुरा के हो भने, प्रभु येशू पापी शरीर लिएर आउनुभएन, तर उहाँले पापमय शरीरसित समान हुने चोला धारण गर्नुभयो। किनकि उहाँले कहिल्यै पाप गर्नुभएन (१ पत्रुस २:२२); उहाँले पाप भन्ने कुरा कहिल्यै जान्नुभएको थिएन (२ कोरिन्थी ५:२१); उहाँमा पाप छँदैछैन (१ यूहन्ना ३:५)। परमेश्वरले आफ्ना पुत्रलाई पापमय शरीरको समानतामा पठाउनुभयो भन्ने वाक्यले प्रभु येशू मानिस भएर यस संसारमा आउनुभयो भन्ने कुरा स्पष्ट पार्न खोजेको हो।

*'... र शरीरमा पापलाई दण्डको आज्ञा दिनुभयो'*; क्रूसमा मर्नुहुँदा प्रभु येशू हाम्रो पापबलि हुनुभयो; यसको मतलब यही होः उहाँ हामीले गरेका हाम्रा सबै पापहरूका निम्ति मर्नुभयो (१ पत्रुस ३:१८)। तर उहाँ हाम्रो पापी स्वभावका निम्ति पनि मर्नुभयो। अरू शब्दहरूमा भन्नु हो भने, शरीरमा हामी जे छौं, त्यस हाम्रो स्वभावको खातिर उहाँ मर्नुभयो, साथै हामीले जेजति कुकर्महरू गर्‍यौं, ती पापकर्महरूका निम्ति पनि उहाँ मर्नुभयो। जब ख्रीष्ट येशू क्रूसमा मर्नुभयो, तब परमेश्वरले 'शरीरमा' पापको न्याय गर्नुभयो। हाम्रो पापी स्वभाव हामीलाई क्षमा हुन्छ भनेर कहीं लेखिएको पाइँदैन; होइन, त्यो पापी स्वभाव हामीलाई कहिल्यै क्षमा हुँदैन; हामीले गरेका हाम्रा सबै पाप र अधर्महरू हामीलाई क्षमा हुन्छन्। तर त्यो पापी स्वभावचाहिँ - परमेश्वरले त्यसको न्याय गरिसक्नुभयो।

**रोमी ८:४:** अबचाहिँ व्यवस्थाले हामीबाट जे माग गरेको छ, त्यसको सम्पूर्ण धार्मिकता हामी आत्माअनुसार हिँड्नेहरूमा पूरा हुनेछ; शरीरअनुसार हिँड्नेहरूबाट यो कहिल्यै पूरा हुँदैन। जब हामी आफ्नो जीवन पवित्र आत्माको नियन्त्रणमा सुम्पिदिन्छौं, तब उहाँले हामीलाई परमेश्वरलाई प्रेम गर्ने र आफ्नो छिमेकीलाई पनि प्रेम गर्ने शक्ति दिनुहुन्छ, र हामीलाई प्रेम गर्नुमा सक्षम तुल्याउनुहुन्छ। अन्तिम आएर व्यवस्थाले त्यही कुरा हामी मानिसबाट माग गरेको छ।

रोमी ८:१-४ पदमा प्रेरित पावलले आफ्नो तर्कका जति बुँदाहरू पेश गरेका छन्, ती बुँदाहरू उनले रोमी ५:१२ पददेखि रोमी ७:२५ पदसम्मको खण्डबाट लिएका छन्; किनकि रोमी ५:१२-२१ पदको खण्डमा उनले आदम र ख्रीष्ट - यी दुईजना सामूहिक शिर अर्थात् यी

मूलपुरुषहरूको विषयमा चर्चा गरे। अब रोमी ८:१ पदमा आएर उनले के स्पष्ट पार्दछन् भने, आदमसित हामी एक भएका हुनाले ईश्वरीय दण्डको आज्ञाले हामीलाई दोषी ठहराएको थियो, किनकि हामी तिनको वंश थियौं। तर अब हामी ख्रीष्ट येशूमा भएका हुनाले परमेश्वरको त्यो दण्डको आज्ञा हामीबाट पूरा हटेको छ। अनि रोमी ६ र ७ अध्यायमा पावलले हामी मानिसहरूमा भएको पुरानो स्वभावमा वास गरेको पापको ठूलो डरलाग्दो समस्या प्रस्तुत गरे। तर अब उनले जयध्वनिसाथ रोमी ८:२ पदमा घोषणा गर्दछन्ः ख्रीष्ट येशूमा जीवन दिने पवित्र आत्माको नियमले हामीलाई पाप र मृत्युको नियमबाट छुटकारा दिएको छ। रोमी सात अध्यायभरि नै मोशाको व्यवस्थासित सम्बन्धित कुराहरू उनको तर्कको विषयवस्तु थिए। तर अब हामीले रोमी ८:४ पदमा भर्खर के सिकेका छौं भने, पवित्र आत्माद्वारा नियन्त्रित जीवन जिउने मानिसमा व्यवस्थाले दाबी गर्न सक्ने सबै मागहरू पूरा हुँदा रहेछन्।

**रोमी ८:५ः** शरीरअनुसार जिउनेहरूचाहिँ ती मानिसहरू हुन्, जो कहिल्यै प्रभुकहाँ फर्केका छैनन्, जसले अहिलेसम्म मुक्ति पाएका छैनन्। तिनीहरूचाहिँ शरीरका कुराहरूमा मन लगाउँछन्। तिनीहरूले ती कुराहरू पूरा गर्दछन्, जुन कुराहरू तिनीहरूको पापी स्वभावरूपी शरीरले मागेको छ। तिनीहरू आफ्नो पापले भ्रष्ट भएको स्वभावबाट उब्जेका कुइच्छा र अभिलाषाहरू पूरा गर्दै जिउँछन् र यी खराब कुराहरूबाट आनन्द उठाउँदै जिउँछन्। तिनीहरूलाई केवल त्यस शरीरको मात्र धुन हुन्छ, जुन शरीर क्षणभङ्गुर हो र जो छिटै माटोमा मिल्न जान्छ; तिनीहरूलाई यस पार्थिव जीवनको मात्र वास्ता हुन्छ, जो थोरै वर्षमा शेष हुन्छ।

आत्माअनुसार जिउनेहरूचाहिँ सच्चा ख्रीष्ट-विश्वासीहरू हुन्। उनीहरूले शरीरका कुराहरू तल छोड्छन्, र अनन्तसम्म रहिरहने कुराहरूका निम्ति जिउँछन्। परमेश्वरसित कसरी व्यक्तिगत घनिष्ठ सम्बन्ध राख्नु नै उनीहरूको ध्यान र चिन्ताको एकमात्र कारण हो। उनीहरूले परमेश्वरको वचन पढ्नुमा, प्रार्थना गर्नुमा, उहाँको आराधना र सेवा गर्नुमा आफ्नो समय खर्च गर्दै जीवन बिताउँछन्।

**रोमी ८:६:** 'शरीरमा मन लगाउनु' भनेको पतित मानिसको पापी स्वभावको मानसिक झुकाउ हो। शरीरको मनचाहिँ मृत्यु हो। मृत्यु भन्नाले विश्वास नगर्ने मानिसमा यस वर्तमान जीवनमा आत्मिक कुराहरू जान्न र उपभोग गर्न नसक्ने 'मरेको' परिस्थिति र त्यसको अनन्त नरकरूपी आखिर 'मरेको' अवस्था। अधिक मात्रामा विषको सेवनले गर्दा विषको प्रभाव जस्तो हुन्छ, शरीरको मनमा मृत्यु ल्याउने शक्ति र क्षमता पनि उस्तै-उस्तै हुन्छ।

तर आत्मामा मन लगाउनुचाहिँ जीवन र शान्ति हो। परमेश्वरका आत्मा जीवन दिने आत्मा हुनुहुन्छ; उहाँ वास्तविक जीवनको जमानत र धरौटी हुनुहुन्छ। वास्तविक जीवन भन्नाले परमेश्वरसित मेलमिलाप भएको शान्तिले पूर्ण जीवन बुझिन्छ।

**रोमी ८:७:** शारीरिक मनको झुकाउ, त्यसको भावना, वासना र अभिप्रायहरू सबै मृत्यु ल्याउने कुराहरू हुन्; किनभने त्यस प्रकारको मन त पूरापूर परमेश्वरको विरुद्धमा जाने शत्रुता हो। यसैले पापी मानिसचाहिँ सधैं परमेश्वरको विरुद्ध गर्ने विद्रोही हो; यस्तो मानिस परमेश्वरको इच्छा र शासनको विरोधमा लगनशील सक्रिय क्रान्तिकारी हुन्छ। के तपाईंलाई यस कुराको पक्का प्रमाण चाहिन्छ? तब हाम्रा प्रभु येशूको क्रूसको मृत्युमा तपाईं परमेश्वरको विरुद्धमा मानिसको शत्रुता छरलङ्ग देख्नुहुन्छ। पापी स्वभावरूपी शरीरचाहिँ सदा आफ्नै मालिक हुन खोज्छ; त्यो कहिल्यै परमेश्वरको शासनको अधीनतामा आउँदैन, उहाँको अधीनतामा बस्दैन। त्यसले आफ्नै इच्छा मात्र मान्दछ, परमेश्वरको इच्छा जेसुकै होस्। त्यसको अवगुण यस्तै छ। त्यो कहिल्यै परमेश्वरको शासन-व्यवस्थामनि आउँदैन, बस्दैन, बस्नै सक्दैन। शारीरिक मन भएकाहरूमा परमेश्वरको अधीनतामा आउन चाहना छैन; यति मात्र होइन, तर शारीरिक मनमा परमेश्वरको अधीनतामा आएर बस्ने शक्तिको अभाव पनि हुन्छ; किनकि पापी स्वभावरूपी शरीरचाहिँ परमेश्वरप्रति मरेको मुर्दा हो।

**रोमी ८:८:** यसैकारण यस पदमा भनिएको कुरा हामीलाई अचम्म नलाग्नुपर्ने हो, जहाँ यसो लेखिएको छः *'जतिजना शरीरमा छन्, तिनीहरूले परमेश्वरलाई खुशी पार्न सक्दैनन्।'* यस भनाइले भनेको कुरा

विचार गर्नुहोस्! मुक्ति नपाएको कुनै पनि व्यक्तिले कुनै पनि तरिकाले परमेश्वरलाई खुशी पार्न सक्दैन-सक्दैन। न त्यसका सुकर्महरूले, न त्यसका धर्मकर्महरूले, न ता त्यसका बलिदान र त्यागहरूले, न ता त्यसको अरू कुनै कामकुराले परमेश्वरलाई खुशी तुल्याउन सक्दछन्। त्यसले कुनै पनि रीतिले परमेश्वरलाई रिजाउन सक्दैन। पहिले त्यसले आफूलाई पापी मानिस भएको महसुस गर्नुपर्छ, अधम पापी हुँ भनेर स्वीकार गर्नुपर्छ; त्यसपछि त्यसले प्रभु येशूलाई विश्वासद्वारा ग्रहण गर्नुपर्छ, उहाँलाई आफ्ना व्यक्तिगत प्रभु र मुक्तिदाता तुल्याउनुपर्छ र उहाँको अधीनतामा जिउनुपर्छ। तब मात्र पापी मानिसले परमेश्वरबाट स्याबासी पाउन सक्दछ।

**रोमी ८:९:** जब कुनै एक व्यक्तिले प्रभु येशूमा नयाँ जन्म पाएको हुन्छ, तबदेखि उसो ऊ 'शरीरमा' हुँदैन, तर 'आत्मामा' हुन्छ। उसको जीवन-क्षेत्र नयाँ, पहिलेको भन्दा एकदम फरक हुन्छ; उसको आत्मिक ठहर भिन्नै भएको छ; ऊ जिउने राज्य अर्कै छ। माछा पानीभित्र जिउँछ र मानिस वायु भएको ठाउँमा जिउँछ भने, ख्रीष्ट-विश्वासी आत्मामा जिउँछ। ऊ आत्मामा जिउँछ, र पवित्र आत्मा उसमा जिउनुहुन्छ। अनि आत्मिक वास्वविकता यस प्रकारको छः ख्रीष्टको आत्माले उसभित्र वास गर्नुहुन्न भने त ऊ ख्रीष्टको हुँदै होइन। ख्रीष्टको आत्मा र पवित्र आत्मा एक हुनुहुन्छ कि हुन्नहुन्न भन्ने प्रशन उठ्ला, तर सन्दर्भ हेर्दाखेरि हामीलाई ख्रीष्टको आत्मा र पवित्र आत्मा एउटै हुनुहुन्छ जस्तै लाग्दैछ। अर्को अर्थ लगाउनु यहाँ मिल्दैन।

**रोमी ८:१०:** पवित्र आत्माको ईश्वरीय प्रबन्धद्वारा नै वास्तवमा ख्रीष्ट येशूचाहिँ हरेक ख्रीष्ट-विश्वासीभित्र हुनुहुन्छ। हाम्रो समझलाई नाघेर जाने यो अद्भुत कुरा सम्झनुहोस्ः जीवनका स्वामी र महिमाका प्रभु पवित्र आत्माद्वारा हाम्रा शरीरमा वास गर्नुहुन्छ; उहाँ यस्ता मरणशील शरीरहरूमा वास गर्नुहुन्छ, जो पापको खातिर मृत्युको वशमा बसेका हुन्छन्; यो कुरा सम्झँदै हामीलाई झन् अचम्म लाग्दैछ। कसैले तर्क गरेर यसो भन्लाः 'अरे, अहिलेसम्म मेरो मृत्यु भएकै छैन, जसरी यस पदले "शरीर मरेको छ" भनेर भन्न खोजेको छ।' हो, यो हामी मान्दछौं; तर

मृत्युका शक्तिहरूले अघिदेखि नै हाम्रा शरीरहरूमा काम गरिरहेका हुन्छन्; तब निश्चित छः कि त हाम्रा शरीरहरू मर्नेछन्, कि ता प्रभु येशू हाम्रो शारीरिक मृत्यु हुनुभन्दा पहिले फेरि फर्केर आउनुहुनेछ।

शरीरको विपरीत कुरा आत्मा[28)] हो; अनि धार्मिकताको खातिर आत्मा जीवन हो। हाम्रो विचारअनुसार यहाँ आत्मा भन्ने शब्दले पवित्र आत्मालाई सङ्केत गर्दैन; किनभने अघिको समयमा हाम्रो आत्मा परमेश्वरप्रति मरेको थियो, तर अबचाहिँ प्रभु येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानको धार्मिक कार्यद्वारा हाम्रो मरेको आत्मा जीवित पारिएको छ, र जीवित रहन्छ; किनकि ख्रीष्टको धार्मिकता हाम्रो हिसाबमा लगाईकन उहाँको धार्मिकताचाहिँ हाम्रै धार्मिकता गनिएको हुन्छ।

**रोमी ८:११:** तर हाम्रो शरीर मरणशील हो; यस सम्झनाले हामीलाई भयभीत तुल्याउनुपर्दैन, न ता हामीलाई निराश पार्नुपर्दछ। पवित्र आत्मा हाम्रा शरीरहरूमा वास गर्नुहुन्छ; निश्चय परमेश्वरले हाम्रा मरणशील शरीरहरूलाई जीवन दिनुहुनेछ, जसरी उहाँले प्रभु येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो र फेरि जीवित पार्नुभयो। योचाहिँ हाम्रो छुटकाराको सम्बन्धमा परमेश्वरको अन्तिम कार्य हुनेछ; त्यस बेला हाम्रा शरीरहरू हाम्रा मुक्तिदाता प्रभुको महिमित शरीरजस्तो महिमित हुनेछन्।

**रोमी ८:१२:** पापी स्वभावरूपी शरीर र पवित्र आत्माको बीचमा यस्तो, आकाश-पातालको जस्तै भिन्नता छ भनेदेखि निष्कर्ष यस प्रकारको छः हामी पापी स्वभावरूपी शरीर र त्यसका खटनहरूअनुसार जिउनु अलिकति पनि ऋणी हुँदै होइनौं। त्यस पुरानो मान्छेले, त्यस पापद्वारा पूरा भ्रष्ट भएको स्वभावले रत्तीभर हाम्रो भलाइ कुनै हालतमा गर्दैन; हाम्रा निम्ति त्यो त लन्ठा, टन्टा वा बाधा मात्र हो। ख्रीष्ट येशूले हामीलाई नबचाउनुभएको भए त्यस 'शरीर'ले हामीलाई घिस्स्याउँदा-घिस्स्याउँदै नरकको सबैभन्दा अगाध खाँदमा पुऱ्याएर हामीलाई त्यसका अग्घोर अन्धकार र असाध्यै राप भएको कुण्डमा हालिदिनेथियो। हामीमा यस्तो वैरीको एकक्षणको पनि सेवा गर्ने बाध्यता कहाँ छ र?

**रोमी ८:१३ः** जतिजना शरीरअनुसार जिउँछन्, तिनीहरू सबै मर्नुपर्छ। तिनीहरूको शरीर मात्र मर्दैन, तर तिनीहरूको आत्मा पनि मर्नुपर्छ। तिनीहरूको अनन्त मृत्यु हुनेछ। शरीरअनुसार जिउनेहरूले कुनै हालतमा मुक्ति पाएनन्; रोमी ८:४-५ पदहरूले यो कुरा स्पष्ट पारेका छन्। तर प्रेरित पावलले यी कुराहरू इसाई भइसकेका मानिसहरूलाई किन लेख्दछन् त? के उनीहरूको बीचमा कोही-कोही विश्वासी छन्, जसको अन्तिम आएर मुक्ति गुमाईकन नष्ट हुने सम्भना थियो त? होइन, तर उनले आफ्ना प्रायः सबै पत्रहरूमा यस प्रकारका चेताउनीका वचनहरू र आत्मजाँच गर्ने अर्ती-उपदेशहरू हालिदिन्छन्; किनकि उनले जान्दछन् कि, हरेक मण्डलीमा कोही मानिसहरू छन्, जसले वास्तवमा साँचो गरी नयाँ जन्म पाएका हुँदैनन्।

रोमी ८:१३ पदको दोस्रो भागले सबै सच्चा ख्रीष्ट-विश्वासीहरूको जीवन-चरित्रमा सत्य ठहरिएको गुण बयान गर्दछ। पवित्र आत्माको शक्ति लिएर उनीहरूले शरीरका सबै पापमय कामहरू मार्दछन्। उनीहरू अहिले जिउँछन्, अर्थात् अहिले नै अनन्त जीवनका बैनारूपी आशिषहरूमा सहभागी हुन्छन् र उपभोग गर्छन्; तर जब उनीहरूले यस संसारलाई छोड्नेछन्, तब उनीहरूले सधैंका निम्ति त्यस अनन्त जीवनको परिपूर्णताभित्र प्रवेश गर्नेछन् र त्यसको पूरा आनन्द उठाउनेछन्।

**रोमी ८:१४ः** हामी सच्चा ख्रीष्ट-विश्वासीहरूको जीवन कसरी बयान गरौं? उनीहरूचाहिँ परमेश्वरको आत्माको अगुवाइअनुसार हिँड्दछन्। प्रेरित पावलले यहाँ ईश्वरीय असाधारण अगुवाइको सम्बन्धमा अनुभव गरिने अद्भुत घटनाहरूको विषयमा कुरा गर्दैनन्, जुन आत्माको अगुवाइ बलिष्ठ इसाईहरूले मात्र पाउँदछन्। होइन, यहाँ बताइएको कुरा परमेश्वरका सबै पुत्रहरूको जीवनमा सत्य ठहरिन्छ। पवित्र आत्मामा उनीहरू कति समर्पित, कति लीन भएका हुन्छन्, आत्माको अगुवाइ यस कुरामा निर्भर हुँदैन। प्रभु येशूकहाँ फर्कनेहरू सबैले प्रभु येशूलाई अप्नाएको बेलामै ख्रीष्ट येशूमा परमेश्वरसित स्थापित गरिएको यस नयाँ सम्बन्धको एक आशिषको रूपमा आत्माको अगुवाइ पाउँदछन्।

रोमी ८:१५ पदमा धर्मपुत्र हुने अधिकार अथवा परमेश्वरको पुत्र हुने हकको कुरा गरिएको छ; पुत्र हुने यस अधिकारले परमेश्वरको परिवारमा हाम्रो स्वीकार वा ग्रहण भएको देखाउँछ; अनि त्यस ग्रहणको साथ हाम्रा सौभाग्यहरू हुन्छन्, तर हाम्रा जिम्मेवारीहरू पनि हुन्छन्, पूरा बढ़ेका पुत्रहरूका जिम्मेवारीहरूजस्तै। तर भर्खर प्रभुकहाँ फर्केको नयाँ विश्वासीले केही समय पर्खेर मात्र आफ्नो आत्मिक हकको सम्पत्तिभित्र प्रवेश गर्दैन; उसले कुनै समय पर्खनुपर्दैन; होइन, उसले तत्कालै यसको उपभोग गर्न सक्दछ। हो, उसको आत्मिक हकको सम्पत्तिचाहिँ मुक्ति पाएको दिनदेखि उसकै हुनेछ। चाहे पुरुषहरू चाहे स्त्रीहरू होऊन्, चाहे केटाहरू वा केटीहरू किन नहोऊन्, सबै ख्रीष्ट-विश्वासीहरूको अधिकारको भागको सम्बन्धमा कुरा यस्तै छ।

**रोमी ८:१५ः** मोशाको व्यवस्थाको अधीनतामा जिउने मानिसहरू ता यसको तुलनामा मसिना बालबालिकाहरूजस्तै हुन्छन्; मानौं तिनीहरू यस्ता दासदासीहरू हुन्, जसले एउटा क्रूर मालिकको निरन्तर सेवा गर्नुपर्दछ र जसले सधैं दण्ड पो पाउँछौं कि भन्ने डरमा जिउनुपर्दछ। तर जब कुनै मानिसले ख्रीष्टमा नयाँ जन्म पाउँछ, तब उसलाई परमेश्वरको परिवारभित्र पूरा स्वागतको साथ ग्रहण गरिन्छ, दासको रूपमा होइन, तर छोराको रूपमा। ऊ दासको रूपमा परमेश्वरको घरमा ल्याइएको छैन। बरु उसले धर्मपुत्र हुने आत्मा अर्थात् पुत्रको अधिकार दिने आत्मा पाउँछ। उसलाई प्रौढ़ छोराको वा प्रौढ़ छोरीको दर्जामा परमेश्वरको परिवारभित्र सदस्यसदस्याको रूपमा ग्रहण गरिन्छ। अब ता कसैले उसलाई सिकाउनुपर्दैन, तर उसको आत्मिक सहजज्ञानद्वारा प्रेरणा पाई उसले परमेश्वरतिर आफ्नो नजर उठाएर उहाँलाई 'हे अब्बा, हे पिता' भनेर पुकार्दछ। 'अब्बा' शब्दचाहिँ अरामी भाषा हो, जसको सठीक अनुवाद गर्नु गाह्रो पर्दछ; किनभने यो शब्द 'पिता' भन्दा कता हो कता सम्बन्ध नजिक देखाउने, आत्मीय जनाउने शब्द हो, जस्तै 'बुवा' वा 'बाबा' हो। परमेश्वरलाई सम्बोधन गर्दा हामी शायद यसो भन्न हिच्किचाऔंला, तर यस विषयमा कुरा सत्य छः परमेश्वर, जसको उचाइ असीमित हुन्छ, उहाँचाहिँ हामीसित अति नजिक पनि हुनुहुन्छ।

'धर्मपुत्र तुल्याउनुहुने आत्मा'[29]को वाक्यांशले पवित्र आत्मालाई सङ्केत गर्दछ; किनभने उहाँले हामी विश्वासीहरूमा पुत्र-पुत्री भएको हाम्रो विशेष उपाधिको विषयमा हामीलाई अवगत गराउनुहुन्छ, हामीलाई यसको बोध दिलाउनुहुन्छ। तर यसको अर्थ यो पनि हुन सक्छः बन्धनको आत्माको विपरीत अर्थमा 'धर्मपुत्रको आत्मा पाएको' मतलबचाहिँ शायद यो पुत्र हुने अधिकारको प्राप्तिको अनुभूति, चेतना वा आत्मबोध होला।

यस पत्रमा धर्मपुत्रको अधिकार भन्ने कुरा जनाउने शब्द तीन प्रकारले प्रयोग गरिएको छ। यहाँ, यस ठाउँमा यस शब्दको अर्थ पवित्र आत्माले हरेक ख्रीष्ट-विश्वासीको जीवनमा बसाल्नुभएको परमेश्वरको पुत्र हुने अधिकार प्राप्त भएको अनुभूति वा चेतना हो। अनि दोस्रो पल्ट रोमी ८:२३ पदमा 'धर्मपुत्र-ग्रहण' भनेर भविष्यमा हुने त्यस समयमा दृष्टि लगाइएको छ, जुन दिनमा ख्रीष्ट-विश्वासीहरूका शरीरहरूले पूरा छुटकारा प्राप्त गर्नेछन् अर्थात् उनीहरूका शरीरहरू महिमित शरीरहरूमा परिवर्तन हुनेछन्। अनि तेस्रो पल्ट, रोमी ९:४ पदमा उहिलेका इस्राएलीहरूमा भएको धर्मपुत्र हुने हकको कुरा गरिएको छ; त्यस समयमा परमेश्वरले इस्राएली जातिलाई आफ्ना छोरा भन्नुभयो (प्रस्थान ४:२२)।

नयाँ नियमका अरू दुईवटा ठाउँमा अर्थात् गलाती ४:५ र एफेसी १:५ पदमा 'धर्मपुत्र' अनुवाद गरिएको यस शब्दको अर्थचाहिँ 'पुत्रको स्थान दिनु' हो। यस धर्मपुत्र तुल्याउने कामले सबै ख्रीष्ट-विश्वासीहरूलाई पूरा बढ़ेका र प्रौढ़ भएका पुत्रको स्थान दिइन्छ; त्यस प्रकारको पुत्र हुने स्थानरूपी स्तरमा सबै सौभाग्यहरू, अधिकारहरू र जिम्मेवारीहरू पनि समावेश हुन्छन्। हरेक ख्रीष्ट-विश्वासी परमेश्वरको सन्तान हो, जसले परमेश्वरको परिवारभित्र जन्म लिएको छ; त्यस परिवारका बुवा परमेश्वर स्वयम् हुनुहुन्छ। तर हरेक विश्वासीचाहिँ परमेश्वरका पुत्र पनि हो; पुत्र हुने अधिकारचाहिँ परमेश्वर पितासँगको एक विशेष सम्बन्ध हो, जसद्वारा हामीलाई परिपक्वतामा पुगेको पुरुषका जम्मै अधिकार र सौभाग्यहरू दिइन्छ।

नयाँ नियमले धर्मपुत्र हुने अधिकार भन्ने शब्द जुन अर्थमा प्रयोग गर्दछ, त्यसको अर्थमा हाम्रो समाजमा यो शब्द प्रयोग गरिँदैन, जहाँ

धर्मपुत्र वा धर्मपुत्री हुने अधिकार दिनुको अर्थ अरू कुनै बुवाआमाको छोरा वा छोरीलाई आफ्नो छोरा वा आफ्नी छोरी बनाउनु हो।

**रोमी ८:१६:** माथि उल्लेख गरिएझैं नयाँ जन्म पाएको हरेक विश्वासीले आत्मिक सहजज्ञानले 'म परमेश्वरको पुत्र भएको हुँ' भन्ने कुरा आफैआफ चाल पाउँछ; किनभने पवित्र आत्माले उसलाई यो कुरा भन्नुहुन्छ। पवित्र आत्मा विश्वासीको आत्मासित मिलेर उसलाई 'तिमी परमेश्वरको परिवारका सदस्यसदस्या, उहाँका निजी सन्तान हौ' भन्ने गवाही दिनुहुन्छ। पवित्र आत्माले यो गवाही कसरी दिनुहुन्छ? प्रायः जसो उहाँले परमेश्वरको लिखित वचनद्वारा यो काम गर्नुहुन्छ। जब ख्रीष्ट-विश्वासीले पवित्र बाइबल पढ्दै जान्छ, तब पवित्र आत्माले उसमा 'तिमीले मुक्तिदाता प्रभुमाथि विश्वास गर्‍यौ; यसैले अब तिमी परमेश्वरका छोरा वा छोरी भयौ' भन्ने वास्तविकता पक्का गराउनुहुन्छ र उसलाई निश्चयता दिनुहुन्छ।

**रोमी ८:१७:** परमेश्वरको परिवारमा सदस्य-सदस्या भएका हुनाले हामीलाई अचम्मका सौभाग्यशाली अधिकारहरू हुँदछन्, जो बुझेर नबुझिने र हाम्रो दिमागले नभियाउने महान्-महान् अधिकारहरू हुन्छन्। परमेश्वरका सबै छोराछोरीहरू परमेश्वरका हकवाला हुन्छन्। हकवालाले अन्तमा कुनै समयमा बुवाको सम्पत्ति अधिकारको भागको रूपमा प्राप्त गर्दछ। यहाँ परमेश्वरका हकवाला भनिएको अर्थ पनि यही हो। परमेश्वर पितासँग जे छ, त्यो सबै हाम्रै हो। हामीले अझै उहाँको जम्मै सम्पत्ति प्राप्त गरेका छैनौं, न ता ख्रीष्टमा उहाँबाट पाइसकेको सम्पत्ति पूरा उपभोग गर्न सक्यौं; तर भविष्यमा यी सबै कुराहरू प्राप्त गर्नदेखि र उपभोग गर्नदेखि कुनै चीजले र कसैले पनि हामीलाई रोक्न सक्नेछैन। अनि हामीचाहिँ ख्रीष्टसँग साझा-हकवाला पनि हौं; यसैले जब उहाँ यस संसारमा फर्केर आउनुहुनेछ र विश्वभरि नै आफ्नो राज्य स्थापित गर्नुहुनेछ, तब उहाँसित हामी पनि परमेश्वर पिताको सारा धनसम्पत्तिमाथि साझा-अधिकारी हुनेछौं।

अब प्रेरित पावलले त्यसमा थप्दै यसो लेख्छन्: *'उहाँसँग हामीले दुःख भोग्यौं भनेचाहिँ उहाँसँग हामीले महिमा पनि पाउनेछौं'* (रोमी

८:१७)। यसो भनेर उनले 'वीरतासाथ दुःखकष्ट सहनेहरूले मुक्ति प्राप्त गर्छन्' भन्न खोजेका होइनन्। प्रभुका निम्ति सतावट सहनुचाहिँ मुक्ति पाउने सर्त होइन। यहाँ उनले प्रभुका निम्ति ठूला-ठूला कष्टहरूमा परेर पनि स्थिर रहने ती विजेताहरूको भित्री मण्डलमा परेकाहरूको कुरा पनि गरेका छैनन्। होइन, उनले सबै ख्रीष्ट-विश्वासीहरूलाई प्रभुसँग दुःख सहनुमा पनि साझा भएका र सबैजनालाई ख्रीष्टसित महिमा पाएका देखेर यसो लेखेका हुन्; अनि यस पदअनुसार सबै इसाईहरूचाहिँ ख्रीष्टसित महिमित हुनेछन्। यहाँ प्रयोग गरिएको 'भनेचाहिँ' भन्ने शब्दको अर्थ खास गरी 'हुनाले' हुनुपर्नेथियो अर्थात् 'उहाँसँग हामीले दुःख भोगेका हुनाले हामीले उहाँसँग महिमा पनि पाउनेछौं।' हुन पनि हो, कतिजना छन्, जसले ख्रीष्ट येशूको खातिर अरूले भन्दा बढ़ी, ज्यादा दुःखकष्ट सहनुपर्दछ। यिनीहरूले दुःखकष्ट सहेको परिणामअनुसार बढ़ता इनाम र बढ़ी महिमा प्राप्त गर्नेछन्। तर यहाँ यो कुरा पनि सत्य ठहरिन्छः मानिसहरूको सामु प्रभु येशूलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा स्वीकार गर्ने सबैले आफ्नो विरोधमा संसारको तर्फबाट प्रतिकूल व्यवहार सहनुपर्छ; उनीहरू सबैले संसारका मानिसहरूबाट अपमान र निन्दा भोग्नुपर्छ।

**रोमी ८:१८:** यस संसारमा ख्रीष्ट येशूका निम्ति हामीले सहेको सबैभन्दा ठूलो अपमान जेजति किन नहोस्, त्यो त त्यस दिनमा सानो, नगण्य कणजस्तै देखा पर्नेछ, जब प्रभु येशूले हामीलाई स्वर्गका समस्त गणहरूको सामु अगाड़ि बोलाउनुहुनेछ र कदर गर्दै हामीलाई खुल्लम-खुल्ला सबैको सामु स्वीकार गर्नुहुनेछ। जुन दिन मुक्तिदाता प्रभुले उहाँका निम्ति शहीद हुनेहरू सबैलाई सम्मान दिएर उनीहरूका शिरहरूमा जीवनको मुकुट लगाइदिनुहुनेछ, त्यस दिन उनीहरूले सहेका असह्य पीड़ाहरू उनीहरूलाई काँड़ाले घोचेजत्तिकै पनि लाग्नेछैन। २ कोरिन्थी ४:१७ पदमा पावलले हाम्रा वर्तमान कष्टहरूको विषयमा यसो लेखेका छन्: *'हाम्रो छिनभरको हल्का सङ्कष्टले हाम्रा निम्ति नाप्नै नसकिने र सदा रहिरहने भारी महिमा उत्पन्न गर्छ।'*[30] भविष्यमा प्राप्त हुने महिमा बयान गर्दाखेरि पावलले यहाँ प्रयोग गरेका यी शब्दहरू अति वजनदार, ठूलो

भारी सम्झेझैं छन् । उनले त्यो महिमा यति गहाकिलो, यति बढ़ी भएको ठाने । हामीले भविष्यमा प्राप्त गर्ने त्यो महिमा मूल्याङ्कन गर्न सके त ! हामीले स्वर्ग जाने यात्रामा यस संसारमा प्रभुका निम्ति सहनुपरेका दुःखकष्टहरू अवश्य तुच्छ सम्झनेथियौं ।

**रोमी ८ः१९ः** अब यहाँ सुस्पष्ट चित्रात्मक साहित्यिक भाषा प्रयोग गरीकन पावल प्रेरितले हाम्रो सामु कसरी सारा सृष्टिले हामी परमेश्वरका पुत्रहरूको रूपमा प्रकट हुने त्यस अद्‌भुत क्षणका निम्ति तीव्र आशा बोकेर उत्सुकतासाथ बाटो हेरिरहेको नक्सा कोर्दछन् । त्यो क्षण त्यस बेला हुनेछ, जब प्रभु येशू ख्रीष्ट यस संसारमा राज्य गर्न फेरि फर्केर आउनुहुनेछ; त्यत्ति बेला हामीचाहिँ उहाँको साथमा फर्कनेछौं ।

अहिले पनि हामी परमेश्वरका पुत्रहरू भएका, तर संसारका मानिसहरूले हामीलाई यसरी चिन्दैनन्, न हामीलाई परमेश्वरका पुत्रको जस्तै सम्मान दिन्छन् । यसो भए पनि सारा सृष्टिले एउटा सुदिनको बाटो हेरिरहेको रहेछ । जबसम्म मसीह राजा आफ्ना सन्तगणको साथ फर्केर यस संसारमा आफ्नो राज्य स्थापित गर्नुहुन्न, तबसम्म त्यो सुदिन शुरु हुँदैन । 'सारा संसार परमेश्वरका पुत्रहरूलाई आफ्नो सच्चा रूपमै प्रकट हुने र यस संसारलाई आफ्नो अधिकारमा लिने अद्‌भुत दृश्य हेर्न अति नै उत्तेजित भएको छ' (जे.बी.पी. को अनुवाद) ।

**रोमी ८ः२०ः** जब आदमले पाप गरे, तब तिनको अपराधले सम्पूर्ण मानव जातिलाई नराम्रो असर गर्‍यो; तर यति मात्र होइन, त्यसले सारा जीव-निर्जीव सृष्टिलाई समेत नराम्रो असर पारेछ । भूमिमा श्राप परेको छ; धेरै जङ्गली जन्तुहरू हिंसात्मक मृत्युमा परेर मर्नुपर्छ । चरा, माछा, सर्पहरू आदि प्रायः सबै जीवित प्राणीहरू रोगले ग्रस्त भएका हुन्छन् । प्रघाती तरङ्गका निरन्तर धक्काहरूजस्ता मानिसको पापका प्रकोपहरू घरिघरि सारा सृष्टिमाथि आइरहेका छन् ।

तर पावलको भनाइ यस्तै छः यसो हुँदा पनि सृष्टिचाहिँ उद्देश्यविना व्यर्थतामा सुम्पिएन; त्यो आफैआफ आशारहित कुण्ठामा डुबाइएन; विनाकारण त्यसलाई जेसुकै होस् भनेर त्यो नियमव्यवस्थाहीन स्वाधीन अवस्थामा छोड़िएन । मानिसहरूका शिररूपी मूलपुरुष आदमको

अनाज्ञाकारिताको खातिर सृष्टिको पतन कहाँसम्म जाने हो ? त्यसमा परमेश्वरको हात, उहाँको उद्देश्य, उहाँको इच्छा र हुकुम छ।

'यस आशामा' - यस पदका यी अन्तिम शब्दहरूको सम्बन्ध शायद अर्को पदसित जोड्दा अलस हुनेथियो, तब त्यो वाक्य यसरी पढ़िन्छः *'यस आशामा; किनभने सृष्टि आफैले पनि विनाशको बन्धनबाट छुटकारा पाउनेछ।'*

**रोमी ८:२१:** सृष्टिले फर्केर हेर्दछः शुरुमा अदनको बगैंचामा भएका सबै वातावरणहरू जुनै दृष्टिकोणले हेरे पनि सिद्ध, अँ, सर्वाङ्गपूर्ण थिए!! त्यसपछि त्यसले संसारमा पापको प्रवेशले ल्याएको विनाशको निरीक्षण गर्दछ। तर जुनै युगमा पनि मानिसहरूको बीचमा एउटै आशा जारी रहेको थियोः एक दिन सृष्टिचाहिँ त्यस अपूर्व आनन्ददायक स्थितिमा आइपुग्नेछ, जब सृष्टिले विनाशको बन्धनबाट छुटकारा पाउनेछ र त्यस स्वर्णयुगमा मात्र पाइने स्वतन्त्रता उपभोग गर्नेछ; त्यस दिनमा त्यो स्वर्णयुग शुरु हुनेछ, जब हामी परमेश्वरका छोराछोरीहरू महिमामा प्रकट हुनेछौं।

**रोमी ८:२२:** हामी कस्तो संसारमा जिइरहेका रहेछौं, जहाँ सुस्केरा, रुवाइ र पीड़ाहरू ज्यादा हुन्छन्। सारा सृष्टिले ऐयाआत्था गर्दैछ; त्यसलाई प्रसूति वेदना लागेको रहेछ। के तपाईं प्रकृतिको उदासलाग्दो बिस्मातरूपी सङ्गीत सुन्दै हुनुहुन्छ ? त्यो त मधुर होइन, मधुरो पो भएछ। त्यसको विनाश छिटो-छिटो ल्याइपुर्‍याउने र त्यसका अवस्थाहरू चर्को र झन् चर्को पार्ने उत्प्रेरकहरूले पृथ्वीलाई पीड़ा दिइरहेका छन्। हर जीव वस्तुमाथि मृत्युको अभिशाप परेको छ।

**रोमी ८:२३:** ख्रीष्ट-विश्वासीहरूसँग आत्माको पहिलोफल त हुन्छ, जसले अन्तमा उनीहरूको छुटकारा पक्का पनि हुनेछ भन्ने कुरा निश्चित गर्नुहुन्छ; तैपनि उक्त कुराहरूले उनीहरूलाई छोड़ेका हुँदैनन्। त्यस महिमाले पूर्ण दिनको बाटो हेर्दै उनीहरूले आजको दिनसम्म भित्रबाट करुण क्रन्दन निकालिरहेका हुन्छन्। पवित्र आत्माचाहिँ त्यो पहिलोफल हुनुहुन्छ। जसरी सबैभन्दा पहिले आफ्नो हातमा आएको एक मुट्ठी पाकेको अन्नको पहिलोफलचाहिँ पछि सम्पूर्ण फसलको निश्चित

प्रतिज्ञा दिलाउने अग्रिम देय हुन्छ; ठीक त्यस्तै पवित्र आत्मा त्यो पेस्की वा त्यो बैना हुनुहुन्छ, जसले सम्पूर्ण पैतृक सम्पत्ति हाम्रै हुनेछ भन्ने निश्चयता दिलाउनुहुन्छ।

विशेष गरी पवित्र आत्माचाहिँ पक्का पनि हामीलाई धर्मपुत्रको रूपमा ग्रहण गर्ने कार्य पूरा हुनेछ, अँ, हाम्रो शरीरको छुटकारा हुने नै छ भन्ने कुरा सुनिश्चित पार्ने हाम्रा जमानी हुनुहुन्छ (एफेसी १:१४)। एक प्रकारले हामी धर्मपुत्रपुत्रीको स्थानमा आइसक्यौं; किनकि पुत्र वा पुत्रीको रूपमा हामी परमेश्वरको परिवारमा बसालिएका भयौं। तर जब हामीले आफ्नो महिमित शरीर प्राप्त गर्नेछौं, त्यस बेला हाम्रो धर्मपुत्र-ग्रहणको कार्य पूर्णतया समाप्त हुनेछ। हाम्रो धर्मपुत्र-ग्रहणको कार्यलाई यहाँ 'हाम्रा शरीरको छुटकारा' भनिएको छ; किनकि हाम्रा आत्मा-प्राणको छुटकारा भइसकेको छ, तर हाम्रा शरीरको छुटकारा त्यत्ति बेला हुनेछ, जब हामी प्रभुको आगमनसम्म जीवित रहिरहने विश्वासीहरू प्रभुलाई भेट्न उठाइनेछौं (१ थेस्सलोनिकी ४:१३-१८)।

**रोमी ८:२४:** हामीले आशामा मुक्ति पाएका छौं; आशामा भनेको आशा गरेको कुरा अवश्य पाउनेछु भन्ने मनभरिको अभिप्राय लिएर जिउनु हो; किनकि जुन दिन हामी प्रभु येशूकहाँ फर्क्यौं, त्यस दिनमा हामीले मुक्तिअन्तर्गत पाइने सबै आशिषहरू पाएनौं। विश्वास गरेको दिनदेखि नै हामीले त्यस समयको बाटो हेर्न थाल्यौं, जुन समयमा हामीले पापबाट, दुःखकष्टबाट, रोगबिमारहरू र मृत्युबाट पूरा रूपले र सधैंका निम्ति छुटकारा पाउनेछौं। यी आशिषहरू हामीले अघि नै पाइसकेका भए हामीले यिनका निम्ति अझ किन आशा गरिबस्ने? जुन कुरा भविष्यमा मिल्नेछ, त्यसको मात्र आशा गरिन्छ।

**रोमी ८:२५:** एक दिन पापको उपस्थितिबाट र पापका सबै हानिकारक प्रभावहरू र विनाशक बिगारहरूबाट पूरा छुटकारा पाउने जुन आशा हामीले गर्दछौं, त्यो आशा परमेश्वरको प्रतिज्ञामाथि आधारित छ, र यही कारणले पनि हाम्रो आशा सुनिश्चित हुन्छ; त्यो ता हामीले आशा गरेका कुराहरू पाइसकेका जत्तिकै हो। यसैले हामी धीरजसँग, ढलपल नहुने गरी आशा गरेको कुराको बाटो हेर्दछौं।

**रोमी ८:२६:** त्यस महिमित आशाले हामीलाई सँभालिरहेको छ; त्यस्तै पवित्र आत्माले पनि हामीलाई हाम्रा वर्तमान कमजोरीहरूमा सहायता गर्दै आउनुभएको छ। प्रार्थना गर्दाखेरि हामी धेरै पल्ट आफूले प्रार्थनामा मागिरहेको कुराको सम्बन्धमा समस्यामा वा दोधारमा पर्दछौं; किनभने हामी यस कुराको विषयमा परमेश्‍वरको इच्छा के रहेछ, सो जान्दैनौं। तब हामीले कसरी प्रार्थना गरौं, के मागौं ? हाम्रा प्रार्थनाहरूमा बढ़ी स्वार्थ लुकिएको हुन्छ; धेरै पल्ट हाम्रो विन्तीचाहिँ हाम्रो अज्ञानताको फल हो, हाम्रो सानो, साँघुरो मनको पुकार हो। तर यस्तो कमजोर अवस्थामा फेरि पनि पवित्र आत्मा आएर हामीलाई साथ दिनुहुन्छ। उहाँले बयान गर्न नसकिने व्यथा पोख्दै हाम्रा निम्ति अन्तर्विन्ती गर्नुहुन्छ। याद गर्नुहोस्ः यस पदअनुसार पवित्र आत्माचाहिँ सुस्केरा हाल्नुहुन्छ, हामीले होइनौं। तर हामीले सुस्केरा हालेको कुरा पनि सम्भव त हुन्छ।

यहाँ यस पदमा हाम्रो सामु एउटा ठूलो रहस्य प्रकट भएको छ; हामी यहाँ एउटा अदृश्य आत्मिक संसारभित्र चियाएर एउटा अद्‌भुत दृश्य निहार्न पाउँछौं; किनभने यहाँ यति महान् व्यक्तिले आफ्ना सबै खुबी लगाएरै हाम्रो पक्षमा काम गर्दै हुनुहुन्छ। हामी यो रहस्य पूरा बुझ्न सक्दैनौं, तैपनि यस कुराले हामीलाई अत्यन्तै धेरै हिम्मत दिइरहेको छ; किनकि पवित्र आत्मा स्वयम्‌ले सुस्केरा हाल्नुहुन्छ, उचित र उपयोगी शब्दहरू नपाएरै होला। शायद विशेष परिस्थिति र बखतमा सबभन्दा ग्रहणयोग्य प्रार्थना एउटा सुस्केरा हुन्छ कि ?

**रोमी ८:२७:** परमेश्‍वरले हाम्रा हृदयहरू तलाश गर्नुहुन्छ; अनि उहाँले हाम्रो हृदय पढ्न सक्नुहुन्छ भने पवित्र आत्माले आफ्नो मनको कुरा सुस्केराहरूरूपी भाषामा मात्र व्यक्त गर्नुभए ता पनि परमेश्‍वरले यसको मतलब के रहेछ, सो पनि पत्ता लगाउनुहुन्छ र बुझ्नुहुन्छ। पवित्र आत्माले हाम्रो पक्षमा गर्नुभएका प्रार्थनाहरूको सम्बन्धमा महत्त्वपूर्ण कुरा यही होः उहाँले चढ़ाउनुभएका सबै प्रार्थनाहरू सधैं परमेश्‍वरको इच्छाअनुसार हुन्छन्, र परमेश्‍वरको सिद्ध इच्छासँग पूरा मेल खान्छन्; यसैले ती प्रार्थनाहरू सदैव हाम्रो भलाइका निम्ति हुन्छन्। यस सत्यताले धेरै कुराहरू स्पष्ट पार्दछ, जसरी अबको पदले हामीलाई देखाउँछ।

**रोमी ८ः२८ः** परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति, उहाँको मनसायअनुसार बोलाइएकाहरूका निम्ति सबै कुराहरू मिलेर भलाइ उत्पन्न गर्छन्। सबै कुराहरू मिलेर भलाइ उत्पन्न गर्दछन् भनेजस्तै भएको कतिपल्ट हामीलाई लाग्दैन। जति बेला हाम्रो हृदयलाई छिया-छिया पार्ने ज्यादा दुःखलाग्दो घटना घट्छ, निराश, हताश र हैरान भएको बेलामा, ठूलो शोक र वियोग आइपरेको समयमा 'खोइ, यसबाट हामीलाई भलाइ कसरी हुन्छ होला' भनेर हामीलाई रोमी ८ः२८ पदको कुरा विश्वास गर्न गाह्रो पर्दछ। तर रोमी ८ः२९ पदले हामीलाई यसको उत्तर यसो दिन्छः परमेश्वरले हाम्रो जीवनमाथि जे-जे आइपर्न दिनुहुन्छ, ती कुराहरूले हामीलाई उहाँका पुत्रको रूपमा ढाल्न मद्दत गर्दछन्, यसो हुन साथ दिँदछन्। जब हामीले यो कुरा बुझ्न थाल्छौं, तब हाम्रा प्रार्थनाहरूबाट 'हे प्रभु, किन ? किन ?' भन्ने प्रश्न हटेर जान्छ। किनभने संयोग र भाग्यजस्तै भाविक तत्त्वहरूले होइन, तर हाम्रा व्यक्तिगत, अद्‌भुत प्रभु येशू स्वयम्‌ले हाम्रो जीवन नियन्त्रण गर्नुहुँदो रहेछ। उहाँ जो दयाको सागर हुनुहुन्छ, उहाँले हाम्रो कुभलो गर्नुहुन्न, गर्न सक्नुहुन्न; उहाँ जो सर्वज्ञानी हुनुहुन्छ, उहाँले हाम्रो जीवनको सम्बन्धमा कुनै भूल गर्नुहुन्न, भूल गर्नै सक्नुहुन्न।

**रोमी ८ः२९ः** यस पददेखि नै प्रेरित पावलले परमेश्वरले कसरी आफ्ना धेरैभन्दा धेरै छोराछोरीहरूलाई महिमामा पुऱ्याउनुहुन्छ, त्यस महान् ईश्वरीय योजनारूपी आन्दोलनको रूपरेखा कोर्दै जान्छन्।

यस रूपरेखाअनुसार क्रमको पहिलो खुड्किला होः परमेश्वरले अनादिदेखि नै हामीलाई चिन्नुभएको थियो। उहाँले हाम्रो विषयमा मात्र जान्नुभएन, तर उहाँले हामीलाई नै चिन्नुभयो। कसैले उहाँको ज्ञानको विषयमा सोध्नु हो भने, उहाँले सबै मानिसहरूको बारेमा को-को कहिले जन्मिन्छ, सो जान्नुहुन्छ। 'उहाँले पहिलेदेखि नै जान्नुभएको' कुरामा उनीहरू मात्र समावेश हुन्छन्, जसलाई परमेश्वरले आफ्नै पुत्रको रूपमा ढालिदिने उद्देश्यले पहिलै ठहराउनुभयो वा आफ्नै पुत्रको रूप दिनका निम्ति अगाड़ि नियुक्त गर्नुभयो। परमेश्वरको यस पूर्वज्ञानभित्र एउटा दिव्य उद्देश्य थियो, र उहाँको इच्छाभित्र निर्धारित भएको उद्देश्य कहिल्यै विफल हुन सक्दैन। यस विषयमा 'कस-कसले पश्चात्ताप गरेर कुनै न

कुनै समयमा प्रभु येशूमाथि विश्वास गर्नेछन्, सो कुरा परमेश्वरले अघिबाट जान्नुभएको थियो' भन्न पुग्दैन। वास्तवमा कुरा यसभन्दा बढ़ी छ। परमेश्वरको पूर्वज्ञानले अन्तमा छानिएका मानिसहरूको पश्चात्ताप र विश्वास सुनिश्चित गर्दछ।

कुनै समयमा परमेश्वरको अचम्मको काम गर्ने अनुग्रहद्वारा अधम पापी र भक्तिहीन मानिसहरू ख्रीष्टको रूपमा ढालिनेछन् भन्ने सत्यताचाहिँ ईश्वरीय प्रकाशले प्रकट गरेका सत्यताहरूमध्ये हामीलाई सबैभन्दा अचम्म लाग्ने सत्यता हो। हुन त, एक दिन परमेश्वरलाई मात्र भएका ईश्वरीय गुणहरू र विशेषताहरू हामीसँग हुनेछन् भन्ने यस भनाइको मतलब होइन; न ता कहीं हाम्रो अनुहार ख्रीष्टको जस्तै अनुहार हुनेछ भन्ने यस कुराको तात्पर्य हो। होइन, तर हामी नैतिक रूपले सिद्ध पुरुषरत्न ख्रीष्ट येशूजस्तै हुनेछौं; हामी उहाँजस्तै पापरहित हुनेछौं, र हाम्रो शरीर उहाँको महिमित शरीरजस्तै हुनेछ।

त्यस महिमित दिनमा *'उहाँचाहिँ अनेकौं भाइहरूको बीचमा जेठा हुनुहुन्छ।'* यहाँ, यस ठाउँमा जेठाको अर्थ 'दर्जामा सर्वश्रेष्ठ वा सम्मानमा सर्वोच्च' हो। ख्रीष्ट येशू यी भाइबहिनीहरूसित बराबर हुनुहुनेछैन, तर आफ्ना भाइबहिनीहरूको बीचमा जेठालाई हुने त्यो सर्वश्रेष्ठ र सम्मान स्थान उहाँकै हुनेछ।

**रोमी ८:३०:** हरेक व्यक्ति जो अनादिदेखि परमेश्वरको पूर्वज्ञानमा पहिलेदेखि नै ठहराइएको थियो, समयमा उसको बोलावट पनि हुनेछ। ईश्वरीय बोलावट पाएको व्यक्तिले ख्रीष्टको सुसमाचार सुन्न पाउनेछ, र सुनेको सुसमाचार ग्रहण पनि गर्नेछ। यसलाई कार्यकारी बोलावट भनिन्छ। संसारका सबै मानिसहरूले ख्रीष्टको सुसमाचारद्वारा परमेश्वरको बोलावट पाउनेछन्। त्यसलाई सर्वसाधारण बोलावट भनिन्छ, जो परमेश्वरको इमानदारी बोलावट हो। तर सबै मानिसहरूले त्यो बोलावट ग्रहण गर्दैनन्; कसै-कसैले मात्र यो बोलावट स्वीकार गर्छन्। अनि योचाहिँ परमेश्वरको कार्यकारी बोलावट हो, जसले मानिसहरूलाई पश्चात्ताप गर्ने र प्रभुकहाँ फर्कने तुल्याउँछ।

सबैजना जसले परमेश्‍वरको यो बोलावट स्वीकार गर्छन्, उनीहरू धर्मी ठहरिन्छन् अर्थात् ख्रीष्‍ट येशूको योग्यता र उहाँको पुण्यकर्मले कमाएको फलस्वरूप उनीहरूलाई परमेश्‍वरको सामु सम्पूर्ण रूपले धर्मी गनिने ठहर दिइन्छ, र यसरी उनीहरू परमेश्‍वरको उपस्थिति र सँगतिका योग्य हुन्छन् ।

जो-जो मानिसहरू धर्मी ठहरिएका हुन्छन्, उनीहरूलाई महिमा पनि दिइएको हुन्छ । हुन त वास्तवमा हाम्रो महिमा भएकै छैन, तर हामीले महिमा पाउनु अझ हुन बाँकी रहेको छ; तर हाम्रो महिमा यति नै सुनिश्‍चित र सुदृढ़ छ, कि परमेश्‍वरले त्यो भइसकेको ठान्‍नुहुन्छ; यसैले यहाँ 'उनीहरूलाई उहाँले महिमा पनि दिनुभयो' भनेर यो कार्य बयान गर्दाखेरि प्रेरितबाट भूतकाल प्रयोग गरिएको छ । हाम्रो महिमा हुने कुरामा हामी यति सुनिश्‍चित छौं, कि यो त त्यो स्वर्गीय महिमा हामीलाई दिइसकिएको बराबर हो ।

ख्रीष्‍ट-विश्‍वासी अनन्तसम्म सुरक्षित रहने सम्बन्धमा नयाँ नियमभरिमा यो कुरा दृढ़तासाथ पुष्‍टि पार्ने पद यही हो । लाखौं-करोड़ौं मानिसहरू परमेश्‍वरको पूर्वज्ञानअनुसार उहाँद्वारा अघिबाटै चिनिएका र छानिएका हुन्छन्; यसैकारण पक्‍का पनि उनीहरूको बोलावट हुन्छ नै, उनीहरू धर्मी पनि ठहरिन्छन् र उनीहरूलाई महिमा पनि दिइन्छ। उनीहरूमध्ये एकजना पनि हराउँदैन । (यूहन्‍ना ६ः३७ पदमा 'ती सबै'को अर्थ बुझ्नुहोला) ।

**रोमी ८ः३१ः** हामीलाई दाम तिरेर छुट्याउने कार्यको सम्बन्धमा उक्त ईश्‍वरीय शृङ्खला यस्तै छ, जसका एक क्रम अर्को क्रमसित जोड्ने मुन्द्राहरू कहिल्यै टुट्दैनन्; यस कुरामा ध्यान राखी एउटा निष्कर्ष मात्र सम्भव हुन्छः परमेश्‍वर हाम्रो पक्षमा हुनुहुन्छ भने हाम्रो विरोधमा को हुन सक्छ र? परमेश्‍वर यस प्रकारले हाम्रो पक्ष लिनुभएको छः उहाँले हामीलाई पहिलै आफ्ना निम्ति अगल गर्नुभएकै हो; यसैले कोही पनि हाम्रो विरुद्ध सफल हुनेछैन, अँ, हुनै सक्नेछैन नै ।[31)] सर्वशक्तिमान् परमेश्‍वर हाम्रो पक्षमा काम गर्दै हुनुहुन्छ भने उहाँभन्दा कमजोर, उहाँभन्दा कम शक्ति भएको जोसुकै व्यक्ति वा तत्त्वले पनि उहाँलाई र उहाँको योजना विफल तुल्याउन सक्दैन नि ।

**रोमी ८:३२:** अनि अहो, यस पदमा हामीले कस्ता-कस्ता अद्‌भुत शब्दहरू पढ्न पाउँछौं ! ! *'उहाँले आफ्ना पुत्रलाई बाँकी राख्नुभएन, तर यहाँलाई हामी सबैका निम्ति अर्पिदिनुभयो।'* के यस पदसित साह्रै परिचित भएका हुनाले हाम्रो मनमा यी शब्दहरूको चमक धमिलो भएको छ र, अनि हाम्रा निम्ति यिनमा परमेश्वरको आराधना गर्ने प्रेरणा दिलाउने शक्ति घटेको छ ? यस्तो कदापि नहोस् ! यसो हुनुहँदैन। किनभने जब आफ्ना पापमा नाश हुन लागेका संसारभरिका मानिसहरूलाई मुक्ति दिनलाई तिनीहरूकै स्थान लिने, एउटा पापरहित बलिदानको खाँचो परेको थियो, तब यस्तो हालतमा महान् सृष्टिकर्ता परमेश्वरले आफ्नो हृदयका टुक्रा, आफ्ना प्रियभन्दा प्रिय पुत्रलाई बाँकी राख्नुभएन, तर उहाँलाई हाम्रा निम्ति क्रूसको अपमान र लज्जास्पद मृत्युमा सुम्पिदिनुभयो।

यस भनाइबाट अकाट्य तर्कको, प्रतिरोध गर्न नसकिने ठोस निस्केको छः परमेश्वरले येशूमा हामीलाई सबैभन्दा महान् दान दिइ-सक्नुभएको छ; त उहाँभन्दा कम मूल्य भएको कुनचाहिँ दान होला, जो उहाँले हामीलाई दिनुहुन्न ? उहाँले सबैभन्दा ठूलो दाम तिरिसक्नुभयो; त उहाँले कम मूल्य पर्ने दाम तिर्न किन हिचकिच्याउनुहुनेछ ? हाम्रो मुक्तिका निम्ति उहाँले यति दुःख उठाइसक्नुभयो भने, के उहाँले हामीलाई कहीं कुनै हालतमा छोड्न वा त्याग्न सक्नुहुन्छ र ? *'... तब कसरी उहाँले हामीलाई यहाँको साथमा अरू सबै कुराहरू पनि सित्तैंमा दिनुहुनेछैन र ?'*

यस खण्डको टिप्पणी गर्ने श्री सी. एच. म्याकिन्तोशले यसो भनेका छन्ः ' "हो र ? कसरी उहाँले हामीलाई यो दिन सक्नुहुनेछ त ?" सोध्नुचाहिँ अविश्वासको भाषा हो, जब "किन होइन ? उहाँले नदिनु, कसरी ?" भन्नुचाहिँ विश्वासको भाषा हो।'[32)]

**रोमी ८:३३:** हामी अझ अदालतमा बसिरहेका अवस्थामा छौं; तर पहिले भन्दा अबको परिस्थिति बदलिएको छ। अघिको समयमा जुन मानिस पापी भएको थियो, त्यो मानिस हालैमा न्यायकर्ताको सामु धर्मी ठहरिएको अवस्थामा उभिएको छ, अनि 'उसलाई दोष लगाउने को-को हुन् ? तिनीहरू झट्टै अगाड़ि आऊन्' भनेर आह्वान/अपिल गरिन्छ। तर

अचम्म ! कोही पनि अघि सर्दैन । अघि सर्न पनि कसरी, जब परमेश्वरले आफ्ना चुनिएकाहरूलाई धर्मी ठहराइसक्नुभएको छ ? हालत यस्तो हो भने कसले अभियोग लाउन सक्छ ?

रोमी ८ : ३३ र ३४ पदमा उठाइएका प्रश्नहरूको उत्तरमा 'कोही पनि होइन; किनकि ...' भन्ने शब्दहरू थप्यौं भने मलाई लाग्छ, पावलको तर्क अझ स्पष्ट हुन जान्छ । तब यो पद यस प्रकारले पढ़िन्छः *'परमेश्वरका चुनिएकाहरूको विरोधमा कसले दोष लाउला ? **कोही पनि होइन; किनकि** धर्मी ठहराउनुहुने त परमेश्वर हुनुहुन्छ ।'* यी शब्दहरू नलगाउँदा-खेरि पावलले यहाँ भन्न खोजेको कुराको ठीक विपरीत, उल्टो अर्थ बुझ्न सकिन्छ । अनि परमेश्वरको कुनै वचन उल्टो प्रकारले बुझ्नुहुँदैन ।

**रोमी ८ : ३४ :** अर्को आह्वान/अपिल सुनिन्छः *'दण्डको आज्ञा दिने को हो ?'* अहँ, कोही पनि छैन; किनकि ख्रीष्ट येशू अभियोग लगाइएको व्यक्तिका निम्ति मर्नुभयो; उहाँ मरेकाहरूबाट बौरिउठ्नुभयो, र अबचाहिँ परमेश्वरको दाहिने बाहुलीपट्टि विराजमान् हुनुहुन्छ, र उसका निम्ति अन्तर्विन्ती गर्नुहुन्छ । प्रभु येशूलाई सम्पूर्ण न्यायको काम सुम्पिएको छ; अनि उहाँले अभियोग लगाइएको व्यक्तिमा कुनै दोष पाउनुहुन्न, र दण्डको आज्ञा दिनुहुन्न, तर बरु उसका निम्ति विन्तीप्रार्थना गर्नुहुन्छ भने उसको विरुद्ध दण्डको आज्ञा दिने कोही हुँदैन, जससँग अभियोग लगाउने उचित कारण हुन्छ ।

**रोमी ८ : ३५ :** विश्वासले अभियोग लगाउनेहरूलाई अन्तिम मौका दिँदै चुनौतीको रूपमा यसो सोध्छः 'के यहाँ कोही छ, जसले धर्मी ठहरिएको यस व्यक्तिलाई ख्रीष्टको प्रेमबाट अलग पार्न सक्छ ?' कुन-चाहिँ प्रतिकूल परिस्थितिले यसो गर्न सक्ला भनेर अब सब प्रकारको खोजतलाश शुरु गरिन्छ । मानिसहरूको जीवनमाथि सम्भवतः आइपर्न सक्ने र एउटा मानिसलाई अर्का मानिसबाट अलग पार्ने काम गर्न सक्ने जुनसुकै प्रभावशाली प्रतिकूल परिस्थिति खूबै नियालेर हेरिएको छ । तर यस्तो कुनै परिस्थिति भेट्टाइएन, जसले हामीलाई ख्रीष्ट येशूको प्रेमबाट अलग पार्न सक्नेछ । सङ्कष्टले हामीलाई अन्न झाँट्ने यन्त्रले जस्तो लगातार झाँटिरहे अथवा क्लेश र कष्टरूपी प्रकोपले हामीलाई ओखलमा

निरन्तर कुटिरहे ता पनि यी कुराहरूले हामीलाई प्रभु येशूको प्रेमबाट अलग पार्न सक्दैनन् । न मानसिक पीड़ाहरू र शारीरिक दर्दहरू पैदा गर्ने दैत्यरूपी डरत्रास र फिक्रीचिन्ताले, न ता संसारसित एकनास हुने नचाहने प्रभुका साहसी साक्षीहरूमाथि आइपर्ने, उनीहरूमा छिया-छिया पार्ने चोटहरू, कष्टहरू र मृत्यु समेत ल्याउने क्रूर र निष्ठूर सतावटले उनीहरूलाई ख्रीष्टको प्रेमबाट अलग पार्न सक्दछन् । न खियाएर होस्, न घटाएर होस्, न ता क्षीण पारेर होस्, हामीलाई कङ्गालभन्दा कङ्काल बनाउने सिकुटे भूतरूपी विनाशकारी अनिकालले, न ता हर प्रकारको हानिनोक्सानी, अपहरण, बहिष्कारसहितको सहाराहीन र सुरक्षाविहीन पार्ने, हाम्रो तमासा गर्ने नग्नताले हामीलाई कुनै हालतमा पनि ख्रीष्ट येशूको प्रेमबाट अलग पार्न सक्दछ । अनि खतराले ? अहँ, कुनै खतराले हामीलाई जति ठूलो र भयानक जोखिममा हाले पनि हामीलाई परमेश्वरको प्रेमबाट अलग पार्न सक्दैन । अनि तरवारले ? अहँ, त्यस चिसो र कड़ा, प्राणघातक चीजले पनि हामीलाई ख्रीष्ट येशूको प्रेमबाट अलग पार्न सक्दैन ।

**रोमी ८ः३६ः** यदि उक्त कुराहरूमध्ये कुनै एउटाले पनि हामी ख्रीष्ट-विश्वासीहरूलाई ख्रीष्टको प्रेमबाट अलग पार्न सक्दो हो ता ख्रीष्ट येशूसितको हाम्रो सम्बन्ध टुटाउने घातक विच्छेद अघि नै भइसक्नेथियो; किनभने इसाई जीवनचाहिँ जिउँदैमा मरेतुल्य हुनुपर्ने मृत्युको जीवन हो । भजन लेखकले यही भन्न खोजेका छन्, जब उनले परमप्रभु परमेश्वरको अङ्गीकार कायम राख्ने विश्वासीहरूको विषयमा यसो भन्छन्ः *‘दिनभरि नै हामी काटिनलाई घोसखानामा लागिका भेड़ाहरूजस्तै मारिइरहेका छौं’* (भजन ४४ः२२) ।

**रोमी ८ः३७ः** हामीलाई ख्रीष्टको प्रेमबाट अलग पार्ने कुरा परै जाओस्, यी कुराहरूले त हामीलाई ख्रीष्टको प्रेमबाट अलग पार्दैनन्, बरु हामीलाई अझै उहाँको नजिकैमा पो लैजान्छन् । हामी विजेताहरू मात्र होइनौं, तर विजेताहरूभन्दा पनि बढ़ी हुने नै छौं । ख्रीष्ट येशूद्वारा हामीलाई उहाँको प्रेमबाट अलग पार्न खोज्ने यी उपर्युक्त प्रतिकूल परिस्थितिरूपी दुर्जय विरोधी तत्त्वहरूमाथि हामी विजयी मात्र बन्दैनौं, तर हाम्रो यस

विजयद्वारा परमेश्वरको महिमा हुनेछ, अरू मानिसहरूका निम्ति आशिष र हाम्रा निम्ति भलाइ हुनेछ। हामीले आफ्ना शत्रुहरूलाई कैद गरेर दास बनाउँछौं, र हाम्रो बाटो छेक्ने अवरोधहरूरूपी ठेस लाग्ने ढुङ्गाहरू लिएर हामी तिनलाई आफ्ना खुट्टा राख्ने र हाम्रो बाटो बनाउने प्रगतियुक्त शिलाढुङ्गाहरू तुल्याउँछौं।

यी सबै कुराहरू हाम्रो शक्तिको फल होइन, तर उहाँद्वारा मात्र सम्भव हुन्छ, जसले हामीलाई प्रेम गर्दै गर्नुहुन्छ। तीतो कुराबाट मीठो कुरा निकाल्न सक्ने र कमजोर कुरालाई बलवान् तुल्याउन सक्ने, हारचाहिँ विजयमा बदली गर्न सक्ने र वियोगचाहिँ आशिषमा परिणित गराउन सक्ने एकमात्र शक्तिचाहिँ ख्रीष्ट येशूको सामर्थ्य हो।

**रोमी ८:३८:** प्रेरित पावलले अझै आफ्नो खोजतलाश सिद्ध्याएका छैनन्। रोमी ८:३८-३९ पदमा मानौं सारा सृष्टिरूपी ब्रह्माण्डभित्र एक छेउदेखि अर्को छेउसम्म वरपर सबै ठाउँहरूमा खोजी-खोजी हेर्दा कहीं परमेश्वरको प्रेमबाट अलग पार्ने कुनै यस्तो कुरा, कुनै चीज निस्किन्छ कि भनेर उनले आकाशदेखि पातालसम्म चारैतिर अनुसन्धान गर्दछन्। तर उनले एक-एक कुरा जाँचेर हेर्दछन्, र एकपछि अर्कोलाई खारिज गर्दै सबैमा हामीलाई परमेश्वरको प्रेमबाट अलग पार्ने क्षमता देख्दैनन्, पाउँदैनन्।

के मृत्युले अलग पार्न सक्छ? अहँ, मृत्युले आफ्ना सबै आतङ्कहरू लिएर पनि हामीलाई ख्रीष्टको प्रेमबाट अलग पार्न सक्दैन। के जीवनले अलग पार्न सक्छ? अहँ, जीवनले पनि आफ्नो सारा आकर्षणमा, आफ्ना लोभ्याउने र महित पार्ने सबै कुराहरू लिएर हामीलाई ख्रीष्टको प्रेमबाट अलग पार्न सक्दैन। के कतै स्वर्गका दूतहरू र प्रधानताहरूले अलग पार्न सक्छन् त, जसको शक्ति अलौकित र जसको ज्ञान मानिसभन्दा अपार छ? मानिसबाटका वा शैतानिक कुनचाहिँ निरङ्कुश अधिकारहरू छन्, जसले यसो गर्न सक्छन्? वर्तमान् समयमा र भविष्यमा हामीमाथि आइपर्न सक्ने सम्भव-असम्भव भएका सबै कुराहरूको विषयमा के कसो, जसका डरलाग्दा-डरलाग्दा पूर्वाभासहरूले हामीलाई भयभीत पारेका छन्?

**रोमी ८ :३९ :** अनि उचाइ र गहिराइले के गर्न सक्छन् ? नाप्न सक्ने वा नाप्न नसक्ने कुराहरू, पृथ्वीमा भएका पृथ्वीतलमा भएका वा पृथ्वीदेखि बाहिर अन्तरिक्षमा भएका कुराहरूले के गर्छन् ? अनि तात्त्विक संसारमा भएका तत्त्वहरूले[34] ? अनि आफ्नो यस सूचिबाट कहीं, कतै कुनै कुरा नहाली बिर्सिएको छ कि भन्ने सम्भावनासमेत हटाउनका निम्ति उनले थपेर यस्तो पनि लेख्दछन्ः *'र सृष्टि गरिएको अरू कुनै थोकले ... ।'*

पावलले आफ्नो खोजीको अन्तमा यस निष्कर्षमा पुगेर भन्दछन्ः 'परमेश्वरको प्रेमबाट अलग पार्ने कुरा असम्भव ! ! अहँ, यस्तो कुनै पनि चीजै छैन रहेछ ।' परमेश्वरलाई धन्यवाद होस् ! उहाँको कहिल्यै नटुटिने यही प्रेम हाम्रा प्रभु येशू ख्रीष्टद्वारा हाम्रै हुनेछ ।

तब यी जयका शब्दहरू लिएर प्रभुको नाममा शहीद हुनेहरूले आफ्नो जयगान तुल्याएकोमा हामीले अचम्म मान्नपर्दैन । यी जयघोषका शब्दहरूचाहिँ प्रभु येशूका बलवान् साक्षी वा शहीदरूपी जीवन जिएका विश्वासीहरूको सबैभन्दा मनपर्दो स्तोत्र बनेका छन् ।

# २) शैक्षिक खण्ड २ : युगयुगमा मानिसहरूसित परमेश्वरको व्यवहारः सुसमाचार र इस्राएल (रोमी ९-११ अध्याय)

## क) रोमी ९ : बितेको समयमा इस्राएल

प्रेरित पावलसित बहस गर्ने यहूदी मानिसले उनलाई अब निम्न प्रश्न सोध्छन्ः 'ख्रीष्टको सुसमाचारद्वारा मुक्तिको प्रबन्ध यहूदीहरू र अन्यजातिका मानिसहरूलाई उपलब्ध गरिएको छ; तब हाम्रो मनमा प्रश्न उठ्छः यसो गर्दाखेरि के परमेश्वरले आफूले छान्नुभएको यहूदी जातिसित गर्नुभएका आफ्ना प्रतिज्ञाहरू तोड्नुभएको छैन र ?' प्रेरित पावलले यस प्रश्नको उत्तर दिँदै रोमी नौ अध्यायमा बितेको समयमा इस्राएलको

अवस्था, रोमी दस अध्यायमा वर्तमान् इस्राएल र रोमी एघार अध्यायमा इस्राएलको भविष्यको विषयमा बताउँदै हामीलाई शिक्षा दिन्छन्।

रोमी ९-११ अध्यायको यस खण्डमा हामीले परमेश्वरको सर्वाधिकार र मानिसको जिम्मेवारीमाथि ठूलो जोड़ दिइएको पाउँछौं। चुनावको सम्बन्धमा परमेश्वरको सर्वाधिकार छ। पवित्र बाइबलभित्र रोमी नौ अध्यायचाहिँ यो कुरा बुझाउने मूललेख मान्नु उचित छ। अनि रोमी दस अध्यायले चाहिँ यस सम्बन्धमा मानिसको जिम्मेवारीमाथि उत्तिकै जोड़ लगाइदिन्छ, र परमेश्वरको सर्वाधिकारको एकतर्फी शिक्षामा उचित सन्तुलन ल्याउँछ।

## चुनावमा परमेश्वरको सर्वाधिकार र मानिसको जिम्मेवारी

जब 'परमेश्वर सर्वाधिकारले सुसम्पन्न हुनुहुन्छ' भनी हामी स्वीकार गर्दछौं, तब आफूले सृष्टि गर्नुभएको सारा ब्रह्माण्डमाथि परमेश्वरको पूरा हक छ; यसैले उहाँले आफ्नो स्वतन्त्र इच्छाअनुसार त्यससित जे पनि गर्न सक्नुहुन्छ भन्ने कुरा हामीले भन्न खोजेका हौं। यस्तो आमूल उक्ति पेस गरेपछि हामीले यो कुरा थपेर भन्नुपर्‍यो; हामी जान्दछौं, परमेश्वर स्वयम् ईश्वर हुनुभएको नाताले उहाँ कहिल्यै कुनै गल्ती, कुनै अन्याय, कुनै अधर्म वा कुनै अनुचित काम गर्नुहुन्न नै। यसकारण 'परमेश्वर सर्वाधिकारी हुनुहुन्छ' भन्नुको तात्पर्य परमेश्वरलाई उहाँलाई सुहाउने स्थान दिनु हो। पवित्र बाइबलको यस सत्यतादेखि हामी डराउनुहुँदैन, न ता यसका निम्ति हामीले कसैसित क्षमा माग्नुपर्छ। होइन, यो ता महिमाले पूर्ण एउटा यस्तो सत्यता हो, जसको अर्थ स्पष्ट रूपले बुझेमा यसले हामीलाई परमेश्वरको आराधना गर्ने बाध्यतामा पार्दछ।

परमेश्वरको स्वतन्त्र इच्छा र सर्वाधिकार छ; यस अधिकारअनुसार परमेश्वरले कति मानिसहरूलाई उनीहरू उहाँकै होऊन् भन्ने उद्देश्यले चुन्नुभयो। तर जुन पवित्र बाइबलले हामीलाई परमेश्वरको आफ्नै स्वतन्त्र

इच्छाअनुसारको चुनावको विषयमा शिक्षा दिन्छ, त्यही पवित्र बाइबलले हामीलाई मानिसको जिम्मेवारीको विषयमा पनि शिक्षा दिन्छ। यस सम्बन्धमा कुरा साँचो होः परमेश्वरले कुनै-कुनै मानिसहरूलाई मुक्तिका निम्ति छान्नुहुन्छ; तर उत्तिकै सत्य कुरा के हो भने, मानिसले मुक्ति पाउने इच्छा राख्नुपर्छ; उसले मुक्ति पाउने निर्णय गर्नुपर्छ। मुक्तिको सम्बन्धमा निम्न शब्दहरूले परमेश्वरको जिम्मा स्पष्ट पार्छन्ः *'पिताले मलाई जतिजना दिनुहुन्छ, ती सबै मकहाँ आउनेछन्'* (यूहन्ना ६ : ३७[क]) । अनि यी शब्द बोल्नुभएपछि प्रभु येशूले मानिसको जिम्मेवारी यसरी प्रस्तुत गर्नुहुन्छः *'अनि जो मकहाँ आउँछ, उसलाई म कुनै रीतिले अफाल्नेछैनँ'* (यूहन्ना ६ : ३७[ख]) ।

ख्रीष्ट-विश्वासीहरू भएका नाताले परमेश्वरले हामीलाई संसारको उत्पत्तिभन्दा अघि नै ख्रीष्टमा चुन्नुभएको कुरामा हामी खूबै रमाउँछौं (एफेसी १:४) । तर हामी उत्तिकै दृढ़ विश्वास गर्दछौंः जसले चाहना गर्दछ, उसले सित्तैंमा जीवनको पानी लिन्छ-लिन्छ (प्रकाश २२:१७) । श्री डी. एल. मूडीले निम्न उदाहरणद्वारा यस सत्यताका दुवै पक्षहरू बुझाउने प्रयास गरेका छन्ः 'जब आएर हामी मुक्तिको ढोकाको सामु उभिन्छौं, तब हामी त्यस ढोकामा यसो लेखिएको पाउँछौंः "सबैलाई सहर्षसाथ स्वागत् छ!" तर त्यस ढोकाबाट भित्र पसेर उता निस्केपछि हामी फर्केर हेर्‍यौं भने त्यहाँ, त्यस ढोकामा "परमेश्वरको पूर्वज्ञानअनुसार छानिएकाहरू" भन्ने शब्दहरू लेखिएका पढ्छौं। यसैले मानिसको जिम्मेवारी त्यत्ति बेला देखा पर्दछ, जब तिनीहरू मुक्तिको ढोकाको सामु उभिरहेका हुन्छन्, र तिनीहरूले विश्वासको निर्णय लिनुपर्छ। तर परमेश्वरको इच्छाअनुसार चुनाव भएको कुरा परमेश्वरको परिवारको मर्म हो, र मुक्तिको ढोकाभित्र पसिसकेकाहरूले मात्र बुझ्न सक्ने सत्यता हो।'

के परमेश्वरले कुनै न कुनै मानिसहरूलाई आफ्ना निम्ति छान्नुहुन्छ, र पनि संसारका सबै मानिसहरूलाई मुक्ति पाउने निम्तो दिन सक्नुहुन्छ? सत्यताका यी दुईवटा पक्षहरू कसरी मेल खान्छन्? वास्तवमा तिनीहरूले हाम्रा निम्ति मेल खानै सक्दैनन्। मानिसको दिमागमा यी कुराहरूले मेल

खाँदैनन् । तर पवित्र बाइबलले यी दुईवटा शिक्षाहरू दिन्छ; अनि यसैले हामीले यसका दुवै शिक्षाहरू विश्‍वास गर्नुपर्छ, हामीले यसका दुवै शिक्षा-हरू ग्रहण गर्नुपर्छ; किनभने बुभ्नुमा समस्याचाहिँ हाम्रो दिमागको हो; परमेश्‍वरका निम्ति यहाँ कुनै समस्या छैन । सत्यताका दुई पक्षहरूलाई हामीले कुन रूप दिऔं ? ती पक्षहरू दुईवटा पार्श्‍वबद्ध धर्काहरू हुन्, जो तन्किएर सँगसँगै अगाड़ि बढ्दै जान्छन्, तर जसको भेट अनन्त क्षितिजमा मात्र हुन्छ ।

परमेश्‍वरको स्वतन्त्र इच्छामा निर्भर रहेको चुनाव र मानिसमा रहेको जिम्मेवारीको बीचमा मेल गराउने प्रयासहरू अनेक छन् । यस विषयमा कतिले भन्छन्ः कस-कसले प्रभु येशूमाथि विश्‍वास गरेर मुक्ति पाउनेछन्, यिनीहरूको बारेमा परमेश्‍वरको पूर्वज्ञान भएकोले उहाँले यिनीहरूलाई नै मुक्ति पाउन छान्नुभयो । तिनीहरूको यो विचार रोमी ८ः२९ पदमा आधरित छ, जहाँ यसो लेखिएको छः *'जसलाई उहाँले पहिले नै जान्नुभएको थियो, उनीहरूलाई उहाँले पहिले नै ठहराउनु पनि भयो'*, अनि १ पत्रुस १ः२ पदमा पनि, जहाँ *'परमेश्‍वरको पूर्वज्ञानअनुसार … चुनिएकाहरू'* भन्ने कुरा लेखिएको छ । तर यस धारणामा एउटा कुरा कमी भएको छः परमेश्‍वरको पूर्वज्ञानभित्र यिनीहरूको विषयमा गरिएको उहाँको पूर्वनिर्णय पनि समावेश गरिएको हुन्छ । मुक्तिदाता प्रभुमाथि विश्‍वास गर्नेहरू को-को हुन्, उनीहरूको विषयमा अघिबाट जान्नु एउटा कुरा हो, तर अघिबाट उनीहरूको विषयमा उनीहरू अन्तमा परमेश्‍वरकहाँ खिचिनेछन् भन्ने निर्णय लिनु अर्को कुरा हो ।

परमेश्‍वरले कसै-कसैलाई मुक्ति पाउन छान्नुहुन्छ; तर उहाँ कसैलाई विनाशका निम्ति छान्नुहुन्न । अरू शब्दहरूमा भन्नु हो भने, पवित्र बाइबलले चुनावको विषयमा शिक्षा दिन्छ, तर दिव्य परित्यक्त तिरस्कारको बारेमा कहीं पनि सिकाउँदैन । तर कतिले यस कुराको खण्डन गरेर यसो भन्लान्ः 'यदि परमेश्‍वरले कसै-कसैलाई आशिष प्राप्त गर्न चुन्नुभयो भने, फलस्वरूप उहाँले अरू मानिसहरूलाई विनाशका निम्ति छान्नुपर्छ नै ।' तर यो विचार गलत हो । सारा मानव जातिका मानिसहरू आफ्नै पापको खातिर विनाशका योग्य हुन्छन् । यस कुरामा परमेश्‍वरको के हात छ र ?

यसमा परमेश्वरको के गल्ती छ ? यो उहाँको स्वेच्छाचारी आदेशको फल होइन। परमेश्वरले मानिसहरूलाई त्यत्तिकै छोड्नुभएको र तिनीहरूलाई नरक जाने बाटोमा नरोक्नुभएको भए, (अनि बुझ्नुहोस्ः उहाँले तिनीहरूलाई त्यत्तिकै छोड्न सक्नुहुनेथियो), मानिसहरूले आफूले भोग्नुपर्ने दण्ड मात्र पाउनेछन्; किनभने तिनीहरूले आफ्ना अधर्महरू र पापकर्महरूको फल भोग्नुपर्नेछ। यसैकारण हाम्रो सवाल अर्को छः के परमप्रभु परमेश्वर आफ्नो स्वतन्त्र इच्छाअनुसार कसै-कसैमाथि निगाह देखाएर उनीहरूलाई, जो आफूमा नरकका योग्य छन्, आफ्ना पुत्रकी दुलहीको रूपमा छान्न पाउनुहुन्न ? यस सवालको सकारात्मक जवाफ यस प्रकारको छः निश्चय नै परमेश्वरले यसो गर्न पाउनुहुन्छ। निचोड़मा हामी यति भनौंः ‘नरकमा पर्ने सबै मानिसहरू तिनीहरूकै पापहरू र तिनीहरूकै विद्रोहको कारणले नरकका योग्य हुन्छन्। तर मुक्ति पाउनेहरू सबैजनाले परमेश्वरको इच्छा र अभिप्रायभित्र लुकिरहेको उनीहरूलाई छानिदिने उहाँको अनुग्रहमा यसको एकमात्र कारण पाउँदछन्।

मुक्ति पाएको मानिसका निम्ति परमेश्वरको इच्छाअनुसारको चुनाव उसलाई निरन्तर आश्चर्यचकित पारिरहने विषय बन्नुपर्छ; किनभने हामी हाम्रो वरिपरिका मानिसहरूमाथि आफ्ना आँखा लगाउँछौं, र हामीभन्दा असल, चरित्रवान् मानिसहरूलाई देख्दछौं, हाम्रो भन्दा उत्तम स्वभावका मानिसहरूलाई, हाम्रो भन्दा उच्च मनोभावना भएका मानिसहरूलाई भेट्छौं। तब हाम्रो मनमा प्रश्न उठ्छः ‘प्रभुले मलाई किन छान्नुभयो होला ?’

> यता, मैले तपाईंको सोर सुन्न पाएँ, अनि समय हुँदै र ठाउँ छँदै मैले
> भित्र पस्ने मौका पाएँ; किन होला ?
> जब उता हजारौंहजार अभागी मानिसहरूले नकरात्मक निर्णय लिन्छन्,
> र प्रभु येशूकहाँ आउनुभन्दा बरु तिनीहरू भोकले मर्न तयार छन्।
>
> आइजाक वाट्स

उता, चुनावको विषय लिएर मुक्ति नपाएका मानिसहरूले यसलाई आफ्नो अविश्वासका निम्ति बहाना तुल्याउनुहुँदैन। तिनीहरूले यसो भन्न

पाउँदैनन्ः 'मेरो चुनाव भएकै छैन; यसैले म के गरूँ त ? प्रभु येशूमाथि विश्वास नगर्नु मेरो गल्ती नै होइन।' आफ्ना पापहरूको विषयमा पश्चात्ताप गरेर परमेश्वरकहाँ फर्केको र प्रभु येशूमाथि विश्वास गरेर उहाँलाई आफ्ना व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरेको मानिस मात्र आफ्नो चुनावको विषयमा निश्चित हुन सक्दछ (१ थेस्सलोनिकी १:४-७)।

यता, इसाईहरूले चुनावको कुरा लिएर सुसमाचार प्रचार गर्ने सम्बन्धमा आफ्नो सुस्तीपन र आफ्नो जोशहीन अवस्थालाई ढाकछोप गर्ने बहाना बनाउनुहुँदैन। हामीले यसो भन्नुहुँदैनः 'मानिसहरूको चुनाव भएको छ भने तिनीहरूले जसोतसो पनि मुक्ति पाउने नै छन्।' किनकि अरू कसैले होइन, केवल परमेश्वरले आफ्ना चुनिएकाहरूलाई चिन्नुहुन्छ। हामीलाई आज्ञा गरिएको छः 'सारा संसारमा जाओ, र सबै मानिसहरूलाई सुसमाचार प्रचार गर!' किनभने मुक्तिको प्रबन्धको बारेमा सबै मानिसहरूलाई निम्त्याउने परमेश्वरको निम्तो एउटा वास्तविक निम्तो हो। मानिसहरूले परमेश्वरको निम्तो अस्वीकार गर्छन्, किनकि तिनीहरूको हृदय कठोर छ। तिनीहरूलाई निम्तो गर्नुहुने परमेश्वर छली हुनुहुन्न।

यस चुनावको शिक्षाको सम्बन्धमा दुईवटा गल्ती गर्न सम्भव छ, जुन गल्ती हामीले गर्नुहुँदैन। यस विषयमा पवित्र बाइबलमा प्रकट गरिएको सत्यताका दुईवटा पक्षहरूमध्ये एउटा पक्ष मात्र लिने गल्ती एउटा खतरा हो, अर्थात् मुक्तिको सम्बन्धमा परमेश्वरको स्वतन्त्र इच्छामा राखिएको चुनाव लिएर, तर मानिसको जिम्मेवारीमा रहेको निर्णयको कुरा विचार नगरेर। यस सम्बन्धमा सत्यताका दुवै पक्षहरूमा सन्तुलित विचार नराखेर तर एउटा पक्षमा बढ़ी जोड़ दिएको दोस्रो गल्ती हो। हामीले यस सम्बन्धमा बाइबलीय दृष्टिकोण लिनुपर्छः हामीले परमेश्वरको स्वतन्त्र इच्छामा हुने चुनावमाथि विश्वास गर्नुपर्छ, र हामीले मानिसहरूको जिम्मेवारीमा बराबर विश्वास गर्नुपर्छ। यस प्रकारले हामीले पवित्र बाइबलको सन्तुलित प्रकाशअनुसार यी शिक्षाहरू अप्नाएर तिनको समुचित प्रयोग गर्न सक्छौं, र यी शिक्षाहरूबाट बढ़ी आशिष उठाउन सक्छौं।

आउनुहोस्, हामी रोमी नौ अध्यायमा फर्कौं! परमेश्वरको सर्वाधिकारको सम्बन्धमा प्रेरित पावलले प्रस्तुत गरेको विषयमाथि ध्यान दिएर हामी कदम-कदममा उनको पछि लागौं!

**रोमी ९:१:** प्रेरित पावलले प्रभु येशूमा अन्यजातिका मानिसहरूका निम्ति र यहूदी मानिसहरूका निम्ति पनि मुक्तिको प्रबन्ध गरिएको छ भन्ने कुरामा जोड़ दिएकोमा रोमी ९:१ पदमा आएर उनीचाहिँ इस्राएलीहरूको दृष्टिमा विश्वासघाती, दलत्यागी, स्वधर्मत्यागी, अवसरवादी ठहरिइसकेका थिए। यसैकारण यहाँ 'म ख्रीष्टमा साँचो भन्दछु, भूट बोल्दिनँ' भनेर गम्भीर रूपले शपथ खाएर उनले आफू कत्रो यहूदीप्रेमी हुन्, सो कुरा दृढ़सँग दाबी गर्दछन्। उनले यहाँ जे भनेका छन्, यो बिलकुल साँचो र सत्य हो भन्ने कुरा पुष्टि गर्ने दुईवटा गवाहीको रूपमा उनले आफ्नो विवेक र पवित्र आत्मालाई राख्दछन्।

**रोमी ९:२:** पहिले इस्राएली जातिको महिमित बोलावट कस्तो थियो, र हालैमा तिनीहरूले मसीह येशूलाई इन्कार र रद्द गरेकोले परमेश्वरबाट त्यागिएको तिनीहरूको बहिष्कृत अवस्था कस्तो छ? यी कुराहरू सम्भेर पावलको हृदय भारी शोक र निरन्तर पीड़ाले पूर्ण थियो।

**रोमी ९:३:** प्रेरित पावलको प्रगाढ़ इच्छा कस्तो थियो? उनी ख्रीष्ट येशूबाट वञ्चित भएको हुनाले आफ्नो जातिका दाजुभाइहरूले मुक्ति पाउन सकेका भए उनी आफ्नो मुक्ति गुमाउन तयार भए। योचाहिँ मानिसहरूको बीचमा सम्भव हुने सबैभन्दा ठूलो प्रेमको नमुना हो; किनभने यस सम्बन्धमा प्रभु येशूले भन्नुभयो: *'आफ्ना साथीहरूका निम्ति आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम कसैको हुँदैन'* (यूहन्ना १५:१३)। यसबाट मुक्ति पाएका एकजना यहूदी मानिसले आफ्नो जातिका दाजुभाइहरूका निम्ति कत्रो बोझ राख्दा रहेछन्, सो छरलङ्ग देख्न सकिन्छ। यस कुराले हामीलाई मोशाको प्रार्थना याद दिलाउँदछ, जब तिनले इस्राएलीहरूको विद्रोहको सम्बन्धमा परमप्रभु परमेश्वरसित यसरी आफ्ना मानिसहरूका निम्ति प्रार्थना गरेका थिए: *'तिनीहरूको पाप क्षमा गर्नुहोस्; तर हुँदैन भने, म विन्ती गर्दछु, बरु मेरो नाम तपाईंले लेख्नुभएको आफ्नो पुस्तकबाट मेटिदिनुहोस्'* (प्रस्थान ३२:३२)।

**रोमी ९:४:** पावलले आफ्नो इस्राएली जातिका निम्ति रुँदै-रुँदै विलाप गरेका छन्; यसो गर्दा उनको सम्झना बितेको समयमा तिनीहरूको एक-एक महिमित सौभाग्यमाथि परेको छ। तिनीहरू इस्राएलीहरू हुन्; यसर्थ तिनीहरू परमप्रभु परमेश्वरको चुनिएको धेरै पुरानो जातिका वंश हुन्।

प्रस्थान ४:२२ पदअनुसार परमेश्वरले तिनीहरूलाई आफ्नो छोरा ठानेर तिनीहरूलाई पुत्रको स्थान दिनुभयो। उहाँले आफ्नो प्रजालाई मिस्र देशको दासत्वबाट छुटकारा दिनुभयो (होशे ११:१)। उहाँ इस्राएलीहरूका पिता हुनुहुन्थ्यो; तिनीहरू परमप्रभु आफ्ना परमेश्वरका साख सन्तान हुन्थे (व्यवस्था १४:१)। तिनीहरूको धर्मपुत्र हुने हक यस प्रकारको थियो। यर्मिया ३१:९ पदमा यसो लेखिएको छः *'... किनकि म इस्राएलको पिता हुँ, अनि एप्रैमचाहिँ मेरो जेठा छोरा हो।'* यहाँ, यस बाइबल पदमा एप्रैमचाहिँ इस्राएली जातिको अर्को नामको रूपमा प्रयोग गरिएको छ।

हिब्रू भाषामा 'शेकिना' नाम गरेको त्यो महिमित बादलको खाँबाले इस्राएलीहरूको बीचमा परमेश्वरको उपस्थिति छ भन्ने कुरा सङ्केतको रूपमा देखाउँथ्यो; किनभने यही बादलको खाँबामा भईकन परमप्रभु परमेश्वरले तिनीहरूलाई मिस्र देशदेखि लिएर कनान देशसम्म सम्पूर्ण यात्राभरि अगुवाइ गर्नुहुन्थ्यो र सुरक्षित राख्नुहुन्थ्यो।

परमेश्वरले अन्यजातिहरूसँग होइन, तर इस्राएली जातिसँग विभिन्न करारहरू बाँध्नुभयो। उदाहरणका निम्ति, मिस्रको नदीदेखि लिएर यूफ्रेटिस, त्यस महानदीसम्मको कनान देश दिन्छु भन्ने करार उहाँले तिनीहरूसँग बाँध्नुभयो (उत्पत्ति १५:१८)। यसैले इस्राएलीहरूसँग बाँधिएको त्यस करारको नाम 'कनानी करार' भनिन्छ। अनि तिनीहरूसँग 'त्यो नयाँ करार' बाँध्नु बाँकी रहेको छ (यर्मिया ३१:३१-४०); भविष्यमा परमेश्वरले पश्चात्ताप गर्ने इस्राएलीहरूसँग एउटा नयाँ करार स्थापित गर्नुहुनेछ।[35]

मोशाको व्यवस्थाचाहिँ इस्राएलीहरूलाई नै दिइयो। तिनीहरूले त्यो व्यवस्था पाएका थिए; त्यो व्यवस्था अरू कसैको पेवा होइन, तर तिनीहरूकै मात्र भयो।

पहिले भेट हुने पालको समयमा र पछि परमप्रभुको भवनमा परमेश्वरको सेवाको सम्बन्धमा पूजाहारीगिरीको साथसाथै तिनीहरूलाई विभिन्न पवित्र विधिहरू र नियमहरू सुम्पिए ।

इस्राएलीहरूसित बाँध्नुभएका विभिन्न कराहरूको साथमा परमेश्वरले तिनीहरूलाई रक्षा गर्ने, तिनीहरूलाई शान्ति दिने र तिनीहरूको समृद्धि गरिदिने आदि आशिषहरूका प्रतिज्ञाहरू गर्नुभयो ।

**रोमी ९:५:** पुर्खाहरू पनि तिनीहरूकै हुन्; अब्राहाम, इसहाक, याकूब र याकूबका बाह्रजना छोराहरूलाई तिनीहरूले आफ्नै पितापुर्खा भन्नु ठिक्कै पनि हो; किनकि यिनीहरूचाहिँ इस्राएली जातिका पूर्वज हुन् । अनि के हामी तिनीहरूको सबैभन्दा ठूलो सौभाग्यचाहिँ भनौं ? वंशागत दृष्टिले हेर्नु हो भने मसीह येशूचाहिँ यहूदी हुनुहुन्थ्यो; ब्रह्माण्डका सर्वोच्च सर्वाधिकारी मालिक स्वयम् हुनुभएको नाताले येशू ख्रीष्टचाहिँ सदा-सर्वदा परमधन्य परमेश्वर हुनुहुन्छ । के तपाईंले ख्याल गर्नुभयो ? यहाँ, यस ठाउँमा पावलका शब्दहरूमा मुक्तिदाता प्रभुचाहिँ परमेश्वर र मानिस हुनुहुन्थ्यो भन्ने पक्का गवाही छ ।[36)]

**रोमी ९:६:** प्रेरित पावलले यहाँ धर्मविज्ञानको दृष्टिमा एउटा सम्भीर समस्या बनेको कुराभित्र प्रवेश गर्छन् । यस पृथ्वीमा परमेश्वरले चुन्नुभएको यस एकमात्र जातिलाई अर्थात् इस्राएलका सन्तानहरूलाई धेरै पुरानो समयअघिदेखि नै गर्नुभएका कबुलका वचनरूपी प्रतिज्ञाहरूको विषयमा केकसो ? वर्तमान समयमा इस्राएलीहरूलाई त्यागिएको अवस्था र तिनीहरूको बदलीमा अन्यजातिका मानिसहरू पहिले इस्राएलीहरूलाई मात्र हुने आशिषको स्थानमा राखिएको कुरा इस्राएलीहरूलाई दिइएका ती दिव्य प्रतिज्ञाहरूसित कसरी मिलाउन सकिन्छ त ? यसो हुँदा परमेश्वरको पक्षबाट कुनै कबुल भङ्ग भएकै छैन ? पावलले यस कुरामा प्रतिज्ञा भङ्ग भएको कुनै लक्षण देख्न सक्दैनन्, यहाँ कुनै प्रतिज्ञा भङ्ग भएकै छैन भन्छन् । किनभने उनले आफ्नो तर्क सिद्ध र साबित गर्नलाई के देखाउँछन् भने, परमेश्वरले सधैं प्रतिज्ञाको आधारमा आफ्नो सर्वाधिकारअनुसार कसै-कसैलाई छान्नुभएको हो, वंशको नाताले होइन । यहूदी भएर जन्मिएकोमा, केवल यहूदी भएको नाताले कुनै पनि मानिस परमेश्वरका

प्रतिज्ञाहरूको हकदार हुन्छ भन्न मिल्दैन। इस्राएली जातिअन्तर्गत परमेश्वरका चुनिएका जनहरू छन्, जो तिनीहरूको बाँकी भागरूपी उहाँका सच्चा विश्वासीहरू हुन्।

**रोमी ९:७:** अब्राहामको वंशका हुनेहरू सबै उनका खास सन्तान गनिँदैनन्। उदाहरणका निम्ति, इश्माएलचाहिँ अब्राहामको वंशअन्तर्गत ता थियो, तर प्रतिज्ञाको अनुक्रमचाहिँ इसहाक हुँदै गएको हो, इश्माएल हुँदै गएको होइन। परमेश्वरको प्रतिज्ञा यस प्रकारको थियोः 'इसहाकमै तिम्रो वंशको नाम लिइनेछ' (उत्पत्ति २१:१२)।

रोमी ४:१२ पदको टिप्पणी गर्दाखेरि हामीले भनिसक्यौंः ध्यानमा राख्नुहोस्! प्रभु येशूले यूहन्ना ८:३३-३९ पदको खण्डमा यही भिन्नता कायम राख्नुभयो, जब उहाँले आफूमाथि विश्वास नगर्ने यहूदीहरूसँग कुरा गर्नुभयो। त्यस बेला तिनीहरूले उहाँलाई भनेः 'हामी ता अब्राहामका सन्तान हौं' (यूहन्ना ८:३३)। यो कुरा प्रभु येशूले मान्नुभयो; यसैले उहाँले भन्नुभयोः 'म जान्दछु, तिमीहरू अब्राहामको वंश हौ' (यूहन्ना ८:३७)। तर जब तिनीहरूले 'अब्राहाम हाम्रा पिता हुनुहुन्छ' भन्ने कुरामा जोड़ गरे, तब प्रभु येशूले तिनीहरूलाई यसरी जवाफ दिनुभयोः 'तिमीहरू अब्राहामका छोराछोरीहरू हुँदा हौ ता तिमीहरूले अब्राहामकै कामहरू गर्नेथियौ' (यूहन्ना ८:३९)। अर्को शब्दमा भन्नु हो भने, यी यहूदीहरू अब्राहामको वंशका मानिसहरू थिए, तर तिनीहरूमा अब्राहामको विश्वासचाहिँ थिएन; यसैकारण तिनीहरू उनका आत्मिक सन्तानहरू थिएनन्।

**रोमी ९:८:** अब्राहामको शारीरिक सन्तान परमेश्वरको सन्तान गनिँदैन। वास्तविक इस्राएलीहरूचाहिँ यिनीहरू हुन्, जसलाई परमेश्वरले यहूदीहरूको बीचबाट छान्नुभयो; यिनीहरूलाई उहाँले विशेष प्रतिज्ञाहरू दिनुभयो। उहाँले यिनीहरूलाई आफ्ना सन्तानहरू ठहराउनुभयो। चुनाउमा परमेश्वरको सर्वाधिकारले कस्तो काम गर्दो रहेछ, सो हामी अब इसहाक र याकूबका जीवनहरूमा देख्दछौं।

**रोमी ९:९:** परमेश्वर अब्राहामकहाँ देखा पर्नुभयो, र उनलाई यसो भनेर प्रतिज्ञा गर्नुभयोः 'यस निर्धारित समयमा म आउनेछु, र साराको

एउटा छोरा हुनेछ'। अनि त्यो छोरा इसहाक थियो। निश्चय नै ऊ त्यो प्रतिज्ञा गरिएको सन्तान थियो, जसको जन्म एउटा अलौकिक जन्म थियो।

**रोमी ९:१०ः** याकूबको चुनाउमा पनि परमेश्‍वरको सर्वाधिकारको हात छ। इसहाक र रिबेक्का बुवाआमा हुन लागेका थिए; किनभने रिबेक्काको गर्भमा जुम्ल्याहा थिए।

**रोमी ९:११ः** तर ती छोराहरूको जन्म हुनुभन्दा अगाड़ि नै तिनीहरूको विषयमा परमेश्‍वरले यस्तो घोषणा गर्नुभयोः 'जेठाले कान्छाको सेवा गर्नेछ' (रोमी ९:१२)। तब कुरा स्पष्ट छः यी दुईजना बालकहरूमध्ये न जेठाले न कान्छाले यस्तो कुनै काम गरेका हुन्, जससित यस घोषणाको केही सरोकार थियो। त्यो निर्णय त बिलकुलै परमेश्‍वरको रोजाइमा भर परेको थियो; त्यो चुनाउचाहिँ परमेश्‍वरको स्वतन्त्र इच्छामा आधारित थियो, मानिसहरूको गुण, चरित्र, कोशिश वा कर्ममा होइन। 'परमेश्‍वरको मनसायचाहिँ चुनाउअनुसार स्थिर रहोस्' भन्ने वाक्यको अर्थ यस प्रकारको छः कस-कसलाई निगाह देखाउने र कस-कसलाई निगाह नदेखाउने परमेश्‍वरको निर्णयचाहिँ हामीले उही सर्वाधिकारीको इच्छा र अभिप्रायभित्र छोड्नुपर्छ।

संयोगवश यस पदले परमेश्‍वरले याकूबलाई छान्नुभएको निर्णयचाहिँ याकूबले के-के काम गर्ने हो, यी सबै कुराहरू अघिबाट जान्नुहुने परमेश्‍वरको पूर्वज्ञानमा आधारित थियो भन्ने गलत विचार भूट हो भनी साबित गर्दो रहेछ; किनभने यहाँ यस पदमा स्पष्टसँग भनिएको छः यो दिव्य चुनाउचाहिँ कसैका कामहरूमाथि आधारित निर्णय थिएन।

**रोमी ९:१२ः** यस सन्दर्भमा परमेश्‍वरको निर्णय के थियो ? जेठाले कान्छाको सेवा गरोस् ! यसर्थ याकूबको जीवनमा एसावचाहिँ सहायकको भूमिका खेल्यो। यहाँको ईश्‍वरीय निर्णयचाहिँ अनन्त जीवनको सम्बन्धमा गरिने निर्णय थिएन, तर त्यसमा यस संसारमा तिनीहरूमा महिमा र सौभाग्य भिन्न-भिन्नै हुने सवाल मात्र थियो। ती जुम्ल्याहा दाजुभाइमा एसावचाहिँ जेठा थियो; अनि जेठा भएको नाताले जेष्ठ अधिकार आदि

कुरामा सम्मान र सौभाग्यहरू उसकै हुनेथिए। तर परमेश्वरको चुनाउ अर्को भयोः उहाँले एसावलाई छोड़ेर याकूबलाई छान्नुभयो।

**रोमी ९ः१३ः** पदमा प्रेरित पावलले चुनाउमा परमेश्वरको सर्वाअधिकार छ भन्ने कुरा अझ पुष्टि गर्नलाई मलाकी १ः२-३ पदको खण्ड उद्धृत गर्छन्ः 'मैले याकूबलाई प्रेम गरें, तर एसावलाई चाहिँ मैले घृणा गरें।' यस खण्डमा परमेश्वरले दुईवटा जाति, इस्राएलीहरू र एदोमीहरूको विषयमा कुरा गर्नुभयो। याकूब र एसावचाहिँ ती दुई जातिहरूका प्रतिनिधि गर्ने शिर वा मूलपुरुष हुन्। परमप्रभु परमेश्वरले इस्राएली जातिलाई छान्नुभयो; तिनीहरूलाई नै उहाँले मसीहको प्रतिज्ञा गर्नुभयो; मसीहको राज्य तिनीहरूकै भयो। तर एदोमीहरूले यस प्रकारको कुनै प्रतिज्ञा पाएनन्। होइन, आशिष पाउनुको सट्टामा एदोमचाहिँ उजाड़ भयो; त्यसका पहाड़हरू र त्यसको अधिकारको भाग उजाड़स्थानका स्यालहरूका निम्ति भएछन् (मलाकी १ः३; यर्मिया ४९ः१७-१८ र इजकिएल ३५ः६)।

मलाकी १ः२-३ पदले परमेश्वर कसरी दुईवटा जातिहरूसित बेग्ला-बेग्लै व्यवहार गर्नुभएको कुरा बयान गरेको छ। त्यसो भए पनि पावलले यस खण्डबाट व्यक्ति-व्यक्तिलाई छान्ने काममा पनि परमेश्वरको सर्वाधिकार छ भन्ने कुरा देखाउन प्रयोग गरेका छन्।

'मैले याकूबलाई प्रेम गरें, तर एसावलाई चाहिँ मैले घृणा गरें' भन्ने वाक्य हामीले यसको सन्दर्भमा बुझ्नुपर्छ। परमेश्वरको घोषणा यस प्रकारको थियोः 'जेठाले कान्छाको सेवा गर्नेछ।' यो परमेश्वरको सर्वाधिकारी निर्णय थियो। याकूबलाई छान्ने निर्णय प्रेमको थियो भने यसको तुलनामा एसावलाई छोड़िदिने निधो घृणाको गनियो। परमेश्वरले एसावलाई घृणा गर्नुभएको कुरा हामीले गतल सम्झनुहुँदैन। एसावप्रति उहाँको यो 'घृणा' निर्दय वैरभावले युक्त थिएन। उहाँले एसावलाई याकूबलाई भन्दा केही मात्रामा कम प्रेम गर्नुभएको हो, अनि यो कुरा उहाँले आफ्नो स्वतन्त्र इच्छाअनुसार याकूबलाई छान्नुहुँदा देखाउनुभयो।

यस खण्डले अनन्त जीवनको कुरा पनि गर्दैन, तर सांसारिक आशिषहरूको मात्र कुरा गर्दछ। यसैले यस सम्बन्धमा यति बुझ्ने कोशिश

गरौं: परमेश्वरले एसावलाई घृणा गर्नुभएको मतलबचाहिँ कुनै एदोमी मानिसका निम्ति मुक्ति पाउनु असम्भव छ भन्ने होइन है; अनि परमेश्वरले याकूबलाई प्रेम गर्नुभएको मतलब कुनै यहूदी मानिसले विश्वास गर्नुपर्दैन, उसले मुक्ति पाउनुपर्दैन भन्ने पनि होइन नि। अनि याद गरौं, उत्पत्ति ३३ः९ पदमा एसाव स्वयम्ले 'मसँग प्रशस्तै छन्' भनेर आफ्नो विषयमा भौतिक आशिषहरू पाएको साक्षी दिन्छन्।

**रोमी ९ः१४ः** प्रेरित पावललाई निश्चित थाहा थियो, दिव्य चुनाउमा परमेश्वरको सर्वाधिकार छ भन्ने सम्बन्धमा उनले यहाँ प्रस्तुत गरेको शिक्षाले किसिम-किसिमका विवादहरू उब्जाउनेछ। आजको दिनसम्म मानिसहरूले परमेश्वरमा दोष भेट्टाइरहेकै हुन्छन्। उहाँले कसैलाई छान्नुहुँदा पक्का पनि उहाँको अन्याय हुनुपर्छ अरे; किनभने यसो गर्दाखेरि उहाँले नछानिएका अरू सबैलाई नाश गर्नुहुने भयो भन्ने धारणा मानिसहरूको बीचमा व्यापक छ। तिनीहरूको विचारमा, परमेश्वरले सबै कुराहरू अघिबाट तय गरिसक्नुभयो; यसैले मानिसले यसको विषयमा केही पनि गर्न वा बदल्न सक्दैन। तब परमेश्वरले मानिसमा अझ के दोष पाउनुहुन्छ? यो त ठूलो अन्याय हो। तर परमेश्वरमा कुनै अन्याय वा अधर्म हुनै सक्दैन।

परमेश्वरमा कुनै अधर्म कदापि हुँदैन भनेर पावलले यस्तो गलत विचार पूरा रद्द गरेका छन्, यसको सम्भावना पूरा अस्वीकार गरेका छन्। परमेश्वरको सर्वाधिकारको विषयमा दिइएको उनको यो शिक्षा खण्डन गर्ने प्रतिवादीहरूलाई उनले खुशी पार्न सकेनन्; उनले यो शिक्षा फ्यात्लो पारेनन्। तर यस सम्बन्धमा अघि बढ्दै गर्दा उनले अझ जोड़को साथ, यसबाट अलिकति पनि पछि नहटीकन आफ्नो शिक्षा मण्डन गर्दछन्।

**रोमी ९ः१५ः** प्रेरित पावलले प्रस्थान ३३ः१९ पद उद्धृत गर्छन्, जहाँ परमेश्वरले मोशासँग यसो बोल्नुभयो: *'जसलाई म कृपा गर्न चाहन्छु, उसैलाई म कृपा गर्नेछु; जसलाई म दया देखाउन चाहन्छु, उसैलाई म दया देखाउनेछु।'* स्वर्ग र पृथ्वीका मालिक, परमप्रधान परमेश्वरसँग कृपा गर्ने र दया देखाउने अधिकार छैन भन्ने मानिस को होला?

सबै मानिसहरू त आफ्नै पाप र आफ्नै अविश्वासले गर्दा दोषी भइसकेका छन्। तिनीहरूलाई त्यत्तिकै छोड़िए तिनीहरू सबै नष्ट हुने नै छन्। परमेश्वरले सबै मानिसहरूलाई ख्रीष्टको सुसमाचारद्वारा साँचो प्रकारले आफूसँग मेलमिलाप राख्ने र प्रभु येशूमाथि विश्वास गरेर सित्तैंमा मुक्ति पाउने निम्तो दिनुहुन्छ; यसो गर्नुको साथै उहाँले कति मानिसहरूलाई आफ्नो अनुग्रहका विशेष पात्रको रूपमा छान्नुहुन्छ। तर उहाँले मनपरी गरेर अरू सबै मानिसहरूलाई नष्ट हुन चुन्नुभएको यसको मतलब कदाचित होइन। तिनीहरू त अघिबाटै दण्डका योग्य भइसके; किनकि तिनीहरू जीवनभरि पाप गर्दै आउने मानिहरू हुन्, जसले अब सुसमाचारको निम्तो समेत अस्वीकार गर्दछन्। चुनिएकाहरू जति छन्, उनीहरू सबैले परमेश्वरलाई उहाँको अपार अनुग्रहका निम्ति धन्यवाद चढ़ाउनु सिवाय अरू केही पनि गर्न सक्दैनन्। अनि जतिजना नष्ट हुनेछन्, तिनीहरूले आफूलाई बाहेक अरू कसैलाई पनि दोष लगाउन सक्नेछैनन्।

**रोमी ९:१६:** तब यस पदमा प्रेरित पावल यस प्रकारको निष्कर्षमा पुग्छन्: व्यक्ति-व्यक्तिको वा जाति-जातिको आखिर अनन्त भाग्यरूपी अवस्था तिनीहरूको इच्छाको शक्तिमा निर्भर रहँदैन, न ता त्यो तिनीहरूको प्रयासको फल हो, तर त्यो त परमेश्वरको निगाहमा भर पर्दछ।

जब पावलले 'यो कुरा न ता इच्छा गर्नेको' भन्दछन्, तब उनले मुक्ति पाउने सम्बन्धमा मानिसको इच्छा चाहिँदैन, मानिसले आफ्नो इच्छा चलाउनुपर्दैन भन्न खोजेका होइनन्। किनकि कुरा स्पष्ट छः मानिसलाई सुसमाचाररूपी परमेश्वरको निम्तो दिँदा मानिसले मुक्ति पाउने इच्छा गर्नुपर्छ, जस्तै प्रकाश २२:१७ पदले भन्दछः *'जो तिर्खाउँछ, ऊ आओस्! अनि जसले चाहन्छ, उसैले जीवनको पानी सित्तैंमा लेओस्!'* अनि प्रभु येशूले चाहिँ उहाँमाथि विश्वास नगर्ने यहूदीहरूलाई *'अनि जीवन पाउनलाई तिमीहरू मकहाँ आउन **इच्छुक छैनौ**'* भन्ने भूलदोष देखाइदिनुभयो (यूहन्ना ५:४०)। अनि रोमी ९:१६ पदमा जब पावलले 'न ता दौड़ादौड़ी गर्नेको' भन्दछन्, तब उनले साँघुरो ढोकाबाट भित्र पस्ने प्रयत्न गर्नुपर्दैन भनेका छैनन् (लूका १३:२४)। उनले प्रभुको यही वचन

काट्न खोजेका छैनन्। कुनै हदसम्म मानिसमा आत्मिक कुराको सम्बन्धमा गम्भीरता, उत्साह, रुचि र चाहना हुनैपर्छ। तर मानिसको इच्छा र मानिसको दौड़धूपको स्थान प्रथम होइन; ती निर्धारण गर्ने कारणहरू पनि होइन; किनभने मुक्ति परमप्रभुबाट आउँछ। यस सम्बन्धमा श्री जी. सी. मोर्गनले यसो भन्दछन्: 'हामीलाई अति आवश्चयक परेको मुक्ति हामीले इच्छा गरेर र दौड़ेर पाउने होइनौं; न इच्छा गरेर न दौड़ेर हामी मुक्तिअन्तर्गत भएका आशिषहरूमा सम्भागी हुन सक्छौं। ... किनभने हामीमा आफैआफ मुक्ति पाउने इच्छा हुँदैन र मुक्ति पाउनलाई हामी प्रयत्न गर्दैनौं। मानिसले मुक्ति पाउनु हो भने त्यसको शुरुचाहिँ परमेश्वरबाट हुनुपर्छ।'[37]

**रोमी ९:१७:** परमेश्वरको सर्वाधिकारचाहिँ कसै-कसैलाई कृपा देखाएकोमा मात्र होइन, तर कसै-कसैको हृदय कठोर पारेकोमा पनि देखिन्छ। रोमी ९:१७ पदमा फाराओचाहिँ हृदय कठोर पारिएको उदाहरण हुन्।

मिस्र देशका राजा तिनको जन्मदेखि विनाशका निम्ति ठहराइएको कुरा सोच्नलाई कुनै ठावै छैन यहाँ। खास के भएको थियो भने, फाराओ प्रौढ़ भएको समयमा तिनी दुष्ट बने; तिनी निर्दय र केवल आफ्नो हठमा मात्र चल्ने भए। तिनलाई गम्भीरभन्दा गम्भीर चेताउनीहरू दिए ता पनि तिनले आफ्नो हृदय कठोर पारे र झन् कठोर पारिदिए। परमेश्वरले तिनलाई तत्कालै नष्ट गर्न सक्नुहुनेथियो, तर उहाँले यसो गर्नुभएन। होइन, परमेश्वरले तिनलाई यस हेतुले अझै जीवित राख्नुभयो, कि परमेश्वरले आफ्नो सामर्थ्य तिनमा प्रकट गरिदिऊन् र तिनको खातिर सारा पृथ्वीभरि उहाँको नाम प्रचारिओस्।

**रोमी ९:१८:** फाराओले घरिघरि आफ्नो हृदय कठोर पार्दथिए; तिनले आफ्नो हृदय जतिपल्ट कठोर पारेका थिए, त्यत्ति पल्ट परमेश्वरले यस प्रकारको हठीपनाको प्रतिक्रियामा दण्डस्वरूप तिनको हृदय झन् कठोर पारिदिनुभयो। बरफको जमेको पानी पगालिदिने उही घामले चिम्टे माटो कड़ा र अति चाम्रो पारिदिन्छ। कपड़ाबाट रङ उड़ाउने उही घामले हाम्रो छाला डढ़ाइदिन्छ, कालो बनाइदिन्छ। चूर्ण हृदय भएका

मानिसहरूलाई कृपा देखाउने उही परमेश्वरले पश्चात्ताप गर्न नचाहने मानिसहरूको हृदय कठोर पार्नुहुन्छ। परमेश्वरको अनुग्रह अस्वीकार गर्ने मानिस परमेश्वरको अनुग्रहदेखि वञ्चित हुन्छ-हुन्छ।

जसकसैलाई परमेश्वरले दया देखाउन चाहनुहुन्छ, उसैलाई दया देखाउन परमेश्वरको अधिकार छ। जसकसैलाई उहाँले कठोर पार्न चाहनुहुन्छ, उसैलाई कठोर पार्ने अधिकार पनि उहाँसँग छ। तर मानिससँग यस्तो व्यवहार गर्नुहुनेचाहिँ परमेश्वर स्वयम् हुनुहुन्छ; यसैले उहाँ कहिल्यै बेठीक काम गर्नुहुन्न, कहिल्यै अन्याय गर्न सक्नुहुन्न।

**रोमी ९:१९:** परमेश्वरलाई जे इच्छा लाग्छ, उहाँ त्यही गर्न सक्नुहुन्छ; यसो गर्नु उहाँको अधिकार छ भन्ने पावलको ठोकुवाले फेरि पनि अर्को प्रतिवाद उठ्न ठाउँ दिँदछः 'यसो हो भने, उहाँ मानिसमा अझ किन दोष खोजिरहनुहुन्छ? किनकि उहाँको इच्छा कसले विरोध गर्न वा सामना गर्न सक्दछ? यो त असम्भव नै छ।' पावलको शिक्षामा आफ्नो आपत्ति जनाउने मानिसका निम्ति त, परमेश्वरले मानिससँग बुद्धिचालको खेल खेल्नुभएको जस्तै छ, जसमा मानिसचाहिँ एक असहाय पैदल मात्र हो; किनभने जेजस्तो गर्दा पनि त्यसले आफ्नो भाग्य बदल्न सक्दैन अरे।

**रोमी ९:२०:** पहिले प्रेरित पावलले यस प्रकारको ढिठपनालाई हप्की दिँदछन्। के सृष्टि गरिएको कुनै प्राणीले आफ्ना सृष्टिकर्तालाई कुनै दोष देखाउने आँट गर्ला? यो कत्रो दुःसाहस हो!! एउटा हर हिसाब र हर दृष्टिकोणले कमजोर, मरणशील मानिसले परमेश्वरलाई ओठेजवाफ दिनु कसरी? यो त पापले पूर्ण, खास कुराको विषयमा बिलकुल अनजान रहेको दुर्बल मानिसको नचाहिँदो काम हो। तब कसरी त्यसले मानिससितको परमेश्वरको व्यवहारमा उहाँको बुद्धि नपुगेको वा उहाँको अन्याय भएको शङ्का प्रकट गर्न सक्छ?

**रोमी ९:२१:** पावलले परमेश्वरको सर्वाधिकार छ भन्ने कुरा न्यायसँगत हो, सो प्रमाणित गर्न माटोसित कुमालेको व्यवहार उदाहरणको रूपमा दिन्छन्। हाम्रो सामु निम्न दृश्य छः कुमाले आफ्नो काम गर्ने कार्यशालामा आएर भुइँमा निराकार माटोको ढिको देख्छ। उसले त्यस ढिकोबाट केही भाग आफ्नो हातमा लिएर आफ्नो चक्कामा हाल्छ, र

आफ्नो हातको सीपअनुसार एउटा अति सुन्दर भाँड़ो बनाउँछ। के यसो गर्न कुमालेको अधिकार छ?

यस दृष्टान्तमा परमेश्वर त्यो कुमाले हुनुहुन्छ; अनि ढिकोचाहिँ पापी मानव-जातिका सबै मानिसहरू हुन्। परमेश्वररूपी कुमालेले त्यस मानव-जातिरूपी ढिकोलाई त्यत्तिकै छोड़िराख्नुभएको भए सबै मानिसहरू ढल्लै नरकमा जाने भए। तर परमेश्वरले हामी मानिसहरूलाई छोड्नुभएन; उहाँ सबै मानिसहरूलाई ख्रीष्टको सुसमाचार सुनाएर तिनीहरूलाई आफूसित मेलमिलाप राख्ने साँचो निम्तो र इमानदारपूर्वक तिनीहरूलाई प्रभु येशूमाथि विश्वास गर्ने उचित मौका दिनुहुन्छ। जब मानिसहरूले उहाँको यो निम्तो अस्वीकार गर्छन्, तब कसो? अनि जब उहाँले आफ्नो सर्वाधिकारमा तिनीहरूमध्ये कसै-कसैलाई छान्नुहुन्छ, उनीहरूलाई आफ्नो अनुग्रहमा मुक्ति दिनुहुन्छ र उनीहरूलाई आफ्ना एकमात्र पुत्र येशूको रूपमा बदल्नुहुन्छ, तब के? के उहाँसँग यसो गर्ने अधिकार छैन र? अनि याद गर्नुहोस्! अधिनायकले यहाँ आफ्नो अधिकार बेप्रयोग गरेर बाँकी मानिसहरूमध्ये कसैलाई पनि विनाकारण नरकको योग्य ठहराउनुहुन्न। अघिबाटै सब मानिसहरू विनाशका योग्य भइसके; किनकि आफ्नो हठमा चलेर तिनीहरूले जानीबुझी मुक्तिको सुसामाचार अस्वीकार गरे।

त्यस ढिकोको केही माटो लिएर एउटा आदरको भाँड़ो रच्ने र त्यस ढिकोको अर्को भागबाट एउटा अनादरको भाँड़ो रच्ने परमेश्वरको सर्वस्व अधिकार छ। सबै मानिसहरू अयोग्य भइसके; यस अवस्थामा उहाँले आफ्ना आशिषहरू आफूले चाहनुभएका मानिसहरूमाथि बर्साउन सक्नुहुन्छ, र आफूले इच्छा नगर्नुभएका मानिसहरूमाथि आशिष नबर्साउन सक्नुहुन्छ।[38)]

**रोमी ९:२२:** यस पदमा आएर प्रेरित पावलले हाम्रो सामु परमेश्वरलाई, ती महान् कुमालेलाई मानौं के गरूँ, कसो गरूँ भनेर दोधारमा पर्नुभएको एउटा भाषिक रूप दिँदछन्। एक त, परमेश्वरलाई पापको विरुद्ध आफ्नो क्रोध प्रकट गरेर आफ्नो शक्ति देखाउने इच्छा छ, तर अर्कोपट्टि उहाँले ती क्रोधका भाँड़ाहरूप्रति आफ्नो धीरज देखाउन

चाहनुहुन्छ। यहाँ पापप्रति क्रोध देखाउन खोज्ने परमेश्वरको धर्ममय प्रचण्डता र पापी मानिसहरूप्रति दया देखाउन खोज्ने उहाँको सहन-शीलताको बीचमा निक्कै समस्या भएको देखा पर्दछ। खास कुरा यस्तै छः परमेश्वरले दुष्ट मानिसहरूलाई तत्कालै तिनीहरूका पापहरूमा नष्ट गर्न सक्नुहुन्छ; यसमा परमेश्वरको कुनै गल्ती हुनेथिएन। तर उहाँले दण्ड नदई बरु त्यसको सट्टामा ठूलो धैर्य देखाएर दुष्ट मानिसहरूलाई खूबै सहनुहुन्छ भने कसले यसो गरेकोमा परमेश्वरसँग कुनै दोष पाउन सक्छ?

*'विनाशका निम्ति बनाइएका क्रोधका भाँड़ाहरू'* भन्ने वाक्यमा हामीले ध्यान दिनुपर्छ। यी 'क्रोधका भाँड़ाहरू' ती मानिसहरू हुन्, जसले आफ्ना पापकर्महरूद्वारा आफूलाई परमेश्वरको क्रोधका योग्य तुल्याउँछन्; अनि तिनीहरू कसरी 'विनाशका निम्ति ठहराइएका' भए? यो ता तिनीहरूको पाप, अविश्वास र अनाज्ञाकारिता, अँ, तिनीहरूको विद्रोहको फल हो; तिनीहरू एउटा अधिनायकरूपी परमेश्वरको पूर्वफैसलाद्वारा अघिबाटै यसो ठहराइएका होइनन्।

**रोमी ९:२३:** परमेश्वरले कति मानिसहरूलाई आफ्नो दया देखाउने इच्छा गर्नुहुन्छ र तिनीहरूलाई नै आफ्नो महिमाको धन देखाउन चाहनुहुन्छ। यसमा के दोष छ? अनि जब उहाँले ती मानिसहरूलाई अनन्त महिमाका निम्ति पहिलेदेखि तयार पार्नुभएको थियो भने त के? यस सम्बन्धमा सी. आर. एर्डम्यान्ले यसो भन्दछन्: 'परमेश्वरले कहिल्यै आफ्नो स्वतन्त्र इच्छा मुक्ति पाउनुपर्ने मानिसहरूलाई दोषी ठहराउने काममा प्रयोग गर्नुहुन्न; यसको ठीक उल्टो भएको छः उहाँले आफ्नो स्वतन्त्र इच्छा नाश हुनुपर्ने मानिसहरूलाई मुक्ति दिने काममा पो चलाउनुभएको छ।'[39]

परमेश्वरले कुनै क्रोधको भाँड़ा विनाशका निम्ति तयार पार्नुहुन्न, तर उहाँले दयाका भाँड़ाहरू पो महिमाका निम्ति तयार पार्नुहुन्छ।

**रोमी ९:२४:** परमेश्वरका दयाका पात्रहरू को हुन् त? रोमी ९:२४ पदमा प्रेरित पावलले के भन्छन् भने, यी दयाका पात्रहरू हामी ख्रीष्ट-विश्वासीहरू हौं, जतिजनालाई परमेश्वरले यहूदी र अन्यजातीय पृष्ठभूमिबाट बोलाउनुभयो। यस भनाइले अबदेखि प्रस्तुत गरिन लागेका

विषयहरूका निम्ति जग बसाल्दछ । यहूदी जातिको बाँकी रहेको भागरूपी मानिसहरूलाई बाहेक अरू सबैलाई किन पन्छाइन्छ, र अन्यजातिका मानिसहरू किन त्यस सौभाग्यशाली स्थानमा उठाइन्छन् ? अब हामी यसका उत्तरहरू पाउँदैछौं ।

**रोमी ९ः२५ः** प्रेरित पावलले होशेको पुस्तकबाट दुईवटा खण्ड उद्धृत गर्दछन्; किनकि यसो विचार गर्दा अन्यजातिका मानिसहरूको बोलावट हुन्छ भन्ने कुरामा यहूदीहरूलाई अचम्म नलाग्नुपर्नेथियो । उद्धृत गरिएको पहिलो खण्ड होशे २ः२३ पद हो, जहाँ यस्तो लेखिएको छः *'उनीहरू जो मेरो प्रजा थिएनन्, उनीहरूलाई म मेरो प्रजा भन्नेछु; ऊ जो मेरो प्रिया थिइन, उसलाई म प्रिया भन्नेछु ।'* अब यस पदको खास सन्दर्भचाहिँ अन्यजातिहरू होइनन्, तर ती इस्राएलीहरू हुन्, र भविष्यमा हुन आउने त्यो समय हो, जब ती इस्राएलीहरू परमेश्वरको निज प्रजा र परमप्रभुकी प्रिया प्रेमिकाको रूपमा पुनर्स्थापित हुनेछन् । तर प्रेरित पावलले रोमीहरूलाई लेखिएको पत्रमा यो पद यहाँ उद्धृत गर्दा उनले यसको सन्दर्भ अन्यजातिका मानिसहरूको बोलावटसित जोड्छन् । यहाँ अर्थमा यस प्रकारको मौलिक भिन्नता भेट्टाउने अधिकार पावलले कहाँबाट पाए त ? यसको उत्तर हामी यसरी दिन्छौंः होशेको पुस्तकका शब्दहरू प्रेरणा दिनुहुने पवित्र आत्मासँग पछि कुनै समयमा यी शब्दहरू अर्को अर्थमा प्रयोग गरिदिने अधिकार छ ।

**रोमी ९ः२६ः** होशेको पुस्तकबाट दोस्रो पद पनि उद्धृत गरिएको छ, जो होशे १ः१० पद हो । 'अनि यस्तो हुनेछः जुन ठाउँमा उनीहरूलाई "तिमीहरू मेरो प्रजा होइनौ" भनिएको थियो, त्यही ठाउँमा उनीहरूलाई "जीवित परमेश्वरका छोराछोरीहरू" भनिनेछ ।' पुरानो नियमको सन्दर्भमा हेर्नु हो भने यस पदमा फेरि पनि अन्यजातिहरूको विषयमा कुरा गरिएको त छैन । यसको भूमिकाचाहिँ इस्राएली जाति कसरी भविष्यमा परमेश्वरको निगाहको स्थानमा पुनर्स्थापित हुने हो । तर रोमी ९ः२६ पदमा पावलले होशेको यो कुरा लिएर परमेश्वरले अन्यजातिका मानिसहरूलाई आफ्ना सन्तानको रूपमा स्वीकार गर्नुभएकै अर्को सन्दर्भमा प्रयोग गर्दछन् । जब पवित्र आत्माले पुरानो नियमका पदहरू नयाँ नियमको

पुस्तकमा उद्धृत गर्नुहुन्छ, तब उहाँले आफ्नो इच्छाअनुसार ती पदहरू प्रयोग गर्न पाउनुहुँदो रहेछ। यसको उदाहरण यही हो।

**रोमी ९:२७:** रोमी ९:२७-२९ पदको खण्डमा इस्राली जातिबाट बाँकी रहेको भागबाहेक अरू सबै यहूदीहरू बहिष्कृत हुनेछन् भन्ने कुरा पेस गरिएको छ। यशैया १०:२२ पदमा भविष्यवक्ता यशैयाले यो कुरा अघिबाट भनिसकेः इस्राएलीहरूको सङ्ख्या समुद्रको बालुवाजत्तिकै भए पनि तिनीहरूमध्ये थोरै, अल्पसङ्ख्या मानिसहरू मात्र बाँच्नेछन्।

**रोमी ९:२८:** *'किनकि उहाँले काम समाप्त गर्नुहुनेछ र धार्मिकतामा यसलाई छोटो पार्नुहुनेछ; किनभने परमप्रभुले पृथ्वीमाथि छोटो काम गर्नुहुनेछ।'* अनि यशैया १०:२३ पदले बेबिलोनका मानिसहरूले कसरी इस्राएल देशलाई आक्रमण गरेर तिनीहरूलाई कैद गरेर लानेछन् भन्ने कुरा दर्साएको छ। जुन काम परमेश्वरले समाप्त गर्नुहुनेछ र छोटो पार्नुहुनेछ, त्यो कामचाहिँ इस्राएलीहरूमाथि उहाँको न्याय हो। यी वचनहरू उद्धृत गरिएको उद्देश्य के थियो भने, बितेको समयमा इस्राएली जातिभित्र जुन अप्रिय घटनाहरू घटेका थिए, ठीक त्यस्तै ईश्वरीय न्यायको कामरूपी घटना पावलको समयमा फेरि पनि घट्न सक्छ, र फेरि घट्ने नै छ।

**रोमी ९:२९:** अँ, यशैयाले १:९ पदमा पहिल्यै भनेको जस्तै हुनेछः स्वर्गीय सेनाहरूका सेनापति परमप्रभुले कोही-कोही बचाइएका मानिसहरूलाई नछोड्नुभएको भए इस्राएलीहरू सदोम र गमोराजस्तै सखाप हुनेछन्।

**रोमी ९:३०:** पावलले प्रश्न गर्छन्ः 'हामी हालैमा मण्डलीको युगमा जिउने मानिसहरूका निम्ति यहाँसम्म भन्न खोजेका सबै तर्कहरूको निष्कर्ष के होला त?' यस निष्कर्षको पहिलो बुँदा यो होः स्वभाविक रूपले धार्मिकताको पछि होइन, तर बरु दुष्टताको पछि लाग्ने अन्य-जातिका मानिसहरूले प्रभु येशू ख्रीष्टमाथि विश्वास राखेर धार्मिकता प्राप्त गरे; किनकि तिनीहरूले आफ्नै धार्मिकता स्थापित गर्न खोजेनन्। हुन त अन्यजातिका सबै मानिसहरूले त्यो धार्मिकता प्राप्त गर्दैनन्; किनभने तिनीहरूमध्ये जतिजनाले ख्रीष्ट येशूमाथि विश्वास गर्छन्, तिनीहरू मात्र धर्मी ठहरिन्छन्।

**रोमी ९ः३१ः** अनि इस्राएलीहरूचाहिँ ? उनीहरूले मोशाको व्यवस्था पालन गरेर धर्मी हुन खोजे, र अझ खोज्दैछन् । तर यस्तो कुनै व्यवस्था नै छैन, जसले उनीहरूलाई धर्मी तुल्याउन सक्दछ। उनीहरूले कहिल्यै यस्तो व्यवस्था पाउनेछैनन्, जसद्वारा उनीहरूले धार्मिकता प्राप्त गर्न सक्दछन् ।

**रोमी ९ः३२ः** यहूदीहरूले परमेश्वरको धार्मिकता प्राप्त नगरेको कारण स्पष्ट छः तिनीहरूले ख्रीष्ट येशूमाथि विश्वास गरेनन्, जब ख्रीष्ट येशूमाथि विश्वास गर्ने मानिसले मात्र परमेश्वरबाट धार्मिकता प्राप्त गर्दछ। झन् बढ्ता गरी आफ्नो हठमा चलेर तिनीहरूले आफ्नो योग्यतामाथि भरोसा गरेर आफ्नै धार्मिकता स्थापित गर्न खूबै प्रयत्न गरिरहे। तिनीहरूले ठेस लाग्ने ढुङ्गामा, अँ, ठक्करको चट्टानमा ठेस खाए, जो प्रभु येशू ख्रीष्ट हुनुहुन्छ।

**रोमी ९ः३३ः** अनि ठीक यही कुरा परमेश्वरले यशैयाको मुखद्वारा भविष्यवाणी गर्नुभएको थियो। मसीह राजा यरूशलेममा आउनुभएको हो; उहाँको आगमनका दुईवटा प्रतिक्रिया यी नै हुन्ः कति मानिसहरूका निम्ति उहाँ ठेस लाग्ने ढुङ्गा र ठक्करका चट्टान ठहरिनुहुनेछ (यशैया ८ः१४); तर कति मानिसहरूले उहाँमाथि विश्वास गर्नेछन्, र उहाँमा शर्म लाग्ने, ठेस लाग्ने वा निराशामा पार्ने कुनै कारण पाउनेछैनन् (यशैया २८ः१६)।

## ख) रोमी १०ः वर्तमान् इस्राएल

**रोमी १०ः१ः** कुरा साँचो हो; प्रभु येशूकहाँ नफर्केका यहूदीहरूका निम्ति प्रेरित पावलको शिक्षा अति घृणित हुनुपरेको थियो। यसैले तिनीहरूले उनलाई विश्वासघाती र इस्राएलीहरूको महाशत्रु ठाने। तर रोमी १०ः१ पदमा उनले लेखिरहेको यो पत्र प्राप्त गर्ने प्रापक भाइहरूलाई एउटा कुरा निश्चित गराउँछन्ः उनको हृदयले सबैभन्दा बढ़ी चाहना गरेको र आनन्द दिलाउने कुरा अनि उनले आफ्ना प्रार्थनामा घरिघरि मागेर परमेश्वरबाट सबैभन्दा बढ़ी पाउन खोजेको कुरा इस्राएली मानिसहरूको मुक्ति नै थियो।

**रोमी १०ः२ः** उनले तिनीहरूलाई भक्तिहीन, अविश्वासी, कट्टर धार्मिक मानिसहरू ठानेका छैनन्; होइन, होइन, परमप्रभु परमेश्वरका निम्ति तिनीहरूको ठूलो जोश त थियो। तिनीहरूले यो जोश आफ्ना यहूदी परम्परा र रीतिहरू मान्नुमा, साथै आफ्ना धार्मिक विधिविधानहरू होशियारसाथ पालन गरेकोमा देखाए; तिनीहरूले आफ्नो यहूदी धर्मको सिद्धान्तसँग नमिल्ने हरेक कुरा सहन सक्दैनथिए, तर यसको घोर विरोध गर्दथिए। तर जोश मात्र भएको पुग्दैन। सत्यताका निम्ति जोसिलो हुनु उचित छ; नत्रभने जोशबाट के लाभ हुन्छ? यस प्रकारको गतल जोशले बिगार्छ पो।

**रोमी १०ः३ः** अनि ठीक यही कुरामा तिनीहरू चुके। आफ्नो हठमा चलेर तिनीहरूले परमेश्वरको त्यस धार्मिकताको विषयमा अनजान रहन चाहे, जुन धार्मिकता कामहरूको आधारमा होइन, तर विश्वासको आधारमा दिइन्छ। तिनीहरूले आफ्नै कोशिशहरूद्वारा, आफ्नो चरित्रद्वारा, आफूले गरेका सुकर्महरूद्वारा र व्यवस्थाको आज्ञापालनद्वारा नै परमेश्वरको निगाह प्राप्त गर्न खोजे। तिनीहरूले आफूलाई कुनै हालतमा पनि परमेश्वरको मुक्तिको योजनाको अधीनतामा सुम्पेनन्, तर सकेसम्म बलियो हुने गरी त्यसलाई अस्वीकार गरिरहे, जुन दिव्य योजनाअनुसार भक्तिहीन, पापी मानिसहरू परमेश्वरका एकमात्र पुत्रमाथि विश्वास गरेकोमा सित्तैंमा धर्मी ठहरिनेछन्।

**रोमी १०ः४ः** अहो, तिनीहरूले ख्रीष्ट येशूमाथि विश्वास गरे ता! तब ख्रीष्ट येशूचाहिँ विश्वासद्वारा धार्मिकता प्राप्त गर्नेहरूका निम्ति व्यवस्थाको अन्त हुनुहुन्छ भन्ने कुरा तिनीहरूले पक्का पनि बुझ्न र जान्न सक्नेथिए; किनभने मोशाको व्यवस्थाको खास काम र उद्देश्यचाहिँ पाप प्रकट गर्नु हो, अपराधीहरूलाई भूलदोष देखाउनु र दोषी ठहराउनु हो। मोशाको व्यवस्थाले कुनै पनि मानिसका निम्ति कहिल्यै धार्मिकता प्रदान गर्न सक्नेछैन। अनि व्यवस्था भङ्ग गर्नेहरूलाई मृत्युदण्ड दिनु नै परमेश्वरको निधो हो। जुन दण्ड व्यवस्था भङ्ग गर्ने मानिसहरूले भोग्नुपर्नेथियो, त्यो दण्ड प्रभु येशूले आफ्नो क्रूसको मृत्युद्वारा भोगि-दिनुभयो। जुन दिनमा कुनै पापी मानिसले प्रभु येशूलाई आफ्ना व्यक्तिगत

प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्दछ, त्यस दिनदेखि व्यवस्थाले उसलाई केही पनि भन्न पाउँदैन, र कहिल्यै भन्न पाउनेछैन नै। उसले आफूलाई प्रभु येशूको मृत्युसित एक गरेको छ, जुन मृत्युद्वारा प्रभुले यस विश्वासीको स्थान लिनुभयो; यसैले ऊ व्यवस्थाका निम्ति मरेको हुन्छ। उसले व्यवस्थाबाट सदाका निम्ति बिदा लिएको छ; व्यवस्थाद्वारा धार्मिकता प्राप्त गर्ने व्यर्थै प्रयासबाट उसले सधैंका निम्ति अवकाश लिइसकेको छ।

**रोमी १०:५ः** पुरानो नियममा पनि यसो सुन्दा हामीले व्यवस्थाका वचनहरू र विश्वासका वचनहरूको बीचमा भिन्नता पाउँछौं। उदाहरणका निम्ति लेवी १८:५ पद दिइएको छ, जहाँ मोशाले त्यस मानिसको विषयमा, जसले व्यवस्थाको धार्मिकता प्राप्त गर्न खोज्छ, यसो लेखेः *'जुन मानिसले ती कुराहरू गर्दछ, ऊचाहिँ ती कुराहरूद्वारा जिउनेछ।'* यहाँको जोड़चाहिँ उसको काममा, उसको सफलतामा, उसको कार्यसिद्धिमा छ।

हुन त यहाँ, यस पदमा पेश गरिएको आदर्श-वाक्यअनुसार जिएर कुनै पनि मानिस कहिल्यै यस्तो उच्च, सिद्ध स्तरमा आइपुग्न सक्दैन। मोशाले भन्न चाहेको कुरा यति होः के व्यवस्था पूरा रूपले पालन गर्ने र निरन्तर पालन गरिरहने कुनै मानिस छ? छ भने त्यस्तो मानिसचाहिँ मृत्युदण्डको योग्य ठहरिनेछैन; त्यसले बाँच्न पाउनेछ। तर वास्तवमा व्यवस्था यस्ता मानिसहरूलाई दिइयो, जो अघिबाटै पापी मानिसहरू ठहरिएका थिए, र यसैले तिनीहरू अघिबाटै मृत्युदण्ड पाउनु लायकका थिए। व्यवस्था पाएको दिनदेखि तिनीहरूले व्यवस्थाका कामहरू सम्पूर्ण रूपले पालन गरेका भए पनि तिनीहरू नाश हुने भए; किनभने परमेश्वरले तिनीहरूबाट तिनीहरूले बितेको समयमा गरेका पाप र अधर्महरूको लेखा लिनुहुने नै छ। यसर्थ व्यवस्थाद्वारा धार्मिकता प्राप्त गर्न खोज्ने मानिस-हरूको आशा यसो गर्ने प्रयास गर्नुभन्दा अगाड़ि निराशामै परिणत भइसकेको छ।

**रोमी १०:६ः** तर विश्वासको भाषा व्यवस्थाको भाषाभन्दा कति भिन्न हुन्छ, सो कुरा देखाउन प्रेरित पावलले व्यवस्था ३०:१२-१३ पद

उद्धृत गरेका छन्, जहाँ यस्तो लेखिएको छः *'न ता यो कुरा स्वर्गमा छ, र तिमीले भनौलाः "हाम्रा निम्ति माथि स्वर्गमा को जाला र त्यसलाई हामीकहाँ ल्याउला, कि हामी त्यो सुनौं र त्यसलाई पालन गरौं ?" न ता यो कुरा समुद्रपारि नै छ, र तिमीले भनौलाः "हाम्रा निम्ति समुद्रपारि को जाला र त्यसलाई हामीकहाँ ल्याउला, कि हामी त्यो सुनौं र त्यसलाई पालन गरौं ?" '*

रोचक कुरा के हो भने, व्यवस्था नामक पुस्तकमा यस खण्डको सन्दर्भ हेर्नु हो भने यी पदहरू सुसमाचार-माथि विश्वास गर्ने सम्बन्धमा लेखिएका होइनन्; तर तिनमा व्यवस्थाको कुरा गरिएको हो, विशेष गरी आफ्नो सारा हृदयले र आफ्नो सारा प्राणले परमप्रभु आफ्ना परमेश्वरकहाँ फर्कने आज्ञा यसको खास भूमिका हो (व्यवस्था ३०:१०)। परमेश्वरले भन्नुहुन्छः व्यवस्था कहीं लुकीछिपी राखिएको होइन, त्यो पुग्न नसकिने टाढ़ोमा पनि होइन। त्यो भेट्टाउन मानिस स्वर्ग उक्लिनुपर्दैन, कुनै समुद्र पार गर्नुपर्दैन। त्यो नजिकै छ, त्यो हातैमा छ; त्यसलाई पालन गर्नु मात्र बाँकी रहेको छ।

तर प्रेरित पावलले पुरानो नियमका यी शब्दहरू लिएर तिनमा सुसमाचारको अर्थ लगाउँछन्। उनको भनाइ यस प्रकारको छः 'माथि स्वर्ग चढ़ेर जानू र ख्रीष्ट येशूलाई तल पृथ्वीमा ल्याउनू' भन्ने आज्ञाचाहिँ विश्वासको भाषा नै होइन; विश्वासको भाषाले कसैलाई यस्तो भन्दैन। किनकि त्यो त बिलकुल असम्भव छ; अनि यस्तो गर्न पनि चाहिँदैन; किनभने ख्रीष्ट येशूचाहिँ मानिसको रूप लिएर यस पृथ्वीमा आइ-सक्नुभयो।

**रोमी १०:७:** जब प्रेरित पावलले यहाँ, यस खण्डमा व्यवस्था ३०:१३ पद उद्धृत गर्दछन्, तब उनले त्यस पदका केही शब्दहरू बदली गर्दछन्, जस्तै 'समुद्रपारि को जाला'को सट्टामा उनले 'गहिरोमा को ओर्लेला' तुल्याएका छन्। अनि यहाँ 'गहिरो'को अर्थ अधोलोक बुझिन्छ। ख्रीष्ट येशूलाई मरेकाहरूको बीचबाट माथि ल्याउनलाई 'अधोलोकमा उत्रनू' भन्ने सुसमाचारको कुनै आज्ञा छैन। सुसमाचारको वचनले कसैलाई यस्तो भन्दैन; किनभने यसो गर्न असम्भव छ; अनि

यस्तो गर्न पनि चाहिँदैन; किनभने ख्रीष्ट येशूचाहिँ मरेकाहरूबाट बौरेर उठिसक्नुभयो। याद गर्नुहोस्ः रोमी १०ः६-७ पदको खण्डमा ख्रीष्ट येशूको विषयमा शिक्षाका दुईवटा बुँदाहरू पेस गरिएका छन्, जुन बुँदाहरू स्वीकार गर्न यहूदीहरूलाई सबैभन्दा गाह्रो भयोः प्रभु येशूले मानिसको शरीर धारण गर्नुभएको र उहाँ मरेकाहरूबाट बौरिउठ्नुभएको कुरा। तर तिनीहरूले मुक्ति पाउनलाई यी दुवै कुराहरू स्वीकार गर्नुपर्छ, ग्रहण गर्नुपर्छ। रोमी १०ः९-१० पदको खण्डमा हामीले शिक्षाका यी दुईवटा मुख्य बुँदाहरू फेरि नियालेर हेर्नेछौं।

**रोमी १०ः८ः** पावलको तर्क यस प्रकारको छः ख्रीष्टको सुसमाचारको वचनले मानिसका निम्ति असम्भव भएका कुराहरू गर्ने वा प्रभु येशूले गरिसक्नुभएका कुराहरू गर्ने आदेश दिँदैन भने त्यसले के भन्दछ त?

सुसमाचारले भन्न चाहेको कुरा देखाउन पावलले व्यवस्था ३०ः१४ पद लिन्छन्, र भन्छन्ः सुसमाचारको वचन नजिकैमा छः त्यसलाई सजिलैसँग भेट्टाउन सकिन्छ; त्यसलाई सजिलैसँग बुझ्न सकिन्छ; त्यसलाई सजिलैसँग ग्रहण गर्न सकिन्छ। 'तिम्रै मुखमा' भन्नाले ख्रीष्टको सुसमाचार साधारण शब्दले भन्न सकिन्छ; 'तिम्रै हृदयमा' भनेको त्यो सुसमाचारको वचन मनले सजिलैसँग बुझ्न र विश्वास गर्न सकिन्छ। पावल प्रेरित र प्रभु येशूका अरू प्रेरितहरूले प्रचार गरेको मुक्तिको शुभ सन्देश यस प्रकारको छ; हरेक मानिसले त्यसलाई विश्वासद्वारा ग्रहण गर्न सक्दछ।

**रोमी १०ः९ः** ख्रीष्टको सुसमाचार यहाँ संक्षिप्त रूपमा उल्लेख गरिएको छ। पहिले, हामीले प्रभु येशूको विषयमा उहाँले मानिसको शरीर धारण गर्नुभएको सत्यता विश्वास गरेर ग्रहण गर्नुपर्छ, अर्थात् बेतलेहेम शहरमा गाईको गोठमा जन्मनुभएको नवबालक येशूचाहिँ जीवनका स्वामी र महिमाका प्रभु हुनुहुन्छ भन्ने कुरा हामीले स्वीकार गर्नुपर्छ। नयाँ नियममा प्रकट हुनुभएको येशूचाहिँ पुरानो नियमका परमप्रभु परमेश्वर हुनुहुन्छ।

दोस्रो, हामीले प्रभु येशूको पुनरुत्थान र त्यस सत्यतासित सम्बन्धित बुँदाहरू विश्वास गर्नुपर्छ। परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो; यसको मतलब यो होः प्रभु येशूको क्रूसको मृत्युमा हामीलाई मुक्ति दिलाउने त्राणको काम पूरा भयो, र यससित परमेश्वर पूरा सन्तुष्ट हुनुभयो भन्ने दिव्य प्रमाण उहाँको पुनरुत्थान हो। हामीले यो कुरा सम्पूर्ण हृदयले विश्वास गर्नुपर्छ। मुक्ति दिलाउने विश्वास दिमागले बुझेर गरिन्छ, राजीखुशीले गरिन्छ, करकापले गरिँदैन, तर स्वेच्छाले गरिन्छ। अनि यो विश्वास मनको कुरा, दिमागको कुरा, हृदयको कुरा, इच्छाको कुरा हो।

जसले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्दछ र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभएको कुरा आफ्नो हृदयले विश्वास गर्दछ, उसले प्रभु येशू ख्रीष्टलाई व्यक्तिगत रूपले अप्नाउँछ; उसले उहाँ र उहाँको त्राणको कामबाट अनन्त लाभ उठाउँछ। यस्तो विश्वासचाहिँ मुक्ति दिलाउने विश्वास हो।

घरिघरि यो प्रश्न सुनिन्छः 'के प्रभु येशूलाई हृदयले मुक्तिदाताको रूपमा ग्रहण गर्ने, तर मुखले उहाँलाई प्रभु भनेर स्वीकार नगर्ने मानिसले मुक्ति पाउन सक्छ?' कोही मानिसले यसो भन्लाः 'प्रभु येशूलाई म मुक्तिदाताको रूपमा अप्नाउनेछु, तर उहाँलाई मेरो जीवनका स्वामी तुल्याउन सक्दिनँ।' विश्वासको सम्बन्धमा मन-मनमा किसिम-किसिमका सर्तहरू राख्ने व्यक्तिलाई पवित्र बाइबलबाट 'तिमीले मुक्ति पायौ' भनेर कहिल्यै कुनै उत्साह र कुनै सान्त्वना मिल्नेछैन। तर ती मानिसहरूको पनि उत्तिकै समस्या हुन्छ, जसले यस प्रकारको सर्त राखेर भन्दछन्ः 'जबसम्म मानिसले आफूलाई प्रभु येशूको हातमा सुम्पिँदैन र उहाँलाई आफ्ना प्रभुको रूपमा मान्दैन, तबसम्म उसले मुक्ति पाउन सक्दैन।' किन यसमा प्रश्न उठ्छः कुन हदसम्म उहाँलाई प्रभु तुल्याउनुपर्छ? मानिस-मानिसमा प्रभु येशूलाई आफ्ना प्रभु तुल्याउने समर्पण पनि भिन्न, धेरथोरै हुन्छ नै। तब मुक्ति पाउनलाई कत्तिको समर्पण चाहिन्छ? किनकि प्रभु येशूप्रति आफ्नो जीवनको समर्पण परिशुद्ध छ, सम्पूर्ण हुन्छ भन्ने कुरा थोरै इसाईहरूले मात्र दाबी गर्न सक्लान्। यसैले

जब हामी कसैलाई सुसमाचार सुनाउँछौं, तब हामीले यस व्यक्तिलाई सफासँग भन्नपर्छः परमेश्वरको दृष्टिमा धर्मी ठहरिने एकमात्र सर्त प्रभु येशूमाथि राखिएको विश्वास हो। तर ख्रीष्ट येशू प्रभु हुनुहुन्छ भन्ने कुरा हामीले पापमा जिउने मानिसहरूलाई मात्र होइन, तर सबै पवित्र जनहरूलाई पनि निरन्तर सम्झना गराउनुपर्छ। अनि जस-जसले उहाँलाई प्रभु भनेर स्वीकार गर्दछन्, उनीहरूले यो कुरा आफ्नो व्यवहारबाट देखाउनुपर्छ, र उनीहरूको यो अङ्गीकार साँचो र इमानदार हो भने यो उनीहरूको दैनिक जीवनसँग मेल खानुपर्छ।

**रोमी १०ः१०ः** पावलले यो कुरा अझ स्पष्ट पार्दै लेख्छन्, कि धार्मिकता प्राप्त गर्नु हो भने मानिसले हृदयले विश्वास गर्नुपर्छ। दिमागी विश्वास मात्र पुग्दैन; किनकि यो विश्वास समझमा गरिने अङ्गीकार मात्र होइन। असली र सकली विश्वास हुनु हो भने मानिसले सम्पूर्ण अन्तस्करणसित प्रभु येशूलाई अप्नाउनुपर्छ। जुन मानिसले यस प्रकारले विश्वास गर्दछ, ऊ तत्कालै धर्मी ठहरिन्छ।

त्यसपछि पावलले यसो पनि लेख्छन्ः *'मुक्तिका निम्ति मुखले स्वीकार गरिन्छ।'* भर्खर विश्वास गरेको व्यक्तिले अब आफ्नो हृदयमा निश्चित भइसकेको मुक्तिको अनुभव खुल्लमखुल्ला मुखले स्वीकार गर्दछ। मुखको स्वीकारचाहिँ मुक्ति पाउने सर्त होइन। तर मुक्ति पाइसकेको मानिसले पक्का पनि अब आफ्नो हृदयमा भएको कुरा प्रकट गर्न चाहन्छ। यसर्थ मुखको स्वीकारचाहिँ मनभित्रको विश्वास व्यक्त गर्ने अनिवार्य बाहिरी अभिव्यक्ति र मौखिक साक्षी हो। कुरा यस्तो छः जब मानिसले कुनै कुरा साँच्चै विश्वास गर्दछ, तब त्यसले यसको विषयमा बोल्न र अरू मानिसहरूलाई यसको विषयमा भन्न चाहन्छ। ठीक यस्तै, जब कुनै व्यक्तिले ख्रीष्टमा साँचो हुने गरी नयाँ जन्म पाएको हुन्छ, तब उसले यो कुरा गोप्य राख्न सक्दै-सक्दैन। उसले ख्रीष्ट येशूलाई स्वीकार गर्छ-गर्छ।

मुक्ति पाएको मानिसले खुल्लमखुल्ला प्रभु येशूमा मुक्ति पाएको गवाही दिन्छ; यो पवित्र शास्त्रको धारणा हो। मनभित्रको विश्वास र मुखको बाहिरी स्वीकार सँगै हुन्छ। कौड़ाको मुख ठाड़ो वा उत्तानो भएझैं

यी दुई कुराहरू एउटै कुराका पक्ष र विपक्ष पाटा हुन् । यस सम्बन्धमा श्री वी. केल्लीले यसो भनेका छन्ः 'कसैले ख्रीष्ट प्रभुलाई आफ्नो मुखले स्वीकार गर्दैन भने हामीले उसको विषयमा "उसले मुक्ति पायो" भन्न सक्दैनौं; किनभने हाम्रा प्रभुले भन्नुभएको छः "जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ, उसैले मुक्ति पाउनेछ ।" '40)

श्री जे. डेन्नीले यसो भन्दै आफ्नो टिप्पणी गर्छन्ः `धार्मिकता प्राप्त गर्न प्रभु येशूमाथि विश्वास गर्ने हृदय र मुक्ति पाउन मुक्तिदाता प्रभुलाई स्वीकार गर्ने मुख दुईवटा भिन्नभिन्नै कुराहरू होइनन्, तर एउटै कुराका दुई पाटा हुन् ।'41)

पावलले रोमी १०ः९ पदमा स्वीकार पहिलो र विश्वास पछि पारेको, तर रोमी १०ः१० पदमा विश्वास पहिलो र स्वीकार पछि राखेको कुराले कसैको ध्यान आकर्षण गर्ला । उनले किन यस्तो गरे होलान् ? यसको कारण फेला पार्न त्यत्ति गाह्रो नहोला । रोमी १०ः९ पदमा जोड़चाहिँ प्रभु येशूले मानिसको रूप धारण गर्नुभएको र मरेकाहरूबाट बौरिउठ्नुभएको कुरामा छ; अनि इसाई शिक्षाका यी दुईवटा बुँदाहरू समयक्रमअनुसार राखिएका छन् । इतिहासमा प्रभु येशू पहिले मानिस भएर जन्मनुभयो । परमेश्वर देहधारी हुनुभयो; येशू प्रभु हुनुहुन्छ । केही समयपछि उहाँ बौरिउठ्नुभयो; परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो । तर रोमी १०ः१० पदमा जोड़चाहिँ मानिसको कर्तव्यमा गरिएको छ । पापी मानिसले मुक्ति पाउनु हो भने क्रम यस प्रकारको छः पहिले उसले हृदयबाटै प्रभु येशूमाथि विश्वास गर्दछ, त्यसपछि उसले प्रभु येशूमा पाएको मुक्ति खुल्लमखुल्ला मुखले स्वीकार गर्दछ ।

**रोमी १०ः११ः** प्रेरित पावलले कुनै ख्रीष्ट-विश्वासी शर्ममा पर्नेछैन भन्ने कुरा निश्चित गराउन चाहेर यशैया २८ः१६ पद उद्धृत गर्दछन्, जहाँ यसो लेखिएको छः *'उहाँमाथि विश्वास गर्ने हरेक शर्ममा पर्नेछैन ।'* हुन सक्छ, प्रभु येशूलाई खुल्लमखुल्ला स्वीकार गर्नुपर्ने कुराले कतिको हृदयमा 'अहो, म त शर्ममा पर्नुपर्ला कि' भन्ने डर पैदा गर्ला । होइन, प्रभु येशूलाई स्वीकार नगर्ने मानिस पो शर्ममा पर्नेछ । जसले प्रभु येशूलाई यस

धरतीमा स्वीकार गर्दछ, उसैलाई उहाँले स्वर्गमा स्वीकार गर्नुहुनेछ। हाम्रो आशा कहिल्यै निराशा बन्नेछैन।

*'उहाँमाथि विश्वास गर्ने* ***हरेक*** *शर्ममा पर्नेछैन' भन्ने वाक्यको* 'हरेक'को शब्दले रोमी १०:१२ पदसँग सम्बन्ध जोड्छ; किनकि परमेश्वरको प्रतापी मुक्तिको प्रबन्धचाहिँ सबै मानिसहरूका निम्ति हो, चाहे तिनीहरू अन्यजातिहरूका मानिसहरू होऊन् चाहे यहूदी मानिसहरू किन नहोऊन्।

**रोमी १०:१२:** रोमी ३:२३ पदमा हामीले के सिक्यौं भने, परमेश्वरको दृष्टिमा यहूदी र अन्यजातिको मानिसको बीचमा केही भिन्नता छैन; किनभने सबैलाई मुक्तिको खाँचो पर्दछ; किनकि सबैले पाप गरेका छन्। अब रोमी १०:१२ पदमा मुक्तिचाहिँ सबै मानिसहरूका निम्ति बराबर उपलब्ध गरिन्छ भन्ने कुरा हामी सिक्दैछौं। परमेश्वर कुनै विशेष जातिका मात्र ईश्वर हुनुहुन्न; उहाँ सम्पूर्ण मानव जातिका परमप्रभु हुनुहुन्छ। उहाँको प्रशस्त अनुग्रह र उहाँको अपार कृपा तिनीहरू सबैमाथि खन्याइन्छ, जसले उहाँलाई नै साँचो हृदयले पुकार्दछन्।

**रोमी १०:१३:** योएल २:३२ पदका शब्दहरूको सहायता लिएर प्रेरित पावलले यहाँ, यस पदमा ख्रीष्टको सुसमाचारको विश्वव्यापक सार्विकता प्रमाणित गर्दछन्। यस रोमी १०:१३ पदमा मुक्ति पाउने तरिकाको विषयमा व्यक्त गरिएका सरल शब्दहरूभन्दा अझ सरल शब्द पाउनु गाह्रो पर्ला, जहाँ लेखिएको छः *'प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ।'* यहाँ प्रभुको नाम भनेर प्रभु येशू ख्रीष्टको नाम बुझिन्छ।

**रोमी १०:१४:** ख्रीष्टको सुसमाचारचाहिँ विश्वव्यापक सुसमाचार हो भने यसको प्रचार पनि विश्वभरि नै भएको हुनुपर्छ। तपाईं नै भन्नुहोस्! सबै यहूदी र अन्यजातिका मानिसहरूका निम्ति उपल्बध हुने मुक्तिको प्रबन्धको के काम, जब यसको विषयमा कसैले सुन्दैन, कसैले जान्दैन? यसैले रोमी १०:१४ पदमा आएर हामीलाई इसाई सुसमाचारको प्रचार धावालाई जीवित राख्ने मुटुको धुकधुक के हो, सो थाहा लाग्दछ।

रोमी १०:१४-१५ पदभित्र चार पल्ट 'कसरी' भन्ने शब्द प्रयोग गरेर यहूदी र अन्यजातिका मानिसहरूले कसरी मुक्ति पाउँछन्, सो सम्बन्धमा

प्रेरित पावलले चारवटा कदमहरू प्रश्नको रूपमा प्रस्तुत गर्दछन्। 'तिनीहरूले कसरी पुकार्लान्, कसरी विश्वास गर्लान्, कसरी सुन्लान् ?' र 'उनीहरूले कसरी प्रचार गर्लान् ?' शायद सजिलोसँग बुझ्न सक्नका निम्ति हामीले यी पदहरूमा पेस गरिएको क्रम उल्टाउनुपर्ला र यी चार कदमहरू पुच्छरबाट प्रस्तुत गर्ने क्रम शुरु गर्नुपर्ला।

**अ)** परमेश्वरले संसारभरि आफ्ना सुसमाचारवाहकहरू पठाउनुहुन्छ।

**आ)** उनीहरूले जताततै सबै मानिसहरूलाई मुक्तिको सुसमाचार प्रचार गर्दछन्।

**इ)** यसरी मानिसहरूले ख्रीष्ट येशूमा परमेश्वरद्वारा तयार गरिएको मुक्ति र अनन्त जीवनको प्रबन्धको विषयमा सुन्दछन्।

**ई)** सुसमाचार सुन्ने मानिसहरूमध्ये कतिले प्रभु येशूमाथि विश्वास गर्दछन्।

**उ)** जतिले प्रभु येशूमाथि विश्वास गरेका छन्, तिनीहरूले उहाँको नाम पुकार्छन्।

**ऊ)** उहाँको नाम पुकार्नेहरू सबैले मुक्ति पाउँछन्।

श्री जे. होड्चले यो कुरा स्पष्ट पारेर यसो भन्दछन्ः 'पावलको तर्कको यस प्रकारको प्रस्तुतिको जग निम्न आत्मिक नियममाथि बसालिएको छः परमेश्वर आफूले अभिप्राय गर्नुभएको आफ्नै परियोजनाका निम्ति आफ्नै प्रबन्ध पनि गरिदिनुहुने नै छ।'[42] अघि हामीले भनिसक्यौंः संसारभरि ख्रीष्टको सुसमाचार प्रचार गर्ने अभियानचाहिँ यी कदमहरूको आधारमा स्थापित गरिएको हो। प्रेरित पावलले अन्यजातिका मानिसहरूको बीचमा ख्रीष्टको सुसमाचार किन प्रचार गरेका छन्, सो स्पष्टीकरण यहाँ दिन्छन्; किनकि आफ्नो अविश्वासमा अडिग रहने यहूदीहरूका निम्ति यो उनीहरूको दृष्टिमा कहिल्यै क्षमा नहुने महापाप ठहरियो।

**रोमी १०ः१५ः** तर सुसमाचार प्रचार गर्ने वाहकहरू पठाउने काम परमेश्वरको हो। अनि हामीचाहिँ उहाँद्वारा पठाइएका व्यक्तिहरू हौं। हाम्रो

हातमा सुम्पिएको यस ईश्वरीय कर्तव्यको विषयमा हामीले केकसो गरेका हौं ? के हाम्रा पाउहरू यशैयाले बयान गरेका यी 'सुन्दर पाउहरू'सित मिल्छन्, जुन पाउहरूले असल कुराहरूको शुभ समाचार ल्याउँछन् ? यशैया ५२:७ पदमा यी सुन्दर पाउहरू उहाँका पाउहरू अर्थात् मसीहका पाउहरू हुन्। रोमी १०:१५ पदमा उहाँका यी पाउहरू हाम्रा पाउहरू भएका हुन्छन्। दुई हजार वर्षअघि उहाँ आउनुभयो, शुभ सन्देश सुनाउने सुन्दर पाउहरू लिएर। अबचाहिँ हाम्रा पाउहरूको पालो आएको छ। अब यस संसारका मरिरहेका र नाश हुन लागेका मानिसहरूकहाँ गएर हामीले शान्तिको सुसमाचार प्रचार गरेका र यी मानिसहरूकहाँ असल कुराहरूको शुभ सन्देश ल्याएका हुनुपरेको छ। यो हाम्रो सौभाग्य, यो हाम्रै कर्तव्य हो।

**रोमी १०:१६ः** तर यहूदी जातिका मानिसहरू प्रेरित पावललाई नित्य पिरोलिरहने अफसोसको कारण बनेका छन्; किनभने तिनीहरूले मुक्तिको सुसमाचार सुन्न त सुने, तर विश्वासै गरेनन्। यस सम्बन्धमा यशैयाको भविष्यवाणी के थियो ? यशैया ५३:१ पदमा तिनले यो प्रश्न सोधेः 'हाम्रो समाचार कसले विश्वास गरेको छ ?' अनि यस प्रश्नको उत्तर पनि हुनुपर्छ। 'थोरैले मात्र विश्वास गरे' भन्ने उत्तर यस प्रश्नको खास उत्तर हो। ख्रीष्ट येशूको पहिलो आगमनमा, जब उहाँ आउँदै हुनुहुन्छ भन्ने समाचार प्रचारियो, तब थोरै यहूदी मानिसहरूले उहाँप्रति आफ्नो विश्वासको सकारात्मक प्रतिक्रिया देखाए।

**रोमी १०:१७ः** यशैयाको पुस्तकबाट लिइएको यस पदमा प्रेरित पावलको ध्यान एउटा कुरामाथि अड़िएको छः भविष्यवक्ताले यस पदमा कुरा गरेको विश्वासचाहिँ सुनिएको सन्देशबाट उब्जिँदो रहेछ। अनि यो सन्देशचाहिँ ख्रीष्ट येशूको विषयमा लेखिएको परमेश्वरको वचन हो रहेछ। यसैले उनले निष्कर्षमा पुगेर भन्छन्ः विश्वासचाहिँ सुनाइबाट अर्थात् तिनीहरूले सुनेको सन्देशबाट आउँछ; अनि मानिसहरूलाई सुनाइएको त्यो सन्देश प्रभु येशूको विषयमा लेखिएको परमेश्वरको वचनबाट आउँछ। मानिसहरूको हृदयमा विश्वास तब आउँछ, जब

तिनीहरूले हाम्रो मुखबाट प्रभु येशूको शुभ सन्देश सुन्छन्; अनि हाम्रो प्रचारचाहिँ परमेश्वरको वचन आधारित प्रचार हुनुपर्छ।

तर केवल कानले मात्र सुन्नु पुग्दैन; जसले ख्रीष्टको सुसमाचार सुन्दछ, उसले खुला हृदयले र ध्यान दिने मनले सुन्नुपर्छ। उसलाई परमेश्वरको सत्यता देखाउँदा उसमा त्यसलाई स्वीकार गर्ने तयारी हुनुपर्छ। सत्यता ग्रहण गर्न तयारी मनसित सुन्ने व्यक्तिले ख्रीष्टको सुसमाचार सत्यताले परिपूर्ण भएको पाउँछ; अनि सत्यताले आफ्नो परिचय आफैले गर्दछ; अनि तब उसले विश्वास गर्दछ। अनि यस पदमा भनिएको 'सुनाइ'को विषयमा हामी यहाँ कुरा स्पष्ट पारौंः यसमा हामीले कानले सुन्न सकिने शब्दहरू मात्र बुझ्नुहुँदैन, तर यो ता पढ़िने शुभ सन्देश पनि हुन सक्छ। यस सन्दर्भमा सुन्नको अर्थ जुनसुकै साधनले प्रस्तुत गरिएको ख्रीष्टको सुसमाचार सत्यताको वचनको रूपमा ग्रहण गर्नु हो।

**रोमी १०:१८ः** तब समस्या कुन कुरामा रहेको छ? के यहूदी र अन्यजातिका मानिसहरूले सुसमाचार सुन्न पाएका छैनन्? पक्का पनि तिनीहरू सबैले सुसमाचार सुनेका छन्। यो कुरा प्रमाणित गर्न प्रेरित पावलले यहाँ भजन १९:४ पदका शब्दहरूको सहायता लिन्छन्, जहाँ यसो लेखिएको छः *'पक्कै पनि तिनीहरूले सुनेका छन्; उनीहरूको सोर सारा पृथ्वीभरि र उनीहरूका वचनहरू संसारका छेउ-छेउसम्म फैलिएका छन्।'*

मलाई अचम्म के लाग्छ भने, भजन १९ सुसमाचारको सम्बन्धमा लेखिएको भजनै होइन। आकाश-मण्डलमा सूर्य, चन्द्रमा र ताराहरूले कसरी परमेश्वरको महिमाको वर्णन गर्दछन्, सो कुरा यस भजनको विषयवस्तु हो। तर प्रेरित पावलले यस भजनका शब्दहरू लिएर वास्तवमा के भन्न खोजेका छन् भने, पावलको समयमा सारा पृथ्वीभरि, अँ, संसारका छोउ-छेउसम्म ख्रीष्टको सुसमाचार प्रचार भइसकेको सम्बन्धमा पनि यस भजनका शब्दहरू सत्य ठहरिएका हुन्छन्। उनी प्रभु येशूका प्रेरित भएको नाताले परमेश्वरको आत्माको प्रेरणाद्वारा उनले पुरानो नियमका कति खण्डहरू लिन्छन्, र नयाँ नियमको शिक्षाको प्रकाश-अनुसार तिनमा अर्को अर्थ लगाईकन तिनलाई प्रयोग गर्दछन्। पुरानो

नियमको समयमा यी शब्दहरू लेख्ने प्रेरणा दिनुभएको उही आत्माले पछि यी शब्दहरू लिएर ती शब्दहरू नयाँ नियममा अर्को अर्थमा प्रयोग गर्न सक्नुहुन्छ। यसो गर्ने उहाँको अधिकार छ।

**रोमी १०:१९:** 'के इस्राएललाई थाहा थिएन र?' भन्ने प्रश्नले सङ्केत गरेझैं ख्रीष्टको सुसमाचारद्वारा अन्यजातिका मानिसहरूले परमेश्वरको बोलावट पाएकोमा र यहूदी मानिसहरूले बहुसंख्यामा सुसमाचार अस्वीकार गरेकोमा इस्राएलीहरूमध्ये कसैलाई अचम्म लाग्नुपर्दैनथियो; किनभने तिनीहरूकै धर्मशास्त्रले ठीक यही कुरा जो तिनीहरूको बीचमा भइरहेको थियो, त्यो कुरा भविष्यवाणीद्वारा अघिबाटै सफासँग अक्षरशः भनिसकेको थियो। यसको उदाहरणका निम्ति व्यवस्था ३२:२१ पद यहाँ उल्लेख गरिएको छ; किनकि यस पदमा अन्यजातिहरूरूपी गैरयहूदी जातिद्वारा उहाँले इस्राएली जातिका मानिसहरूमा डाहा पैदा गराउने र मूर्तिहरू पूज्ने एउटा मूर्ख जातिद्वारा तिनीहरूमा रिस उठाइदिने चेताउनी परमेश्वरले तिनीहरूलाई अघिबाट दिइसक्नुभएको थियो।

**रोमी १०:२०:** भिवष्यवक्ता यशैयाले अझ साहसपूर्वक भाषामा परमप्रभुले बोल्नुभएका शब्दहरू लेखेर के भने भने, अन्यजातिहरू जसले परमप्रभु परमेश्वरलाई खोज्दै-खोजेनन्, तिनीहरूले उहाँलाई भेट्टाएका हुन्, र तिनीहरू जसले उहाँको विषयमा अलिकति पनि खोजिनिधी गरेनन्, परमेश्वर तिनीहरूकहाँ प्रकट हुनुभएको हो (यशैया ६५:१)। समस्त अन्यजातिहरू एकै दृष्टिले हेर्नु हो भने तिनीहरू परमेश्वरको खोजी गरेनन् भन्नु बेठीक नहोला; किनकि तिनीहरू आ-आफ्ना मूर्तिपूजामा आधारित धर्महरूमा र ती धर्मका रीतिहरूमा सन्तुष्ट थिए। तर जब तिनीहरूले सुसमाचार सुन्न पाए, तिनीहरूमध्ये धेरैजनाले विश्वास गरे; अनि आजको दिनसम्म यस्तै भइ नै रहेको छ। यहूदी मानिसहरूले भन्दा अन्यजातिका बढ़ी मानिसहरूले विश्वास गरे र विश्वास गर्दछन्; यसो भन्दाखेरि हामीले बढ़ी भनेका छैनौं होला।

**रोमी १०:२१:** यता अन्यजातिका हूलैहूल मानिसहरू परमप्रभु परमेश्वरकहाँ फर्केको वर्णन छ भने रोमी १०:२१ पदमा उता यशैयाद्वारा अर्को चित्र कोरिएको छः परमप्रभुले दिनभरि नै इस्राएलीहरू आफ्नो

प्रजातिर आफ्ना हात पसार्नुभएको र तिनीहरूलाई हातको इसाराले बोलाउनुभएको, तर तिनीहरू आफ्नो ढिपीमा चलेर अटेरी, हठी भएको वर्णन छ।

## ग) रोमी ११ः इस्राएल भविष्यमा

**रोमी ११ः१ः** यसो भए भने इस्राएलको भविष्य के हुने होला ? के कतिले सिकाएअनुसार यो कुरा सत्य हो, कि परमेश्वरले इस्राएली जातिलाई सदाका निम्ति त्याग्नुभएको छ, र अब ख्रीष्टको मण्डली इस्राएलको भूमिका खेल्छ ? के परमेश्वरबाट इस्राएलीहरूलाई जति प्रतिज्ञाहरू दिइएका थिए, ती सबै अब ख्रीष्टको देहरूपी मण्डलीका निम्ति लागू हुन्छन् ?[43)] पवित्र बाइबलभरि रोमी एघार अध्याय नै हो, जसले यस प्रकारको भूलधारणाको घोर विरोध गरेर यसलाई खण्डन गर्दछ।

रोमी ११ः१ पदमा बुद्धिचालको खेलमा गोटीरूपी पैदल एक चाल अगाडि बढ़ाएर त्यसलाई गुमाएझैं पावलले आफ्नो तर्कको पहिलो बुँदा पेस गर्दाखेरि यति स्वीकार गर्न तयार भएका छन्ः हो, परमेश्वरले आफ्ना जनहरूलाई त्याग्नुभएको हो, जसरी रोमी ११ः१५ पदमा झन् स्पष्ट गरी बताइएको छ। तर यसको मतलब यो होइन, कि उहाँले तिनीहरूको एक-एक व्यक्तिलाई र सबका सबलाई त्याग्नुभएको छ; किनकि पावल आफै यस कुराको जीवित साक्षी हुन्; किनभने उनी पनि इस्राएली थिए; उनी अब्राहामको वंशका, बेन्यामीन कुलका थिए। उनको यहूदीपना प्रमाणित गर्ने परिचयपत्र पक्का थियो।

**रोमी ११ः२ः** यसैकारण हामीले रोमी ११ः२ पदको शुरुको वाक्य यस प्रकारले बुझ्नुपर्छः 'परमेश्वरले आफूले पहिले चिनिसक्नुभएका आफ्ना जनहरूलाई *पूरा* त्याग्नुभएको छैन।' यहाँ त एलियाको समयमा भएझैं भएको थियो; किनकि त्यत्ति बेला 'इस्राएल' नामक उत्तरीय राज्यका मानिसहरूले परमेश्वरलाई त्यागेका थिए, र मूर्तिहरूको पछि लागेका थिए। स्थिति साह्रै बिग्रेको थियो, यहाँसम्म कि एलियाले

परमेश्वरका जनहरूका निम्ति प्रार्थना नगरेर तिनीहरूको विरुद्ध आफ्ना विन्तीप्रार्थना चढ़ाएका थिए।

**रोमी ११:३**: परमेश्वरको सामु पोखिएको तिनको गुनासो के थियो भने, मानिसहरूले परमेश्वरका भविष्यवक्ताहरूलाई मारेर उहाँको आवाज पूरा बन्द गरिदिएका थिए। परमेश्वरका निम्ति आवाज उठाउने व्यक्ति आफू मात्र बाँकी रहेको र आफ्नो ज्यान आसन्न खतरामा परिरहेको एलियालाई महसुस भएको थियो।

**रोमी ११:४**: तर तिनले आफ्नो मनमा सोचेका जस्तै परिस्थिति यति अध्यारो र उदासलाग्दो थिएन। परमेश्वरले तिनलाई याद दिलाउनुभयोः सात हजार मानिसहरू छन्, जसलाई उहाँले आफ्ना निम्ति जोगाइ-राख्नुभएको थियो; यिनीहरूले बाल देवताको पूजा गर्न पटक्कै मान्दैनथिए, तर आफ्नो देश र समाजको रीतिअनुसार गर्न पूरापूर इन्कार गरेका थिए।

**रोमी ११:५**: यहाँ हामी एउटा आत्मिक नियम देख्छौं, जो एलियाको समयमा सत्य थियो र हालैमा पनि सत्य ठहरिन्छ। परमेश्वरले जहिले पनि आफ्ना निम्ति कुनै न कुनै गवाही राखिछोड्नुहुँदो रहेछ। मानिसहरूको बीचमा उहाँका निम्ति सधैं विश्वासयोग्य जनहरूरूपी एउटा बाँकी रहेको भाग हुन्छ नै; यिनीहरूलाई उहाँले आफ्ना निम्ति छान्नुभयो; यिनीहरू उहाँको अनुग्रहका विशेष पात्रहरू हुन्।

**रोमी ११:६**: परमेश्वरले बाँकी रहेको भागरूपी यी मानिसहरूलाई कुन आधारमा छान्नुहुन्छ? उहाँले उनीहरूलाई उनीहरूले गरेका काम-हरूको आधारमा होइन, तर आफ्नो स्वतन्त्र इच्छामा अनुग्रहको चुनाउअनुसार छान्नुहुन्छ।

अब कुरा आयोः अनुग्रह र कामहरू। अनुग्रहको मूलतत्त्व र कर्महरूको मूलतत्त्वले एक-अर्कालाई बाहेक गर्दछन्। जुन कुरा अनुग्रहको दान हो, त्यो कुरा कुनै पनि कर्मले कमाउन सकिँदैन; किनकि जुन चीज सित्तैंमा दिइन्छ, त्यो चीज दाम तिरेर किन्न सकिँदैन। जुन कुरा परमेश्वरको निगाहको फल हो, त्यस कुराका निम्ति हामी कहिल्यै कुनै हालतमा पनि योग्य हुनै सक्दैनौं। अनि परमेश्वरलाई धन्यवाद होस्!

उहाँको चुनाउ कामहरूमाथि निर्भर होइन, तर अनुग्रहमाथि आधारित हुन्छ; नत्रता हामीमध्ये कसैले पनि परमेश्वरका चुनिएकाहरूको बीचमा कहिल्यै कुनै ठाउँ पाउनेथिएनौं।

**रोमी ११:७:** निष्कर्षमा पुगेर वचनले भन्दछः इस्राएली जातिले धार्मिकता प्राप्त गरेन; किनकि तिनीहरूले आफ्नै कोशिशले त्यो पाउन खोजे, जब तिनीहरूले त्यो धार्मिकता ख्रीष्ट येशूले गरिसिद्ध्याउनुभएको त्राणको कामद्वारा सित्तैंमा पाउन सक्नेथिए। तर तिनीहरूको बाँकी रहेको भाग अर्थात् परमेश्वरका चुनिएकाहरूले चाहिँ प्रभु येशू ख्रीष्टमाथि विश्वास गरेका हुनाले त्यो धार्मिकता प्राप्त गर्न सके। यहूदी जातिमा यस्तो आत्मिक अन्धापना आयो, जसलाई हामीले 'ईश्वरीय न्यायरूपी कठोरता' भन्नुपर्ला। तिनीहरूले ख्रीष्ट येशूलाई मसीहको रूपमा ग्रहण गर्न चाहेनन्; यसैले तिनीहरूमा उहाँलाई ग्रहण गर्ने क्षमता र उहाँलाई ग्रहण गर्ने इच्छा घटेर गएको हो।

**रोमी ११:८:** पुरानो नियमका भविष्यवक्ताहरूले इस्राएलीहरूको विषयमा जस्तै भविष्यवाणी गरेका थिए, ठीक त्यस्तै तिनीहरूलाई भएको हो (यशैया २९:१० र व्यवस्था २९:४)। परमेश्वरले तिनीहरूको मन आत्मिक जड़त्वमा छोड़िदिनुभयो; यस प्रकारको आत्मिक चेतनाशक्ति हराएको अवस्थामा तिनीहरू आत्मिक कुराहरूको वास्तविकता बुझ्न असक्षम भए। तिनीहरूले मूर्ख प्रकारले प्रभु येशूलाई आफ्नै मसीह र आफ्नै मुक्तिदाताको रूपमा देख्न मानेनन्; यसैले तिनीहरूले उहाँ वास्तवमा को हुनुहुन्छ, सो कुरा बिलकुल देख्न छोड़े। तिनीहरूले परमेश्वरको आह्वानरूपी आवाज सुन्न इन्कार गरे; यसैले आत्मिक हिसाबले तिनीहरूका कानहरू अहिले हालैमा परमेश्वरको स्वर अलिकति पनि सुन्न नसक्ने गरी बहिरा भए। अनि यो भयानक न्यायरूपी दण्ड आजको दिनसम्म तिनीहरूमाथि रहेको छ।

**रोमी ११:९:** राजा दाऊदले पनि इस्राएली जातिमाथि परमेश्वरको न्याय आइपर्न लागेको कुरा देख्न सके। भजन ६९:२२-२३ पदमा तिनले यहूदीहरूद्वारा रद्द गरिनुभएको मुक्तिदाता प्रभुका शब्दहरूमा उहाँले परमेश्वरलाई पुकार गर्नुभएको र तिनीहरूको टेबल तिनीहरूका निम्ति

पासो, धराप र ठक्करको कारण बनोस् भन्ने कुरा माग्नुभएको बयान गरेका छन्। यहाँ प्रयोग गरिएको 'टेबल' भन्ने शब्दको अर्थ हामीले तिनीहरूका सौभाग्यले पूर्ण सबै अधिकारहरू र ख्रीष्ट येशूद्वारा तिनीहरूको जीवनमा बगिरहेका सबै आशिषहरूको जम्माजम्मी बुझ्नुपर्छ। जे कुरा तिनीहरूलाई आशिषको रूपमा दिइयो, त्यो सबै कुरा तिनीहरूका निम्ति श्राप बन्यो।

**रोमी ११:१०:** उक्त भजनको यही खण्डमा दुःखकष्ट सहिरहनुभएको मुक्तिदाता प्रभुले परमेश्वरलाई यसो भन्दै विन्ती गर्नुभयोः 'तिनीहरूका आँखाहरू अँध्यारा पारिएका होऊन्, र तिनीहरूका पिठ्यूँ सधैं झुकिएका होऊन्!' तिनीहरूका पिठ्यूँ सधैं झुकिएको अर्थ तिनीहरूका ढाड़ कि ता बढ़ी परिश्रमले कि ता बुढ़्यौलीको कारणले कुप्रिएको हो। भजन ६९:२३ पदअनुसार 'तिनीहरूका कम्मर निरन्तर कामिरहने बनाउनुहोस्!'

**रोमी ११:११:** प्रेरित पावलले अर्को प्रश्न उठाउँछन्: 'के लड्नका निम्ति तिनीहरूले ठेस खाए त?' यहाँ पनि हामीले एउटा शब्द अझ थाप्नुपर्छ, नत्र यस वाक्यको अर्थ अधूरो रहन्छ। के तिनीहरूले आफू *सधैंका निम्ति* लडून् र *फेरि कहिल्यै* नउठून् भन्ने हेतुले ठक्कर खाए त? 'होइन नि!' भन्दै प्रेरितले यस प्रकारको धारणा पूरापूरा इन्कार गर्छन्। परमेश्वरको उद्देश्यभित्र तिनीहरूको पुनर्स्थापना छँदैछ। तिनीहरूको पतनमा उहाँको उद्देश्य थियो। अन्यजातिका मानिसहरूले मुक्ति पाउनु थियो; अनि यसैबाट इस्राएली जातिमा डाहा पैदा हुनु थियो; अनि अन्तमा यही डाहाले तिनीहरूलाई परमेश्वरकहाँ फर्काउनेछ।

प्रेरित पावलले इस्राएलीहरूको पतन भएको कुरा इन्कार गर्दैनन्। तर यही पदमा र अर्को पदमा पनि उनले तिनीहरूको पतन भएको कुरा निम्न शब्दले पुष्टि गर्छन्, जब उनले 'तिनीहरू लोटेका कारणले मुक्तिचाहिँ अन्यजातिहरूकहाँ आएको हो' भनेर भन्छन्, र रोमी ११:१२ पदमा उनले फेरि पनि भन्छन्: 'यदि तिनीहरूको लोट्नुचाहिँ संसारको धन ठहरियो भने...।' तर परमेश्वरले इस्राएली जातिलाई सदाका निम्ति त्याग्नुभएको कुरा उनले जोड़साथ बिलकुलै इन्कार गर्छन्।

**रोमी ११ः१२ः** हो नै होः इस्राएलीहरूले प्रभु येशू ख्रीष्टलाई अस्वीकार गरे; यसैले परमेश्वरले तिनीहरूलाई त्याग्नुभयो र सुसमाचारको सन्देश अन्यजातिहरूकहाँ फैलेर गयो। यस दृष्टिकोणले भन्न सकिन्छः यहूदीहरूको पतन संसारको धन बन्न गएको छ, अनि तिनीहरूको हानि अन्यजातिका मानिसहरूको फाइदा भएको हो।

तर यहाँसम्म कुरा साँचो हो भने तब यो पनि विचार गर्नुहोस्ः इस्राएली जातिको पुनर्स्थापनामा कत्रो आशिष हुनुपर्दछ। अहो, यो त संसारका निम्ति कत्रो ठूलो आशिष हुनेछ, यसको साध्य नै छैन। सङ्कष्टकालको अन्तमा इस्राएली जाति प्रभु येशू ख्रीष्टकहाँ फर्कनेछ; तब तिनीहरू सबै जातिका मानिसहरूका निम्ति आशिषको स्रोत बन्नेछन्।

**रोमी ११ः१३ः** अब रोमी ११ः१३-२४ पदको खण्डमा प्रेरित पावलले अन्यजातिका मानिसहरूसँग कुरा गर्दछन्।

कतिले ठान्छन् कि उनले यहाँ रोमका अन्यजातीय इसाईहरूसित कुरा गरेका छन्। तर यस खण्डमा श्रोता अरू मानिसहरू हुनुपर्छ। यहाँका श्रोता अन्यजातिका सबै मानिसहरू हुन्। यस खण्डको अर्थ सठीक रूपले बुझ्नुमा निम्न कुराले धेरै मद्दत गर्दछः यहाँसम्म पावलले सिङ्गो इस्राएली जाति र सिङ्गै अन्यजातिहरूको विषयमा कुरा गरेका थिए; उनले यहाँसम्म परमेश्वरको मण्डलीको कुरा गरेकै होइनन्; नत्रता रोमी ११ः२२ पदअनुसार एक दिन मण्डली काटिने डर पो छ कि के हो ? अनि योचाहिँ परमेश्वरको वचनको विपरीत शिक्षा हो।

प्रेरित पावलचाहिँ अन्यजातिहरूका निम्ति प्रेरित भएको नाताले उनले उनीहरूसित सफासँग कुरा गर्न सक्छन्; किनकि यसो गर्दाखेरि उनले केवल उनीहरूका निम्ति परमेश्वरबाट पाएको आफ्नो सेवाकाई पूरा गर्छन्।

**रोमी ११ः१४ः** आफ्ना सजातीय भाइहरूमा डाहा पैदा गराऊन् भनेर पावलले किसिम-किसिमका तरिका अप्नाएका थिए; किनकि उनले तिनीहरूमध्ये कतिजनालाई बचाउन खोजिरहेका थिए। उनले कसैलाई पनि आफ्नै खूबीले बचाउन सक्दैनन् भन्ने कुरा उनलाई थाहा थियो, र हामीलाई पनि यो कुरा थाहै छ। तर उनी तिनीहरूका निम्ति आशिषको

स्रोत भएका थिए; किनकि परमेश्वरले उनीद्वारा काम गर्नुभयो। मुक्तिदाता परमेश्वर आफ्ना दासहरूसित घनिष्ठ सम्बन्ध राख्नुहुन्छ र उनीहरूसँग एक भएर काम गर्नुहुन्छ। यसैले उहाँ आफूले गर्नुभएको काम उनीहरूले गरेका भन्न दिनुहुन्छ यहाँ।

**रोमी ११:१५:** उनले रोमी ११:१२ पदमा पेस गरेको तर्क यहाँ अरू शब्दमा फेरि पनि दोहोर्‍याउँछन्। पृथ्वीभरि परमेश्वरबाट चुनिएको एकमात्र इस्राएली जातिलाई खारिज गरेकोमा अन्यजातिहरू परमेश्वरको सम्बन्धमा त्यस सौभाग्यशाली स्तरमा उठाइए। यहाँ यस स्थितिको परिभाषा गर्दा यसलाई 'परमेश्वरसितको मेल भएको' भनिएको छ। तर जब इस्राएली जाति फेरि स्थापित हुनेछ, अनि यो कुरा ख्रीष्टको हजार वर्षको राज्यमा पूरा हुनेछ, तब यो तिनीहरूको ग्रहणचाहिँ सारा संसार पुनर्जीवित गरिएको वा संसारको पुनरुत्थान भएको ठहरिनेछ।

योनाको उदाहरण दिएर यो कुरा बुझाउन हामीलाई सजिलो लागेको छ। भविष्यवक्ता योनाले इस्राएली जातिलाई चित्रण गर्छ। जब आँधीबेह्री चलिरहेको बेलामा योना जहाजबाट समुद्रमा फालिए, तब यो कुरा यस पानीजहाजभित्र रहेका नाविकरूपी अन्यजातिहरूका निम्ति छुटकारा, तिनीहरूको मुक्ति भयो। तर जब परमप्रभुसँग योनाको सम्बन्ध फेरि पुनर्स्थापित भयो, र परमप्रभुको आदेशअनुसार उनले निनवेमा प्रचार गरे, तब यो कुरा यस महानगरका बासिन्दाहरूरूपी सबै अन्यजातिहरूको मुक्ति भयो। ठीक यस्तै इस्राएली जाति परमेश्वरद्वारा अस्थायी रूपले त्यागिएको हुनाले 'मुट्ठीभरि'का अन्यजातिहरूकहाँ सुसमाचार पुगेको हो। तर इस्राएल जातिको पुनर्स्थापनामा अन्यजातिका भीड़ैभीड़ मानिसहरू परमेश्वरको राज्यभित्र आउनेछन्।

**रोमी ११:१६:** पावलले दुईवटा दृष्टान्तहरू प्रयोग गर्दछन्। पहिलो दृष्टान्तचाहिँ मुछेको पीठोको पहिलोफल र त्यसको ढिको, अनि दोस्रोचाहिँ रूखको जरा र त्यस रूखका हाँगाहरू हो। पहिले पहिलोफल र ढिकोको कुरा आयो, जुन दृष्टान्तको जोड़ मुछेको पीठोको ढिकोमा छ। गन्ती १५:१९-२१ पदको खण्डमा हामी के पढ्छौं भने, परमेश्वरको आज्ञाअनुसार इस्राएलीहरूले मुछेको पीठोको पहिलो ढिकोबाट केही भाग

अगल गरेर परमप्रभुका निम्ति मेलबलिको रूपमा चढ़ाउनुपरेको थियो । यही कुरा लिएर प्रेरित पावलले आफ्नो तर्कको विषय बनाउँछन्, र भन्छन्ः मुछेको पीठोको ढिकोबाट जुन भाग परमप्रभुका निम्ति अलग गरिन्छ, त्यो भाग पवित्र मानिन्छ भने त्यसको जम्मा ढिको पनि ग्रहणयोग्य हुनुपर्छ; किनभने त्यसको पहिलोफल त्यसैबाट लिइएको हो ।

अनि यस दृष्टान्तबाट मिल्ने शिक्षा यस प्रकारको छः अब्राहामचाहिँ त्यो ढिकोको पहिलोफल हुन् । परमेश्वरका निम्ति तिनी पवित्र थिए, अर्थात् तिनी परमेश्वरका निम्ति अलग पारिएका मानिस थिए; अनि जुन कुरा अब्राहामका निम्ति सत्य ठहरिन्छ, त्यो कुरा तिनको चुनिएको सारा वंशका निम्ति पनि सत्य ठहरिनुपर्छ। यसर्थ अब्राहामको वंशचाहिँ परमेश्वरको सम्बन्धमा भौतिक सौभाग्यशाली अधिकारको स्तरमा उठाइएको हो ।

अनि दोस्रो दृष्टान्तचाहिँ रूखको जरा र त्यसका हाँगाहरू हो । जब रूखको जरा पवित्र मानिन्छ, तब त्यसका हाँगाहरू पनि त्यस प्रकारले पवित्र ठहरिनुपर्छ । यस दृष्टान्तमा हामीले अब्राहामचाहिँ त्यस रूखको जराको रूपमा लिनुपर्छ; किनभने परमेश्वरले तिनलाई लिनुभयो, अरू जाति र मानिसहरूबाट अलग गर्नुभयो अनि तिनीबाट एउटा नयाँ जाति र समाज शुरु गर्नुभयो, जुन जाति र समाज अन्यजातिहरूदेखि भिन्नै थियो । यदि अब्राहामलाई अलग पारिएको थियो भने तिनीहरू पनि अलग पारिएका हुन्, जो तिनको वंशका, साथै परमेश्वरले चुनिएको वंशअनुक्रममा परेका छन् ।

**रोमी ११ः१७ः** प्रेरित पावल 'रूखको जरा र त्यसका हाँगाहरू' नामक दोस्रो दृष्टान्तमा अगाड़ि बढ़्दै जान्छन् ।

कति हाँगाहरू भाँचिए; योचाहिँ इस्राएली जातिका बाह्र कुलहरूलाई सङ्केत गर्दछ - तिनीहरूमध्ये जति अविश्वासमा अडिग रहे, ती भाँचिए । तिनीहरूले मसीहलाई अस्वीकार गरे; यसैले तिनीहरू परमेश्वरको चुनिएको जातिको स्तरमा रहेनन्, तर त्यस सौभाग्यशाली स्थानदेखि हटाइए । तर याद गर्नुहोस्ः सबै हाँगाहरू होइन, तर केही हाँगाहरू मात्र

हटाइए; किनकि यहूदी जातिको बाँकी भागरूपी मानिसहरूले, जसभित्र पावल आफू पनि पर्दथिए, ख्रीष्ट येशूलाई अप्नाए।

जुङ्गली जैतुनको रूखले अन्यजातिहरूलाई सङ्केत गर्दछ। तिनीहरूलाई यहाँ 'तिमी' भनेर एउटै सिङ्गै समग्र रूपमा लिइएको छ। तिनीहरू हाँगाको रूपमा त्यस असली जैतुनको रूखमा कलम गाँसिए।

यसो हुनाले अब अन्यजातिहरू त्यस सौभाग्यशाली अधिकारको स्थानका साँझेदार भए, जुन उच्च स्थान पहिले इस्राएली जातिलाई मात्र दिइएको थियो, र जुन उच्च स्थानमा इस्राएली जातिको बाँकी भाग अझ छँदैछ - तिनीहरूमध्ये जतिजनाले विश्वास गर्छन्, उनीहरू यस उच्च स्थानमा छँदैछन्।

यस दृष्टान्तमा हामीले एउटा कुरा याद गर्नुपर्छ, जो अति महत्त्वपूर्ण छ। यस असली जैतुनको रूखको फेदचाहिँ इस्राएली जाति नै होइन। तर यस रूखको फेदचाहिँ तिनीहरू हुन्, जो शताब्दी-शताब्दीमा त्यस सौभाग्यरूपी उच्च स्थानका निम्ति परमेश्वरबाट चुनिएको वंशअनुक्रममा परेका थिए। जसले त्यस रूखको फेदचाहिँ इस्राएल हो भनेर भन्छ, उसैले यस दृष्टान्तको खास नक्सा बिगार्छ; किनभने इस्राएलबाट इस्राएली जाति भाँचिनु र फेरि पनि इस्राएलमा जोड़िनु असङ्गत कुरा देखिन्छ।

अनि यो पनि याद गर्नु अनिवार्य कुरा होः जङ्गली जैतुनका हाँगाहरू परमेश्वरको मण्डली नै होइन। तर ती जङ्गली जैतुनका हाँगाहरू अन्यजातिहरू हुन्, जो एउटा सिङ्गै समग्र रूपमा लिइएका हुन्। जुङ्गली जैतुनका हाँगाहरू मण्डलीको अर्थमा प्रयोग गर्दा एउटा समस्या देखा पर्छः सच्चा विश्वासीहरू पनि परमेश्वरको सौभाग्यको स्थानबाट हटाउन सक्ने सम्भव देखिन्छ; अनि यो कुरा असम्भव नै छ, जसरी रोमी ८:३८-३९ पदको खण्डमा पावलले अघिबाट असम्भव भएको देखाइसकेका छन्।

अनि 'सौभाग्यरूपी उच्च स्थानका निम्ति चुनिएको वंशअनुक्रममा पर्नु' भनेको अर्थ यस प्रकारको छः परमेश्वरले आफ्नो इच्छाअनुसार कुनै मानिसहरूलाई आफ्ना निम्ति अलग पार्नुभयो, जसलाई उहाँले आफूसित-को सम्बन्धमा विशेष नजिकको स्थानमा राख्नुहुन्छ। तिनीहरू संसारका

अरू मानिसहरूबाट अलग पारिएका हुन्, अनि तिनीहरूसँग विशेष सौभाग्यहरू हुन्छन्। तिनीहरूको दर्जा 'निगाह-प्राप्त जाति' हो; तिनीहरूचाहिँ मानव-इतिहासका भिन्नभिन्नै समयमा परमेश्‍वरको विशेष प्रेम-मण्डलका सदस्यसदस्या भएर रहेका थिए।

सर्वप्रथम इस्राएली जाति यस सौभाग्यपूर्ण स्थानका निम्ति चुनिएको वंशअनुक्रममा परेको हो; किनभने यस संसारमा परमेश्‍वरबाट चुनिएको त्यो प्राचीन जातिचाहिँ उहाँको निजी प्रजा थियो। तर तिनीहरूले मसीहलाई इन्कार गरे; यसैले तिनीहरू ती भाँचिएका हाँगाहरूजस्तो हटाइए। यसरी तिनीहरूले 'प्रेमपात्ररूपी पुत्रत्व' भन्ने आफ्नो सौभाग्यशाली स्तर गुमाइपठाए। अन्यजातिहरू त्यस असली जैतुनको रूखमा गाँसिए, र तिनीहरू विश्‍वास गर्ने यहूदीहरूसँग जराबाट निस्केर आउने पोसिलो रसको सहभागी बने। त्यस रूखको जराले अब्राहामलाई सङ्केत गर्दछ; किनभने तिनीबाट नै सौभाग्यपूर्ण स्थानका निम्ति चुन्ने अनुक्रम शुरु भएको हो। अनि यस जैतुनको रूखबाट निस्केर आउने पोसिलो रसले चाहिँ त्यसको उब्जाउ गर्ने शक्ति देखाउँछ; किनकि जैतुनको रूखबाट प्रशस्त फलहरू फल्नेछन्, र ती फलबाट शुद्ध जैतुनको तेल बनिन्छ। त्यस जैतुनको रूखमा भएको पौष्टिकताले चाहिँ त्यस रूखसित एक भएको सहभागिताबाट बगिरहने सौभाग्यहरूरूपी आशिषको धारालाई सङ्केत गर्दछ।

**रोमी ११:१८:** तर अन्यजातिहरूले यहूदीहरूप्रति 'तिमीहरूभन्दा त हामी नै पवित्र' भन्ने अहमको भावना अप्नाउनुहुँदैन, न ता तिनीहरूले उनीहरूको विरोधमा 'कुनै कुरामा पनि हामी तिनीहरूभन्दा केही कम होइनौं' भन्ने गर्व गर्न पाउँछन्। जसले यस प्रकारको घमण्ड गर्दछ, त्यसले सौभाग्यपूर्ण स्थानका निम्ति चुन्ने अनुक्रम कहाँबाट शुरु भएको हो, सो कुरा बिर्सन्छ; किनभने त्यो त अन्यजातिहरूबाट शुरु भएकै होइन। होइन, सौभाग्यपूर्ण स्थानका निम्ति चुनिदिने अनुक्रमले नै तिनीहरूलाई त्यस आशिषको स्थानमा ल्याएको हो, जहाँ तिनीहरू अहिले खड़ा रहेका छन्।

**रोमी ११:१९:** तर पावलले अड़कल काटिसके, कि उनले कल्पना गरेको अन्यजातिको मानिसले यस प्रकारको भावना लिन सक्छः 'के

यहूदीहरूरूपी हाँगाहरू यस हेतुले भाँचिएनन्, कि म र अरू अन्य-जातिहरू हाँगाहरूको रूपमा जैतुनको रूखमा कलम गाँसिन सकौं ?'

**रोमी ११:२०:** 'ठिक्कै छ' भनेर प्रेरित पावलले यो कुरा केही हदसम्म सत्य मान्दछन्। हो, यहूदीहरूरूपी हाँगाहरू भाँचिए, अनि तिनीहरूको स्थानमा अन्यजातिहरूरूपी हाँगाहरू कलम गाँसिए। तर यो किन भएको हो त ? यसका निम्ति अन्यजातिहरूसित परमेश्‍वरबाट कुनै कुरा दाबी गर्ने विशेष अधिकार भएकोले होइन, तर इस्राएली जातिको अविश्‍वासको कारणले यसो भएको हो। अन्यजातिहरू कलम गाँसिएको कारण केमा खोज्नु हो भने तिनीहरूको विश्‍वास नै हामीले यसको मूलकारणको रूपमा लिनुपर्छ; किनभने विश्‍वासद्वारा तिनीहरू यस आशिषको स्थानमा उभिन्छन्।

'तिमीचाहिँ विश्‍वासद्वारा उभिन्छौ' भन्ने वाक्यले सङ्केत गरेझैं कसैलाई पावलले यहाँ सच्चा विश्‍वासीहरूको कुरा गरेका लाग्न सक्छ। तर यसको अर्थ यो नहुनु पनि सक्छ। विचार गर्नुहोस्: अन्यजातिहरू कुन हिसाबले विश्‍वासमा खड़ा भई उभिन्छन् ? यसको एउटै मात्र उत्तर छः यहूदी र अन्यजातिका मानिसहरू ती दुवैलाई एक-अर्कासित तुलना गर्दा यहूदीहरूले देखाएका विश्‍वासभन्दा अन्यजातिका मानिसहरूले बढ़ी विश्‍वास देखाए। कपर्नहुममा प्रभु येशूले त्यस सुबेदारको विषयमा यसो भन्नुभयो: *'म तिमीहरूलाई भन्दछु, इस्राएलमा पनि मैले यति ठूलो विश्‍वास पाएको छैनँ'* (लूका ९:७)। अनि पछि पावलले रोममा भएका यहूदीहरूलाई भने: *'यसकारण यो कुरा तपाईंहरूलाई थाह होस्: परमेश्‍वरको मुक्तिचाहिँ अन्यजातिहरूकहाँ पठाइएको छ, र तिनीहरूले सुन्नेछन्'* (प्रेरित २८:२८)। 'र तिनीहरूले सुन्नेछन्' भन्ने वाक्यमा तपाईंले ध्यान दिनुहोला! यसर्थ सुसमाचारप्रति अन्यजातिहरूको प्रतिक्रिया इस्राएली जातिको भन्दा निक्कै सकरात्मक रहेछ भन्ने बुझियो, जस्तै आजको दिनमा छँदैछ। यस सन्दर्भमा अन्यजातिहरू खड़ा रहेको कुराको ठीक उल्टो इस्राएली जातिको पतन हो। इस्राएली जाति पतित भयो र आफ्नो उच्च सौभाग्यशाली स्थानबाट खस्यो, अनि अन्यजातिहरू तिनीहरूको स्थानमा कलम गाँसिएका हुन्।

तर जो खड़ा छ, त्यो होशियार रहोस्, नत्र त्यो लड्नेछ। पावलले अन्यजातिहरू घमण्डले नफुलून् भन्ने इच्छा राखेका छन्; यसैले उनले तिनीहरूलाई चेताउनी दिएर भन्दछन्ः घमण्ड गर्नुको सट्टामा तिनीहरूमा ईश्वरीय डर हुनुपर्छ।

**रोमी ११ः२१ः** किनभने परमेश्वरले त्यस जैतुनको रूखका निजी हाँगाहरू भाँच्नुभयो र ती हाँगाहरू तिनीहरूको सौभाग्यशाली स्थानको अनुक्रमबाट हटाउनुभयो भने उहाँले जङ्गली जैतुनको रूखका हाँगाहरू कसरी बाँकी राख्नुहुन्छ र काट्नुहुन्न? उनीहरूको हालत यी निजी हाँगाहरूको जस्तै हुँदो हो त उनीहरूलाई नकाट्ने तर बाँकी राख्ने कुनै कारण नै रहनेछैन।

**रोमी ११ः२२ः** अनि यस जैतुनको रूखको दृष्टान्तबाट हामी परमेश्वरको स्वभावको सम्बन्धमा उहाँमा भएका दुईवटा विपरीत गुणहरू देख्दछौंः उहाँको कृपा र उहाँको कठोरता। उहाँको कठोरता हामी यसैमा थाहा गर्दछौंः उहाँले इस्राएली जातिलाई उहाँको निगाह-प्राप्त जातिको स्थानबाट हटाउनुभयो। उहाँको कृपा यसैमा प्रकट भएको छः उहाँले ख्रीष्टको सुसमाचार लिएर अन्यजातिहरूकहाँ जानुभयो (प्रेरित १३ः४६ र १८ः६)। तर परमेश्वरको कृपा आफ्नो हक सम्झनुहुँदैन; किनकि अन्यजातिहरूलाई हटाउनु केही बेर लाग्दैन; मुक्तिदाता प्रभुले आफ्नो सेवाकाईअन्तर्गत तिनीहरूको हृदयमा सुसमाचारप्रति त्यसलाई स्वागत गर्ने खुलापन भेट्टाउनुभयो (मत्ती ८ः१० र लूका ७ः९); तर यस प्रकारको खुलोपन तिनीहरूमा रहेन भने तिनीहरू पनि हटाइनेछन्।

यहाँ घरिघरि हामीले एउटै कुरा याद गर्नुपर्छः पावलले यहाँ न मण्डलीको विषयमा, न ता कुनै ख्रीष्ट-विश्वासीको विषयमा कुरा गर्दछन्। उनले यहाँ यस खण्डमा अन्यजातिहरूको विषयमा कुरा गरेका हुन्। यस संसारमा ख्रीष्ट येशूको मण्डलीलाई त्यसको शिरबाट अलग पार्न सक्ने कुरा छैन। ख्रीष्ट-विश्वासीलाई परमेश्वरको प्रेमबाट अलग पार्न सक्ने कुनचाहिँ कुरा होला? होइन, तर यहाँ अन्यजातिहरूरूपी मानिसहरूलाई तिनीहरूले वर्तमान समयमा ओगटेको सौभाग्यशाली स्थानबाट हटाउन सक्ने सम्भवना मात्र देखाइएको हो।

**रोमी ११:२३:** अनि इस्राएली जातिको विषयमा केकसो? उनीहरूको विच्छेद सधैंका निम्ति नहुन पनि सक्छ। तिनीहरूले आफ्नो जातीय अविश्वास छोड्छन् भने परमेश्वरले उनीहरूलाई उनीहरूले पहिले ओगटेका सौभाग्यशाली स्थानमा फेरि पनि ल्याएर राख्न सक्नुहुन्छ; र उहाँले यसो किन नगर्नुहोला? यसको सम्भव नहुने कुनै कारण रहेको छैन। परमेश्वरका निम्ति यसो गर्नु कति पनि असम्भव नहोला।

**रोमी ११:२४:** अनि वास्तवमा, तिनीहरूलाई फेरि पनि परमेश्वरको सौभाग्यशाली प्रजा तुल्याउन परमेश्वरका निम्ति सजिलो पर्नुपर्छ। अन्यजातिहरूलाई यहूदीहरूको स्थानमा राख्न सक्नुहुनेले झन् सजिलोसँग यहूदीहरूलाई फेरि पनि आफ्नै पहिलो स्थानमा कलम गाँसेर राख्नुहुन्छ, होइन र? परमेश्वरको निगाह-प्राप्त हुने रूखका सकली हाँगाहरू इस्राएलीहरू थिए; यसैले तिनीहरूलाई स्वभाविक हाँगाहरू भनिन्छ। अन्यजातिहरू जङ्गली जैतुनको रूखबाट आएका हाँगाहरू हुन्। अनि जङ्गली जैतुनको रूखका हाँगाहरू असली जैतुनको रूखमा कलम गाँस्नुचाहिँ अस्वभाविक काम हो; पावलको शब्दमा भन्नु हो भने यो त 'स्वभावको विपरीत' कुरा हो। तर स्वभाविक हाँगाहरू लिएर तिनलाई असली जैतुनको रूखमा कलम गाँस्नुचाहिँ तिनीहरूलाई तिनीहरूकै पहिलो स्थानमा राख्नु हो; यो अति सरल, प्रकृतिले साथ दिने काम हो।

**रोमी ११:२५:** अब प्रेरित पावलले इस्राएली जातिको पुनर्स्थापनाचाहिँ सम्भवना मात्र होइन, तर भविष्यमा निश्चित हुने कुराको रूपमा प्रकट गर्दछन्। अब पावलले एउटा रहस्य खोल्न लागेका छन्। रहस्य भन्नाले त्यो सत्य कुरा बुझिन्छ, जो अहिलेसम्म कसैबाट जानिएको छैन; रहस्यचाहिँ एउटा यस प्रकारको सत्यता हो, जो मानिसको बुद्धि र समझशक्तिविना खुलस्त पारिन्छ, र अबदेखि उसो जान्न सकिन्छ। पावलले किन यो रहस्य प्रकट गर्दछन् त? अन्यजातिहरूबाट आएका विश्वासीहरूले आफूलाई आफ्नो दृष्टिमा बुद्धिमान् नठानून् - यो रहस्य खोलेको उद्देश्य हो रहेछ। यहूदीहरूलाई हेप्ने र तुच्छ ठान्ने तिनीहरूको के काम? पावलद्वारा खुलस्त पारिएको त्यो रहस्य यस प्रकारको छः

इस्राएली जातिमाथि आइपरेको अन्धापना केवल केही मात्रामा भएको हो। यस अन्धापनाले सारा जातिलाई असर गरेको पनि होइन; अविश्वासमा अडिग रहनेहरू मात्र अन्धा भएका छन्।

अनि यो अन्धोपनाचाहिँ अस्थायी हो, केही समयका निम्ति मात्र हो। अन्यजातिहरूको पूरा सङ्ख्या भित्र नआएसम्मका निम्ति यो अन्धोपना मात्र रहन्छ। अन्यजातिहरूको पूरा सङ्ख्या भन्ने वाक्यले त्यो समय सङ्केत गर्दछ, जुन बेला प्रभुको मण्डलीमा अन्तिम सदस्यसदस्या थपिनेछ, र ख्रीष्टको शरीर सर्वाङ्ग अर्थात् अङ्गले पूर्ण भएको हुनेछ। तब ख्रीष्टको मण्डली स्वर्गमा उठाइनेछ। अन्यजातिहरूको पूरा सङ्ख्या भएको समय र ख्रीष्ट-विश्वासीहरूको उठाइलगिने समय एउटै हो। तर अन्यजातिहरूको पूरा सङ्ख्या र अन्यजातिहरूका समयहरूको बीचमा भिन्नता राख्नुपर्छ (लूका २१:२४)। अन्यजातिहरूका समयहरूचाहिँ यहूदीहरू बेबिलोनमा कैदमा लगिएको समयदेखि शुरु भएका छन् (२ इतिहास ३६:१-२१) र ख्रीष्ट येशूको दोस्रो आगमनमा पूरा हुनेछन्, जब उहाँ यस संसारमा आफ्नो राज्य स्थापित गर्नुहुनेछ। यसर्थ अन्य-जातिहरूका समयहरूले यो जम्मै अवधिलाई सङ्केत गर्दछन्, जबसम्म अन्यजातिहरूले यहूदी जातिमाथि आफ्नो अधिकार जमाउँदछन्।

**रोमी ११:२६:** यसैले यस सम्बन्धमा बुझौं: ख्रीष्ट-विश्वासीहरू उठाइलगिएको समयदेखि नै इस्राएली जातिबाट त्यो अन्धापना हटाइनेछ, जुन अन्धापना परमेश्वरको न्यायको रूपमा तिनीहरूमाथि आइपरेको थियो। यसो भए पनि जम्मै इस्राएली जातिले तत्कालै मुक्ति पाउनेछैन। सङ्कष्टकालको समयभरि कुनै न कुनै यहूदी मानिसहरू प्रभु येशूकहाँ फर्कनेछन्; तर ख्रीष्ट येशू राजाहरूका महाराजा र प्रभुहरूका परमप्रभुको रूपमा यस संसारमा नफर्कुन्जेल तिनीहरूबाट बाँकी चुनिएका मानिसहरूले मुक्ति पाउनेछैनन्।

पावलका शब्द हुन्: *'सारा इस्राएलले मुक्ति पाउनेछ।'* यसमा हामीले सबै विश्वास गर्ने यहूदीहरूले मात्र मुक्ति पाउनेछन् भन्ने कुरा बुझ्नुपर्छ। तर ख्रीष्ट येशूको दोस्रो आगमनमा यहूदी जातिबाट विश्वास नगर्ने सबै मानिसहरू नष्ट हुनेछन् (जकरिया १३:८-९)। *'परमप्रभुको नाममा*

*आउनुहुने धन्य हुनुहुन्छ'* भन्नेहरू मात्र विनाशबाट उम्कनेछन्, र परमेश्वरको राज्यभित्र प्रवेश गर्नेछन् ।

*'छुटकारा दिनुहुने सियोनबाट आउनुहुनेछ, र याकूबबाट अभक्ति हटाउनुहुनेछ'* भन्दै यशैयाले यस अमूल्य क्षणको विषयमा भविष्यवाणी गरेका थिए (यशैया २९:२०) । प्रभु येशू बेतलेहेममा आउनुहुने कुरा छैन यहाँ, तर उहाँ सियोनमा आउनुहुनेछ; यो उहाँको दोस्रो आगमन हो ।

**रोमी ११:२७ः** यशैया २७:९ र यर्मिया ३१:३३-३४ पदका खण्डहरूले पनि यही घड़ीको बयान गर्दछन्; त्यत्ति बेला परमेश्वरले तिनीहरूसँग बाँध्नुभएको नयाँ करारका सर्तहरूअनुसार तिनीहरूलाई तिनीहरूका पापहरू क्षमा गर्नुहुनेछ र तिनीहरूबाट तिनीहरूका अधर्महरू हटाउनुहुनेछ ।

**रोमी ११:२८ः** इस्राएली जातिको वर्तमान् अवस्था हामीले यस प्रकारले संक्षेप गरौंः *'सुसमाचारको सम्बन्धमा तिमीहरूको खातिर तिनीहरू शत्रु हुन्'* । तिनीहरूको विषयमा भन्नुपर्ने पहिलो कुरा यही हो । तिनीहरू कसरी शत्रु बने त ? परमेश्वरले तिनीहरूलाई त्याग्नुभयो; उहाँले तिनीहरूलाई उहाँका कृपापात्र भएको स्थानबाट हटाउनुभयो; तिनीहरू परमेश्वरका निम्ति बिराना भए। यसरी नै ख्रीष्टको सुसमाचार अन्यजातिहरूकहाँ पठाइयो, र तिनीहरूको बीचमा फैलिएर गयो ।

तर वास्तवमा यो त आधा कुरा मात्र हो; किनकि *'चुनाउको सम्बन्धमा पुर्खाहरूको खातिर तिनीहरू प्रिय हुन् ।'* पुर्खाहरूको खातिर भनेको अब्राहाम, इसहाक र याकूबको खातिर हो ।

**रोमी ११:२९ः** परमेश्वर इस्राएली जातिलाई अझ किन प्रेम गर्नुहुन्छ ? किनकि उहाँका अनुग्रहका वरदानहरू र उहाँको बोलावट नउल्टिने हुन्छन् । परमेश्वरले आफ्ना अनुग्रहका वरदानहरू फिर्ता लिनुहुन्न । परमेश्वरले बितेको समयमा सर्तविना आफ्नो स्वतन्त्र इच्छाले केही कुरा प्रतिज्ञा गर्नुभयो भने उहाँले यस प्रतिज्ञाबाट कहिल्यै पछि हट्नुहुन्न, यो प्रतिज्ञा रद्द गर्नुहुन्न, यसलाई बदली गर्नुहुन्न । रोमी ९:४-५ पदहरूमा उहाँले इस्राएली जातिलाई दिनुभएका विशेष सौभाग्य र अधिकारहरूको सूचि छ । उहाँले इस्राएली जातिलाई यस संसारमा आफ्नो

निजी प्रजा हुन बोलाउनुभयो (यशैया ४८ः१२); यसरी नै उहाँले तिनीहरूलाई पृथ्वीका अरू सबै जातिहरूबाट अलग पार्नुभयो। अनि कुनै कुराले पनि उहाँको यो बोलावट र यसमा उहाँका ईश्वरीय उद्देश्यहरू कहिल्यै अदलबदल गर्न सक्नेछैन।

**रोमी ११ः३०ः** हामी अन्यजातिहरूको विषयमा कुरा गरौं भने यिनीहरूचाहिँ असभ्य, अनाज्ञाकारी, अविश्वासी मानिसहरू थिए। तर जब इस्राएलका मानिसहरूले आफ्ना मसीहलाई र मुक्तिको सुसमाचार अस्वीकार गरे, तब परमेश्वरको मन अन्यजातिहरूकहाँ फर्क्यो, र उहाँले तिनीहरूलाई नै कृपा देखाउन थाल्नुभयो।

**रोमी ११ः३१ः** अनि भविष्यमा फेरि पनि प्रायः यस क्रमअनुसार केही घटनाहरू घट्नेछन्। इस्राएलीहरू अनाज्ञाकारी र अविश्वासी रहेको समय समाप्त हुनेछ, र तिनीहरूले परमेश्वरबाट कृपा पाउनेछन्; किनकि अन्यजातिका मानिसहरूलाई देखाइएको कृपाले यहूदीहरूमा डाहा पैदा गर्नेछ। कतिले के सिकाउँछन् भने, अन्यजातिहरूले इस्राएलीहरूलाई देखाएको कृपाले इस्राएली जातिको पुनर्स्थापना ल्याउँछ अरे। तर यसरी इस्राएलको पुनर्स्थापना हुनै सक्दैन। प्रभु येशूको दोस्रो आगमनले इस्राएली जातिको पुनर्स्थापना ल्याउनेछ (रोमी ११ः२६-२७)।

**रोमी ११ः३२ः** जब हामी यो पद पहिलो पल्ट पढ्छौं, तब हामीलाई के लाग्न सक्छ भने, अहो, परमेश्वरले मनपरी गरेर दुवै यहूदी मानिसहरू र अन्यजातिका मानिसहरूलाई अविश्वासको वशमा सुम्पनुभएको हो क्यार; अनि तिनीहरूले उहाँको इच्छाको विरोधमा केही पनि गर्न सक्दैनन्। तर वास्तवमा यस पदको अर्थ यो हुँदै होइन। तर त्यो अविश्वासचाहिँ तिनीहरू आफैले गरेका हुन्। यस पदले भन्न चाहेको कुरा यही होः यहूदीहरू र अन्यजातिका मानिसहरू अविश्वासी र अनाज्ञाकारी ठहरिसकेपछि परमेश्वरले तिनीहरूलाई तिनीहरूकै अवस्थामा छोड़िदिनुभयो; उहाँले तिनीहरूलाई त्यस थुनामा यस हेतुले राख्नुभयो, कि तिनीहरूले उहाँका सर्तहरूअनुसार यस अविश्वासबाट छुटकारा पाऊन्, नत्र तिनीहरू सधैं यस थुनामा रहनुपर्नेछ।

यस अविश्वासले गर्दा परमेश्वरले सबै मानिसहरूलाई, यहूदी-हरूलाई र अन्यजातिका मानिसहरूलाई कृपा देखाउने मौका पाउनुभयो। तर यहाँ अन्तमा सबै मानिसहरूले मुक्ति पाउनेछन् भन्ने कुरा बुझ्न कुनै ठावै छैन। परमेश्वरले अन्यजातिका मानिसहरूलाई कृपा देखाउनुभयो; अनि उहाँले यहूदीहरूलाई फेरि पनि दया देखाउनुहुनेछ। तर उहाँले सबै मानिसहरूलाई मुक्ति दिनुहुनेछ भन्ने कुरा यहाँ छैन नै। यहूदीहरूलाई र अन्यजातिका मानिसहरूलाई कृपा देखाउँदा उहाँले जातीय हिसाबले तिनीहरूसँग व्यवहार गर्नुहुन्छ, व्यक्ति-व्यक्तिको आधारमा होइन। यस सम्बन्धमा श्री जर्ज विलियम्ले यसो भन्दछन्ः 'परमेश्वरले हिब्रूहरूलाई र अन्यजातिहरूलाई जाँच्नुभयो, र यी दुवैले यस जाँचमा फेल खाए, दुवै असफल भए। फलस्वरूप परमेश्वरले यी दुवैलाई यस उद्देश्यले अविश्वासरूपी थुनामा राख्नुभयो, कि उहाँले आफ्नो अपार, अगम्य अनुग्रहअनुसार तिनीहरू सबैलाई कृपा देखाउन सकून्। किनकि यी दुवैमा कुनै योग्यता वा पुण्य थिएन, र उक्त जाँचमा फेल खाएको हुनाले तिनीहरूले परमेश्वरको निगाह दाबी गर्न सक्ने र यसमा हाम्रै हक छ भन्न सक्ने कुनै ठावै रहेको थिएन।'[44)]

**रोमी ११ः३३ः** अन्तमा यस खण्डमा परमेश्वरको बुद्धिको विषयमा एउटा स्तुतिगान प्रस्तुत गरिएको छ; यस स्तुतिगानमा प्रेरित पावलले फेरि एकपल्ट यस पत्रभरि पेस गरेका मोतीरूपी आत्मिक सत्यताहरू नियाल्छन् र यहाँ एक-एक गरी प्रकट गरिएका आश्चर्य-आश्चर्य हिरारूपी दिव्य प्रकाशहरूमाथि आफ्नो ध्यान लगाउँछन्; किनकि पावलले मुक्तिको सम्बन्धमा परमेश्वरको उदेकको योजना बुझाउँदै आएका छन्; यस दिव्य योजनाअनुसार धर्मी परमेश्वरले भक्तिहीन पापी मानिसहरूलाई मुक्ति दिन सक्नुहुन्छ, तिनीहरूलाई धर्मी ठहराउन सक्नुहुन्छ, र पनि यसो गर्दाखेरि बिलकुल निर्दोष र धर्मी रहनुहुन्छ। उनले यस पत्रमा के देखाएका छन् भने, ख्रीष्ट येशूको त्राणको कामले परमेश्वरलाई ठूलो महिमा दिलाएको छ, र मानिसहरूका निम्ति धेरैभन्दा धेरै आशिषहरू ल्याएको छ; आदमले आफ्नो पापद्वारा जति आशिषहरू गुमाइपठाए, तीभन्दा बढ्ता, प्रशस्त आशिषहरू मानिस-जातिले ख्रीष्ट येशूमा पाएको

छ। परमेश्वरको अनुग्रहले ख्रीष्ट-विश्वासीहरूमा एउटा पवित्र जीवन उत्पादन गर्दछ, सो कुरा बताएका छन्; यस प्रकारको पवित्रता मोशाको व्यवस्थाले कुनै हालतमा पनि कहिल्यै ल्याउन सक्दैन। त्यसपछि परमेश्वरले चुन्नुभएका मानिसहरूमा उहाँको उद्देश्यचाहिँ एउटा बीचमा सम्बन्ध कहीं नटुटेको सिक्रीका मुन्द्रामुन्द्रीहरूजस्तो उहाँको पूर्वज्ञानबाट शुरु गरेर अनन्त महिमामा त्यसको टुङ्गा हुनेछ, सो एक-एक कुराको रूपरेखा प्रस्तुत गरेका छन्। चुनाउमा परमेश्वरको सर्वाधिकार छ भन्ने शिक्षा दिएपछि उनले यस सम्बन्धमा सँगै परेको शिक्षाको रूपमा मानिसको कर्तव्यको विषयमा सिकाएका छन्। इस्राएली जाति र अन्यजातिहरूको सम्बन्धमा परमेश्वरले भिन्नै युगमा भिन्नै व्यवहार गर्नुभएको, र उहाँको यो व्यवहार पूरा न्यायसङ्गत र यसको तालमेल मिलेको भेट्टाएका छन्। अब के गर्न बाँकी रहेको ? परमेश्वरको स्तुतिगान गाउनु र उहाँलाई दण्डवत् गर्नुबाहेक अरू केही काम बाँकी रहेको छैन।

*'आहा, परमेश्वरको बुद्धि र ज्ञानरूपी धन कति गहन छ !'*

परमेश्वरको धनः परमेश्वर कृपा, प्रेम, अनुग्रह, विश्वस्तता, शक्ति र भलाइमा धन्वान् हुनुहुन्छ।

परमेश्वरको बुद्धिः उहाँको बुद्धि अनन्त, अगम्य, अद्वितीय, अविजेय हुन्छ।

परमेश्वरको ज्ञानः परमेश्वरको ज्ञानको परिभाषा दिँदै श्री आड्थर डब्ल्यू. पिङ्कले यसो भन्छन्ः 'परमेश्वर सर्वज्ञानी हुनुहुन्छ; यसैले सबै सम्भव कुराहरू, सबै वास्तविक कुराहरू, सबै घटेका कुराहरू, अँ, सृष्टि गरिएका सबै प्राणीहरूसित सम्बन्ध राख्ने सबै कुराहरू उहाँ सबका सब कुराहरू जान्नुहुन्छ, चाहे ती बितेको समयमा भएका, वर्तमान् समयमा भइरहेका र भविष्यमा हुने कुराहरू हुन्।'[45]

उहाँका न्यायका फैसलाहरू मरणशील मानिसको दिमागले जान्न र बुझ्न नभियाउने अथाह छन्; आफ्नो सृष्टिमा, मनाव-इतिहासमा, मुक्तिको सम्बन्धमा र पूर्वप्रबन्ध गरेकोमा उहाँका मार्गहरू अगम्य छन्; हाम्रो सीमित मस्तिष्कले यिनको विषयमा के जान्दछ, उहाँका मार्गहरू हाम्रो समझरूपी हददेखि बाहिर छन्।

**रोमी ११:३४:** सृष्टि गरिएको कुनै पाणीले परमप्रभुको मन पूरा जान्न सक्दैन; उसले परमेश्वरद्वारा प्रकट गरिएका कुराहरू मात्र केही हदसम्म जान्न सक्दछ। जे जान्न सकिन्छ, त्यो ऐनामा देखेजस्तै धमिलो देखिन्छ, अधूरो देखिन्छ (१ कोरिन्थी १३:१२)। कुनै मानिस पनि परमेश्वरलाई सल्लाह दिने योग्यको छैन। हाम्रो सल्लाह उहाँलाई चाहिँदैन; यसबाट उहाँलाई कुनचाहिँ फाइदा मिल्नेथियो, आफै विचार गर्नुहोस्! (यशैया ४०:१३)।

**रोमी ११:३५:** परमेश्वर कसको ऋणमा पर्नुभएको छ? उहाँ कसप्रति आभारी हुनुपरेको छ? (अय्यूब ४१:११)। अनन्त परमेश्वरलाई हामीले कुनचाहिँ दान दिएका छौं, जसले गर्दा त्यसको बदलामा उहाँले हामीलाई केही फिर्ता दिनुपर्ने?

**रोमी ११:३६:** सर्वशक्तिमान् परमेश्वर आफैमा परिपूर्ण हुनुहुन्छ। उहाँ हरेक असल दान-वरदानको स्रोत हुनुहुन्छ। सारा ब्रह्माण्डलाई सम्हाल्नुहुने र आफ्नो नियन्त्रणमा राख्नुहुने उहाँ नै हुनुहुन्छ। सबै कुराहरू उहाँकै निम्ति सृष्टि गरिएका हुन्; अनि सबै कुराहरूले उहाँको महिमा गर्नुपर्दछ; सबै कुराहरूको उद्देश्य यही हो। *'उहाँलाई नै सदा-सर्वदा महिमा होस्! आमेन!!'*

## ३) व्यवहारिक खण्डः परमेश्वरको सुसमाचारको योग्य व्यवहार (रोमी १२-१६ अध्याय)

अब निम्न प्रश्न बाँकी रह्योः 'जतिजना परमेश्वरको अनुग्रहमा सित्तैंमा धर्मी ठहरिएका हुन्छन्, यस कुराले तिनीहरूको दैनिक जीवन कुन-कुन क्षेत्रमा र तिनीहरूलाई कुन प्रकारले प्रभाव पार्नुपर्छ?' रोमीको पुस्तकको बाँकी भागमा प्रेरित पावलले यस प्रश्नको उत्तर दिन्छन्। अरू ख्रीष्ट-विश्वासीहरूप्रति, आफ्नो समाजप्रति, आफ्ना शत्रुहरूप्रति र आफ्नो सरकारप्रति र हाम्रा कमजोर विश्वासीहरूप्रति हाम्रो कर्तव्य के-के हो, सो कुरा उनले यस बाँकी खण्डमा पेस गर्दछन्।

## क) रोमी १२:१-२: व्यक्तिगत समर्पण

**रोमी १२:१:** रोमी एक अध्यायदेखि रोमी एघार अध्यायसम्म प्रस्तुत गरिएका परमेश्वरका नाना प्रकारका कृपाहरूको विषयमा गम्भीर भई यी कृपाहरू देखाउनुहुने परमेश्वरप्रति विश्वासयोग्य भइरहन चाहने मानिसहरूले आफ्नो श्रद्धाभक्ति कसरी देखाउन सक्छन् ? यसको एकमात्र उत्तर सम्भव छः उनीहरूले आ-आफ्नो शरीरलाई एउटा पवित्र, परमेश्वरलाई मनपर्दो, जिउँदो बलिदानको रूपमा अर्पण गर्दछन् । हाम्रो शरीर भन्नाले हाम्रो शरीरका सबै अङ्गहरू बुझिन्छ, जसले हाम्रो सम्पूर्ण जीवनलाई सङ्केत गर्दछ । यस शब्दको अर्थ त्यहाँसम्म जान्छ ।

हाम्रो सम्पूर्ण जीवनको समर्पणचाहिँ परमेश्वरको उचित सेवा हो; किनभने परमेश्वरका पुत्र मेरा निम्ति मर्नुभयो; यसकारण उहाँको सेवा गर्ने सम्बन्धमा उचित के हो त ? मैले उहाँका निम्ति जिउनुपर्छ । मैले गर्न सक्ने काम र मैले गर्नुपर्ने कर्तव्य यही हो । योभन्दा कम जे गरिन्छ, त्यो परमेश्वरको सेवाको रूपमा चल्दैन र ग्रहण गरिँदैन । यूकेका नामी खेलाड़ी श्री सी. टी. स्टडले यसो भनेका थिएः 'येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ; अनि उहाँ मेरा निम्ति मर्नुभएको हो । यसकारण मैले उहाँका निम्ति कुनचाहिँ बलिदान नदिने ? मैले उहाँलाई नदिने कुनै बलिदान नै छैन ।'[46] श्री आइसक वाट्सको 'त्यस क्रूसमा जब हेर्दछु' नामक प्रख्यात् भजन छ, जसका शब्दहरू यस प्रकारका छन्: 'यत्रो अद्भुत, महान्, दिव्य प्रेमका निम्ति मेरो उचित दान के हो त ? मेरो हृदय, मेरो जीवन, अँ, मेरा सबै थोकहरू यसका योग्य दानहरू हुन् ।'

कति बाइबल अनुवादहरूले हाम्रो ग्रहणयोग्य, सदोचित सेवा 'आत्मिक सेवा' भनेर अनुवाद गरेका छन्; किनभने हामी विश्वासीहरू यस्ता पूजाहारी हौं, जसले मारिएका पशुहरूका बलिहरू चढ़ाउँदैनन्, तर जसले आत्मिक बलिदानहरू चढ़ाउँछन्, अर्थात् हाम्रो अर्पण गरिएको शरीरचाहिँ हाम्रो बलिदान हो । हामी परमेश्वरलाई हाम्रो सेवा (रोमी

१५ः१६), हाम्रो स्तुतिप्रशंसा (हिब्रू १३ः१५) र हाम्रो धनसम्पत्ति (हिब्रू १३ः१६) चढ़ाएर उहाँलाई प्रसन्न तुल्याउन सक्छौं।

**रोमी १२ः२ः** दोस्रो कुराः प्रेरित पावलले हामीलाई अग्राहपूर्वक यस संसारसित एक नहुने अर्ती दिन्छन्; किनभने परमेश्‍वरको राज्यमा प्रवेश गर्ने जतिले संसारको दृष्टिकोण लिएर विचार गर्न छोड्नुपर्छ र सांसारिक जीवनशैली त्याग्नुपर्छ। फिलिप्स्‌को भावात्मक अनुवादअनुसार ‘तिमीहरू आफ्नो चारैतिर भएको संसारलाई त्यसले तिमीहरूलाई थिचेर त्यसकै ढाँचाकाँचामा ढाल्ने अनुमति नदेओ !’

यहाँ प्रयोग गरिएको ‘संसार’ भन्ने शब्दको अर्थ मानिस जिउने युग वा समाज हो, अथवा हामीले यसमा मानिसहरूले जिउन अप्नाएका ती विभिन्न पद्धति र प्रणालीहरू बुझ्नुपर्छ, जसद्वारा मानिसहरूले परमेश्‍वरको अधीनतामा नरहीकन स्वतन्त्रतापूर्वक एउटा सुखी जीवन जिउन खोज्छन्। यसलाई हामी यस्तो एउटा छुट्टै राज्यको रूपमा लिन सक्छौं, जो बिलकुल परमेश्‍वरको राज्यको विपरीत छ। यस संसाररूपी राज्यको देव र शासकचाहिँ शैतान हो (२ कोरिन्थी ४ः४, यूहन्ना १२ः३१, १४ः३० र १६ः११)। प्रभुकहाँ नफर्केका सबै मानिसहरू त्यसका जनता हुन्। मानिसहरूलाई शरीरको अभिलासा, आँखाको अभिलाषा र जीवनको सेखीमा फसाउने शैतानका दाउहरू अनेक छन् (१ यूहन्ना २ः१६)। यसरी नै त्यसले मानिसहरूलाई लोभ्याउन र आफ्नो पक्राउमा पार्न खोज्छ। संसारको राजनीति अर्कों छ; संसारका कला, गीत र संगीत, धर्म र कर्म अर्कै छन्। संसारले गरिने मोजमज्जाहरू बेग्ला छन्। संसारका मानिसहरूका सोचविचारहरू परमेश्‍वरसित मिल्दैनन्; तिनीहरूको रहनसहन र व्यवहार अर्कै छ। संसारले सबैलाई आफ्नै संस्कृति, आफ्नै संस्कार, आफ्नै परिष्कार र आफ्नै रीतिहरूमा बाँध्न खोज्छ। संसारको एउटै रूप छ; संसारले यस रूपसित नमिल्ने सबैलाई घृणा गर्दछ; यसैले संसारले ख्रीष्टलाई र उहाँका अनुयायीहरूलाई सधैं घृणा गरेको छ।

प्रभु येशू क्रूसमा मर्नुभयो, र उहाँले हामीलाई आफ्नो क्रूसको मृत्युद्वारा संसारबाट छुटकारा दिनुभयो। संसारचाहिँ हाम्रा निम्ति क्रूसमा

टाँगिएको छ; अनि हामीचाहिँ संसारका निम्ति क्रूसमा टाँगिएका छौं। तब हामीले संसारलाई प्रेम कसरी गरौं? यो त प्रभु येशूप्रति गरेको विश्वासघात हो; यो त उहाँप्रति सम्पूर्ण तवरले हाम्रो अविश्वास देखाउनु हो। हरेक जसले संसारलाई प्रेम गर्दछ, ऊ परमेश्वरको शत्रु हो।

ख्रीष्ट येशू संसारको हुनुहुन्नथियो; हरेक ख्रीष्ट-विश्वासीचाहिँ उत्तिकै संसारको हुँदैन। तर प्रभु येशूले हामीलाई संसारमा पठाउनुहुन्छ; यसको उद्देश्य संसारका कामहरू कति दुष्ट छन्, यस सम्बन्धमा तिनको दोष प्रकट गर्नु र मुक्ति केवल हाम्रा प्रभु येशूमा छ भन्ने कुराको गवाही दिनु हो। जस-जसले उहाँमाथि विश्वास गर्दछन्, तिनीहरूका निम्ति ख्रीष्ट येशूमा मुक्ति सित्तैंमा उपलब्ध गरिएको छ। संसारबाट अलग रहनु मात्र पर्याप्त हुँदैन, तर हाम्रो मनको परिवर्तन हुनुपर्छ। हाम्रो मनोभावना र हाम्रा विचारहरू नयाँ हुँदै जानुपर्छ। परमेश्वर जस्तो सोच्नुहुन्छ, हामीले त्यस्तै सोच्न थाल्नुपर्छ; अनि उहाँ कसरी सोच्नुहुन्छ? उहाँका विचारहरू पवित्र बाइबलमा प्रकट गरिएका छन्। हाम्रो मनको परिवर्तन भएदेखि हामी आफ्नो जीवनमा परमेश्वरको स्पष्ट अगुवाइ र निर्देशण पाउने आशा राख्न सक्छौं। यस्तो हाम्रो मीठो अनुभव के हुन्छ त? जहाँ उहाँको इच्छा हामीलाई गाह्रो र मन नपर्दो लाग्दथियो, त्यहाँ अब उहाँको इच्छा असल, ग्रहणयोग्य र सिद्ध हुँदो रहेछ।

परमेश्वरको इच्छा जान्ने तीनवटा चाबी यहाँ छन्ः

**अ)** आफ्नो शरीरको समर्पण गरेको

**आ)** आफ्नो जीवन संसारबाट अलग भएको

**इ)** आफ्नो मनको परिवर्तनले नयाँ भएको

## ख) रोमी १२ः३-८ः आत्मिक वरदानहरू लिएर गरिने सेवा कस्तो छ?

**रोमी १२ः३ः** यहाँ प्रेरित पावलले आफ्नो जीवनमा पाएको अनुग्रहमार्फत कुरा गर्दछन्। यस अनुग्रहले उनलाई ख्रीष्ट येशूको प्रेरित हुन योग्य तुल्याएको छ र उनलाई प्रेरितको काम गर्ने शक्ति र क्षमता

दिएको छ। उनलाई दिइएको यस प्रेरितिक अनुगहअनुसार उनले अब कतिपय बाङ्गाटेढ़ा विचारहरू सोझो पार्न खोज्दैछन्।

पहिले उनले हामीलाई के सम्झना दिलाउँछन् भने, ख्रीष्टको सुसमाचारमा कुनै यस्तो कुरा पाइँदैन, जसले हामीमा अरू मानिसहरूभन्दा श्रेष्ठ ठान्ने भावनालाई ठाउँ दिन्छ। उनले हामीलाई आत्मिक वरदान-हरूको सम्बन्धमा नम्र भई तिनलाई अरू मानिसहरूको उन्नतिका निम्ति प्रयोग गर्ने प्रोत्साहन दिन्छन्। उनले हामीलाई आफूमा कुनै महत्त्व नराख्ने, यस्तो अहमले पूर्ण विचार अलिकति पनि मनमा उठ्न नदिने र अरू मानिसहरूलाई डाहा नगर्ने अर्ती दिन्छन्; किनभने प्रभुका निम्ति हरेक विश्वासी अद्वितीय हो; उहाँको सेवा गर्ने सम्बन्धमा हामी सबै महत्त्वपूर्ण हौं; हामी सबैका निम्ति उहाँको सेवा गर्ने ठाउँ, अवसर र कर्तव्यहरू छन्। परमेश्वरले हामीलाई ख्रीष्टको शरीरमा जुन ठाउँ दिनुभयो, यस ठाउँमा हामी सन्तुष्ट रहनुपर्छ। परमेश्वरले दिनुभएको क्षमताअनुसार हामीले आफ्ना दान-वरदानहरू प्रयोग गर्नुपर्छ।

**रोमी १२ः४ः** मानिसको शरीरमा धेरै अङ्गहरू छन्; तर एक-एक अङ्गका निम्ति त्यसको काम भिन्न-भिन्नै हुन्छ। हामी शरीरको स्वास्थ्य वा त्यसको कुशलता र कल्याणको कुरा गरौं भने सबै कुरा त्यस शरीरको एक-एक अङ्ग सठीक काम गर्छ कि गर्दैन भन्नेमा भर पर्छ।

**रोमी १२ः५ः** अनि ख्रीष्टको शरीरमा पनि ठीक त्यस्तै हुन्छ। ख्रीष्टको शरीरमा एकता हुन्छ; किनभने शरीर एउटै हो। ख्रीष्टको शरीरमा अङ्ग-अङ्गको बीचमा भिन्नता छ; किनभने अङ्गहरू धेरै छन् र अङ्ग-अङ्गका कामहरू बेग्ला-बेग्लै हुन्छन्। ख्रीष्टको शरीरमा हामी परस्परमा एक-अर्कामा आश्रित रहेका छौं; किनकि हामी एक-अर्काकै अङ्गहरू हौं। जे वरदान हामीसँग छ, त्यो त हाम्रो आफ्ना निम्ति आफ्नो प्रदर्शन गरौं भन्ने हेतुले दिइएको होइन, न आफ्नो स्वार्थ पूर्ति गर्नका निम्ति दिइएको हो। हरेक आत्मिक वरदान ख्रीष्टको शरीरको उन्नतिका निम्ति दिइएको हो। कुनै वरदान आत्मनिर्भर रहन सक्दैन; कुनै वरदान नभई हुँदैन। के हाम्रो विचार परमेश्वरको विचारसँग मिल्छ? सचेत भएर सोच्नु भनेको माथि उल्लेख गरिएअनुसार विचार गर्नु हो। जब हाम्रो विचार यी

सबै कुराहरूमा परमेश्वरसँग मेल खान्छ, तब त्यस कुराले हामी साँच्चै सचेत हौं भन्ने प्रमाण दिन्छ (रोमी १२ः३)।

**रोमी १२ः६ः** रोमी १२ः६-८ पदको खण्डमा प्रेरित पावलले हामीलाई केही आत्मिक वरदानहरूको विषयमा तिनलाई हामीले कसरी प्रयोग गर्नुपर्छ, सो शिक्षा दिन्छन्। यहाँ दिइएको सूचिमा सबै वरदानहरू उल्लेख छैनन्। किनभने यो सूचि दिइएको उद्देश्य सबै वरदानहरू उल्लेख गर्नु थिएन, तर वरदानहरूको केही उदाहरण दिनु मात्र थियो।

हामीलाई दिइएको अनुग्रहअनुसार हाम्रा वरदानहरू बेग्ला-बेग्लै छन्। अर्को शब्दमा भन्नु हो भने, परमेश्वरको अनुग्रहले भिन्न मानिसहरूलाई विभिन्न वरदानहरू दिन्छ। अनि जुन वरदान हामीलाई दिइएको छ, त्यसलाई सठीक रूपले प्रयोग गर्ने क्षमता वा पर्याप्त शक्ति दिनुहुने परमेश्वर स्वयम् हुनुहुन्छ। परमेश्वरले दिनुभएका क्षमताहरू प्रयोग गर्ने हाम्रो कर्तव्य हो। यसमा हामी विश्वासयोग्य भण्डारीहरू हुनुपर्छ।

रोमी १२ः६ पदअनुसार भविष्यवाणीको वरदान पाएकाहरूले तिनीहरूलाई दिइएको सानोठूलो विश्वासको परिमाणअनुसार भविष्यवाणी बोल्नुपर्छ। भविष्यवक्ताचाहिँ परमेश्वरको प्रवक्ता हो, जसले प्रभुको वचन विश्वासयोग्यतासाथ बोल्दछ। भविष्यको विषयमा कहनु यसको अगमवाणीको भाग हुन सक्छ, तर यसो हुनुपर्दैन। यस सम्बन्धमा श्री जे. होड्‌चले यसो भन्दछन्ः 'शुरुको मण्डलीमा भविष्यवक्ताहरूले पवित्र आत्माको अगुवाइअनुसार सत्यताका विभिन्न बुँदाहरू लिएर विश्वासीहरूलाई खाँटी शिक्षाहरू र व्यवहारिक अर्ती-उपदेशहरू दिने गर्थे, साथै तिनीहरूलाई भविष्यमा घट्ने घटनाहरूको सम्बन्धमा प्रकाश दिन्थे।'[47] तिनीहरूको अमूल्य सेवाकाई नयाँ नियमका पन्नाहरूमा हाम्रा निम्ति सुरक्षित राखिएको छ। वर्तमान् समयमा पवित्र आत्माको प्रेरणाबाट कुनै थप भविष्यवाणीहरू छैनन् नै, जसले इसाई शिक्षामा कुनै नयाँ कुरा वा नयाँ प्रकाश थप्छन्; किनकि पवित्र जनहरूलाई त्यो विश्वास एकैपल्टमा सदाका निम्ति सुम्पिइसकेको छ (यहूदा १ः३)। यसकारण आजभोलिको भविष्यवक्ताका निम्ति के काम वा सेवाकाई बाँकी रह्यो त?

उसले विभिन्न विषयहरूमा परमेश्वरको मन प्रकट गर्ने गर्छ, जसरी उसले यी विषयहरूमा परमेश्वरको पवित्र वचनमा यिनको प्रकाश पाउँदछ।

यस विषयमा हामी श्री ए. एच. स्ट्रङले भनेको टिप्पणी पनि प्रस्तुत गरौं: 'आधुनिक भविष्यवाणीहरू सत्य ठहरिनु हो भने ती सबै भविष्यवाणीहरूले ख्रीष्टको सन्देश प्रकाशित गर्नुपर्छ अर्थात् पवित्र धर्मशास्त्रमा प्रकट गरिएको सत्यता कि त प्रचार र घोषणा गर्नुपर्छ, कि त त्यसको वाख्या गर्नुपर्छ।'[48)]

हामीमध्ये जजसको भविष्यवाणी गर्ने वरदान छ, उनीहरूले पाएको विश्वासको परिमाणअनुसार यो वरदान प्रयोग गर्नुपर्छ। जुन वाक्य 'विश्वासको परिमाणअनुसार' अनुवाद गरिएको छ, त्यसलाई यस प्रकारले पनि भावात्मक अनुवाद गर्न मिल्छ: 'विश्वासको मानदण्डअनुसार' वा 'विश्वासको साँचोरूपी आदर्शअनुसार'। यसर्थ हाम्रो विश्वासचाहिँ पवित्र शास्त्रभित्र प्रकट गरिएको मानदण्डरूपी इसाई विश्वासका शिक्षाहरूसित मिल्नुपर्छ। अनि यस वाक्यको अर्थ यो पनि सम्भव हुन्छ: '*हाम्रो* विश्वासको परिमाणअनुसार', जसरी प्रायः सबै आधुनिक बाइबल-अनुवादहरूमा[49)] 'हाम्रो' भन्ने शब्द थपिएको पाइन्छ, जुन शब्दचाहिँ मूलग्रन्थमा पाइँदैन। यस लगाइएको थप शब्दको अर्थअनुसार परमेश्वरले हामीलाई जति विश्वास दिनुहुन्छ, त्यस धेरथोरै विश्वासअनुसार हामीले आफ्नो वरदान प्रयोग गर्नुपर्छ।

**रोमी १२:७:** जुन दान 'सेवाको वरदान' भनिएको छ, त्यो दानचाहिँ हामीले प्रभुका निम्ति गरिने जुनसुकै सेवाको फराकिलो बृहत् अर्थमा लिनुपर्छ। यो कुनै पाष्टरीय पद, कुनै धर्मगुरुको जिम्मेवारी वा कुनै सेवाकाईको नियुक्ति होइन, जसरी अचेल यस अङ्ग्रजी शब्दको अर्थ प्रयोग गरिन्छ। होइन, तर जुन व्यक्तिसँग यो सेवाको वरदान छ, उसैमा अरूको सेवा गर्ने भावना पनि हुन्छ। उसले अरू मानिसहरूको सेवा गर्ने अवसरहरू खोजिहिँड्छ। उसले सेवा गर्ने मौकाहरू छोपिहाल्छ।

अनि शिक्षा दिने वरदान के हो त? शिक्षा दिने वरदान भएको व्यक्तिले परमेश्वरको लिखित वचनको अर्थ खोल्छ र उसको शिक्षा सुनिदिने श्रोतागणको हृदयमा हालिदिन्छ र लेखिदिन्छ। हाम्रो आत्मिक

वरदान भिन्न भए पनि, जेजस्तो भए पनि, हामीले त्यसलाई प्रयोगमा ल्याउनुपर्छ र त्यसलाई दिलोज्यानले चलाउनुपर्छ ।

**रोमी १२:८:** यहाँ अर्ती दिने वरदानको कुरा गरिएको छ। त्यस वरदानले पवित्र जनहरूमा जुनै पनि खराबीलाई त्याग्ने उत्साह दिनको साथसाथै ख्रीष्ट येशूका निम्ति चाहे पवित्रतामा, चाहे जोस र उमङ्गको साथ उहाँको सेवाको सम्बन्धमा नयाँ-नयाँ शिखरहरू चढ्ने आँट दिलाउँछ ।

दिने वरदानचाहिँ के हो ? अरू मानिसहरूका खाँचा देख्न सक्ने, तिनीहरूका आवश्यकताप्रति मन लगाएर तिनीहरूको साँचो वास्ता राख्ने, साथै मानिसहरूलाई तिनीहरूका आवश्यकता पूर्ति गर्नुमा मद्दत दिने यो वरदान परमेश्वरले दिनुभएको क्षमता हो । दिने वरदान भएको व्यक्तिले उदारचित्तले दिनुपर्छ । उसका निम्ति परमेश्वरको आदेश यो हो ।

अनि अगुवाइ गर्ने वरदानको विषयमा के हो ? यो वरदान अरू ठाउँमा खाँचो हुन सक्छ, तर स्थानीय मण्डलीमा एल्डरको काम गर्नेहरूलाई यो वरदान अवश्य चाहिन्छ; किनभने एउटा एल्डर येशू प्रभु मुख्य गोठालाको सहायोगी गोठाला हो । ऊ बगालरूपी मण्डलीको अघि-अघि जानुपर्छ र विश्वासीहरूलाई परिश्रमको साथ र होशियारसाथ डोहोर्‍याउनुपर्छ ।

कृपा देखाउने वरदान एउटा आत्मिक क्षमता हो; त्यस वरदान भएको व्यक्ति आपदविपदमा परेकाहरूलाई सहायता दिन सक्षम हुन्छ। त्यस्तो वरदान पाएको मानिसले खुशी भएर त्यसलाई चलाउनुपर्छ। तर जुन कुरा वरदान पाएको मानिसका निम्ति सत्य छ, त्यो कुरा हामीमा पनि सत्य ठहरिनुपर्छः हामी सबैले कृपा देखाउनुपर्छ र हामीले कसैलाई कृपा देखाउँदा यो खुशीसित गर्नुपर्छ ।

यहाँ, यस ठाउँमा एकजना इसाई महिलाको गवाही सुन्नुहोस्, जसले मलाई यसो भनिन्ः 'जब मेरी आमा वृद्धा भइन्, र उनलाई सहायताको खाँचो पर्‍यो, तब मेरा श्रीमान् र मैले उनलाई हामीकहाँ ल्याउने निर्णय गर्‍यौं; र उनी हामीसँग बस्न लागिन् । आमा हाम्रो घरमा आएपछि मैले उनलाई हर कुरामा आफ्नै घर सम्झिने सकभर कोशिश गरें। उनका

निम्ति मैले पकाइ-तुल्याइ गर्थें, मैले उनका लुगा धुन्थें, मैले उनलाई नुहाइधुवाइ गर्थें, मैले उनलाई कारमा घमाउन लैजान्थें। छोटकारीमा भन्नु हो भने, मैले उनका निम्ति सबै कुरा गर्थें। तर बिस्तारै-बिस्तारै मैले आमालाई गरिएको त्यो सेवा बाहिरी तवरले मात्र पूरा गर्न थालें, तर मनमा म खुशी थिइनँ। यो मलाई पूरा याद नभएको कुरा हो, तर उनको कारणले हाम्रा नित्यकर्महरूमा बाधा आएको थियो, र यस कुराले मलाई बेखुशी तुल्याएको रहेछ। कहिलेकाहीं आमाले मलाई यसो सोध्ने गर्थिन्ः "छोरी, खोइ तिम्रो मुस्कान?" अथवा "तिमीले किन हाँस्न छोड़ेकी हँ?" यसरी मैले कृपा त देखाएँ, तर मैले कृपा देखाउँदा यो खुशीसित गरिनँ।'

## ग) रोमी १२ः९-२१ः समाजमा हाम्रो स्थान के हो?

**रोमी १२ः९ः** अब यस खण्डमा प्रेरित पावलले अरू ख्रीष्ट-विश्वासीहरूसित र अइसाई मानिसहरूसित व्यवहार गर्दाखेरि हामी हरेक ख्रीष्टको साँचो चेलामा हुनुपर्ने केही सद्गुणहरूको सूचि दिएका छन्।

प्रेमचाहिँ कपटविना हुनुपर्छ। प्रेमको भेष लिनु मात्र हुँदैन; हाम्रो प्रेम सकली प्रेम, साँचो प्रेम र इमानदार प्रेम हुनुपर्छ।

हरेक किसिमको खराबीलाई घृणा गर्नु, तर जे कुरा असल छ, त्यसमा टाँसिबस्नु र लागिरहनु हाम्रो कर्तव्य हो। यस सन्दर्भमा खराबीलाई कुन अर्थमा लिनु उचित होला? के हामीमा भएका सबै प्रेमरहित मनोभावना र प्रेमविनाका कामहरू, अरू मानिसहरूप्रति गरिराखेका हाम्रा सबै दुर्भावना र कुकर्महरू अनि हामीमा भएका सबै किसिमको घृणा, अपमान र हेला यसको अर्थ होइन र? अनि असलचाहिँ के हो? यी सबै किसिमका खराबीको विपरीत के हो? यो त्यो आध्यात्मिक प्रेम हो, जो प्रेमले पूर्ण हरेक कार्यमा देखा पर्दछ।

**रोमी १२ः१०ः** यसैले हाम्रो विश्वासको घरनाप्रति हाम्रो व्यवहार प्रेमको हुनुपर्छ। यसर्थ अरू विश्वासीहरूप्रति हाम्रो मन कोमल र दयालु हुनुपर्छ। अरू ख्रीष्ट-विश्वासीहरूप्रति हाम्रो मनतातो, चिसो व्यवहार, तिनीहरूको विषयमा कुनै पनि चेष्टा नराख्ने हाम्रो बेवास्ता र तिनीहरूको

सम्बन्धमा हाम्रो बानी भइसकेको पक्षपात, यस्ता-यस्ता चालहरू हाम्रो विरोधमा साक्षी छन्।

अनि अरू मानिसहरूलाई आफूलाई भन्दा बढ़ी आदर गर्ने सम्बन्धमा के हो ? यसमा हामीले एक-अर्कालाई कति उछिन्ने गर्छौं ? यस सम्बन्धमा प्रभुका एकजना प्रिय दासको बारेमा निम्न कहानी सुन्नुहोस् ! सभा हुन लागेको बेलामा उनी अरू गण्यमान्य व्यक्तिहरूसँग प्रकोष्ठ-कोठामा समय पर्खिरहेका थिए। ती प्रतिष्ठित व्यक्तिहरूमध्ये कोही-कोही उठेर मञ्चमा पुगिसकेका थिए, त्यसपछि उनको पालो आयो। उनी सभा-कोठामा पस्नै लागेको मात्र थियो, तब सबैले थपड़ी मारिरहेका थिए। कत्रो करताल ! सब उनका निम्ति ? ! कत्रो स्वागत् ! तत्कालै उनी त्यस दैलोबाट पछि हटे र छेउतिर लागे, अनि मञ्चतिर फर्केर उनले मञ्चमा बस्नेहरूका निम्ति थपड़ी मारे। उनले किन यस्तै गरे होलान् ? उनको विचारमा, त्यो भव्य स्वागत् आफ्ना निम्ति होइन, तर अरू कसैका निम्ति भएको हुनुपर्छ। उनीले अरू व्यक्तिहरूका निम्ति ठहरिएको सम्मानमा सहभागी हुन चाहेनन्।

**रोमी १२ः११ः** मोफ्फतको सजीव अनुवादमा हामी यस्तो लेखिएको पाउँछौंः 'तिमीहरूको जोस कहिल्यै सेलाउन नदेओ, आत्मिक तेज देखाउन नछोड़, प्रभुको सेवा गरिरहो !' यस ठाउँमा यर्मियाको वचन याद गर्नु उचित होला, जसरी यर्मिया ४८ः१० पदमा यसो लेखिएको छः *'श्रापित होस्, त्यो मानिस, जसले परमप्रभुको काम अल्छी प्रकारले गर्दछ !'*

> यस्तो पापी संसारमा खेलाँची गर्ने समय कसको छ र ?
> जीवन छोटो छ, अति नै छोटो छ।
> रूखबाट भुइँमा झरिरहेको एउटा पतजस्तो, आँखाबाट खसिरहेको एउटा आँसुजस्तै हाम्रो पुस्ता बित्दैछ, बित्दैछ।
> हाम्रा दिन र घण्टाहरू उड़ाएर खेर फाल्ने समय छैन हाम्रो;
> अनि तपाईंको ? के तपाईंसँग खेर फाल्न केही समय छ ?
> होइन, हाम्रो क्षणभङ्गुर संसारमा हामीले जे गर्दछौं, त्यो सबै हामीले तनमनले, अँ, दिलोज्यानले गर्नुपर्छ।
>
> होराटियस बोनार

**रोमी १२ः१२ः** हाम्रा वर्तमान् परिस्थितिहरू जेजस्ता भए ता पनि हामी जहिल्यै आशामा आनन्दित रहन सक्छौं; किनकि हाम्रा मुक्तिदाता प्रभु चाँड़ै फेरि आउँदै हुनुहुन्छ, र हाम्रा शरीरहरूको छुटकारा हुनेछ, अनि हामीले त्यस अनन्त-अनन्त महिमामा प्रवेश गर्नेछौं। यस पदमा हामीले सङ्कष्टमा धीरज धार्नू भन्ने अर्ती पाएका छौं; यसको अर्थ वीरतासाथ प्रभुका निम्ति कष्ट सहनु हो। सबै सङ्कष्टहरूलाई जित्ने धैर्य - केवल त्यसले जुनसुकै दुःखकष्ट लिएर महिमामा परिणत गर्न सक्छ। प्रार्थनामा स्थिरता देखाउनु र प्रार्थनालाई आफ्नो जीवनमा निरन्तरता दिनुपर्छ। कतिपय कामहरू प्रार्थनाद्वारा मात्र सफल हुनेछन्। हाम्रा कतिपय विजयहरू प्रार्थनाका फलहरू हुन्। प्रार्थनाद्वारा हाम्रो जीवनमा शक्ति आउँछ र हाम्रो हृदय शान्तिले भरिन्छ। जब हामी प्रभु येशू ख्रीष्टको नाममा प्रार्थना चढ़ाउँछौं, तब हामी सर्वशक्तिमान् परमेश्वरको समीप पुग्छौं; मरणशील मानिसका निम्ति त्योभन्दा महान् कुरा अरू के होला र? यसैले जजसले आफ्नो प्रार्थनाको जीवन सेलाउन दिन्छन्, तिनीहरूले ठूलो हानि उठाउनुपरेको छ।

**रोमी १२ः१३ः** खाँचोमा परेका पवित्र जनहरू जहाँ पनि छन्। बेरोजगारी इसाईहरू, दवाइपानी तिर्न नसक्ने बिरामी ख्रीष्ट्यानहरू, सबैको आँखामा बिसिएका इसाई प्रचारकहरू र दुर्गम ठाउँहरूमा प्रभुको सेवा गर्ने मिसनरीहरू अनि आर्थिक स्रोतविना जिउनुपरेका हाम्रा आदर्णीय अग्रज विश्वासी जनहरू आदि। अरूको खाँचोमा सहभागी हुनेहरूले मात्र ख्रीष्टको देहभित्र जीवन कसरी चल्छ, सो बुझेका छन्।

यस ठाउँमा फिलिप्स्को अनुवाद यस प्रकारको छः 'जसलाई एक गाँस खाना र जसलाई सुत्ने पलङको खाँचो परेको छ, गनगन नगरीकन तिनीहरूलाई आवश्यक कुरा दिएरै छोड़!' अतिथिसत्कार हाम्रो बीचबाट हराइसकेको कला हो। दुःखलाग्दो कुरा, 'हाम्रो घर सानो छ', अथवा 'मेरो डेरा पाहुना सत्कार गर्नु योग्यको छैन' भन्ने किसिम-किसिमका बाहनाहरूले गर्दा कतिपय यात्रा गर्ने इसाईहरूले कहीं वास बस्न पाउँदैनन्। हुन सक्छ, पाहुना सत्कार गर्दा आइपर्ने कष्ट र बढ़ी काम

हामीले उठाउन नचाहेका हौं। पाहुना सत्कार गर्दा झमेला हुन्छ नै। तर हामीले सायद भुलेका छौं: जस-जसले परमेश्वरका सन्तान र सङ्गी-विश्वासीहरूलाई सत्कार गर्दछन्, तिनीहरूले प्रभु येशू स्वयम्लाई सत्कार गरेका छन्। हाम्रा घरहरू बेथानीको त्यो घरजस्तै हुनुपर्छ, जहाँ रहन हाम्रा प्रभु येशूलाई अति मनपरेको थियो।

**रोमी १२:१४:** हाम्रा निम्ति प्रभुको आज्ञा छ: 'तिमीहरूको सतावट गर्नेहरूलाई आशीर्वाद देओ!' सताउनेहरूले हामीलाई जस्तै गरेका छन्, तिनीहरूबाट त्यस प्रकारले बदला लिनुहुँदैन। अनि यसो गर्न कोचाहिँ सक्षम र निपुण होला? कुभलो व्यवहारको बदलीमा भलो गर्न सक्ने र हानि सहेर अरूसित शिष्टाचार देखाउन सक्ने मानिसमा ईश्वरीय जीवन हुनुपर्छ; किनभने सतावटमा परेको मानिसले स्वभाविक व्यवहार गरेदेखि सताउनेहरूलाई सराप्नेथियो र बदला लिनेथियो।

**रोमी १२:१५:** यस पदमा उल्लेख गरिएको सद्गुण सहानुभूति अर्थात् अरू मानिसहरूको आनन्द वा दुःखमा आफूलाई पनि ठीक त्यस्तै लाग्ने गुण भनिन्छ। हाम्रो स्वभाव कस्तो छ? अरू मानिसहरूको आनन्द डाहा गर्ने र अरूको शोकमा शोकित नहुने हाम्रो मन!! यो परमेश्वरको मन होइन। उहाँ मानिसहरूको आनन्दमा आनन्दित हुनुहुन्छ, र तिनीहरूको पीर उहाँको पीड़ा हुन्छ।

**रोमी १२:१६:** यस पदअनुसार एक-अर्कासित एकै मनका हुनु - कसरी? मामुली कुराहरूमा, महत्त्वहीन कुराहरूमा हामी एक हुनुपर्दैन। अनि सबै कुरामा हाम्रो मनको एकरूपता हाम्रो चिन्ताको कारण बन्नुपर्दैन; किनभने आपसमा मिलीजुली सम्बन्धहरू यसको मुख्य सवाल हो।

दम्भी हुन खोज्ने जुनसुकै अल्पभावना हामीले आफ्नो मनदेखि जरासित उखाल्नुपर्छ। नम्र र दीन मानिसहरूसित हाम्रो व्यवहार जस्तो छ, ठीक त्यस्तै हाम्रो चाल धनी र उच्च मानिसहरूसित हुनुपर्छ। यस सम्बन्धमा एउटा सत्य कथा सुन्नुहोस्: एकजना प्रख्यात् प्रचारक विमानस्थलको टर्मिनलबाट निस्किरहेको बेलामा मण्डलीका अगुवाजनहरूले उनलाई स्वागत् गरे। तत्कालै उनलाई एउटा राम्रो

होटलमा लैजान उनको सामु एउटा दामी कार रोकियो; यस कारमा चढ़ेपछि उनले यसो सोधेः 'तपाईंको मण्डलीमा अरू बेलामा कसले बाहिरबाट आउने प्रचारकहरूलाई सत्कार गर्ने गर्छ?' 'प्रायः हाम्रै मण्डलीको छेउमा बसिरहेका वृद्ध लोग्नेस्वास्नीले यसो गर्छन्, जसको एउटा चिटिक्क घर छ' भन्दै अगुवाजनहरूको जवाफ थियो। तब ती प्रचारकले भनेः 'यसो हो भने, सम्भव भए म पनि उनीहरूसँग बस्न चाहन्छु।'

*'आफ्नो दृष्टिमा बुद्धिमान् नहोओ'* - हाम्रा निम्ति प्रेरितको चेताउनी यस्तो छ। आफूसँग भएका यावत् थोक परमेश्वरको अनुग्रहले दिइएका दानहरू हुन् भन्ने कुरा जस-जसले महसुस गरेका छन्, उनीहरू अहमले फुल्न सक्दैनन्।

**रोमी १२:१७ः** खराबको बदलामा खराब गर्ने आदत संसारमा प्रख्यात छ। मानिस-मानिसको बीचमा प्रयोग गरिएको अपभाषा यस प्रकारको छः 'पख्, तँलाई जस्तैको त्यस्तै, तैंले मलाई जस्तै गरिस्, तँलाई त्यस्तै नगरी तँलाई कहाँ छोड्छु म ! !' दाँतको बदलीमा दाँत भएझैं हाम्रो व्यवहार हुन्छ। तर यस प्रकारको बदला लिने भावनाका निम्ति मुक्ति पाएका व्यक्तिहरूको मनमा कुनै ठाउँ रहनेछैन। बरु अरूले उनीहरूको कुभलो र उनीहरूको हानि गर्दाखेरि उनीहरूले आफ्ना शत्रुहरूसित सद्भावनाको व्यवहार गर्नुपर्छ, जसरी उनीहरूले जीवनको हरेक परिस्थितिमा यस प्रकारको सदाचार देखाउन सक्नुपर्छ। 'सबै मानिसहरूको दृष्टिमा भला देखा पर्ने कुराहरूको चिन्ता गर !' चिन्ता गर भन्ने शब्दको अर्थ 'आफ्नो सोचविचार पुऱ्याउनु', ती कुरामाथि 'आफ्नो ध्यान राख्नु' अथवा सबैलाई असल लाग्ने यी कुराहरूको विषयमा 'मनन गर्नु' हो।

**रोमी १२:१८ः** बिनसित्ती अरू मानिसहरूको रिस उठाउने वा तिनीहरूसँग झगड़ा गर्ने बानी कुनै इसाईलाई सुहाउँदै-सुहाउँदैन; किनकि मानिसको रिसले परमेश्वरको धार्मिकता स्थापित गर्दैन। हामी मेलप्रिय, शान्तिप्रिय मानिस हुनुपर्छ, जसले सधैं मेलको पक्षमा छन्, सबैसँग

मेलमिलापमा रहन चाहन्छन् र विरोधी पक्षसित मेलमिलापका सर्तसन्धिहरू खोज्छन्। के हामीले कसैलाई चोट पुऱ्याएका छौं? अथवा के कसैले हामीलाई चोट पुऱ्याएको छ? तब के? यस परिस्थितिमा हामीले आफूलाई तबसम्म निद्रा दिनुहुँदैन, जबसम्म हामी आपसी मेलमिलापको शान्तिमय अवस्थामा फर्केर आएका छैनौं।

**रोमी १२:१९:** हाम्रो विरोधमा जेजति खराबी किन नगरिएको होस्, तर हामीबाट आफैले बदला लिने काम कदापि नहोस्! *'क्रोधलाई ठाउँ देओ'* भन्ने वाक्यको अर्थ के हो? यसको कम्तीमा दुईवटा अर्थ सम्भव छन्: एक, हामीले परमेश्वरलाई बदला लिने स्थान दिनुपर्छ; किनभने उहाँ जुनै अन्यायमा पनि हाम्रो पक्ष लिनुहुन्छ र हाम्रो न्याय गर्नुहुन्छ। दोस्रो अर्थमा, हामीले अप्रतिरोधको भावना अप्नाएर आफूलाई विनम्रतासाथ त्यस्तो प्रतिकूल परिस्थितिको वशमा सुम्पनु हो। जब हामी यस पदको दोस्रो खण्डमाथि ध्यान लगाउँछौं, तब पहिलो अर्थ हामीलाई सठीक लाग्छ। आफैले बदला लिन छोड़िदिऔं, तर आफू हटेर हामी परमेश्वरको क्रोध पोख्नका निम्ति ठाउँ दिऔं! बदला लिने काम परमेश्वरको पेवा हो। हामीले उहाँको अधिकारभित्र किन हात हाल्ने? उहाँले सठीक समयमा हरेक कामकुराको समुचित र यथोचित प्रतिफल दिनुहुनेछ।

यस विषयमा श्री आर. सी. एच. लेन्स्कीले यसो भन्दछन्: 'परमेश्वरले अघिबाट सबै अपराधीहरूको न्यायको फैसाला गरिसक्नुभएको छ। तिनीहरूमध्ये एउटा पनि उम्कनेछैन नै। हरेक मुद्दामा सही, सठीक न्याय गरिनेछ। परमेश्वरको न्याय कहिल्यै चुकिनजाने अचूक न्याय हो। तब हामीमध्ये को बीचमा जाने आँट गर्ला? परमेश्वरको न्यायमा हस्तक्षेप गर्न यत्रो दुःसाहस कहाँबाट आयो?'[50)]

**रोमी १२:२०:** साँचो इसाईपना अप्रतिरोधमा सीमित बस्दैन, तर यस पदअनुसार त्यसले सद्भावले पूर्ण उपकारहरू गर्दछ। त्यसले आफ्ना शत्रुहरूलाई अत्याचार गरेर नाश गर्ने होइन, तर तिनीहरूलाई प्रेमले जित्छ। विरोधीलाई भोक लाग्यो भने यसले त्यसलाई खान दिन्छ, र पानी

दिएर त्यसको तिर्खा मेट्छ। यसरी नै इसाई व्यवहारले आफ्नो बैरीको टाउकोमाथि आगोको भुङ्ग्रोको रास थुपार्छ। के भुङ्ग्रोको रास थुपार्ने काम तपाईंलाई ज्यादा निर्दय लाग्छ? तब तपाईंले यस भनाइको ठीक अर्थ बुझ्नुभएन। कसैको टाउकोमाथि आगो हाल्नुको मतलब त्यसलाई त्यसले आशा नगरेको भलाइ र उपकार देखाउँदै त्यसलाई त्यसको विरोधी व्यवहारको सम्बन्धमा लज्जित तुलाउनु हो।

**रोमी १२:२१:** श्री जी. एन. डार्बीले यस पदको पहिलो भाग यसरी व्याख्या गरेका छन्: 'जब मेरो रिसले तपाईंको रिस उठाउन सक्छ, तब तपाईंले खराबीसँग हार्नुभयो।'[51]

श्री जोर्ज वशिङ्टन कर्बर जो एक महान् वैज्ञानिक थिए, उनले यसो भनेका छन्: 'म अरू कसैलाई मलाई त्यसको घृणा गर्ने तुल्याएर मेरो जीवन बिगार्ने अवसर दिनेछैनँ।'[52] यसर्थ तिनले खराबीसित हार्न चाहेनन्, एउटा साँचो ख्रीष्टको चेलाले जस्तो।

*'तर भलाइले खराबीलाई जित!'* इसाई शिक्षाको उत्तमता केमा छ? नकारात्मक कुराहरू निषेध गर्नुमा होइन, तर मनाही गर्ने काम नाघेर त्यसले सकारात्मक कुराहरूका निम्ति प्रोत्साहन दिन्छ। याद गर्नुहोस्: खराबीलाई जित्न सकिन्छ; भलाइले खराबीलाई जित्छ-जित्छ। यसैले आउनुहोस्, हामी हाम्रो यो विजयको हातहतियार बढ़ी प्रयोग गरौं!

श्री एड्वीन म्याकमास्टर्स स्ट्यान्टनले (इस्वी १८१४-१८६९) अमेरिकाका सोह्रौं राष्ट्रपति अब्राहाम लिङ्कल्नप्रति (इस्वी १८०९-१८६५) ठूलो द्वेष राख्थे। तिनले राष्ट्रपतिलाई अपमान गरेर उनको विषयमा यसो भनेः 'अफ्रिका किन जाने, जब गोरिला इलिनोइस्को स्प्रिङफील्डमा बस्दैछ।' अब्राहाम लिङ्कल्नले केही नसुनेको जस्तै यस कुराको पूरा बेवास्ता गरे। पछिबाट राष्ट्रपतिले यही स्ट्यान्टनलाई युद्ध-मन्त्री बनाए; किनकि उनले तिनलाई यस पदको सबभन्दा योग्य ठाने। पछि अब्राहाम लिङ्कल्नलाई गोली लाग्यो, र उनको मृत्यु भयो। राष्ट्रपतिको दफन हुने बेलामा श्री स्ट्यान्टनले यसो भनेः 'अब्राहाम लिङ्कल्न सबैभन्दा महान् राष्ट्रपति हुनुहुन्थ्यो।' यसरी नै प्रेमको जीत भयो।[53]

## घ) रोमी १३ः१-७ः सरकारसित हाम्रो सम्बन्ध के हो ?

**रोमी १३ः१ः** विश्वासद्वारा धर्मी ठहरिएकाहरूले यस संसारमा आफूलाई सरकारको अधीनतामा सुम्पनुपर्छ । हुन त यो हरेक मानिसको कर्तव्य हो; तर प्रेरित पावलले हामी ख्रीष्ट-विश्वासीहरूमाथि नजर राखेर यसो भनेका छन् । परमेश्वरले जलप्रलयपछिको समयमा यस संसारमा सरकार स्थापित गर्नुभयो; किनभने उहाँले यसो आज्ञा गर्नुभयोः *'हरेक जसले मानिसको रगत बगाउँछ, त्यसको रगत मानिसद्वारा नै बगाइनेछ; किनभने उहाँले मानिसलाई परमेश्वरको स्वरूपमा बनाउनुभएको हो'* (उत्पत्ति ९ः६) । त्यस समयदेखि परमेश्वरले यस आदेशद्वारा मानिसहरूलाई अपराधको सम्बन्धमा अरूको न्याय गर्ने र दोषीहरूलाई दण्ड दिने अधिकार दिनुभएको हो ।

मानिसहरूको हरेक समाजमा उच्च अधिकारीहरू हुनुपर्छ, नता मानिसहरू छाड़ा हुनेछन् । अनि जहाँ उच्च अधिकारीहरू हुन्छन्, त्यहाँ तिनीहरूको अधीनतामा बस्ने ईश्वरीय आज्ञा पनि छ । जहाँ सरकारको नियम पालन गरिँदैन, त्यहाँ अराजकता स्थापित हुन्छ; अनि सुव्यवस्था नभएको अर्थात् उचित नियमकानुन नभएको अवस्थामा कुनै पनि समाजको अस्तित्व रहँदैन । कुनै सरकार नहुनुभन्दा अरू जुनै पनि शासन-प्रणाली असल हो । यसकारण परमेश्वरले संसारमा सरकार स्थापित गर्नुभयो; अनि यस्तो कुनै सरकार नै छैन, जो परमेश्वरको इच्छाविना भएको छ । यसको मतलब यो होइन, कि परमेश्वरले मानिसहरूका शासकहरूले जे गर्दछन्, सो अनुमोदन गर्नुहुन्छ । उहाँले भ्रष्टाचार स्वीकार गर्नुहुन्न; निश्चय उहाँले बलात्कार, अत्याचार, शोषण र निरंकुश शासनको समार्थन गर्नुहुन्न । तर यस सम्बन्धमा कुरा यस्तै छः ती अधिकारीहरू परमेश्वरद्वारा नियुक्त गरिएका हुन् ।

ख्रीष्ट विश्वासीहरूले प्रजातान्त्रिक देशमा, राजतन्त्रको अधीनतामा वा सर्वसत्तात्मक राज्यमा विजयी जीवन जिउन सक्छन् । यस संसारमा कुनै यस्तो सरकार नै छैन, जो आफूले शासन गरेको जनता र त्यसका

अधिकारीहरूभन्दा उत्तम हुन्छ। यसैकारण हाम्रो कुनै सरकार सिद्ध छैन। सिद्ध सरकार खोज्ने मानिसले त्यो शासन प्रभु येशू ख्रीष्टमा खोज्नुपर्छ, जो आफ्नो प्रजाको भलाइ खोजिदिने एकमात्र उपकारी राजा हुनुहुन्छ।

जुन बेला प्रेरित पावलले सरकारको अधीनतामा बस्ने शिक्षाको सम्बन्धमा यो खण्ड लेखे, त्यस बेला रोममा नेरो कुख्यात सम्राटले शासन गरेका थिए। नेरोका दिनहरू इसाईहरूका निम्ति दुर्दिनहरू थिए। रोम शहरको आधा भाग नष्ट पार्ने आगो इसाईहरूले लगाए भन्ने तिनको दोष उनीहरूलाई लाग्यो, जब तिनी आफूले आफ्ना कर्मचारीहरूलाई यसो गर्ने आदेश दिएका थिए। त्यसपछि तिनले कतिपय ख्रीष्ट-विश्वासीहरूलाई तारपिनमा डुबाउने र तिनीहरूलाई आफूले मोजमज्जा गर्ने बगैंचा/पार्कहरूको वरिपरि खाँबाहरूमा झुण्ड्याएर तिनीहरूमा आगो सल्काउन लगाए, र यसरी नै सम्राटसित पापको मोज गर्नेहरूले इसाईहरूरूपी ती जिउँदा राँकाहरूबाट राति उज्यालो पाउँथे। अरू इसाईहरूलाई तिनीहरूले पशुका छालाभित्र सिउने गर्दथे र त्यसपछि उनीहरूलाई जुङ्गली जनावरहरूको सामु फ्याँक्थे, जसले उनीहरूलाई धुजाधुजै पारिदिन्थे।

**रोमी १३ः२ः** अनि यसो भए पनि परमेश्वरको यो आज्ञा दृढ़ रहेको छः हरेक जसले सरकारको कानुन भङ्ग गर्दछ वा सरकारको विद्रोह गर्दछ, त्यो परमेश्वरले स्थापित गर्नुभएको शासनव्यवस्थाको विरोधमा अनाज्ञाकारी हुन्छ र उहाँको विधिको विद्रोही ठहरिन्छ। यसैले जसले नियमकानुनद्वारा नियुक्त गरिएको अधिकारीको विरोध गर्दछ, त्यसले आफूमाथि दण्ड ल्याउँछ। त्यस्तोलाई दण्ड दिनु उचित छ।

तर सरकारको अधीनतामा बस्ने एउटा सीमा छँदैछः जब सरकारले कुनै ख्रीष्ट-विश्वासीलाई पाप गर्ने आदेश दिन्छ अथवा प्रभु येशूप्रति विश्वासघात गर्न लाउँछ, यस्तो बेलामा उसले सरकारको आज्ञापालन गर्नुपर्दैन, यस प्रकारको सरकारी आज्ञा पालन गर्नुहुँदैन पनि (प्रेरित ५ः२९); किनभने संसारमा कुनै यस्तो सरकार नै छैन, जसले हामीलाई हाम्रो विवेक नाघेर जाने कुनै आदेश दिन सक्दछ। यसैले यस्ता समयहरू आउँछन्, जब ख्रीष्ट-विश्वासीले परमेश्वरको आज्ञापालन गरेकोमा मानिसहरूको रिस सहनुपर्दछ। यस्ता परिस्थितिहरूमा ऊ यसका निम्ति

दण्ड भोग्न तयार हुनुपर्छ; यसमा गुनासो गर्नुहुँदैन, यो हामीलाई सुहाउँदैन। तर याद गर्नुहोस्ः कुनै हालतमा पनि कुनै ख्रीष्ट-विश्वासीले सरकारको विद्रोह गर्नुहुँदैन; उसले सरकारको पतन खोज्नुहुँदैन, उसले यसमा कसैलाई साथ दिनुहुँदैन।

**रोमी १३ः३ः** सामान्य नियम यस प्रकारको छः जसले उचित र ठीक काम गर्दछ, उसैले उच्च अधिकारीहरूको दण्ड भोग्नुदेखि डराउनुपर्दैन। नियमकानुन भङ्ग गर्ने मानिसहरूले मात्र दण्डदेखि डराउनुपर्छ। हरेक जसले नगद-दण्ड, जरिबानाहरू र मुद्दाहरू वा जेलनेलविना एउटा सुखी जीवन बिताउन चाहन्छ, ऊ देशका नियमकानुनभित्र रहिरहनुपर्दछ। तब उसले सरकारबाट स्याबासी पाउँदछ, उसलाई कानुनको कुनै दोष लाग्दै-लाग्दैन।

**रोमी १३ः४ः** शासक जो पनि हुन सक्छन्ः राष्ट्रपति, प्रधानमन्त्री, राज्यपाल, नगरपति वा न्यायाधीश आदि। तिनीहरू सबै परमेश्‍वरका सेवकहरू हुन्। तिनीहरूलाई यसो भन्न सुहाउँछ, किनभने तिनीहरूले उहाँका प्रतिनिधि भएर शासक-प्रशासकको रूपमा उहाँको सेवा गर्दछन्। शासकले शासन गर्न परमेश्‍वरलाई चिन्नपर्दैन, अनि म परमेश्‍वरको सेवक हुँ भन्ने कुरा जान्नुपर्दैन, ता पनि तिनी परमेश्‍वरद्वारा यस उच्च पदमा राखिएका मानिस हुन्। यसैले होला, दाऊदले घरीघरी तिनको खराबी गर्न खोज्ने राजा शाऊललाई 'परमप्रभुको अभिषिक्त जन' भनेर भन्ने गर्दथे (१ शमूएल २४ः६ र १० अनि १ शमूएल २६ः९, ११, १६ र २३)। बेला-बेलामा राजा शाऊलले दाऊदलाई मार्न खोजे, तर दाऊदले आफ्ना मानिसहरूलाई राजा शाऊलको हानि गर्न दिएनन्। किन होला? शाऊलचाहिँ राजा थिए; अनि राजाको नाताले तिनी परमेश्‍वरको नियुक्त पाएका उच्च अधिकारी थिए।

शासकहरू परमेश्‍वरका सेवकहरू हुन्; यसैले तिनीहरूले आफ्ना जनताको भलाइ खोज्नुपर्छ। तिनीहरूले आफ्नो जनताका मानिसहरूलाई चारैतिरबाट सुरक्षा गर्ने काम गरून्, कि यिनीहरूले शान्ति र चैनको जीवन बिताउन सकून्, र यिनीहरूको कल्याण होस्। कोही मानिस देशको कानुन उल्लङ्घन गर्ने सुरमा छ भने त्यसले यसका निम्ति उचित सजाय

भोग्नेछ; किनभने सरकारको हातमा त्यससित मुद्दा लड्ने र त्यसलाई दण्ड दिने अधिकार छँदैछ।

रोमी १३:४ पदमा 'किनकि तिनले व्यर्थमा तरवार भिर्दैनन्' लेखिएको निक्कै गहाकिलो वाक्यको अर्थ के हो त? यसको अर्थ हामीले यसरी बुझ्नुपर्छः परमेश्वरले सरकारलाई कुनचाहिँ अधिकार दिनुभएको हो, यसमा कुनै शङ्का छैन; किनभने तरवार कसैको हानि गर्ने नसकिने सरकारी अधिकारको कमजोर चिन्ह वा प्रतीक होइन; किनकि यसो गर्न राजदण्डको शाब्दिक चिन्ह लिनु पर्याप्त हुनेथियो। तर तरवारचाहिँ शासकको परम अधिकार देखाउँछः निस्सन्देह तिनको मृत्युदण्ड दिने अधिकार छ। उहिले पुरानो नियमको समयमा सरकारसित मृत्युदण्ड दिने अधिकार थियो भन्न पुग्दैन; नयाँ नियमको समयमा पनि सरकारसँग उत्तिकै अधिकार छँदैछ; किनकि यहाँ, यस नयाँ नियमको पदमा छरलङ्ग लेखिएको छः अपराधीलाई मृत्युदण्ड दिने अधिकार सरकारलाई दिइएको छ। मानिसहरूको तर्कवितर्क जेसुकै होस्! तिनीहरूले प्रस्थान २०:१३ पद आफ्नो तर्कको हतियार किन नतुल्याऊन्! मृत्युदण्ड दिनुचाहिँ हत्या होइन।[54] पुरानो नियमको व्यवस्थामा ठूला अपराधीहरूका निम्ति मृत्यु-दण्डचाहिँ परमेश्वरले स्थापित गर्नुभएको कानुनअनुसार तिनीहरूको उचित सजाय थियो।

प्रेरित पावलले आफ्नो यो पत्र पढ्ने प्रापकहरूलाई फेरि पनि सम्झाउँछन्, कि शासकचाहिँ परमेश्वरका सेवक हुन्। तर यस बेलामा उनले थपेर भन्दछन्: *'शासकचाहिँ दुष्ट काम गर्नेमाथि क्रोध प्रकट गर्ने र त्यसको बदला लिने उच्च अधिकारी हुन्।'* अर्को शब्दमा भन्नु हो भने, शासक हाम्रो भलाइ खोज्ने परमेश्वरका सेवक मात्र हुँदैनन्, तर जब कुनै शासकले देशको कानुन उल्लङ्घन गर्ने व्यक्तिलाई सजाय दिन्छन्, तब तिनले यस काममा पनि परमेश्वरको सेवा गर्दछन्।

**रोमी १३:५ः** यस भनाइको माग के हो त? हामी सरकारको अधीनतामा रहनुपर्ने दुईवटा मूलकारण छन्ः सजाय भोग्नु नपरोस् भन्ने कारणले र असल विवेक कायम राख्ने कारणले हामी सरकारको अधीनतामा रहनुपर्छ।

**रोमी १३ः६ः** सरकारको नियमकानुनभित्र रहनु हाम्रो कर्तव्य हो भने सरकारलाई कर तिर्नु यसप्रति हाम्रो अर्को कर्तव्य हो । एउटा सुव्यवस्थित समाजमा जिउन पाएकोमा हाम्रो ठूलो फायदा छ; किनभने हाम्रा निम्ति सेना, प्रहरी, सुरक्षा-टोली र दमकल-सेवा आदि सेवाहरू उपलब्ध छन् । यसका निम्ति थुप्रै खर्च लाग्दछ, यसमा हाम्रो भाग पर्ने हिस्सा हामीले तिर्नुपर्छ । सरकारका उच्च पदाधिकारीहरू आफ्नो पूरा समय यस काममा लागिरहन्छन्, र यसमा आफ्नो खुबी लगाउँछन्; यसैले तिनीहरू आफ्ना तनखा पाउन योग्यका छन् ।

**रोमी १३ः७ः** फिलिप्पी ३ः२० पदअनुसार ख्रीष्ट-विश्वासीहरू स्वर्गका नागरिक भएको हुनाले उनीहरूले सरकारलाई कर तिर्नुपर्दैन, उनीहरूले सरकारप्रति आफ्ना कर्तव्यहरू पूरा गर्नुपर्दैन, यसबाट छुट पाएका छन् - यो कुरा बिलकुल झूट हो । आयकर, जायजेथामा लगाइएको कर र भूशुल्क आदि कर, अँ, हामीमाथि लगाइएका सरकारी करहरू जति छन्, ती जम्मै करहरू हामीले इमानदारीसाथ तिर्नुपर्छ । भन्सार पनि हामीले तिर्नुपर्छ, अर्थात् जब एउटा व्यापारको सामान हामी विदेशबाट हाम्रो देशमा मगाउँछौं वा हाम्रो देशबाट विदेशमा पठाउँछौं, तब भन्सार लाग्न सक्छ । सरकारी नियमकानुन कायम राख्ने कुनै कर्मचारीको रिस बिनसित्ती पैदा नगरूँ भन्ने डर हामी हरेकलाई लाग्नुपर्छ । सरकारी नोकरी गर्ने सबै कर्मचारीहरूलाई तिनीहरूको पद र कामको खातिर हामीले आदर गर्नुपर्छ, यद्यपि तिनीहरूको जीवन हेरेर हामीलाई तिनीहरूको आदर नगरौं जस्तै लाग्न सक्छ ।

यसको सम्बन्धमा याद गर्नुपर्ने अर्को कुरा पनि भनिहालौंः ख्रीष्ट-विश्वासीहरूले देशका राष्ट्रपतिको विरोधमा बोल्नुहुँदैन, उनको निन्दा गर्नेहरूलाई कहिल्यै साथ दिनुहुँदैन । राजनैतिक धावामा भाग लिनेहरू होशियार ! देशका शिरलाई आफ्ना शब्दद्वारा अनादर र निन्दा गर्ने अधर्मको दोष हामीलाई कहिल्यै नलागोस् ! *'आफ्नो जातिका शासकलाई कुनै खराब शब्द नभन'* भनेर प्रेरित पावलले प्रस्थान २२ः२८ मा उल्लेख गरिएको पुरानो नियमको आदेशसित आफ्नो व्यक्तिगत सम्बन्ध जोड्छन् (प्रेरित २३ः५) ।

## ङ) रोमी १३ः८-१४ः हाम्रो भविष्य के हो ?

**रोमी १३ः८ः** यस पदको पहिलो भागको परिभाषा हामी यसो गरेर भन्छौंः ‘समयमा आफ्ना सबै बिलहरूको रकम तिरिदेओ !’ यस पदले जुनसुकै ऋण लिने काम मनाही गर्दैन; किनभने हामी यस प्रकारको समाजमा जीवन गुजार्नुपर्छ, जहाँ परिस्थितिअनुसार ऋण लिनु अनिवार्य हो। किनभने महिनावारी हामीले विभिन्न बिलहरू तिर्नुपर्छ, जस्तै टेलिफोन, विद्युत्, ग्यास, पानीका निम्ति आदि। वर्तमान् समयमा कुनै व्यवसाय ऋण नलिईकन चलाउन गाह्रो पर्ला। अनि यहाँ, यस पदमा दिइएको अर्तीले तोकिएको समयभित्र बुझाउनुपर्ने रकमहरू नबुझाएको गल्तीमा दोष भेट्टाएको छ।

तर ऋण लिने सम्बन्धमा केही थप नियमहरू छन्, जसले हामीलाई आर्थिक समस्यामा नपर्नलाई उचित सल्लाह र अगुवाइ दिन्छन्। नभई नहुने कुराहरूका निम्ति बाहेक अरू कुनै कुराका निम्ति हामीले ऋण लिनुहुँदैन। ऋणबाट चुक्त हुने सम्भवना केही नहुँदा ऋण लिनुहुँदैन। किस्ताबन्दीको नियमअनुसार हामीले कुनै सामान खरिद गर्नुहुँदैन, नत्रता हामीले साह्रै बढ़ी ब्याज तिर्नुपर्छ। हितोपदेश २२ः७ पदमा लेखिएको *‘ऋण लिने ऋण दिनेको दास हुन्छ’* भन्ने वचन सधैं स्मरण गरेर हामीले आफ्नो अर्थ-व्यवस्थाको विषयमा पनि एक दिन लेखा दिनुपर्छ भन्ने कुरामा ख्याल राख्नुपर्छ, र यसैले आफ्नो आयस्रोत राम्ररी विचार गरेर एउटा सन्तुलित र सादा, एउटा साधारण जीवन यापन गर्नलाई उपयुक्त खर्च मात्र गर्ने मर्यादा जान्नुपर्छ।

तर हाम्रो एउटा ऋण सदा रहिरहन्छः एक-अर्कालाई प्रेम गर्ने ऋण। रोमीको पुस्तकभरि प्रायः प्रयोग गरिएको प्रेमको शब्द ग्रीक भाषाको ‘अगापे’ शब्द हो। अनि यो ‘अगापे-प्रेम’ कस्तो खालको प्रेम हो ? योचाहिँ एक-अर्कालाई प्रगाढ़ प्रेम गर्ने निःस्वार्थी, अलौकिक प्रेम हो। यो अलौकिक प्रेम आफूले प्रेम गर्न लागेको मानिसमा उसलाई प्रेम गर्न लायकको कुनै गुण देख्दैन, र पनि प्रेम गर्छ। हामीमध्ये कोही पनि यो प्रेम

पाउनु योग्यका हुँदैन। यो प्रेम अरू सबै प्रेमहरूभन्दा बेग्लै किसिमको प्रेम हो; किनभने यसले प्रेम गर्न लायक व्यक्तिहरूलाई मात्र प्रेम गर्दैन, तर यसले आफ्ना शत्रुहरूलाई समेत प्रेम गर्दछ।

यस प्रेमको प्रतीक के हो? यसले अरूलाई दिन्छ, आफ्नो हक त्याग्नुपरे पनि दिन्छ। परमेश्‍वर यो प्रेम हुनुहुन्छ। उहाँले संसारका सबै मानिसहरूलाई प्रेम गर्नुभयो, र आफ्नो प्रेम यसैमा प्रमाणित गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र तिनीहरूलाई दिनुभयो। अनि ख्रीष्ट येशूले आफ्नो मण्डलीलाई प्रेम गर्नुभयो, र उसका निम्ति आफूलाई दिइहाल्नुभयो।

यस अगापे-प्रेमले आफ्नो शक्ति कहाँबाट लिन्छ? प्रेमको शक्ति हामीले यसको प्रेम गर्ने इच्छा र अभिप्रायमा खोज्नुपर्छ, यसको प्रेम गर्ने आवेगमा होइन। प्रेम गर्ने आज्ञा हामीलाई दिइएको छ; यसर्थ हामीमा प्रेम गर्ने क्षमता हुनुपर्छ। प्रेम गर्न हामीले इच्छा गर्नुपर्छ, हामीले प्रेम गर्ने निर्णय लिनुपर्छ। यदि यो प्रेम हाम्रो मनमा हामीले आशा नगरेका, नसोचेका बेला-बेलामा उर्लेर आउने र हाम्रो नियन्त्रणमा नरहने चञ्चल आवेग मात्र हुँदो हो त परमेश्‍वरले प्रेमको लेखा हामीबाट लिन सक्नुहुन्नथियो। तर यस दिव्य प्रेममा कहिल्यै कुनै आवेग हुँदैन भन्ने कुरा हामीले दाबी गरेका छैनौं।

प्रभुलाई नपाउने व्यक्तिले यो ईश्‍वरीय प्रेम देखाउन सक्दैन। यो उसका निम्ति असम्भव छ। अनि वास्तवमा एउटा ख्रीष्ट-विश्‍वासीका निम्ति पनि यो दिव्य प्रेम देखाउन असम्भव छ, आफ्नो शक्तिमा। हामीभित्र वास गर्नुभएको पवित्र आत्माको शक्तिद्वारा यो प्रेम आफैले आफूलाई प्रकट गर्दछ।

हाम्रा प्रभु येशू ख्रीष्टको जीवनमा यस दिव्य प्रेमले आफूलाई प्रकट गर्ने, आफूलाई अभिव्यक्त गर्ने सिद्ध सर्वोच्च माध्यम पायो। हामी परमेश्‍वरलाई कति प्रेम गर्दछौं? परमेश्‍वरप्रति हाम्रो प्रेम यसैमा प्रमाणित हुन्छः हामीले उहाँका आज्ञाहरू कहाँसम्म पालन गरेका छौं? त्यो मानिस, जसले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्दछ, उसैले व्यवस्था पूरा

गरेको हुन्छ; किनभने व्यवस्थाले हामीलाई आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्न सिकाउँछ।

**रोमी १३ः९ः** प्रेरित पावलले व्यवस्थाबाट ती आज्ञाहरू निकालेर प्रस्तुत गर्दछन्, जुन आज्ञाहरूले हामीलाई आफ्नो छिमेकीको विरोधमा प्रेमरहित कामहरू गर्न मनाही गर्दछन्। ती आज्ञाहरू यी नै हुन्ः व्यभिचार नगर्नू, हत्या नगर्नू, चोरी नगर्नू, झूटो गवाही नदिनू र लोभलालच नगर्नू। प्रेमले अरू व्यक्तिको शरीरबाट लाभ उठाउन खोज्दैन, तर व्यभिचारले आफ्नै फायदा खोज्दछ। प्रेमले कसैको प्राण लिन खोज्दैन, तर हत्या गर्नेले अरूको प्राण लिन्छ। प्रेमले अरू मानिसको सम्पत्तिमाथि हात लाउँदैन, तर चोरले हात लाउँछ-लाउँछ। प्रेमले अन्याय गरेर अरू मानिसहरूबाट न्याय खोस्दैन, तर झूटो गवाही बोल्नेले निश्चत नै यसो गर्छ। प्रेमले अरू मानिसहरूको धनसम्पत्तिमा केही पनि देख्दैन, जब लोभलालच गर्नेले यस प्रकारको कुइच्छा गर्छ।[55)]

अनि 'र अरू कुनै आज्ञा छ भने' भन्ने वाक्यको विषयमा केकसो? प्रेरित पावलले अर्को एक आज्ञा थप्न सक्नेथिए, जस्तै 'आफ्ना बुवाआमालाई आदर गर!', तर उनले यसो गर्न छोड़े; किनकि यी आज्ञाहरूको सार 'तिमीले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नु'मा छ। जुन ममता, जुन माया, जुन वास्ता, जुन दया हामी आफूलाई गर्दछौं, त्यही ममता, त्यही माया, त्यही वास्ता र त्यही दया हामीले अरू मानिसहरूसित गर्नुपर्छ।

**रोमी १३ः१०ः** प्रेमले कसैलाई कुनै खराबी गर्दैन। बरु प्रेमले अरू सबैको कल्याण, सबैको भलाइ खोज्दछ, र सबैलाई सम्मान र इज्जत गर्दछ। मोशाको व्यवस्थामा समावेश गरिएका दस आज्ञा, जो ढुङ्गाका दुईवटा पाटीमा लेखिएका थिए; इस्राएलीहरूका निम्ति अरू मानिस-हरूप्रति गर्नुपर्ने कर्तव्यहरू तीमध्ये दोस्रोमा लेखिएका थिए। अनि यहाँ आएर पावलले के भन्छन् भने, प्रेम गर्ने मानिसले दोस्रो पाटीमा लिखिएका यी जम्मै आज्ञाहरू पूरा गरेको हुन्छ।

**रोमी १३ः११ः** रोमी तेह्र अध्यायको बाँकी भागमा प्रेरित पावलले हामीलाई एउटा सचेत आत्मिक जीवन र एउटा पवित्र नैतिक जीवन

जिउने आह्वान दिन्छन्। हाम्रो थोरै समय रहेको छ। अनुग्रहको युग सिद्धिन लागेको छ। दिन धेरै बितिसकेको छ। यसैले हामी सबै प्रकारको सुस्तीपन, हर प्रकारको निष्क्रियता, जम्मै निरुत्साह र प्रेरणाहीनता फालेर आफैबाट हटाऔं ! हाम्रो मुक्ति नजिकै आएको छ। हाम्रा मुक्तिदाता प्रभुले हामीलाई पिताको घरमा लैजान आउँदै हुनुहुन्छ।

**रोमी १३ः१२ः** यो युग, यो पापमय अन्धकाररूपी रात धेरै बितिसक्यो। ख्रीष्ट-विश्वासीहरूका निम्ति अनन्त महिमाले भरपूर हुने सुदिनको प्रभात शुरु हुन लागेको छ। यसैले हामीले मैला थाङ्नाहरूरूपी सारा संसारिकता अफाल्नुपर्छ। के कुनै कुरामा अधर्मको गन्ध वा खराबीको छाया छ? तब हामी त्यस्तो कुरालाई तुरुन्तै र सदाका निम्ति फालिदिऔं! हामीले ज्योतिरूपी हातहतिहार भिर्ने आदेश पाएका छौं; किनभने ज्योतिका हातहतियारहरूले एउटा पवित्र जीवन रक्षा गर्छन्। यस हातहतियारको पूरा रूप हामीले एफेसी ६ः१४-१८ पदको खण्डमा पढ्न पाउँछौं; यी हातहतियारको एक-एक भागले ख्रीष्ट-विश्वासीको सच्चा चरित्रको बयान गर्दछन्।

**रोमी १३ः१३ः** याद गरौं, यस पदले हाम्रो दैनिक इसाई जीवनको चाल, हाम्रो व्यवहारमा जोड़ दिएको छ। दिनका सन्तानहरू भएको नाताले हामीले ज्योतिका सन्तान भएझैं हिँड्नुपर्छ। तब मलाई भन्नुहोस्, इसाई जीवनसित प्रीतिभोज आदि नाम गरेका उत्ताउला आमोदप्रमोद लिने मोजमज्जा, रक्सीधोकाइ, अनैतिक सम्भोगहरू आदि कुकर्महरू के काम, वा अरू किसिम-किसिमको दुष्ट उपद्रव मच्चाउने अधिकता र असंयममा हाम्रो के चासो, अँ, झगड़ा र डाहामा हाम्रो के हिस्सा? यी कुराहरूमा हाम्रो कुनै पनि भाग छैन।

**रोमी १३ः१४ः** तब हामी कुनचाहिँ नीति अप्नाऔं? हाम्रा निम्ति सबैभन्दा राम्रो नीति यस प्रकारको छः पहिले हामी प्रभु येशू ख्रीष्टलाई पहिरौं! यसर्थ हामीले उहाँको जीवनशैली अप्नाउनुपर्छ; उहाँ जस्तै जिउनुभयो, त्यस्तै हामीले जिउने प्रयास गर्नुपर्छ; हामीले उहाँलाई हाम्रो जीवनको आदर्श, हाम्रो जीवनका स्वामी र अगुवा तुल्याउनुपर्छ।

दोस्रो, हामीले शरीरका निम्ति, त्यसका कुअभिलाषाहरू पूरा गर्नका निम्ति कुनै प्रबन्ध गर्नुहुँदैन। यहाँ 'शरीरका निम्ति' भनेको शब्दचाहिँ हाम्रो पापमय पुरानो स्वभाव बुझिन्छ। त्यसले जहिले पनि आफ्नो मुख आँ गर्छ; त्यसले आफूले मागेका कुराहरू नपाएसम्म हामीलाई कहिल्यै छोड्दैन, हामीबाट सुखचैन, ऐसआराम र भोगविलास दिलाउने कुराहरू चाहेर, अनैतिक सम्भोगबाट आनन्द लिन खोजेर, अरू व्यर्थ मनोरञ्जन र सांसारिक मनोविनोदका कुराहरू मागेर, मन बहकाउ गर्ने अन्य तरिकाहरू वा भौतिकता अप्नाएर। जब हामीले आफूलाई पापको परीक्षामा पार्ने कुराहरू किन्छौं, तब हामी शरीरका निम्ति प्रबन्ध गर्छौं। हामी तब शरीरका निम्ति प्रबन्ध गर्छौं, जब हामी पाप गर्ने जग्गामा उभिन्छौं; हामीले आफूलाई सजिलैसँग पापमा फस्ने वातावरणमा हालिदिन्छौं; तब पापमा फस्नु स्वभाविक कुरा हो। जब हामी आत्मिक कुराहरूमा ध्यान नदिएर बरु शरीरलाई चाहिने कुराहरूमाथि बढ़ी ध्यान दिन्छौं, तब पनि हामी पापी स्वभागका निम्ति प्रबन्ध गरिदिन्छौं। हाम्रो शरीरमा वास गर्ने पापी स्वभावलाई हामीले अलिकति पनि ठाउँ दिनुहुँदैन; हामीले कुनै पापबाट पनि अलिकति पनि आनन्द लिनुहुँदैन। फिलिप्स्को अनुवादअनुसार 'शरीरलाई हामी आफूमाथि प्रबल हुने कुनै मौका दिनुहुँदैन।'

यही खण्ड लिएर परमेश्वरले विद्वान् सन्त अगुस्टिनको मन परिवर्तन गर्नुभयो, जो पहिले भोगविलासी मानिस थिए। प्रभु येशूकहाँ फर्केपछि तिनी एउटा पवित्र जीवन जिए। पवित्र बाइबल पढ्दै गर्दा अगुस्टिन रोमी १३:१४ पदमा आइपुगे। यो पद पढ़ेपछि तिनले आफ्नो जीवन प्रभु येशूको हातमा सुम्पे। तिनको समयदेखि लिएर आजको दिनसम्म इतिहासले तिनलाई 'सन्त अगुस्टिन'को नाममा चिन्छ।

## च) रोमी १४:१-१५:१३: अरू विश्वासीहरूसित हाम्रो व्यवहार केकस्तो हुनुपर्छ?

**रोमी १४:१:** रोमी १४:१ पददेखि रोमी १५:१३ पदको खण्डमा प्रेरित पावलले हामीलाई केही महत्त्वपूर्ण नियमहरू पेस गर्दछन्, जसले

परमेश्वरका जनहरूलाई 'शङ्कापूर्ण कुराहरू'को सम्बन्धमा आ-आफ्नो व्यक्तिगत विश्वास कायम राख्ने भाइबहिनीहरूसित कसरी व्यवहार गर्नुपर्छ, सो कुरा जान्न र त्यस ज्ञानअनुसार गर्न मद्दत गर्दछन्; किनभने यी विषयहरू इसाई विश्वासका द्वितीय, महत्त्वपूर्ण नभएका विषयहरू छन्। तर यी विषयहरूचाहिँ घरिघरि ख्रीष्ट-विश्वासीहरूको बीचमा झगड़ा पैदा गर्ने कारणहरू बन्दा रहेछन्। तर यस प्रकारको संघर्ष कुनै दरकार छैन; हामी यसको बारेमा अब सिक्नेछौं।

अब रोमी १४:१ पदबाट हामी शुरु गरौं! यहाँ प्रेरित पावलले एउटा भाइको उदाहरण दिन्छन्, जसको विश्वास कमजोर छ, र यस भाइको मनमा द्वितीय, महत्त्वपूर्ण नभएका विषयहरूको सम्बन्धमा शङ्का-उपशङ्का छन्, जो आधाररहित छन्। रोमीको पुस्तकको सन्दर्भमा विशेष ख्याल दिनु हो भने, हामीले अड़कल काट्न सक्छौं, कि यहाँ भनिएको विश्वासमा कमजोर भएको भाइबहिनीचाहिँ यहूदी जातिबाट प्रभुकहाँ आएको होला। अनि यसैले होला, उसले यहूदीहरूका निम्ति 'अशुद्ध' मानिएका खानेकुराहरू शङ्काविना खानै सक्दैन र विश्रामदिनमा काम गर्न सक्दै-सक्दैन।

यस सम्बन्धमा हाम्रा निम्ति सिक्नुपर्ने पहिलो नियम यस प्रकारको छः हामीले यस्तो कमजोर भाइबहिनीलाई ग्रहण गर्नुपर्छ अर्थात् हामीले उसलाई हाम्रो मण्डलीमा स्वागत गर्नुपर्छ र उससित सँगति गर्नुपर्छ। तर उसका निम्ति शङ्कास्पद विषयहरू जे-जे छन्, तिनको सम्बन्धमा उससँग वादविवाद गर्ने विचार हामीबाट पर जाओस्! ख्रीष्ट-विश्वासीहरूले त्यस बेलामा पनि आपसमा मीठो सँगत गर्न सक्छन्, जब तिनीहरूको विचार कति महत्त्वपूर्ण नभएका विषयहरूको सम्बन्धमा मिल्दैन र फरक-फरक हुन्छ।

**रोमी १४:२:** इसाई स्वतन्त्रतामा हिँड़ेर त्यसबाट पूरा आनन्द लिने एउटा विश्वासी भाइ छ, जसको यो विश्वास नयाँ नियमको शिक्षा आधारित हुन्छ; उसले 'म सबै कुरा खान सक्छु; किनभने सबै खानेकुरा "शुद्ध" हुन्छन्' भन्ने कुरा विश्वास गर्छ; किनभने ती खानेकुराहरू परमेश्वरको वचन र प्रार्थनाद्वारा पवित्र पारिन्छन् (१ तिमोथी ४:४-५)।

यस सम्बन्धमा त्यो कमजोर विवेक भएको विश्वासी यस्तो एउटा भाइबहिनी होला, जसले सुङ्गुरको मासु वा अरू कुनै मासु खान हिच्किचाउँछ, र ऊ शाखाहारी हुन्छ होला।

**रोमी १४:३:** यसैले यस सम्बन्धमा हाम्रो सिक्नुपर्ने दोस्रो नियम यस प्रकारको छः हामीले यस कुरामा एक-अर्कालाई सहनुपर्छ। आफ्नो इसाई स्वतन्त्रतामा हिँड्ने भाइले आफ्नो सङ्गी-विश्वासीलाई तुच्छ ठान्नुहुँदैन, जसको विवेक यस विशेष कुराको सम्बन्धमा कमजोर छ। तर कमजोर विवेक भएको भाइले कसैलाई पापी ठहराउनुहुँदैन, जसले उदाहरणका निम्ति सुङ्गुरको मासु, झिँगेमाछा वा महाचिंगट खान्छ। परमेश्वरले उसलाई आफ्नो परिवारमा ग्रहण गर्नुभएको छ, तब के हामीले उसलाई ग्रहण नगरौं? होइन, परमेश्वरको सामु उसको ठहर दृढ र दोषरहित छ।

**रोमी १४:४:** यस सम्बन्धमा हामीले सिक्नुपर्ने तेस्रो नियम यस्तो छः हरेक ख्रीष्ट-विश्वासी प्रभुको दास हो। अनि हामी उसका मालिक होइनौं; यसैले उसलाई न्याय गर्ने दुःसाहस हामी कहाँबाट लिने? हामीसँग उसको न्याय गर्ने अधिकार छैन। प्रभु येशू नै हामी हरेकका मालिक हुनुहुन्छ, जसको सामु हामी कि त दोषी कि त निर्दोषी हुन्छौं। तब 'हेर त, फलाना-फलाना विषयको बारेमा त्यसको विचारधारणा कति नालायक र रद्द रहेछ!! निश्चय नै यसरी त्यसले आफ्नो विश्वासको जहाजलाई डुबाउँछ-डुबाउँछ' भनेर एक-अर्कालाई अहङ्कारी मनले र तुच्छ दृष्टिले हेर्ने हाम्रो के काम? अरू विश्वासीप्रति हाम्रो यस प्रकारको भावना बिलकुल गलत हो। यस एउटा विषयमा दुई मत छन्, ठिक्कै छ; परमेश्वर दुवैको पक्ष लिन सक्नुहुन्छ; उहाँ दुवैलाई सम्हाल्नुहुन्छ; उहाँ यसो गर्नलाई शक्तिशाली, सक्षम र निपुण हुनुहुन्छ।

**रोमी १४:५:** यहूदी जातिबाट इसाई भएकाहरूले विश्रामदिनको विषयमा त्यो दिन हामीले अझ पवित्र मान्नुपर्छ भन्ने धारणा लिएका थिए। यसैले तिनीहरूको विवेक यस कुरामा कमजोर भएको हुनाले तिनीहरूले शानिबारमा कुनै काम गर्दैनथिए। यसरी तिनीहरूले एउटा दिन अर्को दिनभन्दा ठूला मानेका थिए।

**रोमी १४ः६ः** तर अरू विश्वासीहरूमा यस्ता यहूदी धर्मबाट आएका शङ्काहरू थिएनन्; यसैले छ दिन काम गरेर सातौं दिनलाई चाहिँ पवित्र राख्ने उनीहरूको अलिकति विचार थिएन; किनकि उनीहरूका निम्ति हप्ताका सबै दिनहरू बराबर पवित्र हुन्थे।

तब कतिले हप्ताको पहिलो दिनको बारेमा यो प्रश्न उठाउँछन्ः 'अनि प्रभुको दिनको विषयमा केकसो ? के प्रभुको दिन इसाईहरूको जीवनमा विशेष भूमिका खेल्दैन र ?' नयाँ नियमभित्र सबै वृत्तान्तहरूको ख्याल राखेर हामी जान्दछौंः आइतबार प्रभु येशू मरेकाहरूबाट बैरिउठ्नुभयो (लूका २४ः१-९)। अनि त्यसपछिका दुईवटा आइतबार-हरूमा प्रभु येशू आफ्ना चेलाहरूकहाँ देखा पर्नुभयो (यूहन्ना २०ः१९ र २६)। अनि पेन्टेकोस्टको दिन पनि आइतबार थियो; त्यस दिन पवित्र आत्मा प्रभुका चेलाहरूमाथि आउनुभयो। नयाँ अन्नबलि चढ़ाउने 'हप्ताहरूको चाड़'पछि सात विश्रामदिनहरू गन्नुपर्थ्यो, त्यसको भोलिपल्ट पचासौं दिनमा अर्थात् आइतबारमा सालैपिच्छे पेन्टेकोस्टको दिन पर्दथियो (लेवी २३ः१५-१६ र प्रेरित २ः१)। अनि पेन्टेकोस्टको चाड़ले प्रभु येशूको पुनरुत्थानलाई सङ्केत गर्दछ (१ कोरिन्थी १५ः२० र २३)। प्रभुका चेलाहरू हप्ताको पहिलो दिन प्रभुभोज खान भेला भए (प्रेरित २०ः७)। प्रेरित पावलले कोरिन्थीका विश्वासीहरूलाई हप्ताको पहिलो दिनमा चन्दा उठाउने आदेश दिएका थिए (१ कोरिन्थी १६ः१-२)। यसो हो भने, नयाँ नियमभरि प्रभुको दिनलाई विशेष ठाउँ दिइएकै हो। तर प्रभुको दिनचाहिँ हामीले मान्नुपर्ने विशेष दिन, विश्रामदिनजस्तै 'पवित्र' राखेर काम गर्न नहुने दिन होइन; हामीले त्यस दिनलाई अर्को दृष्टिले हेर्नुपर्छ अर्थात् विशेष सुविधायुक्त, विशेष सौभाग्यले पूर्ण दिन ठान्नुपर्छ। धेरै देशहरूमा आइतबार कामबाट छुट्टी पाएको दिन भएको हुनाले यो दिन परमेश्वरको सेवा र आराधना गर्नलाई अलग राख्न अति उपयुक्त देखिन्छ।

नयाँ नियमभरि हेर्नुहोस्, तर कहीं पनि इसाईहरूलाई विश्रामदिन पालन गर्ने आदेश दिएको छैन। यसो भए पनि हामी स्वीकार गर्छौंः छ दिन काम गरेर एक दिन विश्राम लिने, अर्थात् सात दिनमध्ये एक दिनलाई विशेष दिन मान्ने नियम पवित्र बाइबलमा छ।

तर यस सम्बन्धमा हाम्रो विचारधारणा जेजस्तो भए पनि हामीले सिक्नुपर्ने नियम यो होः 'हरेक आफ्नो मनमा पूरा निश्चित होस् !' तर हामी सफासँग भन्नुपर्छः यो नियम यस्ता विषयहरूमा मात्र लागू हुन्छ, जो नैतिक हिसाबले न असल न खराब हुन्छन्। तर इसाई विश्वासका अधारभूत शिक्षाहरूको विषयमा व्यक्ति-व्यक्तिमा व्यक्तिगत अलग-अलग विचारधारणा अप्नाउने ठावै रहँदैन। जुन कुराहरू न असल न खराब हुन्छन्, ती कुराहरूको सम्बन्धमा विभिन्न विचार राख्नलाई यहाँ ठाउँ दिइएको छ। यस्ता कुराहरूचाहिँ कससँग सङ्गति गर्ने र कससँग सङ्गति नगर्ने मापदण्ड बन्नुहुँदैन।

**रोमी १४ः६ः** दिन मान्नेचाहिँ यहूदी धर्मबाट इसाई भएको विश्वासी हो; आफ्नो विवेकको खातिर उसले शनिबारलाई अझ विश्रामदिनको रूपमा मान्दछ र कुनै कामै गर्दैन। उसले विश्रामदिन मानेर मुक्ति कमाउन चाहँदैन। उसले विश्रामदिन पालन गरेर मुक्तिलाई कायम राख्दैन। होइन, उसको विचारमा, विश्रामदिन मानेर उसले प्रभुलाई खुशी तुल्याउन सक्छ। ठीक त्यस्तै जसले दिन मान्दैन, उसले प्रभुकै निम्ति कुनै विशेष दिन मान्दैन। उसले दिन नमानेरै प्रभुको महिमा गर्दछ, यो जानेर कि यी कुराहरूचाहिँ पछि आउने वास्तविक कुराहरूको छाया मात्र हुन्, जब यिनको खास कुरा ख्रीष्ट आफै हुनुहुन्छ (कलस्सी २ः१६-१७)।

यहूदी धर्मको दृष्टिमा 'अशुद्ध' भएका खानेकुरा खान सक्ने मानिसले तिनका निम्ति खानुभन्दा अघि प्रभुलाई धन्यवाद चढ़ाउँछ। त्यस्तै विवेकको खातिर 'शुद्ध' खानेकुराहरू मात्र खान सक्ने विश्वासीले पनि प्रभुलाई धन्यवाद दिएर यी कुराहरू खान्छ। दुवैजनाले आ-आफ्ना खानेकुरामाथि परमेश्वरको आशिष माग्छन्। दुवै विश्वासीको जीवनबाट परमेश्वरले आदर, भक्ति, धन्यवाद पाउनुहुन्छ; तब एक-अर्काको विरोधमा उठ्ने र आपसमा झगड़ा गर्ने कारण केमा छ त ?

**रोमी १४ः७ः** अब प्रेरित पावलले ख्रीष्ट येशूको प्रभुत्व पेस गर्दछन्; किनकि ख्रीष्ट-विश्वासीको जीवनको हरेक क्षेत्रमा उहाँको प्रभुत्वले राज्य गर्नुपर्छ। यस सम्बन्धमा हामीले सिक्नुपर्ने नियम के हो ? हामी आफ्ना निम्ति जिउनुहुँदैन, तर हामी हाम्रा प्रभुका निम्ति जिउनुपर्छ। हामी आफ्ना

निम्ति मर्नुहुँदैन, तर हामी प्रभुका निम्ति मर्नुपर्छ । जे हामी गर्छौं र जे हामी बोल्छौं, अरूमाथि यसको असर पर्छ-पर्छ । तर यस पदमा तर्कको तरङ्ग अर्कै छः प्रभुका जनहरूको जीवनचाहिँ सदा प्रभु येशूमा केन्द्रित रहनुपर्छ । उहाँ उनीहरूको जीवनको लक्ष्य र उनीहरूको जीवनको उद्देश्य हुनुपर्छ ।

**रोमी १४ः८ः** जीवनभरि हामी जे गर्दछौं, त्यसको लेखा हामीले प्रभु येशूलाई दिनुपर्छ; उहाँले हाम्रा सबै कामहरू जाँच गर्नुहुन्छ, तिनलाई स्वीकार गर्नुहुन्छ वा रद्द गर्नुहुन्छ । यसैले हामी सबै कामहरू कुन दृष्टिले हेरौं त ? प्रभुको उपस्थितिमा ती कुराहरू जस्ता देखा पर्छन्, तिनलाई हामीले त्यही दृष्टिले हेर्नुपर्छ । आफ्नो मृत्युमा पनि, जब हामी प्रभुकहाँ जान्छौं, हामीले उहाँको महिमा गर्ने लक्ष्य राख्नुपर्छ । चाहे जीवनमा, चाहे मृत्युमा हामी सधैं प्रभुका हौं ।

**रोमी १४ः९ः** प्रभु येशू मर्नुभएको, बौरिउठ्नुभएको र फेरि जीवित हुनुभएको छ; यसो हुने कारणहरूमध्ये एउटाचाहिँ उहाँ हाम्रा प्रभु हुने उद्देश्य थियो । यसर्थ हामी खुशीसाथ उहाँको अधीनतामा बस्ने उहाँको प्रजा हुनुपर्छ, जसले सदैव उहाँको श्रद्धाभक्ति कृतज्ञ हृदयको साथ गर्दछ । हाम्रो मृत्युमाथि पनि उहाँको प्रभुत्व रहन्छ; किनभने त्यस बेला हाम्रो मृतशरीरचाहिँ चिहानमा सुत्नेछ, तर हाम्रो प्राण र आत्मा उहाँको उपस्थितिमा हुनेछन् ।

**रोमी १४ः१०ः** यही कारणले गर्दा यहूदी धर्मबाट इसाई भएको विश्वासीका शङ्का-उपशङ्काहरू मुर्खता ठहरिन्छन्; यहूदी समय-तालिकाअनुसार नचल्ने र 'शुद्ध' खानेकुराहरू मात्र नखाने अन्य विश्वासीलाई दोष दिने उसको के काम ? ठीक त्यस्तै 'बलियो' विश्वासीले एउटा 'कमजोर' विश्वासीलाई तुच्छ ठान्नु गलत हो । वास्तविकता के हो ? हामी सबैजना एक दिन ख्रीष्टको न्यायआसनको सामु उभिनुपर्छ ।[56] तब प्रभु येशूले हाम्रो जीवन र हाम्रो सेवाकाई मूल्याङ्कन गर्नुहुनेछ; अन्तमा महत्त्वपूर्ण कुरा केवल त्यही हो ।

अनि ख्रीष्टको न्यायआसनको सामु गरिने न्यायमा ख्रीष्ट-विश्वासीको सेवाकाईको हिसाबकिताब हुनेछ, उसका पापहरूको लेखा

हुने होइन (१ कोरिन्थी ३:११-१५)। त्यस बेला प्रभुले हाम्रो जीवन नियाल्नुहुनेछ र हामीलाई हाम्रा कामहरूको प्रतिफलस्वरूप इनाम दिनुहुनेछ; यस घटना र मत्ति २५:३१-४६ पदको खण्डमा बयान गरिएको अन्यजातिहरूको न्यायको बीचमा र प्रकाश २०:११-१५ पदको खण्डमा बताइएको ठूलो सेतो सिंहासनको सामु हुने न्यायको बीचमा हामीले छुट्ट्याउन सक्नुपर्छ। ठूलो, सेतो सिसंहासनको सामु हुने न्यायचाहिँ अन्तिम न्याय हो, जहाँ सबै मरेका पापी मानिसहरूको न्याय गरिनेछ।

**रोमी १४:११ः** यशैया ४५:२३ पद उद्धृत गर्दै गरेको कारण के हो ? हामी ख्रीष्टको न्यायआसनको सामु देखा पर्नुपर्नेछ; यो सुनिश्चित छ। यसको समर्थन परमप्रभु स्वयम्ले यसो भन्दै गर्नुहुन्छः उहाँको सामु हरेक घुड़ा टेकिनेछ, हरेक जिब्रोले उहाँलाई सर्वेसर्वा परमेश्वर भनेर स्वीकार गर्ने नै छ। यसमा कुनै शङ्का छैन।

**रोमी १४:१२ः** यसैबाट सफासँग के बुझिन्छ भने, परमेश्वरको सामु हामी हरेकले अरू कसैको लेखा दिने होइन, तर आफ्नै जीवनको लेखा दिनुपर्छ। तब हामी एक-अर्काको न्याय किन गरिबस्ने ? यसको के काम ? हाम्रो एक-अर्काको न्याय गर्ने काम अधिक भइसक्यो। यसो गर्न हाम्रो कुनै अधिकारै छैन। यसो गर्न हाम्रो ज्ञान सीतित छ। अरूको जीवनको बारेमा हामी के पो जान्दछौं ! ?

**रोमी १४:१३ः** नैतिक हिसाबले मामुली हुने यी कुराहरूको सम्बन्धमा हामी हाम्रा सङ्गी-विश्वासीहरूको न्याय गर्न छोड़िदिऔं ! बरु हामी निम्न दृढ़ संकल्प गरौंः 'म कुनै हालतमा पनि मेरो विश्वासी भाइबहिनीलाई उसको आत्मिक जीवनमा बाधा बन्नेछैनँ, उसको सामु ठेस लाग्ने कुनै पनि कुरा राख्नेछैनँ, उसलाई कुनै खराबी गर्नेछैनँ।' याद गर्नुहोस्ः यी महत्त्वपूर्ण नभएका विषयहरूका निम्ति कसैलाई ठेस खुवाउनु वा कसैलाई लड़ाउनु बिलकुल उचित छैन।

**रोमी १४:१४ः** प्रेरित पावलले जान्दथिए, र हामी पनि जान्दछौं, अबचाहिँ कुनै खानेकुरा खास अशुद्ध होइन, जसरी ती खानेकुराहरू यहूदीहरूका निम्ति, जो व्यवस्थाको अधीनतामा जिउँथे, अशुद्ध हुन्थे। जे

खानेकुरा हामी खाने गर्दछौं, त्योचाहिँ परमेश्वरको वचन र प्रार्थनाद्वारा शुद्ध हुन्छ (१ तिमोथी ४ःप्र)। परमेश्वरले खानेकुराहरूको विषयमा जे भन्नुभएको छ, त्यस वचनको कारणले खानेकुराहरू शुद्ध हुन्छन्; किनभने पवित्र बाइबलले हामीलाई यस सम्बन्धमा अन्धकारमा राखिछोड्दैन, तर हामीलाई सफासँग कुन कुरा असल र ग्रहणयोग्य छ, सो बताउँछ। अनि यस बाइबलीय शिक्षाअनुसार सबै खानेकुराहरू शुद्ध छन्। प्रार्थनाद्वारा खानेकुराहरू शुद्ध पारिन्छ, किनभने हामीले परमेश्वरलाई पुकारेर उहाँको महिमा र हाम्रो स्वास्थ्यका निम्ति उहाँको सेवा गर्ने बल पाऔं र उहाँले हाम्रो खानामा आशिष दिऊन् भनेर हामी प्रार्थना चढ़ाउने गर्छौं। तर उदाहरणका निम्ति, कुनै 'कमजोर' भाइबहिनीको विचारमा सुङ्गुरको मासु खानु उचित छैन भने त उसका निम्ति साँच्चै सुङ्गुरको मासु खानु गलत हो, अँ, उसका निम्ति पाप ठहरिन्छ; किनभने यसो गर्दा उसले परमेश्वरले उसलाई दिनुभएको विवेकको विरोधमा पाप गर्दछ।

जब प्रेरित पावलले 'कुनै पनि कुरा आफैआफ अशुद्ध छैन' भनेर भन्दछन्, तब हामीले याद गर्नुपर्छः उनले यी मामुली कुराहरूको विषयमा यसो भनेका छन्; किनभने संसारमा थुप्रै अशुद्ध कुराहरू छन्, जस्तै अश्लील फोटो, भिडियो, चालचित्र, किताब र पत्रपत्रिकाहरू, फोहोर कुरा र व्यर्थ बकबक, मूर्ख बातचित, ठट्टादिल्लगी र अन्य कुवचनहरू, इन्टरनेत, फेसबुक र मोबाइलमा देखिने सबै प्रकारका अधर्म, भक्तिहीनता र व्यभिचारका कुराहरू आदि। यसैले पावलले रोमी १४ः१४ पदमा भनेको कुरा त्यसको सन्दर्भमा हेरेर हामीले बुझ्नुपर्छ। यसकारण हामी बुझौंः मोशाको व्यवस्थाले जुन खानेकुराहरू अशुद्ध ठहराएका थिए, ती खानेकुराहरू खाँदाखेरि कुनै ख्रीष्ट-विश्वासीले आफूलाई अशुद्ध तुल्याउँदैन।

**रोमी १४ः१५ः** तर जब म एउटा 'कमजोर' विश्वासीसँग खाना खान बस्छु, तब मेरो इसाई स्वतन्त्रतामा जिद्दी गर्ने ठावै रहँदैन। जब त्यस कमजोर भाइको दृष्टिमा झिँगेमाछा वा महाचिंगट खानु बेठीक छ भने र म जबरजस्ती गरेर ती चीजहरू उसको सामु खान्छु भने म प्रेममा चल्दिनँ। किनकि प्रेमले आफ्नै कुरा खोज्दैन, तर अरूको ख्याल राख्दछ। साँचो

प्रेम आफ्नो वैधानिक अधिकार अरूको भलाइका निम्ति त्याग्न तयार हुन्छ। एउटा भाइ वा एउटी बहिनी, जसका निम्ति प्रभु येशू मर्नुभयो, उसको तुलनामा एक छाक खाना के छ र? के हाम्रा भाइबहिनीहरूको आत्मिक कल्याण खोज्नु यसभन्दा ठूलो कुरा होइन र? अनि जब म स्वार्थी भएर यस सम्बन्धमा मेरै हक खोज्छु, तब म कमजोर भाइबहिनीको जीवनमाथि यति ठूलो चोट र हानि पुऱ्याउन सक्छु, जसका निम्ति कुनै औषधी पाइँदैन। जब यस भाइका निम्ति प्रभु येशूले आफ्नो बहुमूल्य पवित्र निष्कलङ्क रगत बगाउनुभएको र उसका निम्ति छुटकाराको ज्यादा ठूलो दाम तिरेर उसको आत्मा किन्नुभएको कुरा सम्झन्छौं, तब हाम्रा खानेकुराद्वारा आफ्नो भाइलाई नष्ट गर्ने काम अलिकति न्यायसँगत र उचित ठहरिँदैन।

**रोमी १४:१६:** हामीले यस सम्बन्धमा सिक्नुपर्ने अर्को एउटा नियम यहाँ उल्लेख गरिएको छ। यी मामुली कुराहरू हाम्रा निम्ति समुचित त छन्, तर तिनको खातिर हामी कसैलाई हामीलाई दोष लगाउने मौका नदिऔं! चाहिंदो भन्दा बढ़ी स्वतन्त्र भएको र प्रेमरहित भएको दोष हामीलाई कहिल्यै नलागोस्! गुन्द्रुकको झोलमा आफ्नो इज्जत फालेर हाम्रो असल नाम र साक्षी बित्थामा किन बलि गर्ने?

**रोमी १४:१७:** परमेश्वरको राज्यभित्र महत्त्वपूर्ण कुराहरू खानेकुरा र पिउने कुराहरू होइनन्, तर धार्मिकता, शान्ति र आनन्दजस्तै आत्मिक यथार्थ कुराहरू महत्त्वपूर्ण हुन्। परमेश्वरको राज्य भन्नाले उहाँको अधिकार-क्षेत्र बुझिन्छ, जहाँ उहाँले सर्वोच्च शासकको रूपमा राज्य गर्नुहुन्छ। परमेश्वरको राज्यको बाहरी सीमा हामी कहाँ तानौं? ठीक छ, परमेश्वरको राज्यमा हामी एक क्षणका निम्ति उहाँलाई स्वीकार गर्ने सबै मानिसहरूलाई राखौं; तर खास गरी परमेश्वरको राज्यभित्र उनीहरूलाई मात्र गन्न उचित छ, जसको नयाँ जन्म परमेश्वरको पवित्र आत्माद्वारा भएको हो। अनि परमेश्वरको राज्य यहाँ यस दोस्रो साँघरिएको अर्थमा प्रयोग गरिएको छ।

परमेश्वरको प्रजामा खाने र पिउने कुराका निम्ति पग्लाउने, यस सम्बन्धमा स्वादलोलुप, गुणज्ञ र सुविज्ञ हुनेहरू चाहिँदैन। परमेश्वरका

जनहरूका जीवन सद्‌गुणहरूले युक्त हुनुपर्छ, अर्थात् यस्तो जीवन व्यवहारिक धार्मिकता, आपसी शान्ति र मेलको भावना अनि पवित्र आत्माले दिने आनन्दमा मग्न हुने मनबाट चिनिन्छ।

**रोमी १४:१८:** खान हुने वा खान नहुने खानेकुराहरू महत्त्वपूर्ण होइनन्। एउटा पवित्र जीवन परमेश्वरलाई मनपर्छ; पवित्र आत्माले भरपूर जीवन मानिसहरूका निम्ति पनि स्वीकारयोग्य हुनेछ। यसैले जस-जसले धार्मिकता, शान्ति र आनन्दमा जोड़ दिन्छन्, यिनीहरूले ख्रीष्टको सेवा गर्दछन्। यिनीहरूले उहाँको शिक्षा पालन गरेका हुन्छन्।

**रोमी १४:१९:** अनि सिक्नुपर्ने अर्को नियम रोमी १४:१९ पदबाट आउँछः नचाहिँदा नगण्य कुराहरूको विषयमा झैझगड़ा गर्नुको सट्टामा हामीले बरु मेल र शान्तिले पूर्ण इसाई सँगति स्थापित गर्नुको पछि लाग्नुपर्छ। आफ्ना इसाई स्वतन्त्रताका हकहरू चलाउँदा र यिनको बारेमा जिद्दी गर्दा अरू विश्वासीहरूलाई ठेस खुवाउनुभन्दा हामीले अरू विश्वासीहरूको उन्नति खोज्दै उनीहरूलाई उनीहरूको परमपवित्र विश्वासमा स्थापित गर्न नित्य प्रयत्न गर्नुपर्छ।

**रोमी १४:२०:** परमेश्वरले आफ्ना सबै जनहरूको जीवनमा काम गर्दै हुनुहुन्छ। नगण्य, महत्त्वहीन कुराहरूको खातिर एउटा कमजोर विश्वासी भाइबहिनीको जीवनमा परमेश्वरको कामलाई बिगार्नु वा बाधा पार्नु कति भयानक र डर लाग्ने विषय हो। परमेश्वरको सन्तानका निम्ति सबै खानेकुराहरू शुद्ध हुन्छन्। तर उसका निम्ति कुनै विशेष खानेकुरा खानु तब गलत ठहरिन्छ, जब यसो गर्दाखेरि उसले विश्वासको नाताले उसको भाइ पर्नेलाई वा आफ्नी बहिनी पर्नेलाई चोट पुऱ्याउँछ वा त्यसलाई त्यसको इसाई चालमा ठेस खुवाउँछ।

**रोमी १४:२१:** कुनै विश्वासी भाइबहिनीलाई चोट पुऱ्याउनु अथवा उसको आत्मिक जीवनलाई कमजोर तुल्याउनु, बाधा पार्नु कि उसलाई पतित गराउनुभन्दा कहिल्यै मासु नखानु, कहिल्यै मद्य नपिउनु, अथवा सधैंभरि अरू कुनै ठेस खुवाउने कामकुराबाट अलग रहनु हजार गुणा उत्तम हुन्छ। एउटा कमजोर विश्वासीलाई वास्ता गरेकोमा हाम्रो हक पर्ने

स्वतन्त्रता वा ख्रीष्टमा पाएका हाम्रा वैधानिक अधिकारहरू त्यागिदिनु हामीले गन्तीमा नआउने तुच्छ मोल सम्झनुपर्छ ।

**रोमी १४ः२२ः** कुरा ठीक्कै हो, हर प्रकारको खानेकुरा सेवन गर्ने हाम्रो इसाई अधिकार वा इसाई स्वतन्त्रता होला; किनभने हामी जान्दछौं, परमेश्‍वरले हामीलाई ती खानेकुराहरू खानलाई दिनुभयो, र हामीले ती खानेकुराहरूका निम्ति धन्यवाद दिएर तिनलाई ग्रहण गर्छौं । तर कमजोर विश्‍वासीहरूको सामु यस प्रकारको स्वतन्त्रता प्रदर्शन गर्न अलिकति दरकार छैन नि । तपाईंको स्वतन्त्रता तपाईंसँग रहोस् ! अनि चाहनुभयो भने तपाईंले यो स्वतन्त्रता कसैलाई ठेस नलाग्ने बेलामा व्यक्तिगत रूपले उपभोग गर्नुहोला ।

हो, ख्रीष्टीय पूरा स्वतन्त्रतामा चल्नु राम्रो कुरा हो; कुनै अनुचित कारणविना आफूलाई शङ्का-उपशङ्काहरूरूपी साङ्लाहरूले बाँधि-राख्नलाई के काम ? तर कसैलाई चोट पुर्‍याएको वा बाधा पारेको दोष हामीलाई लाग्नुभन्दा बरु आफ्नो हकमा पर्ने अधिकारहरू त्याग्नु उत्तम हो । धन्य त्यो मानिस, जसले कसैलाई चोट पुर्‍याउँदैन, जसले कसैलाई ठेस खुवाउँदैन ।

**रोमी १४ः२३ः** तर कमजोर भाइको विषयमा यहाँ हामीले भन्नुपर्छः जुन खानेकुराको बारेमा उसको विवेकले उसलाई दोष लाउँछ; किनभने उसलाई त्यसको विषयमा शङ्का लागेको छ, त्यो खानेकुरा उसले खानुहुँदैन; किनभने जब उसले त्यो खान्छ, तब उसले गल्ती गर्दछ; किनभने उसले विश्‍वाससाथ खाँदैन । उसको विवेकले उसलाई दोषी ठहराएको छ । अनि आफ्नो विवेकको विरोधमा जानु पाप हो ।

मानिसको विवेक सधैं अचूक काम गर्दैन, त्यो कुरा सत्य हो । यसैले हाम्रो विवेक परमेश्‍वरको वचनद्वारा तालिम प्राप्त भएको हुनुपर्छ । तर यस सम्बन्धमा श्री मेर्रिल अङ्गरले यसो लेखेका छन्ः 'प्रेरित पावलले यहाँ एउटा आत्मिक नियम पेस गरेका छन्ः मानिस आफ्नो विवेकको पछि लाग्नुपर्छ । विवेक कमजोर भए पनि मानिसले आफ्नो विवेकको कुरा मान्नुपर्छ । यसो नगरेमा मानिसले आफ्नो नैतिक व्यक्तित्व नाश गर्छ ।'[57]

**रोमी १५ः१ः** रोमी पन्ध्र अध्यायको १-१३ पदको पहिलो खण्डमा चौध अध्यायको विषय अघि बढ़िरहेको छ; किनभने यस खण्डमा प्रेरित पावलले नैतिक हिसाबले असल नभएका र खराब पनि नभएका कुराहरूको सम्बन्धमा हाम्रो भन्दा फरकको अरू विश्वासीको विचारधारा र तिनीहरूको आत्मिक अवस्थाको बेवास्ताको विरोध गरेका छन् र खास गरी हाम्रो विश्वासको विचारधारासँग नमिल्ने विश्वासी भाइबहिनीहरूसित केकस्तो सकारात्मक व्यवहार गर्नुपर्ने हो, सो सम्बन्धमा हामीलाई यस ठाउँमा अमूल्य अर्तीहरू दिएका छन्। यहूदी धर्मबाट आएका विश्वासीहरू र अन्यजातिहरूबाट प्रभुलाई पाएका विश्वासीहरूको बीचमा अशान्ति र तनाउहरू पैदा भएका थिए। यी फरक-फरक पूर्व-पृष्ठभूमिबाट इसाई भएकाहरूले आपसमा कसरी मिलीजुली भएर बस्न सक्छन्, सो विषयमा उनले उनीहरूलाई यहाँ अर्तीहरू दिएका छन्।

यस सन्दर्भमा 'बलिया' तिनीहरू हुन्, जो नैतिक हिसाबले न ठीक न बेठीक भएका कुराहरूको सम्बन्धमा 'स्वतन्त्र' भएका छन्। यी 'बलिया' विश्वासीहरूले स्वार्थी भएर आफ्नो इसाई हकहरू हाँक्ने हठधर्मी हुनुहुँदैन। यसको बदलीमा यिनीहरूले 'कमजोर' विश्वासीहरूलाई तिनीहरूको कमजोरतामा, तिनीहरूका अधिक शङ्का-उपशङ्काहरूमा सहनुपर्छ, र तिनीहरूको वास्ता गरेर तिनीहरूलाई दया देखाउनुपर्छ।

**रोमी १५ः२ः** यस पदबाट हामीले सिक्नुपर्ने नियम यस प्रकारको छः आफूलाई खुशी पार्ने जीवन जिउनुहुँदैन; हामी अरूलाई खुशी पार्न जिउनुपर्छ। हामी अरू मानिसहरूको उन्नति खोजेर तिनीहरूको भलाइ गर्नुपर्छ। इसाई दृष्टिकोणले जिएको इसाई जीवन यस्तो छ।

**रोमी १५ः३ः** हाम्रा मुक्तिदाता प्रभुको जीवन हाम्रो उदाहरण हो। सधैं उहाँले आफ्ना पितालाई खुशी पार्नुहुन्थ्यो। उहाँले आफूलाई खुशी पार्नुभएन। बरु उहाँले यसो भन्नुभयोः *'तपाईंलाई निन्दा गर्नेहरूका निन्दाहरू ममाथि परे'* (भजन ६९ः९)। प्रभु येशूको एकमात्र चिन्ताको कारण परमेश्वरको आदर हुन्थ्यो। यसैले जब कसैले परमेश्वरको अपमान गर्दथियो, तब प्रभु येशूलाई आफ्नै अनादर भएको जत्तिकै लाग्दथियो, उहाँको मन उत्तिकै दुःख्थ्यो।

**रोमी १५:४:** भजन ६९:९ पद उद्धृत गर्दा प्रेरित पावलले आफ्नो मौका छोप्छन्, र पुरानो नियमका पवित्र लेखोटहरू हामी नयाँ नियमको समयमा जिउने विश्वासीहरूका निम्ति, हाम्रो शिक्षाका निम्ति लेखिए भन्ने कुरा पेस गर्दछन्। यी पवित्र लेखोटहरू सीधा हाम्रा निम्ति लेखिएनन्, तर यिनमा हामी आफ्ना निम्ति अति मूल्यवान् शिक्षाहरू पाइरहेका छौं। हाम्रो जीवनमाथि समस्याहरू आइपर्दा, हाम्रा संघर्षहरू हुँदा, सङ्कष्टहरूमा पर्दा वा हाम्रा आपदविपदहरू हुँदा पवित्रशास्त्रहरूचाहिँ हाम्रो सान्त्वनाको कारण बन्दछन्; किनकि पवित्रशास्त्रले हामीलाई विश्वासमा दृढ़ रहिरहन सिकाउँछ। यसैले हामी समस्याहरूमा डुब्दैनौं, तर प्रभुले हामीलाई छोड्नुहुन्न, हामीलाई त्याग्नुहुन्न, तर अवश्य हामीलाई हरेक समस्याबाट पार गर्नुहुन्छ भन्ने आशाबाट हिम्मत पाउँछौं।

**रोमी १५:५:** यस विचारबाट अर्को प्रेरणा पाई प्रेरित पावलले आफ्नो शुभेच्छा प्रकट गर्दछन्: तिमीहरूलाई विश्वासमा दृढ़ पार्नुहुने र तिमीहरूलाई हर परिस्थितिमा पनि शान्ति दिनुहुने परमेश्वरले तिमीहरू चाहे बलिया चाहे कमजोर, चाहे यहूदी धर्मबाट प्रभुकहाँ आएकाहरू चाहे अन्यजातिहरूबाट प्रभुलाई पाउनेहरूलाई ख्रीष्ट येशूको शिक्षा र उदाहरणअनुसार मिलीजुली बस्ने अनुग्रह दिएका होऊन्!

**रोमी १५:६:** फलस्वरूप सबै सन्तगणहरूले एकै मनका भएर र एउटै मुखले हाम्रा प्रभु येशू ख्रीष्टका पिता परमेश्वरको आराधना गर्नेछन्। के तपाईं यो शब्दचित्र देख्नुहुन्छ? दुवै यहूदी धर्म र अन्यजातिहरूबाट आएर प्रभु येशूमा मुक्ति पाएका मानिसहरूले एउटै मुखले उहाँको आराधना गरेका, कति अचम्म!!

निम्न कुराबाट कसैलाई चाख लाग्न सक्छ, कसैले शिक्षा पाउन सक्छ; किनभने रोमीको पुस्तकमा 'मुख' भन्ने शब्द चार पल्ट प्रयोग गरिएको छ। अनि एक-एकको प्रयोगबाट मुक्ति पाएको मानिसको जीवनमा कस्तो-कस्तो विकास आएको, सो उसको मुखले क्रमिक रूपले प्रकट गर्दछ। रोमी ३:१४ पदअनुसार पहिले उसको मुख श्राप र तीता-तीता कुराले भरिएको थियो भने, त्यसपछि उसको मुख चुप गराइएको थियो र ऊ न्यायकर्ता परमेश्वरको सामु दोषी ठहरिएको थियो (रोमी

३ः१९)। रोमी १०ः९ पदमा आएर उसले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्दछ; अनि अन्तमा उसको मुखले प्रभुको प्रशंसा र आराधना गर्दछ (रोमी १५ः६)।

**रोमी १५ः७ः** निचोरमा हामीले अफ एउटा नियम सिक्नुपर्छः जसरी ख्रीष्ट येशूले हामीलाई ग्रहण गर्नुभयो, ठीक त्यस्तै हामीले पनि एक-अर्कालाई ग्रहण गर्नुपर्छ, हाम्रो बीचमा यी अगणीय, महत्त्वहीन कुराहरूको विषयमा हाम्रो विचारधारा जत्ति फरक किन नहोस्; किनभने उहाँले हामीलाई आफ्नो हृदयमा ग्रहण गर्नुभयो। एउटा स्थानीय मण्डलीमा एक-अर्कालाई सँगतिमा ग्रहण गर्ने सत्आधार यसैमा छ। हामीले एक-अर्कालाई विभिन्न सम्प्रदायका सदस्यसदस्याको रूपमा ग्रहण गर्नुहुँदैन; हामीले एक-अर्कालाई हाम्रो आत्मिकता र हाम्रो विश्‍वासको परिपक्वताको आधारमा ग्रहण गर्नुहुँदैन। हामीले एक-अर्कालाई समाजमा हाम्रो भिन्नभिन्नै स्तरअनुसार ग्रहण गर्नुहुँदैन। जस-जसलाई हाम्रा प्रभु येशूले ग्रहण गर्नुभयो, उनीहरूलाई नै हामीले पनि ग्रहण गर्नुपर्छ, तब हामीबाट परमेश्‍वरको महिमा हुनेछ।

**रोमी १५ः८ः** अब रोमी पन्ध्र अध्यायको दोस्रो खण्डमा आइपुग्यौंः रोमी १५ः८-१३ पदहरू। यस खण्डमा प्रेरित पावलले यो पत्र पढ्ने पाठकवर्गलाई याद दिलाउँछन्, कि प्रभु येशूको सेवाकाई दुवै यहूदीहरू र अन्यजातिहरूका मानिसहरूका निम्ति भएको थियो। यसैले हामीले आफ्नो मन पनि फराकिलो पार्नुपर्छ, अनि दुवै मानिसहरूलाई, आफ्नो जातिका मानिसहरूलाई र अन्यजातिका मानिसहरूलाई स्वागत् गर्नुपर्छ। निस्सन्देह, प्रभु येशू खतना भएका मानिसहरू अर्थात् यहूदीहरूको सेवा गर्न आउनुभएको हो। परमप्रभु परमेश्‍वरका प्रतिज्ञाहरूअनुसार उहाँले इस्राएलीहरूलाई तिनीहरूकहाँ मसीहलाई पठाउनुहुने जानकारी दिनुभयो। अनि ख्रीष्ट येशू आउनुभयो। उहाँले परमेश्‍वरका यी प्रतिज्ञाहरू पूरा गर्नुभयो र यी प्रतिज्ञाहरू पुष्टि गर्नुभयो।

**रोमी १५ः९ः** तर प्रभु येशूले अन्य जातिहरूका मानिसहरूकहाँ पनि आशिषहरू ल्याउनुभयो। अन्यजातिहरूका मानिसहरूले सुसमाचार सुन्नमा परमेश्‍वरको उद्देश्य थियोः तिनीहरूले विश्‍वास गरून्, तिनीहरूले

मुक्ति पाऊन्, तिनीहरूले उहाँको अपार कृपाका निम्ति उहाँको प्रशंसा गरून्। यही कुराले यहूदीहरूलाई आश्चर्यचकित नतुल्याउनुपर्नेथियो; किनकि तिनीहरूका पवित्रशास्त्रहरूले घरिघरि तिनीहरूलाई यसको गवाही दिइरहे। भजन १८:४९ पद यसको उदाहरण हो, जहाँ आत्मामा राजा दाऊदले मसीह राजालाई जाति-जातिका मानिसहरूको बीचमा अर्थात् अन्यजातिहरूबाट उहाँमाथि विश्वास गर्नेहरूको बीचमा परमेश्वरको स्तुति गाउनुभएको देखेका थिए।

**रोमी १५:१०:** व्यवस्था ३२:४३ पदमा अन्यजातिका मानिसहरूले मुक्ति पाएकोमा उपभोग गरिरहेका आशिषहरूमा परमेश्वरको प्रजा इस्राएलसँग आनन्द मनाएको चित्र कोरिएको छ।

**रोमी १५:११:** भजन ११७:१ पदमा हामीले इस्राएलीहरूले अन्यजातिका मानिसहरूलाई आह्वान गरेको कुरा सुन्न पाउँछौं: तिनीहरूले ख्रीष्टको एक हजार वर्षको राज्यमा परमप्रभु परमेश्वरको आराधना गरून्।

**रोमी १५:१२:** अनि अन्तमा आएर भविष्यवक्ता यशैयाले आफ्नो गवाही थपेर के भन्छन् भने, ख्रीष्ट राजाले अन्यजातिहरूमाथि पनि राज्य गर्नुहुनेछ (यशैया ११:१ र १०)। यस पदमा विशेष जोड़ केमा गरिएको छ? अन्यजातिका मानिसहरू पनि मसीहका सौभाग्यहरूमा र उहाँको सुसमाचारका आशिषहरूमा सहभागी हुनेछन्।

प्रभु येशू नै यिशाईको यो जरा वा यो ठुटा हुनुहुन्छ; किनभने उहाँ यिशाईलाई रच्नुहुने सृष्टिकर्ता हुनुहुन्थ्यो। यिशाईबाट निस्किनुभएको कुरामा यस पदले जोड़ दिँदैन, यद्यपि यो कुरा पनि सत्य हो। प्रकाश २२:१६ पदअनुसार प्रभु येशूले यी दुवै कुराहरू यसरी स्वीकार गर्नुहुन्छः *'दाऊदको जरा र दाऊदको सन्तान ... म नै हुँ।'* आफू परमेश्वर हुनुभएको नाताले उहाँ दाऊदको जरा अर्थात् उनको सृष्टिकर्ता हुनुहुन्थ्यो; तर शरीरअनुसार उहाँ दाऊदको सन्तान हुनुहुन्थ्यो।

**रोमी १५:१३:** यस खण्डको अन्तमा प्रेरित पावलले सुन्दर शुभेच्छाले पूर्ण आशीर्वादको वचन छोड्छन्। यी रोमका विश्वासीहरूका निम्ति उनको शुभेच्छा यस प्रकारको थियोः ख्रीष्ट येशूमा हामीलाई

जीवित आशा दिनुहुने परमेश्वरले अब ती पवित्र जनहरूलाई उहाँमाथि विश्वास गरेकोमा आनन्द र शान्तिले भरिदिएका होऊन्। हुन सक्छ, उनले अन्यजातिहरूबाट प्रभुलाई पाएका विश्वासीहरूमाथि नजर लगाएर यसो भनेका छन्, तर उनको यस प्रार्थनाले सबै ख्रीष्ट-विश्वासीहरूलाई समावेश गर्दछ। पवित्र आत्माको शक्तिले प्रशस्त आशा पाउनेहरूसँग अगणीय, मामुली कुराहरूको विषयमा आपसमा झगड़ा गर्ने फुर्सद हुँदैन। हामी सबैको एकमात्र आशा छ; यही आशाले हामी आपसी इसाई जीवनको सम्बन्धमा हाम्रो बीचमा एकता ल्याउने र एकता कायम राख्न सक्ने शक्तिशाली माध्यम हो।

## छ) रोमी १५:१४-३३: प्रेरित पावलको योजना के हो ?

**रोमी १५:१४:** रोमी पन्ध्र अध्यायको बाँकी भागमा अर्थात् रोमी १५:१४-३२ पदको खण्डमा प्रेरित पावलले रोममा भएका विश्वासीहरूलाई यो पत्र किन लेखेको र रोममा आएर उनीहरूलाई भेट्ने आफ्नो ठूलो चाहना बताउँछन्।

उनले रोममा भएका ख्रीष्ट-विश्वासीहरूलाई अगाड़ि कहिल्यै भेटेका थिएनन्, तर पावलमा उनीहरूले उनका अर्ती-उपदेशका वचनहरू स्वीकार गर्नेछन् भन्ने निश्चयता थियो। उनको यो निश्चयता उनले उनीहरूको विषयमा सुनेको उनीहरूको भलोपनामा आधारित थियो, साथै उनीहरू इसाई शिक्षाको विषयमा ज्ञानले भरपूर भएका विश्वासीहरू भएको नाताले उनीहरूले एक-अर्कालाई सम्झाउन-बुझाउनमा सक्षम थिए।

**रोमी १५:१५:** उनीहरूको आत्मिक प्रगति र विकासको सम्बन्धमा यति ढुक्कै भएका पावलले उनीहरूका निम्ति अपरिचित व्यक्ति भए पनि उनीहरूलाई उनीहरूका केही सौभाग्यहरू र उनीहरूका केही जिम्मेवारीको विषयमा सम्झना गराउने हिम्मत पाए। उनले उनीहरूलाई लेख्दा यो साहस कहाँबाट लिए ? उनलाई यसो गर्न सक्षम तुल्याउने परमेश्वरको अनुग्रह थियो; किनकि परमेश्वरको त्यस अनुग्रहद्वारा उनी प्रेरितको काम गर्नु योग्य भए।

**रोमी १५ः१६ः** अन्यजातिहरूका निम्ति उनी ख्रीष्ट येशूको पूजाहारी-पदमा रहेर तिनीहरूको सेवा गर्दथिए। यस सेवाकाईका निम्ति परमेश्वरले उनलाई नियुक्त गर्नुभएको थियो। यसैले उनले परमेश्वरको सुसमाचारमा आफ्नो सेवाकाई पूजाहारीको सेवा सम्झेका थिए। यस पूजाहारी-सेवाद्वारा उनले मुक्ति पाएका अन्यजातिका मानिसहरूलाई एउटा ग्रहणयोग्य भेटीको रूपमा परमेश्वरकहाँ चढ़ाए; किनभने तिनीहरूको नयाँ जन्म भएको हुनाले तिनीहरू पवित्र आत्माद्वारा परमेश्वरका निम्ति अलग पारिएका र उहाँको योग्य भएका थिए।

यस सम्बन्धमा श्री जी. क्याम्पबेल् मोर्गनले आफ्नो हर्ष यस प्रकारले व्यक्त गरेका छन्ः 'अहो, यस पदले सुसमाचारको प्रचारमा देखाइएको र पाष्टरीय सेवाकाईमा गरिने हाम्रो हरेक प्रयासमाथि कत्रो कान्तिमय चमक फैलाउँदो रहेछ! ख्रीष्टको सुसमाचारको प्रचारद्वारा जितेको हरेक आत्मा सुरक्षापूर्ण आशिषको स्थानमा ल्याइन्छ; यति मात्र होइन, तर मुक्ति पाएको हरेक व्यक्ति परमेश्वरका निम्ति एउटा भेटी पनि हो; ऊ उहाँका निम्ति एउटा यस्तो दान हो, जसले उहाँलाई सन्तुष्टि दिन्छ; अनि ऊ एउटा ग्रहणयोग्य बलि हो, जो परमेश्वरलाई खूब मन पर्छ। ख्रीष्ट येशूसम्बन्धी कुराहरूको विषयमा होशियार र धीरजसाथ सिकाइएको हरेक मानिस ख्रीष्टको रूपमा परिवर्तन हुँदै जान्छ; अनि ख्रीष्टको रूप धारण गरेको हरेक मानिसमा पिता परमेश्वर प्रसन्न हुनुहुन्छ। यसर्थ हामी मानिसहरूलाई मुक्ति दिलाउनुको साथै परमेश्वरको हृदयलाई तृप्त पार्न परिश्रम गर्दछौं। अनि प्रभुको काम गर्नलाई योचाहिँ सबभन्दा ठूलो शक्तिशाली प्रेरणा हो।'[58)]

**रोमी १५ः१७ः** पावलले गर्व गर्नु हो भने उनले आफूमा होइन, तर ख्रीष्ट येशूमा गर्व गर्दछन्। अनि उनले यहाँ आफ्ना सफलताहरूको विषयमा गर्व गर्दैनन्, तर परमेश्वरले उनीद्वारा के-के काम गर्नुभयो, यी कामहरूको सम्बन्धमा गर्व गर्छन्। तर ख्रीष्टका विनम्र दासले बढ़ी गर्व गर्दैनन्, तर 'परमेश्वरले आफ्ना उद्देश्यहरू पूरा गर्नलाई मलाई चलाउनु-भएको हो' भनी उनलाई पूरा थाहा हुन्छ। 'म आफूमा केही पनि होइनँ, र मसँग जे छ, त्यो सबै मैले पाएको हुँ; अनि पवित्र आत्माको शक्तिविना म

ख्रीष्ट येशू मेरा प्रभुका निम्ति केही पनि गर्न सक्दिनँ' भन्ने भानले उनलाई सधैं नम्र तुल्याउँछ ।

**रोमी १५ः१८ः** अरू मानिसहरूको सेवाकाईद्वारा परमेश्वरले के-के गर्नुभयो, ती कुराहरूको विषयमा चर्चा गर्न पावलले आँट गर्दैनन् । तर परमेश्वरले उनीद्वारा, उनको वचन र उनको कामद्वारा अन्यजातिका मानिसहरूलाई कसरी जित्नुभयो र विश्वासप्रति आज्ञाकारी तुल्याउनुभयो, सो कुरा मात्र बताउन उनले आफूलाई सीमित राख्दछन्; किनभने यसो गर्नलाई परमेश्वरले उनले प्रचार गरेका सुसमाचार प्रयोग गर्नुभयो र उनलाई अचम्मका कामहरू गर्ने शक्ति दिनुभयो ।

**रोमी १५ः१९ः** किनकि प्रभु स्वयम्ले आफ्ना प्रेरितहरूले प्रचार गरेका शुभ सन्देश आश्चर्यकर्महरूद्वारा पुष्टि गर्नुहुन्थ्यो । यी अचम्मका कामहरूमा हामी निम्न उद्देश्यहरू देख्छौंः कि त यी आश्चर्यकर्महरूले केही आत्मिक पाठहरू सिकाउँथे, कि त यिनले प्रेरितका वचन सुन्ने मानिसहरूमा आश्चर्यचकित पार्नु थियो, कि त परमेश्वरको आत्माको शक्ति नाना प्रकारका सामर्थ्यका कामहरूद्वारा प्रकट गर्नु थियो । फलस्वरूप पावलले यरूशलेमबाट शुरु गरेर इल्लुरिकुमसम्म चारैतिर सुसमाचार प्रचार गरे, यहाँसम्म कि अब सुसमाचार प्रचार गर्ने ठावै रहेन । इल्लुरिकुमचाहिँ म्यासिडोनियाको उत्तर भाग हो, जो एड्रियाको सागरमा पर्थ्यो । 'यरूशलेमबाट शुरु गरेर इल्लुरिकुमसम्म' भनेको उनले प्रचार गरेको भौगोलिक सेवा-क्षेत्र बुझ्नुपर्छ, उनले यी ठाउँहरूमा प्रचार गरेको क्रम होइन ।

**रोमी १५ः२०ः** पावलले अप्नाएको सिलसिला र नियम यस प्रकारको थियोः उनले जहाँ ख्रीष्टको नाम सुनिएको थिएन, अर्थात् जहिले पनि नयाँ-नयाँ ठाउँहरूमा ख्रीष्टको सुसमाचार प्रचार गर्न खोजे । यसरी उनको मुखबाट सुसमाचार सुन्ने मानिसहरू प्रायः प्रभु येशूको विषयमा कहिल्यै नसुनेका अन्यजातिका मानिसहरू थिए; किनकि उनले अरू मानिसहरूले बसालेको जगमाथि आफ्नो सेवा निर्माण गर्न चाहेनन् । अग्रसर भएका प्रेरित पावल, जो सधैं नयाँ-नयाँ ठाउँहरूतिर अघि बढ्दै सुसमाचार प्रचार गर्दथिए, उनको उदाहरणअनुसार प्रभु येशूका अरू सबै

सेवकहरूले गर्नुपर्छ र यही नीति अप्नाउनुपर्छ भन्ने बाध्यता छैन। कतिको बोलावट यस प्रकारको छः नयाँ मण्डलीहरू जहाँ-जहाँ स्थापित भए, त्यहाँ-त्यहाँ गएर नयाँ विश्वासीहरूलाई शिक्षा दिनु; उनीहरूको काम यो हो।

**रोमी १५:२१:** अन्यजातिहरूको बीचमा पावलद्वारा सुसमाचारको जग बसालियो; यसरी नै यशैया ५२:१५ पदमा गरिएको भविष्यवाणी पूरा भयो। पहिले कहिल्यै सुसमाचारको सन्देश नसुन्ने अन्यजातिका मानिस-हरूले 'देखे'। जसले मुक्तिको सुभ सन्देश अघि कहिल्यै सुनेनन्, तिनीहरूले परमेश्वरको सत्य वचन बुझ्ने र प्रभु येशूमाथि विश्वास गरेर उहाँलाई ग्रहण गर्ने मौका पाए।

**रोमी १५:२२-२३:** सुसमाचार नपुगेको ठाउँमा पुऱ्याउनुमा प्रेरित पावल यति साह्र व्यस्त रहे, कि उनी बितेको समयमा रोममा पुग्न सकेनन्। तर रोमी १५:१९ पदले बयान गरिएका ठाउँहरूमा अब सुसमाचाररूपी जग बसालियो। अरू मानिसहरूले यस जगमाथि परमेश्वरको काम बढ़ाउँदै लानेछन्; यसैले लामो समयदेखि चाहना गरेअनुसार अब रोमको यात्रा गर्न पावल स्वतन्त्र भए।

**रोमी १५:२४:** उनको इच्छा स्पेन जानु थियो। अनि स्पेनको बाटोमा उनले रोममा आफ्नो यात्रा रोक्न चाहे। रोमका विश्वासीहरूको सँगतिले पूरा रूपले तृप्त हुने समय उनले नपाउलान्, तर उनीहरूसँग सँगति गर्ने उनको तृष्णा यसपालि केही हदसम्म पूरा हुने आशा गर्दथिए। उनले जान्दथिए, स्पेनको यात्राका निम्ति उनलाई जे खाँचो पर्दथियो, त्यसमा रोमका विश्वासीहरूले उनलाई सहायता गर्नेछन्।

**रोमी १५:२५:** तर हालैमा उनी यरूशलेम जानुपर्थ्यो; किनभने उनले अन्यजातिहरूको बीचमा स्थापित भएका मण्डलीहरूबाट यहूदियामा भएका गरिब विश्वासी जनहरूका निम्ति चन्दाहरू उठाएका थिए; यी चन्दाहरू उनले यरूशलेममा पुऱ्याउन लागेका थिए। १ कोरिन्थी १६:१ र २ कोरिन्थी ८-९ अध्यायमा हामी यी चन्दाहरूको विषयमा पढ्न पाउँछौं।

**रोमी १५ः२६-२७ः** म्यासिडोनिया र अखैयाका विश्वासीहरूले यरूशलेमका गरिब पवित्र जनहरूको खाँचो पूर्ति गर्नका निम्ति खुशीसाथ केही रकम उनको हातबाट पठाएका थिए। यस चन्दाको विषयमा भन्नुपर्‍योः दिने दाताहरूका निम्ति कुनै करकाप थिएन। तर एक प्रकारले यी यहूदी विश्वासीहरूलाई चन्दा दिनु उचित पनि थियो; किनकि बितेको समयमा अन्यजातिका विश्वासीहरूले यी यहूदी विश्वासीहरूबाट आत्मिक फायदा उठाए, जब यिनीहरूले तिनीहरूलाई ख्रीष्टको सुसमाचार सुनाएका थिए। यसैले तिनीहरूले यहूदी विश्वासी भाइ-बहिनीहरूलाई केही आर्थिक सहायता दिनेछन् भन्ने कुरा आशा गर्नु स्वभाविक थियो।

**रोमी १५ः२८-२९ः** यो काम पूरा गर्ने बित्तिकै अर्थात् तिनीहरूलाई यो चन्दा सुम्पिएपछि पावल रोमबाट भएर स्पेन जानेथिए। प्रेरित पावलमा पूरा निश्चयता थियोः रोमतर्फको यात्राचाहिँ ख्रीष्टको सुसमाचारको आशिषले भरपूर हुनेथियो; किनभने जहाँ-जहाँ परमेश्वरको वचन पवित्र आत्माको शक्तिले प्रचार गरिन्छ, त्यहाँ-त्यहाँ ख्रीष्ट येशूले सधैं आफ्नो पूरा आशिष खन्याउनुहुन्छ।

**रोमी १५ः३०ः** यस खण्डको अन्तमा आएर प्रेरित पावलले यस पदमा प्रार्थनामा रोमी विश्वासीहरूको सहायता पाउने आग्रह पेस गर्छन्। प्रार्थनको सहयोग किन, कुन आधार माग्न सकिन्छ त ? यसका निम्ति जग कुनचाहिँ हो ? प्रभु येशू ख्रीष्टमा उनी र उनीहरूको बीचमा आपसी संयुक्त एकता थियो; उनी र उनीहरूको बीचमा आपसी प्रेम पनि थियो, जो पवित्र आत्माले उनीहरूमा पैदा गर्नुभयो। उनको विन्ती छः 'मेरा निम्ति परमेश्वरलाई पुकार्न मसँग प्रार्थनामा संघर्ष गर !' यस विषयमा श्री आर. सी. एच. लेन्स्कीले यसो भनेका छन्ः 'प्रार्थनामा साथ दिने यो आग्रह अखाड़ामा उत्रेर खेलमा भाग लिने खेलाड़ीहरूले होड़बाजी गरेजस्तै पूरा मनतनले प्रार्थना गर्ने उनको आह्वान हो।'[59)]

**रोमी १५ः३१ः** त्यसपछि उनले चारवटा कुराहरूका निम्ति प्रार्थनामा उनीहरूबाट सहायता गरिमाग्छन्ः पहिले, उनले यहूदियामा भएका कट्टी

पन्थी यहूदीहरूको हातबाट उम्कन चाहे। तिनीहरूले अन्धाधुन्धमा सुसमाचारको घोर विरोध गर्दथिए, जसरी पावलले पनि बितेका दिनहरूमा त्यसको विरोध गरेका थिए।

दोस्रो अनुरोध, जसको निम्ति रोमीहरूले निम्न विषयमा प्रार्थना गरेका उनले चाहेः यहूदी पवित्र जनहरूले उनको हातबाट पठाइएको चन्दा खुशीसाथ ग्रहण गरून्। हुन सक्छ, अन्यजातिका विश्वासीहरूको सम्बन्धमा र उनीहरूको बीचमा सुसमाचार प्रचार गर्नेहरूको विरोधमा तिनीहरूको बीचमा अझ अडिग पूर्वधारणाहरू रहेको सम्भव थियो। अनि कल्याणकोशबाट रकम पाउने कुरा सुन्नासाथ कुनै-कुनै मानिसको मनमा यस कुरामा चिसो लाग्नु र ठेस खाने भावना उठ्नु सदैव सम्भव छ। दिने दाताहरूमा जति अनुग्रह चाहिन्छ, त्यसभन्दा बढ़ी अनुग्रह अनुदान पाउनेहरूमा हुनुपर्छ।

**रोमी १५ः३२ः** उनको तेस्रो अनुरोध यस प्रकारको छः पावलले आनन्दसाथ रोमीहरूकहाँ आइपुग्न चाहे। 'परमेश्वरको इच्छाद्वारा' भन्ने शब्दहरूबाट हर कुरामा पावलले प्रभुको इच्छा पूरा भएको चाहना कायम राख्दथिए भन्ने बुझिन्छ।

अन्तमा, पावलले यस रोमको यात्रामा रोमका विश्वासीहरूसँग-सँग ताजा हुन चाहे; किनभने पावलले आफ्नो खलबलले पूर्ण र परिश्रान्त सेवाकाईमा केही मात्रामा विश्राम पाउन खोजे।

**रोमी १५ः३३ः** यस अन्तिम पदमा हरेक विश्वासीका निम्ति शान्तिको स्रोत हुनुहुने परमेश्वर सम्पूर्ण रूपले रोमका विश्वासीहरूको हिस्सा होऊन् भनेर पावलले प्रार्थना गरेर यो अध्याय सिद्ध्याउँछन्।

यस रोमी पन्ध्र अध्यायमा हाम्रा प्रभुलाई धीरज र सान्त्वनाका परमेश्वर (रोमी १५ः५), आशाका परमेश्वर (रोमी १५ः१३) र शान्तिका परमेश्वर भन्ने नाम दिइएको छ (रोमी १५ः३३); किनभने उहाँचाहिँ हरेक असल दान र आशिषको स्रोत हुनुहुन्छ। हामीजस्तै लाचार पापी मानिस-हरूका निम्ति चाहिने सबै कुराहरू, चाहे वर्तमान् युगमा, चाहे परलोकमा चाहिने सबै कुराहरू, सबका सब येशू प्रभुमा उपलब्ध हुन्छन्। हल्लेलूयाह! आमेन!!

## ज) रोमी १६ः१-२७ः अरूहरूको जीवनमा सद्‌गुणहरू भेट्टाउन सक्ने पावलको कृतज्ञता

पहिलो दृष्टिमा रोमी सोह्र अध्याय, रोमीको पुस्तकको अन्तिम अध्यायमा केही पनि चाखलाग्दो कुरा नभएको देखिन्छ; किनभने यसमा थुप्रै नामहरूको सूचि उल्लेख गरिएको छ, जसबाट हामी वर्तमान् युगमा जिउने मानिसहरूका निम्ति केही असल अर्थ निकाल्न सक्दैनौं। तर यसको गहन अध्ययन गर्दा यस बेवास्ता गरिएको अध्यायभित्र ख्रीष्ट-विश्वासीहरूका निम्ति धेरै अमूल्य महत्त्वपूर्ण पाठहरू लुकिएका छन्।

**रोमी १६ः१ः** यहाँ फिबीको परिचय गरिएको छ, जो केन्ख्रेयाको मण्डलीकी सेविका थिइन्। 'सिस्टर' भन्ने तिनको सम्बोधनले गर्दा तिनी कुनै धर्मसंघको महिला-मठकी सदस्या थिइन् भन्ने कुरा हामीले सोच्नु-हुँदैन, साथै स्थानीय मण्डलीमा प्रभुको सेवा गर्ने सबै दिदीबहिनीहरू सबैजना 'डिकन' हुन्छन् भन्ने कुरा विचार गर्नु पनि गलत हो। किनकि यहाँ सेविका अनुवाद गरिएको 'डिकन'[60] ग्रीक शब्दको सरल अर्थ सेवक वा सेविका नै हो।

**रोमी १६ः२ः** ख्रीष्ट-विश्वासीहरूले एउटा ठाउँको मण्डलीबाट अर्को ठाउँको मण्डलीमा यात्रा गर्दा उनीहरूले शुरुका इसाईहरूको चलनअनुसार सधैं साथमा परिचयपत्र वा सिफारिसपत्र बोक्ने गर्दथिए। त्यस नयाँ मण्डलीका विश्वासीहरूप्रति यो एक अति सुजनतापूर्वक व्यवहार थियो, र तिनीहरूको सँगति खोज्ने विश्वासीका निम्ति यस प्रकारको परिचयपत्रले ठूलो सहायता गर्दथियो।

यही प्रकारले यहाँ, यस पदमा प्रेरित पावलले रोमका विश्वासीहरूको सामु फिबीको परिचय गरेका छन्, साथै उनीहरूलाई पवित्र जनहरूलाई जस्तो सुहाउँछ, त्यस्तै प्रकारले फिबीलाई सच्चा विश्वासीको योग्य स्वागत्‌ले स्वागत् गर्नू भन्ने अनुरोध गर्दछन्। स्वागत् मात्र नगरेर तर तिनलाई सकभर सहायता गर्ने प्रेरितको विन्ती छ। अरूको सामु तिनको सिफारिस गर्न सक्ने कुरा केमा थियो? तिनले आफ्नो

सेवाकाईद्वारा प्रेरित पावललाई समेत अरू धेरैलाई मद्दत गरिन्। हुन सक्छ, तिनले केन्ख्रेयामा बस्ने विश्वासीहरूलाई र यात्रा गर्ने बाहिरबाट आउने प्रचारकहरूलाई आतिथिसत्कार गर्ने काममा अथक परिश्रम गरेकी थिइन्।

**रोमी १६ः३ः** त्यसपछि प्रेरित पावलले प्रिस्किल्ला र अक्विलाकहाँ अभिवादन पठाउँछन्। ख्रीष्ट येशूको सेवामा ती लोग्नेस्वास्नी पावलका सहकर्मी थिए। यस्ता इसाई लोग्नेस्वास्नीहरूका निम्ति परमेश्‍वरलाई धन्यवाद होस्, जसले ख्रीष्ट येशूको काममा बलिदानयुक्त परिश्रमद्वारा आफूलाई पूरा खर्च गर्दछन्।

**रोमी १६ः४ः** एकपल्ट प्रिस्किल्ला र अक्विलाले पावलका निम्ति आफ्नो जीवन खतरामा हालेका थिए, जुन वीरताको बेलीबिस्तार कहीं गरिएको छैन; तर उनीहरूप्रति पावल अति कृतज्ञ थिए, अनि अन्यजातिहरूका सबै मण्डलीहरू अर्थात् अन्यजातिहरूको बीचबाट पावलको सेवाकाईद्वारा प्रभुकहाँ फर्केका सबै विश्‍वासीहरू पनि।

**रोमी १६ः५ः** *'उनीहरूको घरमा भएको मण्डलीलाई पनि अभिवादन छ'* भन्ने वाक्यले के स्पष्ट पार्छ भने, त्यस बेलाको कुरा होः ख्रीष्ट-विश्‍वासीहरूको जमघट खास प्रिस्किल्ला र अक्विलाको घरमा हुन्थ्यो। दोस्रो शताब्दीसम्म गिर्जाघरहरूको कुरा कहीं पनि सुनिएन, गिर्जाघर भन्ने कुरा छँदैथिएन। पहिले प्रिस्किल्ला र अक्विला कोरिन्थमा बस्दथिए; त्यस बेलामा पनि त्यहाँको मण्डली उनीहरूको घरमा भेला हुन्थ्यो (१ कोरिन्थी १६ः१९)।

अब अभिवादन गर्ने क्रममा अघि बढ्दै प्रेरित पावलले एपाइनेतुसकहाँ अभिवादन पठाउँछन्। नामको अर्थअनुसार एपाइनेतुसको अर्थ 'प्रशंसनीय' हो। तिनी ख्रीष्टकहाँ फर्केर आएका अखैयाका[61)] मानिसहरूमध्ये प्रथम व्यक्ति हुन्। अनि प्रभुलाई पाउनुमा प्रथम - यो साँच्चि नै प्रशंसनीय कुरा हो। अनि तिनमा अझ अरू प्रशंसनीय कुराहरू भएका हुनुपर्छ; किनभने पावलले यहाँ तिनलाई 'मेरा प्रिय' एपाइनेतुस भनेका छन्।

**रोमी १६ः६ः** यस अध्यायमा दिदीबहिनीहरूका नामहरू थुप्रै छन्, जस्तै रोमी १६ः१, ३, ६, १२ आदि पदहरूमा। यसैबाट दिदीबहिनीहरूले प्रभुको काम र उहाँको मण्डलीमा कति ठूलो भूमिका खेलेका थिए, र अझ खेल्छन्, सो छरलङ्ग बुझिन्छ। रोमी १६ः६ पदमा एउटी बहिनीको नाम छः मरियम। तिनले पवित्र जनहरूका निम्ति खूबै मेहनत गरेकी छिन्।

**रोमी १६ः७ः** अनि यस पदमा दुई भाइहरू एन्ड्रोनिकस र यहनियस छन्; तिनीहरू कहिले पावलसँग झ्यालखानामा बसेका थिए, सो कुरा हामी जान्दैनौं। हुन सक्छ, शब्दको अर्थमा तिनीहरू कि त पावलका आफन्त थिए, कि त उनका सजाति यहूदी भाइहरू थिए। तिनीहरू 'प्रेरितहरूको बीचमा नामी छन्' भन्ने वाक्यको अर्थ दुई प्रकारको हुन सक्छः कि त तिनीहरूले प्रभुका प्रेरितहरूबाट सुनाम पाएका थिए, कि त तिनीहरू आफैचाहिँ सुनाम चलेका प्रेरितहरू थिए। हामी यस पदबाट निश्चित के जान्दछौं भने, तिनीहरू पावलभन्दा अघि प्रभुमा आएका थिए।

**रोमी १६ः८ः** यहाँ अम्प्लियस भन्ने नाम छ। तिनी पनि प्रेरित पावलका प्रिय थिए। यहाँ उल्लेख गरिएका मानिसहरूको सम्बन्ध प्रभु येशूसित नजोड़िएको भए तिनीहरूका नामहरू हामीले कहिल्यै जान्ने-थिएनौं। अनि हाम्रो विषयमा कसो? हाम्रो नाम कतै चिनिन्छ भने प्रभु येशूको खातिर मात्र चिनिन्छ, यसको अरू कुनै फाल्टु कारण नहोला।

**रोमी १६ः९ः** उर्बानुसको विषयमा के छ? तिनी पावलका सहकर्मी थिए। अनि स्टाखुसको बारेमा के? तिनी पावलका प्रिय थिए। रोमी सोह्र अध्यायचाहिँ हामीलाई कतै ख्रीष्टको न्यायआसनजस्तै लाग्दैछ, जहाँ ख्रीष्ट येशूप्रति देखाइएको एक-एक सद्भावना र विश्वासयोग्यताको कदर गरिनेछ।

**रोमी १६ः१०ः** अब आए अप्पेलेस। तिनी ख्रीष्टमा योग्य ठहरिएका थिए; यसर्थ तिनी विश्वासको ठूलो जाँचबाट भएर आएका र त्यसमा विजयी बनेका हुनुपर्छ, नत्र तिनले 'ख्रीष्टमा योग्य' भन्ने सुनाम कमाउनेथिएनन्।

अब पावलले अरिस्तोबुलसका घरकाहरूकहाँ अभिवादन पठाउँछन्। अरिस्तोबुलसचाहिँ राजा हेरोद डी ग्रेटका नाति भएदेखि अरिस्तोबुलसका घरकाहरूचाहिँ उनका इसाई दासदासीहरू हुनुपर्ला।

**रोमी १६ः११ः** अनि हेरोदियनचाहिँ - सम्भवतः तिनी पनि एउटा दास थिए। तिनी पावलका आफन्त थिए; यसो भए तिनी अरिस्तोबुलसका एकमात्र यहूदी दास भएका हुनुपर्ला।

'नर्किस्ससका घरकाहरू, जो प्रभुमा छन्' भनेको नर्किस्ससका केही दासदासीहरू थिए, जो इसाई भएका थिए। प्रेरित पावलले तिनीहरूकहाँ पनि प्रेमको अभिवादन पठाउँछन्। समाजको सबभन्दा तल्लो दर्जाका-हरूचाहिँ ख्रीष्टमा सर्वोत्तम आशिषहरूमा सहभागी भएका हुन्छन्। यस नामको सूचिमा दासदासीहरूका नामहरू पनि उल्लेख गरिएको कुराले हामीलाई सुन्दर प्रकारले के याद दिलाउँछ भने, समाजले मानिस-मानिसको बीचमा स्थापित गरेका भिन्नताहरू सबका सब ख्रीष्टमा मेटिएका हुन्छन्; किनभने ख्रीष्टमा हामी सबै एक भएका छौं।

**रोमी १६ः१२ः** ट्रिफैना र ट्रिफोसा, दुईजना बहिनीहरू हुन्। ट्रिफैना नामको अर्थ 'सुकुमारी' हो र ट्रिफोसा नामको अर्थ `ऐश्वर्य' हो। तिनीहरूले ट्र्याक्टरले झैं प्रभुको सेवामा साह्रै खटेर आफूलाई पूरा जोतेका छन्। अनि प्रिया पेर्सिसचाहिँ कर्मठ दिदीबहिनीहरूमध्ये अर्की सेविका थिइन्। स्थानीय मण्डलीहरूमा यस्ता सक्रिय दिदीबहिनीहरूलाई खूबै खाँचो पर्छ। तर दुःख लाग्छ, तिनीहरू नगएसम्म तिनीहरूको सेवाको आभार प्रायः व्यक्त गरिँदैन।

**रोमी १६ः१३ः** यस पदमा रूफस नाम गरेका भाइ छन्। तिनी सायद प्रभु येशूको क्रूस बोकिदिने कुरेनी शिमोनका छोरा थिए (मत्ती २७ः३२)। मर्कूसको सुसमाचारचाहिँ रोमका विश्वासीहरूका निम्ति लेखिएको पुस्तक हो। अनि उही सुसमाचारको पुस्तक लेख्ने मर्कूसले हामीलाई बताएका छन्, कि ती शिमोनचाहिँ अलेकजान्डर र रूफसका बुवा थिए (मर्कूस १५ः२१)। अलेकजान्डर र रूफसजस्तै नामहरू रोममा तिनको सुसमाचारको पुस्तक पढ्ने पाठकहरूका निम्ति महत्त्वहीन नामहरू भएदेखि मर्कूसले तिनका नामहरू किन लिने? रूफसचाहिँ

प्रभुमा चुनिएका थिए। 'प्रभुमा चुनिएका' शब्दहरूको अर्थ हामीले तिनी मुक्तिको सम्बन्धमा चुनिएकोमा मात्र देख्नुहुँदैन होला, तर तिनको चरित्रमा पनि देख्नुपर्छ; किनभने तिनी एक चुनी व्यक्ति अर्थात् ख्रीष्टीय सद्‌गुणले युक्त चरित्रवान् विश्वासी थिए। बितेको समयमा यी रूफसकी आमाले पावललाई आफ्नो छोरालाई झैं प्रेम र ममता देखाएकी थिइन्। यसैले पावलले यहाँ तिनलाई श्रद्धापूर्वक 'मेरी आमा' भनेका छन्।

**रोमी १६:१४:** यस पदमा नाम गरेका असिन्क्रिटस, फ्लेगोन, हेर्मास, पत्रोबास, हेर्मेस र अरू भाइहरूको विषयमा हामी के भनौं? सायद अक्विला र प्रिस्किल्लाहरूको घरमा भएझैं तिनीहरू एउटा स्थानीय मण्डलीका सक्रिय भाइहरू हुन्। फिलोलोगस र युलिया, नेरेयस, नेरेयसकी बहिनी र ओलुम्पासचाहिँ अर्कै घरीय मण्डलीको मुटु वा नाभि थिए होलान्।

**रोमी १६:१६:** त्यो 'पवित्र चुम्बन'चाहिँ त्यस बेलाका विश्वासीहरूको बीचमा खूबै चल्ती भएको स्नेहपूर्ण अभिवादन थियो। अनि यो दस्तुर वर्तमान समयमा पनि कति देशका विश्वासीहरूको बीचमा अझ जारी रहेकै छ। यस अभिवादनलाई 'पवित्र' चुम्बन भनिएको छ; किनभने यसको दुरुपयोग गर्नुहुँदैन। पश्चिमी देशहरूको संस्कृतिमा चुम्बन गरिँदैन, तर हात मिलाइन्छ भने नेपालमा एक-अर्कालाई अभिवादन गर्दा दुईवटा हातहरू आदरपूर्वक जोड़िन्छन्।

पावलले जुन ठाउँबाट आफ्नो यो पत्र लेख्दथिए, अर्थात् अखैयाका मण्डलीहरूले पनि रोमका विश्वासीहरूलाई अभिवादन पठाए।

**रोमी १६:१७:** प्रेरित पावलले यो पत्र अन्त्याउन चाहन्छन्; तर उनले झूटा शिक्षकहरूको सम्बन्धमा केही चेताउनी नदिईकन यसो गर्न सकेनन्; किनभने यी भक्तिहीन मानिसहरू सुटुक्क ख्रीष्टको मण्डलीभित्र पसेका थिए। यस्ताहरू खाँटी इसाई शिक्षाको विपरीत जान्छन्, दलबन्दीको काम गर्छन् र विश्वासीहरूलाई आफ्नो पछि तान्छन्। यस्ताहरूले होशियार नभएका सीधासादा विश्वासीहरूलाई आफ्नो जालमा फसाउँछन् र तिनीहरूलाई विभिन्न ठेसठक्करहरू खुवाउँछन्; होशियार, यस्ताहरूले कति सचेत नभएका कति विश्वासीहरूको विश्वास बिगार्छन्-

बिगार्छन् ! ! खाँटी शिक्षाको विपरीत सिकाउनेहरू को-को हुन् ? विश्वासीहरूले पाएको खाँटी शिक्षा उल्टाउनेहरू को-को हुन् ? तिनीहरूलाई चिनिराख्नुपर्छ, र तिनीहरूबाट टाढ़ा रहेर पूरा अलग बस्नुपर्छ ।

**रोमी १६ः१८ः** झूटा शिक्षकहरू हाम्रा प्रभु येशू ख्रीष्टको अधीनतामा बस्दैनन्, उहाँलाई आदर गर्दैनन्, उहाँको महिमा गर्न खोज्दैनन् । तिनीहरूले आफ्नै पेटको सेवा गर्दछन् । तर हिजोआज तिनीहरू आफ्नो यस काममा अति सफल भएका छन्; चाहे मीठो बोलीले चाहे चाप्लुसी गरेर होस्, सीधासादा विश्वासीहरूलाई फुस्ल्याएर उनीहरूका आँखामा धुलो हाल्नुमा तिनीहरू खग्गू/खप्पिस भएका छन् ।

**रोमी १६ः१९ः** पावल आनन्दित थिए; किनभने प्रभु येशूप्रति रोमका विश्वासीहरूको आज्ञापालनको चर्चा सबै मानिसहरूकहाँ निक्कै फैलिएको थियो । यसो भए पनि पावलले उनीहरूका निम्ति, उनीहरू खाँटी शिक्षा के हो, झूटा शिक्षा के हो, सो कुरा छुट्ट्याउनुमा, साथै उत्तम शिक्षा पालन गर्नुमा सक्षम होऊन् भन्ने चाहना राख्दथिए ।

**रोमी १६ः२०ः** उनीहरू सबै किसिमको खराबीबाट टाढ़ा रहनुपर्छ । तब शान्तिका परमेश्वर उनीहरूको शान्तिको स्रोत बन्नुहुनेछ; तब उहाँले चाँड़ोभन्दा चाँड़ै उनीहरूलाई शैतानमाथि विजय दिनुहुनेछ ।

*'हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूसँग रहिरहोस्, आमेन !'* भन्दै आफ्नो आदतअनुसार प्रेरित पावलको शुभेच्छा र शुभकामनाको अर्थ यस प्रकारको छः परमेश्वरले उनीहरूलाई अनन्त महिमातर्फको यात्रामा ईश्वरीय शक्ति दिएका होऊन् !

**रोमी १६ः२१ः** तिमोथीसँग हामी सुपरिचित छौं; तिनी विश्वासमा पावलका छोरा थिए; तिनी उनका विश्वासी सहकर्मी थिए। तर लुसियसको विषयमा हामी यति मात्र जान्दछौंः पावलका आफन्त भएको हुनाले तिनी वर्गअनुसार यहूदी हुनुपर्छ। प्रेरित १७ः५ पदमा हामीले यासोनलाई भेटेका छौं । अनि प्रेरित २०ः४ पदमा सोसिपाटरको नाम छ । यी तीनैजना तिनीहरूको पृष्ठभूमिअनुसार यहूदीहरू थिए ।

**रोमी १६ः२२ः** यस पदबाट बुझिन्छः पावलले टेर्टियसको हातबाट यो पत्र लेख्न लगाए। अनि यस पत्रको लेखक भएको नाताले टेर्टियसले यस अवसरमा पावलको यस पत्रमा आफ्नो व्यक्तिगत अभिवादन पनि लगाउँछन्।

**रोमी १६ः२३ः** नयाँ नियमभरि कम्तीमा गायस नाम गरेका चारजना व्यक्तिहरू छन्। हुन सक्छ, १ कोरिन्थी १ः१४ पदमा नाम लिएका गायसचाहिँ सम्भवतः यहाँ उल्लेख गरिएका गायस हुन सक्छन्। यस पदमा बताइएका गायसचाहिँ अथितिसत्कार गर्नुमा खूबै सिपालु थिए; किनभने तिनले पावललाई मात्र होइन, तर अरू इसाई दाजुभाइहरूलाई पनि सत्कार गर्ने गर्दथे। एरास्टसको कुरा गर्नु हो भने, तिनी कोरिन्थ शहरका भण्डारी वा कोषाध्यक्ष थिए। तर के तिनी प्रेरित १९ः२२ वा २ तिमोथी ४ः२० पदमा नाम लिएका मानिस हुन्? हामी यसको बारेमा निश्चित हुन सक्दैनौं। अनि कुआर्टसचाहिँ - तिनी केवल एउटा भाइ हुन्। तर ख्रीष्टमा भाइ हुनु कत्रो इज्जत, कत्रो सम्मान!!

**रोमी १६ः२४ः** प्रेरित पावलका अन्य पत्रहरूमा जस्तो यस पत्रको अन्तमा पनि उनको आशीर्वाद यस प्रकारको छः *'हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरू **सबै**सँग रहिरहोस्, आमेन!'* अनि यस पदको आशीर्वादको वचन रोमी १६ः२० पदको अन्तमा दिइएको आशीर्वादसँग प्रायः मिल्छ। यहाँ केवल तिमीहरूमा 'सबै' भन्ने शब्द थपिएको छ। यस सम्बन्धमा कुरा यस्तो छः रोमीको पुस्तकका धेरै पाण्डुलिपिहरूमा यो नै यस पत्रको अन्तिम पद हो। अनि रोमी १६ः२५-२७ पदको खण्डचाहिँ चौध अध्यायको अन्तमा जोड़िएका छन्। यूनाइटेड बाइबल सोसाइटीले अप्नाएको 'आलेक्जान्ड्रिया' नामक पाण्डुलिपिअनुसार रोमी १६ः२० पद हटाइएको छ। तर पावलको आशीर्वाद र उनको स्तुतिगानद्वारा यो पुस्तक अन्त्याउनु नै कति सुन्दर र मनोहर छ! अनि पावलको आशीर्वादमा पनि र उनको स्तुतिगानमा पनि यस्तै होस् भन्ने समर्थन दिने *'आमेन'* भन्ने शब्द छ।

**रोमी १६ः२५ः** रोमीको पुस्तकको अन्तचाहिँ परमेश्वरको एउटा स्तुतिगान हो। यस स्तुतिगानमा प्रेरित पावलले परमेश्वरमा केन्द्रित

रहन्छन्; किनभने उहाँ नै आफ्ना जनहरूलाई विश्वासमा स्थिर पार्न सक्नुहुन्छ। पावलले प्रचार गरेको सुसमाचारअनुसार उहाँले यसो गर्नुहुन्छ। अनि पावलले यहाँ ख्रीष्टको सुसमाचारलाई 'मेरो सुसमाचार' भनेका छन्। मुक्ति पाउने बाटो एउटै हो। तर अन्यजातिहरूका प्रेरित पावललाई अन्यजातिका मानिसहरूको सुसमाचार सुम्पियो, जब यहूदीहरूको सुसमाचार पत्रुसलाई दिइयो। छोटकरीमा भन्नु हो भने, सुसमाचारचाहिँ प्रभु येशूको विषयमा प्रचार गरिएको समाचार हो, यसको आम-घोषणा हो। यसको विशेषता केमा छ? यो सुसमाचारचाहिँ अद्‌भुत सत्यताको ईश्वरीय प्रकाश हो, जो संसारको उत्पत्तिदेखि यता कसैद्वारा कहिल्यै जानिएको थिएन। नयाँ नियममा जब 'रहस्य' भन्ने शब्द प्रयोग गरिएको हुन्छ, तब यसको अर्थ यस प्रकारको छः रहस्य त्यो ज्ञान हो, जो अघि कहिल्यै प्रकट भएको थिएन, कुनै मानिसको दिमागमा कहिल्यै आएको थिएन, तर अहिले दिव्य प्रकाशले प्रकट भएको हो।

**रोमी १६ः२६ः** अनि यहाँ, यस ठाउँमा रहस्यमय कुरा के थियो? सुसमाचारद्वारा ख्रीष्टमा यहूदी धर्मबाट प्रभु येशूमाथि विश्वास गर्नेहरूसँग अन्यजातिहरूबाट प्रभु येशूमाथि विश्वास गर्नेहरू सँगसँगै हकवाला भएका, मण्डलीरूपी ख्रीष्टको शरीरमा एकसाथ साझा-अङ्गहरू भएका र प्रतिज्ञाका साझा भागीदारहरू भएका सत्यता प्रकट भएको हो (एफेसी ३ः६)।

यो सत्यता भविष्यवक्ताहरूका लेखहरूद्वारा प्रकट भएको हो; यी भविष्यवक्ताहरू पुरानो नियमका अगमवक्ताहरू होइनन्, तर नयाँ नियमको समयमा अगमवाणी गर्ने भविष्यवक्ताहरू हुन्; किनभने पुरानो नियमको पवित्रशास्त्रभरि यो सत्यता प्रकट भएको थिएन। यो त नयाँ नियमका भविष्यवाणीरूपी लेखहरूमा प्रकट भएको हो (एफेसी २ः२० र ३ः५)।

परमेश्वरले आज्ञा गर्नुभयोः ख्रीष्टको सुसमाचार सबै जातिका मानिसहरूलाई प्रचार गरियोस्, र सबै मानिसहरूले आफ्ना कानले सुनेको यस शुभ सन्देशप्रति विश्वासद्वारा आफ्नो आज्ञापालन जनाऊन्, र प्रभु येशूमाथि विश्वास गरेर उहाँमा मुक्ति पाऊन्।

**रोमी १६ः२७ः** परमश्वर बुद्धिको एकमात्र स्रोत हुनुहुन्छ; उहाँ मात्र बुद्धिमान् काम गर्नुहुन्छ। उहाँ हाम्रो महिमा पाउन योग्य हुनुहुन्छ; हाम्रा एकमात्र मध्यस्थ येशू ख्रीष्टद्वारा उहाँलाई सदा-सर्वदा महिमा भइरहोस् ! आमेन ! ! अनि यसरी नै प्रेरित पावलको यस महिमित पत्रको अन्त भएको छ। रोमीको पुस्तकका निम्ति परमेश्वरलाई धन्यवाद होस् ! किनभने रोमीको पुस्तकविना हाम्रो आत्मिक गरिबी बढ्नेथियो र हाम्रो आत्मिक हानि निक्कै ठूलो हुनेथियो । आमेन !

# ENDNOTES:

1 (1:4) Some commentators take “the Spirit of holiness” to refer to Christ’s own holy being, i.e., His own human spirit.

2 (1:29) It is easy to see how some mss. copyists could delete *sexual immorality* by mistake: in the Greek the word *porneia* looks so much like the next word *pone¼ria* (evil).

3 (1:31) Verse 31 contains five negative words beginning with “alpha-privative” (cf. a-theist, “no God”), similar in word structure to our English words beginning with “un-”. NU omits *unforgiving* (aspondous) which looks much like *unloving* (*astorgous*).

4 (2:4) A. P. Gibbs, *Preach and Teach the Word*, p. 12/4.

5 (2:6) Lewis S. Chafer, *Systematic Theology*, III:376.

6 (3:22) NU text omits “and on all.”

7 (3:23) Literally “sinned” (aorist, not perfect).

8 (Excursus on sin) The same is true in Hebrew and Greek.

9 (3:24) Arthur T. Pierson, *Shall We Continue in Sin?* p. 23.

10 (3:24) Paul Van Gorder, in *Our Daily Bread*.

11 (3:30) Cranfield points out (*Romans*, I: 222) that attempts to find a very subtle difference are not convincing. Augustine was probably correct in ascribing the change to rhetorical variety.

12 (4:1) Or the experience of “Abraham our (fore)father according to the flesh.”

13 (4:13) *Daily Notes of the Scripture Union*, (further documentation unavailable).

14 (4:19) While some manuscripts omit “not,” the resultant meaning is much the same.

15 (4:24) C. H. Mackintosh, The Mackintosh Treasury: Miscellaneous Writings by C. H. Mackintosh, p. 66.

16 (5:11) The KJV rendering “atonement” was correct in 1611, when it meant “at-one-ment” or reconciliation.

17 (6:1) J. Oswald Sanders, *Spiritual Problems*, p. 112.

18 (6:5) Charles Hodge, *The Epistle to the Romans*, p. 196.

19 (6:11) Ruth Paxson, The Wealth, Walk, and Warfare of the Christian, p. 108.

20 (6:11) C. E. Macartney, *Macartney’s Illustrations*, pp. 378, 379.

21 (6:14) James Denney, “St. Paul’s Epistle to the Romans,” *The Expositor’s Greek Testament*, II:635.

22 (6:19) Charles Gahan, Gleanings in Romans, in loco.

23 (6:21) Marcus Rainsford, *Lectures on Romans VI*, p. 172.
24 (6:21) Pierson, *Shall We Continue in Sin?* p. 45.
25 (7:15) Harry Foster, article in *Toward the Mark*, p. 110.
26 (7:23) George Cutting, "The Old Nature and the New Birth" (booklet), p. 33.
27 (8:1) The words "who do not walk according to the flesh, but according to the Spirit" are widely thought to be miscopied from v. 4. However, they do occur in most manuscripts, and may simply give further description of those in Christ.
28 (8:10) The NKJV translators took *pneuma* to refer to the *Holy* Spirit, hence the capital "S". The original mss. were in all "capitals" (uncials), so it is a matter of interpretation. We take it as referring to the believer's (human) spirit.
29 (8:15) See note 28. Here the alternative meaning of Spirit is not the *human* spirit, but an attitude that is the opposite of slavery.
30 (8:18) In Hebrew, the word for *glory* is derived from the verb *to be heavy*, hence the Jews would see a play on words, even though veiled by the Greek.
31 (8:31) This was John Calvin's life verse.
32 (8:32) C. H. Mackintosh (further documentation unavailable).
33 (8:37) A very literal rendering is "we super-conquer" (*huperniko_men*).
34 (8:39) These words were used in astrology, for example.
35 (9:4) The New Scofield Reference Bible, p. 1317.
36 (9:5) See Hodge, *Romans*, pp. 299–301 for a detailed exposition of this question.
37 (9:16) G. Campbell Morgan, *Searchlights from the Word*, pp. 335, 336.
38 (9:21) Albert Barnes, Barnes's Notes on the New Testament, p. 617. Quote: "Where all are undeserving the utmost that can be demanded is that He should not treat any with injustice."
39 (9:23) Charles R. Erdman, *The Epistle of Paul to the Romans*, p. 109.
40 (10:10) William Kelly, *Notes on the Epistle to the Romans*, p. 206.
41 (10:10) James Denney, quoted by Kenneth Wuest in *Romans in the Greek New Testament*, p. 178.
42 (10:14) Hodge, *Romans*, p. 545.
43 (11:1) It is sad to note that many who appropriate Israel's blessings for the church are quite satisfied to leave them the predicted curses!

44 (11:32) George Williams, The Student's Commentary on the Holy Scriptures, p. 871.

45 (11:33) Arthur W. Pink, *The Attributes of God*, p. 13.

46 (12:1) Norman Grubb, C. T. Studd, Cricketer and Pioneer, p. 141.

47 (12:6) Hodge, *Romans*, p. 613.

48 (12:6) A. H. Strong, *Systematic Theology*, p. 12.

49 (12:6) However, the definite article, used here in the original,practically equals a pronoun in some contexts.

50 (12:19) R. C. H. Lenski, *St. Paul's Epistle to the Romans*, p. 780.

51 (12:21) J. N. Darby, from footnote on Romans 12:21 in his *New Translation*.

52 (12:21) George Washington Carver (further documentation unavailable).

53 (12:21) Quoted by Charles Swindoll in *Growing Strong in the Seasons of Life*, pp. 69, 70.

54 (13:4) The usual Hebrew verbs for "kill" and "slay" are *qatal* and *harag*. The specific verb "murder" (*rahats*) is used in the Ten Commandments, and the Greek translation is equally clear.

55 (13:9) NU text omits this commandment here.

56 (14:10) Some ancient mss. (NU) read "judgment seat of God" rather than "of Christ" (TR and M texts). But we know that *Christ* will be the Judge, since the Father has committed all judgment to Him (John 5:22).

57 (14:23) Merrill F. Unger, *Unger's Bible Dictionary*, p. 219.

58 (15:16) Morgan, *Searchlights*, p. 337.

59 (15:30) Lenski, *Romans*, p. 895.

60 (16:1) The feminine form of *diakonos* ("servant," "deacon") would probably have been used if a specific office for women had been meant.

61 (16:5) NU text reads *Asia* here (but Corinth, from which Paul was probably writing, was in *Achaia*).

## BIBLIOGRAPHY

Cranfield, C. E. B. *The Epistle to the Romans, Vol. I (ICC)*, Edinburgh: T. & T. Clark Ltd., 1975.

Denney, James. *St. Paul's Epistle to the Romans, The Expositor's Greek Testament,Vol. II*. Grand Rapids: Wm. B.Eerdmans Publishing Company, 1961.

Erdman, C. R. *The Epistle of Paul to the Romans*. Philadelphia: The Westminster Press, 1925.

Gahan, Charles. *Gleanings in Romans*. Published by the author.

Hodge, Charles. *Commentary on the Epistle to the Romans*. New York: George H. Doran Company, 1886.

Kelly, William. *Notes on the Epistle to the Romans*. London: G. Morrish, 1873.

Lenski, R. C. H. *St. Paul's Epistle to the Romans*. Minneapolis: Augsburg Publishing House, 1961.

Newell, William R. *Romans Verse by Verse*. Chicago: Moody Press, 1938.

Rainsford, Marcus. *Lectures on Romans VI*. London: Charles J. Thynne, 1898.

Shedd, William G. T. *A Critical and Doctrinal Commentary on the Epistle of St. Paul to the Romans.* Grand Rapids: Zondervan, 1967.

Stifler, James M. *The Epistle to the Romans: A Commentary Logical and Historical.*

Chicago: Moody Press, 1960.

Wuest, Kenneth S. *Romans in the Greek New Testament*. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1964.

विलियम म्याक डोनाल्डका अरू किताबहरू:

**१) साँचो चेलापन**
**२) मामुली जीवनभन्दा उच्च जीवन**
**३) आफ्नो भविष्यको विषयमा सोच्नुहोस् !**
**४) प्रश्नमाथि प्रश्न - जवाफ कसले दिने ?**
**५) अब यो परमेश्वरको अचम्मको अनुग्रह**
**६) मेरो हृदय, मेरो जीवन र मेरो सबै थोक**
**७) त्यो बिर्सेको आज्ञाः पवित्र होओ !**
**८) मत्तीको सुसमाचारको टिप्पणी**
**९) मर्कूसको सुसमाचारको टिप्पणी**
**१०) गलातीको पुस्तकको टिप्पणी**

यी नेपाली किताबहरू तपाईंले निम्न ठेगानाहरूबाट पाउन सक्नुहुन्छः

Great Joy Book Shop
Maa Supermarket, 1st Floor
Thana Dara
P.O. Kalimpong - 734 301
Dist. Darjeeling, W.B., India

Phone No.: +91/9933459069 or +91/9547248389

or:

Maranatha Books and Stationaries
Chabahil Chowk
P.O. Kathmandu
Nepal
Phone No. 00977/9841275267 or 00977/14478738

For English and Hindi books of the same author please write to:

OM Books Foundation
Logos Bhavan, Jeedimetla Village,
Suchirtra Junction,
P.O. Secundarabad - 500 067
Telangana, India